राष्ट्रिय सूचना आयोग

वार्षिक प्रतिवेदन

२०६९–२०७०

राष्ट्रिय सूचना आयोग

कोटेश्वर, पेरिसडाँडा

काठमाडौं, नेपाल

राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन २०६९–२०७०

प्रकाशक : राष्ट्रिय सूचना आयोग
काठमाडौं ।

फोन : ४६०२७४७, ४६०२९२०

फ्याक्स : ४६०१२१२

इमेल : info@nic.gov.np

वेबसाइट : www.nic.gov.np

प्रकाशन मिति : २०७१।२।२५

प्रति : १०००

मुद्रक :

नेपाल सरकार
राष्ट्रिय सूचना आयोग
कोटेश्वर, पेरीसमार्ग, काठमाडौं ।
फोन नं. : ४६०२७४७, ४६०२९२०
फ्याक्स : ४६०१२१२
इमेल : info@nic.gov.np
वेवसाइट : www.nic.gov.np

पत्र संख्या:-
च.नं.:-

मिति : २०७१ जेठ २५ गते

सम्माननीय प्रधानमन्त्रीज्यू
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

विषय : पाँचौ वार्षिक प्रतिवेदन ।

राष्ट्रिय सूचना आयोगले २०६९ श्रावणदेखि २०७० असार मसान्तसम्म सम्पादन गरेका काम कारवाहीको विवरण तथा नेपालको अन्तरिम संविधान, २०६३ मा नागरिकको मौलिक हकको रूपमा व्यवस्था गरिएको सूचनाको हकको प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम गर्नुपर्ने कामका बारेमा आवश्यक सुझावहरू सहित यो वार्षिक प्रतिवेदन ऐनको दफा २५ अनुसार सम्माननीय प्रधानमन्त्रीज्यू मार्फत् व्यवस्थापिका-संसद् समक्ष प्रस्तुत गरेको छु । साथै सर्वसाधारणको जानकारीको लागि यो प्रतिवेदन आयोगको वेबसाइट www.nic.gov.np मा पनि राखिएको व्यहोरा सादर जानकारी गराएको छु ।

(श्रीराम पन्त)
सचिव

“प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ” ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७

“राज्यका काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले व्यवस्थापिका-संसद्ले यो ऐन बनाएको छ ।”

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रस्तावना)

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९

प्रत्येक नागरिकलाई विना दवाव आफ्नो विचार राख्ने र अभिव्यक्त गर्ने स्वतन्त्रता हुनेछ । साथै कुनै पनि नागरिकले कुनै पनि संचारका माध्यम मार्फत् कुनै पनि विषयको सूचना प्राप्त गर्ने, खोज्ने तथा सूचना वा विचार प्रवाह गर्ने स्वतन्त्रता रहने कुरा स्पष्ट गर्दै "Everyone has the right to freedom of opinion and expression this right includes freedom to hold opinions without interference and to seek, receive and impact information and ideas through any media and regardless of frontiers." भनिएको छ ।

सयुक्त राष्ट्र संघको महासभाबाट पारित भएको प्रस्ताव (Resolution) अनुसार "Freedom of information is a fundamental human right and ... the touchstone of all the freedoms to which the United Nations is consecrated ." भनी स्वीकार गरेको छ ।

(सयुक्त राष्ट्र संघ महासभाबाट १९४६ मा पारित प्रस्ताव नं. ५९ (१)

राष्ट्रिय सूचना आयोगका पदाधिकारीहरू

श्री श्रीआचार्य
कार्यवाहक प्रमुख सूचना आयुक्त
(२०७०।२।२३ सम्म)

श्री सविता भण्डारी बराल
सूचना आयुक्त
(२०७०।२।२३ सम्म)

श्री श्रीराम पन्त
सचिव

भूमिका

राज्यका काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने उद्देश्यले सूचनाको हकसम्बन्धी ऐन लागु भएको हो । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन स्वतन्त्र आयोगको रूपमा राष्ट्रिय सूचना आयोगले कार्य गरिरहेको छ । ऐन लागु भएको बिगत छ वर्षको अवधिमा भएका काम कारवाहीको आलोकमा हेर्दा सूचनाको हकसम्बन्धमा आयोग, नेपाल सरकार, गैरसरकारी संस्था र सूचनाको हकको प्रयोगकर्ताले गरेको अनुभवबाट केही सकारात्मक उपलब्धिहरू पनि भएको पाईन्छ । यद्यपि जुन उद्देश्यका साथ र जति मात्रामा सूचनाको प्रवाह सरल र सहज ढंगबाट भएको हुनु पर्दथ्यो त्यो मात्रामा भएको भन्न चाँही सकिने अवस्था नरहेको देखिन्छ । सूचनाको हकको प्रयोगबाट सार्वजनिक निकायले आफुले गरेका काम कारवाही निर्धारित गरिएको परिधिभित्र रही गुणस्तरयुक्त ढंगबाट लक्षित समय र बजेटका अधिनमा रही लक्षित बर्गको हितको लागि सम्पादन गरिएको छ वा छैन भन्ने जानकारी प्राप्त गर्न सकिने अवस्था रहन्छ । यस्तो जानकारी प्राप्त भएपछि सार्वजनिक निकायले गरेको कार्यहरूको जिम्मेवारी र उत्तरदायित्व स्वतः स्थापित गर्न सकिन्छ । यस्तो पद्धतिको निर्माण र अभ्यास गर्न सकेमा सुशासन कायम गराउन पनि सकिन्छ । सुशासन कायम गर्न निर्णय प्रक्रियामा खुलापन र पारदर्शीता अपनाउनु पर्दछ । खुलापन र पारदर्शीता नै प्रजातान्त्रिक व्यबस्थाको धरोहर हो र यसले प्रजातन्त्रको जग मजबुत पार्न मद्दत गर्दछ । प्रजातान्त्रिक व्यबस्थालाई चीरस्थायी बनाउन सार्वजनिक निकायको सूचनामा जनताको पहुँच सरल र सहज हुनु पर्दछ । सूचनाको पहुँच सरल र सहज भएमा शासन प्रशासन माथि नागरिकको पहुँच पुग्दछ र नागरिक सर्वोच्चता स्थापित गर्न सकिन्छ । यसर्थ सूचनाको हकको प्रभावकारी कार्यान्वयनको लागि सरकार, नागरिक, नागरिक समाज, संचार माध्यम, प्रयोगकर्ता र सूचनादाता, राजनैतिक दल, गैरसरकारी संघ संस्था लगायत सबै चनाखो भएर लाग्नु पर्दछ ।

सार्वजनिक निकायका सूचनादाता पनि सूचनाको उपभोक्ता नै हुन त्यसैले आज आफुले दिनुपर्ने वा दिएको सूचना भोलि आफ्नै लागि पनि वा त्यस्तै अर्को निकायबाट प्रवाहित सूचना आजै पनि आफ्ना लागि आवश्यक परिरहेको हुन सक्दछ । नागरिक प्रति जिम्मेवार र उत्तरदायी हुनु पर्ने, आफ्नो काम कारवाही खुला र पारदर्शी ढंगबाट गरिनुपर्ने आवश्यकता त छदैछ, त्यस माथि पनि सुशासन कायम गराउने जवाफदेहीता पनि वहन गर्नु परेको छ । यसर्थ सूचनाको हकको कार्यान्वयनबाट नागरिक प्रति दायित्व निर्वाह गर्न सक्षम हुन अझ बढी आवश्यकता रहन गएको छ ।

सूचनाको हकको प्रयोगबाट सार्वजनिक प्रशासनले सेवा प्रवाहमा प्रभावकारीता ल्याई उच्च दरको आर्थिक बृद्धि गर्न, जनताको आय आर्जन र रोजगारीका अवसरमा बृद्धि गर्न, गरिबी घटाउन, जेष्ठ नागरिकलाई वितरण गर्ने सामाजिक सुरक्षा भत्तामा नियमितता कायम गराउन, वस्तु तथा सेवाको न्यायोचित मूल्य र प्रभावकारी वितरण गर्न, सिण्डीकेट तथा कार्टेलिङ अन्त्य गर्न, शिक्षा, स्वास्थ्य सेवा प्राप्त गर्न, सडक, खानेपानी, पुल, विजुली, टेलिफोन, नहर निर्माण मर्मत सम्भार गर्न, छात्रबृत्ति प्राप्त गर्नेको विवरण तथा परीक्षाको उत्तरपुस्तिका प्राप्त गर्न लगायतका विषयमा सूचनाको प्रवाहबाट सामाजिक आर्थिक न्याय प्राप्ति

तथा वान्छित उपलब्धि हासिल गर्न सकिन्छ भन्ने तथ्य हाम्रो आफ्नै अनुभव र अन्य देशका उदाहरणहरूले पनि सिद्ध गरिसकेका छन् ।

सूचनाको हकको प्रयोग जति बढी मात्रामा गर्न सकियो त्यत्तिकै बढी मात्रामा सार्वजनिक निकायलाई जवाफदेही गराउन सकिन्छ । सूचनाको हकको प्रयोगबाट भ्रष्टाचार, ढिलासुस्ती र अनियमितता माथि प्रहार गर्न सकिन्छ र जनताले तिरेको करबाट संचालित कार्यक्रमहरूबाट अपेक्षित उपलब्धि पनि प्राप्त गर्न सकिन्छ । संविधान, ऐन, नियमहरू बनाएर मात्र पुग्दैन यसको कार्यान्वयन र पालनाको लागि पनि समर्पित प्रशासन, जागरुक नागरिक, सक्रिय संचार माध्यम र क्रियाशिल अभियन्ताहरूको पनि उत्तिकै आवश्यकता रहन जान्छ । खास गरी उच्च प्रशासन, राजनैतिक दल र नेतृत्वको पनि प्रतिबद्धता रहनु पर्दछ ।

विगत छ वर्षको अवधिमा सूचनाको हकको प्रचलनका लागि तथा सार्वजनिक निकायका पदाधिकारीहरू, संघ संस्था व्यक्ति र नागरिक समाजको थप क्रियाशिलताका लागि जनचेतना जागृत गराउन विभिन्न सर्बद्धन तथा प्रर्वद्धनात्मक कार्यक्रमहरू संचालन गरिएको छ । सीमित श्रोत र साधनले भ्याएसम्म यस्ता कार्यक्रमहरू मध्ये प्रशिक्षण, अभिमूखिकरण, अन्तरक्रिया, छलफल, गोष्ठी जस्ता कार्यक्रम छन् । यसै गरी बृत्तचित्र निर्माण र प्रदर्शन, पर्चा, पम्प्लेट, ब्रोसियर, एस.एम.एस जागरण गीत, सफलताका कथा, रेडियो कार्यक्रम तथा विभिन्न भाषामा प्रकाशन र प्रसारण जस्ता कार्यक्रमहरू पनि संचालन गरिएको छ । यद्यपी सूचनाको हकको प्रयोगका लागि अझ बढी क्रियाशिलताको आवश्यकता पनि महसुस भएको छ । राष्ट्रिय सूचना आयोगले गरेका यस्ता कार्यक्रमहरू भविष्यमा अन्य संघ संस्था समेतको सहभागितामा निरन्तरता दिईरहनु पनि आवश्यकता रहेको छ ।

राष्ट्रिय सूचना आयोगको सक्रियताले गर्दा सूचनाको हकको प्रयोग गर्ने विषयमा जागरुकता पैदा भएको छ । उदाहरणको लागि चाहे विद्यार्थीहरूले परीक्षाको उत्तरपुस्तिका प्राप्त गरी आफुले दिएको परीक्षाको यथार्थ अंक प्राप्त गर्न सक्षम भएर छात्रबृत्ति पाएको विषय होस् वा मूल्य अभिबृद्धि करको छली सम्बन्धी प्रतिवेदनको विभिन्न खण्ड सार्वजनिकीकरण गरी राजश्वमा अरबौं रुपैयांको योगदान भएको विषय होस् वा निःशुल्क पेट्रोल वितरणबाट राज्य माथि थोपारिएको अतिरिक्त व्ययभारको विषय किन नहोस् वा सूचना प्रवाह गरेका कारणबाट पदबाट हटाइएका अधिकारीको पुर्नवहाली तथा क्षतिपूर्ति भराउने निर्णय नै होस वा जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक भै पीडितले क्षतिपूर्ति पाउन सक्षम भएको विषय होस् सूचनाको हकको प्रयोगबाट लाभान्वित भएको र अनियमितता तथा लापरवाही जस्ता कार्यहरू रोकिन पुगेका छन् ।

यस्तै स्थानीय निकायबाट संचालन भएका सामाजिक सुरक्षा भत्ता वितरण, शिक्षा, स्वास्थ्य, सडक, कच्चीबाटो, पुल पुलेसा, खानेपानी, कार्यालय तथा स्कुल भवन निर्माण तथा मर्मत सम्भार सम्बन्धी बील भौचर, लेखा परिक्षण प्रतिवेदन, बजेट, खर्च, प्रगति, समस्या लगायतका विषयमा दर्जनौं सूचना माग गर्ने प्रबृत्तिमा व्यापक बढोत्तरी भएको छ । यसबाट स्थानीय तहमा सुशासन तथा जवाफदेहीता कायम गराउन मद्दत मिलेको छ भन्नुमा दुई मत हुने छैन । ठेक्काद्वारा निर्माण मर्मत सम्भार भएका आयोजनाहरूमा पनि डिजाईन, इष्टिमेट माग गर्ने गरेको, कामको गुणस्तर, लागत र समय तालिकाका बारेमा छलफल र अनुगमन गरी ठिक ढंगबाट नभएको कार्यहरूलाई पूर्व निर्धारित गुणस्तरमा पुनः निर्माण सम्पन्न गर्न दवाव दिई कार्य सम्पन्न गरेको उदाहरण पनि देखिएको छ । यसबाट जनतेचनामा बृद्धि भएको अवस्थालाई पनि दर्शाउछ ।

सूचनाको हकको कार्यान्वयनमा वाधा अवरोध नभएका भने होईनन् । आयोगले दिएका आदेशलाई

अटेर गर्ने, पालना नगर्ने, सूचना दिन इन्कार गर्ने, सूचना प्राप्त गर्न लाग्ने लागत अत्याधिक निर्धारण गरी सूचना माग गर्नेलाई हतोत्साहीत गराउने कार्यहरू पनि भईरहेको छ । उदाहरणको लागि त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय र पोखरा विश्वविद्यालयहरूले आयोग र सर्वोच्च अदालतबाट विद्यार्थीले सहज ढंगबाट उत्तरपुस्तिका पाउनु पर्दछ भन्ने निर्णय र फैसला भए पश्चात पनि विगत ३/४ वर्षको अवधि सम्म अटेर गरी हालै मात्र आएर उत्तरपुस्तिका प्राप्त गर्ने शुल्क रु ५,५००।– र रु ५,०००।– तोकिनु र कबुलियतनामा समेत कठोर ढंगबाट तर्जुमा हुनुबाट यी पदाधिकारीलाई आयोगबाट जरिवाना भै सक्दा पनि अझै कार्यान्वयन भै सकेको छैन । यी र यस्ता उदाहरण लगायत अरू पनि कैयौ सार्वजनिक निकायमा सूचना नदिने प्रबृत्ति कायम नै छ यस तर्फ सबै सम्बन्धित कानुन पालना गराउने निकायबाट समेत अनुगमन र कार्यान्वयन गराउन पनि उत्तिकै आवश्यकता रहेको छ ।

सूचनाको हकको प्रयोगलाई बृद्धि गर्ने, सार्वजनिक निकायले जवाफदेही र उत्तरदायी भै यस ऐनको पालना गर्ने गराउने, उच्च प्रशासन र राजनैतिक नेतृत्वले खुला र पारदर्शीतालाई दिलै देखि आत्मसात गर्नु पर्ने टडकारो आवश्यकता रहेको छ । यसै गरी सूचना प्रवाहलाई सरल र सहज गराउने र अद्यावधिक गरी नियमित प्रकाशन तथा सार्वजनिकीकरण गराउने, सूचना अधिकारीको व्यबस्था गर्ने, काम गर्ने न्युनतम भौतिक सुविधा, सूचना शाखाको व्यबस्था र सूचना माथिको पहुँचको व्यबस्था गर्ने र निरन्तर अनुगमन गर्ने गराउने व्यबस्थालाई कार्य सम्पादनको अभिन्न अंगको रूपमा विकसित गर्दै लैजानु पर्दछ भन्ने आयोगको ठहर रहेको छ । वास्तवमा निर्णयकर्ताले अन्तिम निर्णय गर्दा नै यो सूचना सार्वजनिक जानकारीको लागि प्रकाशन गर्न मिल्ने सूचना हो भनी वर्गीकरण गरी दिने व्यबस्था लागु गर्न सकेमा सूचना प्रवाहमा रहेको जटिलता आफै कम भएर जान्छ भन्ने कुरा अन्य देशका सूचना प्रवाहको अन्तमा “प्रवाह गरिने तथा नगरिने” लेखिने गरेको बुंदा जस्तै शब्दबाट मार्ग निर्देशन हुने गरेको देखिएको पृष्ठभूमिलाई पनि मनन गर्न आवश्यक देखिन्छ ।

अन्तमा, राष्ट्रिय सूचना आयोगले पेश गरेका विगत वर्षहरूका प्रतिवेदन र तिनमा दिएका सुझाव तथा यस प्रतिवेदनमा प्रस्तुत भएका सुझावहरू समेत व्यबस्थापिका संसदमा प्रस्तुत भै छलफल भै निर्देशन हुन पनि आवश्यकता रहेको छ । यसै गरी नेपाल सरकारका सम्बन्धित निकायबाट कार्यान्वयन गर्न गराउन सहयोग प्राप्त हुने नै छ तथा आयोगले पनि आफ्नो क्षमताले भ्याएसम्म सहयोग गर्नेछ भन्ने विश्वास छ । प्रजातान्त्रिक व्यबस्थाको पहरेदारको रूपमा रहेको सूचनाको हकको कार्यान्वयनबाट खुलापन र पारदर्शीता आउने तथा जवाफदेही र उत्तरदायित्व सुनिश्चित गर्न सक्षम हुने भएकोले सुशासन कायम गराउन सफलता मिल्ने आयोगको विश्वास रहेको छ ।

राष्ट्रिय सूचना आयोग,
पेरिसडाँडा, कोटेश्वर, काठमाडौं ।

विषयसूची

शीर्षक	पेज नं.
प्रतिवेदनको सार	**१**
परिच्छेद १ : राष्ट्रिय सूचना आयोगको परिचय	**६**
क) संबैधानिक तथा कानुनी व्यबस्था	६
ख) राष्ट्रिय सूचना आयोगको गठन	६
ग) आयोग रिक्त रहेको	६
घ) राष्ट्रिय सूचना आयोगका सचिवबाट प्रत्यायोजित अधिकार अन्तर्गत कार्य गरेको	७
ङ) राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार	७
च) आयोगबाट संचालित कार्यक्रमको वित्तीय तथा भौतिक प्रगति	८
छ) सचिवालय	९
ज) वार्षिक प्रतिवेदन पेश	१०
परिच्छेद २ : निवेदन, उजुरी, पुनरावेदन फछ्र्यौट र जरिवाना तथा पुनरावेदनमा रहेका मुद्दाको विवरण	**११**
१. हालसम्म परेका निवेदन, उजुरी तथा पुनरावेदनको विवरण	११
२. आ.व. २०६९/०७० का क्षेत्रगत उजुरी, निवेदन तथा पुनरावेदनको विवरण	१२
३. आ.व.२०६९/०७० मा परेका सार्वजनिक तथा व्यक्तिगत निवेदन, उजुरी तथा पुनरावेदनको झलक	१३
४. फछ्र्यौटको स्थिति	१३
५. पुनरावेदनमा गएको मुद्दाको विवरण	१३
६. आयोगबाट भएको जरिवानाको विवरण	१४
७. आयोगबाट भएको जरिवाना असुलउपर गर्न लेखी पठाएको	१४
८. साविक पदमा पुर्नवहाली तथा क्षतिपूर्ति भराइदिएको	१४
९. आयोगबाट भएका केही प्रतिनिधिमूलक निर्णय वा आदेश	१४
१०.आयोगसँग माग गरिएको सूचनाको विवरण	१५
११. स्वःस्फूर्त विवरण सार्वजनिक गर्ने निकायको विवरण	१५
परिच्छेद ३ : आयोगका गतिविधिहरू	**१६**
परिच्छेद ४ : अनुगमन तथा मूल्याङ्कन	**२७**
परिच्छेद ५ : आयोगका सुझाव	**२९**
परिच्छेद ६ : परिशिष्टहरू	**३५**
परिशिष्ट १ : पुनरावेदन, उजुरी र निवेदन बारे गरेको कारवाही र निर्णयको विवरण	३५
परिशिष्ट २ : पुनरावेदन, उजूरी र निवेदनको क्षेत्रगत विवरण	१९४
परिशिष्ट ३ : आयोगबाट सचिवलाई भएको अधिकार प्रत्यायोजन र धन्यवाद ज्ञापन सम्बन्धी विवरण	२५२
परिशिष्ट ४ : बजेट विनियोजन, खर्च र वित्तीय तथा भौतिक प्रगति विवरण	२५४

परिशिष्ट ५	:	आयोगको संगठन चार्ट	२५८
परिशिष्ट ६	:	आयोगको दरवन्दी विवरण	२५९
परिशिष्ट ७	:	सर्वोच्च र पुनरावेदनमा गएका मुद्दाका विवरण	२६०
परिशिष्ट ८	:	जरिवानाको विवरण/असुली भएको समेत	२६१
परिशिष्ट ९	:	राष्ट्रिय सूचना आयोगबाट भएको जरिवाना लगत कसी असुल उपर गर्न प्रमुख जिल्ला अधिकारीहरूलाई लेखी पठाईएको विवरण	२६२
परिशिष्ट १०	:	आयोगबाट भएका केही प्रतिनिधिमूलक निर्णय/आदेश	२६३
परिशिष्ट ११	:	आयोगमा माग गरिएका सूचनाको विवरण	**२८९**
परिशिष्ट १२	:	आ.व. २०६९।०७० मा स्वःस्फूर्त प्रकाशन (Proactive Disclosure) गर्ने सार्वजनिक निकायहरूको विवरण	**२९०**
परिशिष्ट १३	:	सूचनाको हकसम्बन्धी (दोश्रो संशोधन) नियमावली, २०७०	२९२
परिशिष्ट १४	:	सूचनाको हकसम्बन्धी केन्द्रीय समन्वय इकाई र कार्यान्वयन अनुगमन इकाईको गठन तथा काम, कर्तव्य र अधिकार	२९५
परिशिष्ट १५	:	प्रवर्द्धनात्मक कार्यक्रमको विवरण विभिन्न जिल्लामा भएका अन्तरक्रिया कार्यक्रम र गोष्ठीहरू	२९७
परिशिष्ट १६	:	सूचना अधिकारीहरूलाई अभिमूखिकरण/प्रशिक्षण कार्यक्रम सम्बन्धी विवरण	३००
परिशिष्ट १७	:	सूचना अधिकार केन्द्रबाट २०६९ श्रावण देखि २०७० आषाढ मसान्तसम्म प्रदान गरिएको सेवा तथा सहयोगको विवरण	३०३
परिशिष्ट १८	:	गैरसरकारी संस्थाहरूले सूचनाको हकसम्बन्धी गरेका प्रवर्द्धनात्मक कार्यहरू	३०४
परिशिष्ट १९	:	अनुगमन गरिएका सार्वजनिक निकायको विवरण	३०८
परिशिष्ट २०	:	विगत आर्थिक वर्षका प्रतिवेदनहरूमा प्रस्तुत सुझावहरू	३२१
परिशिष्ट २१	:	पुनरावेदन सम्बन्धमा ऐनमा भएको व्यवस्था	३३७
परिशिष्ट २२	:	पुनरावेदनको ढाँचा	**३३९**
परिशिष्ट २३	:	निवेदनको ढाँचा	३४०
परिशिष्ट २४	:	आयोगका कार्यविधिहरू	३४१
परिशिष्ट २५	:	सार्वजनिक निकायले स्वतः प्रकाशन गर्नुपर्ने सूचनाहरू	३५१
परिशिष्ट २६	:	नागरिक वडापत्र	३५२
परिशिष्ट २७	:	सूचनाको हक, जिज्ञासा र जवाफ	३५४
परिशिष्ट २८	:	नेपालमा सूचनाको हकको कानुनी परिवेशको विकास	३६४
परिशिष्ट २९	:	सर्वोच्च अदालत, माननीय न्यायाधीश श्री वलराम के.सी र माननीय न्यायाधीश श्री अवधेशकुमार यादवको संयुक्त इजलाशबाट विद्यार्थीले उत्तरपुस्तिका प्राप्त गर्ने सम्बन्धमा भएको फैसला	३६९
परिशिष्ट ३०	:	आयोगमा कार्यरत आयुक्तहरूको विवरण	३८१
परिशिष्ट ३१	:	आयोगमा हाल कार्यरत कर्मचारीहरूको विवरण	३८१
परिशिष्ट ३२	:	राष्ट्रिय सूचना आयोगले विभिन्न भाषामा प्रकाशन गरेका ब्रोसियरहरू	३८३

प्रतिवेदनको सारांश

१. प्रतिवेदन अवधि

संविधान प्रदत्त मौलिक हकको रूपमा सूचनाको हकको व्यवस्था भएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ मा प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भनी उल्लेख भएको छ । सूचनाको हकसम्वन्धी ऐन, २०६४ ले नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुने र सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । यस हकलाई कार्यान्वयन गर्न गराउन तथा सूचनाको हकसम्वन्धी ऐन, २०६४ बमोजिम सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नको लागि २०६५ जेठ २२ गते राष्ट्रिय सूचना आयोगको गठन गरिएको हो । यो प्रतिवेदन आयोगको पाँचौ प्रतिवेदन हो । राष्ट्रिय सूचना आयोगले २०६९ श्रावण देखि २०७० आषाढसम्म सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनका सम्वन्धमा सम्पन्न गरेका कामहरूको विवरण यस प्रतिवेदनमा संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

२. सार्वजनिक निकायका काम, कारवाहीमा खुलापन र पारदर्शीता ल्याउने

राज्यका काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरुप खुला र पारदर्शी वनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकुल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने उद्देश्य अनुरुप सार्वजनिक निकायहरूले सूचनाको हकसम्वन्धी ऐन र नियमावली अनुसार नेपाली नागरिकलाई प्राप्त भएको मौलिक हकको कार्यान्वयनका लागि हरसंभव प्रयासहरू गर्न आवश्यकता देखिएको छ । आयोगले विगत पाँच वर्षको अवधिमा सूचना माथिको पहुँचमा वृद्धि गर्ने, सरल र सहज ढंगबाट सूचना प्रवाह गर्न अभिप्रेरित गर्ने र सूचना दिन इन्कार गरिएको विषयमा प्रचलन गर्न गराउन आवश्यक निर्णय तथा आदेश दिने गरेको छ । आयोगले गरेका यस्ता कार्यहरूबाट सार्वजनिक निकायको काम कारवाहीमा खुलापन र पारदर्शीता ल्याई जिम्मेवार र उत्तरदायी भएर आफ्नो काम कारवाही संचालन गर्न गराउन सक्षम हुने विश्वास गरेको छ ।

३. आयोगले गरेका मुख्य कार्यहरू

आयोगले सूचनाको हकसम्वन्धी ऐन, नियमावलीको प्रभावकारी कार्यान्वयन गर्न गराउन देहाय बमोजिमको कार्य पद्धति अवलम्वन गर्ने गरेको छ ।

१. सूचना दिन इन्कार भै निवेदन, उजुरी तथा पुनरावेदन परेको अवस्थामा सूचनाको हकको प्रचलन गर्ने गराउने ।

२. सार्वजनिक निकायले नियमित रूपमा प्रवाह गर्नुपर्ने विवरणहरू प्रकाशन तथा सार्वजनिकीकरण गर्न गराउन जागरुकता पैदा गराउने ।

३. सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्तिको व्यवस्था तथा सूचना अधिकारीलाई सूचनामा पहुँच

पुऱ्याउने कार्य गर्न गराउन सार्वजनिक निकायलाई निरन्तर प्रेरित गर्ने ।

४. सूचनाको हकको संवर्द्धन र प्रवर्द्धनका लागि केन्द्र र जिल्लामा विभिन्न अन्तरक्रिया, छलफल, अभिमूखिकरण/प्रशिक्षण दिने ।

५. जनचेतना जागृत गराउन टि.भी, एफ.एम.रेडियो, एस.एम.एस.बाट प्रचार प्रसार गर्ने गराउने तथा वृत्तचित्र, जागरणमूलक गीत आदि प्रशिक्षण लगायतका कार्यक्रममा प्रस्तुत गर्ने ।

६. प्रशिक्षण सम्वन्धी विभिन्न सामग्री जस्तै फ्लेक्स प्रिन्ट, निर्देशिका, ब्रोशियर, थाहा पाउने अधिकार र आयोगले गरेका महत्वपूर्ण फैसलाहरू प्रकाशन गरी वितरण गर्ने गराउने ।

७. सूचनाको हक सम्बन्धी जनचेतना जागृत गराउन विभिन्न भाषामा पनि प्रचार प्रसार गर्ने गराउने ।

८. सार्वजनिक निकायमा सूचनाको प्रवाह गर्ने सम्वन्धमा भएका काम कारवाहीको अनुगमन तथा निरीक्षण गर्ने ।

९. सूचनाको हकको लागि कार्यरत गैर सरकारी संस्थाहरूबाट आयोजित कार्यक्रमहरूमा पनि सहभागिता जनाउने तथा कार्यक्रम सम्पन्न गर्न प्रशिक्षण सामग्री, प्रशिक्षक समेत उपलव्ध गराउने ।

१०. सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्न/गराउन नेपाल सरकारलाई आवश्यक सहयोग एवं सुझाव दिने ।

४. सूचनाको हकको संवर्द्धन र प्रवर्द्धन सम्वन्धी काम गरेको

आयोगले सूचनाको हक सम्वन्धी जनचेतना जागरण गर्न/गराउन विभिन्न संवर्द्धनात्मक तथा प्रवर्द्धनात्मक कार्यहरू गर्दै आएको छ । आयोगको सीमित श्रोत र साधनले भ्याएसम्म आफैले र अन्य गैर सरकारी संस्था समेतको सहभागितामा प्रचार प्रसार, तालिम, प्रशिक्षण, गोष्ठी, छलफल, सेमिनार जस्ता कार्यक्रम संचालन गरेको छ । यस्ता कार्यक्रमहरूमा नेपाल पत्रकार महासंघ, नेपाल वार एशोसिएशन, विभिन्न युवा संघ संस्था, विद्यार्थी, नागरिक समाज गैर सरकारी संस्था लगायत सहभागी भएका छन् । यस्ता कार्यक्रममा आयोगबाट उत्पादित विभिन्न प्रशिक्षण सामग्री, श्रव्य दृष्य, वृत्तचित्र आदिबाट जनचेतना जागृत गराउने कार्य हुनुको साथै रेडियो, टिभीबाट प्रचार प्रसार र विभिन्न भाषामा पनि प्रचार प्रसार भएको छ । आयोगबाट आ.व. २०६९।०७० मा संचालित अन्तरक्रिया छलफल कार्यक्रम १५ जिल्लाहरू (सप्तरी, कैलाली, कञ्चनपुर, गोरखा, दोलखा, मोरङ्ग, गुल्मी, नवलपरासी, रुपन्देही, पाल्पा, इलाम, म्याग्दी, पर्वत, कास्की र धादिङ्ग) मा संचालन गरेको र ति कार्यक्रममा ७९४ जनाको सहभागिता रहेको थियो । यसैगरी अभिमूखिकरण/प्रशिक्षण कार्यक्रम इलाम, डडेल्धुरा, लमजुङ्ग, उदयपुर र कास्की समेत पाँच जिल्लामा सम्पन्न भई १७३ जनाको सहभागिता रहेको थियो ।

संयुक्त अधिराज्य वेलायत सरकारको DFID अन्तरगतको Enabling State Programme (ESP) बाट सहायता प्राप्त गरी संचालन भएको कार्यक्रमबाट कम्प्यूटरको माध्यम र Online पद्धती अनुरुप सूचना माग गर्ने र अनुगमन गर्न सक्ने Software निर्माण गरी पाँच जिल्लामा व्यवस्थापन सूचना प्रणाली (Management Information System-MIS) स्थापना भएको थियो भने ९० जनालाई प्रशिक्षण दिइएको थियो । यसैगरी काठमाडौं उपत्यकाका नगरपालिकाहरूका १२२ जना प्रशिक्षित भएका थिए भने मोरङ्ग, पर्सा, कास्की, वाँके र डडेल्धुराका ३४८ गा.वि.स. सचिवहरूलाई प्रशिक्षण दिइएको थियो ।

५. निवेदन, उजुरी तथा पुनरावेदनमा भएको कारवाही

आयोगमा आ.व. २०६९।०७० मा २६० वटा निवेदन, उजुरी तथा पुनरावेदन परेका थिए । जसमध्ये १९९ वटा फछ्र्यौट भै ६१ वटा आगामी आ.व. २०७०।०७१ मा जिम्मेवारी सर्न गएका छन् । निवेदन, उजुरी तथा पुनरावेदन फछ्र्यौट ७६.५% रहेको छ । यसै गरी आयोगले हालसम्म सार्वजनिक निकायका १८ जनालाई सूचना दिन इन्कार गरे वापत जरिवाना गरेको छ । आयोगबाट भएको निर्णय वा आदेश विरुद्ध २३ जनाले पुनरावेदन अदालत तथा सर्वोच्च अदालतमा पुनरावेदन गरेको तथा रिट निवेदन दिएको देखिन्छ ।

आयोगमा परेको निवेदन, उजुरी तथा पुनरावेदनहरू प्रायशः गंभीर सार्वजनिक चासो, भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती तथा विकास निर्माण कार्यहरूको कार्यान्वयन र गुणस्तरमा कमी रहेका विषयहरू पर्दछन् । सूचनाको हकको प्रयोगबाट विद्यार्थीले उत्तरपुस्तिकाको प्रतिलिपि प्राप्त गर्न सक्षम भएको, विकास निर्माण कार्यमा गुणस्तर कायम गराउन सक्षम भएको, ग्रामीण क्षेत्रमा लाभान्वित जनताले सार्वजनिक निकायको काम कारवाहीमा निगरानी वढाउन खोजेको, शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, जेष्ठ नागरिकलाई वितरण गरिएको भत्ता, गा.वि.स., जि.वि.स.बाट भएका काम कारवाही लगायतका विषय तथा राष्ट्रिय स्तरका आयोजना तथा सुशासन कायम गराउन मद्दत हुने खालका सूचना माग गरेको देखिन्छ ।

६. अनुगमन तथा निरीक्षण

सूचनाको हकको कार्यान्वयन सार्वजनिक निकायले गर्नुपर्दछ तर कतिपय सार्वजनिक निकायले कार्यान्वयनमा अभिरुची देखाउने गरेका छैनन् । सूचनाको हकसम्वन्धी ऐन, नियम अर्न्तगत गरिनुपर्ने कार्यलाई अतिरिक्त कार्यवोझको रूपमा लिने गरेको पाइएको छ । आयोगले जिल्ला तथा केन्द्रस्तरका सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्ति गरे नगरेको, ३/३ महिनामा प्रकाशन गर्नुपर्ने विवरण प्रकाशन गरे नगरेको, सूचना व्यवस्थित गरी राखे नराखेको, आयोगको आदेश पालना गरेको नगरेको तथा सूचना दिए नदिएको आदि विषयमा सीमित श्रोत र साधनले भ्याएसम्म अनुगमन गर्ने गरेको छ । आ.व. २०६९।०७० मा आयोगले केन्द्र स्तरका ४३ वटा विभाग र १९ जिल्लाका ३०० वटा सार्वजनिक निकायको समेत ३४३ वटा सार्वजनिक निकायको अनुगमन गरी सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्न गराउन निर्देशन पनि दिएको छ ।

७. आयोगबाट संचालित कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति

आयोगको कार्य संचालनको लागि आ.व. २०६९।०७० मा रु. १,५५,८९,०००।- विनियोजन भएको थियो । यस मध्ये चालु खर्च तर्फ रु १,२०,८९,०००।- पुँजीगत खर्च तर्फ रु ९,००,०००।- र कार्यक्रम खर्च तर्फ रु २६,००,०००।- विनियोजन भएको थियो । उपरोक्त अवधिमा रु १,५४,५३,८७२।- खर्च भएको छ । जुन रकम विनियोजनको ९९.१३% हुन आउँछ । उक्त अवधिको भौतिक प्रगति शत प्रतिशत भएको छ । सूचनाको हक प्रभावकारी कार्यान्वयनको लागि संयुक्त अधिराज्य वेलायत सरकारको DFID/ESP बाट Improving the Implementation of Right to Information in Nepal नामक एक वर्षे कार्य योजना संचालन गर्न रु २,९०,३५,१२५।- सहायता प्राप्त भएको थियो । त्यस मध्ये रु २,१४,८१,६४७।- खर्च भएको छ अर्थात कुल

बजेटको ७४% खर्च भएको छ। लक्षित रकम सबै खर्च नहुनाका कारणहरूमा उक्त आ.व.मा संविधानसभाको निर्वाचन हुनु, आयुक्तहरू पनि रिक्त हुनु, कर्मचारीहरूको दरवन्दी पनि रिक्त रहनु तथा विदेश अध्ययन भ्रमण आदि समयमा हुन नसक्नु रहेका छन्।

यस कार्य योजनाले पाँच विकास क्षेत्रका एक एक जिल्लामा छ वटा मन्त्रालयका जिल्लास्थित कार्यालयमा सूचना मागको निवेदनलाई कम्प्यूटरको माध्यमबाट प्रविष्ट गर्ने तथा Online पनि माग गर्न सक्ने व्यवस्थापन सूचना प्रणालीको स्थापना गर्ने कार्यक्रम तर्जुमा गरेको थियो। यसैगरी कार्यालयका सूचना अधिकारी, कम्प्युटर अपरेटर, कार्यालय प्रमुखलाई प्रशिक्षण दिने, गा.वि.स. र नगरपालिकाका सचिवहरूलाई प्रशिक्षण दिने, आयोगको कार्यदक्षता अभिवृद्धि गर्ने अन्य सूचना अधिकारीलाई प्रशिक्षण दिने, जनचेतना जागृत गराउने कार्य गर्ने पनि कार्यक्रम रहेको थियो। सूचनाको हकलाई कक्षा ८-१२ को पाठ्यक्रममा समावेश गर्ने, सूचना अधिकारीको लागि तालिमको पाठ्यक्रम तर्जुमा गर्ने तथा नेपाल सरकारका तालिम प्रशिक्षण प्रतिष्ठानहरूमा सूचनाको हकसम्बन्धी विषय समावेश गर्ने र सूचनाको हकसंग वाझिएका सम्बन्धित ऐन, नियम पुनरावलोकन गरी संशोधन गर्ने लक्ष्य लिइएको थियो। यस कार्ययोजनाले लक्षित गरिएका उल्लेखित कार्यहरू सम्पन्न भैसकेका छन्। अध्ययन गरी तयार पारिएका प्रतिवेदन कार्यान्वयन गर्न गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको र कार्यान्वयन गर्न गराउन सम्बन्धित मन्त्रालयहरूलाई निर्देशन समेत भइसकेको छ।

८. सचिवालय

सूचनाको हकसम्वन्धी ऐनले राष्ट्रिय सूचना आयोगमा प्रमुख सूचना आयुक्त र दुई जना सूचना आयुक्त रहने गरी स्वतन्त्र आयोगको व्यवस्था गरेको छ। प्रमुख सूचना आयुक्त र आयुक्त पदहरू २०७० जेठ २४ गते देखि रिक्त रहेको छ। आयोगको कार्य सम्पादनलाई सघाउन नेपाल सरकारको विशिष्ट श्रेणीको अधिकृत सचिवको रूपमा कार्यरत रहेको अवस्था छ। २०७० जेठ २४ गते देखि निवर्तमान आयोगबाट आयोगमा पर्न आउने निवेदन तथा उजुरी फछ्र्यौट गर्न गराउन आयोगका सचिवलाई अधिकार प्रत्यायोजन भइ कार्य संचालन गरिरहेका अवस्था छ। आयोगमा सचिव, सह सचिव, उप सचिव, शाखा अधिकृत र नायव सुब्बा गरी १९ जना कर्मचारीको स्थायी दरवन्दी रहेको छ। भने १२ जना कर्मचारी (कम्प्यूटर अपरेटर, सवारी चालक र कार्यालय सहयोगी) करारमा गरी जम्मा ३१ जना कर्मचारीको दरबन्दी रहेको छ।

आयोगमा प्रशासन, योजना प्रर्वद्धन तथा अनुगमन पुनरावेदन, आर्थिक प्रशासन र आयोजना कार्यान्वयन गरी पाँच वटा शाखा स्थापना गरी कार्य संचालन गरिने व्यवस्था गरिएको छ। आयोगको लागि बजेट व्यवस्था नेपाल सरकारबाट वार्षिक बजेट मार्फत् गर्ने गरिएको छ।

९. प्रतिवेदनको प्रस्तुती

आ.व. २०६९।०७० को वार्षिक प्रतिवेदनलाई विभिन्न छ परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिएको छ। प्रथम परिच्छेदमा राष्ट्रिय सूचना आयोगको परिचय जस अन्तर्गत संवैधानिक तथा कानूनी व्यवस्था, सूचना आयोगको गठन, आयोग रिक्त रहेको अवस्था, राष्ट्रिय सूचना आयोगका सचिवबाट प्रत्यायोजित अधिकार अन्तर्गत कार्य गरेको, आयोगको काम, कर्तव्य र अधिकार, सचिवालय, आयोगबाट संचालित

कार्यक्रमको वित्तिय र भौतिक प्रगति सम्वन्धमा उल्लेख गरिएको छ ।

द्धितीय परिच्छेदमा निवेदन, उजुरी, पुनरावेदन, फछ्र्यौट र जरिवाना तथा पुनरावेदनमा रहेका मुद्दाको विवरणहरू, जरिवाना असुल उपर गर्न लेखी पठाएको विवरणहरू समावेश गरिएको छ ।

तृतीय परिच्छेदमा आयोगका गतिविधिहरू उल्लेख गरिएको छ । जसमध्ये सूचनाको हकसम्वन्धी नियमावली, २०६५ मा भएको दोश्रो संशोधन सम्बन्धी विवरण, केन्द्रीय समन्वय इकाई र कार्यान्वयन अनुगमन इकाईको गठन काम कर्तव्य र अधिकार लगायत आयोगबाट गरिएको विभिन्न गतिविधिहरूका वारेमा उल्लेख गरिएको छ ।

चौथौ परिच्छेदमा राष्ट्रिय सूचना आयोगले सूचनाको हकको सम्वर्द्धन, प्रवर्द्धन र प्रचलन गर्न गराउन सार्वजनिक निकायहरूमा गरेका अनुगमन, अन्तरक्रिया, प्रशिक्षण अभिमूखिकरणको विवरणहरू समावेश गरिएको छ ।

पाँचौ परिच्छेदमा सूचनाको हकसम्वन्धी ऐनको प्रभावकारी कार्यान्वयन गर्न गराउन आयोगका तर्फबाट दिइएका सूझावहरू उल्लेख गरिएको छ ।

त्यस्तै परिच्छेद ६ मा ३२ वटा परिशिष्टहरू उल्लेख गरिएको छ जसमा आयोगबाट आर्थिक वर्ष २०६९।०७० मा भएका निवेदन, उजुरी तथा पुनरावेदनमा भएका निर्णय तथा आदेश, जरिवाना सम्बन्धी विस्तृत विवरण, सूचनाको हक कार्यान्वयन सम्वन्धमा आयोगबाट विभिन्न सार्वजनिक निकायमा गरेको अनुगमन, निरीक्षण, गोष्ठी र सम्वर्द्धन सम्वन्धी विवरण, आयोगबाट संचालन भएको आयोजनाको उद्देश्य र उपलव्धि सम्वन्धमा संक्षिप्त रूपमा उल्लेख गरिएको छ । त्यस्तै आयोगबाट सम्पादन भएका विभिन्न कार्यक्रमहरू, विभिन्न निर्णयहरू, विगत वर्षमा दिएका सुझावहरू, ऐन नियममा रहेका व्यवस्थाहरू, आयोगको संगठन चार्ट र दरवन्दी विवरण र गैर सरकारी संस्थाहरूले सूचनाको हकको प्रवर्द्धनमा गरेका कार्यहरू पनि परिशिष्टमा उल्लेख गरिएको छ ।

सूचनाको हक प्रत्येक नागरिकसँग सम्वन्ध राख्ने विषय भएकोले सरकार, निजी क्षेत्र, गैर सरकारी संस्था, नागरिक समाजसँग सहकार्य र अन्तर्राष्ट्रिय संस्थासँग भएका भेटघाट छलफल लगायतका विषयमा भएका काम कारवाही र आ.व. २०७०।०७१ मा भएका सान्दर्भिक विषय समेतलाई संक्षिप्त रूपमा समेट्ने प्रयास गरिएको छ ।

अन्तमा, आयोगले आ.व. २०६९।०७० मा सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्न गराउन गरेका काम कारवाहीहरूलाई सकेसम्म सक्षिप्त रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ। यस अनुसार आयोगका काम कारवाहीको विवरण व्यवस्थापिका संसद्, नेपाली नागरिक, नेपाल सरकार, सार्वजनिक निकाय, पत्रकार जगत, संचार माध्यम, नागरिक समाज, गैर सरकारी संघ संस्था, सूचनाको हकसँग सम्बन्धित अभियन्ता, अभिरुचि राख्ने व्यक्ति तथा संस्थाहरू, सूचनाको हकको प्रयोगकर्ता, सूचनादाता, विशेषज्ञ एवं सरोकारवाला समक्ष पुगोस भन्ने आशयका साथ सम्भव भए सम्म संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ । सूचनाको हकसँग सरोकार राख्नुहुने महानुभावहरूले थप सक्रियताका साथ सूचनाको हकको प्रयोग गरी सुशासन कायम गरी राज्यका काम कारवाहीलाई खुला र पारदर्शी वनाई जनताप्रति जिम्मेवार र उत्तरदायित्व वहन गर्न सक्षम वनाउन मद्दत मिल्ने छ भन्ने आयोगले विश्वास गरेको छ ।

परिच्छेद : १

राष्ट्रिय सूचना आयोगको परिचय

क) संबैधानिक तथा कानुनी व्यबस्था

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ अनुसार प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयमा सूचना माग्ने वा पाउने हक हुने व्यवस्था गरेको छ। यसै गरी धारा २८ ले व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार, चरित्र सम्बन्धी कुराहरूको गोपनीयता कानुनद्वारा तोकिएको अवस्था बाहेक अनतिक्रम्य हुनेछ भन्ने व्यवस्था गरी मौलिक हकको रूपमा नागरिक अधिकारको प्रत्याभूति र संरक्षण समेत गरेको छ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ ले प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधिनमा रही सूचनाको हक हुने र सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने व्यबस्था गरेको छ। यसरी संवैधानिक तथा कानुनी व्यबस्था भएबाट राज्यको काम, कारवाहीलाई लोकतान्त्रिक पद्धति अनुरुप खुला, पारदर्शी, उत्तरदायी र जवाफदेही बनाई सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नु आयोग एवं सबै सार्वजनिक निकायको दायित्व रहेको छ।

ख) राष्ट्रिय सूचना आयोगको गठन

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ अनुसार सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्न एक स्वतन्त्र आयोगको व्यबस्था भए अनुरुप २०६५ जेठ २२ गते पहिलो पल्ट राष्ट्रिय सूचना आयोगको गठन भई कार्यरत रहेको अवस्था विद्यमान छ। आयोगमा कम्तीमा एकजना महिला समेत समावेश हुने गरी तीन सदस्य भएको आयोग गठन गर्नु पर्ने व्यबस्था छ। आयोगमा एक जना प्रमुख सूचना आयुक्त र दुई जना सूचना आयुक्त रहने व्यबस्था छ। व्यबस्थापिका संसदको सम्माननीय सभामुखको अध्यक्षतामा माननीय सूचना तथा संचार मन्त्री र नेपाल पत्रकार महासंघका सभापति सदस्य रहेको समितिको सिफारिसमा नेपाल सरकारले प्रमुख सूचना आयुक्त र आयुक्तहरूको नियुक्ति गर्ने व्यबस्था रहेको छ।

ग) आयोग रिक्त रहेको

२०६५ जेठ २४ गते नियुक्त भएका निवर्तमान प्रमुख सूचना आयुक्त श्री विनयकुमार कसजू २०६९ श्रावण ३ गते र कार्यवाहक प्रमुख सूचना आयुक्त श्री श्रीआचार्य र सूचना आयुक्त श्री सविता भण्डारी बराल २०७० जेठ २४ गते देखि उमेर र पदावधिका कारण सेवा निबृत्त भईसक्नु भएको छ। प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको उमेर ६५ वर्ष पुरा भएमा वा पाँच वर्षको कार्यकाल समाप्त भएमा निबृत्त हुने व्यबस्था ऐनले गरेको छ। अतः हाल प्रमुख सूचना आयुक्त र दुई जना सूचना आयुक्तको पद रिक्त रहेको छ। प्रमुख सूचना आयुक्त र निवर्तमान कार्यवाहक प्रमुख सूचना आयुक्त र सूचना आयुक्त रिक्त भए पश्चात नियुक्तिको पहल हुन व्यबस्थापिका संसद सचिवालय र सूचना तथा संचार मन्त्रालयलाई जानकारी गराई सकिएको छ।

घ) राष्ट्रिय सूचना आयोगका सचिवबाट प्रत्यायोजित अधिकार अन्तर्गत कार्य गरेको

निर्वतमान कार्यवाहक प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले आफ्नो पदावधि समाप्त हुनु भन्दा पहिले नै मिति २०७० जेठ २३ मा आयोगको कार्य सम्पादनमा रिक्तता नरहोस् भन्ने अभिप्रायबाट ऐनको दफा २० बमोजिम पुनरावेदनको कारवाही र किनारा गर्ने अधिकार बाहेक अन्य काम कर्तव्य र अधिकार मध्ये कुनै काम कर्तव्य र अधिकार प्रमुख सूचना आयुक्त, सूचना आयुक्त वा कुनै निकाय वा अधिकारीलाई तोकिएको सर्तको अधिनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ भन्ने व्यबस्था भए अनुसार आयोगका सचिवलाई देहाय बमोजिमको अधिकार प्रत्यायोजन गरिएको थियो । सोही प्रत्यायोजित अधिकार अनुसार पुनरावेदनमा कारवाही र किनारा गर्ने बाहेक उजुरी तथा निवेदनमा कारवाही र किनारा गर्ने कार्य आयोगमा कार्यरत सचिव श्रीराम पन्तले गरिरहनु भएको छ ।

मिति २०७० जेठ २३ मा आयोगबाट प्रत्यायोजित अधिकार देहाय बमोजिम रहेको छ ।

आयोगका कार्यवाहक प्रमुख सूचना आयुक्त श्री श्रीआचार्य र सूचना आयुक्त श्री सविता भण्डारी वराल आफ्नो ५ वर्षे कार्यकाल पूरा गरी यही जेठ महिनाको २४ गतेबाट निवृत्त हुनुहुने भएको छ । आयोगमा पदाधिकारीको रिक्तता पछि पनि सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्ने कार्यमा कुनै वाधा अवरोध आउन नदिन अर्को व्यवस्था नभएसम्मको लागि आयोगका पदाधिकारीहरूलाई नियम अनुसार केही अधिकारहरू प्रत्यायोजन गर्न आवश्यक देखिएको छ ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा २० वमोजिम पुनरावेदनको कारवाही र किनारा गर्ने कार्य वाहेक अन्य काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार कुनै निकाय वा अधिकारीलाई तोकेको शर्तको अधिनमा रही प्रयोग वा पालना गर्न पाउने गरी प्रत्यायोजन गर्नसक्ने व्यवस्था रहेको हुँदा आयोगले सम्पादन गरी आएको कार्यहरूमध्ये ऐनको दफा १० अनुसार पुनरावेदनको कारवाही र किनारा गर्ने कार्य वाहेक सूचनाको हकसम्वन्धी ऐन र नियमावली वमोजिम आयोगलाई प्राप्त अधिकारहरू मिति २०७०।२।२४ गतेदेखि अर्को आयोग गठन नभएसम्मका लागि आयोगमा प्राप्त हुने निवेदन र उजुरीहरूको कारवाही किनारा गर्न सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा १९ को क देखि छ सम्म, दफा ३२ को उपदफा १, २, ३, ४, ५ र दफा ३३ को उपदफा १ र २ का अधिकारका साथै सूचनाको हकको संरक्षण, सम्वर्धन र प्रचलनका लागि सूचनाको हक सम्वन्धी ऐन, २०६४, ऐं. नियमावली २०६५ मा व्यवस्था भएका अन्य सम्पूर्ण काम कर्तव्य र अधिकार लगायत आयोगद्धारा स्थापित मान्यता, रित, परम्परा र राष्ट्रिय-अन्तर्राष्ट्रिय सिद्धान्त वमोजिम सम्पूर्ण काम, कारवाही गर्ने गरी सोही ऐनको दफा २० वमोजिम आयोगका सचिव, निजको अनुपस्थितिमा आयोगका सह सचिव र दुवैको अनुपस्थितिमा आयोगका जेष्ठ उप सचिव समेतले प्रयोग गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरिएको छ । यस निर्णयको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मुख्य सचिव र सूचना तथा सञ्चार मन्त्रालयका सचिवलाई दिने । यसको पूर्ण विवरण परिशिष्ट ३ मा उल्लेख गरिएको छ ।

ङ) राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार

आयोगको मुख्य काम, कर्तव्य र अधिकार एवं थप काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने

व्यबस्था ऐन तथा नियमावलीले गरेको छ ।

१. सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने,
२. त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्री सम्बन्धी सूचना सूचिकृत गरी मिलाई राख्न आदेश दिने,
३. नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,
४. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,
५. यस ऐन वमोजिमको दायित्व पालना गर्न गराउन सम्बन्धित पक्षलाई आदेश दिने,
६. नेपाल सरकार तथा सूचना तथा सञ्चारसँग सम्बन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने,
७. सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नको लागि आवश्यक पर्ने उपयुक्त आदेश दिने,

आयोगको थप काम, कर्तव्य र अधिकार यसप्रकार रहेको छ : –

१. नेपाली नागरिकले सार्वजनिक निकायसँग सूचना माग्दा मागेको सूचना नपाएमा वा चित्त बुझ्दो गरी नपाएमा निजले आयोगसमक्ष पुनरावेदन दिन सक्छ र आयोगले सो पुनरावेदनमाथि कारवाही गर्छ ।
२. सरकारी निकायमा रहेका सूचनाको वर्गीकरण गर्न बनेको समितिले गरेको कुनै सूचनाको वर्गीकरण चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना सार्वजनिक हुनुपर्ने भनी पुनरावलोकनको लागि निवेदन दिएमा र सो सूचना गोप्य राख्नु पर्ने नदेखिएमा आयोगले सार्वजनिक गर्न आदेश दिन सक्छ ।
३. सूचना नदिने, दिन इन्कार गर्ने, आंशिक रूपमा वा गलत सूचना दिने वा समयमा नदिने सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीलाई जरिवाना गर्न र विभागीय कारवाहीको लागि लेखी पठाउन सक्छ ।
४. सूचना नदिएको, दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै व्यक्तिलाई हानी नोक्सानी पर्न गएमा सम्बन्धित निकायबाट क्षतिपूर्ति भराई दिन सक्छ ।
५. सूचनादाताको संरक्षण गर्छ र निजलाई कुनै क्षति पुऱ्याइएको भए क्षतिपूर्ति दिलाउँछ ।
६. कुनै पनि व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना दुरूपयोग गरेमा जरिवाना गर्न सक्छ ।
७. आयोगले प्रत्येक वर्ष आफूले गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन प्रधानमन्त्रीमार्फत् व्यवस्थापिका-संसद्मा र सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशन गर्छ ।

च) आयोगबाट संचालित कार्यक्रमको वित्तीय तथा भौतिक प्रगति

आ.व. ०६९/७० मा आयोगको कूल बजेट विनियोजन रू. १,५५,८९,०००।– रहेकोमा तलब भत्ता र संचालन खर्च लगायत चालु खर्च रु १,२०,८९,०००।– र कार्यक्रम खर्च तर्फ रु २६,००,०००।– र पूँजीगततर्फ रू. ९,००,०००।– विनियोजन रहेको थियो । जसमध्ये चालु बजेटतर्फ कार्यक्रम खर्च समेत गरी रू.१,४५,५३,८७२।– र पूँजीगततर्फ रू. ९,००,०००।– गरी जम्मा रू. १,५४,५३,८७२।– खर्च भएको थियो । उक्त कुल खर्च रकम कूल विनियोजनको ९९.१३% हुन आउँछ । उल्लेखित अवधिमा वित्तीय प्रगति ९९.१३%

तथा भौतिक प्रगति सतप्रतिशत (१००%) भएको छ ।

उल्लेखित रकम मध्ये आ.व. २०६९/०७० को चालु बजेट मध्ये कार्यक्रम खर्चमा रु. २६,००,०००।– स्वीकृत भएको थियो । उक्त कार्यक्रम बजेटबाट प्रचार प्रसार, छपाइ एवं वितरण, अभिप्रेरणा तथा नागरिक जागरण, कर्मचारी क्षमता अभिवृद्धि, डकुमेन्ट्री/वृत्तचित्र निर्माण गर्ने लक्ष्य रहेको थियो । यसै गरी सूचना अधिकारी तथा कार्यालय प्रमुखहरू, पत्रकार, गैरसरकारी संस्था लगायतका व्यक्ति तथा संस्थाहरूमा अभिमूखिकरण/अन्तरक्रिया कार्यक्रम संचालन तथा सार्वजनिक निकायमा अनुगमन गर्ने कार्यक्रम पनि तर्जुमा गरिएको थियो ।

आ.व. २०६९।०७० मा कार्यालय प्रमुख र सूचना अधिकारीहरूका लागि कैलाली, कञ्चनपुर, गोरखा, दोलखा, इलाम, मोरङ्ग, नवलपरासी, रुपन्देही, पाल्पा, गुल्मी, सप्तरी, कास्की,पर्वत, म्याग्दी, धादिङ्ग लगायतका १५ जिल्लाहरूमा अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो । यसैगरी सूचना अधिकारीहरूको लागि लमजुङ्ग, इलाम, उदयपुर, कास्की र डडेल्धुरा लगायतका ५ जिल्लाहरूमा अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो । राष्ट्रिय सूचना आयोगले १९ जिल्लाका ३०० र केन्द्रीय स्तरका ४३ वटा विभागहरू गरी जम्मा ३४३ वटा सार्वजनिक निकायमा अनुगमन कार्य सम्पन्न गरेको छ ।

सन्देशमूलक जानकारीका लागि नागरिक जागरण कार्यक्रम, जिल्लागत अन्तरक्रिया, रेडियो, टि.भी., पत्रपत्रिका, एस.एम.एस. तथा श्रव्य दृश्य कार्यक्रम संचालन गरिएको थियो । साथै वेवसाईट नेटवर्किङ विकास/मर्मत, कर्मचारी दक्षता अभिबृद्धि कार्यक्रम, सूचनाको हक सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था र व्यक्तिहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम र जनचेतना कार्यक्रम तथा अनुगमन तथा मुल्याँकन कार्यक्रम संचालन गरिएको थियो ।

यसैगरी DFID/ESP Nepal बाट जनवरी २०१३ देखि डिसेम्बर २०१३ सम्म Improving the implementation of Right to information (RTI) in Nepal नामक परियोजनाका लागि रु. २,९०,३५,१२५/- को बजेट तथा कार्यक्रम स्वीकृत भएकोमा आयोजना अवधिभर राष्ट्रिय सूचना आयोगबाट रु. १,३८,०४,१३५/- र ESP Nepal बाट ७६,७७,५१२/- गरी जम्मा रु. २,१४,८१,६४७/- खर्च भएको छ । अर्थात कूल बजेटको ७४% खर्च भएको छ ।

उक्त अवधिको बजेट विनियोजनको विवरण तथा वित्तीय तथा भौतिक प्रगतिको विवरण परिशिष्ट ४ मा उल्लेख गरिएको छ ।

छ) सचिवालय

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ मा सूचना आयोगको सचिवालयको व्यवस्था गरिएको छ । सचिवालयका प्रमुखको रूपमा नेपाल सरकारका विशिष्ट श्रेणीका सचिव र अन्य आवश्यक संख्यामा नेपाल सरकारका कर्मचारीहरू रहने व्यवस्था गरिएको छ । जसको पूर्ण विवरण परिशिष्टमा दिईएको छ । राष्ट्रिय सूचना आयोगको केन्द्रीय कार्यालय काठमाडौ उपत्यकामा रहेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार आयोगले आवश्यकता अनुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्ने व्यवस्था गरेको छ । आयोगको कार्य सम्पादन गर्न आवश्यक खर्च तथा कर्मचारीको व्यवस्था नेपाल सरकारले गर्नु पर्ने व्यवस्था सूचनाको हकसम्बन्धी ऐनले गरेको छ । आयोगको सचिवालयमा प्रशासकीय प्रमुखको रूपमा

काम गर्न निजामती सेवाको राजपत्रांकित विशिष्ट श्रेणीको अधिकृतलाई सचिवको रूपमा तोकि कार्यरत रहेको अवस्था छ । आयोगको स्थायी दरवन्दी तर्फ सचिव, सहसचिव, उपसचिव, शाखा अधिकृत, कानून अधिकृत, लेखा अधिकृत तथा नायव सुब्बा गरी १७ जनाको दरवन्दीको व्यवस्था रहेको छ । २ जना उप सचिव विविध सेवा विशेष समूहका कार्यरत छन् भने करार सेवा अन्तर्गत कम्प्युटर अपरेटर, कार्यालय सहयोगी, हलुका सवारी चालक, पाले, कुचिकार गरी १२ जना समेत जम्मा ३१ जना कर्मचारी कार्यरत छन् । आयोगमा योजना प्रवर्द्धन तथा अनुगमन शाखा, प्रशासन शाखा, पुनरावेदन शाखा, आर्थिक प्रशासन शाखा र आयोजना कार्यान्वयन शाखा गरी ५ वटा शाखा रहेका छन् । आयोगको संगठन चार्ट परिशिष्ट ५ तथा दरवन्दी व्यवस्था परिशिष्ट ६ मा उल्लेख गरिएको छ ।

ज) वार्षिक प्रतिवेदन पेश

सूचनाको हकसम्बन्धी ऐनको दफा २५ बमोजिम आयोगले प्रत्येक वर्ष आफूले गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्री मार्फत् व्यवस्थापिका संसद्मा प्रस्तुत गर्नुपर्ने व्यवस्था अनुसार आयोगको स्थापनाकाल देखि नै आयोगले आफ्नो प्रतिवेदन प्रस्तुत गर्दै आएको छ । सोही ऐनको दफा २५ को उपदफा (२) बमोजिम यसरी प्रस्तुत गरिएको प्रतिवेदन सर्वसाधारणको जानकारीका लागि सार्वजनिक रूपमा प्रकाशन पनि गर्ने गरेको छ ।

आ.व.२०६८।०६९ को प्रतिवेदन अन्तरिम चुनावी मन्त्रिपरिषद्का सम्माननीय अध्यक्ष श्री खिलराज रेग्मी समक्ष मिति २०७० जेठ १७ गते प्रस्तुत गरिएको थियो । उक्त अवसरमा कार्यबाहक प्रमुख सूचना आयुक्त श्रीआचार्य र सूचना आयुक्त श्री सविता भण्डारी बरालले आयोगले गरेका काम, कारवाही, समस्या र समाधानका उपायहरू तथा आयोगका सुझावहरू कार्यान्वयन गर्न उच्च प्रतिवद्धताको आवश्यकता रहेको उल्लेख गर्नु भएको थियो । आयोगका सचिव श्रीराम पन्तले प्रतिवेदनको सार संक्षेप तथा सुझावहरू प्रस्तुत गर्नु भएको थियो । सो अवसरमा सूचना तथा संचार मन्त्री श्री माधव प्रसाद पौडेल, मुख्य सचिव श्री लीलामणि पौड्याल, सचिव श्री कृष्णहरि बास्कोटा तथा श्री ध्रुव प्रसाद शर्मा समेतको उपस्थिति रहेको थियो । प्रतिवेदन ग्रहण पश्चात मन्त्रिपरिषद्का सम्माननीय अध्यक्ष श्री खिलराज रेग्मीले वर्तमान सरकार चुनावी सरकार भएकोले आयोगका अपेक्षाहरू सबै पुरा गर्न नसकेपनि आयोगले दिएका सुझावहरू क्रमिक रूपमा कार्यान्वयन गर्दै जाने र सुशासन कायम गर्न गराउन आयोगका सुझावहरूलाई कार्यान्वयन गर्न गराउन नेपाल सरकारले उच्च प्राथमिकता दिने र आयोगलाई सहयोग पुऱ्याउने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । आयोगको प्रतिवेदन www.nic.gov.np मा सोही दिन प्रकाशित भएको थियो ।

संविधानसभा व्यबस्थापिका संसद विघटन भएको कारणबाट आ.व २०६७।०६८ र आ.व. २०६८।०६९ को वार्षिक प्रतिवेदन व्यबस्थापिका संसद समक्ष प्रस्तुत भै छलफल नभएकोले ति प्रतिवेदन पनि प्रस्तुत भै छलफल हुन आवश्यक रहेको छ । आयोगको वार्षिक प्रतिवेदन व्यबस्थापिका संसद समक्ष पेश भै छलफल भएमा आयोगले प्रस्तुत गरेका सुझावहरू शीघ्र कार्यान्वयन हुने अपेक्षा रहेको छ ।

परिच्छेद : २

निवेदन, उजुरी, पुनरावेदन फछ्र्यौट र जरिवाना तथा पुनरावेदनमा रहेका मुद्दाको विवरण

१. हालसम्म परेका निवेदन, उजुरी तथा पुनरावेदनको विवरण

सूचनाको हकसम्वन्धी ऐन नियम अनुसार नेपाली नागरिकले सम्बन्धित सार्वजनिक निकायका सूचना अधिकारीसंग सूचना माग गर्ने, सूचना अधिकारीबाट सूचना प्राप्त नभएमा कार्यालय प्रमुख समक्ष उजुरी गरी सूचना प्राप्त गर्ने प्रयास गर्ने र कार्यालय प्रमुखबाट पनि सूचना नपाएमा राष्ट्रिय सूचना आयोगमा सूचना प्राप्त गर्न उजुरी, निवेदन तथा पुनरावेदन गर्न पाउने व्यवस्था रहेको छ। सूचना दिन इन्कार भएको विषयमा आयोगमा पर्न आएका उजुरी, निवेदन तथा पुनरावेदनहरू क्रमिक रूपमा वृद्धि हुदै गएका छन्। जसमा गंभीर प्रकृतिका सार्वजनिक सरोकारका विषय, अनियमितता, भ्रष्टाचार र ढिलासुस्तीका विषय, सुशासन सम्वन्धी विषय, व्यक्तिगत सरोकारका विषयहरूमा सूचना दिन इन्कार गरिएका विषयहरू पर्दछन्। विगत पाँच वर्षमा प्राप्त भएका निवेदन, उजुरी, पुनरावेदन तथा फछ्र्यौटको स्थिति निम्न बमोजिमको तालिका तथा डायग्रामबाट अध्ययन गर्न सकिन्छ।

तालिका १

आ.व	पुनरावेदन	फछ्र्यौट	वाँकी
२०६५/०६६	१२	११	१
२०६६/०६७	३९	२९	१०
२०६७/०६८	४७	२२	२५
२०६८/०६९	१३६	९०	४६
२०६९/०७०	२६०	१९९	६१
२०७०/०७१	२९०	११४	१७६

नोट : २०७१ वैशाख मसान्त सम्म

डायग्राम १



माथि उल्लेखित बार डायग्रामको अध्ययनबाट सूचना माग गर्ने प्रवृत्तिमा क्रमिक रूपमा वृद्धि भैरहेको देख्न सकिन्छ। यसबाट सूचना प्रवाह गर्न इन्कार गर्ने तथा सूचना माग गर्नु पर्छ भन्ने सम्वन्धमा जन चेतनामा पनि क्रमिक रूपमा वृद्धि भएको पाइन्छ। पुनरावेदन, उजुरी तथा निवेदन सम्बन्धी विस्तृत विवरण परिशिष्ट १ मा उल्लेख गरिएको छ।

२. आ.व. २०६९/०७० मा क्षेत्रगत उजुरी, निवेदन तथा पुनरावेदनको विवरण

चालु आ.व.मा सूचनाको हक प्रचलन गराउने सम्वन्धमा पर्न आएका निवेदन, उजुरी तथा पुनरावेदनको क्षेत्रगत स्थिति देहाय अनुसार रहेको छ। आयोगमा परेका उजुरी निवेदन तथा पुनरावेदनको विस्तृत विवरण परिशिष्ट २ मा उल्लेख गरिएको छ।

तालिका २

शिक्षा	७८
अर्थ तथा वित्तीय	३०
न्याय	१४
स्थानीय निकाय	५०
प्रशासन र सुरक्षा	३९
स्वास्थ्य	१६
सूचना तथा सञ्चार	७
उद्योग वाणिज्य तथा आपूर्ति	४
अन्य	२२
जम्मा	२६०

पाई चार्ट १



३. आ.व.२०६९/०७० मा परेका सार्वजनिक तथा व्यक्तिगत निवेदन, उजुरी तथा पुनरावेदनको झलक

आ.व. २०६९/०७० मा परेका २६० निवेदन, उजुरी तथा पुनरावेदन मध्ये १७७ वटा अर्थात ६८.०७६ % निवेदन, उजुरी तथा पुनरावेदन सार्वजनिक सरोकार सम्वन्धी परेका छन् भने ८३ वटा अर्थात् ३१.९२% निवेदन, उजुरी तथा पुनरावेदन व्यक्तिगत सरोकारका परेका छन् जसलाई निम्न उल्लेखित पाई चार्ट २ बाट स्पष्ट अध्ययन गर्न सकिन्छ ।

पाई चार्ट २



४.फछ्र्यौटको स्थिति

प्रस्तुत प्रतिवेदन अवधिमा परेका २६० वटा निवेदन, उजुरी तथा पुनरावेदन मध्ये उक्त आ.व.मा १९९ वटा मुद्दा फछ्र्यौट भै वाँकी ६१ वटा मुद्दा आ.व. २०७०/०७१ मा जिम्मेवारी सर्न गएका छन् । यस अनुसार यो वर्ष ७६.५% मुद्दा फछ्र्यौट भएको छ । फछ्र्यौट भएका १९९ निवेदन, उजुरी तथा पुनरावेदन मध्ये १८७ वटा मुद्दामा सूचना प्रवाह गर्न निर्णय तथा आदेश भएको छ भने १२ वटा मुद्दामा सूचना माग दावी नपुगेको र रित नपुगेको भनी खारेज भएको अवस्था रहेको छ ।

५. सर्वोच्च र पुनरावेदनमा गएको मुद्दाको विवरण

आयोगको निर्णय तथा आदेशमा चित्त नवुझी यसको विरुद्धमा हालसम्म २३ वटा मुद्दाहरूमा सम्बन्धित व्यक्ति तथा संस्थाहरू सम्मानीत सर्वोच्च अदालत तथा सम्मानीत पुनरावेदन अदालतमा पुनरावेदनमा गएको जानकारी आयोगमा प्राप्त भएको छ । यसमध्ये ८ वटा मुद्दा सर्वोच्च अदालतमा र १५ वटा मुद्दा पुनरावेदन अदालतमा पुनरावेदनमा गएको देखिन्छ । सूचनाको हकसम्वन्धी ऐनको दफा ३४ अनुसार ऐनको दफा ३२ बमोजिम आयोगले गरेको निर्णय उपर चित्त नवुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले ३५ दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्ने छ भन्ने व्यवस्था रहेको छ । सर्वोच्च अदालतमा पुनरावेदन गएको भने रिट क्षेत्रबाट प्रवेश गरेको देखिन्छ । सर्वोच्च र पुनरावेदन अदालतमा पुनरावेदनमा गएका मुद्दाहरूको विस्तृत विवरण परिशिष्टमा ७ मा प्रस्तुत गरिएको छ ।

६. आयोगबाट भएको जरिवानाको विवरण

आयोगले आफ्नो आदेश वा निर्णय बमोजिम सूचना दिन इन्कार गरेका सार्वजनिक निकायका पदाधिकारीहरूलाई ऐनको दफा ३२ बमोजिम सजाय तथा जरिवाना गरेको छ। यसरी सजाय तथा जरिवाना गरे पश्चात केही व्यक्तिहरूले आयोगमै र केही व्यक्तिले सम्बन्धित कार्यालय मार्फत जरिवाना तिरेका देखिन्छन भने अधिकांश व्यक्तिहरू पुनरावेदन अदालतमा जरिवानाको सजाय उपर पुनरावेदन गएको देखिन्छ। अतः आयोगमा प्राप्त अभिलेख अनुसार १८ जना व्यक्तिलाई जरिवाना गरिएको छ। विस्तुत विवरण परिशिष्ट ८ मा उल्लेख गरिएको छ।

७. आयोगबाट भएको जरिवाना असुलउपर गर्न लेखी पठाएको

सूचनाको हकसम्वन्धी नियमावलीको नियम ६ को उप नियम ७ बमोजिम आयोगले ऐन बमोजिम गरेको जरिवाना असुल उपर गर्ने जिम्मेवारी प्रमुख जिल्ला अधिकारीको हुनेछ भनी २०७० आषाढ २५ गते संशोधित नियमावलीले जरिवाना असुल उपर गर्ने जिम्मेवारी प्रमुख जिल्ला अधिकारीलाई प्रदान गरेकोले आयोगबाट हालसम्म जरिवाना भएका मुद्दा मध्ये असुल उपर नभएका १६ वटा मुद्दाहरूको जरिवाना असुल उपर गरी राजस्व खातामा जम्मा गरी आयोगलाई जानकारी गराउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाईएको छ। विस्तुत विवरण परिशिष्ट ९ मा उल्लेख गरिएको छ।

८. साविक पदमा पुर्नवहाली तथा क्षतिपूर्ति भराइदिएको

सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले यस ऐन बमोजिम सूचना नदिएको, दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै व्यक्तिलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो व्यक्तिले सूचना नपाएको, आंशिक रूपमा वा गलत सूचना पाएको वा सूचना नष्ट गरेको मितिले तीन महिनाभित्र आयोग समक्ष क्षतिपूर्तिको लागि निवेदन दिन सक्नेछ भन्ने व्यबस्था रहेको र आयोगमा प्राप्त निवेदन जाँचवुझ गर्दा मनासिब देखिएमा आयोगले निवेदकलाई पर्न गएको वास्तविक हानि नोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराईदिन सक्नेछ भन्ने व्यवस्था भएकोमा काठमाडौंको एउटा सार्वजनिक निकायको प्रमुखले आफ्नो मातहतको पदाधिकारीलाई सूचना प्रवाह गरेको कारणबाट विभागीय प्रमुख पदबाट समेत हटाएको सम्वन्धमा आयोगमा उजुरी परी छानविन गर्दा तथ्यपूर्ण देखिएकोले निज निवेदकलाई ऐनको दफा २९ बमोजिम साविक पदमा पुर्नवहाली गरेको तथा क्षतिपूर्ति वापत रु ५०,०००।- समेत भराइदिएको छ। यसबाट सूचनादाताको संरक्षण हुनुको साथै सूचना माग गर्दा वा सूचना प्रवाह गर्दा कसै माथि कारवाही गर्न हुदैन भन्ने सन्देश गएको र सूचनाको हकको संरक्षण समेत भएको छ।

९. आयोगबाट भएका केही प्रतिनिधि मुलक निर्णय वा आदेश

आयोगबाट चालु आ.व. २०६९/०७० र २०७०/०७१ मा भएका केही महत्वपूर्ण फैसला तथा आदेशहरूको विवरण पनि यस प्रतिवेदनमा समावेश गरिएको छ। आयोगबाट भएका आदेश तथा निर्णयहरू प्रतिवेदनमा समावेश भएमा यो प्रकाशन हुनासाथ सूचनाको हक कार्यान्वनमा संलग्न निकाय वा पदाधिकारीले सहज रूपमा शीघ्र जानकारी प्राप्त हुनसकोस भन्ने अभिप्रायबाट केही प्रतिनिधिमूलक आदेश तथा निर्णय प्रस्तुत गरिएको छ। विस्तृत विवरण परिशिष्ट १० मा उल्लेख गरिएको छ।

१०. आयोगसँग माग गरिएको सूचनाको विवरण

सूचनाको हकसम्वन्धी ऐन नियम अनुसार परेको निवेदन, उजुरी तथा पुनरावेदन सम्वन्धमा भएको काम कारवाही र आयोगका प्रशासकीय काम कारवाहीसँग सम्बन्धित सूचना माग गर्ने प्रवृत्ति पनि देखिएको छ । आयोग पनि सार्वजनिक निकाय नै भएकोले सूचनाको हकसम्वन्धी ऐन नियम बमोजिम आफ्नो पनि कार्य सम्पादन गर्नुपर्ने हुन आउँछ । अतः आयोगसंग हालसम्म ७ जना निवेदकले सूचना माग गरेका र सूचना प्राप्त गरेको अवस्था रहेको छ । विस्तृत विवरण परिशिष्ट ११ मा उल्लेख गरिएको छ ।

११. स्वः स्फूर्त विवरण सार्वजनिक गर्ने निकायको विवरण

सार्वजनिक निकायले ऐनको दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम प्रत्येक तीन तीन महिनामा आफ्नो निकायमा रहेको सूचना अद्यावधिक गरी प्रकाशन तथा सार्वजनिकीकरण गर्नुपर्ने व्यवस्था रहेको छ । सवै सार्वजनिक निकायले यो दायित्व पालना गरुन् भन्ने अभिप्रायबाट आयोगले सार्वजनिक सूचना प्रकाशित गरी अपिल गरेको र तालिम, प्रशिक्षण, अन्तरक्रिया र अभिमूखिकरण लगायतका कार्यक्रमहरूमा जानकारी गराउने गरेको तथा पम्प्लेट, ब्रोसियर र निर्देशिका समेत प्रकाशन गरी जनचेतना फैलाउने कार्य गरिरहेको छ । तथापी सार्वजनिक निकायहरूले यस्तो कार्य प्रभावकारी ढंगबाट सम्पादन गरेको अवस्था छैन । धेरै कार्यालयहरूले विभिन्न माध्यमबाट गरेको पनि हुन सक्लान् तर आयोगमा प्राप्त भएको जानकारीका आधारमा १९ वटा निकायले केही हदसम्म विवरण सार्वजनिक गरेको देखिन्छ । विस्तृत विवरण परिशिष्ट (१२) मा उल्लेख गरिएको छ । सार्वजनिक निकायले स्वः स्फूर्त विवरण प्रकाशन गर्न अत्यावश्यक रहेको छ । जबसम्म ऐन नियमले तोकेका विवरणहरू नियमित रूपमा प्रकाशन हुने गर्दैन तवसम्म नागरिकको सूचना प्राप्त गर्ने अधिकार प्रभावकारी रूपमा कार्यान्वयन नहुने हुँदा सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सरल र सहज ढंगबाट नागरिकको पहुँचमा पुऱ्याउन यस्ता विवरणहरू स्वः स्फूर्त रूपमा (Pro–active) नियमित रूपमा प्रवाह गरिनु अत्यावश्यक रहेको छ ।

परिच्छेद : ३
आयोगका गतिविधिहरू

राष्ट्रिय सूचना आयोगको प्रमुख कार्यहरू मध्ये सूचनाको हकको संरक्षण, सर्म्बद्धन र प्रचलन गर्ने कार्य रहेको छ । आयोगको सीमित श्रोत र साधनले भ्याएसम्म विनियोजन भएको बजेटको अधीनमा रही सम्बर्द्धनात्मक र प्रवर्द्धनात्मक कार्यक्रमहरू संचालन गर्दै आइरहेको तथ्य विदितै छ । चालु आ.व. मा बजेट तीन पटक गरी आएकोले अपेक्षित मात्रामा प्रवर्द्धनात्मक कार्यक्रमहरू संचालन गर्न सकिएन । तथापी आयोग र विभिन्न गैरसरकारी संस्था समेतको सहयोग र सहभागितामा विभिन्न कार्यक्रमहरू संचालन गरिएका थिए । आयोगको सम्बर्द्धनात्मक कार्यहरूमा खास गरी विभिन्न जिल्लाहरूमा कार्यालय प्रमुख एवं सूचना अधिकारी र गैर सरकारी संस्था, पत्रकार, अधिवक्ता संलग्न गरी अन्तरक्रिया र अभिमुखिकरण सम्बन्धी प्रशिक्षण दिने गरिएको छ । कार्यक्रममा सूचनाको हक सम्बन्धमा विषय विशेषज्ञहरूको समेत सहभागिता गराउने गरिएको छ । आयोगले प्रचार प्रसारका लागि ब्रोसियर, पम्प्लेट वितरण तथा निर्देशिका, टोपी, व्याच फ्लेक्स प्रिन्ट, रेडियो संवाद, एफ.एम प्रसारण, एस.एम.एस. प्रसारण जस्ता कार्यक्रमहरू पनि संचालनमा ल्याएको छ । यी कार्यक्रमहरूबाट व्यापक मात्रामा जनचेतना जागृत भएको छ भन्ने आयोगको निर्क्यौल रहेको छ ।

आ.व. २०६८/०६९ र आ.व. २०७०/०७१ मा सम्पादन गरिएका मुख्य मुख्य कार्यहरू देहाय बमोजिम रहेका छन् :–

१. सूचनाको हकसम्वन्धी नियमावली, २०६५ मा संशोधन भएको

सूचनाको हकसम्वन्धी ऐन, २०६४ मा भएका कतिपय प्रावधानहरूको कार्यान्वयन गर्न गराउन स्पष्ट मार्ग दर्शनको आवश्यकता भएकोले सूचनाको हकसम्वन्धी नियमावली, २०६५ मा समय सापेक्ष सुधार गर्नुपर्ने आवश्यकता महसुस हुन गै सूचना माग गरेको निवेदन, उजुरी तथा पुनरावेदनको सुरु कारवाही देखि किनारा गर्दा सम्म दुई वा सो भन्दा वढी आयुक्तहरू नै उपस्थित हुनुपर्ने व्यवस्था भएकोमा एक सदस्यीय इजलासबाट पनि प्रारम्भिक आदेश गर्न सक्ने व्यवस्था, घुम्ती इजलासको व्यबस्था लगायतका विषय थप व्यबस्था गरी सूचनाको हकको कार्यान्वयनमा प्रभावकारीता ल्याउने उद्देश्यका साथ सूचनाको हकसम्बन्धी नियमावलीमा समसामायिक विषयहरू समावेश गर्न वाञ्छनीय भएकोले नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा दोश्रो संसोधन २०७० आषाढ २५ गते भएको र नेपाल राजपत्रमा मिति २०७०।४।२८ गते प्रकाशित भएको छ । दोस्रो संसोधनको पूर्ण विवरण आयोगको वेभसाईट www.nic.gov.np मा राखिएको छ । संसोधित नियमावलीका मुख्य मुख्य विशेषताहरू यस प्रकार रहेका छन :–

- सार्वजनिक निकायले यस अघि पाँच पृष्ठ सम्मको सूचना मात्र निःशुल्क दिनुपर्नेमा अब दश पृष्ठ सम्मको सूचना निःशुल्क दिनु पर्नेछ ।
- सार्वजनिक निकायले स्वतः प्रकाशन गर्नुपर्ने विवरणहरूमा ४ वटा विषय थप गरिएको छ ।
- कुनै व्यक्ति निरक्षर वा शारीरिक रुपले लेख्न नसक्ने भएमा सम्बन्धित व्यक्तिले मौखिक रूपमा पनि सूचना माग गर्न सकिने र सूचना अधिकारीले निजको निवेदन लेखी प्रमाणित गरी दिनु पर्ने र सूचना दिनु पर्ने व्यबस्था गरेको छ ।

- उजुरी वा निवेदनको प्रारम्भिक कारवाही एक जना सूचना आयुक्तको इजलासबाट पनि गर्न सक्ने व्यबस्था गरेको छ ।
- सार्वजनिक निकायले सूचना अधिकारी तोक्दा प्रशासकीय प्रमुखले आफु भन्दा दोश्रो वा तेश्रो मुनीका अधिकारीलाई तोक्नु पर्ने व्यबस्था गरिएको छ ।
- गोप्य राख्नु पर्ने सूचना वर्गीकरण गर्दा त्यसको कारण र आधार खुलाउनु पर्नेछ ।
- आयोगले गरेको जरिवाना असुल उपर गराउने दायित्व सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको हुने व्यबस्था थप गरिएको छ ।
- आयोगमा कार्यरत कर्मचारीहरूको पदीय आंचार संहिता तथा आवश्यक निर्देशिका बनाई लागु गर्न सकिने व्यबस्था गरिएको छ ।

संशोधित नियमावलीको विस्तृत विवरण परिशिष्ट १३ मा उल्लेख गरिएको छ ।

२. केन्द्रीय समन्वय र अनुगमन इकाईको स्थापना (Central Nodal Agency) भएको

सूचनाको हकलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन सरकारको उच्चतम निकायबाट नै प्रतिवद्धता हुनुपर्ने, रेखदेख, समन्वय, नियन्त्रण र निर्देशन समेत हुनुपर्ने आयोगको सुझाव अनुसार आयोगकै अग्रसरतामा तर्जुमा गरिएको केन्द्रीय समन्वय इकाईको स्थापना प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छ । यसको साथै सूचना तथा संचार मन्त्रालय स्तरमा अनुगमन इकाई पनि स्थापना भएको छ । यस इकाईका मुख्य कार्यहरू मध्ये सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्ने गराउने, वर्गीकरण सम्बन्धी कार्यमा सहयोग गर्ने गराउने रहेको छ । यसै गरी ६/६ महिनामा एकिकृत प्रतिवेदन तयार गरी पेश गर्ने, नीतिगत विषयमा नेपाल सरकारलाई सुझाव दिने र सूचना अधिकारीको क्षमता अभिबृद्धि गर्ने तथा अनुगमन गर्ने गराउने जस्ता कार्यहरू गर्नु पर्ने गरी तोकिएको छ ।

केन्द्रीय समन्वय इकाईको गठन विधि र काम कर्तव्य अधिकार सम्बन्धी विस्तृत विवरण परिशिष्ट १४ मा उल्लेख गरिएको छ। यस इकाइको गठनबाट सूचनाको हकको कार्यान्वयनमा आयोगको सुझावको कार्यान्वयन भएको र थप प्रभावकारीता विस्तार हुने अपेक्षा रहेको छ ।

३. अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको

आयोगले विभिन्न जिल्लामा अन्तरक्रिया कार्यक्रमहरू गर्दै आएको छ। जिल्लागत अन्तरक्रिया अन्तर्गत राजनैतिक दल/पार्टीका नेता/कार्यकर्ता, गैह्र सरकारी संस्था, नेपाल पत्रकार महासंघ, बार एशोसियशन, नागरिक समाजका प्रतिनिधि, शिक्षक युनियन, युथ NGO फेडेरेशन, सार्वजनिक निकायका कार्यालय प्रमुख र सूचना अधिकारीहरूका लागि अन्तरक्रिया कार्यक्रम संचालन भएको थियो । उक्त कार्यक्रम कैलाली, कञ्चनपुर, गोरखा, दोलखा, इलाम, मोरङ्ग, नवलपरासी, रुपन्देही, पाल्पा, गुल्मी, सप्तरी, कास्की, पर्वत, म्याग्दी र धादिङ्ग समेत गरी १५ जिल्लाहरूमा सूचनाको हक कार्यान्वयन सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो । उक्त कार्यक्रमहरूमा आयोगको तर्फबाट कार्यबाहक प्रमुख सूचना आयुक्त श्री श्रीआचार्य, सूचना आयुक्त श्री सविता भण्डारी बराल, सचिव श्री श्रीराम पन्त, लगायत आयोगका अन्य कर्मचारीहरूको सहभागिता थियो । उक्त कार्यक्रमहरूमा ७९४ जना सँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएका जिल्लाहरूको विवरण परिशिष्ट १५ मा उल्लेख गरिएको छ ।

४. सूचना अधिकारीहरूका लागि अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको

सूचनाको हकसम्बन्धी ऐन, नियमको कार्यान्वयन गर्ने सम्बन्धमा यस आर्थिक वर्षमा लम्जुङ्ग, ईलाम, उदयपुर, कास्की र डडेल्धुरा गरी ५ जिल्लाका सार्वजनिक निकायका सूचना अधिकारीहरूको लागि एक दिवसीय अभिमुखीकरण/प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमहरूमा आयोगका तर्फबाट कार्यबाहक प्रमुख सूचना आयुक्त श्री श्रीआचार्य, सूचना आयुक्त श्री सविता भण्डारी बराल, आयोगका सचिव श्रीराम पन्त र आयोगका अन्य कर्मचारीहरू सहभागी हुनुहुन्थ्यो । यस कार्यक्रममा १७३ जनालाई प्रशिक्षण दिइएको थियो । अभिमुखिकरण तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएका जिल्लाहरूको विवरण परिशिष्ट १६ मा उल्लेख गरिएको छ ।

५. पञ्चवर्षिय रणनीतिक कार्ययोजना संचालन गरेको

राष्ट्रिय सूचना आयोगले तयार गरेको पञ्चवर्षिय रणनीतिक कार्ययोजना अनुरुप पहिलो वर्षमा संचालन हुन गईरहेको कार्यक्रमको लागि United Kingdom's Department for International Development (DFID) अन्तर्गतको Enabling State Programme (ESP) कार्यक्रमले अनुदान सहयोग प्रस्ताव गरे अनुसार एक वर्षीय कार्य योजना (Operation Plan) का लागि अर्थ मन्त्रालयको सहमतिमा रु. २,९०,३५,१२५।– को अनुदान सहयोग स्वीकार गर्ने सम्बन्धमा मिति २०६९/११/१५ गते दुवै पक्ष वीच सहमति पत्रमा हस्ताक्षर सम्पन्न भयो । सूचनाको हक कार्यान्वयनमा अझ बढी प्रभावकारीता ल्याई सरकारको काम कारवाहीलाई पारदर्शी बनाई नागरिकप्रति सरकारलाई बढी जिम्मेवार बनाउने कार्यमा यसबाट सकारात्मक नतिजा प्राप्त हुने अपेक्षा गरिएको छ । साथै सूचनाको हक प्रवर्द्धन गर्ने प्रयोजनका लागि पहिलो चरणमा ६ वटा मन्त्रालय अन्तर्गतका पाँच वटा जिल्लास्तरीय कार्यालयहरूमा MIS स्थापना गर्ने, सूचनाको हकका सम्बन्धमा जनचेतना अभिबृद्धि गराउने, सूचनाको हकसम्बन्धी कानूनसँग वाझिएका ऐन कानूनहरू पुनरावलोकन गरी संशोधनको लागि प्रस्ताव तयार गर्ने र माध्यमिक विद्यालय तथा उच्च माध्यमिक विद्यालय तहको पाठ्यक्रममा सूचनाको हकसम्बन्धी विषय समावेश गर्ने जस्ता महत्वपूर्ण क्षेत्रमा कार्य गर्ने लक्ष्य निर्धारण भएको थियो ।

यस परियोजनाबाट सूचनाको हक कार्यान्वयनलाई अझ बढी प्रभावकारी बनाउन, यसको अवधारणालाई ग्रामीण तहका जनता समक्ष पुऱ्याई उनीहरूलाई सजग र सचेत बनाउनका साथै उनीहरूको मागलाई सम्बोधन गर्न आयोगलाई सक्षम बनाउने कार्यको लागि सहयोग पुग्ने विश्वास गरिएको थियो ।

यस सहायता सम्झौता अनुरुप आयोगले सूचनाले हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ कार्यान्वयन सम्बन्धमा सञ्चालित कार्यक्रमहरूलाई प्रभावकारी रूपमा अघि बढाउने उद्देश्यका साथ DFID/ESP को सहयोगमा Improving the Implementation of Right to Information (RTI) in Nepal नामक आयोजना (1st January 2013 – 31 December 2013) संचालन गरेको थियो । उक्त आयोजनाको कुल बजेट रु. २,९०,३५,१२५।– भएको जस मध्ये रु. २,१४,८१,६४७।– मात्र खर्च भएको थियो । अर्थात् कुल बजेटको ७४% खर्च भएको थियो ।

आयोजनाका मुख्य उद्देश्यहरू :

- सूचना माग गर्ने प्रबृत्तिमा अभिबृद्धि गर्ने (Increase the demand for information by citizens)
- आयोगका कर्मचारी र सूचना अधिकारीहरूको क्षमता अभिबृद्धि गर्ने (Enhance competencies of NIC staff and capacity of PIOs)
- आयोगको कार्य सम्पादन क्षमता बढाउने (Improved the performance of NIC)

उल्लेखित उद्देश्य पूरा गर्नका लागि विभिन्न क्रियाकलाप (Activities) लाई तीन वटा Output अन्तर्गत राखी आयोजनाको कार्यलाई अगाडि बढाइएको थियो ।

१. **छनौट भएका मन्त्रालय र स्थानीय निकायमा सूचना माग गर्ने प्रबृत्ति बृद्धि भएको हुने** (Information demand by citizen increased in six selected ministries and their local agencies)

२. **सूचना अधिकारी र कार्यालयको कार्य दक्षता बढेको हुने** (Improved capacity of PIOs in selected ministries and their agencies)

३. **आयोगको कार्य सम्पादन क्षमता बृद्धि भएको हुने** (Improved performance of NIC)

परियोजनाबाट हासिल भएका उपलब्धिहरू

१ मोरङ, पर्सा, कास्की, वाँके र डडेल्धुरा समेतका पाँच जिल्लाका कार्यालयहरू जि.वि.स., शिक्षा कार्यालय, शहरी विकास कार्यालय, डिभिजन सडक कार्यालय, कृषि विकास कार्यालय र जनस्वास्थ्य कार्यालयमा व्यबस्थापन सूचना प्रणाली (Management Information System (MIS)) स्थापना गर्न baseline survey सम्पन्न भएको ।

२ सूचना मागको निवेदन र फछ्र्यौटको स्थिति राष्ट्रिय सूचना आयोग र सम्बन्धित मन्त्रालय र विभागबाट अनुगमन गर्न सकिने गरी MIS system software निर्माण कार्य सम्पन्न भएको ।

३. सरकारी कर्मचारीको तालिममा सूचनाको हकसम्बन्धी विषय समावेश गर्न, गैर सरकारी संस्थालाई प्रभावकारी बनाउन, कक्षा ८–१२ सम्मको विद्यालय पाठ्यक्रम (School curriculum) मा सूचनाको हकसम्बन्धी विषय समावेश गर्न, प्रशिक्षण निर्देशिका (Training manuals), संचार सम्बन्धी रणनीति (Communication Strategy) सम्बन्धी प्रतिवेदन तयार पारिएको साथै सूचनाको हकसम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन गर्नका लागि सूचनाको हकसम्बन्धी कानूनसँग वाझिएका (contradictory laws) कानूनहरूको अध्ययन गरी सुझाव सहितको प्रतिवेदन तयार गरी कार्यान्वयनको लागि नेपाल सरकारमा प्रस्तुत गरेको र नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयबाट कार्यान्वयन गर्न निर्देशन भएको ।

४. RTI को क्षेत्रमा कार्य गर्ने विभिन्न गैर सरकारी संघ संस्थाहरूसँग सहकार्य गरी सूचनाको हकको प्रभावकारीता अभिबृद्धि गर्ने उद्देश्यले काठमाडौ स्थित NGOs को Mapping गर्ने कार्य भइरहेको ।

५. MIS system संचालन गर्नका लागि राष्ट्रिय सूचना प्रविधि केन्द्र (National Information Technology Center (NITC)) बाट Server Space लिइ NITC मा Server राख्ने काम सम्पन्न गरेको ।

६. सूचनाको हक कार्यान्वयनलाई प्रभावकारी बनाउन, समन्वय र रेखदेख गर्न, सुपरीवेक्षण गर्न, सरकारलाई सुझाव दिन र अनुगमन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सचिव र सूचना तथा संचार मन्त्रालयका सचिवको संयोजकत्वमा केन्द्रीय समन्वय इकाइ (Central Nodal Agency) र कार्यान्वयन अनुगमन इकाइ स्थापना भएको ।

७ काठमाडौं, कीर्तिपुर, ललितपुर, भक्तपुर तथा ठिमि नगरपालिकाका १२२ जना सूचना अधिकारीहरूलाई सूचनाको हकसम्बन्धी विषयमा प्रशिक्षण दिइएको ।

८. MIS स्थापना गरिएका जिल्लाहरू वाँके ,डडेल्धुरा, कास्की, पर्सा र मोरङ्ग जिल्लाका करिव ३४८

गा. वि. स. सचिवहरूलाई सूचनाको हकसम्बन्धी एक दिवशीय प्रशिक्षण कार्य सम्पन्न गरिएको ।

९. आयोग तथा विभिन्न मन्त्रालयका अधिकृतस्तरका १२ जना कर्मचारीहरूलाई भारतको नयाँ दिल्लीस्थित Institute of Secretariat Training and Management (ISTM) मा सूचनाको हकसम्बन्धी तालिममा पठाइएको ।

१०. नेपाल सरकारका केन्द्रीयस्तरका निकाय/मन्त्रालय/आयोगका ५० जना सूचना अधिकारीहरूलाई काठमाडौंमा विदेशी तथा स्वेदशी प्रशिक्षकहरूबाट सूचनाको हकसम्बन्धी तीन दिवसीय आवासीय प्रशिक्षण प्रदान गरिएको ।

११. सूचनाको हकसम्वन्धी विषयमा कार्य गर्ने विभिन्न गैर सरकारी संस्थाहरूसँग आगामी दिनहरूमा सहकार्य गरी अगाडि बढाउने उद्देश्यले विकास साझेदार संमन्वय बैठक (Partner Development coordination Meeting) सम्पन्न गरिएको ।

१२ सूचनाको हकसम्बन्धी कार्यमा अन्तर्राष्ट्रिय सहयोग र असल अभ्यास (Best Practices) प्राप्त गरी प्रभावकारी बनाउन विभिन्न दातृ निकायसँग छलफल सम्पन्न भएको र सहयोग गर्ने अभिरुची देखाएको ।

६. सूचना अधिकारीको विवरण

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम हाल मुलुकभर सार्वजनिक निकायहरूले सूचना अधिकारी तोकी आयोगलाई दिएको जानकारी अनुसार सूचना अधिकारीहरूको जम्मा संख्या १५६७ रहेको छ। साथै ३९१५ गा.वि.स.का सचिवहरू र का.म.न.पा.नगरपालिकाका ३५ वडा सचिवहरूलाई सूचना अधिकारी तोकिएको छ। अन्य नगरपालिका र सार्वजनिक निकायमा पनि सूचना अधिकारी नियुक्तिको लागि आयोगले परिपत्र तथा सार्वजनिक सूचना प्रकाशित गरी अपिल समेत गरेको छ।

७. प्रसारण तथा प्रकाशन

अघिल्लो वर्षहरूमा झैँ यो वर्ष पनि आयोगले तीन वटा रेडियो/एफ.एम. स्टेसनहरूबाट सूचनाको हकसम्बन्धी जनचेतना जगाउने कार्यक्रम तथा सन्देशहरू प्रसारण गराएको थियो। कान्तिपुर, नेपाल र रेन्बो एफ.एम. रेडियो स्टेसनहरूले स्थानीय र राष्ट्रिय भाषामा सूचनाको हक कार्यान्वयनका विषयमा सूचना प्रसारण तथा कार्यक्रम निर्माण गरी सरोकारवाला र विशेषज्ञहरूको अर्न्तवार्ता प्रसार गरेका थिए । साथै सूचना विभागको सौजन्यमा २८ वटा रेडियो स्टेसनबाट सूचनाको हकको महत्व दर्शाउने लोक कल्याणकारी विज्ञापन प्रसार गरिएको थियो ।

यो वर्ष पनि आयोगले नियमित प्रचार प्रसारका लागि देहायका पुस्तक पुस्तिकाहरू प्रकाशन गरेको छ।

- निर्देशिका
- ब्रोसियर
- थाहा पाउने अधिकार
- बार्षिक प्रगति प्रतिवेदन

८. भिडियो डकुमेन्ट्री निर्माण गरी प्रसारण गरेको

सूचनाको हकसम्वन्धी चेतनाको विकास गर्न तथा आयोगको गतिविधिवारे सर्वसाधारण समक्ष जानकारी सहज रूपमा पुऱ्याउने हेतुले भिडियो डकुमेन्ट्रीको निर्माण गरिएको छ । “जाउँ जाउँ” भन्ने

सन्देशमुलक गीत, सूचना आयोगको गतिविधि सम्बन्धमा बनाएको बृत्तचित्र, सूचनाको हकसम्बन्धी बृत्तचित्र निर्माण गरी अन्तरक्रिया, अभिमुखिकरण, प्रशिक्षण लगायतका कार्यक्रम र टि.भि. बाट समेत प्रसारण गरिएको थियो र यो कार्य चालु नै रहेको छ । साथै उक्त डकुमेन्ट्रीहरू आयोग र गैर सरकारी संस्थाबाट संचालित विभिन्न कार्यक्रमहरूमा देखाउने गरिएको छ ।

९. नेपाल सरकारले स्थापना गरेको National Portal मा सूचनाको हकसम्बन्धी एकिकृत तथ्यांक राख्न सुझाव दिईएको

सूचनाको हकसम्वन्धी ऐनलाई प्रभावकारी रूपमा कार्यान्वयन गराउनका लागि सार्वजनिक निकायले सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम प्रत्येक तीन महिनामा प्रकाशन गर्नु पर्ने ऐनको दफा ५ को उपदफा (३) तथा सूचनाको हकसम्वन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम स्वतः प्रकाशन गर्न पर्ने विवरणहरू तथा सार्वजनिक निकायले ऐनको दफा ६ को उपदफा (१) बमोजिम सूचना अधिकारी नियुक्त गर्नु पर्ने व्यवस्था भए अनुसार नियुक्त भएका सूचना अधिकारीको विवरण नेपाल सरकारले स्थापना गरेको एकिकृत Portal (www.nepal.gov.np) मा प्रकाशन हुने व्यवस्था गर्न गराउन सूचनाको हकसम्वन्धी ऐनको दफा १९ को खण्ड (च) अनुसार राष्ट्रिय सूचना आयोगबाट नेपाल सरकारलाई सुझाव दिएको ।

१०. सूचनाको वर्गीकरण गर्ने सम्बन्धी सुझाव पेश गर्न नमिल्ने जानकारी गराएको

मिति २०७० माघ ५ गते बसेको सचिव बैठकको निर्णयको कार्यान्वयन गर्ने सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार सूचनाको वर्गीकरणको मस्यौदालाई अन्तिम रुप दिई सार्वजनिक गर्न सुझावहरू पठाउने सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐनको दफा २७ को उपदफा ३ मा सूचनाको वर्गीकरण सम्बन्धी समितिले गरेको वर्गीकरण चित्त नबुझ्ने व्यक्तिले सूचना सार्वजनिक हुनुपर्ने भनि यस आयोगमा पुनरावलोकनको लागि निवेदन दिन सक्ने र उपदफा (४) मा पुनरावलोकन गर्ने व्यबस्था भएकोले उक्त समितिले गर्न प्रस्ताव गरेको वर्गीकरणका सम्बन्धमा सुझाव दिन नमिल्ने व्यहोरा आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गरी पठाएको ।

११. सार्वजनिक निकायलाई सूचनाको हकको कार्यान्वयन गर्न, गराउन सार्वजनिक सूचना प्रकाशन गरिएको

आयोगको तर्फबाट सबै सार्वजनिक निकायमा ३० दिन भित्र सूचना अधिकारी तोकि सक्न र नियमित रूपमा प्रकाशन गर्नु पर्ने विवरणहरू प्रकाशन गर्न गराउन दैनिक पत्र पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरी अपिल गरिएको तथा मन्त्रालय, विभाग र जिल्लामा प्रमुख जिल्ला अधिकारीहरूलाई परिपत्र समेत गरिएको ।

१२. राष्ट्रिय सूचना दिवस र विश्व थाहा दिवस मनाएको

प्रत्येक वर्ष सूचनाको हकसम्बन्धी ऐन लागु भएको मिति भाद्र ३ गतेलाई राष्ट्रिय सूचना दिवसको रूपमा मनाउने गरिएको छ । यस वर्ष सूचना दिवस मनाउने सर्न्दभमा काठमाण्डौ उपत्यकाका विभिन्न ६ वटा चोकहरूमा सूचनाको हकसम्बन्धी सामाग्रीहरू वितरण गरी नागरिकहरूमा जनचेतना बढाउने कार्य

गरिएको थियो । यसै गरी संयुक्त राष्ट्र संघले Sept 28 अर्थात् आश्विन १२ का दिन विश्व थाहा दिवस (World Right to Know Day) मनाउने गरेको उपलक्ष्यमा राष्ट्रिय सूचना आयोग र सूचनाको हकका लागि नागरिक अभियान (सीसीआरआई) तथा अन्तर्राष्ट्रिय गैसस संघ (एआइएन) ले नयाँ बानेश्वर चोकमा स्टल बनाई दिनभरी कार्यक्रम संचालन गरेका थिए । उक्त सचेतना तथा प्रचार प्रसार कार्यक्रममा प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको सहभागिता थियो । आयोगबाट प्रसारका लागि तयार पारिएको टोपी, ब्रोसियर, फ्लेक्स प्रिन्ट, निर्देशिका लगायतका सामग्री वितरण गर्नुको साथै माइकिंग गरी सूचनाको हकबारे जनचेतना जागृत गराउने कार्य सम्पन्न गरिएको थियो ।

१३. महत्वपूर्ण फैसलाहरूको संग्रह प्रकाशन भएको

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम गठित राष्ट्रिय सूचना आयोगले ५ वर्षको अवधिमा सार्वजनिक निकायमा रहेका सूचना सार्वजनिक गर्ने र सूचना मागकर्तालाई उपलब्ध गराउने गरिएको महत्वपूर्ण निर्णय र आदेशको संगालो मिति २०७० जेष्ठ महिनामा प्रकाशित गरिएको छ ।

आयोगबाट हालसम्म भएका केही महत्वपूर्ण आदेश तथा निर्णयहरूको संग्रह २०७० मा राज्यका काम कारवाहीलाई लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार बनाउन, राज्य र नागरिकको हितमा प्रतिकुल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र सूचनाको हकको प्रचलन गराउने सन्दर्भमा भएका केही महत्वपूर्ण निर्णयहरू मध्ये राजश्व छलीको विवरण प्रकाशन गर्ने, विद्यार्थीले उत्तरपुस्तिका हेर्न पाउने व्यबस्था गर्ने, तेल वितरणलाई व्यबस्थित गर्न लगायतका निर्णय तथा आदेशहरू समेटी ३७ वटा विषय यस संगालोमा समावेश गरिएको छ ।

१४. मोवाइलबाट एस. एम. एस. सन्देश प्रवाह गरेको

२ लाख भन्दा बढी पोष्ट पेड मोवाईलमा "Right to Information means the right to claim and receive the significant public information from the Public Entities" भन्ने सूचना मूलक सन्देश एस. एम. एस. गरी प्रशारण गरिएको थियो ।

१५. नोटिस बोर्ड सेवा स्थापना

आयोगले ०१–१६१८–४६०१२१२ नम्बरको नोटिस वोर्ड सेवा स्थापना गरेको छ । यसबाट आयोगबाट भइरहेको काम कारवाहीको सूचना प्राप्त गर्न सकिने व्यबस्था गरिएको छ ।

१६. युवा सुशासन सम्मेलन

सुशासन महासंघ नेपाल र जनअधिकार सरोकार महासंघ नेपालको संयुक्त आयोजना तथा नेपाल सरकारको राष्ट्रिय सूचना आयोग, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय मानव अधिकार आयोग लगायत विभिन्न निकायका साथै अन्तर्राष्ट्रिय संघ संस्थाहरू, निजी क्षेत्र, नागरिक समाज सहित देशभरिका दुई सय युवा सहभागीहरूको सहभागीतामा दुई दिने राष्ट्रिय सुशासन सम्मेलन, २०७० स्टाफ कलेज जावलाखेल ललितपुरमा राष्ट्रिय सूचना आयोगका सचिव श्रीराम पन्तको प्रमुख आथित्यतामा सम्पन्न भएको छ । उक्त कार्यक्रममा सुशासन महासंघ र राष्ट्रिय सूचना आयोगसँगै सहकार्य गरी RTI सम्वन्धी कार्य गरेमा RTI अभियान सफल हुने, युवा संगठनहरू मिलेर RTI सम्वन्धमा ७५ जिल्लाका जनताको जनचेतना वढाउन रचनात्मक कार्य गर्नु

पर्ने, घोषणापत्रमा उल्लेखित सुशासन र सूचनाको हकको सम्वन्धमा कानुनी शिक्षा एवं युवाहरूको लागि जनचेतना जगाउने काम देशका सवै जिल्ला तथा गाउँ सहर सम्म पुऱ्याउन आयोगले सक्दो सहयोग गर्नु पर्ने लगायतका विषयमा छलफल भै भविष्यमा सहयोगात्मक कार्यक्रम संचालन गर्ने गरी घोषणापत्र समेत जारी गरिएको थियो ।

१७. सूचना आयुक्तहरूको अन्तर्राष्ट्रिय सम्मेलनमा आयोगका सचिवले भाग लिनु भएको

सेप्टेम्वर १६, २०१३ देखि सेप्टेम्वर २२, २०१३ सम्म आयोगका सचिव श्रीराम पन्तबाट सूचना आयुक्तहरूको अन्तर्राष्ट्रिय सम्मेलन International Conference of Information Commissioners (ICIC 2013) जर्मनीमा सहभागी हुनु भएको थियो ।

सूचना आयुक्तहरूको प्रत्येक २ वर्षमा हुने गरेको अन्तर्राष्ट्रिय सम्मेलनमा २४ भन्दा वढी देशका प्रमुख सूचना आयुक्त र आयुक्तहरू, विश्वका ख्यातीप्राप्त विश्व विद्यालयका प्राध्यापकहरू एवं सूचनाको हकसँग सम्बन्धित अध्ययन तथा अनुसन्धान गर्ने संस्थाहरू एवं गैरसरकारी संस्थाहरूका प्रतिनिधिहरू उपस्थित हुनु भएको थियो । उक्त कार्यक्रम वर्लिनको संसदको कक्षमा भएको थियो भने जर्मनीको संसद बुण्डेस्ट्याग (Bundestag) मा सहभागीहरूलाई सम्मान गरिएको थियो । जर्मनीका संवैधानिक अदालतका सम्माननीय अध्यक्षबाट Keynote address भएको र जर्मनीका प्रमुख सूचना आयुक्तले कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

सूचनाको हक सम्बन्धमा भएको विश्वव्यापी अध्ययन, अनुसन्धान, विकास, परिवर्तन र देखापरेका समस्या एवं समाधानका लागि गरिएका प्रयासहरूको वारेमा उपस्थित २४ भन्दा बढी देशका प्रमुख सूचना आयुक्तहरू, आयुक्तहरू एवं विभिन्न देशका अनुसन्धानकर्ता र Activists हरूको अनुभवबाट धेरै ज्ञान एवं अनुभव हासिल गर्ने अवसर प्राप्त गरेको । यस्ता अनुभव एवं ज्ञानले राष्ट्रिय सूचना आयोगको कार्य क्षमतामा बृद्धि हुन गएको । राष्ट्रिय सूचना आयोगले अन्तर्राष्ट्रिय सम्मान र मान्यता (Respects and Recognitions) प्राप्त गरेको । नेपालको राष्ट्रिय सूचना आयोगलाई चिनाउन मद्धत गर्नुका साथै नेपालको प्रतिष्ठा र इज्जत बढेको । यसबाट भविष्यमा पनि नेपाललाई यस्ता कार्यक्रमहरूमा सहभागिताका लागि आमन्त्रण गरिने संभावना बढेको छ ।

ICIC २०१३ को वर्लिनमा भएको अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालले भाग लिएर विश्व समुदायमा सूचनाको हक सम्बन्धमा भएको प्रगति र विकास वारे अवगत गर्ने गराउने, छलफल गर्ने, ज्ञान र अनुभव हासिल गर्ने अवसर प्राप्त भएकोले उपलब्धीमुलक रहेको छ ।

१८ भारतीय सूचना आयोगमा अध्ययन भ्रमण गरेको

नेपाल र भारतको राष्ट्रिय सूचना आयोगको कार्य प्रणाली, संगठन, संरचना, ऐन नियम, अनुभव, समस्या र चुनौतीको अध्ययन, अवलोकन गरी राष्ट्रिय सूचना आयोगका कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी सूचनाको हकसम्वन्धी ऐनको प्रभावकारी कार्यान्वयन गर्ने गराउने सम्वन्धमा आयोगका सचिव श्री श्रीराम पन्तको नेतृत्वमा आयोगका उप सचिव र शाखा अधिकृत संलग्न ५ सदस्यीय टोलीले छिमेकी देश भारतको केन्द्रीय सूचना आयोग र पञ्जाव राज्यको सूचना आयोगको अध्ययन भ्रमण सम्पन्न गरेको छ । उक्त अध्ययन भ्रमण अक्टोवर ३, २०१३ देखि अक्टोवर १०, २०१३ सम्म भएको थियो ।

नेपालको सूचनाको हकसम्बन्धी ऐनमा भएको व्यवस्था र आयोगका गतिविधि वारे आयोगहरूका पदाधिकारीहरू एवं आयुक्तहरू र केही गैर सरकारी RTI Activist संस्था र व्यक्तिहरूसँग अन्तरक्रिया एवं अनुभव आदान प्रदान गरिएको । नेपाल जस्तो गरिव र भर्खरै प्रजातन्त्र हासिल भएको देशमा पनि सूचनाको

हक सम्बन्धमा भएको कार्य प्रगति वारे प्रशंसा गरिएको । साथै सूचनाको हकसम्वन्धी ऐनका कतिपय प्रावधानहरू जस्तै सूचना दिन इन्कार गर्ने पदाधिकारीलाई आयोगले कारवाही गर्न सक्ने, आयुक्तहरूले आफूमा निहित अधिकार आयोगका पदाधिकारीलाई हस्तान्तरण गर्न सक्ने जस्ता विषयमा भारतका आयोगका पदाधिकारीहरूबाट अभिरुचिपूर्वक उत्सुकता प्रकट गर्नु भएको । सूचनाको हक कार्यान्वयनलाई प्रभावकारी बनाउनु पर्ने, पारदर्शीता र खुलापन बढाउनु पर्ने, नागरिकलाई बढी भन्दा बढी सूचना दिएर सशक्त गराउनु पर्ने विचारहरू व्यक्त भएको ।

भारतमा सूचनाको हकसम्वन्धी ऐन कार्यान्वयनको अवस्था तथा केन्द्रीय सूचना आयोग र पञ्जाव राज्यको सूचना आयोगको कार्य प्रक्रियाको वारेमा सैद्धान्तिक तथा व्यवहारिक प्रावधानको वारेमा जानकारी गराइएको । साथै भारतमा सूचनाको हकसम्वन्धी ऐनको कार्यान्वयनको अवस्था अत्यन्तै प्रभावकारी रहेको पाइयो । नेपालको सूचनाको हकसम्बन्धी ऐन, नियमावलीको वारेमा एवं आयोगबाट अवलम्वन गरिएका नीति तथा कार्यक्रम, महत्वपूर्ण निर्णयहरू एवं जनचेतना जागृत गराउन गरिएका प्रयासहरूवारे भारतीय केन्द्रीय सूचना आयोग र पञ्जाव राज्यको सूचना आयोग विच जानकारी गराइएको र राष्ट्रिय सूचना आयोगले छोटो समयमा गरेका प्रगतिको प्रशंसा गरिएको थियो ।

भारतमा सूचनाको हक कार्यान्वयनको अवस्था अत्यन्तै प्रभावकारी रहेकोले नेपालमा पनि सूचनाको हकसम्वन्धी ऐनका प्रावधानहरूको कार्यान्वयन प्रभावकारी रूपमा गराउनु आवश्यक रहेको । प्रमुख सूचना आयुक्तहरू, आयुक्तहरू एवं विभिन्न गैर सरकारी संस्थाका RTI Activist हरूको अनुभवबाट धेरै ज्ञान एवं अनुभव हासिल गर्ने अवसर प्राप्त गरेको । यस्ता अनुभव एवं ज्ञानले राष्ट्रिय सूचना आयोगको कार्य क्षमतामा बृद्धि हुन गएको । नेपालको राष्ट्रिय सूचना आयोगलाई चिनाउन पनि मद्धत गरेको । नेपालको प्रतिष्ठा र इज्जत बढेको । दुई देशका सूचना आयोगहरू विच भविष्यमा सूचनाको आदान प्रदान , तालीम, गोष्ठी, जन चेतना जागृत सम्वन्धमा भएका पहलमा अझ बढी सहयोगको आवश्यकता रहेको महसुस गरिएको । यसबाट भविष्यमा पनि नेपाललाई यस्ता कार्यक्रमहरूमा सहभागिताका लागि आमन्त्रण गरिने संभावना बढेको ।

१९. वेबसाइट संचालन

विगत वर्षहरूमा झैँ यो वर्ष पनि आयोगको वेबसाइट www.nic.gov.np संचालन र अपडेट गर्ने काम जारी रह्यो ।

२०. गैर सरकारी संघ संस्थासँग अन्तरक्रिया कार्यक्रम सम्पन भएको

सूचनाको हकसम्बन्धी ऐन नियमको कार्यान्वयनमा सरकारी क्षेत्रबाट मात्र हुने वा भएको प्रयास पर्याप्त हुन नसकेको देखिएको छ । गैर सरकारी संघ संस्थाहरू पनि सार्वजनिक निकायको परिभाषा भित्र पर्दछन् र तिनले पनि सूचनाको हकसम्बन्धी ऐन नियमको परिधि भित्र रही सूचनाको प्रवाह गर्न पर्दछ भने तिनले सूचनाको प्रवाह गर्न गराउन सहजकर्ता र दवाव समुहको रूपमा पनि कार्य गर्न सक्दछन् । केही संस्थाहरूले सूचनाको हकको प्रवर्द्धन र प्रवाहमा सक्रिय भूमिका पनि निर्वाह गरेका छन् । यसै पृष्ठभूमिमा धेरैभन्दा धेरै गैरसरकारी संस्थाहरूलाई सूचनाको हक सम्बन्धमा कार्य गर्न र परिचालन गर्न गराउन आयोगले हरसम्भव सहयोग गर्दै आएको छ । तापनि यस्ता गैर सरकारी संस्थाहरूसँग सहकार्य गरी प्रभावकारीता विस्तार गर्न कार्य योजना तर्जुमा गरी प्रवर्द्धनात्मक, प्रचारात्मक र अभिमुखिकरण कार्य गर्न गराउन यस्ता गैरसरकारी संस्थाको पहिचान गर्न र कार्यारम्भ गर्न अन्तरक्रिया छलफल कार्यक्रम सम्पन्न भएको छ ।

२१. सूचना अधिकार केन्द्र (Right to Information Centre) को स्थापना भएको

सूचनाको हकको बारेमा बुझ्न तथा प्रयोग गर्न चाहने व्यक्तिलाई सेवा प्रदान गर्न यस आयोगले सूचनाको हकको लागि नागरिक अभियान (CCRI) र संयुक्त अधिराज्य बेलायत सरकारको DFID/ESP सँगको सहकार्यमा मिति २०६९।५।५ देखि **"सूचना अधिकार केन्द्र"** को स्थापना गरेको छ ।

सूचनाको हकको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने, सूचनाको हक र यसको उपयोगिताको बारेमा जानकारी लिन चाहने व्यक्तिलाई आवश्यक जानकारी उपलब्ध गराउने, खोजेको सूचना कहाँ र कसरी प्राप्त गर्ने भन्ने बारेमा अन्योल भएका व्यक्तिलाई आवश्यक सेवा तथा सल्लाह दिने, सूचनाको हकको प्रयोग र प्रचलन बढाउनको लागि आवश्यक सहयोग गर्ने तथा जागरुक समाजको निमार्णमार्फत् राज्यलाई पारदर्शी तथा जवाफदेही बनाउनको लागि भूमिका निर्वाह गर्ने सूचना अधिकार केन्द्रको उद्देश्य रहेका छन् । साथै सूचनाको हकको उपयोगिता, कुन निकायमा कस्ता कस्ता विषयमा सूचना माग गर्न सकिन्छ भन्ने बारेमा जानकारी लिन चाहने व्यक्तिलाई आधारभूत जानकारी दिने, सार्वजनिक निकायबाट सूचना माग गर्दा अपनाउने प्रकृया समय, सम्पर्क गर्ने व्यक्ति, सूचना माग गर्न के कस्तो तयारी गर्नु पर्दछ भन्ने बारेमा प्रकृयागत सल्लाह र सुझाव उपलब्ध गराउने कार्यहरू गरी आएको छ । साथै सूचना मागको निवेदन, उजुरी तथा आयोगमा दर्ता गर्नु पर्ने पुनरावेदनको ढाँचा उपलब्ध गराउने तथा लेख्न सहयोग गर्ने, माग गरेअनुरुप वा सही एवं पूर्ण सूचना नपाएमा कुन प्रक्रिया अपनाउने, कहाँ उजुरी गर्ने, सार्वजनिक निकायबाट सूचना नपाएमा आयोगमा कसरी पुनरावेदन गर्ने भन्ने बारेमा सल्लाह दिने कार्य गर्नुको साथै सूचना मागकर्तालाई परेको कुनै पनि कानूनी, सैद्धान्तिक तथा व्यावहारिक समस्याको उपचारका लागि सल्लाह दिने तथा प्रकृयामा आवश्यकता अनुसार सहयोग गर्ने जस्ता सेवाहरू समेत यस केन्द्रले उपलब्ध गराउदै आएको छ । सूचना अधिकार केन्द्रले उपलब्ध गराएको सेवाहरूको विवरण परिशिष्ट १७ मा उल्लेख गरिएको छ ।

२२. विश्व बैकका प्रतिनिधिहरूसँग भेटघाट

मिति २०७०।११।२७ गतेका दिन राष्ट्रिय सूचना आयोगका सचिव तथा World Bank को Independent Consultant Denielle Lynn Pearl बीच आयोगको कार्यालयमा विश्व बैंकबाट सहायता प्राप्त गरी नेपालमा संचालन भएका विभिन्न आयोजना तथा सुशासन र पारदर्शीताका लागि सूचनाको हकका प्रयोग सम्बन्धमा छलफल भएको थियो । उक्त अवसरमा विश्व बैकले सहायता प्रदान गरी संचालन भएका आयोजनामा जनचेतना जागृत गराउने, स्वतः स्फुर्त रूपमा प्रकाशन गर्नु पर्ने विवरणहरू प्रकाशन गर्न जोड दिनु पर्ने तथा गैरसरकारी संस्थाहरूले संचालन गरेका कार्यक्रमहरूमा समेत सुशासन, पारदर्शीता, जवाफदेही र उत्तरदायित्वको भूमिकालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने र सरकारलाई जानकारी दिनु पर्ने आवश्यकता रहेको सम्बन्धमा छलफल गरी सक्दो सहयोग गर्ने विश्वास व्यक्त भएको थियो ।

२३. Open Government Partnership सम्बन्धी छलफल कार्यक्रम

विश्वका विभिन्न देशहरूले सूचनाको हकको कार्यान्वयनमा प्रभावकारीता ल्याउन Open Government Partnership (OGP) कार्यक्रम पनि अगाडी ल्याएका र नेपालमा पनि विभिन्न निकायहरूमा यसको प्रयोग बढ्दै गइरहेको, दातृ निकायहरूले सहायताको प्रभावकारीता र पारदर्शीताको लागि Open Data Plateform को प्रयोगमा बृद्धि गर्नु पर्ने आवश्यकता दर्शाई रहेको परिप्रेक्ष्यमा सूचनाको हकसम्बन्धी कार्यक्रममा पनि समावेश गर्न सकिने सम्भावनाहरूको बारेमा Young Innovation लगायतका गैरसरकारी

संस्थाका प्रतिनिधिहरू सँग छलफल र अन्तरक्रिया गरी आयोगका सबै कर्मचारीहरूलाई पनि अभिमुखिकरण गराउने कार्य सम्पन्न भएको र भविष्यमा यसलाई सूचनाको हकसँग कसरी प्रयोग गर्न सकिन्छ र उपादेयता के कस्तो हुनेछ भन्ने सम्बन्धमा अध्ययन गर्ने प्रयास भईरहेको छ । यसैगरी Open Data सम्बन्धमा आयोगका तिन जना अधिकृतहरूले तालिम प्राप्त गरेको थिए ।

२४. राष्ट्रिय सूचना आयोग र Asia Foundation का प्रतिनिधि बीच छलफल कार्य सम्पन्न भएको

मिति २०७०।०७।१४ गतेका दिन राष्ट्रिय सूचना आयोगका सचिव तथा Asia Foundation का Deputy Country Representative सागर प्रसाई र कार्यक्रम अधिकृत सृजना क्षेत्री बीच आयोगको कार्यालयमा भेटघाट सम्पन्न भयो । उक्त अवसरमा Asia Foundation ले SAARC Country मा सूचनाको हक कार्यान्वयनको विषयमा अनुसन्धान गरी प्रतिवेदन तयार पारेको र उक्त प्रतिवेदनलाई SAARC Country का सूचना आयुक्तहरूको उपस्थितिमा सार्वजनिक गराउने मनसाय व्यक्त गर्दै उक्त कार्यक्रम डिसेम्वर १५ सम्ममा गरिसक्नु पर्ने धारणा व्यक्त भएको थियो । सोही कार्यक्रम अनुसार SAARC राष्ट्रहरू बंगलादेश, नेपाल, पाकिस्तान र मालदिभ्समा सूचनाको हकसम्बन्धमा कार्यान्वयनका अवस्था बारेमा तयार पारिएको अध्ययन प्रतिवेदन यस आयोगका सचिव श्रीराम पन्तको प्रमुख आतिथ्यमा सार्वजनिक गरिएको थियो । अध्ययन प्रतिवेदनको नतिजा अनुसार नेपालमा सूचनाको हकको कार्यान्वयनमा प्रभावकारीता बृद्धि भईरहेको औल्याइएको छ भने सुशासन र पारदर्शीताका लागि अझै थप कार्यहरू गर्नुपर्ने सुझावहरू प्रस्तुत गरिएको थियो ।

२५. गैर सरकारी संस्थाहरूले सूचनाको हकको प्रबर्द्धनमा गरेका कार्यहरू

सूचनाको हकको संरक्षण, प्रर्वद्धन र प्रचलनका लागि राष्ट्रिय सूचना आयोगको सीमित श्रोत र साधनले भ्याएसम्म विभिन्न कार्यक्रमहरू संचालन गरी आएको छ । तथापी आयोगको एक्लो प्रयासबाट मात्र पनि सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्न गराउन कठीन नै हुने तथा व्यापक जनसहभागिता जुटाउन तथा विभिन्न वर्ग, पेशा, व्यवसायमा जनचेतना जागृत गराउन गैर सरकारी संस्थाहरूको भूमिका पनि प्रभावकारी भएको देखिएको परिप्रेक्ष्यमा बैदेशिक सहयोग समेत प्राप्त गरी गैरसरकारी संस्थाले संचालन गरेको विभिन्न कार्यक्रमहरूमा आयोगले पनि सहभागिता तथा सहयोग गर्दै आएको छ । यस्ता कार्यक्रमहरूमा प्रशिक्षण, अभिमुखिकरण, प्रचार प्रसार, रेडियो, टिभि कार्यक्रम जस्ता प्रवर्द्धनात्मक कार्यक्रम पर्दछन् । आयोगबाट प्रशिक्षक प्रशिक्षण सामाग्री, जनचेतना बढाउने सन्देशमुलक ब्रोसियर, निर्देशिका लगायत सामाग्रीहरू सहयोग स्वरुप उपलब्ध गराएको छ । अतः यस्ता संस्थाहरूले देशभरका विभिन्न जिल्लाहरूमा विभिन्न कार्यक्रमहरू संचालन गरिरहेका पनि छन् । तापनि सबै संस्थाले गरेको कार्यहरूको जानकारी प्राप्त नभएको अवस्था पनि छ । तर आयोग समक्ष प्राप्त भएका प्रतिवेदनहरूलाई समेटेर यी कार्यहरू पनि बार्षिक प्रतिवेदनमा समावेश भएमा यी संस्थाहरूको आगामी कार्यहरू पनि उत्प्रेरित भै अझ बढी लगनशीलताका साथ सम्पन्न गर्न सक्षम हुने छन् भन्ने अभिप्रायबाट यस प्रतिवेदनमा समावेश गरिएको छ । गैरसरकारी संस्थाहरूले सूचनाको हकको प्रवर्द्धनमा गरेका कार्यहरूको विवरण परिशिष्ट १८ मा उल्लेख गरिएको छ ।

परिच्छेद : ४

अनुगमन तथा मूल्याङ्कन

१. अनुगमनको विवरण

राष्ट्रिय सूचना आयोगले आफ्नो सिमित श्रोत र साधनले भ्याएसम्म सार्वजनिक निकायहरूको स्थलगत अनुगमन गर्ने गरेको छ । यसरी अनुगमन गर्दा ऐन कार्यान्वयनको अवस्था के कस्तो रहेको छ, सूचना अधिकारीको नियुक्त भए नभएको, सूचना अधिकारीको पहुँचमा सूचना उपलब्ध भए नभएको, सूचना शाखाको व्यबस्था भए नभएको, न्यूनतम भौतिक पूर्वाधार भए नभएको, कार्यालयमा प्राप्त सूचनाको माग सम्बन्धी निवेदन अनुसार सूचना दिए नदिएको र आयोगको आदेश भएकोमा पालना भए नभएको सम्बन्धमा नियमित अनुगमन गरेको छ ।

यस आ.ब मा सूचनाको हक सम्वन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ का प्रावधान कार्यान्वयन गरे नगरेको तथा पालना गरे नगरेको सम्वन्धमा आयोगबाट विभागस्तरका ४३ वटा निकायमा अनुगमन कार्य सम्पन्न भएको तथा १९ जिल्लाका ३०० वटा गरी जम्मा ३४३ वटा सार्वजनिक निकायमा अनुगमन कार्य सम्पन्न गरिएको थियो ।
(अनुगमनको विस्तृत विवरण परिशिष्ट १९ मा उल्लेख गरिएको छ ।

२. अनुगमनबाट प्राप्त नतिजा देहाय अनुसार रहेको छ :–

१. सूचनाको हकसम्बन्धी ऐन र नियमावलीको बारेमा सामान्य जानकारी रहेको ।

२ सबै सार्वजनिक निकायले सूचना अधिकारीको व्यवस्था नगरेको । कतिपय जिल्लामा सूचना अधिकारी तोक्ने काम भएको छ भने केही अधिकारीहरूमा यसबारे जानकारी नभएको पाइयो । तापनि सूचना अधिकारी तोक्ने कार्यमा बृद्धि भईरहेको ।

३ धेरै जसो कार्यालयमा अधिकृत स्तरकै कर्मचारी सूचना अधिकारी तोक्ने गरेको ।

४ सूचना अधिकारी तोकिएका कतिपय व्यक्तिमा 'म सूचना अधिकारी हुँ' भन्ने कुरामा अनभिज्ञता र आफ्नो काम कर्तव्यबारे निकै कम जानकारी भएको पाइयो ।

५ सूचना अधिकारीको कार्यकक्ष, स्थान, नाम नामेसी देखिने गरी राख्ने गरेको धेरै कम पाइयो ।

६. नागरिक वडापत्रमा पनि सूचना अधिकारीको नाम लेख्ने गरेको नदेखिएको ।

७ सूचना प्रवाहका लागि कार्यालयहरूमा कम्प्युटरको व्यवस्था नभएको ।

८ सूचना अधिकारीलाई सूचना प्रवाह गर्न आवश्यक स्रोत साधन तथा पूर्वाधार पर्याप्त नरहेको ।

९ सूचना यत्रतत्र छरिएर रहेको अवस्था तथा पोकामा बाँधेर दराजमा राख्ने गरेको पाईएको ।

१० सार्वजनिक निकायले ऐनको दफा ५(३) बमोजिमको सूचना नियमित रूपमा तीन/तीन महिनामा स्वयं सक्रिय भएर (Pro-active disclosure) प्रकाशन गर्नुपर्नेमा प्रकाशन गरेको पाइएन ।

११ सूचनाको हकसम्वन्धी ऐन प्रयोग गरी सूचना माग गर्ने प्रबृत्ति कम रहेको ।

१२ सूचना दिन मिल्ने तथा नमिल्ने र सूचना माग गरेको अवस्थामा सूचना दिइएको र दिन इन्कार

गरेको छुट्टै अभिलेख राख्ने गरेको पाइएन ।

१३ सूचना अधिकारीको काम, कर्तव्य र अधिकारबारे स्पष्ट व्यवस्था हुन नसकेको ।

१४ सूचना अधिकारीहरूलाई तालिम प्रशिक्षण र अभिमुखीकरण आवश्यक मात्रामा दिन नसकेको पाइयो ।

१५ कुन कुन सूचना दिन मिल्ने र कुन कुन नमिल्ने भन्ने बर्गीकरण सम्बन्धी जानकारी भएको पाईएन ।

१६ सूचनाको व्यबस्थित रूपमा अभिलेखाङ्कन, तथा Digitalization गरी सुरक्षित रूपमा राख्ने गरेको पाइएन ।

१७ सूचना अधिकारीको सरुवा बढुवा भएको अवस्थामा तुरुन्त अर्को सूचना अधिकारी तोक्ने कार्यले प्राथमिकता प्राप्त गरेको नदेखिएको ।

१८. सूचना माग गर्ने निवेदन प्राप्त भएपछि सूचना अधिकारीले नै तोक आदेश गरी तत्काल दिन पर्ने सूचना तत्काल दिने र दिन नमिल्ने सूचना कारण सहित जानकारी गराउनु पर्नेमा कार्यालय प्रमुखको तोक आदेश लगाउन पर्खनुपर्ने र पत्र दर्ता गर्न झन्झट व्यहोर्नु पर्ने अवस्था रहेको पाईयो भने सूचना दिदां गलत कार्यहरू भएको अवस्थामा समस्यामा परिने भय र त्रास पनि विद्यमान रहेको अवस्था छ ।

परिच्छेद : ५

आयोगका सुझाव

राष्ट्रिय सूचना आयोगले आफ्नो पहिलो प्रतिवेदनदेखि चौथो प्रतिवेदन सम्म विभिन्न सुझावहरू दिदै आएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ तथा अन्य विभिन्न दफाहरूमा सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने अधिकार प्रदान गरेको छ । यस सन्दर्भमा आयोगले विगत वर्षहरूमा दिदै आएको सुझावहरू कार्यान्वयन गर्न गराउन समय समयमा सार्वजनिक निकाय तथा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पनि अनुरोध गरेको छ । आयोगले दिएका सुझावहरू मध्ये केही सुझावहरू कार्यान्वयन भएका पनि छन् भने केही कार्यान्वयनका क्रममा रहेका पनि छन् ।

कार्यान्वयन भएका आयोगका केही सुझावहरू

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट कार्यान्वयन भएका आयोगका सुझावहरू देहाय बमोजिम रहेका छन् ।

१ सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि रेखदेख, समन्वय, नियन्त्रण तथा अनुगमन गर्न गराउन आवश्यक भएकोले केन्द्रीय कार्यान्वयन इकाई (Central Nodal Agency) स्थापना गर्न सुझाव दिएकोमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा केन्द्रीय समन्वय इकाई र सूचना तथा संचार मन्त्रालयको सचिवका संयोजकत्वमा कार्यान्वयन अनुगमन इकाई गठन भै संचालनमा आएको छ । यस इकाईको जिम्मेवारी अनुसार कार्यान्वयन प्रभावकारी गराउनु पर्ने आवश्यकता भने रहेको छ ।

२. राष्ट्रिय सूचना आयोगले पनि सूचना प्रविधिको प्रयोग गर्न पटक पटक सुझाव दिएकोमा नेपाल सरकारले www.nepal.gov.np भन्ने एकिकृत Web Portal संचालनमा ल्याएको छ । उक्त Portal मा राष्ट्रिय सूचना आयोग पनि Link Up भएको छ । उक्त Portal मा आयोगको सुझाव अनुसार सार्वजनिक निकायमा सूचना अधिकारी नियुक्त भएको विवरण तथा स्वतः स्फूर्त रूपमा ३/३ महिनामा सार्वजनिकीकरण गर्नु पर्ने विवरणहरू Proactive Disclosure लाई समेत प्रकाशन गर्नु लगाउनु पर्नेमा आयोगले सुझाव दिएको छ ।

३. सबै सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्ती गर्न र ३/३ महिनामा स्वतः प्रकाशन गर्न पर्ने विवरण प्रकाशन गर्न गराउन सचिव बैठकबाट समेत पारित गरी निर्णय कार्यान्वयन गर्न गराउन निर्देशन भएको छ ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पनि सूचनाको हक सम्बन्धमा जनचतेना जागृत गराउने उद्देश्यले सिन्धुली र गोरखा जिल्लामा अन्तरक्रिया/छलफल कार्यक्रम संचालन गरेको छ । यस्तो कार्यक्रममा आयोगबाट समेत सहभागिता रहेको छ ।

५. आयोगले अध्ययन गरी तयार गरेको कक्षा ८–१२ सम्मका पाठ्यक्रममा सूचनाको हकसम्बन्धी पाठ्यक्रम समावेश गर्ने विषय, नेपाल सरकारका प्रशिक्षण प्रतिष्ठानहरूमा सबै तहका सेवा प्रवेश र सेवाकालीन

तालिमहरूमा सूचनाको हकसम्बन्धी विषय समावेश गर्ने पाठ्यक्रम तर्जुमा गरी पठाएको विषय र सूचनाको हकसम्बन्धी ऐनसँग बाझिएका ऐनहरू संशोधन गर्न तयार पारिएको प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएकोमा ति प्रतिवेदनहरू कार्यान्वयन गर्न गराउन सम्बन्धित मन्त्रालयहरूलाई निर्देशन भएको छ ।

६. सूचनाको हकसम्बन्धी ऐनको दफा २७ बमोजिम सूचनाको वर्गीकरणलाई स्पष्ट र समयानुकुल बनाउन सुझाव दिएकोमा अध्ययन गरी नयाँ वर्गीकरण तर्जुमा गर्ने कार्य अन्तिम चरणमा पुगेको जानकारी प्राप्त भएको छ ।

सूचनाको हकसम्बन्धी उपरोक्त उल्लेखित कार्य सम्पादन तथा तत्परताका लागि आयोग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई धन्यवाद ज्ञापन गर्न चाहन्छ ।

कार्यान्वयन गरिनुपर्ने सुझावहरू

आयोगले विगत वर्षहरूमा दिएका सुझावहरू शीघ्रताका साथ कार्यान्वयन गर्न गराउन पुनः अनुरोध गर्दै चालु वर्षमा देहाय बमोजिम थप सुझावहरू पनि प्रस्तुत गरिएको छ । यी सुझावहरू कार्यान्वयन गर्ने अपेक्षा आयोगले गरेको छ ।

१ सूचना अधिकारीको नियुक्तिको व्यबस्था तथा सूचनामा पहुँच बृद्धि गर्नुपर्ने

. सबै सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्त गर्ने व्यबस्था गर्ने र निश्चित अवधि किटान गरी नियुक्त अधिकारीको विवरण आयोगमा पठाउने । सूचना अधिकारी मात्र नियुक्त भएर सूचना प्रवाह सरल र सहज नहुने हुँदा सूचना अधिकारीको पहुँचमा सूचना पुग्ने कार्यविधि पनि तर्जुमा गरी लागु गर्ने तथा सूचना अधिकारीलाई आफ्नो जिम्मेवारी पुरा गर्न न्यूनतम भौतिक पूर्वाधार, प्रोत्साहन भत्ता र काम कर्तव्य अधिकारको स्पष्ट व्यबस्था गर्नु पर्ने ।

२. सार्वजनिक निकायले सूचना प्रवाह गर्नुपर्ने

"राज्यका काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन" गराउने व्यबस्था भएकोले सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनाहरू ऐनको दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम नियमित रूपमा प्रवाह गर्नु पर्नेमा ऐन लागु भएको ७ वर्ष भै सक्दा पनि अद्यावधिक गरी प्रकाशन तथा सार्वजनिकीरण हुन सकेको छैन । आम नागरिकसँग सरोकार राख्ने सूचनाहरू नियमित रूपमा सार्वजनिक नहुँदा अनियमितता, ढिलासुस्ती र भ्रष्टाचार हुने सम्भावना रहन्छ । सूचना सार्वजनिक भएमा खुला र पारदर्शीता बढ्न गै यस्तो गुन्जायस रहदैन । सार्वजनिक निकाय उपर नागरिक सर्वोच्चता स्थापित हुन्छ र राज्यले गरेका वा गर्न लागेका क्रियाकलाप माथि जनताको खवरदारी रहन्छ र सार्वजनिक निकाय र पदाधिकारी पनि संसद र जनताप्रति उत्तरदायी र जवाफदेही हुन जानुका साथै निर्णय प्रक्रियामा जनताको स्वामित्व, सहभागिता र नियन्त्रण रहन जान्छ ।

सार्वजनिक निकायले संचालन गरेका विकास कार्यक्रम, कार्य संचालन प्रक्रिया, कार्य प्रगति, समस्या र समाधान गर्न गरिएका प्रयासहरूको बारेमा नागरिकलाई सुसूचित गराउने, नयाँ बन्न लागेको सार्वजनिक नीति तथा कार्यक्रमहरूको लागु हुन भन्दा पहिले नै सार्वजनिक बहस गर्ने र प्राप्त सुझावहरूलाई समेटेर मात्र लागु गर्ने प्रक्रियाको थालनी गर्न सकेमा जनसहभागिता जुटाउन पनि सहज हुन जान्छ । यस्तो कार्यबाट सुशासनको आधार पनि मजबुत हुने हुँदा सार्वजनिक निकायले नियमित स्वःफूर्त सूचना प्रवाह (Pro-active Disclosure) लाई कार्य सम्पादनको अनिवार्य र नियमित कार्य प्रणाली भित्र समेटनु अपरिहार्य आवश्यकता रहेको छ ।

३. आयोगका अध्ययन प्रतिवेदन कार्यान्वयन गर्ने

आयोगले अध्ययन गरी तयार पारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएका देहायका प्रतिवेदनहरू कार्यान्वयन गर्न गराउन सम्बन्धित मन्त्रालयहरूमा निर्देशन भएको छ तापनि तिनको कार्यान्वयन अनुगमन गरी कार्यान्वयन गर्न गराउन आवश्यकता रहेको छ ।

क) कक्षा ८–१२ सम्मका पाठ्यक्रममा सूचनाको हकसम्बन्धी विषय समावेश गर्ने गराउने ।

ख) नेपाल सरकारका १९ वटा तालिम/प्रशिक्षण केन्द्र प्रतिष्ठानहरूमा सेवा प्रवेश र सेवाकालीन प्रशिक्षण, अन्तरक्रिया, छलफल, गोष्ठी लगायतका कार्यक्रमहरूमा सूचनाको हकसम्बन्धी विषय पनि पाठ्यक्रममै समावेश गर्ने गराउने ।

ग) सूचनाको हकसम्बन्धी ऐनको दफा ३७ मा यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ भन्ने उल्लेख भएकोमा अझै पनि कतिपय ऐनहरूमा आफ्नो निकाय सम्बन्धी ऐनको उल्लेख गर्दै सूचना दिन इन्कार गर्ने गरेको पाईएकोले यस्ता बाझिएका ऐनहरूमा सूचनाको हकसम्बन्धी ऐन अनुकुल हुने गरी संशोधन वा परिमार्जन हुनु आवश्यक रहेकोले यथाशिघ्र संशोधन गर्ने गराउने ।

४. सूचनाको संरक्षण गर्ने

नेपालको अन्तरिम संविधान २०६३ को धारा २८ मा कुनै व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत तथ्यांक, पत्राचार, चरित्र सम्बन्धी कुराहरूको गोपनियता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ भन्ने व्यबस्था रहेको छ । यसै गरी सूचनाको हकसम्बन्धी ऐनको दफा ३० ले पनि व्यक्तिगत सूचना सम्बन्धित सरोकारवाला व्यक्तिले मात्र पाउने व्यबस्था गरेको छ । अतः सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचनाहरू व्यक्तिको हित प्रतिकुल हुने गरी सार्वजनिकीकरण गर्न गराउन हुदैन । जुनसुकै निकायमा पनि व्यक्तिसँग सम्बन्धित सूचनाहरू रहेका हुन्छन्, अनाधिकृत तबरबाट संविधान र ऐन विपरित व्यक्तिगत चरित्र, मर्यादा, स्वास्थ्य र स्वतन्त्रता प्रतिकुल हुने गरी यस्ता सूचना प्रवाह गर्न नहुने र संरक्षण गर्ने गराउने व्यबस्था हुनुपर्दछ । यसै गरी ऐनको दफा ३(३) को क देखि ङ बमोजिमका सूचनाहरू पनि वर्गीकरण गरी सुरक्षित गर्नु गराउनु पर्दछ । ऐनको दफा २८ ले पनि व्यक्तिगत सूचनाको संरक्षण गर्नु पर्ने व्यबस्था गरेको छ । मुलुकी प्रशासन संचालन गर्ने सम्बन्धमा राज्य र नागरिकसँग सम्बन्धित निषेधित सूचना संरक्षण गर्ने गराउने दायित्व सरकारको रहेकोले ऐनको मर्म बमोजिम अपवादका सिद्धान्तहरूको वर्गीकरण गरी संरक्षित राख्न निर्देशिका बनाई सुरक्षित गर्नु पर्ने आवश्यकता रहेको छ भने सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनाहरू अधिकतम

रूपमा सरल र सहज ढंगबाट प्रवाहित हुनु पर्दछ र नागरिकको पहुँचमा सूचना पुऱ्याउन पनि झन बढी आवश्यकता रहेको छ ।

५. अभिलेख व्यबस्थापन गर्न Format तर्जुमा गरी लागु गर्ने

सूचनाको हकसम्बन्धी ऐनको दफा ५(३) बमोजिमका विवरणहरू नियमित रूपमा ३/३ महिनामा प्रकाशन गर्न गराउन ऐन र नियमावली बमोजिम २० प्रकारका सूचनाहरूको एकै प्रकारको विवरण (Format) तयार गरि अभिलेख राख्न लगाउने, अद्यावधिक गर्ने र प्रकाशन तथा सार्वजनिकीकरण गर्नुपर्ने आवश्यकता रहेको छ । सार्वजनिक निकायमा सूचनाको अभिलेख व्यबस्थित गर्न गराउन, सूचनाको संरक्षण गर्न र प्रकाशन गर्न सहज गराउन डिजिटाइजेशन (Digitalization) गर्ने र यान्त्रिक प्रणाली (Electronic Version) मा सूचना अभिलेख राख्ने व्यबस्था मिलाउने ।

६. निर्देशिका बनाई लागु गर्ने

सार्वजनिक निकायले सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि स्वःस्फूर्त प्रकाशन गर्ने विवरण (Pro-active Disclosure) तथा अपवादका विषय वर्गीकरण गर्ने तरिका र सूचना अधिकारीको काम, कर्तव्य र अधिकार र व्यवहार सम्बन्धमा उपयुक्त निर्देशिका बनाई लागु गर्नु पर्ने देखिन्छ । यस्ता निर्देशिकाको अभावमा सूचना प्रवाह गर्ने उत्सुकता र अभिरुची हुदाँ हुँदै पनि उपयुक्त वातावरण र निर्देशिकाको अभावमा सूचना प्रवाह हुन नसकेको पाइएको छ । नेपाल सरकारले आफ्नो निकायको कार्य प्रकृति अनुसार यस्तो निर्देशिका बनाई लागु गराउन र अनुगमन गर्न आवश्यक निर्देशन दिनु पर्दछ ।

७ सूचना शुल्क घटाउनु पर्ने

सूचना माग गर्ने नागरिकले प्रथमतः सूचना प्राप्त गर्न नै कठीन छ, त्यसमा पनि केही सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐनको मर्म र भावना तथा सूचनाको हकको सिद्धान्त Maximum Disclosure With Minimum Cost भन्ने सिद्धान्त विपरित धेरै समय पछि आएर शुल्क निर्धारण गरेको पाईन्छ । उदाहरणको लागि एउटा उत्तरपुस्तिकाको प्रतिलिपि प्राप्त गर्न परीक्षा नियन्त्रण कार्यालयले एस.एल.सी. को उत्तरपुस्तिकाको लागि रु. ७००।– शुल्क निर्धारण गरेको छ भने पूर्वाञ्चल विश्वविद्यालयले रु. ५,०००।– तोकेको छ । यसै गरी त्रिभुवन विश्वविद्यालयको रु. ५,५००।– तोकेको छ । अतः यसरी लागत भन्दा अति बढी शुल्क तोकिनुको साथै विद्यार्थीहरूले सूचना प्राप्त गरी प्रयोग नै गर्न नसकिने किसिमबाट कबुलियतनामा गर्नु पर्ने लगायतका व्यवधान पनि गरेका छन् । सम्मानीत सर्वोच्च अदालतबाट समेत उत्तरपुस्तिका उपलब्ध गराउने फैसला भैसकेको परिप्रेक्ष्यमा धेरै बढी शुल्क निर्धारण हुँदा विद्यार्थीहरूलाई मर्का पर्न गएको छ । अतः यस्ता निकायहरूमा न्यूनतम लागत तोकिनका लागि सम्बन्धित सार्वजनिक निकायले पहल गर्नु पर्दछ र सूचना नदिने र हतोत्साहित गर्ने उद्देश्यले अत्यन्त बढी शुल्क तोकेकोमा शुल्क घटाई एक रुपता ल्याउन पर्दछ ।

८. एकिकृत Portal बाट सूचना प्रवाह गर्ने

नेपाल सरकारबाट संचालन भएको www.nepal.gov.np मा एकिकृत Portal मा सूचनाको हकसम्बन्धी ऐन अनुसारका सूचनाको वर्गीकरण, सूचना माग गर्ने कार्यविधि तथा सूचना प्राप्त गर्ने

कार्यविधि, जिम्मेवार निकाय तथा पदाधिकारी र तिनको विवरण तथा प्रकाशन गर्नु पर्ने र प्रकाशन भएका विवरणहरू सजिलै हेर्न, देख्न, प्रतिलिपि प्राप्त गर्न सक्ने गरी व्यबस्था मिलाउन आवश्यकता रहेको छ। नेपाल सरकारका सार्वजनिक निकायका website हरू समय/समयमा अद्यावधिक गर्ने र नागरिकले खोज्न सक्ने वा आवश्यक सूचना सजिलै, सरल र सहज ढंगबाट प्राप्त गर्न सक्ने व्यबस्था मिलाउन सकेमा कार्यालयहरूमा सूचना माग गर्ने, सूचना दिनु पर्ने तथा सूचना दिन इन्कार गर्नु पर्ने अवस्था आउदैन र आधिकारीक सूचना प्राप्त गर्न सकिने हुँदा सरकार प्रति नागरिकको विश्वास बढ्न जान्छ।

९. सूचनाको हकसम्बन्धी पुरस्कारको स्थापना गर्ने

सूचनाको हकसम्बन्धी ऐन नियमको प्रभावकारी कार्यान्वयन गर्न गराउन अभिलेख प्रणाली व्यबस्थित गर्न, सहजता, उत्प्रेरक, नेतृत्वकर्ता र गतिशिलता प्रर्दशन गर्ने तथा सूचना प्रवाह गर्ने गराउने, सूचनामैत्री सार्वजनिक निकाय, सूचना अधिकारी, कार्यालय प्रमुख र गैरसरकारी संस्था तथा व्यक्तिहरूलाई पारदर्शीता, खुलापन, जवाफदेही र उत्तरदायी गराउन गरेका कार्य र खेलेको भूमिकाका लागि र यसको प्रभाव अन्य निकाय वा पदाधिकारीमा समेत पार्न र प्रोत्साहन गर्न गराउन आवश्यक भएकोले यस्तो सूचनाको हकसम्बन्धी प्रोत्साहन पुरस्कारको स्थापना गरी प्रत्येक वर्षको भाद्र ३ गते राष्ट्रिय सूचना दिवसको उपलक्ष्यमा वितरण गर्ने गराउने व्यबस्था गरिनु आवश्यकता रहेको छ। यसको लागि आवश्यक रकम अक्षय कोषको स्थापना गरी वितरण गर्न बजेटबाट नै निश्चित रकम विनियोजन गरिनु पर्दछ।

१०. सूचनाको हक सम्बन्धमा इन्टर्नसिप व्यबस्था गर्ने

सूचनाको हकसम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि तहका तोकिएका निश्चित विद्यार्थीहरूलाई सहयोग गर्न र चेतनामा अभिबृद्धि गर्न गराउन शोधपत्र अध्ययन तथा लेखन र इन्टर्नसिपको व्यबस्था गरी प्रोत्साहन गर्न गराउन उपयुक्त हुने देखिन्छ। यसको लागि निश्चित रकम बजेटमा व्यबस्था गरिनु पर्दछ।

११. आयोगको प्रतिरक्षा गर्ने

राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीलाई सूचना प्रवाह गर्न दिएको आदेशका विरुद्धमा सम्माननीय सर्वोच्च अदालत वा पुनरावेदन अदालतमा पुनरावेदन वा रिट निवेदन दिएको अवस्थामा महान्यायधिवक्ताको कार्यालयबाट पहिला जुन निकायले यस्तो पुनरावेदन वा रिट निवेदन गरेको हो उसकै पक्षबाट प्रतिरक्षा गर्ने गरेको र आयोग प्रतिरक्षा विहिन भएको र निजी कानुन व्यबसायी मुकरर गर्न वाध्य भएकोले यस्तो अवस्था सिर्जना हुँदा के कस्तो कार्यविधि अपनाउने भन्ने सम्बन्धमा उपयुक्त नीतिगत निर्णय वा प्रणाली व्यवस्थित गरिनु पर्ने आवश्यकता देखिएको छ।

१२ सूचना प्रकाशन गर्नु पर्छ भन्ने संस्कारको विकास गर्ने

सूचना नमागे पनि नियमित रूपमा प्रवाह गर्नु पर्दछ र सूचना सरल र सहज ढंगबाट प्रवाहित भएमा मात्र सुशासन र सम्वृद्धि हासिल गर्न सकिन्छ भन्ने मानसिकता विकसित गरिनु पर्दछ। सूचना लुकाउने संस्कारबाट अनियमितता, ढिलासुस्ती र भ्रष्टाचार समेत बढ्न जाने हुँदा सूचनाको अनिवार्य रूपमा प्रकाशन गर्ने तदारुकता भएमा र अनुगमन पनि प्रभावकारी भएमा सूचना प्रकाशन गर्ने कार्यले

निरन्तरता पाउँछ। विश्वका धेरै देशहरूमा सूचनाको हकको प्रयोगबाट जिम्मेवार र उत्तरदायी प्रशासन संचालन भएको र भ्रष्टाचार, अनियमितता उजागर भएर कानुनी कारवाही समेत भएको पाइन्छ। नेपालमा पनि कतिपय स्थानीय निकाय र केन्द्रीय स्तरका निकायमा सूचनाको हकको प्रयोगबाट विभिन्न अनियमितताका घटनाहरू सार्वजनिक भएर कानुन पालना गर्ने गराउने निकायबाट कारबाही भएका पनि छन्। अतः प्रशासन र राजनीतिको उच्च तहमा सूचना प्रवाह गर्नु पर्दछ भन्ने भावना तथा प्रतिवद्धता विकसित हुनु अत्यावश्यक रहेको छ।

१३ भौतिक पूर्वाधारको व्यबस्था गर्नु पर्ने

आयोगको आफ्नो जग्गा र भवन नभएको र यो स्थायी प्रकृतिको कार्यालय भएको हुँदा आयोगको लागि उपयुक्त सरकारी भवनको व्यबस्था गरिनु पर्दछ। यसै गरी आयोगमा पर्याप्त सवारी साधन पनि नभएकोले विभिन्न जिल्लाहरूमा अन्तरक्रिया, छलफल, प्रशिक्षणमा आते जाते गर्न समस्या परिरहेकोले उपयुक्त सवारी साधनको व्यबस्था पनि गरिनु पर्दछ।

१४ आयोगको क्षेत्रीय कार्यालय संचालन सम्बन्धी व्यबस्था गर्ने

आयोगको क्षेत्रीय कार्यालयहरू छैनन् र केन्द्रमा मात्र कार्यालय रहेको छ। जति मात्रामा सूचना माग गर्नुपर्ने हो सो नभई सूचना मागको प्रबृत्ति कम भएको, सूचना लिने दिने संस्कृतिको अभाव रहेको, सूचना मागे पनि तुरुन्त कार्यान्वयन गर्न तत्परता नहुने गरेको, नियमित प्रकाशन गर्नु पर्ने सूचना प्रकाशन हुने नगरेको र केन्द्रबाट सधै अनुगमन गर्न पनि कठिन हुने हुँदा जिल्ला तथा क्षेत्रगत रूपमा कार्यालय संरचनाको पनि व्यबस्था गरिनु आवश्यक देखिएको छ। यस्तो अवस्थामा सीमित कामको लागि छुट्टै कार्यालय स्थापना गर्नु भन्दा पनि लागत र सुविधाका आधारमा सूचना तथा संचार मन्त्रालय अन्तर्गत रहेको जिल्लास्तरीय र क्षेत्रीयस्तरका हुलाक कार्यालयहरू जो त्यति धेरै कार्यबोझ पनि छैन ति कार्यालयहरूलाई केही प्रशासकीय नीतिगत निर्णयबाट परिक्षणको रूपमा जिल्ला र क्षेत्रस्तरमा सबै सार्वजनिक निकायको सूचना अधिकारीको नियुक्ति, सूचनामा पहुँच, सूचना प्रवाह गर्न गराउन र नियमित सूचना प्रकाशन तथा सार्वजनिकीकरण गर्ने गराउने कार्य गर्न लगाउने तथा अनुगमन गर्ने गराउने जिम्मेवारी दिने तर्फ सोचाई बनाउन आवश्यक देखिन्छ। यस्तो व्यबस्था गर्न आयोगले ति कार्यालयमा रहेको भौतिक सुविधाको प्रयोग र प्रशिक्षण दिई सूचनाको हकको कार्यान्वयनमा सघाउ पुऱ्याउन सक्ने छ। यसको लागि थप वित्तीय तथा प्रशासनिक सहयोग प्राप्त हुनु पर्ने देखिन्छ। यस्तो व्यबस्था केही कार्यालयमा नमूनाको रूपमा प्रयोग गरी सफल भएमा सबै कार्यालयमा विस्तार गर्ने नीति लिन उपयुक्त हुने देखिन्छ।

१५. आयोगको सुझाव कार्यान्वयन गर्ने

आयोगले विगत वर्षहरू आ.व. २०६४/०६५ देखि नै विभिन्न सुझावहरू दिदैं आएको छ। यी सुझावहरू कार्यान्वयन गर्न गराउन आयोग पनि सक्रिय भएर प्रयास गरिरहेको छ तापनि कतिपय सुझावहरू कार्यान्वयन भएका छैनन्। आयोगका प्रतिवेदनहरू संविधानसभा व्यबस्थापिका संसदमा प्रस्तुत भै छलफल पनि भएको छैन। अतः विगतका यस्ता सुझावहरू सहित प्रतिवेदन व्यबस्थापिका संसदमा प्रस्तुत गरी छलफल भै कार्यान्वयन गर्न गराउन नेपाल सरकारको ध्यान जान आवश्यक रहेको छ। अतः विगत वर्षहरूका सुझावहरू यस प्रतिवेदनमा पनि परिशिष्ट २० मा संलग्न गरिएको छ।

परिच्छेदः ६

परिशिष्ट १

पुनरावेदन, निवेदन र उजुरीबारे गरेको कारबाही र निर्णयको विवरण :

विगत आ.ब. २०६८।०६९ बाट जिम्मेवारी सरी आएका उजुरी, निवेदन तथा पुनरावेदन उपर कारबाही र निर्णय

क्रम संख्या : १–४ निवेदन

मिति :	२०६७।१२।२३
पक्ष :	**केशव राज रेग्मी लगायतका विद्यार्थीहरू ।**
विपक्ष :	शंकरदेव क्याम्पस रामशाहपथ लगायतका नौवटा क्याम्पस ।
विषय :	भौतिक संरचना, अतिरिक्त क्रियाकलाप शिर्षकमा भएको खर्चको स्पष्ट विवरण लगायतका सूचना माग ।
मिति	**कारबाही/निर्णय**
२०६८।२।८	सूचना उपलब्ध गराउन र उपलब्ध गराउन नमिल्ने भए लिखित जवाफ पेश गर्न आदेश जारी
२०६८।३।३१	जवाफ प्राप्त नभएकोले पुनः आदेश जारी ।
२०६८।१०।२०	केशवराज रेग्मीले माग गरेको सूचना उपलब्ध नगराएकोले " सूचना नदिएकोमा सजाय गरी क्षतिपूर्ति भराई पाउन" निवेदन दिएकोमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम सजाय र ऐ को दफा ३३ बमोजिम क्षतिपूर्ति समेतको माग दावी गरेको, सो बमोजिमको कारबाही तपाईलाई किन नगर्ने ? साथै यस सम्बन्धमा आयोगको मिति २०६६।८।१५ मा भएको निर्णय हाल सर्वोच्च अदालतमा विचाराधिन अवस्थामा रहेको हुँदा हाल निवेदकले माग गरे बमोजिम सूचना दिन नमिल्ने" भन्ने व्यहोराको लिखित जवाफ प्रस्तुत गर्नु भएको छ । सो विवादको सम्बन्धमा सर्वोच्च अदालतबाट पनि अन्तिम फैसला भई सोको पूर्ण पाठ समेत आइसकेको अवस्था विद्यमान भएकोले सूचना उपलब्ध नगराएको र उपलब्ध गराउन पहल समेत नगरेको देखिदा तपाई दयामान कर्माचार्यलाई सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३२ तथा ३३ बमोजिमको कारबाही किन नगर्ने ? सोको जवाफ पत्र प्राप्त भएको मितिले ३ दिन भित्र यस आयोगमा पेश गर्न त्रि.वि.वि.प.नि.का. बल्खुका परीक्षा नियन्त्रक दयामान कर्माचार्यको नाममा आदेश जारी ।
२०६८।११।१४	त्रि.वि.विश्वविद्यालयको च.नं.४८७ को लिखित जवाफ पेश गरेको पत्र प्राप्त ।
२०६९।८।१५	यस विषयमा त्यसपछि के कस्ता कार्य भए वा के निर्णय भयो भन्ने सम्बन्धमा यस आयोगमा कुनै जानकारी प्राप्त भएको छैन । झण्डै ४ महिना वितिसक्दा पनि कुनै निर्णय नभएबाट सूचना मागकर्ताको संविधान प्रदत्त मौलिक हकको कार्यान्वयन गर्ने र सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुरुप छिटो छरितो रूपमा सूचना दिलाउने तर्फ त्यस कार्यालयका कार्यालय प्रमुखबाट कुनै कारबाही भएको देखिएन । तसर्थ सूचनाको हकसम्बन्धी ऐन र यस आयोगको आदेश बमोजिम छिटो सूचना दिलाउने तर्फ कुनै कारबाही नगर्ने तपाई सार्वजनिक निकायको प्रमुखलाई सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ३२ बमोजिम कारबाहीगर्न किन नपर्ने

	हो सोको पर्याप्त आधार र कारण सहित ७ (सात) दिन भित्र जवाफ पठाउन र नियम संशोधन नहुदाको अवस्थामा सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियम २०६५ बमोजिम निवेदकलाई सूचना उपलब्ध गराउनु भनी त्रि.वि.वि. परीक्षा नियन्त्रक कार्यालयका प्रमुख (परीक्षा नियन्त्रक) को नाममा यो आदेश जारी गरिएको ।
२०६९।९।११	उत्तरपुस्तिका हेर्न वा सोको प्रमाणित प्रतिलिपि उपलब्ध गराउने कार्यविधिको मस्यौदा तयार नभए तापनि विद्यार्थीले उत्तरपुस्तिका हेर्न पाउने निजको मौलिक अधिकारलाई कुण्ठित गर्न मिल्ने अवस्था रहदैन । तसर्थ उत्तरपुस्तिका हेर्न वा सोको प्रमाणित प्रतिलिपि उपलब्ध गराउने कार्यविधिको मस्यौदा तयार नभएसम्मको लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली २०६५ को प्रावधान अन्तर्गत नै उत्तरपुस्तिका हेर्न वा प्रमाणित प्रतिलिपि उपलब्ध गराउन मिति २०६९।८।१५ मा आदेश भै सकेको हुँदा सोही बमोजिम व्यवस्था गर्न गराउन त्रि.वि.वि.का उपकुलपति र परीक्षा नियन्त्रकको नाममा यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ५ निवेदन

मिति :	२०६६।०६।०७
पक्ष :	**भिमप्रसाद पुन,** पाखापानी, ८ म्याग्दी ।
विपक्ष :	पाखापानी इलाका हुलाक कार्यालय, म्याग्दी ।
विषय :	अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष पठाएको उजुरी उपर म्याग्दी जिल्ला हुलाक कार्यालयद्वारा जवाफका लागि इलाका हुलाक कार्यालयमा पठाएको पत्र र सो पत्रसंग संलग्न रहेका अ.दु.अ.आ. र हुलाक सेवा विभाग काठमाडौंको पत्रको प्रतिलिपि माग ।
मिति	**कारबाही/निर्णय**
२०६६।०६।१८	निम्न बमोजिमका कागजात/विवरणहरू पेश गर्न भएको आदेश । १. निवेदनमा उल्लेख भए अनुसार तपाईले विभिन्न निकायमा दिएको निवेदनहरूको प्रतिलिपिहरू, २. तपाइले दिएका निवेदनहरू सम्बन्धित निकायले बुझेको मिति सहितको रसिद/भर्पाई वा अन्य कागजात, ३. माग गरिएको सूचनाको विवरण ।
२०६६।०८।१८	कुनै कार्यालयले आफ्नो मातहतका कार्यालयहरूलाई गरेको आन्तिरिक पत्राचारका कागजपत्रको प्रतिलिपि दिन मिल्ने वा नमिल्ने भन्ने निर्णय मैले गर्न नसकेकोले सो पत्र जिल्ला हुलाक कार्यालय पठाएको थिएँ र त्यहाँबाट लिखित जवाफ आएपछि निजको निवेदनको कारबाही हुने भन्ने पत्र प्राप्त ।
२०६७।०१।०८	ईलाका हुलाक कार्यालयलाई सूचना नदिएकोले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही किन गर्न नपर्ने हो भन्ने आदेश जारी ।
२०६७।०३।३२	पुनः सूचना उपलब्ध गराउन आदेश जारी ।
२०६७।१२।०१	आदेशको कार्यान्वयन नभएकोले चाँडै आदेशको कार्यान्वयन गरी पाउँ भनी गरेको निवेदन ।

२०६८।०३।३१	आदेश कार्यान्वयन गर्न ईलाका हुलाक कार्यालयका प्रमुखको नाममा आदेश जारी ।
२०६८।०७।२०	२०६७।०३।३२ को आदेशको कार्यान्वयन नभएको र विपक्षीको अन्यत्र सरुवा भएको भनी निवेदकले २०६७।११।२६ मा जानकारी गराएको, मिति २०६७।०३।३२ को निणर्य कार्यान्वयन गर्न हालको प्रमुखको नाममा आदेश जारी गरिएको वर्तमान प्रमुखले पनि आदेश कार्यान्वयन गरी सोको जानकारी नदिएकोले निवेदकले कार्यान्वयनमा ढिला सुस्ती गरेको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी गरेको निवेदन आवश्यक कारबाहीको लागि राष्ट्रिय सूचना आयोगमा पठाउने भनी निर्णय यस आयोगमा प्राप्त हुन आएकोमा मिति २०६७।०३।३२ को आदेश कार्यान्वयन नभएको देखिदा आवश्यक कारबाही गर्न/गराउनका लागि सम्बन्धित मन्त्रालयमा २०६७।०३।३२ को आदेश सहित आवश्यक कागजातको छायाँप्रति पठाउने गरिएको निर्णय ।
२०६८।०७।३०	निर्णय कार्यान्वयन गरी जानकारी दिनुहुन भनी सूचना तथा संचार मन्त्रालयलाट पठाएको बोधार्थ पत्र प्राप्त ।
२०६८।११।१	निवेदकको पुनः निवेदन प्राप्त ।
२०६९।०५।२७	पाखापानी इलाका हुलाक कार्यालयको आदेश कार्यान्वयन सम्बन्धी पत्र प्राप्त ।
२०६९।०६।१८	निवेदक भीमप्रसाद पुनःलाई सूचना उपलब्ध गराउनु भन्ने यस आयोगको मिति २०६७।०३।३२ को आदेश बमोजिमको सूचना ७ (सात) दिन भित्र उपलब्ध गराई यस आयोगलाई जानकारी दिनु अन्यथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम सूचना नदिएकोमा जरिवाना गरी विभागीय कारबाहीका लागि सम्बन्धित निकायमा लेखि पठाउने कुराको जानकारी गराउने भनी पाखापानी ईलाका हुलाक कार्यालयका हालका प्रमुख लगायत साविक कार्यालय प्रमुख नारायणराज सापकोटाका नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।०९।१६	ईलाका हुलाक कार्यालय पाखापानी, म्याग्दीका साविक कार्यालय प्रमुख नारायण राज सापकोटालाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२(१) बमोजिम सूचना नदिई आयोगको आदेश अटेर गरेकोमा रु १००१।- अक्षरेपी रु एक हजार एक मात्र जरिवाना गरी विभागीय कारबाहीको लागि सिफारिस गर्ने निर्णय गरिएको छ । निर्णय कार्यान्वयन गरी आयोगलाई जानकारी गराउन सूचना तथा संचार मन्त्रालयका सचिवका नाममा यो आदेश जारी गरिएको छ । साथै निवेदकको माग बमोजिमको सूचना निवेदकलाई दिन पाखापानी ईलाका हुलाक कार्यालय म्याग्दीका हालका प्रमुखको नाममा समेत यो आदेश पठाउनू र निर्णयको जानकारी साविक कार्यालय प्रमुख नारायणराज सापकोटालाई दिनू ।
२०६९।११।१४	निर्णयमा पुर्नविचार गरी पाउँ भनी नारायणराज सापकोटाको निवेदन ।
२०६९।११।१४	पश्चिमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालय पोखराको निर्णय कार्यान्वयन सम्बन्धमा पत्र प्राप्त ।
२०६९।११।११	पाखापानी इलाका हुलाक कार्यालय, म्याग्दीको भर्पाई सम्बन्धमा पत्र प्राप्त ।
२०७०।१।१५	निर्णयमा पुनर्विचार गरी पाउँ भनी नारायणराज सापकोटाको पुनः निवेदन ।

२०७०।२।१२	निवेदक भीमप्रसाद पुनको निवेदनका सम्बन्धमा यस आयोगबाट मिति २०६९।९।१६ मा नारायण सापकोटालाई रु १००१।– (रु एक हजार एक) जरिवाना गरी विभागीय कारबाहीको लागि सिफारिश गर्ने निर्णय गरिसकेकोले निज नारायण सापकोटाको मिति २०७०।१।१५ को निवेदनमा पुर्नविचार गरी पाँउ भन्ने रहेकोमा आयोगले सूचना उपलब्ध गराएको वा गराउने प्रक्रिया अघि वढाएको अवस्था देखिएमा मात्र आयोगले सजाय कार्यान्वयन नगर्नका लागि आदेश गर्ने गरेको तर प्रस्तुत विषयमा यो अवस्था नरहेकोले यसमा केही गर्न सक्ने देखिएन, निवेदकलाई यसको जानकारी दिनू । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने आदेश ।

क्रम संख्या : ६ निवेदन

मिति :	२०६७।११।२५
पक्ष :	**केशव प्रसाईं**, नयाँ बानेश्वर, काठमाडौँ ।
विपक्ष :	लोक सेवा आयोग, काठमाडौँ ।
विषय :	वि.नं. ९७२ - ०६३/०६३ को बाली संरक्षण अधिकृतको पदको अन्तरवार्तामा उपस्थित सात जना उम्मेदवारको प्राप्तांक माग ।
मिति	**कारबाही/निर्णय**
२०६७।११।३०	निवेदकले माग गरेका सूचना सात दिनभित्र उपलब्ध गराइ दिनू । उपलब्ध गराउन नमिल्ने भए कारण सहितको लिखित जवाफ सात दिनभित्र यस अयोगमा पेश गर्न लोक सेवा आयोगका सचिवको नाममा आदेश जारी गर्ने निर्णय ।
२०६७।१२।२१	सूचना उपलब्ध गराउनू नमिल्ने भनी मिति २०६७।१२।०९ को लोक सेवा आयोगको पत्र प्राप्त ।
२०६७।१२।२७	लोक सेवा आयोगका सचिव वा प्रतिनिधि झिकाउन आदेश जारी ।
२०६८।०१।१९	लो.से.आ.का प्रतिनिधि र आयोगवीच छलफल ।
२०६८।०५।१५	सूचना उपलब्ध गराउन भनी आयोगको अन्तिम आदेश ।
२०६८।०७।२३	लोकसेवा आयोगले सूचना नदिएकोले सूचना पाउँ भनी दिएको केशव प्रसाईको निवेदन पत्र प्राप्त ।
२०६८।०८।०९	सूचना उपलब्ध नगराएकोले तपाईलाई कारबाही किन गर्न नपर्ने हो सोको लिखित जवाफ सहित पत्र प्राप्त भएको मितिले ७ (सात) दिनभित्र यस आयोगमा उपस्थित हुन लोक सेवा आयोगको सचिवको आदेश जारी ।
२०६८।०८।१८	लोक सेवा आयोगको पत्र सम्बन्धित व्यक्तिलाई देखाउने सम्बन्धमा लोक सेवा आयोगबाट हालसम्म निर्णय नभएको र यस विषयमा लोक सेवा आयोगबाट हुने निर्णयको जानकारी यस आयोगमा शिघ्र उपलब्ध गराउने व्यहोराको पत्र प्राप्त ।
२०६८।०८।१८	आदेश कार्यान्वयनको सम्बन्धमा प्रमुख सूचना आयुक्त तथा सूचना आयुक्तज्यूहरूको रोहवरमा लोक सेवा आयोगमा छलफल ।

क्र.स. ७/१ निवेदन

मिति :	२०६८।४।५
पक्ष :	**अशेष न्यौपाने**, सुर्योदय ज्योती मा.वि., घट्टेकुलो, काठमाडौं ।
विपक्ष :	परीक्षा नियन्त्रण कार्यालय, सानो ठिमी, भक्तपुर ।

विषय :	२०६७ सालको प्रवेशिका परीक्षाको उत्तरपुस्तिका माग
मिति	**कारबाही/निर्णय**
२०६८।४।५	सूचना उपलब्ध गराउन परीक्षा नियन्त्रकका नाममा आदेश जारी
२०६८।४।१७	परीक्षा नियन्त्रण कार्यालयबाट सूचना उपलब्ध गराउन नसकिने व्यहोराको लिखित जवाफ प्राप्त
२०६८।०५।०६	निवेदक अशेष न्यौपानेले माग गरे बमोजिम उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि परीक्षक तथा सम्परीक्षकको नाम नामेसी नखुल्ने गरी निजलाई उपलब्ध गराउन आदेश जारी गरिएको ।
२०६८।०५।३०	शिक्षा मन्त्रालयलाई लेखिएको उत्तरपुस्तिका देखाउने सम्बन्धमा नीतिगत निर्णय गर्न र आवश्यक प्रकृया एवं कार्यविधि तय गर्न शिक्षा मन्त्रालयमा लेखी पठाउने निर्णय भएको व्यहोराको बोधार्थ पत्र प्राप्त ।
२०६८।०६।२५	माध्यमिक शिक्षा उतीर्ण परीक्षा संचालन तथा व्यबस्थापन निर्देशिका, २०६८ को परिच्छेद १३ मा उत्तरपुस्तिका देखाउने/ प्रतिलिपि उपलब्ध गराउने सम्बन्धी व्यवस्था राख्नको लागि आवश्यक निर्णय हुन सो सम्बन्धी विवरणको मस्यौदा र त्रि.वि.वि. को नाममा सर्वोच्च अदालतद्वारा गरिएको फैसला शिक्षा मन्त्रालयलाई पठाएको बोधार्थ पत्र प्राप्त ।
२०६८।०७।२४	निर्देशिका पठाईदिनको लागि आदेश जारी ।
२०६८।०७।२४	सोही मितिमा माध्यमिक शिक्षा उतीर्ण परीक्षा संचालन तथा व्यवस्थापन निर्देशिका, २०६८ को संशोधित प्रति पाना १ प्राप्त ।
२०६८।०७।२९	माध्यमिक शिक्षा उतीर्ण परीक्षा संचालन तथा व्यवस्थापन निर्देशिका, २०६८ मा परिच्छेद १३ (क) थप गरी उत्तरपुस्तिका हेर्न पाउने व्यवस्था गरेको हुँदा आवश्यक कागजात लिई निज स्वयम्लाई उपस्थित हुन परीक्षा नियन्त्रण कार्यालयले लेखेको बोधार्थ पत्र ।

क्रम संख्या : ८/१४ निवेदन

मिति :	२०६८।०५।१८
पक्ष :	**पवन के.सी,** एभरेष्ट ईन्जिनियरिङ्ग एण्ड मेनेजमेन्ट कलेज, BEIT का विद्यार्थी ।
विपक्ष :	पोखरा विश्वविद्यालय, पोखरा ।
विषय :	पुनर्जाँच कुन मितिमा भयो ?पुनर्जाँच गर्न विषयको विशेषज्ञ बोलाइयो/बोलाइएन ? पुनर्जाँचको विषयमा सम्बन्धित कलेजको प्रतिनिधि बोलाइयो/बोलाइएन ? मिति २०६७ असार १४ मा दिएको निवेदनमा के–कस्तो कारबाही गरियो र कलेजलाई कारबाहीको जानकारी कसरी दिइयो ? पुनर्परीक्षण भएको उत्तरपुस्तिकाको अवलोकन ।
मिति	**कारबाही/निर्णय**
२०६८।०५।२०	सूचना उपलब्ध गराउन आदेश जारी ।

२०६८।०५।२८	यस्तै प्रकृतिको Case सर्वोच्च अदालतमा विचाराधिन रहेकोले अदालतबाट फैसला नभएसम्म कारबाही अगाडि वढाउन नसकिने व्यहोराको ई–मेल प्राप्त ।
२०६८।०७।१४	पुनः परीक्षण भएको उत्तरपुस्तिकाको अवलोकनको सम्बन्धमा सर्वोच्च अदालतमा सो केस हालसम्म विचाराधिन रहेकोले उक्त रिट फैसला नभएसम्म आवश्यक कारबाही अगाडि वढाउन नसकिने भनी परीक्षा नियन्त्रण कार्यालय कास्कीको बोधार्थ पत्र फ्यास मार्फत प्राप्त ।
२०६८।०८।२१	निवेदकले माग गरेको सूचना ३ दिन भित्र आयोगलाई जानकारी दिनू, सूचना दिन नमिल्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ३ दिन भित्र निवेदकलाई दिई सो समेतको जानकारी यस आयोगमा उपलब्ध गराउन भएको आदेश ।

क्रम संख्या : ९/१५ निवेदन

मिति :	२०६८।०५।१८
पक्ष :	**मुकेश कुमार सिंह,** एभरेष्ट ईन्जिनियरिङ्ग एण्ड मेनेजमेन्ट कलेज, BEIT का विद्यार्थी ।
विपक्ष :	पोखरा विश्वविद्यालय, पोखरा ।
विषय :	पुनर्जाँच कुन मितिमा भयो ?पुनर्जाँच गर्न विषयको विशेषज्ञ बोलाइयो/बोलाइएन ?पुनर्जाँचको विषयमा सम्बन्धित कलेजको प्रतिनिधि बोलाइयो/बोलाइएन ?मिति २०६७ असार १४ मा दिएको निवेदनमा के–कस्तो कारबाही गरियो र कलेजलाई कारबाहीको जानकारी कसरी दिइयो ? पुनःर्परीक्षण भएको उत्तरपुस्तिकाको अवलोकन ।
मिति	**कारबाही/निर्णय**
२०६८।०५।२०	सूचना उपलब्ध गराउन आदेश जारी ।
२०६८।०५।२८	यस्तै प्रकृतिको Case सर्वोच्च अदालतमा विचाराधिन रहेकोले अदालतबाट फैसला नभएसम्म कारबाही अगाडि वढाउन नसकिने व्यहोराको ई–मेल प्राप्त ।
२०६८।०७।१४	पुनः परीक्षण भएको उत्तरपुस्तिकाको अवलोकनको सम्बन्धमा सर्वोच्च अदालतमा सो केस हालसम्म विचाराधिन रहेकोले उक्त रिट फैसला नभएसम्म आवश्यक कारबाही अगाडि वढाउन नसकिने भनी परीक्षा नियन्त्रण कार्यालय कास्कीको बोधार्थ पत्र फ्यास मार्फत प्राप्त ।
२०६८।०८।२१	निवेदकले माग गरेको सूचना ३ दिन भित्र आयोगलाई जानकारी दिनू, सूचना दिन नमिल्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ३ दिन भित्र निवेदकलाई दिई सो समेतको जानकारी यस आयोगमा उपलब्ध गराउन भएको आदेश ।

क्रम संख्या : १०/१९ निवेदन

मिति :	२०६८।०६।१
पक्ष :	**शम्भुप्रसाद यादव,** जिल्ला पर्सा, गा.वि.स. उदयपुर धुर्मी वार्ड नं. २ ।
विपक्ष :	जिल्ला शिक्षा कार्यालय पर्सा ।

विषय :	१. श्री ने.रा.प्रा.वि. सुगौली विर्ताको मिति २०६४ सालदेखि २०६८ साल भाद्रसम्मको माइन्यूटको प्रमाणित प्रतिलिपि । २. श्री ने.रा.प्रा.वि. सुगौली विर्ताको मिति २०६४ सालदेखि २०६८ साल भाद्रसम्मको बैंक खाता कुन कुन व्यक्तिको नाममा संचालित छ, व्यक्तिको नाम र ठेगाना र बैंकको पनि नाम र ठेगानाको प्रमाणित प्रतिलिपि । ३. श्री ने.रा.प्रा.वि. सुगौली विर्तामा आ.व २०६४ सालदेखि २०६८ साल सम्मको नन्सेलरीको एकमुष्ट निकासा अनुदान र महिला तथा दलित छात्रवृतिको अनुदान निकासाको प्रमाणित प्रतिलिपि र तलब माग फारमको प्रमाणित प्रतिलिपि । ४. श्री ने.रा.प्रा.वि. सुगौली विर्तामा आ.व २०६४ सालदेखि २०६८ साल सम्म भौतिक पूर्वाधार निर्माण गर्नका लागि जि.शि.का पर्साबाट के कति रकम स्कूलमा गएको छ सोको प्रमाणित प्रतिलिपि, २०६८ सालको अभिभावकहरूको नामावलीको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६८।०७।३०	सूचना उपलब्ध गराउन आदेश जारी ।

क्रम संख्या : ११/२० पुनरावेदन

मिति :	२०६८।०७।२९
पक्ष :	**हरिहर शर्मा पोखरेल** , जिल्ला पर्वत, गा.वि.स. खानीगाँउ वार्ड नं ३ हाल कलंकी ।
विपक्ष :	अपर तामाकोशी हाईड्रोपावर लिमिटेडका निर्देशक मृगेन्द्रवहादुर श्रेष्ठ ।
विषय :	माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको लट ३ मेकानिकल र इलेक्ट्रीकल बोलपत्र सम्बन्धमा व्यापक अनियमितता भएको गैर कानूनी कार्यहरू भएको भन्ने आम संचार माध्यममा सार्वजनिक भएको सूचनाको जानकारी माग ।
मिति	**कारबाही/निर्णय**
२०६८।०८।०१	अपर तामाकोशी हाइड्रोपावर लिमिटेड माथिल्लो तामाकोशी जलविद्युत आयोजनाका निर्देशक मृगेन्द्रबहादुर श्रेष्ठलाई उपस्थित हुन आदेश जारी ।
२०६८।०८।०८	अपर तामाकोशी हाइड्रोपावर लिमिटेड माथिल्लो तामाकोशी जलविद्युत आयोजनाका निर्देशक मृगेन्द्रवहादुर श्रेष्ठ आयोगमा उपस्थित ।
२०६८।०८।२३	निवेदकले माग गरेका प्रतिलिपिहरू दिन नमिल्नाको कारण र आधारसहितको पत्र प्राप्त ।
२०६८।१०।१९	पुनःआदेश ।
२०६९।४।४	आयोग समक्ष उपस्थित भै छलफल ।
२०६९।४।७	अपर तामाकोशी हाईड्रोपावर लिमिटेडको पत्र प्राप्त र आयोग समक्ष उपस्थित भै छलफल ।
२०६९।५।२४	अपर तामाकोशी हाईड्रोपावर लिमिटेडको निवेदकलाई सूचना लिन आउनू भन्ने पत्र प्राप्त ।
२०६९।५।३१	निवेदकले माग गरेका सूचनाहरू लिन आउनु भनी निवेदकलाई पत्राचार गरी मिति २०६९।५।२० च.नं. १६८ को बोधार्थ यस आयोगमा प्राप्त भएको हुँदा मिसिल उपर कारबाही अघि बढाइरहनु परेन । तसर्थ प्रस्तुत मिसिलको लगत कट्टा गरि दिने ।

क्रम संख्या : १२/२१ निवेदन

मिति :	२०६८।०८।०२
पक्ष :	**भुवनकुमार झा,** प्रवन्धक तराई पत्र /समाचार संयोजक पर्सा जिल्ला ।
विपक्ष :	१. जिल्ला प्रशासन कार्यालय, पर्सा, विरगंज । २. औषधि व्यवस्था विभाग, शाखा कार्यालय, पर्सा । ३. कारागार शाखा, पर्सा, विरगंज । ४. कृषि सामग्री कम्पनी लिमिटेड, पर्सा । ५. गुठी संस्थान शाखा कार्यालय, पर्सा । ६. घरेलु तथा साना उद्योग कार्यालय, पर्सा । ७. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पर्सा । ८. जिल्ला जनस्वास्थ्य कार्यालय, पर्सा । ९. जिल्ला कृषि विकास कार्यालय, पर्सा । १०. जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्सा । ११. जिल्ला पशु सेवा कार्यालय, पर्सा । १२. जिल्ला प्रहरी कार्यालय, पर्सा । १३. जिल्ला विकास समितिको कार्यालय, पर्सा । १४. जिल्ला सहकारी कार्यालय, पर्सा । १५. जिल्ला शिक्षा कार्यालय, पर्सा । १६. नेपाल टेलिकम क्षेत्रीय निर्देशनालय, पर्सा । १७. नापी शाखा, पर्सा । १८. नेपाल खानेपानी संस्थान, पर्सा । १९. नेपाल खाद्य संस्थान, पर्सा । २०. नेपाल विद्युत प्राधिकरण, पर्सा । २१. नेशनल ट्रेडिङ्ग लिमिटेड, पर्सा । २२. विरगंज उपमहानगरपालिका कार्यालय, पर्सा । २३. विरगंज भन्सार कार्यालय, पर्सा । २४. मध्यमाञ्चल सिंचाई डिभिजन कार्यालय ४, पर्सा । २५. महिला विकास कार्यालय, पर्सा । २६. मालपोत कार्यालय, पर्सा । २७. यातायात व्यवस्था कार्यालय, पर्सा । २८. यान्त्रिक डिभिजन नं २ पर्सा । २९. साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड, पर्सा । ३०. शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, पर्सा । ३१. सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्सा । ३२. पर्सा जिल्ला अदालत, पर्सा । ३३. कृषि औजार अनुसन्धान केन्द्र, पर्सा । ३४.नेपाल इन्टर मोडेल यातायात विकास समिति, ड्राईपोर्ट, सिर्सिया, वीरगंज, पर्सा ।

विषय :	१. जनसरोकारका सम्पूर्ण सार्वजनिक निकायले प्रत्येक ३ महिनामा आफुसंग सम्बन्धित महत्वपूर्ण सूचनाहरू अद्यावधिक तथा प्रकाशन गर्नुपर्नेमा त्यहाँको कार्यालयले आ.ब. २०६५/०६६ मा कुन कुन मितिमा कुन कुन माध्यमबाट सो सूचनाहरू सार्वजनिक गरेको हो ? (मिति र माध्यम) २. त्यहाँको कार्यालयको संक्षिप्त विवरण : ● कार्यालयको काम कर्तव्य र अधिकार (संक्षिप्त रूपमा अधिकतम ३ हरफमा) ● दरवन्दी पदपूर्ती विवरण:(पद, कर्मचारीको नाम, फोन/'एक्स्टेन्सन' नं) ३. आर्थिक वर्ष २०६५/०६६ को आर्थिक गतिविधिको विवरण (बजेट निकासा खर्चको विवरण, शीर्षकगत रूपमा स्पष्ट हुनेगरी) ४. आर्थिक वर्ष २०६५/०६६ को अन्त्य हुँदा फर्स्योट हन बाँकी रहेको गत आ.ब. देखिको पेश्की तथा वेरुजु रकमको विवरण (व्यक्तिको नाम, पेश्की लिएको शीर्षक, फर्स्योट हुन बाँकी रकम खुल्ने गरी) ५. आ.ब. २०६५/०६६ मा त्यस कार्यालयका विशिष्ट उपलब्धिहरू (अधिकतम १० बुँदाहरू मात्र)
मिति	**कारबाही/निर्णय**
२०६८।०८।०९	सूचना उपलब्ध गराउन आदेश जारी ।

क्रम संख्या : १३/२२ निवेदन

मिति :	२०६८।०८।१६
पक्ष :	**आशेष न्यौपाने,** सूर्योदय ज्योती माध्यमिक विद्यालय, घट्टेकुलो, काठमाडौं ।
विपक्ष :	परीक्षा नियन्त्रण कार्यालय, सानो ठिमी, भक्तपुर ।
विषय :	दस्तुर तथा शर्त बन्देजहरू पुनरावलोकन गरी–गराई पाउँ ।
मिति	**कारबाही/निर्णय**
२०६८।०८।२१	परीक्षा नियन्त्रकलाई उपस्थित हुन आदेश जारी ।
२०६८।०९।०३	शिक्षा मन्त्रालयका सचिव वा प्रतिनिधि र परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरका परीक्षा नियन्त्रकसंग छलफल ।
२०६८।१०।०५	यस आयोगको मिति २०६८।५।६ को आदेश बमोजिम शिक्षा मन्त्रालयको मिति २०६८।७।१६ को मन्त्रिस्तरीय निर्णयबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा संचालन तथा व्यवस्थापन निर्देशिका २०६८ मा परिच्छेद १३(क) थप गरेको व्यवस्था पुनरावलोकन गर्न र निवेदक अशेष न्यौपानेको हकमा निजलाई सूचनाको हकसम्बन्धी ऐन र नियममा भएको व्यवस्था बमोजिम अबिलम्ब सूचना उपलब्ध गराउन परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरका परीक्षा नियन्त्रकको नाममा निर्देशनात्मक आदेश जारी ।
२०६९।३।४	३ (तीन) दिन भित्र यस आयोगलाई जानकारी गराउनुहुन पत्राचार ।
२०६९।३।१७	परीक्षा नियन्त्रण कार्यालयबाट पत्र प्राप्त ।

क्रम संख्या : १४/२३ निवेदन

मिति :	२०६८।०८।११
पक्ष :	**शारदा भुसाल(झा)**, जिल्ला महोत्तरी गा.वि.स.बनौली दनौली, वार्ड नं. ५ ।
विपक्ष :	जिल्ला प्रशासन कार्यालय, महोत्तरी ।
विषय :	क) गा.वि.स. २०६४।६५ देखि २०६७।६८ विनियोजित विकास अनुदान रकम र सो सर्न्दभमा परिषद् समिति गठन, योजना छनौट, निर्णय पेश्की फरछर्यौट र फरछर्यौट हुन बाँकी रहेको सम्पूर्ण कागजातहरू । ख) जिल्ला प्रशासन कार्यालय,महोत्तरीको दर्ता नम्वर ४१३ को २०६५।४।३० को फाईलमा भएको सम्पूर्ण निवेदन, कागजात तथा राजेन्द्र देवले तयार पारी २०६५।९।२ मा बुझाएको प्रतिवेदन लगायतका सम्पूर्ण कागजातहरू ।
मिति	**कारबाही/निर्णय**
२०६८।०८।२१	सूचना उपलब्ध गराउन आदेश जारी ।
२०६८।१०।१२	माग गरिएका कागजातहरू पूर्व गा.वि.स सचिवको जिम्ममा नै भएको र हालसम्म बरबुझारथ नहुनुका साथै उक्त कागजातहरू नरहेको भन्ने व्यहोराको पत्र यस आयोगमा प्राप्त ।
२०६९।४।२३	उल्लेखित पत्रको व्यहोरा विचार गर्दा वर बुझारथ नभएको कारण देखाई लामो समयसम्म नागरिकलाई सूचनाको हकबाट वञ्चित गर्नु हुँदैन । वर बुझारथ गर्ने गराउने कार्य कार्यालयको विशुद्ध आन्तरिक प्रशासनिक कार्य हो । सो कारण देखाई निवदकलाई सूचना उपलब्ध नगराउनुले निवेदकको सूचना प्राप्त गर्ने अधिकार नै हनन हुन गएको देखियो । पूर्व गा.वि.स. सचिवलाई वर वुझारथ गराउने दायित्व गा.वि.स. र जि.वि.स. समेतको भएको हुँदा सूचना उपलब्ध नगराए बाट गा.वि.स सचिव (प्रमुख) र जि.वि.स. प्रमुखले आयोगको आदेश पालना नगरेको देखिन आउँछ । तसर्थ माग बमोजिमको सूचना ३(तीन) दिन भित्र निवेदकलाई उपलब्ध गराउनू, भनी जि.वि.स. कार्यालय महोत्तरीका स्थानीय विकास अधिकारी र बनौली दनौली गा.वि.स. महोत्तरीका गा.वि.स. सचिव (प्रमुख)का नाममा यो आदेश जारी गरिएको छ । अन्यथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने कुराको जानकारी निजहरूलाई दिने । यसको जानकारी जिल्ला प्रशासन कार्यालयलाई समेत दिने ।
२०६९।७।१५	निवेदकको पुन:निवेदन प्राप्त ।
२०६९।७।१६	यति लामो अवधिसम्म सूचना उपलब्ध नगराई आयोगको आदेशलाई अटेर गरेको सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम जरिवाना गरी विभागीय कारबाहीको लागि लेखि पठाउनु र सो गर्न नपर्ने कुनै कारण भए पत्र पाएको ७ (सात) दिन भित्र आयोग समक्ष जवाफ पठाउन महोत्तरी जिल्लाका स्थानीय विकास अधिकारी र बनौली दनौली गा.वि.स. का सचिवको नाममा यो आदेश जारी गरिएको छ ।

२०६९।१०।५	जिल्ला प्रशासन कार्यालय, महोत्तरीको बरबुझारथ सम्बन्धमा बोधार्थ पत्र प्राप्त ।
२०७०।२।१६	निज गा.वि.स.सचिव बनौली दनौंलीलाई अबिलम्ब बरबुझारथ गरी सूचनाको हक सम्बन्धी कानून बमोजिम व्यवस्था गरिएका सूचनाहरू उपलब्ध गराउन निर्देशन दिन सचिव, श्री स्थानिय विकास मन्त्रालयलाई लेखी, मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, महोत्तरीलाई समेत जानकारी गराउनू । निवेदकले पुनः सूचना नपाएको भनी जानकारी गराएका बखत प्रस्तुत मिसिल पेश गर्ने गरी हाललाई तामेलीमा राख्नू ।
२०७०।२।२०	निवेदकको पुनःउजुरी ।
२०७०।२।२२	जहाँसम्म क्षतिपूर्तिको कुरा छ निज उजुरकर्ताले सूचना लिन आउँदा जादा लागेको खर्च, चिठी रजिष्टरी गर्दाको खर्च टाइपिङ दस्तुर जस्ता कुराहरू उल्लेख गरी ३,२०५।– (तीन हजार दुइसय पाँच) क्षतिपूर्ति भराई पाउँ भनी आयोग समक्ष मिति २०७०।२।२० मा उजुरी गरेकोमा सूचनाको हकसम्बन्धी ऐनको दफा ३३ मा सूचना नपाएको कारणले क्षति पुगेकोमा मात्र क्षतिपुर्ति भराई माग्न पाउने व्यवस्था रहेको हुँदा सूचना प्राप्त गर्न लागेको खर्च भराई दिने मक्सद नभएको हुँदा निवेदकको माग बमोजिमको क्षतिपूर्ति भराउन नसकिने हुँदा यसमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने ।

क्रम संख्या : १५/२४ उजुरी

मिति :	२०६९।५।२७
पक्ष :	दोलखा जिल्ला जिरी गा.वि.स.वडा नं ८ बस्ने **कृष्ण बहादुर खडका ।**
विपक्ष :	अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौं ।
विषय :	१. मिति २०६७।१।२८ मा दर्ता नं १२३९९ को पत्र उपरको कारबाहीको प्रक्रिया के-कुन रूपमा भैरहेको छ ? २. मिति २०६७।७।२ मा दर्ता नं. ६०६० को आर्थिक विवरण सहितको पत्रमा दोलखा जिल्ला जिरी गा.वि.स. वडा नं ८ जिरी हाट डाँडाबाट वडा नं. २ सम्मको सडक निर्माण कार्यको लागि मेरै अध्यक्षतामा उपभोक्त समिति गठन भएकोमा नक्कली समिति खडा गरी एकै नाम दिई आर्थिक अनियमितता गर्ने तात्कालिन गा.वि.स. सचिव उपर के-कस्तो कारबाही गरियो ? ३. छानविन र कारबाही प्रक्रियामा ढिलासुस्ती के-कस्तो कारणले भएको हो ?
मिति	**कारबाही/निर्णय**
२०६९।६।१६	आयोगले माग गरेको सूचना हालसम्म उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा मिति २०६९।५।२७ मा निवेदन गरेकोले निवेदकले माग गरेको सूचना सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(३) अन्तर्गत प्रवाह नगरिने सूचनाभित्र नपरेको हुँदा तपसिलको सूचना १५ (पन्ध्र) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगलाई जानकारी दिनू भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०६९।८।२९	अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौंको पत्र प्राप्त ।

२०६९।१०।३	अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौंको जानकारी सम्बन्धमा पत्र प्राप्त ।
२०७०।२।६	पुनः उजुरी ।
२०७०।२।१३	निवेदनमा उल्लिखित सूचना सूचनाको हकको दफा ३(३) ले रोक नलगाएका सूचना उपलब्ध गराउनू भनी सूचना अधिकारी अख्तियार अनुसन्धान आयोगका नाममा आदेश जारी गरिएको ।
२०७०।३।११	अख्तियार अनुसन्धान आयोगको राजश्व दाखिला गरी सूचना लिन सम्पर्क गर्ने सम्बन्धमा पत्र प्राप्त ।
	अर्को आ.ब.मा सरेको ।
२०७०।५।१८	पुनःनिवेदन ।

क्रम संख्या : १६/२५ निवेदन

मिति :	२०६८।०८।२२
पक्ष :	**पद्म कुमार मेधासी शाह,** काठमाडौ जिल्ला, का.म.पा–३२ ।
विपक्ष :	नेपाल शेयर मार्केट्स एण्ड फाईनान्स लिमिटेडका प्रमुख तथा अध्यक्ष समेत श्री अर्जुन कुमार श्रेष्ठ र प्रमुख कार्यकारी अधिकृत श्री नन्दनहरि शर्मा ।
विषय :	१. DDA (Due Delegence Audit) को प्रतिवेदन ।
मिति	**कारबाही/निर्णय**
२०६८।०९।०३	DDA (Due Delegence Audit) को प्रतिवेदन उपलब्ध गराउन र उपलब्ध गराउन नमिल्ने भए कारण ७ (सात) दिन भित्र लेखि पठाउन आदेश जारी ।
२०६८।०९।१८	बैंकिङ्ग कसूर ऐन, २०६४ को दफा ४(२) अनुसार ग्राहकको लिखित मञ्जुरीवेगर अन्य कसैलाई पनि विवरण उपलब्ध गराउने कार्य निषेधित अथवा बैंकिङ्ग कसूर भित्र पर्ने भन्ने नेपाल शेयर मार्केट्स एण्ड फाईनान्स लिमिटेड (वित्तीय संस्था)को पत्र ।
२०६८।११।०३	मिति २०६८।०९।१७ को पत्र मार्फत् सूचना दिन नमिल्ने कारणसहितको जानकारी प्राप्त भएको हुँदा सो सूचना उपलब्ध गराउनु पर्ने हो कि होइन भनी निर्क्योलमा पुग्नकालागि प्रस्तुत जवाफ/कारण पर्याप्त नदेखिएकोले आयोगलाई सो डीडीए प्रतिवेदन हेर्न आवश्यक भएको हुँदा उक्त प्रतिवेदन सहित ७ दिन भित्र यस आयोगमा उपस्थित हुन नेपाल सेयर मार्केट एण्ड फाइनान्स लि, (वित्तिय संस्था) का प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०६८।११।०९	नेपाल शेयर मार्केट्स एण्ड फाईनान्स लिमिटेडको प्रतिवेदन सहित उपस्थिती ।
२०६९।१।२७	उपस्थित भई छलफल ।
२०६९।४।७	**पद्म कुमार मेधासी शाहको** प्रतिलिपि पाउँ भन्ने निवेदन प्राप्त ।
२०६९।५।८	नेपाल शेयर मार्केट्स एण्ड फाईनान्स लिमिटेडको बोधार्थ पत्र प्राप्त ।
२०६९।५।१०	नेपाल शेयर मार्केट्स एण्ड फाईनान्स लिमिटेडको सूचना लिन आउनू भन्ने बोधार्थ पत्र प्राप्त ।

२०६९।५।१२	नेपाल शेयर मार्केट्स एण्ड फाईनान्स लिमिटेड (वित्तीय संस्था)को मिति २०६९।५।१० को पत्रद्वारा निवेदकलाई सूचना लिन आउनू भनी पत्राचार गरी यस आयोगलाई समेत बोधार्थ उपलब्ध गराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गरी दिने ।

क्रम संख्या : १७/२८ निवेदन

मिति :	२०६८।०८।२६
पक्ष :	जिल्ला बारा लिपनीमाल गा.वि.स.वडा नं.४ हाल वि.उ.म.न.पा.वडा नं. १५, पर्सा बस्ने विनय यादव ।
विपक्ष :	वीरगंज उप–महानगरपालिका ।
विषय :	१.आ.ब. २०६७/२०६८ को अवधिमा त्यस उप–महानगरपालिकाले कुन कुन कर्मचारीलाई कति कति रकम तलब भत्ताको रूपमा भुक्तानी गरेको छ, ती कर्मचारीहरूलाई कुन काममा खटाईएको छ र उनीहरूको नियुक्ति मिति र किसिम के हो ?
मिति	**कारबाही/निर्णय**
२०६८।०९।०३	निवेदकले माग गरेका सूचनाहरू उपलब्ध गराई यस आयोगलाई जानकारी गराउनु, निवेदकले माग गरेका सूचनाहरू दिन नमिल्ने भए के कति कारणले नमिल्ने हो सोको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कारण सहित लेखी पठाउन वीरगंज उप–महानगरपालिका कार्यालयका प्रमुखका नाममा आदेश जारी ।

क्रम संख्या : १८/२९ निवेदन

मिति :	२०६८।०९।०३
पक्ष :	वन विभाग बबरमहल काठमाडौंका रेन्जर **रमेश कुमार गिरी** ।
विपक्ष :	लोकसेवा आयोग केन्द्रीय कार्यालय अनामनगर काठमाडौं ।
विषय :	१. निवेदकले दिएको निवेदन माथि अहिलेसम्म के कारबाही भयो र कुन–कुन मितिमा के–के गरियो ? २. निवेदकको निवेदन कुन कर्मचारी वा पदाधिकारीकहाँ पुग्यो, त्यहाँ कति दिनसम्म रह्यो र उहाँहरूबाट उक्त निवेदनमाथि के कारबाही भयो, सबै पदाधिकारीहरूको नाम, पद र फोन नम्वरको जानकारी । ३. उक्त निवेदनमाथि त्यहाँ आयोगको नियम, निर्देशिका र नागरिक बडापत्र अनुसार कति समयभित्र कारबाही हुनुपर्छ, आयोगको नियम, निर्देशिका वा बडापत्रमा सो सम्बन्धी उल्लेखित कुराहरूको नक्कल प्रति ।
मिति	**कारबाही/निर्णय**
२०६८।०९।१२	निवेदकले माग गरेका सूचनाहरू उपलब्ध गराई यस आयोगलाई जानकारी गराउनू, निवेदकले माग गरेका सूचनाहरू दिन नमिल्ने भए के कति कारणले नमिल्ने हो सोको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कारण सहित लेखी पठाउन लोकसेवा आयोग केन्द्रीय कार्यालय अनामनगर काठमाडौंका सचिवको नाममा आदेश जारी ।

२०६८।०९।२१	लोक सेवा आयोगको लिखित जवाफ पेश गरेको पत्र प्राप्त ।
२०६९।०३।३१	सूचना दिईसकेको भनी पुनः सूचना लिने कार्यलाई ऐनले रोक लगाएको देखिदैन । तसर्थ निवेदकले माग गरेको सवै सूचनाहरू निवेदकलाई उपलब्ध गराई आयोगलाई जानकारी दिन लोक सेवा आयोगको कार्यालय प्रमुख (सचिव)को नाममा यो आदेश जारी गरिएको छ । साथै निवेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त भएपछि लगत कट्टा गर्ने गरी हाललाई प्रस्तुत मिसिल तामेलीमा राख्न समेत यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : १९/३१ निवेदन

मिति :	२०६८।०९।११
पक्ष :	हृदय रत्न शाक्य ।
विपक्ष :	राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार, ललितपुर ।
विषय :	१. दरवन्दी पुनरावलोकन सम्बन्धी, पदपूर्ति सम्बन्धी निर्णयहरूको माइनुटको प्रमाणित प्रतिलिपि । २. वायोलोजी, सिरोलोजी, वन्यजन्तु र डि.ए.ए. इकाईमा खरिद गरेको Chemicals, र उपकरणहरू (जेनेटर र AVR समेत)का वोलपत्र र खरिद सम्बन्धी । ३. नयाँ डि.ए.ए. प्रयोगशालाका निर्माणको वोलपत्र आधार र ठेक्का सम्बन्धी । उक्त सूचनाको आजका मितिसम्मको निर्णयको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६८।०९।१२	निवेदकले माग गरेका सूचनाहरू उपलब्ध गराई यस आयोगलाई जानकारी गराउनू, निवेदकले माग गरेका सूचनाहरू दिन नमिल्ने भए के कति कारणले नमिल्ने हो सोको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कारण सहित लेखी पठाउन राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार, ललितपुरका प्रमुखका नाममा आदेश जारी ।

क्रम संख्या : २०/३२ निवेदन

मिति :	२०६८।०९।१२
पक्ष :	जिल्ला सप्तरीका गा.वि.स. वनैनियाँ वडा नं. ४ बस्ने ललित प्रसाद सिंह ।
विपक्ष :	जिल्ला शिक्षा कार्यालय, सप्तरी ।
विषय :	१. आर्थिक वर्ष २०५५/२०५६ देखि सूचना उपलब्ध हुने मितिसम्मको मा.वि.वनैनियाँ (तत्कालिन नि.मा.वि) लाई जिल्ला शिक्षा कार्यालयबाट दिएको बजेटको निकासा । २. आर्थिक वर्ष २०५५/२०५६ देखि हालसम्मको त्यस मा.वि.मा दिएको दरवन्दी स्वीकृत र नियुक्ति भएको शिक्षकको जिल्ला शिक्षा कार्यालयले गरेको अनुमोदन र सोको लागि त्यस मा.वि.बाट भएको निर्णयहरू ।

	३. जिल्ला शिक्षा कार्यालय, सप्तरीमा आर्थिक वर्ष २०५९/२०६० देखि हालसम्म जिल्ला भरीको लागि आएको बजेट निकासाहरू र खर्चौटाहरू । प्रत्येक विद्यालयहरूको छुट्टा छुट्टै । ४. जिल्लाभरिमा प्रत्येक विद्यालयमा भएको दरवन्दी र कार्यरत शिक्षकहरू (दरवन्दी अनुसार) प्रत्येक आ.ब.को छुट्टा छुट्टै २०५९ देखि हालसम्मको विवरण।
मिति	**कारबाही/निर्णय**
२०६८।०९।१२	निवेदकले माग गरेका सूचनाहरू उपलब्ध गराई यस आयोगलाई जानकारी गराउनु, निवेदकले माग गरेका सूचनाहरू दिन नमिल्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कारण सहित लेखि पठाउन जिल्ला शिक्षा कार्यालय, सप्तरीका प्रमुखको नाममा आदेश जारी ।
२०६८।११।३०	जिल्ला शिक्षा कार्यालय, सप्तरीको पत्र प्राप्त ।
२०६९।२।१२	निवेदकलाई सूचना दिई त्यसको जानकारी यस आयोगमा गराएको नदेखिएकोले निवेदकले माग गरेको सबै सूचना उपलब्ध गराउनु पर्ने नै प्रकृतिको सूचना रहेको र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(३) अन्तर्गत पर्ने, दिनु नपर्ने सूचना भित्र नपरेको हुदाँ निवेदकले माग गरेको तपसिलका सूचना १५ दिन भित्र उपलब्ध गराई यस आयोगलाई जानकारी दिनू भनी जिल्ला शिक्षा कार्यालय, सप्तरीका प्रमुखको नाममा आदेश जारी गरिएको छ। सूचना नदिएमा सूचनाको हक सम्बन्धी ऐनको दफा ३२ बमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाइने कुराको जानकारी गराई यसको जानकारी निवेदकलाई दिनू ।
२०६९।४।११	माध्यमिक विद्यालय वनैनिया ४ को सूचनाहरू लिन आउने सम्बन्धी निवेदकलाई पत्राचार गरी आयोगलाई बोधार्थ दिएको पत्र प्राप्त ।
२०६९।४।१७	आयोगले विभिन्न मितिमा गरेको आदेसानुसार माग बमोजिमका सूचना लिन आउन भनी श्री माध्यमिक विद्यालय वनैनियाँ ४ सप्तरीका प्र.अ. ले निवेदक ललित प्रसाद सिंहलाई च.नं. ४९ मिति २०६९।३।२६ को पत्रद्वारा जानकारी गराई आयोगलाई समेत सोको बोधार्थ प्रेषित गरेको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : २१/३८ निवेदन

मिति :	२०६८।१०।०२
पक्ष :	फ्रिडम फोरम थापाथली काठमाडौंका तारानाथ दाहाल ।
विपक्ष :	नेपाल आयल निगम बबरमहल, काठमाडौं ।
विषय :	१. नेपाल आयल निगमले २०६३ साउन १ गते देखि आज सम्म क–कस्लाई कति–कति परिमाणमा निशुल्क तेलको कुपन वितरण गरेको छ, त्यसको पूर्ण विवरण । २. नेपाल आयल निगमले निशुल्क तेलको कुपन वितरण गर्दा केका आधारमा वितरण गर्ने गरेको छ, त्यस सम्बन्धी कुनै नीतिगत निर्देशिका वा मापदण्ड वा निर्णय छ भने सोको प्रतिलिपि ।

	३. नेपाल आयल निगमले २०६३ साउन १ गते देखि हालसम्म खरिद तथा विक्री गरेको तेल तथा एल.पी ग्यासको परिमाण तथा खरिद र खुद्रा विक्री मूल्य सम्बन्धी विवरणको सम्पूर्ण विवरणहरू ।
मिति	**कारबाही/निर्णय**
२०६८।१०।०५	उजुरीकर्ताले माग गरेको सूचना ७ (सात) दिन भित्र उपलब्ध गराई यस आयोगलाई जानकारी दिनु, सूचना उपलब्ध गराउन नमिल्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिनभित्र उजुरीकर्तालाई दिई सो समेतको जानकारी यस आयोगमा उपलब्ध गराउन नेपाल आयल निगम बबरमहल, काठमाडौंका प्रमुखको नाममा आदेश जारी ।
२०६८।११।०३	मिति २०८६।१०।०५ को आदेशको कार्यान्वयन नभएकोमा कार्यान्वयन सम्बन्धमा यथाशीघ्र जानकारी गराउन गरेको पत्राचार ।
२०६८।१२।१७	नेपाल आयल निगमको विवरण पठाएको पत्र प्राप्त ।
२०६८।१२।२६	आयोग समक्ष उपस्थित भै छलफल ।
२०६८।१२।२८	पुनः पुनरावेदन प्राप्त ।
२०६९।२।२१	पुनः आदेश ।
२०६९।२।३१	नेपाल आयल निगमको विवरण पठाएको पत्र प्राप्त ।
२०६९।३।२७	मिति २०६९।०४।०१ गते दिनको २ वजे यस आयोगमा उपस्थित हुन पुनरावेदक तारानाथ दाहाल र नेपाल आयल निगम बबरमहल, काठमाडौंका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०६९।४।१	आयोग समक्ष उपस्थित भै छलफल ।
२०६९।५।६	नेपाल आयल निगमको पठाएको पत्र प्राप्त ।
२०६९।५।१३	सूचनाको हकसम्बन्धी ऐनको मुख्य उद्देश्य सार्वजनिक निकायलाई पारदर्शी वनाई नागरिकप्रति जिम्मेवार र उत्तरदायी वनाउनु भएको र नेपाल आयल निगमका पछिल्ला क्रियाकलाप यस्ता सूचनाहरू पत्रपत्रिकामा समयसमयमा सार्वजनिक गरेको, वेभ साइटमा राख्ने गरेको निजको भनाई भएको र निगमको मिति २०६९।५।६ को पत्रद्वारा निवेदकलाई भए सम्मका सूचनाहरू उपलब्ध गराईसकेको जानकारी प्राप्त भएको सन्दर्भमा नेपाल अयल निगमका प्रमुख सुरेशकुमार अग्रवाल सूचनाको हकप्रति संवेदनशील रहेको देखिएको र निजको सूचना नदिने नै मनसाय रहेको भन्न मिल्ने अवस्था नरहेको हुँदा नेपाल आयल निगमका प्रमुख सुरेशकुमार अग्रवाललाई पुनरावेदकको माग बमोजिम सजाय गरिरहनु पर्ने देखिएन । यस्को जानकारी पुनरावेदक तारानाथ दाहाल र नेपाल आयल निगमका प्रमुख सुरेशकुमार अग्रवाललाई दिनू ।
२०६९।५।२५	नेपाल आयल निगमको विवरण पठाएको पत्र प्राप्त ।

क्रम संख्या : २२/४१ निवेदन

मिति :	२०६८।१०।०८
पक्ष :	बुढानीलकण्ठ स्कूल स्टाफ युनियनका सचिव तथा शिक्षक **देवेन्द्र सिंह ।**
विपक्ष :	बुढानीलकण्ठ स्कूलको प्रिन्सिपल ।
विषय :	विद्यालयमा भएको शिक्षक, कर्मचारीको नियुक्ति तथा वढुवा, विद्यार्थी भर्ना, विद्यालयको हिसाव किताव (लेखा परीक्षण रिपोर्ट) तथा बजेट आदि अभिभावक विद्यार्थी पत्रकारको माझमा जानकारी गराउने हेतुले सार्वजनिक महत्वको सूचनाको जानकारी ।
मिति	**कारबाही/निर्णय**
२०६९।१।१८	प्रारम्भिक आदेश ।
२०६९।४।७	उपस्थित हुन आदेश जारी ।
२०६९।४।३१	आयोग समक्ष उपस्थित भै छलफल ।
२०६९।५।२०	बुढानीलकण्ठ स्कूल स्टाफको माग भए बमोजिमको पत्र प्राप्त ।
२०६९।६।१६	प्रिन्सिपलले निवेदक देवेन्द्र सिंहलाई वुढानीलकण्ठ स्कूलको सामाजिक विभागको प्रमुखबाट मिति २०६८।१०।३ मा हटाउन गरेको कार्य-निर्णय सूचनाको हकसम्बन्धी ऐन, २०६४ दफा २९(३) को प्रतिकूल देखिएको हुँदा उक्त निर्णय ऐनको दफा २९(४) बमोजिम बदर गर्ने निर्णय गरिएको छ। सो कार्य-निर्णय बदर गर्नू भनी वुढानीलकण्ठ स्कूलका प्रिन्सिपल नारायणप्रसाद शर्माका नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।६।२१	बुढानीलकण्ठ स्कूलको निवेदकलाई पुनःवहाली गरेको पत्र प्राप्त ।
२०६९।७।१६	पुनः नियुक्त गरी आयोगलाई जानकारी समेत गराईसकेको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : २३/४६ निवेदन

मिति :	२०६८।१०।१५
पक्ष :	**बिना सिल्वाल ।**
विपक्ष :	पूर्वाञ्चल विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय ।
विषय :	स्नातक तह प्रथम वर्षको परीक्षाको परीक्षाफल मा चित्त नबुझेकोले Applied Science "A" र Applied Science "B" विषयको उत्तर पुस्तिका हेर्न पाउँ ।
मिति	**कारबाही/निर्णय**
२०८६।१०।१९	निवेदकको माग बमोजिम उत्तर पुस्तिकाको प्रमाणित प्रतिलिपि उपलब्ध गराई त्यसको जानकारी यस आयोगलाई गराउनू उत्तर पुस्तिकाको प्रमाणित प्रतिलिपि दिन नमिल्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र यस आयोगमा लेखि पठाउन पूर्वाञ्चल विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयका परीक्षा नियन्त्रकको नाममा आदेश जारी ।

क्रम संख्या : २४/४७ निवेदन

मिति :	२०६८।१०।१९
पक्ष :	का.जि.का.म.न.पा.वडा नं. ७ बस्ने नेपाल विद्युत प्राधिकरण, श्री ग्रीड संचालन विभाग, मिनभवन, काठमाडौंमा सहायक प्रवन्धक पदमा कार्यरत **थर्क बहादुर थापा ।**

विपक्ष :	**नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय** रत्नपार्क, काठमाडौं ।
विषय :	नेपाल विद्युत प्राधिकरणको प्राविधिक सेवाको तह ९, इलेक्ट्रिकल समूहको उप–प्रवन्धक पदका लागि मिति २०६७।०६८ आ.प्र. ४ मा लिईएको लिखित परीक्षाको निवेदकको उत्तरपुस्तिकाको सक्कलै कपी, प्राप्ताङ्क, योग र कैफियत हेर्न दिलाई उक्त नतिजाको मिति २०६८।०८।२८ मा भएको अन्तरवार्ताको नतिजाको प्राप्ताङ्क सहित उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६८।१०।२४	निवेदकको माग बमोजिम सूचना निजलाई उपलब्ध गराई दिनू र दिन नमिल्ने भए दिन नमिल्ने कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र लेखि पठाउन नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय रत्नपार्क, काठमाडौंका प्रमुखका नाममा आदेश जारी ।
२०६९।१।१०	नेपाल विद्युत प्राधिकरणको पत्र प्राप्त ।
२०६९।२।२१	उपस्थित हुन आदेश जारी ।
२०६९।२।३०	आयोग समक्ष उपस्थित भै छलफल ।
२०६९।३।२८	अतःनिवेदकले मागेको सूचना ऐनको दफा ३(३) ले रोक लगाएको सूचना भित्र नपरेको हुँदा निवेदकले मागेको तपसिलका सूचना १५ (पन्ध्र) दिन भित्र उपलब्ध गराई त्यसको जानकारी यस आयोगलाई दिनू भनी नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय रत्नपार्क, काठमाडौंका प्रमुखका नाममा यो आदेश जारी गरिएको छ। यसको जानकारी निवेदकलाई दिनू ।
२०६९।५।१७	निवेदकले निवेदन उपरको थप प्रक्रिया अगाडि वढाउन नपर्ने व्यहोराको निवेदन प्राप्त ।
२०६९।५।१९	नेपाल विद्युत प्राधिकरणको आदेश कार्यान्वयन सम्बन्धी पत्र प्राप्त ।
२०६९।५।२७	नेपाल विद्युत प्राधिकरणको च.नं. १३ मिति २०६९।५।१८ को पत्र मिति २०६९।५।१९ मा यस आयोगमा प्राप्त भएकोले निवेदन उपरको कारबाही प्रकृया अगाडि बढाउनु नपर्ने भएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गरिएको छ ।

क्रम संख्या : २५/४९ निवेदन

मिति :	२०६८।१०।२६
पक्ष :	पर्सा जिल्ला उदयपुर धुर्मी, वार्ड नं. २ बस्ने शम्भु प्रसाद यादव
विपक्ष :	उदयपुर धुर्मी गा.वि.स.का सचिव
विषय :	**तपसिल** १. आ.ब.२०६२।०६३ सालदेखि २०६७।०६८ सम्मको गा.वि.स.को माइन्यूटको प्रमाणित फोटोकपी । २. आ.ब.२०६२।०६३ सालदेखि २०६७।०६८ साल सम्मको लेखा परीक्षणको प्रमाणित प्रतिलिपि । ३. आ.ब.२०६२।०६३ सालदेखि २०६७।०६८ साल सम्मको बैंक स्टेटमेन्ट (Bank Statement) को प्रमाणित प्रतिलिपि ।

मिति	कारबाही/निर्णय
२०६८।११।१५	निज निवेदकले माग गरेका तपसिलका सूचना उपलब्ध गराई यस आयोगलाई जानकारी दिन हुन र सूचना उपलब्ध गराउन नमिल्ने भए के कति कारणले नमिल्ने हो सोको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र यस आयोगमा पठाउन उदयपुरधुर्मी गा.वि.स.का सचिवको नाममा आदेश
२०६९।७।१७	जानकारी गराइएको सम्बन्धमा निज निवेदकको निवेदन प्राप्त ।
२०६९।९।६	आदेश बमोजिमका सूचनाहरू निवेदकलाई उपलब्ध गराई सोको जानकारी यस आयोगलाई गराउनू, अन्यथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाहीको प्रकृया अघि वढने व्यहोरा समेत जानकारी गराउने गरी जिल्ला शिक्षा कार्यालय पर्साका प्रमुखको नाममा आदेश जारी गरिएको छ। निवेदकको निवेदन समेत साथै राखि पठाउनू भन्ने आदेश ।
२०७०।३।२	जिल्ला शिक्षा कार्यालयको पत्र प्राप्त ।
२०७०।३।१४	जिल्ला शिक्षा कार्यालय, पर्साले निजलाई मिति २०७०।२।२३ मा सूचना दिइसकेको जानकारी गराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : २६/५० निवेदन

मिति :	२०६८।१०।२६
पक्ष :	पर्सा जिल्ला गा.वि.स.हरपतगंज वडा.नं. ७ बस्ने शिवशरण राउत
विपक्ष :	गा.वि.स.को कार्यालय, हरपतगंज, पर्सा
विषय :	१. आ.ब. ०६२/०६३ सालदेखि ०६७/०६८ सालसम्मको गा.वि.स.को माइन्यूटको प्रमाणित प्रतिलिपि । २. आ.ब. ०६३/०६४ सालदेखि ०६७/०६८ सालसम्मको सामाजिक सुरक्षा वापत आएको रकम कुन-कुन शीर्षकमा के-कति रकम बाँडिएको छ वा खर्च गरिएको छ सोको प्रमाणित प्रतिलिपि । ३. आ.ब. ०६३/०६४ सालदेखि ०६७/०६८ सालसम्मको लेखा परीक्षणको प्रमाणित प्रतिलिपि । ४. आ.ब. ०४९/०५० सालदेखि आ.ब. ०६७/०६८ सालसम्म कुन-कुन व्यक्ति वा संस्थाको नाममा पेश्की बाँकी छ सोको प्रमाणित प्रतिलिपि । ५. आ.ब. ०५०/०५१ सालदेखि ०६७/०६८ सालसम्मको इलाका स्तरीय, जिल्ला स्तरीय र केन्द्र स्तरीय कुन शीर्षकमा वा योजनामा के-कति रकम खर्च गरिएको छ, सोको प्रमाणित प्रतिलिपि । ६. आ.ब. ०५०/०५१ सालदेखि ०६७/०६८ साल सम्ममा यस गा.वि.स. मा संसदीय विकास कोषबाट आएको रकममा कुन-कुन शीर्षक वा योजनामा खर्च गरिएको छ सोको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६८।११।१५	निवेदकले माग गरेको सूचना उपलब्ध गराईदिनू, सूचना दिन नमिल्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र यस आयोगमा पठाउन गा.वि.स.को कार्यालय, हरपतगंज, पर्साका सचिवको नाममा आदेश ।

२०६९।४।१६	जि.वि.स कार्यालय पर्साबाट जानकारी गराईएको पत्र प्राप्त ।
२०६९।४।२१	गा.वि.स.को कार्यालय, हरपतगंज, पर्साबाट जानकारी सम्बन्धमा पत्र प्राप्त ।
२०७०।२।३	मिति २०६८।११।१५ मा आदेश जारी गरिसकेको र निवेदनले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : २७/५१ निवेदन

मिति :	२०६८।११।१६
पक्ष :	मनमोहन मेमोरियल इन्स्टिच्यूट अफ हेल्थ साईन्सेज नख्खु, ललितपुरका महेन्द्र खड्का
विपक्ष :	पूर्वाञ्चल विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय
विषय :	१. B.pharm 2nd semester को मिति २०६७।११।२७ देखि संचालन भएको वार्षिक परीक्षाका निम्न विषयको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि । क. Advance–mathmatics ख. Pharmacetical Analysis
मिति	**कारबाही/निर्णय**
२०६८।११।१७	परीक्षकको नामनामेसी नखुल्ने गरी निवेदकको माग बमोजिम उत्तर पुस्तिकाको प्रमाणित प्रतिलिपि उपलब्ध गराई त्यसको जानकारी यस आयोगलाई गराउन उत्तर पुस्तिकाको प्रमाणित प्रतिलिपि दिन नमिल्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र यस आयोगमा लेखी पठाउन पूर्वाञ्चल विश्वविद्यालय,परीक्षा नियन्त्रण कार्यालयका परीक्षा नियन्त्रकको नाममा यो आदेश
२०६९।२।११	पूर्वाञ्चल विश्वविद्यालयको आदेश कार्यान्वयन सम्बन्धी पत्र प्राप्त ।
२०६९।३।२९	पूर्वाञ्चल विश्वविद्यालय परीक्षा व्यवस्थापन कार्यालय विराटनगरको मिति २०६९।०२।०१ को पत्रसंग सहमत हुने आधार र कारण नदेखिएको हुँदा कार्याविधि प्राप्त भै नसकेको अवस्थामा सूचनाको हकसम्बन्धी ऐन २०६४ र नियमावली २०६५ बमोजिम १५ (पन्ध्र) दिन भित्र परीक्षकको नाम नामेसी नखुल्ने गरी निवेदकको माग बमोजिम उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि उपलब्ध गराउनू भनी पूर्वाञ्चल विश्वविद्यालय परीक्षा व्यवस्थापन कार्यालयका परीक्षा नियन्त्रक डा. तीर्थकुमार श्रेष्ठको नाममा यो आदेश जारी गरिएको ।

क्रम संख्या : २८/५४ निवेदन

मिति :	२०६८।११।२३
पक्ष :	तेजविनायक, मा.वि., गोठाटारको शिक्षक सिद्धराज मिश्र
विपक्ष :	तेजविनायक, मा.वि.गोठाटारका प्रधानाध्यापक श्री मधु तिमिल्सिना
विषय :	१. मिति २०६८।११।०१ मा जिल्ला शिक्षा अधिकारीज्यूलाई लेखेको पत्रमा (संलग्न) उल्लेख भएका क्र.सं.१ देखि ६ सम्मका सवै कागजातहरू । २) मेरो तलबस्केल, ग्रेड आदि खुलेको प्रमाणित पत्र । ३) मलाई विद्यालयको निर्देशकमा नियुक्ति गर्दा विद्यालय व्यवस्थापन समितिले निर्णय गरी दिएका काम, कर्तव्य र अधिकारको प्रतिलिपि ।

मिति	कारबाही/निर्णय
२०६८।१२।१७	निवेदकले माग गरेको सूचना उपलब्ध गराईदिनू, सूचना दिन नमिल्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ दिन भित्र यस आयोगमा पठाउन तेजविनायक, मा.वि.गोठाटारका प्रधानाध्यापक श्री मधु तिमिल्सिना नाममा आदेश ।
२०६९।२।२४	तेजविनायक, मा.वि.गोठाटारको पत्र प्राप्त ।
२०६९।४।७	उपस्थितको लागि आदेश ।
२०६९।५।५	आयोग समक्ष उपस्थित भै छलफल ।
२०६९।५।६	तेजविनायक, मा.वि.गोठाटारको सूचना लिन आउनु भन्ने पत्र प्राप्त ।
२०६९।५।३१	मिति २०६८।११।२३ मा यस आयोग समक्ष निवेदन गरेकोमा निवेदकले माग गरेका सूचनाहरू लिन आउनु भनी निवेदकलाई पत्राचार गरी मिति २०६९।५।५ च.नं. ३४ को बोधार्थ यस आयोगमा प्राप्त भएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गरि दिने ।

क्रम संख्या : २९/५५ निवेदन

मिति :	२०६८।११।२६
पक्ष :	जिल्ला मोरङ्ग विराटनगर उपमहानगरपालिका वडा नं. ५ बस्ने श्री सुस्मा सुवेदी
विपक्ष :	उच्च माध्यमिक शिक्षा परिषद, सानो ठिमी भक्तपुरका प्रमुख
विषय :	१. परीक्षामा सामेल भएर पनि पुनरावेदकको परीक्षाफल के कति कारणले गयल परीक्षाफल प्रकाशन भएको हो सोको कारण सहितको जानकारी विवरण । २. यस प्रकारका गल्ति कमजोरी भएमा जिम्मेवार कर्मचारीहरूलाई के कस्तो कारबाहीको प्रावधान छन्, सोको प्रतिलिपिको विवरण ।
मिति	**कारबाही/निर्णय**
२०६८।१२।०६	पुनरावेदकले माग गरेका तपसिलका सूचना उपलब्ध गराईदिनु, सूचना दिन नमिल्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ दिन भित्र यस आयोगमा पठाउन उच्च माध्यमिक शिक्षा परिषद्, सानो ठिमी भक्तपुरका प्रमुखको नाममा आदेश।
२०६८।१२।३०	उच्च माध्यमिक शिक्षा परिषद्, सानो ठिमी भक्तपुरको च.नं. २७८ को आदेश कार्यान्वयन सम्बन्धी पत्र प्राप्त ।
२०६९।४।२१	पूर्व आदेश बमोजिमको सूचना ७ (सात) दिन भित्र पुनरावेदक सुष्मा सुवेदीलाई दिई यस आयोगलाई जानकारी गराउनू भनी उच्च माध्यमिक शिक्षा परिषद्, सानो ठिमी भक्तपुरका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०६९।९।८	उच्च माध्यमिक शिक्षा परिषद्, सानो ठिमी भक्तपुरको पत्र प्राप्त ।
२०६९।९।१२	माग गरेका सूचना माग बमोजिमकै ढाँचामा निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई यस आयोगलाई जानकारी दिनू भनी उच्च माध्यमिक शिक्षा परिषद, सानो ठिमी भक्तपुरका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ। यो आदेशको अटेर गरी माग बमोजिम सूचना उपलब्ध नगराएमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने व्यहोराको जानकारी समेत निजलाई गराउनू ।

क्रम संख्या : ३०/५७ निवेदन

मिति :	२०६८।११।३०
पक्ष :	जिल्ला रौतहट गा.वि.स. पचखती ८ निवासी तथा प्रतीक दैनिक, रौतहट सम्वाददाता **शैलेन्द्र झा ।**
विपक्ष :	जिल्ला स्वास्थ्य कार्यालय, रौतहट ।
विषय :	१. स्वास्थ्य शिक्षा कार्यक्रमका लागि कति बजेट आएको थियो सोको सूचना, २. कुन कुन कार्यक्रम सम्पन्न भएको हो कति खर्च भएको र बाँकी रहेको छ, सोको सूचना, ३. कुन कुन कार्यक्रम गर्न बाँकी रहेको छ सोको सूचना ।
मिति	**कारबाही/निर्णय**
२०६८।१२।१७	पुनरावेदक/निवेदकले माग गरेका तपसिलका सूचना उपलब्ध गराईदिनू, सूचना दिन नमिल्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ दिन भित्र यस आयोगमा पठाउन जिल्ला स्वास्थ्य कार्यालय, रौतहटका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०६९।५।२७	निवेदकले माग गरेका तपसिलका सूचना ७ (सात) दिन भित्र उपलब्ध गराउनु र आयोगको आदेश अटेर गरेकोमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को ३२ बमोजिम तपाईलाई किन कारबाही गर्न नपर्ने हो सोको कारण सहितको लिखित जवाफ ७ (सात) दिन भित्र पठाउन जिल्ला स्वास्थ्य कार्यालय रौतहटको प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।१०।८	जिल्ला स्वास्थ्य कार्यालय रौतहटको मिति २०६९।९।२४ च.नं.७७३ को पत्र प्राप्त ।
२०७०।१।३	जिल्ला स्वास्थ्य कार्यालय रौतहटको मिति २०६९।९।२४ च.नं.७७३ को पत्रबाट यस आयोगमा सूचना उपलब्ध गराएको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : ३१/५८ निवेदन

मिति :	२०६८।११।३०
पक्ष :	जिल्ला सप्तरी गा.वि.स. कल्याणपुर वडा नं. ३ बस्ने श्रीमती सरिता देवी अग्रवाल
विपक्ष :	एन.आई.डि.सि.डेभलपमेन्ट बैंक लि.दरवारमार्ग काठमाडौंका प्रमुख
विषय :	एन.आई.डि.सि. डेभलपमेन्ट बैंक लि. बाट मिति २०६८।११।०१ गतेको गोरखापत्रमा प्रकाशित शिल्ड टेण्डर सम्बन्धी भएको कारबाहीसंग संलग्न निर्णय सहितको कागजातको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६८।१२।०६	निवेदकले माग गरेका तपसिलका सूचना उपलब्ध गराईदिनु, सूचना दिन नमिल्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ दिन भित्र यस आयोगमा पठाउन एन.आई.डि.सि.डेभलपमेन्ट बैंक लि.दरबारमार्ग काठमाडौंका प्रमुखको नाममा आदेश।
२०६८।१२।१७	एन.आई.डि.सि.डेभलपमेन्ट बैंक लि.दरबारमार्ग काठमाडौंका लिखित जवाफ प्राप्त ।

२०६९।३।२७	मिति २०६८।१२।१७ गते प्राप्त लिखित जवाफको सम्बन्धमा केही थप विषयमा स्पष्ट हुनुपर्ने भएकोले मिति २०६९।०४।०१ गते दिनको १.३० वजे एन.आई.डि.सि. डेभलपमेन्ट बैंक लि. बाट मिति २०६८।११।०१ गतेको गोरखापत्रमा प्रकाशित शिल्ड टेण्डर सम्बन्धी भएको कारबाहीसंग सम्बन्धित निर्णय सहितको कागजात लिई यस आयोगमा उपस्थित हुन एन.आई.डि.सि.डेभलपमेन्ट बैंक लि.दरबारमार्ग काठमाडौंका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।३।३१	आयोग समक्ष उपस्थित भै छलफल ।
२०६९।४।१५	पुन : आदेश ।
२०६९।५।७	एन.आई.डि.सि.डेभलपमेन्ट बैंक लि.दरबारमार्ग काठमाडौंका पत्र प्राप्त ।
२०६९।५।१२	मिति २०६९।५।६ को एन.आई.डि.सि.डेभलपमेन्ट बैंक लि.को पत्रद्वारा निज निवेदकले माग गरेका सूचनाहरू उपलब्ध गराई सोको बोधार्थ यस आयोगमा दिएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गरि दिने ।

क्रम संख्या : ३२/५९ निवेदन

मिति :	२०६८।११।३०
पक्ष :	जिल्ला सप्तरी गा.वि.स. कल्याणपुर वडा नं. ३ बस्ने श्रीमती मिना देवी अग्रवाल
विपक्ष :	एन.आई.डि.सि.डेभलपमेन्ट बैंक लि.दरबारमार्ग काठमाडौंका प्रमुख।
विषय :	एन.आई.डि.सि. डेभलपमेन्ट बैंक लि. बाट मिति २०६८।११।०१ गतेको गोरखापत्रमा प्रकाशित शिल्ड टेण्डर सम्बन्धी भएको कारबाहीसंग संलग्न निर्णय सहितको कागजातको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६८।१२।०६	निवेदकले माग गरेका तपसिलका सूचना उपलब्ध गराईदिनु, सूचना दिन नमिल्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ दिन भित्र यस आयोगमा पठाउन एन.आई.डि.सि.डेभलपमेन्ट बैंक लि.दरबारमार्ग काठमाडौंका प्रमुखको नाममा आदेश जारी ।
२०६८।१२।१७	एन.आई.डि.सि.डेभलपमेन्ट बैंक लि.दरबारमार्ग काठमाडौंका लिखित जवाफ प्राप्त ।
२०६९।३।२७	मिति २०६८।१२।१७ गते प्राप्त लिखित जवाफको सम्बन्धमा केही थप विषयमा स्पष्ट हुनुपर्ने भएकोले मिति २०६९।०४।०१ गते दिनको १.३० बजे एन.आई.डि.सि. डेभलपमेन्ट बैंक लि. बाट मिति २०६८।११।०१ गतेको गोरखापत्रमा प्रकाशित शिल्ड टेण्डर सम्बन्धी भएको कारबाहीसंग सम्बन्धित निर्णय सहितको कागजात लिइ यस आयोगमा उपस्थित हुन एन.आई.डि.सि.डेभलपमेन्ट बैंक लि.दरवारमार्ग काठमाडौंका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।३।३१	आयोग समक्ष उपस्थित भै छलफल ।
२०६९।४।१५	पुन : आदेश ।
२०६९।५।७	एन.आई.डि.सि.डेभलपमेन्ट बैंक लि.दरवारमार्ग काठमाडौंका पत्र प्राप्त ।
२०६९।५।१२	मिति २०६९।५।६ को एन.आई.डि.सि.डेभलपमेन्ट बैंक लि.को पत्रद्वारा निज निवेदकले माग गरेका सूचनाहरू उपलब्ध गराई सोको बोधार्थ यस आयोगमा दिएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गरिदिने ।

क्रम संख्या : ३३/६० निवेदन

मिति :	२०६८।१२।०८
पक्ष :	जिल्ला कास्की पोखरा उप महानगरपालिका बस्ने **कृष्णबहादुर रानाभाट**
विपक्ष :	पोखरा उप महानगरपालिका कार्यालय ।
विषय :	१. हाल नगरपालिकाको कुन कुन स्थानमा सार्वजनिक शौचालय संचालनमा रहेका छन् ? २. संचालनमा रहेका कुन कुन सार्वजनिक शौचालयहरू नगरपालिकाद्वारा संचालित छन् र कुन कुन अन्य निकायद्वारा संचालित छन् ? ३. नगरपालिकाको महेन्द्रपुल, पृथ्वीचोकको क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गर्न यो आर्थिक वर्षमा कुनै योजना छ वा छैन ? ४. सार्वजनिक शौचालय निर्माण र संचालनको लागि नगरपालिकासँग यस आर्थिक वर्षमा के कस्तो योजना र बजेट छ ? ५. खुल्ला दिशा मुक्त क्षेत्र घोषण गर्नुपूर्व नगरपालिका भित्र कति वटा शौचालय निर्माण गरिए र तिनीहरूको लागत खर्च विवरण। कति हो, सो को विवरण
मिति	**कारबाही/निर्णय**
२०६८।१२।१४	यस राष्ट्रिय सूचना आयोगमा मिति २०६८।१२।८मा निवेदकले माग गरेका तपसिलका सूचना निज उजुरीकर्ता कृष्णवहादुर रानाभाटलाई उपलब्ध गराईदिनू, सूचना उपलब्ध गराउन नमिल्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र यस आयोगमा पठाउन पोखरा उप महानगरपालिका कास्कीका कार्यालयप्रमुख तिलक पौडेल र सोही कार्यालयका सूचना अधिकारीको नाममा आदेश जारी गरिएको ।
२०६९।६।१८	**कृष्णबहादुर रानाभाटको** ठेगाना नखुलेको र उहाँ कार्यालयमा सम्पर्कमा पनि नरहेको सूचना आयोगलाई प्राप्त ।
२०६९।७।१७	आदेश कार्यान्वयन सम्बन्धमा पोखरा उपमहानगरपालिकाको पत्र प्राप्त ।
२०६९।७।१९	पोखरा उप महानगरपालिकाको मिति २०६९।६।२५ गतेको पत्रमा निवेदक कृष्णबहादुर रानाभाटको ठेगाना नखुलेको र कार्यालयमा सम्पर्क समेत नगरेकोले सबै सूचना आयोगमा पठाएकोमा निज निवेदकलाई सूचना लिन जानू भनी टेलिफोनद्वारा जानकारी समेत गराईसकेको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ३४/६१ निवेदन

मिति :	२०६८।१२।०८
पक्ष :	जिल्ला कास्की पोखरा उप महानगरपालिका बस्ने **वीरेन्द्र सापकोटा ।**
विपक्ष :	नेपाल विद्युत प्राधिकरण कार्यालय मालेपाटन पोखरा कास्की ।
विषय :	१. विगतका वर्षजस्तै यस वर्ष पनि दैनिकी १४ घण्टा लोडसेडिङ हुनुको कारण के हो ? २. लोडसेडिङ हटाउनका लागि विद्युत प्राधिकरणले गर्ने काम, कर्तव्य र अधिकार के हुन सक्छन् ?

	३. अहिलेसम्म विद्युत प्राधिकरणले लोडसेडीङ हटाउन कस्तो प्रयास गरेको छ ? (गरेका काम कारबाही) ४. विद्युत आपुर्ति तथा साना लघुविद्युत् निर्माणमा निजीक्षेत्रसँग विद्युत प्राधिकरणले खेल्ने भूमिका के कस्तो छ ?
मिति	**कारबाही/निर्णय**
२०६८।१२।१७	यस राष्ट्रिय सूचना आयोगमा मिति २०६८।१२।८मा पुनरावेदकले माग गरेका तपसिलका सूचना निज पुनरावेदक विरेन्द्र सापकोटालाई उपलब्ध गराईदिनू, सूचना उपलब्ध गराउन नमिल्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र यस आयोगमा पठाउन नेपाल विद्युत प्राधिकरण कार्यालय, मालेपाटन पोखरा कास्कीका प्रमुख मनोजकुमार सिंह र सूचना अधिकारीको नाममा आदेश जारी गरिएको ।
२०६९।१।२१	लिखित जवाफ प्राप्त ।
२०६९।३।३१	पुनरावेदकले माग गरेका सूचनाहरू नेपाल विद्युत प्राधिकरण पोखरा वितरण केन्द्रमा नभएको भन्ने भनाई रहेको देखियो । सूचनाको हकसम्बन्धी ऐनको दफा ५ (क) मा सार्वजनिक निकायले आफूसंग भएको सूचना अद्यावधिक गराउन पर्छ भन्ने व्यवस्था भएबाट आफूकहाँ नभएको सूचना उपलब्ध गराउन पर्छ भन्ने होइन । तसर्थ निवेदकले मागेको सूचना उपलब्ध गराउनु पर्छ भनी भन्न मिल्ने अवस्था नरहेको हुँदा पुनरावेदन खारेज गरिन्छ । यसको जानकारी पुनरावेदकलाई दिनू ।

क्रम संख्या : ३५/६५ निवेदन

मिति :	२०६८।१२।१०
पक्ष :	जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ बस्ने **श्री रमेश शाह ।**
विपक्ष :	वीरेन्द्रनगर नगरपालिका ।
विषय :	१. वीरेन्द्रनगर - ६ को बुद्धपथ क्षेत्रमा टोल विकास संस्थाले स्थानीयसँग उठाएको रकम कहाँ प्रयोग भएको छ ? २. हालसम्म टोल विकास संस्थाले कति रकम उठाए ?
मिति	**कारबाही/निर्णय**
२०६८।१२।१७	सूचना प्रति वेवास्ता गरेकोले निवेदक शाहले सोही कार्यालयका प्रमुख(ललित बस्नेत) समक्ष मिति २०६८।१०।२० गते निवेदन गरी सूचना उपलब्ध नगराउने ती सूचना अधिकारमाथि कारबाहीको माग गर्दै आफूलाई ती सूचना दिलाई पाउन अनुरोध गरी उजुरी गर्न जाँदा कार्यालय प्रमुखले पनि यस्तो वेवास्ता गरेको र सूचना पनि नदिएपश्चात् आफूले माग गरेका ती सूचना सो कार्यालयबाट उपलब्ध गराई पाउँ, साथै जनताको सूचनाको हकमाथि खेलवाड गर्ने व्यक्तिले के कस्तो सजाय पायो भन्ने जानकारी पाउन जरुरी छ भन्ने व्यहोराको उजुरी/पुनरावेदन यस राष्ट्रिय सूचना आयोगमा मिति २०६८।१२।१० मा पर्न आएकोले निवेदकले माग गरेका तपसिलका सूचना निज उजुरीकर्ता रमेश शाहलाई उपलब्ध गराईदिनू, सूचना उपलब्ध गराउन

	नमिल्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र यस आयोगमा पठाउनू तथा नागरिकले सूचना मागको निवेदन दर्ता गरी दिन मिल्ने सूचना भए दिने र दिन नमिल्ने सूचना भए सूचनाको हकसम्बन्धी ऐन बमोजिम यो यो कारणले सूचना दिन मिल्दैन भन्ने जानकारी दिनुपर्नेमा सो नगरी सूचना नदिने सूचना अधिकारी प्रकाश पौडेल र सूचना अधिकारी विरुद्धको उजूरी पनि नलिने कार्यालय प्रमुख ललित बस्नेत दुवैजनालाई सूचनाको हकसम्बन्धी ऐनको दफा ३२ (१) बमोजिम "मनासिव कारण विना सूचना नदिएको वा दिन इन्कार गरेकोमा" किन कारबाही नगर्नु पर्ने हो १५ (पन्ध्र) दिन भित्र लिखित जवाफ पेश गर्नू भनी उपरोक्त कार्यालयका निजद्वय सूचना अधिकारी प्रकाश पौडेल र कार्यालय प्रमुख ललित बस्नेतको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।४।१४	वीरेन्द्रनगर नगरपालिकाको पत्र प्राप्त ।
२०६९।५।२५	वीरेन्द्रनगर नगरपालिकाको पत्र प्राप्त ।
२०६९।६।१८	यस आयोगको मिति २०६८।१२।१७ को पूर्व आदेश हालसम्म कार्यान्वयन गर्नतर्फ कुनै कार्य गरेको पाइएको नदेखिदा पूर्व आदेश बमोजिम सूचना ३ (तीन) दिन भित्र निवेदकलाई उपलब्ध गराई सोको जानकारी यस आयोगलाई दिनू अन्यथा दफा ३२ (१) बमोजिम "मनासिव कारण विना सूचना नदिएको वा दिन इन्कार गरेकोमा" कारबाहीको प्रकृया अगाडि बढाउने कुराको जानकारी गराउने भनी हालका कार्यालय प्रमुख यामलाल ढकालको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।७।३	वीरेन्द्रनगर नगरपालिकाको सूचना उपलब्ध गराएको पत्र प्राप्त ।
२०६९।७।१५	सूचना निवेदकलाई उपलब्ध गराई सोको बोधार्थ पत्र समेत यस आयोगमा प्राप्त भएकोले प्रस्तुत मिसिलमा केही गरिरहनुपर्ने नदेखिएकोले लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ३६/६९ पुनरावेदन/उजुरी

मिति :	२०६८।१२।२२
पक्ष :	जिल्ला कास्की, पोखरा उप महानगरपालिका बस्ने **सुष्मा पौडेल ।**
विपक्ष :	जिल्ला प्रशासन कार्यालय, कास्की ।
विषय :	१. जिल्ला प्रशासन कार्यालय कास्कीको नवनिर्मीत भवनको खर्च विवरण विस्तृत रूपमा, २. जिल्ला प्रशासन कार्यालय कास्कीमा भएका कर्मचारीहरूको विवरण, फोन नं सहित, ३. प्रमुख जिल्ला अधिकारीको विगत ६ महिनादेखि आजसम्मको कार्यतालिका ।
मिति	**कारबाही/निर्णय**
२०६९।०१।०६	पुनरावेदकले माग गरेका सूचना निज पुनरावेदकलाई उपलब्ध गराईदिनू, सूचना उपलब्ध गराउन नमिल्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र यस आयोगमा पठाउन जिल्ला प्रशासन कार्यालय कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी इश्वरराज रेग्मीको नाममा यो आदेश जारी गरिएको ।

२०६९।६।३	जिल्ला प्रशासन कार्यालय कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी इश्वरराज रेग्मीबाट कुनै जवाफ प्राप्त नभएको र सूचना समेत उपलब्ध नगराएकोमा यस आयोगबाट मिति २०६९।३।२८ मा आदेश कार्यान्वयन वारे ताकेता पत्र पठाएकोमा समेत हालसम्म कुनै जवाफ प्राप्त नभएको हुँदा पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र यस आयोगमा उपस्थित हुन आउन कास्की जिल्लाका तात्कालीन सहायक प्रमुख जिल्ला अधिकारी हाल मुगु जिल्लाका प्रमुख जिल्ला अधिकारी इश्वरराज रेग्मीको र जिल्ला प्रशासन कार्यालय कास्कीको हालका प्रमुख जिल्ला अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । उक्त मिति २०६९।१।६ को आदेश संगै राखी पठाउनू ।
२०६९।९।८	जिल्ला प्रशासन कार्यालय कास्कीको च.नं ३५९२ को पत्र प्राप्त ।
२०६९।१२।२०	जिल्ला प्रशासन कार्यालय कास्कीको च.नं ३५९२ मिति २०६९।८।२५ को पत्र बाट यस आयोगलाई सूचना उपलब्ध गराएको हुँदा निज निवेदक सम्पर्क गर्न आएको वखत सूचना उपलब्ध गराउने गरी हाललाई प्रस्तुत मिसिलको लगत कट्टा गरिएको छ ।

क्रम संख्या : ३७/७० पुनरावेदन/उजुरी

मिति :	२०६८।१२।२२
पक्ष :	जिल्ला कास्की, पोखरा उप महानगरपालिका बस्ने **सुष्मा पौडेल ।**
विपक्ष :	जिल्ला विकास समिति कास्की ।
विषय :	१. आर्थिक वर्ष २०६६/६७ र २०६७/६८ मा जिल्ला विकास समिति कास्कीका कर्मचारीहरूको भ्रमणका लागि कति बजेट विनियोजन गरियो ? (भ्रमण कहिले, के प्रयोजन र कति बजेट खर्च भयो विस्तृत रूपमा) २. यस आर्थिक वर्षमा भ्रमणका लागि कति बजेट छुटाइएको छ ? ३. जिल्ला विकास समिति अर्न्तगत आर्थिक वर्ष २०६६/६७ र २०६७/६८ मा अनुगमन कहाँकहाँ गरियो विस्तृत विवरण, खर्च सहित ।
मिति	**कारबाही/निर्णय**
२०६९।०१।०६	पुनरावेदकले सूचना अधिकारीसंग माग गरेको तपसिलका सूचनाहरूमध्ये कुन कुन सूचना दिएको हो र कुन कुन सूचना नदिएको हो सोको जानकारी यस आयोगलाई गराई, उपलब्ध गराउन नसकिएका ती सूचनाहरू निज पुनरावेदक सुष्मा पौडेललाई उपलब्ध गराईदिनू, सूचना उपलब्ध गराउन नसक्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र यस आयोगमा पठाउन जिल्ला विकास समिति कास्कीका स्थानिय विकास अधिकारीको नाममा यो आदेश जारी गरिएको ।
२०६९।४।२७	आदेश प्राप्त भएको मितिले ७ (सात) दिन भित्र उपस्थित हुनु अन्यथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाहीको प्रकृया अघि वढाइने व्यहोरा समेत जानकरी गराउने गरी जिल्ला विकास समिति कास्कीका स्थानीय विकास अधिकारीको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।६।१२	जिल्ला विकास समितिको कार्यालयबाट सूचना उपलब्ध गराएको जानकारी ।
२०६९।६।१६	जिल्ला विकास समितिको कार्यालयको आदेश कार्यान्वयनको पत्र प्राप्त ।

२०६९।६।२३	सूचना निवेदकलाई उपलब्ध गराएको भन्ने जिल्ला विकास समिति कास्की, पोखराको मिति २०६९।५।२१ को पत्रको बोधार्थ पत्र यस आयोगमा प्राप्त भएकोले प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ३८/७१ पुनरावेदन/उजुरी

मिति :	२०६८।१२।२२
पक्ष :	जिल्ला कास्की, पोखरा उप-महानगरपालिका बस्ने **निकुञ्ज तिवारी** ।
विपक्ष :	पोखरा उप महानगरपालिकाका कार्यालय ।
विषय :	१. आर्थिक वर्ष २०६६/६७ र २०६७/६८ सालमा पोखरा महानगरपालिकामा कार्यरत कर्मचारीहरूको भ्रमण भत्ताका लागि कति बजेट विनियोजन गरियो ? (भ्रमण कहिले, के प्रयोजन र कति बजेट खर्च भयो विस्तृत रूपमा) २. यस आ.ब. मा भ्रमणका लागि कति बजेट छुट्टाएको छ ? ३. पोखरा उपमहानगरवालिकाको मार्फत अन्य संघ संस्था तथा व्यक्तिहरू भ्रमण भएको भए सोको पनि विस्तृत विवरण ?
मिति	**कारबाही/निर्णय**
२०६९।०१।०६	पुनरावेदकले माग गरेका तपसिलका सूचना निज पुनरावेदक निकुञ्ज तिवारीलाइ उपलब्ध गराईदिनू, सूचना उपलब्ध गराउन नमिल्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र यस आयोगमा पठाउन पोखरा उप महानगरपालिकाका कार्यालय प्रमुख तिलक पौडेलको नाममा यो आदेश जारी गरिएको ।
२०६९।०५।२७	हालसम्म कुनै जवाफ प्राप्त नभएको हुँदा आदेश प्राप्त भएको मितिले ७ (सात) दिन भित्र उपस्थित हुनु अन्यथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को ३२ बमोजिम कारबाहीको प्रकृया अघि वढाइने व्यहोरा समेत जानकरी गराउने गरी पोखरा उप महानगरपालिकाका कार्यालय प्रमुख तिलक पौडेलको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।०६।१३	उप सचिव तिलक पौडेल आयोग समक्ष उपस्थित भै छलफल ।
२०६९।०६।२२	पोखरा उप महानगरपालिकाका कार्यालयको सूचना उपलब्ध गराउने सम्बन्धी पत्र प्राप्त ।
२०६९।०७।१६	सम्बन्धित व्यक्ति उपस्थित भएमा माग हुन आएको सूचना उपलब्ध गराउन सकिने भन्ने पोखरा उप-महानगरपालिको मिति २०६९।६।२२ को पत्र यस आयोगमा प्राप्त भएको साथै निवेदकले दिएको टेलिफोनमा सम्पर्क गर्दा निजका आफन्तले निवेदक कोरिया गएको जानकारी दिएकाले प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ३९/७२ पुनरावेदन/उजुरी

मिति :	२०६८।१२।२२
पक्ष :	जिल्ला कास्की बस्ने **रामबहादुर पौडेल ।**

विपक्ष :	पोखरा उप-महानगरपालिका कार्यालय ।
विषय :	१. हालसम्म पोखरा उपमहानगरपालिका कार्यालयले शिक्षा र स्वास्थ्यमा कति लगानी गरेको छ ? २. हालसम्म कतिजना लक्षित वर्गले शिक्षा स्वास्थ्यको फाईदा लिएका छन् ? ३. हालसम्म स्वरोजगार कार्यक्रमबाट कतिजना लाभान्वित भए ? ४. शिक्षा, स्वास्थ्य र स्वरोजगार कार्यक्रमका लागि पोखरा उपमहानगरपालिका कार्यालयले यस आर्थिक वर्षमा के कस्तो योजना र कति बजेट तर्जुमा गरको छ ?
मिति	**कारबाही/निर्णय**
२०६९।०१।०५	पुनरावेदकले माग गरेका तपसिलका सूचना निजलाई उपलब्ध गराईदिनू, सूचना उपलब्ध गराउन नमिल्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र यस आयोगमा पठाउन पोखरा उप-महानगरपालिकाका कार्यालय प्रमुख तिलक पौडेलको नाममा यो आदेश जारी गरिएको ।
२०६९।४।१६	पोखरा उप-महानगरपालिका कार्यालयको प्रगति तथा कार्यक्रमको विवरण पठाएको पत्र प्राप्त ।
२०६९।४।२३	पुनरावेदनलाई दिनुपर्ने सूचना यस आयोगमा पठाएको हुँदा ती सूचना पुनरावेदक लाई नै सात दिन भित्र दिई यस आयोगलाई जानकारी गराउनू भनी पोखरा उप-महानगरपालिका कार्यालयका प्रमुख तिलक पौडेलको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकलाई सूचना दिएको जानकारी प्राप्त भएपछि प्रस्तुत मिसिलको लगत कट्टा गरी हाल तामेलीमा राख्नू ।

क्रम संख्या : ४०/७३ पुनरावेदन/उजुरी

मिति :	२०६८।१२।२२
पक्ष :	जिल्ला मोरङ्ग विराटनगर उपमहानगरपालिका वडा नं १४ बस्ने **विकास बस्नेत ।**
विपक्ष :	स्थानीय शान्ति समितिको कार्यालय मोरङ्ग विराटनगर ।
विषय :	१. यस जिल्लाका द्वन्द्व पीडितहरूका लागि आर्थिक उर्पाजनका के कस्ता सहयोग कार्यक्रम संचालन भएका थिए/भईरहेका छन्, उदाहरणीय कुन कार्यक्रम रहयो ? २. कार्यक्रममा समाविष्ट गरिएका परिवारहरू के कस्ता मापदण्डका आधारमा छनौट गरियो ? ३. उक्त कार्यक्रमबाट लाभान्वित परिवार संख्या र लाभान्वित हुन नसकेका परिवार संख्याको विवरण र कारण ?
मिति	**कारबाही/निर्णय**
२०६९।०१।०५	पुनरावेदकले माग गरेका सूचनाहरूमध्ये १ र २ संग सम्बन्धित सवै सूचना त्यस शान्ति समितिको कार्यालयका प्रमुखले उपलब्ध गराएको देखिन्छ भने ३ संग सम्बन्धित सूचना पनि केही उपलब्ध गराएको दखिन्छ । स्थानीय शान्ति समिति कार्यालय मोरङ्गको मिति २०६८।१२।२२ को पत्रबाट क्रम संख्या ३ अन्तर्गतको सूचना

	"लाभान्वित हुन नसकेका परिवार संख्याको विवरण र कारण किन उपलब्ध गराउन" नसकेको हो सोको जानकारी पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र यस आयोगमा पठाउन स्थानीय शान्ति समितिको कार्यालय मोरङ्ग विराटनगरका कार्यालय प्रमुख/सचिव आईतमाया योङहाङको नाममा यो आदेश जारी गरिएको ।
२०६९।४।११	स्थानीय शान्ति समितिको कार्यालय मोरङ्ग, विराटनगरको च नं. ३३ को सूचना उपलब्ध गराउने सम्बन्धमा व्यहोराको पत्र प्राप्त ।
२०६९।४।२९	स्थानीय शान्ति समितिको कार्यालय मोरङ्गले कार्यालयमा भएका सबै सूचनाहरू निवेदकलाई उपलब्ध गराईसकेको र केही सूचनाहरू कार्यालयमा उपलब्ध भै नसकेकोले उपलब्ध गराउन नसकेको भनी च.नं. ३३ मिति २०६९।३।३१ को पत्रद्वारा आयोगलाई जानकारी गराएको हुँदा हाल थप कारबाही गरिरहन पर्ने नदेखिएकोले प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको ।

क्रम संख्या : ४१/७५ पुनरावेदन/उजुरी

मिति :	२०६८।१२।२८
पक्ष :	जिल्ला कास्की पोखरा, उप महानगरपालिका बस्ने **सुष्मा पौडेल ।**
विपक्ष :	जिल्ला कृषि विकास कार्यालय ।
विषय :	१. कृषि विकास कार्यालयको यस वर्षको प्रगति विवरण विस्तृत रूपमा, २. कृषि विकास कार्यालयका कर्मचारीहरूको विवरण, ३. कृषि विकास कार्यालयको यस आर्थिक वर्ष २०६६।६७ र २०६७।६८ को वार्षिक खर्च विवरण, ४. कृषि विकास कार्यालयले गरेको अनुगमन तथा भ्रमणको विवरण खर्च सहित ।
मिति	**कारबाही/निर्णय**
२०६९।०१।०६	पुनरावेदकले सूचना अधिकारीसंग माग गरेको तपसिलका सूचनाहरूमध्ये कुन कुन सूचना दिएको हो र कुन कुन सूचना नदिएको हो सोको जानकारी यस आयोगलाई गराई, उपलब्ध गराउन नसकिएका ती सूचना निज पुनरावेदक सुष्मा पौडेललाई उपलब्ध गराईदिनू, सूचना उपलब्ध गराउन नसक्ने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र यस आयोगमा पठाउन जिल्ला कृषि विकास कार्यालयका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०६९।४।११	जिल्ला कृषि विकास कार्यालयको सूचना विवरण पेश गरेको पत्र प्राप्त ।
२०६९।४।२९	जिल्ला कृषि विकास कार्यालय, कास्कीले पुनरावेदक सुष्मा पौडेललाई उपलब्ध गराउनू पर्ने सूचना यस आयोगमा पठाएकोले निज पुनरावेदकलाई त्यहाँबाट नै सूचना उपलब्ध गराउनू भनी जिल्ला कृषि विकास कार्यालय, कास्कीका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त भएपछि प्रस्तुत मिसिलको लगत कट्टा गर्ने गरी हाल तामेलीमा राखिएको ।
२०६९।५।२७	जिल्ला कृषि विकास कार्यालयको सूचना विवरण पेश गरेको पत्र प्राप्त भएकोले लगत कट्टा ।

क्रम संख्या : ४२/७७ निवेदन

मिति :	२०६९।०१।२५
पक्ष :	**खगेन्द्र खडका ।**
विपक्ष :	महान्यायाधिवक्ताको कार्यालय ।
विषय :	१. खगेन्द्र खड्काको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी कल्पना के.सी. समेत भएको बैंक कसुर तथा ठगी मुद्दामा मुद्दा नचलाउने भनी गरेको निर्णय, आधार र राय, सह-न्यायाधिवक्ताहरूले पेश गरेको सुझाव, राय, पुनरावेदन सरकारी वकिल, जिल्ला सरकारी वकिल समेतबाट पेश भएका राय र प्रहरी अनुसन्धानको प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।०१।३१	तपसिलका सूचनाहरू उपलब्ध गराई आयोगलाई जानकारी दिनु, उपलब्ध गराउन नसकिने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र यस आयोगमा पठाउन महान्यायाधिवक्ताको कार्यालयका प्रमुखको नाममा आदेश जारी गरिएको ।
२०६९।०२।०५	मुद्दा नचलाउने निर्णय भए पछि जाहेरवालालाई सोको जानकारी दिनु पर्ने विषयमा सरकारी मुद्दा सम्बन्धित ऐन, २०४९ को दफा २० मा कुनै अपराधको सम्बन्धमा मुद्दा नचलाउने निर्णय भए पछि सम्बन्धित प्रहरी कर्मचारीले त्यसको सूचना जाहेरवालालाई दिनु पर्नेछ भन्ने कानुनी व्यवस्था रहेकोले सोही व्यहोरा जानकारी गराएको पत्र आयोगमा प्राप्त ।
२०६९।०२।११	सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई त्यसको जानकारी यस आयोगलाई दिनू भनी महान्यायाधिवक्ताको कार्यालयका प्रमुखको नाममा आदेश जारी गरिएको छ । यसको जानकारी निवेदकलाई दिनू ।
२०६९।०२।२१	प्रमाणित प्रतिलिपि उपलब्ध गराई पाउँ भनी निवेदन गरेको ।
२०६९।०२।२१	पुनः आदेश ।
२०६९।०३।०१	तत्सम्बन्धमा मुद्दा नचलाउने निर्णय भएपछि जाहेरवालालाई सोको जानकारी दिनु पर्ने विषयमा सरकारी मुद्दा ऐन, २०४९ को दफा २० मा कुनै अपराधको सम्बन्धमा मुद्दा नचलाउने निर्णय भए पछि सम्बन्धित प्रहरी कर्मचारीले त्यसको सूचना जाहेरवालालाई दिनु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेको तथा उल्लेखित खगेन्द्र खड्काको जाहेरीले नेपाल सरकार वादी भएको बैंक कसूर तथा ठगी मुद्दामा यस कार्यालयको २०६८।१२।३० मा निर्णय भई मिति २०६९।०१।०७ को पत्र साथ निर्णयको प्रतिलिपि सहित महान्यायधिवक्ताको कार्यालय काठमाण्डौं ऐनको दफा २० को प्रतिलिपि संलग्न राखेको पत्र आयोगमा प्राप्त ।
२०६९।०६।१६	आयोगलाई जानकारी समेत गराएको देखिदा प्रस्तुत मिसिल उपर कारबाही अगाडि बढाइरहनु परेन । तसर्थ प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ४३/७९ पुनरावेदन/उजुरी

मिति :	२०६९।०२।०२
पक्ष :	जिल्ला पर्सा बस्ने **भुवनकुमार झा** ।
विपक्ष :	पर्यटन कार्यालय, पर्साका प्रमुख ।
विषय :	१. आ.ब. २०६६।०६७ र २०६७६८ को प्रगति विवरण र आय व्ययको विवरणको प्रतिलिपि । २. सूचना अधिकारीको नाम र सम्पर्क नम्बर । ३. तहाँको कार्यालयको सूचनाहरू अन्यत्र प्रकाशन भएको भए र हुने भए सोको विवरण ।
मिति	**कारबाही/निर्णय**
२०६९।०२।१९	निजको पुनरावेदनमा सक्कल हस्ताक्षर नभइ स्क्यान गरेको हस्ताक्षर भएको हुदाँ यसमा निवेदकको सक्कल हस्ताक्षर सहितको पुनरावेदन माग गर्ने आदेश जारी गरिएको छ ।
२०६९।०२।२४	सक्कल हस्ताक्षर सहितको निवेदन प्राप्त ।
२०६९।३।१२	पुनरावेदक भुवनकुमार झाले माग गरे अनुसारको तपसिलको सूचना १५ (पन्ध्र) दिन भित्र निजलाई उपलब्ध गराई सोको जानकारी यस आयोगलाई गराउनू भनी पर्यटन कार्यालय, पर्साका प्रमुखकको नाममा आदेश जारी गरिएको ।
२०६९।४।४	पर्यटन कार्यालय पर्साको पत्र प्राप्त ।
२०६९।४।११	पर्यटन कार्यालय पर्साको सूचना उपलब्ध गराएको बोधार्थ पत्र प्राप्त ।
२०६९।४।२३	पुनरावेदकले माग गरेका सूचनाहरू उपलब्ध गराइएको भनी बोधार्थ यस आयोगमा प्राप्त भएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गरियो ।

क्रम संख्या : ४४/८० पुनरावेदन/उजुरी

मिति :	२०६९।०२।०१
पक्ष :	जिल्ला पर्सा बस्ने **शुष्मा शर्मा** ।
विपक्ष :	श्री जिल्ला विकास समितिको कार्यालय पर्सा ।
विषय :	१. गत आर्थिक वर्ष २०६८।६९ को वार्षिक लेखा प्रतिवेदनको छाँयाकपी - १ २. हाल जि.वि.स. संग समन्वय गरेर काम गरिरहेका NGO/INGO हरूको विवरण, काम गर्ने क्षेत्र, विषय समेत -१ ३. बृद्धवृद्धा, अपाङ्ग, विधुवा (जि.वि.स.बाट सामाजिक सुरक्षा) वापतको भत्ता प्राप्त गरिरहेकाहरूको विवरण - १
मिति	**कारबाही/निर्णय**
२०६९।०२।१९	निजको पुनरावेदनमा सक्कल हस्ताक्षर नभइ स्क्यान गरेको हस्ताक्षर भएको हुदाँ यसमा निवेदकको सक्कल हस्ताक्षर सहितको पुनरावेदन माग गर्ने आदेश जारी गरिएको छ ।
२०६९।०२।२४	सक्कल हस्ताक्षर सहितको निवेदन प्राप्त ।

२०६९।०३।१२	तपसिलको सूचना १५ (पन्ध्र) दिन भित्र निजलाई उपलब्ध गराई सोको जानकारी यस आयोगलाई गराउनू भनी जिल्ला विकास समितिको कार्यालय, पर्साका प्रमुखकको नाममा आदेश जारी गरिएको छ ।
२०६९।०५।३१	जिल्ला विकास समितिको कार्यालय पर्साका प्रमुखलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम आयोगको आदेश अटेर गरेकोमा किन कारबाही गर्न नपर्ने हो सोको कारण खुलाई ७ (सात) दिन भित्र लेखि पठाउन जिल्ला विकास समितिको कार्यालय पर्साका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।०७।१७	श्री जिल्ला विकास समितिको कार्यालय पर्साको स्पष्टिकरण पेश गरेको सम्बन्धमा पत्र प्राप्त ।
२०६९।०८।३	माग बमोजिमको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउन पर्सा जिल्लाका स्थानीय विकास अधिकारीका नाममा यो आदेश जारी गरिएको छ । निवेदकको मिति २०६९।१।२९ को निवेदन र सो सम्बन्धमा आयोगबाट आदेश भएको ।
२०७०।२।३	यस आयोगबाट मिति २०६९।३।१२ लगायत विभिन्न मितिमा सूचना दिनू भनी आदेश जारी गरिसकेको र निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : ४५/८२ पुनरावेदन/उजुरी

मिति :	२०६९।०२।०३
पक्ष :	जिल्ला पर्सा बस्ने **विनय यादव** ।
विपक्ष :	वीरगंज उपमहानगरपालिका कार्यालय ।
विषय :	कार्यालय प्रमुखले सूचना उपलब्ध नगराएपछि सूचना उपलब्ध गराई पाऊँ ।
मिति	**कारबाही/निर्णय**
२०६९।३।१५	विनय यादवले हुलाक मार्फत माग गरे अनुसारको सूचना १५ (पन्ध्र) दिन भित्र निजलाई उपलब्ध गराई सोको जानकारी यस आयोगलाई गराउनू भनी पर्सा जिल्ला स्थित वीरगंज उपमहानगरपालिका कार्यालयका प्रमुखको, नाममा आदेश जारी गरिएको ।
२०६९।५।६	वीरगंज उपमहानगरपालिकाका कार्यालयको पत्रद्वारा माग गरिएको सूचना निवेदकलाई दिई यस आयोगमा बोधार्थ पत्र प्राप्त ।
२०६९।५।१२	मिति २०६९।५।३ को वीरगंज उपमहानगरपालिका कार्यालय, पर्साको पत्रद्वारा निज पुनरावेदकले माग गरेका सूचनाहरू उपलब्ध गराई सोको बोधार्थ यस आयोगमा दिएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गरि दिने ।

क्रम संख्या : ४६/८३ पुनरावेदन/उजुरी

मिति :	२०६९।०२।०२
पक्ष :	जिल्ला पाल्पा, तानसेन न.पा. वडा नं. ९ बस्ने **चेत बहादुर कुँवर ।**
विपक्ष :	जिल्ला पाल्पा, तानसेन नगरपालिकाको कार्यालय ।
विषय :	न.पा.कार्यालयसंग धेरै विषयमा सूचना माग

मिति	कारबाही/निर्णय
२०६९।३।१५	पुनरावेदन/उजुरीमा सक्कल हस्ताक्षर नभइ स्क्यान गरेको हस्ताक्षर भएको हुँदा यसमा निवेदकको सक्कल हस्ताक्षर सहितको पुनरावेदन/उजुरी माग गर्ने आदेश जारी गरिएको छ ।
२०६९।५।३१	हालसम्म सक्कल हस्ताक्षर सहितको उजुरी प्राप्त नभएकोले प्रस्तुत मिसिल उपर कारबाही अघि वढाइरहनु परेन । तसर्थ हाललाई प्रस्तुत मिसिलको लगत कट्टा गरिदिन यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ४७/८४ पुनरावेदन/उजुरी

मिति :	२०६९।०१।२९
पक्ष :	जिल्ला धनुषा गा.वि.स. सिनुरजोडा वडा नं. ३ बस्ने श्री **नारायण साह** ।
विपक्ष :	जिल्ला नापी कार्यालय धनुषाका कार्यालयका प्रमुख श्री शत्रुधन प्रसाद यादव
विषय :	१. धनुषा जिल्लाको पूरा नक्सा । २. नापी शाखा कार्यालय धनुषाका सम्पूर्ण कर्मचारीको विवरण र कर्मचारी दरबन्दी सम्वन्धि सूचना ।
मिति	**कारबाही/निर्णय**
२०६९।०२।१८	सूचनाहरू १५ (पन्ध्र) दिन भित्र उपलब्ध गराई यस आयोगलाई जानकारी दिनू, सूचना उपलब्ध नगराएमा सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३२ वमाजिम कारबाहीको प्रकृया अघि बढाउने कुराको जानकारी गराउने भनी जिल्ला नापी कार्यालय धनुषाका कार्यालयका प्रमुख श्री शत्रुधन प्रसाद यादवको नाममा आदेश जारी गरिएको छ ।
२०६९।०५।६	नापी शाखा कार्यालय धनुषाको च.नं. १४७ को आदेश कार्यान्वयन सम्बन्धी पत्र प्राप्त ।
२०६९।०५।२७	निवेदकले माग गरेका सूचनाहरू निज सम्पर्कमा नआएपनि सूचना लिन आउनु भन्ने व्यहोराको पत्र निजको घर ठेगानामा ७ (सात) दिन भित्र पठाई आयोगलाई समेत जानकारी दिनू भनी जिल्ला नापी कार्यालय धनुषाका कार्यालयका प्रमुख श्री शत्रुधन प्रसाद यादवको नाममा यो आदेश जारी गरिएको छ । अन्यथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को ३२ बमोजिम कारबाहीको प्रकृया अघि बढाइने व्यहोरा समेत जानकरी गराउने ।

क्रम संख्या : ४८/८७ पुनरावेदन/उजुरी

मिति :	२०६९।०२।२४
पक्ष :	जिल्ला पर्सा बस्ने **संतोष चौरासीया ।**
विपक्ष :	नेपाल खाद्य संस्थान कार्यालय, पर्सा ।

विषय :	१. आ.ब. २०६६/६७ र २०६७/६८ को प्रगति विवरण र आय व्यय विवरण । २. सूचना अधिकारीको नाम र सम्पर्क नम्बर । ३. तहाँको कार्यालयबाट सूचनाहरू अन्यत्र प्रकाशन भएका हुने भए सोको विवरण ।
मिति	**कारबाही/निर्णय**
२०६९।०३।१२	पुनरावेदक संतोष चौरासीयाले माग गरे अनुसारको तपसिलको सूचना १५ (पन्ध्र) दिन भित्र निजलाई उपलब्ध गराई सोको जानकारी यस आयोगलाई गराउनू भनी नेपाल खाद्य संस्थान कार्यालय, पर्साको प्रमुखको नाममा आदेश जारी गरिएको ।
२०६९।०४।३	सूचना उपलब्ध गराएको बोधार्थ पत्र प्राप्त ।
२०६९।०४।१७	नेपाल खाद्य संस्थान शाखा कार्यालय वीरगंजले निवेदकलाई माग बमोजिम सूचना उपलब्ध गराई आयोगलाई समेत जानकारी गराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी ।

क्रम संख्या : ४९/८८ पुनरावेदन/उजुरी

मिति :	२०६९।०१।२९
पक्ष :	जिल्ला धनुषा सिनुरजोडा गा.वि.स. वडा नं. २ मा बस्ने **रामनन्दन यादव ।**
विपक्ष :	श्री सोनामाई रा.प्रा.वि.सोहनी सिनुरजोडा २ का कार्यालय प्रमुख श्री सुरेन्द्रलाल कर्ण
विषय :	१. यस विद्यालयमा रहेका कक्षा १ देखि ५ सम्मका सम्पूर्ण छात्र र छात्रा तथा अभिभावकको नाम ठेगानाको नामावलीको लिखित प्रतिलिपि । २. यस विद्यालयको व्यवस्थापन समितिको पदाधिकारीहरूको नामावली र पदावधि समय के कति छ वा छैन त्यसको लिखित प्रतिलिपि । ३. यस विद्यालयमा रहेका सम्पूर्ण कर्मचारी शिक्षक र नामावलीको लिखित प्रतिलिपि । ४. यस विद्यालयको आर्थिक सम्पति विवरणका साथै वार्षिक आय व्यय मिति २०६६/६७ र ६८ को लिखित प्रतिलिपि । ५. वर्ष २०६६/६७ र हालसम्म जिल्ला शिक्षा कार्यालयबाट के कति रकम तथा अनुदान आएको छ वा छैन र त्यो कुन कुन शीर्षकमा के कति खर्च भएको छ त्यसको लिखित प्रतिलिपि । ६. यस विद्यालयको नाममा रहेको बैंक खाताबाट कारोबार गरेको वार्षिक २०६६/६७ र हालको बैंक कारोबारको विवरणको लिखित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।०२।३२	पुनरावेदकले माग गरे अनुसारको तपसिलका सूचना १५ दिन भित्र उपलब्ध गराई यस आयोगलाई जानकारी गराउनू । उपलब्ध नगराएमा सूचनाको हकसम्बन्धी ऐनको दफा ३२ बमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउने कुराको जानकारी गराउने भनी श्री सोनामाई रा.प्रा.वि.सोहनी, सिनुरजोडा २ का कार्यालय प्रमुख श्री सुरेन्द्रलाल कर्णको नाममा आदेश जारी गरिएको ।

२०७०।२।३	यस आयोगबाट मिति २०६९।२।३२ मा सूचना दिनू भनी आदेश जारी गरिसकेको र निवेदनले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : ५०/८९ पुनरावेदन/उजुरी

मिति :	२०६९।०१।२४
पक्ष :	जिल्ला पर्सा बस्ने **रितेश त्रिपाठी ।**
विपक्ष :	श्री जिल्ला शिक्षा कार्यालय, पर्सा ।
विषय :	१. श्री जिल्ला शिक्षा कार्यालय, पर्सामा मिति २०६८ साल फागुन ३ गते माग गरेको सूचना उपलब्ध गराउन ।
मिति	**कारबाही/निर्णय**
२०६९।०३।१२	माग गरेको सूचना के हो भन्ने कुरा पुनरावेदनमा नखुलेको र सूचना मागेको २०६८।११।०३ को निवेदनको छायाँप्रति पनि नभएको हुँदा माग गरेको सूचना के कस्तो प्रकृतिको हो भन्ने थाहा हुन सकेन । यसरी सूचनाको प्रकृति थाहा नभएको अवस्थामा सूचना उपलब्ध गराउनु भन्न मिलेन । अतः यसमा पुनरावेदकले उपरोक्त कार्यालयमा के सूचना माग गरेको हो सो जानकारी माग गरी उक्त सूचनाको सूची प्राप्त भएपछि आयोगमा पेश गर्ने ।
२०६९।०६।९	निजले मागेका सूचनाको व्यहोरा खोली निवेदन प्राप्त भएको अवस्थामा कारबाही गर्ने गरी हाललाई मिसिल तामेलीमा राख्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या :५१/९० पुनरावेदन/उजुरी

मिति :	२०६९।०२।२४
पक्ष :	जिल्ला पर्सा बस्ने **राकेश यादव ।**
विपक्ष :	जिल्ला विकास समितिको कार्यालय, पर्सा ।
विषय :	१. यस कार्यालयमा हालसम्म रहेका कर्मचारी उपर के कति पेश्की बक्यौता रहेको छ ?
मिति	**कारबाही/निर्णय**
२०६९।०३।१२	तपसिलको सूचना १५ (पन्ध्र) दिन भित्र निजलाई उपलब्ध गराई सोको जानकारी यस आयोगलाई गराउनू भनी जिल्ला विकास समितिको कार्यालय, पर्साका प्रमुखको नाममा आदेश जारी गरिएको ।

क्रम संख्या : ५२/९२ पुनरावेदन/उजुरी

मिति :	२०६९।०२।३
पक्ष :	नेपाल अपाङ्ग मानव अधिकार केन्द्र काठमाडौंका अध्यक्ष **जगदिशप्रसाद अधिकारी ।**
विपक्ष :	काठमाडौ उपत्यका विकास प्राधिकरण तथा सडक विभाग ।

विषय :	नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्देशनमा भैरहेको सडक विस्तारको कार्यहरूमा अपाङ्गता मैत्री सडक बारेको गतिविधि र उपलब्धी ।
मिति	**कारबाही/निर्णय**
२०६९।३।२६	काठमाडौं उपत्यकाभित्र संचालित सडक विस्तार कार्यक्रम तथा निर्माणाधीन अन्य सडकहरूलाई अपांगता मैत्री बनाउने सम्बन्धमा भएको गतिविधि एवं अपनाइने तथा अपनाइएका नीति तथा कार्यक्रम सार्वजनिक गर्न गराउन काठमाडौ उपत्यका विकास प्राधिकरण तथा सडक विभागको प्रमुखका नाममा यो आदेश जारी गरिएको ।
२०७०।२।३	यस आयोगबाट मिति २०६९।३।२६ मा काठमाडौं उपत्यकाभित्र संचालित सडक विस्तार कार्यक्रम तथा निर्माणाधीन अन्य सडकहरूलाई अपांगता मैत्री बनाउने सम्बन्धमा भएको गतिविधि एवं अपनाइने तथा अपनाइएका नीति तथा कार्यक्रम सार्वजनिक गर्नू भनी आदेश जारी गरिसकेको र निवेदनले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : ५३/९३ पुनरावेदन/उजुरी

मिति :	२०६९।०२।२
पक्ष :	जिल्ला पाल्पा बस्ने **प्रकाश नेपाल** ।
विपक्ष :	नेपाल दुरसञ्चार कार्यालय, तानसेन पाल्पाका कार्यालय प्रमुख ।
विषय :	दूरसञ्चार कार्यालयको सेवा सम्बन्धी विवरण माग ।
मिति	**कारबाही/निर्णय**
२०६९।३।१५	निजको पुनरावेदन/उजुरीमा सक्कल हस्ताक्षर नभइ स्क्यान गरेको हस्ताक्षर भएको हुदाँ यसमा निवेदकको सक्कल हस्ताक्षर सहितको पुनरावेदन/उजुरी माग गर्ने आदेश जारी गरिएको ।
२०६९।५।३१	मिति २०६९।०३।१५ आदेश जारी गरिएकोमा हालसम्म सक्कल हस्ताक्षर सहितको उजुरी प्राप्त नभएकोले प्रस्तुत मिसिल उपर कारबाही अघि वढाइरहनु परेन । तसर्थ हाललाई प्रस्तुत मिसिलको लगत कट्टा गरिदिन यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ५४/९४ पुनरावेदन/उजुरी

मिति :	२०६९।०२।१०
पक्ष :	जिल्ला चितवन वीरेन्द्रनगर वडा नं. २ बस्ने **टंकराज अर्याल ।**
विपक्ष :	काठमाडौं महानगरपालिकाको कार्यालय प्रमुख ।
विषय :	१. यस काठमाडौं सरसफाई अभियानमा काठमाडौं महानगरपालिकाले कस्तो भूमिका निर्वाह गरेको छ ? २. महानगरपालिकाले यस सरसफाई अभियानको लागि नियमित बजेटको रकम भन्दा अन्य कुनै रकमको खर्च गर्ने गरेको छ कि छैन ? छ भने कुन स्रोतबाट कति रकमको व्यवस्था गरिएको छ ? ३. यस सरसफाई अभियानको लागि कुनै सामग्रीहरू खरीद गरिएको छ कि छैन छ भने खरीद गरिएको सामग्रीको विवरण तथा प्रति इकाइ सामग्री लागत मुल्यको जानकारी ।

	४. यस सरसफाई अभियानमा सहभागी महानगरपालिकाका कर्मचारीहरूको संख्या, अभियान अन्तर्गत महानगरपालिकाका कर्मचारीलाई केही अतिरिक्त सुविधा दिएकोमा त्यस सम्बन्धी विवरण । ५. यस कार्यक्रम अन्तर्गत रकम खर्च हुनसक्ने अन्य क्षेत्र र त्यस बारेमा महानगरपालिकाको खर्च अनुमान तथा रकमको व्यवस्था सम्बन्धी विवरण ।
मिति	**कारबाही/निर्णय**
२०६९।०२।३२	निवेदकले माग गरे अनुसारको तपसिलका सूचना १५ दिन भित्र उपलब्ध गराई यस आयोगलाई जानकारी गराउनू । उपलब्ध नगराएमा सूचनाको हकसम्बन्धी ऐनको दफा ३२ बमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउने कुराको जानकारी गराउने भनी काठमाडौं महानगरपालिकाको कार्यालय प्रमुखको नाममा आदेश जारी गरिएको छ ।
२०७०।२।३	पछि निवेदकले सूचना नपाएको जानकारी गरी निवेदन दिएमा सोही अनुसार गर्ने गरी प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : ५५/९५ पुनरावेदन/उजुरी

मिति :	२०६९।०२।०७
पक्ष :	का.म.न.पा वडा नं. ३४ बस्ने वानेश्वर निवासी गौरी शंकर डेभलपमेन्ट बैंक केन्द्रीय कार्यालय कावासोतीका संस्थामक शेयर सदस्य **ज्योतिप्रसाद कर्णेल ।**
विपक्ष :	गौरी शंकर डेभलपमेन्ट बैंक केन्द्रीय कार्यालयका अध्यक्ष निलकृष्ण ताम्राकार ।
विषय :	आन्तरिक लेखापरीक्षण प्रतिवेदन, बोनस रकमको विवरण लगायत विवरण माग ।
मिति	**कारबाही/निर्णय**
२०६९।०३।१२	पुनरावेदकले माग गरे अनुसारको सूचना ७ (सात) दिन भित्र उपलब्ध गराई यस आयोगलाई जानकारी दिनु हुन र सूचना उपलब्ध गराउन नमिल्ने भए के कति कारणले नमिल्ने हो सोको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र यस आयोगमा पठाउन गौरी शंकर डेभलपमेन्ट बैंक केन्द्रीय कार्यालयका अध्यक्ष निलकृष्ण ताम्राकारको नाममा आदेश जारी गरिएको छ ।
२०६९।१०।०७	निवेदकको माग बमोजिमको सूचना उपलब्ध गराएको जानकारीको पत्र प्राप्त ।
२०६९।१०।१९	पुनरावेदकको माग बमोजिमका सूचना गोपाल वस्ती हस्ते वुझाएको भनी यस आयोगमा जानकारी गराएकोले यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ५६/९७ पुनरावेदन

मिति :	२०६९।०२।२५
पक्ष :	जिल्ला तेह्रथुम जलजले गा.वि.स वाड नं. १ बस्ने **अम्विका पोखेल (भट्टराई)** ।
विपक्ष :	जिल्ला प्रशासन कार्यालय, तेह्रथुम ।
विषय :	१.२०६८।१०।१९ को सम्झौता पत्रको प्रमाणित प्रतिलिपि ।

मिति	कारबाही/निर्णय
२०६९।०३।१२	सूचना १५ (पन्ध्र) दिन भित्र निजलाई उपलब्ध गराई सोको जानकारी यस आयोगलाई गराउनू भनी जिल्ला प्रशासन कार्यालय, तेह्रथुमको प्रमुख जिल्ला अधिकारीको नाममा आदेश जारी गरिएको ।
२०६९।०५।३१	आयोगको आदेश अटेर गरेकोमा किन कारबाही गर्न नपर्ने हो सोको कारण खुलाई ७ (सात) दिन भित्र लेखि पठाउन जिल्ला प्रशासन कार्यालय, तेह्रथुमको प्रमुख जिल्ला अधिकारीको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।०७।१९	जिल्ला प्रशासन कार्यालय, तेह्रथुमलाई लेखि पठाइएकोमा मिति २०६८।१०।१९ मा निवेदिकासंग कुनै सम्झौता भएको नदेखिएकोले सो सम्झौता पत्रको नक्कल उपलब्ध गराउन सक्ने अवस्था नरहेको जनाई लेखेको पत्र मिति २०६९।६।२९ मा आयोग समक्ष प्राप्त हुन आएकोले प्रस्तुत मिसिल उपर कारबाही गर्नुपर्ने नदेखिएकाले लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ । यसको जानकारी निवेदकलाई दिने ।

क्रम संख्या : ५७/९९पुनरावेदन/उजुरी

मिति :	२०६९।०२।२४
पक्ष :	कोटेश्वर वहुमुखी क्याम्पसका विद्यार्थी **महेन्द्र भट्टराई** ।
विपक्ष :	उच्च माध्यमिक शिक्षा (०+२) संचालन संस्था वा सूचना अधिकारी ।
विषय :	विभिन्न सूचनाहरूको माग ।
मिति	**कारबाही/निर्णय**
२०६९।०३।१५	निवेदकले माग गरेका सूचनाहरू उपलब्ध गराई आयोगलाई जानकारी दिनु, उपलब्ध गराउन नसकिने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र यस आयोगमा पठाउन उच्च माध्यमिक शिक्षा (०+२) संचालन संस्थाका प्रमुखको नाममा आदेश जारी गरिएको ।
२०६९।०४।७	पुनः निवदन प्राप्त ।
२०६९।०४।२३	आयोगको आदेश पालना नगरेकोमा तपाईलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम किन कारबाही गर्न नपर्ने हो सोको लिखित जवाफ ७ (सात) दिन भित्र यस आयोगमा पठाउन उच्च माध्यमिक शिक्षा (०+२) संचालन संस्था कोटेश्वर वहुमुखी क्याम्पस भवनका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । अन्यथा सोही ऐनको दफा ३२ बमोजिम कारबाही प्रकृया अगाडी वढाउने कुराको जानकारी गराईदिने ।
२०६९।०५।५	अ.दु.अ.आ. मार्फत पुन निवेदन प्राप्त ।
२०६९।०५।२४	पुन निवेदन प्राप्त ।
२०६९।०५।२७	केही कुरा वुझ्नका लागि मिति २०६९।६।१ गते दिनको १ वजे यस आयोगमा उपस्थित हुन उच्च माध्यमिक शिक्षा (०+२) संचालन संस्था कोटेश्वर बहुमुखी क्याम्पस भवन कोटेश्वर, काठमाडौंका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।०७।२२	पुनरावेदकको पुनः पुनरावेदन प्राप्त ।

२०६९।०९।२०	पुनरावेदकले माग गरे अनुसारका सूचनाहरू उपलब्ध नगराई किन अधुरो अपुरो अस्पष्ट र मागेको स्वरूपमा उपलब्ध नगराएको हो ? सो सम्बन्धमा भएको वास्तविक तथ्य के हो ७ (सात) दिन भित्र आयोगलाई जानकारी गराउन उच्च माध्यमिक शिक्षा (०+२) संचालन संस्थाका प्राचार्य गोविन्द बहादुर कार्कीको नाममा यो आदेश जारी गरिएको ।
२०६९।१२।१८	आदेश पालना नगरेकोमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ दफा ३२ बमोजिम किन कारबाही गर्न नपर्ने हो सोको कुनै कारण भए ७ (सात) दिन भित्र लिखित जवाफ पठाउन उच्च माध्यमिक शिक्षा (०+२) संचालन संस्थाका प्राचार्य गोविन्द वहादुर कार्कीको नाममा यो आदेश जारी गरिएको छ ।
२०७०।२।२२	निवेदकले हालसम्म सूचना नपाएको भनी जानकारी नगराएको हुँदा जानकारी गराएका वखत प्रस्तुत मिसिल पेश गर्ने गरि हाललाई तामेलीमा राख्नू ।

क्रम संख्या : ५८/१०० पुनरावेदन/उजुरी

मिति :	२०६९।०२।२५
पक्ष :	कोटेश्वर वहुमुखी क्याम्पसका विद्यार्थी **महेन्द्र भट्टराई** ।
विपक्ष :	कोटेश्वर बहुमुखी क्याम्पसका सूचना अधिकारी ।
विषय :	विभिन्न सूचनाहरूको माग ।
मिति	**कारबाही/निर्णय**
२०६९।०३।१५	निवेदकले माग गरेका सूचनाहरू उपलब्ध गराई आयोगलाई जानकारी दिनु, उपलब्ध गराउन नसकिने भए कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र यस आयोगमा पठाउन कोटेश्वर बहुमुखी क्याम्पसका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।०४।२३	ऐनको दफा ३२ बमोजिम कारबाही प्रकृया अगाडी वढाउने कुराको जानकारी गराईदिने ।
२०६९।०४।२४	अ.दु.अ.आ. मार्फत पुनः निवेदन प्राप्त ।
२०६९।०५।६	कोटेश्वर वहुमुखी क्याम्पसका क्याम्पस प्रमुख गोविन्द बहादुर कार्कीको लिखित जवाफ प्राप्त ।
२०६९।०५।२४	पुनः निवेदन प्राप्त ।
२०६९।०५।२७	आदेश बमोजिमको सूचना उपलब्ध नगराएको भनी यस आयोगमा पुनः निवेदन मिति २०६९।५।२४ मा गरेकोले सो सम्बन्धमा केही कुरा बुझ्नका लागि मिति २०६९।६।१ गते दिनको १ बजे यस आयोगमा उपस्थित हुन कोटेश्वर बहुमुखी क्याम्पसका क्याम्पस प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।०६।२३	आयोग समक्ष उपस्थित भै छलफल र पत्र प्राप्त ।
२०६९।०७।२०	पुनः पुनरावेदन प्राप्त ।
२०६९।०७।२२	पुनरावेदकको पुनः पुनरावेदन प्राप्त ।
२०६९।०९।२०	पुनरावेदकले माग गरे अनुसारका सूचनाहरू उपलब्ध नगराई किन अधुरो अपुरो अस्पष्ट र मागेको स्वरूपमा उपलब्ध नगराएको हो ? सो सम्बन्धमा भएको वास्तविक

	तथ्य के हो ७ (सात) दिन भित्र आयोगलाई जानकारी गराउन कोटेश्वर बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख गोविन्द बहादुर कार्कीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखि पठाउने ।
२०६९।१२।१८	आदेश पालना नगरेकोमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ दफा ३२ बमोजिम किन कारबाही गर्न नपर्ने हो सोको कुनै कारण भए ७ (सात) दिन भित्र लिखित जवाफ पठाउन उच्च माध्यमिक शिक्षा (०+२) संचालन संस्थाका प्राचार्य गोविन्द वहादुर कार्कीको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।१२।२७	कोटेश्वर बहुमुखी क्याम्पसबाट लिखित जवाफ सम्बन्धमा पत्र प्राप्त ।
२०७०।२।२२	निवेदकले उक्त जवाफ र सूचनामा चित्त नवुझाए पुनः निवेदन गर्न सक्ने नै हुँदा हाल यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु ।

क्रम संख्या : ५९/१०१ पुनरावेदन

मिति :	२०६९।०३।१४
पक्ष :	**जिल्ला काठमाडौं, जोरपाटी गा.वि.स वडा नं. ५ बस्ने दिनेशकुमार दाहालसहित ।**
विपक्ष :	अख्तियार दुरुपयोग अनुसन्धान आयोग ।
विषय :	अ.दु.अ.आ.का कर्मचारीहरूको सम्पत्ति विवरण, भ्रष्टाचार अनुसन्धान ।
मिति	**कारबाही/निर्णय**
२०६९।०५।६	मिति २०६९।५।२२ गते दिनको १ बजे यस आयोगमा उपस्थित हुन यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदन साथै राखी पठाउनू ।
२०६९।०५।२१	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आदेश कार्यान्वयन सम्बन्धी जवाफ सहित आयोग समक्ष उपस्थित भै छलफल ।
२०६९।०५।२७	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सूचना लिन आउने भन्ने निवेदकलाई लेखेको बोधार्थ पत्र प्राप्त ।
२०६९।०५।३१	मिति २०६९।५।२५को पत्रबाट पुनरावेदकलाई सूचना लिन आउनु भनी पत्राचार गरेको पत्रको बोधार्थपत्र यस आयोगमा प्राप्त भएकोले प्रस्तुत मिसिल उपर कारबाही अगाडी बढाईरहनु परेन । तसर्थ प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको ।

क्रम संख्या : ६०/१०२ पुनरावेदन/उजुरी

मिति :	२०६९।०२।१९
पक्ष :	**सुदेश कुमार सिंह ।**
विपक्ष :	जिल्ला सरकारी वकील कार्यालय पर्सा ।
विषय :	ज्यान मुद्दा सम्बन्धी कागजात उपलब्ध गराउन ।
मिति	**कारबाही/निर्णय**
२०६९।०३।२९	निजले माग गरेको सूचनाको प्रमाणित प्रतिलिपि ७ (सात) दिन भित्र निजलाई उपलब्ध गराई यस आयोगलाई जानकारी दिनू भनी जिल्ला सरकारी वकील कार्यालय पर्साका कार्यालय प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।

२०६९।०४।९	कारागार कार्यालय पर्साको पत्र प्राप्त ।
२०६९।०४।११	जिल्ला सरकारी वकील कार्यालयको आदेश कार्यान्वयन सम्बन्धी पत्र प्राप्त ।
२०६९।०४।२१	सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ उपदफा १ र २ बमोजिम प्रत्येक नेपाली नागरिकलाई सूचनाको हक हुने कुरा उल्लेख गरेको छ र माग बमोजिमको सूचना निवेदकलाई सो ऐनको दफा ७ र ९ बमोजिम उपलब्ध गराउनु सूचना अधिकारी र कार्यालय प्रमुखको कर्तव्य हुन आउँछ । मिसिल सुरक्षित राख्न अन्यत्र पठाएको भनेर निवेदकलाई सूचनाको हकबाट वञ्चित गर्न मिल्दैन । तसर्थ निवेदकलाई माग बमोजिमको सूचना पत्र प्राप्त भएको ७ (सात) दिन भित्र उपलब्ध गराई आयोगलाई समेत जानकारी दिनू भनी जिल्ला सरकारी वकील कार्यालय पर्साका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । अन्यथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने कुराको जानकारी गराउने ।
२०६९।०५।१	जिल्ला सरकारी वकील कार्यालय पर्साको बोधार्थ पत्र ।
२०६९।०५।६	निवेदकलाई सूचना उपलब्ध गराई आयोगलाई समेत जानकारी गराएको देखिएकोले प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ६१/१०३ निवेदन/उजुरी

मिति :	२०६९।०३।२८
पक्ष :	निवेदक **रुद्रमणी अधिकारी ।**
	जानकारी मात्र माग गरिएको
विषय :	सार्वजनिक निकायमा कार्यरत कर्मचारीको समय परिपालना सम्बन्धी जानकारी ।
मिति	**कारबाही/निर्णय**
२०६९।०४।१४	सूचनाको हकसम्बन्धी ऐनको दफा ७ को उपदफा (१) बमोजिम कुनै पनि नागरिकले सूचना प्राप्त गर्न सम्बन्धित कार्यालयको सूचना अधिकारीसमक्ष निवेदन गरी त्यहाँबाट उपलब्ध नभएमा ऐनको दफा ९ बमोजिम कार्यालय प्रमुख समक्ष निवेदन गरि त्यहाँबाट पनि प्राप्त नभएमा मात्र यस आयोगमा निवेदन गरी सूचना माग गर्नुपर्ने हुन्छ । तसर्थ निवेदक रुद्रमणी अधिकारीलाई सोही कुराको जानकारी गराई मिसिल तामेलीमा राख्न यो आदेश जारी गरिएको छ ।

२०६९/२०७० मा दर्ता हुन आएका उजुरी, निवेदन तथा पुनरावेदन उपर भएका कारवाही र निर्णय

क्र.स. ६२/१ निवेदन

मिति :	२०६९।४।०२
पक्ष :	जिल्ला बाँके उदयपुर गा.वि.स. वडा नं. ५ बस्ने **शशिनाथ भट्टराई ।**
विपक्ष :	नेपालगञ्ज नगरपालिका ।
विषय :	१. लैण्ड फिल्ड साइटको सूचना कुन कुन मितिमा जारी भएको विवरण र कागजातहरू । २. लैण्ड फिल्डमा हिरमिनिया-७ शहरी विकास आयोजना दस्तावेजमा कसरी परेको सो सम्बन्धी विवरण र कागजातहरू । ३. लैण्ड फिल्ड विषयमा के काम भई रहेको छ ? कहाँ सम्म पुगेको छ ? सोको जानकारी मिति २०६९।०३।०८ को सर्वदलीय बैठकको निर्णय उतार प्रतिलिपि ।

मिति	कारबाही/निर्णय
२०६९।४।०७	निवेदकले माग गरेको तपसिल बमोजिमको सूचना ७ (सात) दिन भित्र उपलब्ध गराई सोको जानकारी यस आयोगलाई गराउन नेपालगञ्ज नगरपालिकाका कार्यालय प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ६३/२ निवेदन/उजुरी

मिति :	२०६९।३।३१
पक्ष :	जिल्ला दार्चुला काँटै गा.वि.स. वडा. नं. ३ बस्ने **जगत सिंह फराल ।**
विपक्ष :	सशस्त्र प्रहरी बल तालिम केन्द्र नौवस्ता, बाँकेका प्रमुख ।
विषय :	१. निवेदकलाई सेवाबाट हटाउने गरी भएको निर्णय पर्चा र सशस्त्र प्रहरी बल तालिम केन्द्र नौवस्ता, बाँकेबाट निवेदकलाई सेवाबाट हटाउने गरी मिति २०६८।३।२१ मा भएको निर्णयको प्रमाणित नक्कल ।
मिति	**कारबाही/निर्णय**
२०६९।४।२१	निवेदकले माग गरेको तपसिलका सूचना ७ (सात) दिन भित्र उपलब्ध गराई आयोगलाई जानकारी दिनू भनी सशस्त्र प्रहरी बल तालिम केन्द्र नौवस्ता, बाँकेका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०६९।४।२९	सशस्त्र प्रहरी बल तालिम केन्द्र नौवस्ता, बाँकेका विवरण खुलाई पठाएको पत्र प्राप्त ।
२०६९।४।३१	निवेदकलाई एक पटक सूचना दिईसकेको भनी सार्वजनिक निकायले सूचना दिन इन्कार गर्न मिल्दैन । तसर्थ मिति २०६९।०४।२१ को आदेश बमोजिम सूचना निवेदकलाई उपलब्ध गराई यस आयोगलाई जानकारी दिन सशस्त्र प्रहरी बल तालिम केन्द्र नौवस्ता, बाँकेको प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०६९।५।२८	सशस्त्र प्रहरी वल तालिम केन्द्र नौवस्ता, बाँकेका विवरण खुलाई पठाएको पत्र प्राप्त ।
२०६९।६।१६	निवेदकले माग गरेको सूचनाहरू उपलब्ध गराई आयोगलाई जानकारी गराउन मिति २०६९।४।३१ मा पुनः आदेश भएकोमा निवेदकलाई माग बमोजिमका सूचना नदिई पुरानै कागजात साथ पुरानै व्यहोराको जवाफ प्राप्त भएको छ । कार्यालय प्रमुखको यो जवाफ र सूचना उपलब्ध नगराएको कार्यप्रति आयोग सहमत हुन सक्दैन । अतः उक्त जवाफको सम्बन्धमा छलफलका लागि कार्यालय प्रमुख सशस्त्र प्रहरी वरिष्ठ उपरिक्षक निराकाराम विक्रम शाहलाई मिति २०६९।६।२९ गते यस आयोग समक्ष उपस्थित हुन आउन यो आदेश जारी गरिएको ।
२०६९।७।५	सशस्त्र प्रहरी वल तालिम केन्द्र नौवस्ता, बाँकेको विवरण खुलाई पठाएको पत्र प्राप्त ।
२०६९।९।५	सूचना उपलब्ध गराएको भर्पाई तथा सो तालिम केन्द्रबाट विवरण खुलाई पठाएको च.नं.३०३ मिति २०६९।७।५ को पत्र प्राप्त भएकोले पुनरावेदकको पुनरावेदन उपर केही गर्नुपर्ने अवस्था देखिएन अतः उल्लेखित पुनरावेदनको लगत कट्टा गरिदिन यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ६४/३ उजुरी

मिति :	२०६९।४।९
पक्ष :	**तिलकप्रसाद सापकोटा ।**
विपक्ष :	
विषय :	सार्वजनिक निकायमा कार्यरत कर्मचारीको समय परिपालना सम्बन्धी जानकारी ।
मिति	**कारबाही/निर्णय**
२०६९।०४।१४	सूचनाको हकसम्बन्धी एनेको दफा ७ को उपदफा (१) बमोजिम कुनै पनि नागरिकले सूचना प्राप्त गर्न सम्बन्धित कार्यालयको सूचना अधिकारीसमक्ष निवेदन गरी त्यहाँबाट उपलब्ध नभएमा ऐनको दफा ९ बमोजिम कार्यालय प्रमुख समक्ष निवेदन गरी त्यहाँबाट पनि प्राप्त नभएमा मात्र यस आयोगमा निवेदन गरी सूचना माग गर्नुपर्ने हुन्छ । तसर्थ निवेदक रुद्रमणी अधिकारीलाई सोही कूराको जानकारी गराई मिसिल तामेलीमा राख्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ६५/४ पुनरावेदन/उजुरी

मिति :	२०६९।४।१०
पक्ष :	पुनरावेदक जिल्ला सर्लाही गौरीशंकर गा.वि.स. वडा. नं. ६ बस्ने **रामचन्द्र शाह ।**
विपक्ष :	जनता उच्च मा.वि. ।
विषय :	नाम परिवर्तन गर्नुपर्ने कारणका बारेमा
मिति	**कारबाही/निर्णय**
२०६९।४।२१	अतः पुनरावेदकले माग गरेको सूचना ऐनको दफा ३(३) भित्र नपर्ने हुँदा १५ (पन्ध्र) दिन भित्र निजलाई उपलब्ध गराई आयोगलाई सोको जानकारी गराउन जनता उच्च मा.वि. श्रीनगर सर्लाहीका प्रधानाध्यापक, जिल्ला शिक्षा कार्यालय मलंगवा सर्लाहीका प्रमुख र क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यमाञ्चल, काठमाडौंका प्रमुखका नाममा यो आदेश जारी गरिएको छ । अन्यथा सूचनाको हकसम्बन्धी ऐनको दफा ३२ बमोजिम कारबाहीको प्रकृया अघि बढाउने कुराको जानकारी निजहरूलाई दिनू ।
२०६९।६।१९	जनता उच्च मा.वि.को जानकारी सम्बन्धी पत्र प्राप्त ।
२०६९।८।११	जनता उच्च मा.वि. श्रीनगर सर्लाहीको मिति २०६९।६।१७ च.नं. १८ को पत्रद्वारा निवेदक सूचना लिन नआएको भनी निवेदकलाई उपलब्ध गराउनुपर्ने सूचना यस आयोगमा प्राप्त हुन आएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ६६/५ पुनरावेदन/उजुरी

मिति :	२०६९।४।१४
पक्ष :	पकनाजोल काठमाडौंका प्रा.डा. **सूर्यबहादुर कार्की ।**
विपक्ष :	अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कार्यालय प्रमुख ।

विषय :	अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस संस्थाका सदस्य समेतका उपरमा कारबाही गर्ने भनी निर्णयको जानकारी ।
मिति	**कारबाही/निर्णय**
२०६९।०४।१५	निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई उपलब्ध गराई त्यसको जानकारी आयोगलाई दिनू, सूचना उपलब्ध गराउन नमिल्ने भए ७ (सात) दिन भित्र कारण लेखि पठाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कार्यालय प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०६९।०४।२१	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सूचना उपलब्ध गराएको पत्र प्राप्त ।
२०६९।०४।२८	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सूचना उपलब्ध गराएको बोधार्थ पत्र प्राप्त भएको हुँदा प्रस्तुत मिसिलको लगत लगत कट्टा गर्नू ।

क्रम संख्या : ६७/६ पुनरावेदन/उजुरी

मिति :	२०६९।०४।१५
पक्ष :	वायो सिरो र वाइल्ड लाइफ इकाई राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार, ललितपुरका वैज्ञानिक अधिकृत हृदय रत्न शाक्य ।
विपक्ष :	राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार, ललितपुर ।
विषय :	सूचना माग गरेको अभियोगमा सजाय गरिएको ।
मिति	**कारबाही/निर्णय**
२०६९।०४।२१	लिखित जवाफ र कारबाही सम्बन्धी आवश्यक कागजात सहित ७ (सात) दिन भित्र यस आयोगमा पठाउन राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार, ललितपुरका प्रमुख भिनुशोभा तुलाधरको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।०५।२२	राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार, ललितपुरको आदेश कार्यान्वयन सम्बन्धी पत्र प्राप्त ।
२०६९।०८।१५	सूचना आयोगको काम नागरिकको सूचनाको हकको संरक्षण, संवद्धन र प्रचलन गराउनु हो । सूचनाको हकसम्बन्धी ऐन, नियम अनुसार गरेको आयोगको कार्यप्रति तपाईले कुन आधार र कारणबाट उक्त व्यहोरा उल्लेख गर्नुभएको हो सो सम्बन्धमा सात (७) दिन भित्र स्पष्ट लिखित जवाफ पठाउन पनि राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार, ललितपुरका प्रमुख भिनुशोभा तुलाधरको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।१०।१२	राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार, ललितपुरबाट यस आयोगलाई आदेश कार्यान्वयन सम्बन्धमा पत्र प्राप्त
२०७०।२।१३	आयोगको उल्लेखित आदेश अनुसार हालसम्म सूचना उपलब्ध नगराएकाले र आयोगको आदेश अटेर गर्ने कार्य भएको पाइएको हुँदा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाकी कार्यकारी निर्देशक भिनुशोभा तुलाधरलाई सूचनाको हकसम्बन्धी ऐन,

	२०६४ को दफा ३२ बमोजिम रु १००१।– (रु एक हजार एक) जरिवाना गर्ने निर्णय गरिएको छ । यसको जानकारी विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवलाई दिने । निर्णयको जानकारी राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार, ललितपुरका (कार्यकारी निर्देशक) भिनुशोभा तुलाधरलाई निर्णयमा चित्त नवुझे ३५ दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न जानू भनी जानकारी दिनू ।

क्रम संख्या : ६८/७ पुनरावेदन/उजुरी

मिति :	२०६९।४।२२
पक्ष :	नेपाल बैंक लिमिटेडका भू.पू उपप्रवन्धक **लवकुमार ताम्राकार ।**
विपक्ष :	आन्तरिक राजस्व विभाग काठमाडौंको प्रमुख ।
विषय :	पेन्सन होल्डर (निवृत कर्मचारीहरू)लाई कर छुट एवं कर निर्धारणको बारेमा जानकारी नदिई कर निर्धारण गरेको कारणबाट आयकर ऐन, २०५८ बमोजिम कर छुट सीमाबाट लाभान्वित हुन नसकेकोले कर छुट सम्बन्धमा सार्वजनिक सूचना जारी गरी पाँऊ ।
मिति	**कारबाही/निर्णय**
२०६९।०४।२९	यस्ता सूचना सार्वजनिक गर्नुपर्ने सूचना भित्र पर्ने हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (४) बमोजिम प्रत्येक तीन तीन महिनामा सम्बन्धित कार्यालयले प्रकाशन गर्नुपर्ने सूचनामा समावेस गरी सार्वजनिक गर्ने गराउने व्यवस्था मिलाउन आन्तरिक राजस्व विभाग काठमाडौंको प्रमुखको नाममा यो आदेश जारी गरिएको । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या :६९/ ८ पुनरावेदन/उजुरी

मिति :	२०६९।५।८
पक्ष :	समाज कल्याण परिषद्का वोर्ड सदस्हरू **सच्चिदानन्द वर्मा र भोजराज श्रेष्ठ ।**
विपक्ष :	समाज कल्याण परिषद् ।
विषय :	मिति २०६८।०९।२८ देखि हालसम्म पूर्ण बोर्ड तथा का.स.स. बोर्ड वैठकले गरेका निर्णयको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।५।१४	निवेदकहरूको माग बमोजिमका सूचनाहरू ७ (सात) दिन भित्र निवेदकहरूलाई उपलब्ध गराई सोको जानकारी आयोगलाई गराउन समाज कल्याण परिषद्, लैनचौरका सदस्य सचिवको नाममा यो आदेश जारी गरिएको ।
२०६९।५।२१	समाज कल्याण परिषद्को आदेश कार्यान्वयन सम्बन्धी पत्र प्राप्त ।
२०६९।५।२६	आयोगमा उपस्थित हुन पत्राचार ।
२०६९।५।३१	आयोग समक्ष उपस्थित भै छलफल ।
२०६९।६।२२	समाज कल्याण परिषद्को निवेदकलाई सूचना लिन आउनु भनी आयोगलाई बोधार्थ पत्र प्राप्त ।

२०६९।६।१६	निवेदकद्वयलाई सम्बोधन गरेको मिति २०६९।६।८ को पत्रको बोधार्थ प्रति यस आयोगमा प्राप्त भएकोले प्रस्तुत मिसिलमा केही गरिरहनुपर्ने नदेखिएको हुँदा लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ७०/९ पुनरावेदन/उजुरी

मिति :	२०६९।०५।१०
पक्ष :	नेपाल युवा संस्था सञ्जाल (आयोन)का संस्थापक लेखनाथ निरौला लगायतका सदस्यहरू
विपक्ष :	नेपाल युवा संस्था सञ्जाल (आयोन)
विषय :	आयोगको साधारण सभा सम्बन्धी
मिति	**कारबाही/निर्णय**
२०६९।०५।१२	माग गरेका सूचनाहरू स्पष्ट नभएको र निवेदनमा उल्लेखित विषयवस्तुहरू समेत आयोगको कार्यक्षेत्र भित्र नपर्ने देखिएको हुँदा प्रस्तुत निवेदन माथि कारबाही गरिरहनु परेन । अतः प्राप्त निवेदन खारेज गरी निवेदकलाई सोको जानकारी दिनू ।

क्रम संख्या : ७१/१० पुनरावेदन

मिति :	२०६९।५।११
पक्ष :	राउत कन्सट्रक्सन जनकपुर - १३ धनुषाको प्रोपाईटर **ज्ञानेन्द्र राउत** ।
विपक्ष :	जलेश्वर न.पा. कार्यालयका कार्यवाहक प्रमुख ।
विषय :	१. मिति २०६९।३।१० देखि मिति २०६९।३।२० सम्मको दर्ता किताबको प्रमाणित प्रतिलिपि । २. मिति २०६९।३।१० देखि मिति २०६९।४।१५ सम्मको कर्मचारीको हाजिर रजिष्ट्रको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।५।१४	लाग्ने दस्तुर लिई तपसिलका सूचनाहरू ७ (सात) दिन भित्र पुनरावेदकलाई उपलब्ध गराई आयोगलाई जानकारी दिनू भनी जलेश्वर नगरपालिको प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ७२/११ निवेदन

मिति :	२०६९।५।१२
पक्ष :	नेपाल युवा संस्था सञ्जाल (आयोन)का संस्थापक **लेखनाथ निरौला** लगायतका सदस्यहरू ।
विपक्ष :	नेपाल युवा संस्था सञ्जाल (आयोन)का प्रमुख ।
विषय :	१. आयोनको सातौँ साधारण सभा गर्ने सम्बन्धी कार्य समीतिको निर्णयको प्रमाणित प्रतिलिपि । २. साधारण सभामा उपस्थितीको लागि सूचना पठाइएका सदस्यहरूको नामावली ।

	३. साधारण सभामा उपस्थितीको लागि सूचना पठाएको माध्यमको बारेमा यथार्थ जानकारी । ४. साधारण सभामा प्रस्तुत भएको र साधारण सभाले गरेको निर्णयको प्रतिलिपि । ५. साधारण सभामा संस्थापक सदस्यहरूलाई उपस्थितीको लागि सूचना पठाएको वा नपठाएको, पठाएको हो भने, के-कुन माध्यमबाट कुन मितिमा क-कसलाई पठाएको हो सो को यथार्थ जानकारी ।
मिति	**कारबाही/निर्णय**
२०६९।०५।१२	माग गरिएका सूचनाहरू सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३ (३) अन्तर्गत दिनु नपर्ने सूचनामा नपर्ने हुँदा ७ (सात) दिन भित्र निवेदकहरूलाई तपसिलका सूचना उपलब्ध गराई आयोगलाई जानकारी गराउनू भनी नेपाल युवा संस्था सञ्जाल (आयोन)का प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०६९।०५।२१	नेपाल युवा संस्था सञ्जाल (आयोन)को पत्र प्राप्त ।
२०६९।०५।२५	मिति २०६९।०५।२० च.नं. ८५ को पत्रद्वारासूचना उपलब्ध गराएको जानकारी यस आयोगलाई गराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ७३/१२ पुनरावेदन

मिति :	२०६९।०५।१२
पक्ष :	जिल्ला सुर्खेत जर्बुटा गा.वि.स. वडा नं. १ बस्ने **नारायण प्रसाद सापकोटा ।**
विपक्ष :	श्री नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय गाग्रतालका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्राचार्य हरिभक्त कोइराला र नेत्रमणि चालिसे ।
विषय :	१. मिति २०६६।१०।२२ गते विद्यालय व्यवस्थापन समितिले विद्यालयको नामाकरण गर्ने सम्बन्धमा गरेको निर्णय नं ३ को प्रमाणित प्रतिलिपि । २. नारायण प्रसाद सापकोटा लगायत ६ भाइले विद्यालय नामाकरण गर्नको लागि जम्मा गरेको रु. १०,००,५००।- (दशलाख पाँचसय रुपैयाँ)को रसिदको प्रमाणित प्रतिलिपि । ३. रारा विकास बैंक सुर्खेतमा विद्यालयको नाममा जम्मा गरेको भौचरको प्रमाणित प्रतिलिपि
मिति	**कारबाही/निर्णय**
२०६९।०५।२४	पुनरावेदकले माग गरेको सूचना ऐनको दफा ३(३) ले प्रवाह गर्न नपर्ने सूचना भित्र नपरेकोले पुनरावेदकले माग गरेको तपसिलका सूचना ७ (सात) दिन भित्र पुनरावेदकलाई उपलब्ध गराउन श्री नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय जर्बुटा गा.वि.स. वडा नं. १ गाग्रताल सुर्खेतका प्राचार्य नेत्रमणि चालिसेको नाममा यो आदेश जारी गरिएको छ । अन्यथा ऐनको दफा ३२ बमोजिम कारबाहीको प्रकृया अगाडि वढाइने कुराको जानकारी गराउनू ।

२०६९।०६।१६	श्री नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय गाग्रतालका विद्यालयको जानकारी सम्बन्धी पत्र प्राप्त ।
२०६९।९।१	श्री नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय गाग्रताल मार्फत कागजात पठाइएको सम्बन्धमा पत्र प्राप्त ।
२०७०।२।२	पुनरावेदकलाई सूचना उपलब्ध गराइयो, गराइएन सोको जानकारी यस आयोगमा चार महिना व्यतित हुँदा सम्म प्राप्त नभएको । यसमा पुनरावेदक सूचना पाइन भनी आयोगमा सम्पर्क गर्न आएमा आयोगमा प्राप्त सूचना उपलब्ध गराइदिने गरी प्रस्तुत मिसिलको लगत कट्टा गर्ने भन्ने आदेश ।

क्रम संख्या : ७४/१३ पुनरावेदन/उजुरी

मिति :	२०६९।०५।१२
पक्ष :	सिन्धुपाल्चोक जिल्ला जलविरे गा.वि.स. स्थायी घर भई हाल कोटेश्वर बस्ने सुजन दाहाल ।
विपक्ष :	पेन्टागन उ.मा.वि ।
विषय :	१. कक्षा ११ पढने सम्पूर्ण विद्यार्थीहरूको नामावली । २. कक्षा ११ पढने उच्च माध्यमिक शिक्षा परिषदको छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीहरूको नामावली । ३. छात्रवृतिका लागि उच्च माध्यमिक शिक्षा परिषदले पठाएको छात्रवृत्ति सिफारिशको प्रमाणित प्रतिलिपि । ४. त्यस पेन्टागन उ.मा.वि.को शुल्क विवरण । ५. छात्रवृत्तिमा पढने विद्यार्थीहरूसंग संकलन गरिएको शुल्क विवरण ।
मिति	**कारबाही/निर्णय**
२०६९।५।२४	पुनरावेदकले माग गरेको तपसिलका सूचना ७ (सात) दिन भित्र निजलाई उपलब्ध गराई यस आयोगलाई जानकारी दिनू भनी पेन्टागन उ.मा.वि तिनकुनेका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०६९।८।२८	पेन्टागन उ.मा.वि.को जवाफ पठाएको पत्र प्राप्त ।
२०६९।९।६	निवेदकले माग गरे बमोजिमको सूचनाहरू ७ (सात) दिन भित्र निजलाई उपलब्ध गराई यस आयोगलाई जानकारी गराउनका लागि आदेश जारी भएकोमा सो कलेजको Reg no. 105/069 मिति २०६९।८।२८ को पत्रबाट जवाफ तथा जानकारी आयोगमा उपलब्ध गराएको । तर निवेदकलाई उक्त सूचना उपलब्ध गराएको नदेखिएको हुँदा निवेदकलाई समेत उल्लेखित सूचनाहरू उपलब्ध गराई आयोगलाई जानकारी गराउन पेन्टागन इन्टरनेसनल कलेजका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।१०।१०	आदेश कार्यान्वयन सम्बन्धमा ताकेता पत्र ।

२०७०।२।५	२०६९।१०।१० मा ताकेता पत्र पठाइसकेको र निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा यदि निवेदकले सूचना पाइन भनी आएमा आयोगमा प्राप्त भएको सूचनाको सक्कलै प्रति निजलाई उपलब्ध गराउनू, प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : ७५/१४ निवेदन

मिति :	२०६९।५।१५
पक्ष :	सूचना सहायता केन्द्र, फ्रिडम फोरम थापाथली काठमाडौंका, **सञ्जीव घिमिरे ।**
विपक्ष :	काठमाडौं महानगरपालिका ।
विषय :	१. यस महानगर क्षेत्रभित्रका सार्वजनिक स्थल एवं सडक पेटी क्षेत्रमा सवारी साधन पार्किङ गर्ने सम्बन्धी कुनै नीति, निर्देशिका वा कुनै निर्णय छ वा छैन ? छ भने सोको प्रतिलिपि । २. यस महानगर अन्तर्गत कुन कुन सार्वजनिक स्थल एवं सडकहरूमा कति ठाँउलाई स-शुल्क सवारी साधन पाकिङ्ग क्षेत्रका रूपमा छट्टयाईएको छ ? सोको सम्पूर्ण नामावली तथा क्षेत्रफल सम्बन्धी विवरण । ३. ती पार्किङ्गस्थलहरू मध्ये कुन स्थल कुन कम्पनी वा व्यक्तिलाई संचालन गर्न दिइएको छ ? ती संचालकहरूको नामावली तथा ती संग यस नगरपालिकाले गरेको सर्तनामा तथा करारको विवरणको प्रमाणित प्रतिलिपि । ४. आ.ब. २०६५/६६, २०६६/६७ र २०६७/६८ मा सवारी साधन पार्किङ्गस्थलबाट महानगरपालिकाले कति आम्दानी गर्न सफल भयो ? सो पार्किङ्गस्थलको अलग अलग आम्दानीको विवरण । ५. आ.ब. २०६५/६६, २०६६/६७ र २०६७/६८ मा के कति कस्ता सवारी साधन पार्किङ गरिए फरक फरक स्थलको अलग अलग वार्षिक विवरण सम्बन्धी सूचना ।
मिति	**कारबाही/निर्णय**
२०६९।०५।२७	निवेदकले माग गरेका तपसिलका सूचना १५ (पन्ध्र) दिन भित्र निवेदकलाई उपलब्ध गराउनू भनी काठमाडौं महानगरपालिकाका प्रमुख केदारबहादुर अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । सूचना उपलब्ध नगराएमा ऐनको दफा ३२ बमोजिम कारबाहीको प्रकृया अगाडि वढाईने छ ।
२०६९।०६।३०	काठमाडौं महानगरपालिकाको विवरण सहितको पत्र प्राप्त ।
२०६९।०७।१७	निवेदकलाई सूचना उपलब्ध गराई आयोगलाई जानकारी दिने व्यहोराको पत्राचार ।
२०७०।२।२	काठमाडौं महानगरपालिलाई जानकारी गराइसकेको र निवेदकले सूचना पाइन भनी आयोगमा सम्पर्क गर्न आएमा आयोगमा प्राप्त सूचना निवेदकलाई उपलब्ध गराउने गरी प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : ७६/१५ पुनरावेदन/उजुरी

मिति :	२०६९।०५।१९
पक्ष :	सूचना सहायता केन्द्र, फ्रिडम फोरम थापाथली काठमाडौंका सदस्यद्वय **धर्मेन्द्र झा र सञ्जीव घिमिरे ।**
विपक्ष :	युवा तथा साना व्यवसायी स्वरोजगार कोष ।
विषय :	१. युवा तथा साना व्यवसायी स्वरोजगार कोषमा हाल नेपाल सरकार, अन्तर्राष्ट्रिय संघ संस्था, नेपाली संघ संस्था र व्यक्ति तथा वित्तिय र सहकारी संस्थाबाट प्राप्त रकम समेत गरी कुल कति रकम कोषमा जम्मा भएको छ ? अलग अलग श्रोतबाट अलग अलग मितिमा प्राप्त रकमको अलग अलग विवरण । २. यसरी प्राप्त रकम कुन कुन बैंक, वित्तिय तथा सहकारी संस्थालाई कुन क्षेत्रमा लगानी गर्ने गरी कुन मितिमा, के कति प्रतिशत व्याजमा दिइएको छ ? आ.व २०६७/०६८ तथा २०६८/०६९मा यसरी प्रदान गरिएको रकमको विभिन्न वित्तिय संस्थासंग भएको सवै सम्झौताको प्रतिलिपिहरू । ३. कोषसंग सम्झौता भई रकम लगेका वित्तिय संघ संस्थाहरू मध्ये कुन कुन वित्तिय संस्थाले लक्ष्य अनुसार के कति लगानी गरेका छन् र कति रकम लगानी गर्न सकेका छैनन् ? लगानी नगर्ने संस्थाहरूको रकम के गरिएको छ ? सो रकम फिर्ता गरेको भए कहिले फिर्ता गरे वा गरेको छैनन् ? छन् भने कुन कुन मितिमा कति फिर्ता गरे सोको सम्पूर्ण विवरण । ४. हालसम्म कोषको रकम बैंकमार्फत ऋण लिने वेरोजगार युवाहरू वा तिनका समुहहरू कोको हुन र तिनको नाम, ठेगाना तथा ऋण लिएको रकमको परिमाण र व्यवसाय के हो ? त्यो व्यवसाय कहाँ छ ? कुन कुन संस्थाबाट कहिले कर्जा लिएका हुन् ? सोको विस्तृत विवरण । ५. युवा तथा साना व्यवसायी स्वरोजगार कोषसंग हाल कति रकम संञ्चित छ र त्यो रकम कुन कुन बैंक वा वित्तिय संस्थामा कति प्रतिशत व्याजमा राखिएको छ ? कोषको कुन तहको पदाधिकारीको निर्णयबाट सो रकम कुन वित्तिय संस्थामा राखिएको छ, सो सम्बन्धी निर्णयको प्रतिलिपि । ६. कोषको स्थापना भएपछिको हालसम्मको वार्षिक लेखा परीक्षण प्रतिवेदनहरू ।
मिति	**कारबाही/निर्णय**
२०६९।०५।३१	निवेदकले माग गरेको तपसिलका सूचना सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(१)(२) बमोजिम नेपाली नागरिकलाई सूचनाको हक हुने र सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने व्यवस्था गरेको तथा निवेदकले माग गरेको सूचना ऐनको दफा ३(३) ले प्रवाह गर्न नपर्ने सूचना भित्र नपर्ने देखिन्छ । तसर्थ निवेदकको माग बमोजिम १५ (पन्ध्र) दिन भित्र तपसिलका सूचना उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन युवा तथा साना व्यवसायी स्वरोजगार कोषको कार्यकारी प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।०८।११	युवा तथा साना व्यवसायी स्वरोजगार कोषको मिति २०६९।६।२८ च.नं. १५६ को पत्रद्वारा निजलाई उपलब्ध गराई यस आयोगलाई समेत जानकारी गराई सकेको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ७७/१६ निवेदन

मिति :	२०६९।५।२१
पक्ष :	का.जि.का.म.न.पा. वडा नं.७ बस्ने **प्रकास प्रसाद उपाध्याय** ।
विपक्ष :	नेपाल मेडिकल काउन्सिल ।
विषय :	१. हालसम्म यस काउन्सिलमा आवद्ध नेपाली र विदेशी नागरिक चिकित्सकहरूको नामावली विवरणको प्रमाणित प्रतिलिपि । २. विगत ५ वर्षदेखि हालसम्म काउन्सिलले चिकित्सकहरूको प्रमाणपत्र (लाइसेन्स)का परीक्षामा सम्मिलित सहित परीक्षामा सफल भएका परीक्षार्थीहरूको नामावली ।
मिति	**कारबाही/निर्णय**
२०६९।५।२७	निवेदकको माग बमोजिम १५ (पन्ध्र) दिन भित्र तपसिलका सूचना उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन नेपाल मेडिकल काउन्सिलका रजिष्ट्रारको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।८।१२	नेपाल मेडिकल काउन्सिलको बोधार्थ पत्र ।
२०६९।८।१९	पुन आदेश ।
२०६९।८।१९	पुन निवेदन ।
२०६९।९।१	पुन आदेश ।
२०६९।९।८	नेपाल मेडिकल काउन्सिलको आदेश कार्यान्वयन सम्बन्धमा पत्र प्राप्त ।
२०६९।९।८	नेपाल मेडिकल काउन्सिलको अध्यक्ष दामोदर प्रसाद गजुरेल र रजिष्ट्रार निलमणि उपाध्यायको उपस्थिति ।
२०७०।१।४	आदेश कार्यान्वयन सम्बन्धमा पुनः ताकेता ।
२०७०।२।१	नेपाल मेडिकल काउन्सिलको सूचना उपलब्ध गराइएको बारे पत्र प्राप्त ।
२०७०।२।७	मिति २०६९।१।३१ मा निवेदकलाई सूचना लिन आउनू भनी पत्र लेखी यस आयोगमा बोधार्थ दिएको हुँदा लिन गएका वखत निवेदकले सूचना पाउने नै देखिँदा यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने ।

क्रम संख्या : ७८/१९ निवेदन

मिति :	२०६९।६।०३
पक्ष :	जिल्ला चितवन खैरहनी गा.वि.स.वडा नं २ बस्ने **अशेष प्रधान** ।
विपक्ष :	शिक्षा मन्त्रालय ।
विषय :	२०६९।५।२ मा संचालित छात्रवृत्ति छनौट परीक्षाको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि विवरण ।
मिति	**कारबाही/निर्णय**
२०६९।६।१६	माग गरेको सूचना सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(३) अन्तर्गत प्रवाह नगरिने सूचनाभित्र नपरेको र ऐनको दफा ३०(२) अनुसार प्राप्त गर्ने सूचना नै भएको हुँदा पुनरावेदकले माग गरेको "२०६९।५।२ मा संचालित छनौट परीक्षाको उत्तर पुस्तिकाको प्रमाणित प्रतिलिपि" ३ (तीन) दिन भित्र उपलब्ध गराई यस आयोगलाई जानकारी गराउनू अन्यथा सूचना अधिकारी एवं कार्यालय प्रमुख (सचिव) माथि ऐनको दफा ३२ अनुसार कारबाहीको प्रकृया अघि बढाइने छ भनी शिक्षा मन्त्रालय सिंहदरवारको प्रमुख (सचिव) को नाममा यो आदेश जारी गरिएको ।

२०६९।६।२९	शिक्षा मन्त्रालयको पत्रबाट सूचनाहरू निवेदकलाई उपलब्ध गराई आयोगलाई समेत जानकारी गराएको ।
२०६९।७।१६	माग गरेका सूचनाहरू मन्त्रालयले निजलाई उपलब्ध गराई यस आयोगलाई समेत जानकारी गराई सकेको पाईएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ७९/२० पुनरावेदन

मिति :	२०६९।६।०४
पक्ष :	**डा. गिर्वाण कुमार शर्मा ।**
विपक्ष :	नेपाल मेडिकल काउन्सिल ।
विषय :	मिति २८ जुलाइ, २०११ मा प्राप्त रजिष्ट्रेशन पत्र सच्चाई जानकारी गराई पाउँ ।
मिति	**कारबाही/निर्णय**
२०६९।६।१६	सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३५ को उपदफा २ मा उल्लेख भए अनुसार निवेदकको मागको सम्बन्धमा निर्णय गरी ७ (सात) दिन भित्र आयोगलाई जानकारी गराउनू भनी नेपाल मेडिकल काउन्सिलका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०६९।८।५	पुनः आदेश ।
२०६९।८।१२	नेपाल मेडिकल काउन्सिलले सूचना उपलब्ध गराईएको बोधार्थ पत्र प्राप्त ।
२०६९।८।२०	पुनः उजुरी
२०६९।९।१	निवेदकलाई यथासक्य चाँडो पूर्व आदेश बमोजिमको सूचना उपलब्ध गराई यस आयोगलाई जानकारी गराई दिनुहुन पत्राचार ।
२०६९।९।८	नेपाल मेडिकल काउन्सिलबाट जानकारी गराइएको बारे पत्र प्राप्त ।
२०६९।९।२२	पुनः निवेदन ।
२०६९।९।२५	निजको निवेदन नेपाल मेडिकल काउन्सिलमा पठाइएको ।
२०७०।२।६	मिति २०६९।८।५ मा आदेश जारी भएकोमा नेपाल मेडिकल काउन्सिलले मिति २०६९/९/६ को पत्र मार्फत निज डा. गिर्वाण कुमार शर्मालाई हुलाक मार्फत सूचना पठाएको जानकारी यस आयोगमा गराएको । तत्पश्चात् पनि डा. गिर्वाण कुमार शर्माले सूचना नपाएको भनी मिति २०६९।९।२२ मा आयोगमा निवेदन पेश गरेकोमा सो निवेदन कार्यार्थ आयोगबाट मिति २०६९।९।२५ मा नेपाल मेडिकल काउन्सिलमा पठाइसकेको हुँदा यस विषयमा थप केही गर्नु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : ८०/२१ उजुरी

मिति :	२०६९।६।०५
पक्ष :	का.जि.का.म.न.पा.वडा नं ३५ बस्ने **अजय कुमार वर्मा ।**
विपक्ष :	महानगरीय प्रहरी वृत्त, कालीमाटी ।

विषय :	चोरी मुद्दामा जाहेरी दरखास्त दिएकोमा जाहेरी पोल गरी निवेदन गरेको व्यक्तिले पेश गरेको भर्पाई ।
मिति	**कारबाही/निर्णय**
२०६९।६।१६	निवेदकले माग गरेको सूचना सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(३) अन्तर्गत प्रवाह नगरिने सूचनाभित्र नपरेको हुँदा निवेदकलाई ७ (सात) दिन भित्र माग बमोजिमको सूचना उपलब्ध गराई यस आयोगलाई जानकारी दिनू भनी महानगरीय प्रहरी वृत्त, कालीमाटीका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०६९।८।२९	महानगरीय प्रहरी वृत्त, कालीमाटीको पत्र प्राप्त ।
२०६९।९।५	सूचना दिई भर्पाई समेत गराई च.नं.२२६६ मिति २०६९।८।२८ को पत्रसाथ जानकारी प्राप्त भएकोले पुनरावेदकको पुनरावेदन उपर केही गर्नुपर्ने अवस्था देखिएन अतः उल्लेखित पुनरावेदनको लगत कट्टा गरिदिन यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ८१/२२ पुनरावेदन

मिति :	२०६९।६।०८
पक्ष :	धादिङ जिल्ला वेनिघाट २ स्थाई घर भई हाल का.जि.काठमाडौं महानगरपालिका ३२ बस्ने अधिवक्ता **रामहरि त्रिपाठी ।**
विपक्ष :	एकिकृत ने.क.पा. माओवादीको कार्यालय पेरिसडाँडा, कोटेश्वर काठमाडौं ।
विषय :	१. जम्मा कति जनाको विरुद्ध उजुरी परेको छ ? सबैंको नाम, थर सहित जानकारी पाउँ । २. क-कस्का विरुद्ध के कति सम्पत्ति कमाएको उजुरी परेको छ ? सोको विस्तृत जानकारी पाउँ ।
मिति	**कारबाही/निर्णय**
२०६९।६।१६	माग गरेका तपसिलका सूचना पुनरावेदकलाई उपलब्ध गराई सोको जानकारी यस आयोगलाई दिनू, दिन नमिल्ने भए ७ (सात) दिन भित्र कारण सहितको लिखित जवाफ पठाउन ने.क.पा. एकीकृत माओवादीका कार्यालय सचिवको नाममा यो आदेश जारी गरिएको ।
२०६९।७।२६	एकीकृत ने.क.पा. माओवादीको कार्यालय पेरिसडाँडा, कोटेश्वर काठमाडौंको पत्र प्राप्त ।
२०६९।९।५	निज पुनरावेदकलाई सम्बन्धित विषयमा पत्र पठाएको भन्ने समेत व्यहोराको च.नं. ५१० मिति २०६९।७।२४ को पत्र प्राप्त भएको पुनरावेदकले हालसम्म सूचना पाईन भनेको अवस्था नदेखिएकोले सूचना पाउन माग भै आएमा कारबाही गर्ने गरी हाललाई यो पुनरावेदन तामेलीमा राखी लगत कट्टा गरिदिन यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ८२/२३ पुनरावेदन/उजुरी

मिति :	२०६९।६।८
पक्ष :	पुतलीसडक काठमाडौं निवासी **हरिप्रसाद खनाल** ।
विपक्ष :	ललितपुर जावलाखेल स्थित आदर्श विद्या मन्दिर उच्च मा.वि.
विषय :	स्थानीय निर्वाचनमा भाग लिई पराजित भएपछि पुनः शिक्षक सेवामा प्रवेश गरी गैर कानून क्रियाकलाप गरेको
मिति	**कारबाही/निर्णय**
२०६९।६।२३	निवेदकले माग गरेका सूचना कुन निकायसंग माग गरेको हो ? निवेदनमा खुल्न नसकेको, निवेदकको ठेगाना र फोन नं. समेत निवेदनमा उल्लेख नभएको हुँदा निवेदक सम्पर्कमा आएका बखत निजलाई जानकारी गराउने गरी हाललाई प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ८३/२४ निवेदन

मिति :	२०६९।६।११
पक्ष :	नेपाल कृषि अनुसन्धान परिषद्का वरिष्ठ वैज्ञानिक डा.**निरञ्जन प्रसाद अधिकारी ।**
विपक्ष :	नेपाल कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशक ।
विषय :	१. मिति २०६५।११।१९ को वढुवा सम्बन्धी सूचना अनुसार कार्यकारी समितिबाट पुनरमूल्यांकन गर्न अपनाईएका प्रक्रियाहरूको पूर्ण विवरण । २. पुनरमूल्यांकन गर्न कार्यकारी समितिले कुनै कमिटी, समिति, कार्यदल आदि गठन गरेको भए सोको विवरण र त्यसले पेश गरेका प्रतिवेदनहरू । ३. उपरोक्त सूचना अनुसार वढुवाको लागि आवेदन गर्ने निवेदक लगायत सम्पूर्ण उम्मेदवारहरूले प्राप्त गरेका का.स.मु बाहेक शैक्षिक योग्यता, जेष्ठता, वरिष्ठता, कृति आदीमा प्राप्त गरेका अंकहरू । ४. यस सम्बन्धमा कार्यकारी समितिले विभिन्न मितिमा गरेका निर्णयहरू गर्दा उपस्थित समितिका अध्यक्ष, सदस्य र आमन्त्रितहरूको नामावली ।
मिति	**कारबाही/निर्णय**
२०६९।६।१६	माग गरेका तपसिलका सूचनाहरू ३ (तीन) दिन भित्र निवेदकलाई उपलब्ध गराई सोको जानकारी यस आयोगलाई गराउन नेपाल कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशकका नाममा यो आदेश जारी गरिएको छ । अन्यथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाहीको प्रकृया अघि बढाउने व्यहोराको जानकारी समेत गराउनू ।
२०६९।६।१८	पुन : निवेदन ।
२०६९।६।१९	पुनः आदेश ।
२०६९।६।२२	नेपाल कृषि अनुसन्धान परिषद्को आदेश कार्यान्वयन सम्बन्धी पत्र प्राप्त ।

२०६९।७।१६	माग गरेका सूचनाहरू परिषद्ले निजलाई उपलब्ध गराई यस आयोगलाई समेत जानकारी गराईसकेको पाईएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ८४/२५ पुनरावेदन/उजुरी

मिति :	२०६९।६।१६
पक्ष :	बूढानीलकण्ठ स्कूलका वरिष्ठ शिक्षक **नारायणमान श्रेष्ठ** ।
विपक्ष :	बूढानीलकण्ठ स्कूल प्रिन्सिपल छनौट समिति सचिवालय ।
विषय :	१. बूढानीलकण्ठ स्कूल प्रिन्सिपल छनौट समितिले विद्यालय विकास सम्बन्धी अवधारणा पत्र कुन कुन आधारमा निर्धारण गरिएका छन् सोको लिखित जानकारी । २. सो प्रतियोगितामा मेरो प्राप्तांक स्थान के हो ? ३. सो प्रतियोगितामा अधिकतम अंक कति हो र न्यूनतम अंक कति हो ?
मिति	**कारबाही/निर्णय**
२०६९।६।२३	निवेदकले माग गरेका सूचनाहरू सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(३) अन्तर्गत दिन नपर्ने सूचना नदेखिएकाले निवेदकलाई निजले मागेको तपसिलको सूचना उपलब्ध गराई यस आयोगलाई ७ (सात) दिन भित्र जानकारी गराउन बूढानीलकण्ठ स्कूल प्रिन्सिपल छनौट समिति सचिवालयका सदस्य सचिवको नाममा आदेश जारी गरिएको ।
२०६९।८।५	शिक्षा मन्त्रालयको मिति २०६९।८।५ च.नं. ६७ को पत्रद्वारा निवेदकलाई उपलब्ध गराई सोको बोधार्थ पत्र प्राप्त ।
२०६९।८।११	शिक्षा मन्त्रालयको मिति २०६९।८।५ च.नं. ६७ को पत्रद्वारा निवेदकलाई उपलब्ध गराई सोको बोधार्थ समेत यस आयोगमा प्राप्त भएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ८५/२६ पुनरावेदन

मिति :	२०६९।६।१७
पक्ष :	सूचना सहायता केन्द्र, फ्रिडम फोरम थापाथली काठमाडौंका, **सञ्जीव घिमिरे** ।
विपक्ष :	ललितपुर उप-महानगरपालिकाको कार्यालय
विषय :	अपूरो सूचना दिएको ।
मिति	**कारबाही/निर्णय**
२०६९।६।२१	पुनरावेदन गरेकोले पुनरावेदकले माग गरेका सूचनाका सम्बन्धमा छलफल गर्न आवश्यक देखिएको हुँदा ७ (सात) दिन भित्र आयोगमा उपस्थित हुन ललितपुर उप-महानगरपालिका कार्यालयका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।७।०१	आयोग समक्ष उपस्थित भै छलफल ।

२०६९।७।१७	ललितपुर उप-महानगरपालिकाको पत्रबाट निवेदकलाई सूचना लिन आउनू भनी आयोगलाई बोधार्थ पत्र प्राप्त ।
२०६९।८।११	सूचनाहरू ललितपुर उप-महानगरपालिका कार्यालयको मिति २०६९।७।३ च.नं. १६०४ को पत्रद्वारा निवेदकलाई सुचना लिन आउनु भनी जानकारी गराई सोको बोधार्थ यस आयोगमा प्राप्त भएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ८६/२७ निवेदन

मिति :	२०६९।६।१८
पक्ष :	चितवन जिल्ला भरतपुर नगरपालिका स्थायी ठेगाना भई हाल त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र केन्द्रीय विभागका उपप्राध्यापक **केशवराज पौडेल ।**
विपक्ष :	बूढानीलकण्ठ स्कूल प्रिन्सिपल छनौट समितिको सचिवालय ।
विषय :	१. यो प्रिन्सिपल छनौट समितिको गठन बूढानीलकण्ठ स्कूल गुठीको विधान २०५९ (प्रथम संशोधन २०६३) बमोजिम स्कूल व्यवस्थापन समितिले गरेको हो वा होइन ? सो सम्बन्धमा भएको निर्णयको प्रमाणित प्रतिलिपि सहितको सूचना । २. यो प्रिन्सिपल छनौट समितिको गठन गर्ने सम्बन्धमा भएको आधिकारीक निर्णयका क्रममा सो स्कूलको प्रिन्सिपल नारायण प्रसाद शर्माको संलग्नता थियो वा थिएन ? ३. यो समितिले गरेको विज्ञापनमा प्रिन्सिपल पदका लागि सो स्कूलका प्रिन्सिपल नारायण प्रसाद शर्माले आवेदन दिनु भएको छ वा छैन ? आवेदन दिनु भएको भए उहाँको दर्ता नं कति हो ? दर्ता मिति खोलेर प्रष्ट पारिदिनु हुन ।
	४. आवेदन दिनु भएको भए उहाँ हाल सो स्कूलको प्रिन्सिपल पदमा हुनुहुन्छ वा हुनुहुन्न? उहाँ स्कूल व्यवस्थापन समितिको सदस्य सचिवको हैसियतमा हुनुहुन्छ वा हुनुहुन्न ? ५. उहाँ स्कूल व्यवस्थापन समितिको सदस्य सचिवको हैसियतमा रहेको बेलामा यस समिति समक्ष सो स्कूलको प्रिन्सिपल पदका लागि भएको परीक्षामा सहभागी हुनुभयो वा हुनुभएन ? हुनुभएको भए उहाँको कार्यतालिका कहिले थियो र कहिले सहभागी हुनु भएको थियो ? ६. यो समितिको क्रियाकलाप (परिवारको सदस्य अर्थात गठनकर्तालाई प्रिन्सिपल पदको प्रतिस्पर्धामा समावेश गरेको) प्राकृतिक न्याय विरुद्ध लागेमा प्रारम्भिक उजुरी गर्ने स्थान प्रक्रिया के हो ?
मिति	**कारबाही/निर्णय**
२०६९।६।२३	निवेदकले माग गरेका सूचनाहरू सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(३) अन्तर्गत दिन नपर्ने सूचना नदेखिएकाले निवेदकलाई निजले मागेको तपसिलको सूचना उपलब्ध गराई यस आयोगलाई ७ (सात) दिन भित्र जानकारी गराउन प्रिन्सिपल छनौट समितिको सचिवालयका सदस्य सचिव डा. कमलेश्वर कुमार सिन्हाको नाममा यो आदेश जारी गरिएको ।

२०६९।८।०५	सूचनाहरू शिक्षा मन्त्रालयको मिति २०६९।८।५ च.नं. ६८ को पत्रद्वारा निवेदकलाई उपलब्ध गराई सोको बोधार्थ पत्र प्राप्त ।
२०६९।८।११	सूचनाहरू शिक्षा मन्त्रालयको मिति २०६९।८।५ च.नं. ६८ को पत्रद्वारा निवेदकलाई उपलब्ध गराई सोको बोधार्थ समेत यस आयोगमा प्राप्त भएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ८७/२८ निवेदन

मिति :	२०६९।६।१९
पक्ष :	अधिवक्ता **अपूर्व खतिवडा ।**
विपक्ष :	लगानी बोर्डका कार्यकारी अध्यक्ष (वोर्ड प्रमुख) ।
विषय :	१. लगानी बोर्डबाट तयार पारिएको PDA पूर्ण पाठ । २. लगानी बोर्डले PDA को पूर्ण पाठ तयार गर्न नियमित बजेटको रकम भन्दा अन्य कुनै रकमको खर्च गरेको छ कि छैन ? छ भने कुन श्रोतबाट कति रकमको व्यवस्था गरिएको छ ? र PDA को पूर्ण पाठ तयार पार्न लागेको कूल खर्च कति हो ?
मिति	**कारबाही/निर्णय**
२०६९।६।२३	निवेदकले माग गरेका तपसिलका सूचनाहरू ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई सोको जानकारी आयोगमा पठाउन लगानी वोर्डका कार्यकारी अध्यक्ष (वोर्ड प्रमुख) को नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।८।१९	लगानी बोर्डको कार्यालय मार्फत आदेश कार्यान्वयन सम्बन्धमा पत्र प्राप्त ।
२०७०।२।५	लगानी बोर्डको कार्यालयले पनि यस आयोगमा मिति २०६९।८।८ को पत्र मार्फत सूचना प्रेषित गरेको र उक्त सूचना निवेदकलाई उपलब्ध गराउनु भनी मिति २०६९।८।२६ र मिति २०६९।१०।१० मा पत्र प्रेषित गरेको र निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : ८८/२९ पुनरावेदन/उजुरी

मिति :	२०६९।६।२१
पक्ष :	फ्रिडम फोरम थापाथली काठमाडौंका पुनरावेदक तारानाथ दाहाल ।
विपक्ष :	आन्तरिक राजस्व विभागका महानिर्देशक टंकमणि शर्मा ।
विषय :	आंशिक सूचना मात्र दिएको ।
मिति	**कारबाही/निर्णय**
२०६९।७।१७	पुनरावेदकले माग गरेका सबै सूचनाहरू उपलब्ध नगराएको सम्बन्धमा उचित र पर्याप्त कारण सहितको लिखित जवाफ लिई छलफलका लागी मिति २०६९।७।२४ गते दिनको १ बजे यस आयोगमा उपस्थित हुन राजस्व विभागका महानिर्देशक टंकमणि शर्माको यो आदेश जारी गरिएको ।

२०६९।७।२४	म्याद थप गरी पाउँ भन्ने निवेदन प्राप्त र आयोग समक्ष उपस्थित भै छलफल ।
२०६९।८।१४	लिखित जवाफ प्राप्त ।

क्रम संख्या : ८९/३० पुनरावेदन

मिति :	२०६९।६।२४
पक्ष :	**राम नारायणप्रसाद यादव ।**
विपक्ष :	सर्वोच्च अदालत ।
विषय :	निवेदक समेतलाई विपक्षी वनाई डावर नेपाल प्रा.लि.ले श्री सर्वोच्च अदालतमा दायर गरेको उत्प्रेषण रिट निवेदनका सम्बन्धमा मिति २०६९।६।३ गते भएको फैसलाको नक्कल झिकाई पाउनका लागि पटक पटक निवेदन गर्दा निवेदन समेत दर्ता गर्न अस्वीकार गरी फैसलाको नक्कल उपलब्ध नगराएकोले सर्वोच्च अदालतको उल्लेखित फैसलाको नक्कल उपलब्ध गराई पाऊँ ।
मिति	**कारबाही/निर्णय**
२०६९।६।२८	निवेदकले माग गरेको मुद्दाको फैसला सर्वोच्च अदालतबाट केही दिनअघि मात्र भएको कुरा निवेदकको निवेदनबाटै प्रस्ट भएको छ । हाल फैसलाको पूर्ण पाठ तयार भै सकेको छ/छैन यस आयोगलाई जानकारी हुने विषय होईन, निवेदक स्वंयमले अदालतमा सम्पर्क गरी जानकारी लिन सक्ने विषय हो । साथै फैसला तयार भए पश्चात निजले फैसलाको नक्कल सारी लिन पाउने कानूनी व्यवस्था मौजुद रहे बमोजिम सम्मानित अदालतबाट नक्कल उपलब्ध गराईने कार्य भैरहेको हुँदा सम्बन्धित निकायमै सम्पर्क गरी मुद्दा फैसलाको नक्कल लिन सकिने नै हुन्छ । साथै सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सार्वजनिक निकायमा रहेको सूचनामा नागरिकको पहुँचको कुरा गरेको छ । फैसला तयार भई सार्वजनिक निकायमा रहेपछि मात्र तत्सम्बन्धमा हेर्न सकिने विषय भएकोले यसबारे हाल केही गरिरहनु परेन । यसको जानकारी निवेदकलाई दिई प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको ।

क्रम संख्या : ९०/३१ निवेदन

मिति :	२०६९।६।२६
पक्ष :	निवेदक **शंकर सैंजू ।**
विपक्ष :	कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. १ स्थित राष्ट्रिय उच्च माध्यमिक विद्यालय ।
विषय :	१. उच्च माध्यमिक शिक्षा परिषद्को छात्रवृत्तिमा अध्ययनरत सम्पूर्ण विद्यार्थीको नामावली । २. छात्रवृत्तिका लागि उच्च माध्यमिक शिक्षा परिषद्ले पठाएको छात्रवृत्ति सिफारिसको प्रमाणित प्रतिलिपि । ३. राष्ट्रिय उच्च माध्यमिक विद्यालयको शुल्क विवरण । ४. छात्रवृत्तिमा पढ्ने विद्यार्थीसंग संलग्न गरिएको शुल्क विवरण ।

	५. गरीव तथा जहेन्दार दलित विद्याथीहरूको नाममा आउने सरकारद्वारा तोकिएको रकम वार्षिक सम्पूर्ण गत वर्षको र हालको वर्षको विवरण । ६. गरीव तथा जेहेन्दार दलित विद्यार्थीहरूको नाममा आउने सरकारद्वारा तोकिएको रकम, यो वर्ष र गत वर्षमा क-कसका नाममा के-कति रकम वितरण गरियो विद्यार्थीको नाम सहितको सम्पूर्ण विवरण । ७. गरीव तथा जेहेन्दार दलित विद्यार्थीहरूको नाममा आउने सरकारद्वारा तोकिएको रकम वितरणमा विद्यार्थीलाई के-कस्ता आधारमा तोकिएको रकम कुन प्रकृयामा दिईन्थ्यो सम्पूर्ण विवरण ।
मिति	**कारबाही/निर्णय**
२०६९।७।१९	निवेदकले माग गरेका तपसिलका सूचनाहरू ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई सोको जानकारी यस आयोगलाई गराउन राष्ट्रिय उच्च माध्यमिक विद्यालय, कास्की, पोखराका प्रधानाध्यापकको नाममा यो आदेश जारी गरिएको छ ।
२०७०।२।३	मिति २०६९।७।१९ मा सूचना दिनू भनी आदेश जारी गरिसकेको र निवेदनले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : ९१/३२ पुनरावेदन/उजुरी

मिति :	२०६९।६।२८
पक्ष :	**लव कुमार ताम्राकार ।**
विपक्ष :	आन्तरिक राजस्व विभाग ।
विषय :	सूचना उपलब्ध गराइदिन आदेश जारी गरी पाउँ ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।७	लवकुमार ताम्राकारले पेन्सन होल्डर (निवृत कर्मचारीहरू)लाई कर छुट एवं कर निर्धारणको बारेमा जानकारी नदिई कर निर्धारण गरेको कारणबाट आयकर ऐन, २०५८ बमोजिम कर छुट सीमाबाट लाभान्वित हुन नसकेकोले कर छुट सम्बन्धमा सार्वजनिक सूचना जारी गरी पाँऊ भनी यस आयोगमा मिति २०६९।६।२६ मा निवेदन गरेकोले यस्ता सूचना सार्वजनिक गर्नुपर्ने सूचना भित्र पर्ने हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (४) बमोजिम प्रत्येक तीन तीन महिनामा सम्बन्धित कार्यालयले प्रकाशन गर्नुपर्ने सूचनामा समावेस गरी सार्वजनिक गर्ने गराउने व्यवस्था मिलाउन आन्तरिक राजस्व विभाग काठमाडौंको प्रमुखको नाममा मिति २०६९।४।२९ मा आदेश जारी गरिसकेको छ र निवेदकको प्रस्तुत निवेदनले पनि सोही प्रकृतिको माग गरेको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : ९२/३३ उजुरी

मिति :	२०६९।६।२९
पक्ष :	रामेछाप जिल्ला कुवु काँस्थली गा.वि.स घर भई हाल नयाँ बजार काठमाडौं बस्ने **देवकुमार सुनुवार ।**

विपक्ष :	परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल थापाथली काठमाडौंका सूचना अधिकारी ।
विषय :	१. आमा सुरक्षा कार्यक्रम शुरु भएयता २०६५ माघ १ गतेदेखि असोज २०६९ सम्म आमा सुरक्षा कार्यक्रम अर्न्तगत operation Theatre (delivery case) का लागी प्रयोग हुने कुन कुन कम्पनीको कुन कुन औषधी के कति volume/bulk मा कुन कुन मितिमा खरिद गरिएको थियो, त्यसको विवरण । २. ३ वर्षदेखि Quotation सहित खरिद गरेको औषधीको विवरण । ३. औषधी किन्न गरिएको निर्णयमा संलग्न व्यक्ति र सो निर्णयको प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।७।१७	निवेदकले माग गरेका तपसिलका सूचनाहरू दिनुपर्ने प्रकृतीको भएकाले ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई सोको जानकारी यस आयोगलाई गराउन परोपकार प्रसुति तथा स्त्री रोग अस्पताल थापाथली काठमाडौंका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।
२०७०।२।७	यस आयोग समक्ष मिति २०६९।६।२९ मा निवेदन गरेकोमा यस आयोगबाट मिति २०६९।७।१७ मा सूचना दिनू भनी आदेश जारी गरिसकेको र निवेदनले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : ९३/३४ पुनरावेदन/उजुरी

मिति :	२०६९।७।१५
पक्ष :	फ्रिडम फोरम थापाथली काठमाडौंका पुनरावेदक तारानाथ दाहाल ।
विपक्ष :	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
विषय :	मिति २०६९ जेठ १५ गते देखि हालसम्म नेपाल सरकार मन्त्रिपरिषद्द्वारा पारित गरिएका अध्यादेशहरूको विवरण तथा पारित अध्यादेशहरूको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।८।३	उक्त उजुरीका अन्य विषयमा समेत भएको वास्तविकता सहितको लिखित जवाफ लिई छलफलका लागि मिति २०६९।८।११ गते शुक्रबारका दिन दिनको १२:३० बजे यस आयोगमा उपस्थित हुन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारी शंकर के.सी. को नाममा यो आदेश जारी गरिएको छ । उजुरीकर्ताको उजुरीको छाँयाप्रति समेत यसैसाथ राखी पठाउनू ।
२०६९।८।१५	सूचना प्राप्त गर्ने हकलाई कुण्ठित गर्ने प्रयास गर्नुभयो भनी लेखी आएको विषय र उक्त उजुरीका अन्य विषयमा समेत भएको वास्तविकता सहितको लिखित जवाफ लिई छलफलका लागि मिति २०६९।८।२१ गते बिहीबारका दिन दिनको १२:३० बजे यस आयोगमा उपस्थित हुन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारी शंकर के.सी. को नाममा यो आदेश जारी गरिएको छ । उजुरीकर्ताको उजुरीको छाँयाप्रति समेत यसैसाथ राखि पठाउनू ।
२०६९।८।२१	आयोग समक्ष उपस्थित भै छलफल ।
२०६९।९।५	सूचना अधिकारीको लिखित जवाफ प्राप्त ।

२०६९।९।१५	पुनः निवेदन ।
२०६९।९।१६	सूचना अधिकारीको पत्र प्राप्त ।
२०६९।९।१७	७ (सात) दिन भित्र लिखित जवाफ पठाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख (मुख्य सचिव) को नाममा यो आदेश जारी गरिएको छ। सूचना अधिकारीले पेश गरेको लिखित जवाफको छायाँप्रति र निवेदक तारानाथ दाहालको उजुरीको छायाँप्रति समेत साथै राखि पठाउनू ।
२०६९।१०।२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट लिखित जवाफ पेश ।
२०६९।१०।३	पुनः पुनरावेदन ।
२०६९।१०।२५	पुनरावेदकले माग गरेका २०६९।२।१५ देखि हालसम्म मन्त्रिपरिषद्ले सिफारिस गरी पठाएका अध्यादेश ऐनको दफा ३ (३) को आधार विद्यमान छ भनेमात्र दिनूपर्ने होइन। अन्यथा दिनुपर्ने नै हुन आउछ । तसर्थ पुनरावेदकको माग बमोजिमका अध्यादेश ऐनको दफा ३(३) ले रोक लगाएको आधार कारण भित्र पर्नेछैन भने उपलब्ध गराउनु। यदि ऐनको दफा ३ (३) ले रोक लगाएको कुनै अध्यादेश छन् भने पनि सोही दफामा उल्लेख गरे अनुसार उचित र पर्याप्त कारण पुनरावेदकलाई दिनु भनी यो निर्णय गरिएको छ । यसको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख (मुख्य सचिव) लिलामणी पौडेललाई दिनू ।
२०६९।१२।४	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.१२३ मिति २०६९।११।२८ को पत्रबाट सूचना उपलब्ध गराएको बोधार्थ पत्र प्राप्त ।

क्रम संख्या : ९४/३५ पुनरावेदन/उजुरी

मिति :	२०६९।७।१७
पक्ष :	श्री अमर उ.मा.वि वरवोटे, ईलामका टंक वहादुर निरौला ।
विपक्ष :	शिक्षक किताबखाना छाउनी काठमाडौं ।
विषय :	१. मेरो मिति २०३७ पौष मसान्तदेखि २०४८।५।२० सम्मको अवकासको अवधि मेरो सेवा अवधिमा नै जोडिएर गणना गरियो वा गरिएन ? नगरिएको भए किन गरिएन, त्यसको कारण । २. त्यसरी अवकासमा परेका शिक्षकहरूको सेवा अवधि गणना गर्दा अवकाशको अवधिलाई सेवा अवधिमा गणना गरिएको छ, छैन ? गरिएको भए क-कस्को गरियो, तिनिहरूको नाम, विद्यालय र ठेगाना । ३. मैले सेवा अवधी जोडी पाउँ भनी मिति २०६९।०४।१० गते त्यस किताबखानामा दिएको निवेदन दर्ता नं. १६२ उपर के कारबाही भयो, भएन त्यसको लिखित जानकारी। कुनै निर्णय नभएको भए, निर्णय किन नगरिएको हो त्यसको जानकारी। ४. निवेदन दिएको २ महिना वितिसक्दा पनि निर्णय नहुनुको कारण के हो ? ५. निर्णय नगर्ने, ढिलो गर्ने पदाधिकारी को हो ? त्यस्ता पदाधिकारीलाई दायित्व पूरा नगरेकोमा कारबाही हुन्छ हुदैन ? त्यो निवेदन पहिले देखि अहिलेसम्म कुन पदाधिकारीको जिम्मामा छ ?

	६. सामान्यतया यस्तो एउटा निवेदन परेपछि कति दिनमा काम भैसक्नुपर्ने हो त्यसको जानकारी । ७. निर्णय हुने भए कुन नियम अनुसार हुन्छ, त्यसको जानकारी । नहुने भए किन कारबाही हुदैन ? ८. अब उक्त मेरो निवेदन उपर निर्णय हुन कति समय लाग्छ र मैले कहिले जानकारी पाउँछु ?
मिति	**कारबाही/निर्णय**
२०६९।८।३	७ (सात) दिन भित्र निजलाई उपलब्ध गराई आयोगलाई जानकारी गराउन शिक्षक किताब खाना छाउनी काठमाडौंका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।९।८	शिक्षक किताबखाना छाउनी काठमाडौंको बोधार्थ पत्र प्राप्त ।
२०६९।९।१२	पुनः आदेश ।
२०६९।९।२०	विद्यालय शिक्षक किताबखाना छाउनी काठमाडौंका प्रमुख रामहरिदास श्रेष्ठ आयोगमा उपस्थित भै सूचना दिइरहेको र भविष्यमा दिने सम्बन्धी कागज गरेको ।
२०७०।२।३	मिति २०६९।९।२० मा छलफल हुँदा सूचना उपलब्ध गराउने भनी आयोगमा प्रतिवद्धता जाहेर गरेको र निवेदनले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : ९५/३६ पुनरावेदन/उजुरी

मिति :	२०६९।७।१९
पक्ष :	काठमाडौं जोरपाटी बस्ने दिनेश कुमार दाहाल र कलंकी बस्ने शुसिल न्यौपाने
विपक्ष :	अख्तियार दुरुपयोग अनुसन्धान आयोग
विषय :	सूचना अधिकारीले उपलब्ध गराएको सूचनाका सम्बन्धमा चित्त नबुझेको
मिति	**कारबाही/निर्णय**
२०६९।९।१	निवेदकले माग गरेका विषयहरूको सम्बन्धमा आवश्यक छलफल गरी निर्णय गर्नुपर्ने भएकोले शारदा भुषाल झाको निवेदनका सम्बन्धमा लिखित जवाफ लिई आउँदा प्रस्तुत विषयमा समेत छलफल गर्नेगरी आयोगमा उपस्थित हुन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सूचना अधिकारी ईश्वरी प्रसाद पौड्यालको नाममा यो आदेश जारी गरिएको छ । निवेदकले दिएको निवेदनको छायाँप्रति यसै साथ राखी पठाउनू ।
२०६९।९।११	पुनरावेदकले माग गरेका सूचनाहरू उपलब्ध गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सूचना अधिकारी ईश्वरी प्रसाद पौड्यालको नाममा मिति २०६९।०९।१ गते आदेश जारी भएकोमा निज सूचना अधिकारी सरुवा भै अन्यत्र जानुभएको बुझिएकोले उक्त सूचनाहरू पुनरावेदकलाई उपलब्ध गराउन र उपलब्ध गराउन नमिल्ने भए सोको कारण सहित ७ (सात) दिनभित्र यस आयोगमा जानकारी गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका हालका सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकले दिएको पुनरावेदनको छायाँप्रति यसै साथ राखी पठाउनू ।

२०६९।१०।१४	अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सूचना उपलब्ध गराएको सम्बन्धमा पत्र प्राप्त ।
२०७०।१।२६	पुनरावेदक दिनेशकुमार दाहाल समेतले मागेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत कर्मचारी उपर भ्रष्टाचारबारे त्यस आयोगले खोज, अनुसन्धान र अध्ययन गरेको भए गरेको र क–कसलाई कारबाही भएको छ सो र नगरेको भए नगरेको भन्ने जानकारीको सूचना पुनरावेदकले माग गरेको स्वरूपमा सात दिन
	भित्र उपलब्ध गराउनू र यस आयोगमा सोको जानकारी गराउनू भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिवका नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी पुनरावेदकलाई दिनू ।
२०७०।२।१३	अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सूचना सम्बन्धमा यस आयोगलाई बोधार्थ पत्र प्राप्त ।
२०७०।२।२२	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. २२८ मिति २०७०।२।१२ को पत्रबाट निवेदकलाई सूचना उपलब्ध गराई यस आयोगलाई बोधार्थ दिएको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : ९६/३७ निवेदन

मिति :	२०६९।७।२४
पक्ष :	वाल्मीकि विद्यापीठ काठमाडौंका **गोविन्दप्रसाद दाहाल ।**
विपक्ष :	नेपाल संस्कृत विश्वविद्यालय, परीक्षा नियन्त्रक कार्यालय ।
विषय :	१. मिति २०६९ साल जेठ महिनामा परीक्षाफल प्रकाशित भएको आचार्य द्वितीय खण्डको सिद्धान्त ज्योतिष विषयको षष्ठ पत्रको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।८।१५	निवेदकले मागेको तपसिलको सूचना ७ (सात) दिन भित्र बिना शुल्क उपलब्ध गराई सोको जानकारी आयोगलाई समेत गराउन नेपाल संस्कृत विश्वविद्यालय दाङको परीक्षा नियन्त्रक कार्यालयका परीक्षा नियन्त्रकको नाममा यो आदेश जारी गरिएको ।
२०६९।९।२	नेपाल संस्कृत विश्वविद्यालय, परीक्षा नियन्त्रक कार्यालयको पत्र प्राप्त ।
२०६९।११।२८	नेपाल संस्कृत विश्वविद्यालय दाङको च.नं. ९९४ मिति २०६९।११।२० को पत्रबाट निवेदकलाई सूचना उपलब्ध गराई यस आयोगलाई बोधार्थ पत्र प्राप्त
२०६९।१२।२०	नेपाल संस्कृत विश्वविद्यालय दाङको च.नं. ९९४ मिति २०६९।११।२० को पत्रबाट निवेदकलाई सूचना उपलब्ध गराई यस आयोगलाई बोधार्थ दिएको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : ९७/३८ निवेदन

मिति :	२०६९।७।२४
पक्ष :	विष्णुप्रसाद लुईटेल

विपक्ष :	प्रारम्भिक बाल विकास केन्द्र, चपली गा.वि.स काठमाडौं
विषय :	१. त्यस बालगृहमा आजको दिनसम्म कति जना असहाय बालबालिकाहरू छन् ? २. ती मध्ये कति जना केटा र कति जना केटी छन् ? ३. जेलमा आमा मात्र भएका बालबालिकाहरू कति जना छन् ? ४. जेलमा बाबु मात्र भएका बालबालिकाहरू कति जना छन् ? ५. जेलमा आमा र बाबु दुवै भएका बालबालिकाहरू कति जना छन् ? ६. जेलमा आमा र बाबु दुवै नभएका बालबालिकाहरू कति जना छन् ?
मिति	**कारबाही/निर्णय**
२०६९।८।१९	सात (७) दिन भित्र बालबालिकाको आमा बाबु र बालबालिकाको पहिचान नखुल्ने गरी संख्यात्मक रूपमा मात्र तपसिलको सूचना निवेदकलाई उपलब्ध गराई यस आयोगलाई जानकारी दिनु भनी प्रारम्भिक वाल विकास केन्द्र, चपली गा.वि.स काठमाडौंको प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।
२०७०।२।५	यस आयोगबाट मिति २०६९।८।१९ मा सूचना दिनू भनी आदेश जारी गरिसकेको र निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : ९८/३९ उजुरी

मिति :	२०६९।७।२४
पक्ष :	भैरहवा रुपन्देहीका **मुकेश पोखरेल ।**
विपक्ष :	राष्ट्रिय ताल विकास संरक्षण समिति
विषय :	१. मुगु जिल्लाको रारा तालको संरक्षणका लागी राष्ट्रिय ताल विकास संरक्षण समितिबाट अहिलेसम्म लगानी भएको जम्मा बजेट विवरणको प्रमाणित प्रतिलिपि । २. बजेट निकासा लैजाने व्यक्तिको नाम, योजना गर्नका लागि पेश गरिएको लागत स्टेटमेन्टको प्रतिलिपि, योजना सम्पन्न भैसकेपछि पेश गरिएका विल भर्पाई तथा रकम निकासाको शीर्षक सहितको सम्पूर्ण विवरणको प्रतिलिपि । ३. उक्त तालमा समितिबाट अहिले सम्म जे जति रकम खर्च भएको छ, त्यो सबैंको स्टेटमेन्ट, बजेट निकासा शीर्षक अनुसारको रकमको बील भर्पाई सबै कागजपत्रको प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।८।१२	निवेदकले माग गरेको सूचना उपलब्ध गराउन दफा ३(३) ले रोक लगाएको सूचना भित्र नपर्ने भएकोले सात (७) दिन भित्र तपसिलको सूचना निवेदकलाई उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन राष्ट्रिय ताल विकास संरक्षण समिति काठमाडौंको प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ९९/४० पुनरावेदन/उजुरी

मिति :	२०६९।७।२६
पक्ष :	मोरङ जिल्ला बिराटनगर बस्ने **राजु श्रेष्ठ** ।
विपक्ष :	उपकुलपति, पूर्वाञ्चल विश्वविद्यालय ।
विषय :	१.उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि माग गर्न सम्बन्धमा बिद्यार्थीलाई उपलब्ध गराउने व्यवस्था सहितको निर्देशिकाको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।८।१२	निवेदकले माग गरेको तपसिलको सूचना त्यस विश्वविद्यालयबाट जारी भएको छ/छैन ? जारी भएको भए निवेदकलाई सात (७) दिन भित्र उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन उपकुलपति, पूर्वाञ्चल विश्वविद्यालयको नाममा यो आदेश जारी गरिएको ।
२०६९।९।२२	उत्तरपुस्तिका हेर्नदिने सम्बन्धमा विश्वविद्यालयबाट जारी भएको र निर्देशिकामा यस सम्बन्धमा के कस्तो व्यवस्था गरिएको छ ? निज उजुरीकर्ताको उजुरीमा उल्लेख गरे अनुसार शर्तहरू छन् कि छैनन् र शुल्क के कति व्यवस्था गरिएको छ सो सम्बन्धमा छलफल गर्न आवश्यक भएकाले उक्त निर्देशिका सहित पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र यस आयोगमा उपस्थित हुन पूर्वाञ्चल विश्वविद्यालयका रजिस्ट्रार र परीक्षा नियन्त्रकको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।११।१६	पूर्वाञ्चल विश्वविद्यालयको वारेस अख्तियारीको पत्र ।
२०६९।११।१६	उत्तर पुस्तिका अवलोकन गर्न निर्धारण गरिएको शुल्क पुनरावलोकन गर्ने र उत्तर पुस्तिकामा प्राप्त अंक गोप्य राख्ने भन्ने विषयको सम्बन्धमा लिखित जवाफका साथ विश्वद्यालयले जारी गरेको निर्देशिका लिई आउन भनेकोमा सो नलिई आएको हुँदा मिति २०६९।१२।४ भित्र लिखित जवाफ र निर्देशिका लिई आयोगमा उपस्थित हुने छौ भन्ने पूर्वाञ्चल विश्वविद्यालयका कानूनी सल्लाहकार श्री प्रमोद कुमार वैद्य र काठमाडौ सम्पर्क कार्यालयका अधिकृत श्री विनय भट्टराई आयोगमा उपस्थित ।
२०६९।१२।४	पूर्वाञ्चल विश्वविद्यालयको लिखित जवाफ पेश गरेको ।
२०७०।२।२२	विश्वविद्यालयले उत्तरपुस्तिकाको प्रतिलिपि परीक्षार्थीलाई उपलब्ध गराउँदा प्रति विषयको रु.५०००। शुल्क जम्मा गर्नुपर्ने भन्ने विश्वविद्यालयको कार्यकारी परिषद्को निर्णय सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियम २०६५ विपरित हुन गएको देखिन्छ । जसबाट नागरिकको सूचनामा पहुँच हुन नसकी सूचनाको हकबाट वञ्चित हुनुपर्ने अवस्था सिर्जना हुन्छ । रु ५०००।- शुल्क निर्धारण गरेको यस विश्वविद्यालयहरूको आधार र कारणसंग यस आयोग सहमत हुन सकेन । शुल्क अत्याधिक भएकोले सूचनाको हकसम्बन्धी ऐन र नियमावलीमा भएको व्यवस्थानुसार नागरिकको सूचनाको हक कुण्ठित नहुने गरी पुनः शुल्क निर्धारण गर्न पूर्वाञ्चल विश्वविद्यालयका नाममा यो आदेश जारी गरिएको ।

क्रम संख्या : १००/४१ पुनरावेदन/उजुरी

मिति :	२०६९।७।२१
पक्ष :	विजय राज जोशीका हकमा कुमारप्रसाद चौलागाई ।
विपक्ष :	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
विषय :	प्रधानमन्त्री डा.बाबुराम भट्टराईले असंलग्न राष्ट्रहरूको ईरानको राजधानी तेहरानमा भएको १६ औं शिखर सम्मेलनमा भाग लिन गएको अवस्थामा भारतका प्रधानमन्त्रीसंग भएको भेटघाट, सम्झौता, समझदारी तथा भ्रमण दल र तिनिहरूको खर्चको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।८।१५	निवेदकले उल्लेखित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवारका सूचना अधिकारीलाई मिति २०६९।६।९ मा तथा सोही कार्यालयका मुख्य सचिवलाई मिति २०६९।६।२२ मा सम्बोधन गरी निवेदन गरेकोमा माग बमोजिमको सूचनाहरू परराष्ट्र मन्त्रालयसंग सम्बन्धित भएकोले तहाँबाट प्राप्त गर्न हुन भन्ने व्यहोराको जवाफ उल्लेखित कार्यालयबाट दिएको भनी लेखी आएको विषय र उक्त उजुरीका अन्य विषयमा समेत भएको वास्तविकता सहितको लिखित जवाफ लिई छलफलका लागि मिति २०६९।८।२१ गते विहीवार दिनको १२:३० बजे यस आयोगमा उपस्थित हुन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारी शंकर के.सी.लाई उजुरी तथा आदेशको छायाँप्रति समेत राखी लेखी पठाउनू ।
२०६९।८।२१	आयोग समक्ष उपस्थित भै छलफल ।
२०६९।९।४	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ प्राप्त ।
२०६९।९।२६	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारीले उजुरीकर्तालाई निजले माग गरेको सूचना परराष्ट्र मन्त्रालयमा रहेकोले त्यहीबाट लिन जानकारी गराईसकेको देखिदा सम्बन्धित निकायमा गई सम्पर्क गर्दा माग बमोजिमको सूचना प्राप्त नभएपछि आयोगसमक्ष उजुरी/पुनरावेदन प्राप्त भएको अवस्थामा मात्र प्रस्तुत मिसिल उपर कारबाही अघि वढाउनुपर्ने हुदाँ हाललाई प्रस्तुत मिसिल उपर कुनै कारबाही गर्नुपर्ने नदेखिएकोले हाललाई मिसिल तामेलीमा राख्नु र यस व्यहोराको जानकारी उजुरीकर्तालाई समेत दिनू ।

क्रम संख्या : १०१/४२ पुनरावेदन/उजुरी

मिति :	२०६९।७।२७
पक्ष :	बनौली ५ महोत्तरीका **शारदा भुषाल(झा)** ।
विपक्ष :	जिल्ला विकास समितिको कार्यालय महोत्तरी ।
विषय :	१. २०६४ साल देखि २०६९ साल असार मसान्त सम्मका निम्न बमोजिमका कागजातहरू क अनुसूचि १ बमोजिमको चौमासिक निकासा माग पत्रको प्रतिलिपि । ख जि.वि.स.बाट स्वीकृत वार्षिक कार्यक्रम, खर्चको अनुमान र योजनाको विवरण (अनुसूची २) को प्रमाणित प्रतिलिपि ।

	ग कार्यक्रम कार्यान्वयनका लागी दिएको तर फछ्र्यौट हुन बाँकी पेश्कीको विवरणको प्रतिलिपिहरू । घ आर्थिक वर्षमा संचालन भै सम्पन्न भएका र क्रमागत योजनाहरूको वार्षिक प्रगति विवरणहरूको प्रमाणित प्रतिलिपि । ङ अनुदान निकासा र खर्चको अन्तिम लेखा परीक्षणको प्रतिवेदनको प्रमाणित प्रतिलिपिहरू ।
मिति	**कारबाही/निर्णय**
२०६९।८।१२	निवेदकले माग गरेको सूचना उपलब्ध गराउनु दफा ३(३) ले रोक लगाएको सूचना भित्र नपर्ने भएकोले सात (७) दिन भित्र पुनरावेदकले माग गरे अनुसारकै ढाँचामा तपसिलको पूर्ण सूचना पुनरावेदकलाई उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन जिल्ला विकास समितिको कार्यालय महोत्तरीको प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : १०२/४३ पुनरावेदन/उजुरी

मिति :	२०६९।७।२७
पक्ष :	**डा. विरेन्द्र कुमार विष्ट ।**
विपक्ष :	नेपाल मेडिकल काउन्सिल ।
विषय :	विशेषज्ञ दर्ता सम्बन्धमा गरिएको माईन्यूटको निर्णयको प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।८।१२	निवेदकले माग गरेको सूचना सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र नपर्ने भएकोले सात (७) दिन भित्र तपसिलको सूचना निवेदकलाई उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन नेपाल मेडिकल काउन्सिलको प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।९।१	पुनः आदेश ।
२०६९।९।१२	डा. विरेन्द्र कुमार विष्टलाई सम्बोधन गरी आयोगलाई समेत जानकारी गराएको पत्र मिति २०६९।९।४ को पत्र आयोग समक्ष प्राप्त भएको हुँदा प्रस्तुत मिसिलको सम्बन्धमा थप केही गरिरहनु नपरेकोले लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : १०३/४४ निवेदन

मिति :	२०६९।८।११
पक्ष :	**खगेन्द्र कुमार शर्मा ।**
विपक्ष :	शिक्षा मन्त्रालय ।
विषय :	श्री संकट मोचन उच्च मा.वि., जनकपुर, धनुषा केन्द्रमा लिएको परीक्षाको उत्तर पुस्तिकाको प्रमाणित प्रतिलिपि पाऊँ ।

मिति	कारबाही/निर्णय
२०६९।८।१९	निवेदकले माग गरेको सूचना दफा ३(३) ले प्रवाह गर्न रोक लगाएको विषय भित्र नपर्ने भएकोले निवेदकले माग गरेको सूचनाको प्रमाणित प्रतिलिपि ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई आयोगलाई जानकारी गराउन शिक्षा मन्त्रालयका प्रमुख (सचिव) को नाममा यो आदेश जारी गरिएको ।
२०६९।८।२९	शिक्षा मन्त्रालयको च.नं.३७५ मिति २०६९।८।२६ को पत्र प्राप्त ।
२०६९।९।५	यस आयोगबाट शिक्षा मन्त्रालयका नाममा आदेश जारी भएकोमा सो समयभित्र नै निवेदकलाई माग बमोजिमको सूचना उपलब्ध गराई सोको जानकारी च.नं.३७५ मिति २०६९।८।२६ को पत्रबाट यस आयोगलाई उपलब्ध गराएको देखिदा पुनरावेदकको पुनरावेदन उपर केही गर्नुपर्ने अवस्था देखिएन अतः उल्लेखित पुनरावेदनको लगत कट्टा गरिदिन यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : १०४/४५ पुनरावेदन

मिति :	२०६९।८।१२
पक्ष :	सूचना सहायता केन्द्र फ्रिडम फोरम थापाथलीका धर्मेन्द्र झा समेत ।
विपक्ष :	युवा तथा साना व्यवसायी स्वरोजगार कोष ।
विषय :	प्राप्त सूचना अपूरो तथा आंशिक रूपमा उपलब्ध भएकोले पूर्ण रूपमा सबै सूचनाहरू उपलब्ध गराई पाऊँ ।
मिति	**कारबाही/निर्णय**
२०६९।९।१	माग गरेका सूचनाका सम्बन्धमा के कसो भएको हो ? पुनरावेदकको माग अनुसार सूचना किन उपलब्ध नगराईएको हो ? सोको कारण सहितको लिखित जवाफ लिई ७ (सात) दिन भित्र यस आयोगमा उपस्थित हुन युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालयका कार्यकारी निर्देशकको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकले पेश गरेको पुनरावेदनको छाँयाप्रति यसैसाथ राखि पठाउनू ।
२०६९।९।११	युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट लिखित जवाफ प्राप्त ।
२०६९।९।११	युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सचिवालयको च.नं. ३४६ मिति २०६९।९।११ को पत्रबाट निवेदकलाई सूचना लिन आउनु भनी पत्राचार गरी यस आयोगलाई बोधार्थ पत्र प्राप्त ।
२०६९।१२।२०	युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सचिवालयको च.नं. ३४६ मिति २०६९।९।११ को पत्रबाट निवेदकलाई सूचना लिन आउनु भनी पत्राचार गरी यस आयोगलाई बोधार्थ दिएको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : १०५/४६ पुनरावेदन/उजुरी

मिति :	२०६९।८।१९
पक्ष :	महोत्तरी जिल्ला बनौली दनौली गा.वि.स. वडा नं. ५ बस्ने शारदा भुषाल (झा) ।

विपक्ष :	अख्तियार दुरुपयोग अनुसन्धान आयोग
विषय :	पत्र मार्फत उपलब्ध गराएको सूचना आंशिक रूपमा भएकोले
मिति	**कारबाही/निर्णय**
२०६९।९।१	पुर्ण रूपमा सूचना उपलब्ध नगराएकोले सोको कारण सहित ७ (सात) दिन भित्र यस आयोगमा उपस्थित हुन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ। पुनरावेदकले पेश गरेको पुनरावेदनको छाँयाप्रति यसैसाथ राखी पठाउनू।

क्रम संख्या : १०६/४७ पुनरावेदन/उजुरी

मिति :	२०६९।८।२१
पक्ष :	सिराहा जिल्ला इटारी प्रसाही गा.वि.स. वार्ड नं. २ बस्ने ओम प्रकाश यादव
विपक्ष :	इटारी प्रसाइ, सिराहा गा.वि.स.का सचिव।
विषय :	१. यस गाँउ विकास समितिको कार्यालयमा गत आर्थिक वर्ष २०६८।६९ को लागि भनी विनियोजन भएर विकास बजेट शीर्षकमा आएको सम्पूर्ण रकम विवरणको प्रमाणित प्रतिलिपि। २. उक्त आर्थिक वर्ष २०६८।६९ मा संचालित विकास निमार्ण परियोजनाको विवरण र ती विकास निर्माण परियोजनामा छुट्टाछुट्टै शीर्षकमा विनियोजित रकम विवरणको प्रमाणित प्रतिलिपि। ३. उक्त आर्थिक वर्ष २०६८।६९ मा संचालित ती परियोजनामा खर्च भएको रकम र खर्चको शीर्षकको यथार्थ विवरण र खर्च नभईकन बेरुजु बसी अर्को आ.ब.का लागि सरेको काम।
मिति	**कारबाही/निर्णय**
२०६९।९।५	निजले माग गरेका तपसिलका सूचनाहरू निजलाई उपलब्ध गराई यस आयोगलाई जानकारी दिनू। सूचना उपलब्ध गराउन नमिल्ने भए कारण सहितको लिखित जवाफ ७ (सात) दिन भित्र यस आयोगमा उपलब्ध गराउन इटारी प्रसाही गा.वि.स.सचिवको नाममा यो आदेश जारी गरिएको छ।
२०६९।११।२१	गा.वि.स.को कार्यालय इटारी प्रसाही सिरहाबाट जानकारी पठाइएको सम्बन्धमा पत्र प्राप्त।
२०६९।१२।२६	निवेदकले माग गरेको तपसिलका सूचना निवेदलाई ७ (सात) दिन भित्र उपलब्ध गराई त्यसको जानकारी यस आयोगमा गराउनू अन्यथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही गरिनेछ भनी सिराहा जिल्ला इटारी प्रसाही गा.वि.स.सचिवको नाममा यो आदेश जारी गरिएको।
२०७०।२।७	यस आयोगबाट मिति २०६९।१२।२६ मा आदेश जारी गरिसकेकोमा सूचना दिन नमिल्ने भन्ने जवाफ नआएको र निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू।

क्रम संख्या : १०७/४८ पुनरावेदन/उजुरी

मिति :	२०६९।८।२८
पक्ष :	फ्रिडम फोरम थापाथली काठमाडौंका तारानाथ दाहाल

विपक्ष :	गृह मन्त्रालय ।
विषय :	१. २०४७ साल कार्तिक महिना पछाडि हालसम्म तत्कालिन श्री ५ को सरकार र हाल नेपाल सरकारको निर्णय बमोजिम जाचँबुझ आयोग ऐन, २०२६ बमोजिम विभिन्न घटनाहरूको छानविनका लागि कतिवटा आयोग गठन गरिए, सोको घटना विवरण आयोगको नाम र आयोगको पदाधिकारीहरूको नाम, गठन मिति, ती आयोगहरूले प्रतिवेदन बुझाएको मिति तथा ती प्रतिवेदन त्यस मन्त्रालयमा प्राप्त भएको मिति समेतको विवरणको प्रमाणित लिखित जानकारी ।
	२. मन्त्रिपरिषद्को निर्णयबाट २०४७ सालदेखि हालसम्म शान्ति सुरक्षासंग सम्बन्धित विभिन्न घटनाहरूको अनुसन्धान तथा छानविनका लागि गठित आयोग कार्यदल एवं समितिहरूको जानकारी विवरण (घटना, पदाधिकारीहरूको नाम, गठन मिति एवं प्रतिवेदन प्राप्त मिति समेत) ३. उपरोक्त १ र २ नं मा उल्लेखित आयोग, समिति र कार्यदलका प्रतिवेदनहरू कहाँ कुन अवस्थामा कसरी र कति समयका लागि संरक्षण गरिराखेको छ र ती प्रतिवेदन कहिले सार्वजनिक गरिदै छ सो सम्बन्धी छुट्टाछुट्टै प्रतिवेदन पिच्छेको प्रमाणित जानकारी विवरण । ४. ती सबै प्रतिवेदनहरू सार्वजनिक गर्ने नगर्नेबारे नेपाल सरकारको कुनै नीतिगत निर्णय छ भने सो निर्णयको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।९।६	सूचना उपलब्ध गराउन नमिल्ने भए कारण सहितको लिखित जवाफ ३ (तीन) दिन भित्र उजुरीकर्तालाई दिई सोको जानकारी समेत यस आयोगमा उपलब्ध गराउन गृह मन्त्रालय, सिंहदरवार, काठमाडौंका प्रमुख (सचिव) को नाममा यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : १०८/४९ पुनरावेदन/उजुरी

मिति :	२०६९।८।२८
पक्ष :	सूचना सहायता केन्द्र, फ्रिडम फोरम थापाथली काठमाडौंका सञ्जीव घिमिरे
विपक्ष :	अख्तियार दुरुपयोग अनुसन्धान आयोग
विषय :	१. सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश श्री भैरवप्रसाद लम्सालको अध्यक्षतामा गठित सम्पत्ति न्यायिक जाचँवुझ आयोगले अनुसन्धान गरी तयार गरी नेपाल सरकारलाई बुझाई नेपाल सरकारबाट त्यस आयोगलाई आवश्यक कारबाहीको लागि पठाएको प्रतिवेदनको आधारमा त्यस आयोगबाट श्रोत नखुलेको सम्पत्तिको आधारमा मुद्दा क-कसलाई चलाईयो सो सम्बन्धी अभियुक्तहरूकोनाम तथा निजहरूमाथि लगाईएको अभियोग दाविको विवरण । २. सो न्यायिक जाँचवुझ आयोगको प्रतिवेदनका आधारमा श्रोत नखुलेको अवैध सम्पत्ति देखिएको भनी दावि गरिएका विभिन्न सार्वजनिक पद धारण गरेका व्यक्तिमध्ये यस आयोगबाट थप अनुसन्धान गर्दा मुद्दा चलाउन नपर्ने देखी मुल्तविमा राखेका व्यक्तिहरूको विवरण ।

	३. सो न्यायिक जाँचवुझ आयोगको प्रतिवेदनका आधारमा श्रोत नखुलेको र आम्दानीको वैधानिक श्रोत नखुलेको सार्वजनिक पद धारण गर्ने भ्रष्ट व्यक्तिहरूमध्ये अझै अनुसन्धान जारी रहेको छ वा छैन वा सोको आधारमा कारबाही चलाउन बाँकी रहेको छ छैन सोको जानकारी । (हाल अनुसन्धान जारी भै रहेको छ भने ती व्यक्तिको नाम आवश्यक छैन) तथा अनुसन्धान भै रहेको अभियुक्तहरूको संख्यात्मक जानकारी ।
	४. सो न्यायिक जाँचवुझ आयोगले आवश्यक अनुसन्धान गरी नेपाल सरकार हुदै यस आयोगमा आवश्यक कारबाहीका लागि प्राप्त भएको प्रतिवेदनमा कति व्यक्तिको सम्पत्ति विवरण सम्बन्धी अनुसन्धान विवरण रहेको छ, र सो विवरण मध्ये सार्वजनिक पदमा पुगेका राजनीतिक व्यक्ति कति र विभिन्न निकायका कर्मचारी कति (निजामती सेवा, प्रहरी, सेना न्यायालय, विभिन्न संवैधानिक आयोग, संस्थान तथा अन्य) छन् ? निकायहरू समेत खुल्ने गरी संख्यात्मक विवरण । ५. यस आयोगलाई प्राप्त सो प्रतिवेदनको सम्पूर्ण विवरण सार्वजनिक जानकारीको लागि कहिले प्रकाशित गरिदै छ वा सो प्रतिवेदन गोप्य राख्ने निर्णय भएको छ भने सो सम्बन्धी निर्णयको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।९।५	माग गरेको तपसिलका सूचना ३ (तीन) दिन भित्र निजलाई उपलब्ध गराई यस आयोगलाई जानकारी दिनू । सूचना उपलब्ध गराउन नमिल्ने भए कारण सहितको लिखित जवाफ ३ (तीन) दिन भित्र उजुरीकर्तालाई दिई सोको जानकारी यस आयोगलाई उपलब्ध गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौंका प्रमुख (सचिव) को नाममा यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : १०९/५० पुनरावेदन/उजुरी

मिति :	२०६९।८।२८
पक्ष :	फ्रिडम फोरम थापाथली काठमाडौंका तारानाथ दाहाल
विपक्ष :	गृह मन्त्रालय ।
विषय :	१. नेपालबाट हालसम्म त्यस मन्त्रालयबाट अनुमति प्राप्त गरी कतिजना परिवार विहिन वा आश्रय विहिन अवस्थाका बालबालिका विदेशी नागरिकहरूले धर्मपुत्र वा धर्मपुत्रीका रूपमा ग्रहण गरेका छन् वालवालिका ग्रहण गर्ने विदेशी नागरिकहरू को-को हुन, परिवार वा कुनै संस्थासंग थिए भने सो समेत खुल्ने गरी त्यस मन्त्रालयमा भएको अभिलेखबाट सो सम्बन्धी विवरणको प्रमाणित प्रतिलिपि । २. यसरी धर्मपुत्र धर्मपुत्रीका रूपमा विदेशी नागरिकलाई प्रदान गरिएका बालबालिकाको पछिल्लो अवस्थाका बारेमा त्यस मन्त्रालयबाट कुनै अनुगमन भएको छ छैन सोको लिखित जानकारी । ३. अनुगमन भएको भए ती अनुगमनका सम्पूर्ण प्रतिवेदनहरूको प्रमाणित प्रतिलिपि ।

मिति	कारबाही/निर्णय
२०६९।९।६	सूचना उपलब्ध गराउन नमिल्ने भए कारण सहितको लिखित जवाफ ३ (तीन) दिन भित्र उजुरकर्तालाई दिई सोको जानकारी समेत यस आयोगमा उपलब्ध गराउन गृह मन्त्रालय, सिंहदरवार, काठमाडौंका प्रमुख (सचिव) को नाममा यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ११०/५१ पुनरावेदन/उजुरी

मिति :	२०६९।९।३
पक्ष :	कृषि सामग्री कम्पनी लि.मा सहायक पदमा कार्यरत हरिकुमार रेग्मी ।
विपक्ष :	कृषि सामग्री कम्पनी लि. ।
विषय :	१. आ.व २०६५/६६ देखि आ.व २०६८/६९ सम्म (४ आर्थिक वर्ष) प्रत्येक वर्षको छुट्टाछुट्टै कार्यसम्पादन मूल्यांकन सहितको फारामको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।९।४	निवेदकले माग गरेको तपसिलको सूचना ३ (तीन) दिन भित्र निजलाई उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन कृषि सामग्री कम्पनी लि. कुलेश्वर काठमाण्डौंको प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । निवेदकले दिएको निवेदनको छायाँप्रति यसै साथ राखि पठाउनू ।
२०६९।९।१८	कृषि सामग्री कम्पनी लि.को प्रत्र प्राप्त ।
२०६९।९।२२	निवेदक हरिकुमार रेग्मीले सूचना चाहिएन भनी हाल निवेदन गरेको कुरा च.नं ४३४ मिति २०६९।९।५ को पत्रमा उल्लेख भएको छ तर निवेदन भने प्राप्त भएको छैन । अतः सो निवेदनको छायाँप्रति समेत आयोगमा पठाईदिन र भविष्यमा नागरिकबाट माग भै आउँदा सरल र सहज ढंगमा सुचना प्रवाह गर्ने व्यवस्था गर्न कृषि सामाग्री कम्पनी लि.प्रधान कार्यालय कुलेश्वर, काठमाडौंका प्रबन्ध संचालकका नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।१०।८	कृषि सामग्री कम्पनी लि.को च.नं.४६८ मिति २०६९।१०।२ को पत्रसाथ निवेदकले उक्त संस्थालाई सूचना आवश्यक नपरेको भनी दिएको निवेदन प्राप्त ।
२०६९।१२।२०	कृषि सामग्री कम्पनी लि.को च.नं.४६८ मिति २०६९।१०।२ को पत्रसाथ निवेदकले उक्त संस्थालाई सूचना आवश्यक नपरेको भनी दिएको निवेदन प्राप्त भएको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : १११/५२ निवेदन

मिति :	२०६९।९।४
पक्ष :	जिल्ला बैतडी बसन्तपुर गा.वि.स. वडा नं. ६ बस्ने गौरीकुलो उपभोक्ता समितिका अध्यक्ष समेत रहेका बहादुर सिंह ठगुनाको हकमा अधिवक्ता उत्तम केशरी बहादुर सिंह ।
विपक्ष :	जिल्ला प्रशासन कार्यालय बैतडी

विषय :	खानेपानी मुहान सम्बन्धी विवाद ।
मिति	**कारबाही/निर्णय**
२०६९।९।११	निवेदकको उक्त निवेदनबाट माग गरिएको सूचना सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(१) र (२) अन्तर्गत नेपाली नागरिकले प्राप्त गर्न सक्ने सूचना भित्र पर्दछ। तर एक व्यक्तिका हकमा अर्को व्यक्तिले निजको मन्जुरी विना सूचना माग गर्ने विषय कानून सम्मत नदेखिएको हुँदा जो व्यक्तिलाई सूचना आवश्यक भएको हो उही
	व्यक्तिलाई निवेदन गरी पठाउन निवेदकलाई लिखित जानकारी गराउने । त्यस्तो निवेदन प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालय बैतडीका प्रमुखलाई सूचना उपलब्ध गराउन पठाउने गरी यो आदेश जारी गरिएको छ ।
२०७०।२।६	जिल्ला प्रशासन कार्यालय वैतडीका प्रमुखलाई सूचना उपलब्ध गराउन पठाउने भनी यस आयोगबाट मिति २०६९।९।११ मा आदेश जारी भै सकेको र निवेदकले पनि सूचना उपलब्ध गराइ पाऊँ भनी हालसम्म आयोगमा निवेदन नगरेको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : ११२/५३ पुनरावेदन/उजुरी

मिति :	२०६९।९।१
पक्ष :	प्रा.डा. देवनाथ यादव ।
विपक्ष :	कृषि र पशु विज्ञान अध्ययन संस्थान रामपुर, चितवन ।
विषय :	माग बमोजिमको सूचना उपलब्ध नगराएको ।
मिति	**कारबाही/निर्णय**
२०६९।९।११	आयोगको आदेश अटेर गरेकोमा तपाई कृषि र पशु विज्ञान अध्ययन संस्थान रामपुर, चितवनका प्रमुख (डीन) लाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही किन गर्न नपर्ने हो सोको उचित र तर्कयुक्त जवाफ केही भए ७ (सात) दिन भित्र लेखि पठाउन कृषि र पशु विज्ञान अध्ययन संस्थान रामपुर चितवनका प्रमुख (डिन)को नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।१२।११	कृषि र पशु विज्ञान अध्ययन संस्थान रामपुर, चितवनबाट प्रा. डा देवनाथ यादवले माग बमोजिमको कागजात बुझिलिनु भएको जानकारी प्राप्त ।
२०७०।१।३१	प्रा.डा. देवनाथ यादवले माग बमोजिमको कागजको फोटोकपी बुझिलिएको भनी पत्र लेखी निवेदकलाई समेत सोको बोधार्थ प्रेषित गरेको हुँदा यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने भन्ने आदेश ।

क्रम संख्या : ११३/५४ पुनरावेदन/उजुरी

मिति :	२०६९।९।०६
पक्ष :	जिल्ला म्याग्दी, नारच्याङ्ग गा.वि.स.वडा नं ३ बस्ने बुद्धिबहादुर छिनाल
विपक्ष :	प्रहरी वृत्त तिनकुने काठमाडौं

विषय :	१. राजु बस्नेतलाई पक्राउ गरी के कारबाही गरी कसरी छोडिएको हो ? सोको निर्णयको प्रमाणित जानकारी । २. निवेदनमा उल्लेखित तीन महिलाहरूको पासपोर्ट निज राजु बस्नेतले नै स्क्यानिङ्ग गरी पठाएको कुरा स्वीकार गरेको हो/होईन ? हो भने सो वापत के कस्तो कारबाही गरियो सोको प्रमाणित जानकारी ।
मिति	**कारबाही/निर्णय**
२०६९।९।१९	निवेदकले माग गरेका तपसिलका बमोजिमका सूचना ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगमा जानकारी गराउन महानगरिय प्रहरी वृत्त तीनकुने काठमाडौंका प्रमुखका नाममा यो आदेश जारी गरिएको ।
२०६९।१०।०८	महानगरिय प्रहरी वृतको पत्र प्राप्त ।
२०६९।१०।१९	प्रहरी वृत्त नयाँ बानेश्वर सुविधानगरको मिति २०६९।१०।४ को पत्रबाट निज बुद्धिबहादुर छिनालले सूचना पाइसकेको देखिँदा उक्त निवेदनका सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : ११४/५५ पुनरावेदन/उजुरी

मिति :	२०६९।९।६
पक्ष :	नेपाल प्रहरीमा कार्यरत प्रहरी वरिष्ठ उपरीक्षक रवीप्रताप राणा लगायत ७ जना ।
विपक्ष :	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । प्रहरी प्रधान कार्यालय नक्साल काठमाडौं ।
विषय :	१. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।९।४ गतेको निर्णय अनुसार ५ जना प्रहरी वरिष्ठ उपरिक्षकहरू प्र.ना.म.नी. पदमा बढुवा भएको सम्बन्धमा वढुवा समितिको सिफरिस पत्र र निर्णयको प्रतिलिपि ।
मिति	कारबाही/निर्णय
२०६९।९।८	निवेदकले मागेका सूचना सकेसम्म छिटो (बढिमा ३ दिन भित्र) निजलाई उपलब्ध गराई यस आयोगमा जानकारी गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख (मुख्य सचिव) एवं प्रहरी प्रधान कार्यालयका प्रमुख (आई.जी.पी)का नाममा आदेश जारी ।
२०६९।९।११	प्रहरी प्रधान कार्यालयको प्रहरी नायव पदका लागि गरेको बढुवा सिफारिसको पत्रको प्रतिलिपि संलग्न गरी पठाएको मिति २०६९।९।९ पत्र आयोगमा प्राप्त ।
२०६९।९।१२	निवेदक प्र.ब.उ. पूर्ण सिह खड्का समेत २ जनाको निवेदन प्राप्त ।
२०६९।९।१२	सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम मागेका सूचना शीघ्र (वढीमा ३ दिन भित्र) उपलब्ध गराई आयोगलाई जानकारी गराउन प्रहरी प्रधान कार्यालय नक्साल काठमाडौंका प्रमुख (आई.जी.पी) को नाममा आदेश जारी गरिएको ।
२०६९।९।२४	आदेश कार्यान्वयन सम्बन्धमा ताकेता पत्र ।

२०६९।१०।१२	यसरी सूचना उपलब्ध नगराएको र आयोगको आदेश अटेर गरेकोमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम किन कारबाही नगर्ने सो सम्बन्धमा शीघ्र (बढीमा ३ दिन भित्र) जवाफ पठाउन नेपाल प्रहरीका प्रहरी महानिरिक्षक कुवेर सिंह रानाको नाममा आदेश जारी गरिएको ।
२०६९।१०।१५	प्रहरी प्रधान कार्यालयको मिति २०६९।१०।१४ गतेको पत्र यस आयोगमा प्राप्त ।
२०६९।१०।२१	पूर्ण सिंह खड्काको प्रतिनिधि नियुक्त गरेको सम्बन्धी निवेदन ।
२०६९।११।१०	प्रहरी प्रधान कार्यालयको मिति २०६९।११।९ को पत्रमा प्रतिषेध परमादेशको रिट दर्ता गरिएको जानकारी ।
२०६९।११।२४	यस विषयमा परेको रिटको म्याद तामेली ।

क्रम संख्या : ११५/५६ पुनरावेदन/उजुरी

मिति :	२०६९।९।११
पक्ष :	जिल्ला बझाङ मालुभेला गा.वि.स. वडा नं. २ बस्ने विजयराज जोशीको हकमा काठमाडौं म.न.पा. वडा नं. १२ बस्ने कुमारप्रसाद चौलागाई ।
विपक्ष :	कीर्तिपुर नगरपालिका ।
विषय :	१. कीर्तिपुर नगरपालिकाको आर्थिक वर्ष २०६८।०६९ सालको आय व्यय बजेटको सम्पूर्ण विवरण र सोको प्रमाणित प्रतिलिपि । २. सो नगरपालिकाको आर्थिक वर्ष २०६८।०६९ मा भएको सामाजिक सुरक्षा भत्ता विवरण अन्तर्गत कुन कुन शीर्षकमा कति कति जना लाभान्वित भए ? सोको नामावली तथा बुझाएको रकमको प्रमाणित प्रतिलिपि । ३. अर्थिक वर्ष २०६८।०६९ को नगर परिषद्को बैठक कहिले सम्पन्न भयो ? सो बैठकको माईन्युटको प्रमाणित प्रतिलिपि । ४. त्यस नगरपालिकाले नगरभित्रका बासिन्दाहरूका लागि कुन कुन शीर्षकमा कुन कुन निकायलाई कतिवटा सिफारिस गऱ्यो ? सोको विवरण र सो प्राप्त गर्ने सेवाग्राहीहरूको नामावलीको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।९।१८	निवेदकले माग गरेका तपसिलका सूचना ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगमा जानकारी गराउन कीर्तिपुर नगरपालिका कार्यालयका कार्यकारी अधिकृतको नाममा यो आदेश जारी गरिएको छ ।
२०७०।२।५	निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : ११६/५७ पुनरावेदन/उजुरी

मिति :	२०६९।९।१८
पक्ष :	जिल्ला जाजरकोट जुँगा थापाचौर गा.वि.स. वार्ड नं. ९ बस्ने खड्ग बहादुर बुढाको हकमा काठमाडौं म.न.पा. वार्ड नं १५ बस्ने वारिस कुमार प्रसाद चौलागाई ।

विपक्ष :	गरिवी निवारण कोष ।
विषय :	१. गरिवी निवारण कोष काठमाडौंसंग सम्झौता गरी जाजरकोट जिल्लामा काम गरिरहेका गै.स.स. हरूको नामावली र कार्यक्रम संचालनदेखि हालसम्म कुन कुन गा.वि.स.ले सम्झौता गरी कति कति रकमबाट के के कार्यक्रमहरू संचालन गरिरहेका छन् ? आ.ब. २०६३/०६४ देखि हालसम्ममा सम्पूर्ण सम्झौताहरूको प्रमाणित प्रतिलिपि ।
	२. गरिवी निवारण कोष काठमाडौंले जाजरकोट जिल्लामा आ.ब. २०६३/६४ देखि हालसम्म संचालन गरेका कार्यक्रमहरूको प्रगति तथा मूल्यांकन एवं वार्षिक मुल्यांकन प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।९।१७	निवेदकले माग गरेका तपसिलका सूचना ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगमा जानकारी गराउन गरिवी निवारण कोष काठमाडौंका प्रमुखका नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।१०।३	गरिवी निवारण कोष काठमाडौंको च.नं. ४८७ को बोधार्थ पत्र प्राप्त ।
२०६९।१२।२०	यस आयोगको मिति २०६९।९।१७ गतेको आदेशानुसार गरिवी निवारण कोष काठमाडौंको च.नं. ४८७ मिति २०६९।१०।३ को पत्रबाट निवेदकलाई सूचना उपलब्ध गराई यस आयोगलाई बोधार्थ दिएको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : ११७/५८ पुनरावेदन/उजुरी

मिति :	२०६९।९।११
पक्ष :	जिल्ला कालिकोट थिर्पू गा.वि.स् वार्ड नं. ५ बस्ने सुर्जन रोकायाको हकमा काठमाडौं म.न.पा. वार्ड नं १५ बस्ने वारिस कुमार प्रसाद चौलागाई ।
विपक्ष :	त्रिभुवन विश्वविद्यालय कानुन संकाय काठमाण्डौं
विषय :	१. त्रिभुवन विश्वविद्यालयको कानुन संकायमा कानुन विषयमा ५ वर्षे स्नातक तह अध्ययनका लागि दुर्गम कोटाबाट कतिजनाले अध्ययन गर्न पाउने व्यवस्था छ ? २. सो कोटामा आवेदन गर्ने नीतिगत आधार के हुन ? त्यस सम्बन्धी कुनै निर्देशिका वा नियम भए सोको प्रमाणित प्रतिलिपि । ३. सो छात्रवृत्ति प्राप्त गर्नका लागि पछिल्लो ३ वर्ष शैक्षिक वर्षमा कतिजना विद्यार्थीहरूले आवेदन दिएका थिए ? सोको विवरण एवं सो आवेदनको प्रमाणित प्रतिलिपि र ती मध्ये छनौट भएर अध्ययन गरिरहेको विद्यार्थीहरूको नामावलीको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।९।१७	अतः निवेदकहरूले माग गरेका तपसिलका सूचना ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगमा जानकारी गराउन त्रिभुवन विश्वविद्यालय कानुन संकाय काठमाडौंका प्रमुखका नाममा यो आदेश जारी गरिएको छ ।

२०६९।१०।९	मिति २०६९।९।१७ गतेको आदेशानुसार त्रिभुवन विश्वविद्यालय कानुन संकाय काठमाडौंको च.नं. १७५ को बोधार्थ पत्र प्राप्त ।
२०६९।१२।२०	मिति २०६९।९।१७ गतेको आदेशानुसार त्रिभुवन विश्वविद्यालय कानुन संकाय काठमाडौंको च.नं. १७५ मिति २०६९।१०।७ को पत्रबाट निवेदकलाई सूचना उपलब्ध गराई यस आयोगलाई बोधार्थ दिएको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : ११८/५९ पुनरावेदन/उजुरी

मिति :	२०६९।९।११
पक्ष :	मदन ढकाल ।
विपक्ष :	नेपाल दूरसंचार कं.लि. केन्द्रीय कार्यालय भद्रकाली ।
विषय :	"नेपाल दूरसंचार कं.लि. केन्द्रीय कार्यालय भद्रकालीले मिति २०६२।८।२२ मा सहायक स्तर तह ४ (प्राविधिक) आउटसाईड टेक्निसियन पदमा विभिन्न व्यक्तिहरूलाई ज्यालादारीमा नियुक्त गरेको निर्णय सहितका सम्पूर्ण कागजातहरूको नक्कल"
मिति	**कारबाही/निर्णय**
२०६९।९।२०	निवेदकले माग गरे बमोजिमको सूचना - "नेपाल दूरसंचार कं.लि. केन्द्रीय कार्यालय भद्रकालीले मिति २०६२।८।२२ मा सहायक स्तर तह ४ (प्राविधिक) आउटसाईड टेक्निसियन पदमा विभिन्न व्यक्तिहरूलाई ज्यालादारीमा नियुक्त गरेको निर्णय सहितका सम्पूर्ण कागजातहरूको नक्कल" ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगमा जानकारी गराउन नेपाल दूरसंचार क.लि. केन्द्रीय कार्यालय भद्रकाली काठमाडौंका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।
२०७०।२।३	यस आयोगबाट मिति २०६९।९।२० मा सूचना दिनू भनी आदेश जारी गरिसकेको र निवेदनले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : ११९/६० पुनरावेदन/उजुरी

मिति :	२०६९।९।११
पक्ष :	जिल्ला पर्सा, वीरगंज उप महानगरपालीका, वडा नं. ३ बस्ने जयमोद ठाकुर
विपक्ष :	वीरगंज भन्सार कार्यालय ।
विषय :	
मिति	**कारबाही/निर्णय**
२०६९।९।२२	निवेदकले संस्थालाई केही आवश्यक जानकारी चाहिएको भनी संस्थाको तर्फबाट सूचना माग गरेको देखियो । ऐनको व्यवस्था हेर्दा संघ संस्थालाई सुचना उपलब्ध गराउन सकिने अवस्था देखिदैन । तसर्थ निवेदकले व्यक्तिगत रूपमा सूचना माग्न आएका वखत कारबाही अघि वढाउने गरी हाललाई यो पुनरावेदनको मिसिल तामेलीमा राख्नु र यसको जानकारी पुनरावेदकलाई दिनू ।

क्रम संख्या : १२०/६१ पुनरावेदन/उजुरी

मिति :	२०६९।९।११
पक्ष :	जिल्ला ललितपुर विशंखुनारायण गा.वि.स.वडा नं २ बस्ने भु.पू.स.प्र.स.नि.श्यामकृष्ण विष्ट ।
विपक्ष :	सशस्त्र प्रहरी प्रधान कार्यालय हलचोक काठमाडौं ।
विषय :	१. निवेदकको फाईलमा रहेको निजको नोकरी सम्बन्धी सम्पूर्ण कागजातहरूको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।९।२२	निवेदकले माग गरेका तपसिल बमोजिमका सूचना ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगमा जानकारी गराउन सशस्त्र प्रहरी प्रधान कार्यालय हलचोक काठमाडौंका प्रमुख (आई.जी.पी)का नाममा यो आदेश जारी गरिएको छ । सूचना मागको निवेदनको छाँयाप्रति यसैसाथ पठाईदिने ।
२०६९।१०।४	सशस्त्र प्रहरी प्रधान कार्यालय हलचोक काठमाडौंको विभिन्न विवरण खुलाई पठाएको पत्र प्राप्त भएको ।
२०७०।१।२५	सशस्त्र प्रहरी प्रधान कार्यालय हलचोक काठमाडौंको सम्बन्धित कागजात लिन कार्यालयमा सम्पर्क राख्न पत्राचार गरिएको बोधार्थ पत्र प्राप्त ।
२०७०।१।३१	मिति २०६९।९।२२ मा भएको आदेश बमोजिम निवेदक श्यामकृष्ण विष्टलाई सूचना लिन सम्पर्क राख्न पत्राचार गरेको बोधार्थ पत्र आयोगमा प्राप्त भएकोले प्रस्तुत निवेदनका सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको ।

क्रम संख्या : १२१/६२ पुनरावेदन/उजुरी

मिति :	२०६९।९।११
पक्ष :	फ्रिडम फोरम थापाथली काठमाडौंका तारानाथ दाहाल ।
विपक्ष :	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख - मुख्य सचिव लिलामणि पौडेल ।
विषय :	श्री ५ को सरकारको निर्णय अनुसार २०५८ सालमा गठित सर्वोच्च अदालतका तात्कालीन न्यायाधीश श्री भैरव प्रसाद लम्सालको अध्यक्षतामा गठित सम्पत्ति न्यायिक जाँचवुझ आयोगले आवश्यक अनुसन्धान पूरा गरी तयार पारी वुझाएको प्रतिवेदनको सर्म्पूण अनुसूचिका विवरण सहित ।
मिति	**कारबाही/निर्णय**
२०६९।९।२०	निवेदकले माग गरेका सूचना निवेदकलाई शिघ्र उपलब्ध गराउने, उपलब्ध गराउन नमिल्ने भए सोही ऐनको दफा १० उपदफा २ बमोजिम स्पष्ट कारण उल्लेख गरी ७ (सात) दिन भित्र आयोगमा लिखित जवाफ पठाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख - मुख्य सचिव लिलामणि पौडेलका नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छाँयाप्रति समेत यसैसाथ राखि पठाउनू ।

२०६९।१२।१४	आयोगको मिति २०६९।१०।५ को पूर्व आदेश बमोजिमको प्रतिवेदन आयोगको अध्ययन प्रयोजनका लागि यस आयोगमा शिघ्र पठाइदिने वा आयोगबाट सो प्रतिवेदन अध्ययन गर्ने व्यवस्था मिलाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख (मुख्य सचिव)को नाममा यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : १२२/६३ पुनरावेदन/उजुरी

मिति :	२०६९।९।१२
पक्ष :	जिल्ला दोलखा भड्पु गा.वि.स.बस्ने दिनेश भट्टराई ।
विपक्ष :	जुके मा.वि. भड्पुका सूचना अधिकारी ।
विषय :	१. जुके मा.वि. व्यवस्थापन समितिको मिति २०६९।४।१९, २०६९।४।२२, २०६९।४।२३ र २०६९।९।४ को वैठकको निर्णय ।
मिति	**कारबाही/निर्णय**
२०६९।९।२०	निवेदकले माग गरेका तपसिलका सूचना ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगमा जानकारी गराउन जुके मा.वि. भड्पु दोलखाका प्रधानाध्यापकको नाममा यो आदेश जारी गरिएको छ ।
२०७०।२।३	यस आयोगबाट मिति २०६९।९।२० मा सूचना दिनू भनी आदेश जारी गरिसकेको र निवेदनले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : १२३/६४ पुनरावेदन/उजुरी

मिति :	२०६९।९।१७
पक्ष :	काठमाडौं मैतिदेविस्थित युनिभर्सल कलेजमा अध्ययनरत विवेक रिमाल
विपक्ष :	उच्च माध्यमिक शिक्षा परिषद् ।
विषय :	वैशाख महिनामा संचालित कक्षा १२ को विज्ञान संकाय अन्तर्गको chemistry विषयको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि माग ।
मिति	**कारबाही/निर्णय**
२०६९।९।२२	निवेदन दर्ता नगरी चेतावनी दिई फिर्ता गरेको भन्ने निवेदकको भनाईको सम्बन्धमा के कसो भएको हो ? सोको कारण सहितको लिखित जवाफ ७ (सात) दिन भित्र यस आयोगमा पठाउन उच्च माध्यमिक शिक्षा परिषद् प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।
२०७०।२।६	मिति २०६९।९।१७ मा उजुरी गरेकोमा यस आयोगबाट मिति २०६९।९।२२ मा सूचना दिनू भनी आदेश जारी गरिसकेको र निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : १२४/६५ पुनरावेदन/उजुरी

मिति :	२०६९।९।१८
पक्ष :	लाहार पानी गा.वि.स. वडा नं. ७ पुर्कुटी दाङ्गको सरीता वली ।
विपक्ष :	दाङ्ग जिल्ला लाहार पानी गा.वि.स.को श्री वाल विकास प्रा.वि. तिमिले दाङ्ग ।
विषय :	सरीता वली, दुर्गा वहादुर नेपाली र मति पुनको प्राप्तांक सहितको नतिजा सम्बन्धी कागजातको प्रतिलिपि
मिति	**कारबाही/निर्णय**
२०६९।९।२२	७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगमा जानकारी गराउन श्री बाल विकास प्रा.वि. तिमिले दाङ्गको प्राधानाध्यापकको नाममा यो आदेश जारी गरिएको ।
२०६९।११।१४	श्री वाल विकास प्रा.वि. तिमिले दाङ्गको जानकारी सम्बन्धमा पत्र प्राप्त ।
२०६९।१२।२	पुन आदेश कार्यान्वयन सहित कारवाहिको प्रक्रिया वढाइदिन हुन सरीता वलीको निवेदन ।
२०७०।२।२२	श्री बाल विकास प्रा.वि. तिमिले दाङ्गले यस आयोगमा पठाएको मिति २०६९।११।८ को पत्र बमोजिमको सूचना निज निवेदिकालाई नै दिनू भनी श्री वाल विकास प्रा.वि. तिमिले दाङ्गको प्रधानाध्यापकको नाममा यो आदेश जारी गरिएको छ । निवेदिकालाई जानकारी दिनू । प्रस्तुत मिलिको लगत कट्टा गर्नु भन्ने आदेश ।

क्रम संख्या : १२५/६६ निवेदन

मिति :	२०६९।९।२३
पक्ष :	उर्मिला घिमिरे ।
विपक्ष :	हिमालयन स्न्याक्स एण्ड नुडल्स प्रा.लि.ले आफूलाई सेवाबाट हटाएको सम्बन्धी सूचना नदिएको र श्रम कार्यालय ।
विषय :	१ हिमालयन् स्न्याक्स एण्ड नुडल्स प्रा.लि.ले उपलब्ध गराउनुपर्ने सूचना :-: हिमालयन् स्न्याक्स एण्ड नुडल्स प्रा.लि.बाट श्रम कार्यालयमा पठाएको, निवेदक उर्मिला घिमिरेलाई सेवाबाट हटाइएको भन्ने पत्र र हटाउनका लागि भएको निर्णयको प्रमाणित प्रतिलिपिहरू । २. श्रम कार्यालय वुटवलले उपलब्ध गराउनुपर्ने सूचना :-: निवेदिकाले हिमालयन् स्न्याक्स एण्ड नुडल्स प्रा.लि.मा हाजिर गराई पाउँ भनी श्रम कार्यालय वुटवलमा दिएको निवेदनको सम्बन्धमा भएको कारबाही र निर्णय सम्बन्धी कागजातहरूको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।९।२५	निवेदक उर्मिला घिमिरेले माग गरेका तपसिलका सूचना ३ (तीन) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगमा जानकारी गराउन हिमालयन स्न्याक्स एण्ड नुडल्स प्रा.लि.का प्रमुख र श्रम कार्यालय वुटवलका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । सूचना मागको निवेदनको छाँयाप्रति यसैसाथ पठाईदिने ।

२०६९।१०।०८	श्रम मन्त्रालयबाट आदेश कार्यान्वयन सम्बन्धमा पत्र प्राप्त ।
२०६९।१०।१९	निवेदिकाले सूचना वुझिलिइसकेको जानकारी गराएको र हिमालयन स्न्याक्स एण्ड नुडल्स प्रा.लि.को मिति २०६९।१०।७ को पत्रमा निवेदिकाले निवेदन दिएको खण्डमा सूचना उपलब्ध गराउन सक्ने भनी यस आयोगमा जानकारी गराएकोले यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : १२६/६७ पुनरावेदन

मिति :	२०६९।९।२०
पक्ष :	जिल्ला कपिलवस्तु, कपिलवस्तु न.पा.वडा.नं.३ बस्ने वसन्त वन्जाडे
विपक्ष :	जि.वि.स.कपिलवस्तु
विषय :	१ आर्थिक वर्ष २०६५।०६६ देखि ०६७।०६८ सम्म स्थानीय विकास मन्त्रालयबाट कुन कुन शिर्षकमा के कति बजेट आएको हो ? सोको प्रमाणित विवरण र आर्थिक वर्ष ०६५।०६६ देखि ०६७।०६८ सम्म स्थानीय श्रोतबाट के कति बजेट संकलन भयो सोको प्रमाणित विवरण । २. आर्थिक वर्ष ०६५।०६६ देखि ०६७।०६८ सम्म स्थानीय विकास मन्त्रालय तथा स्थानीय श्रोत साधनबाट संकलित बजेट कुन कुन शिर्षकमा कहाँ कहाँ कुन प्रक्रिया अपनाई खर्च गरियो सोको प्रमाणित विवरण । ३. न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा जि.वि.स.कपिलवस्तु असफल भएको कारण पत्ता लगाउन २०६८ भाद्र महिनामा गठित २ सदस्यीय समितिले तयार पारेको प्रतिवेदनको प्रमाणित छायाँप्रति । ४. २०६८ असोजमा जि.वि.स. असफल हुनाका कारण पत्ता लगाउन जि.वि.स. सर्वदलिय संयन्त्रले रामदास गुप्ताको संयोजकत्वमा गठन गरेको छानविन समितिले तयार पारेको प्रतिवेदनको प्रमाणित छाँयाप्रति ।
मिति	**कारबाही/निर्णय**
२०६९।९।२६	सूचना ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई आयोगलाई जानकारी गराउने र निवेदकले माग गरेका सूचना दिनुपर्ने प्रकृतिको सूचना हुंदाहुदै पनि निवेदकलाई उपलब्ध नगराई नागरिकको सूचना माग्ने र पाउने हकलाई किन कुण्ठित गरिएको हो सो सम्बन्धमा समेत ७ (सात) दिन भित्र स्पष्ट जवाफ पेश गर्न जि.वि.स.कपिलवस्तुका स्थानीय विकास अधिकारीका नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।१०।२२	जिल्ला कपिलवस्तु, कपिलवस्तु न.पा.वडा.नं.३ बस्ने वसन्त वन्जाडेको पुनः निवेदन
२०६९।११।२१	वसन्त वन्जाडेको ध्यानाकर्षण सम्बन्धमा निवेदन ।
२०६९।११।२१	जि.वि.स.कपिलवस्तुको आदेश कार्यान्वयन सम्बन्धमा पत्र प्राप्त ।
२०७०।२।७	निवेदकले मागेको सूचना दिनू भनी भएको आदेश बमोजिम जि.वि.स.को कार्यालयबाट मिति २०६९।११।११ मा यस आयोगलाई पत्र लेखी सूचना दिएको जानकारी गराएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : १२७/६८ पुनरावेदन/उजुरी

मिति :	२०६९।९।२२
पक्ष :	जिल्ला कपिलवस्तु, कपिलवस्तु न.पा.वडा.नं.१ घर भै कारागार कार्यालय वीरगंज, पर्सामा कैद रहेका सुल्लु भन्ने शम्भू कहार
विपक्ष :	कपिलवस्तु जिल्ला अदालत
विषय :	३ थान मुद्दा (२०६१ सालको स.फौ.नं.-७०, फैसला मिति २०६२।११।९, २०६२ सालको ६८-०६३-००१८६, फैसला मिति २०६३।११।१ र २०६४ सालको स.फौ.नं. ६८-०६३-०१३३५, फैसला मिति २०६५।१०।६)को अभियोग पत्र तथा फैसलाको नक्कल ।
मिति	**कारबाही/निर्णय**
२०६९।९।२६	निवेदकले माग गरेको सूचना (नक्कल) दफा ३(३) ले प्रवाह गर्न रोक लगाएको विषय भित्र नपर्ने र दफा ३०(२) बमोजिम माथि उल्लेख भएका ३ थान मुद्दाको अभियोग पत्र र फैसलाको नक्कल (सूचना) ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगमा जानकारी गराउन कपिलवस्तु जिल्ला अदालतका रजिष्ट्रारको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको प्राप्त हुन आएको निवेदनको छायाँप्रति यसै साथ राखी पठाउनू ।

क्रम संख्या : १२८/६९ पुनरावेदन/उजुरी

मिति :	२०६९।९।२५
पक्ष :	सूचना सहायता केन्द्र, फ्रिडम फोरम थापाथली काठमाडौंका, सञ्जीव घिमिरे ।
विपक्ष :	निर्वाचन आयोग
विषय :	१. २०६४ साल चैत २८ गते सम्पन्न संविधान सभाको निर्वाचनमा सहभागि भएका राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवार मध्ये कुन कुन राजनीतिक दल र स्वतन्त्र तर्फका कुन कुन उम्मेदवारहरूले कानुन अनुसार रीतपूर्वक निर्वाचन खर्च विवरण वुझाए, कुन कुन उम्मेदवारले बुझाएको विवरण रीतपूर्वक नभएको भेटियो, कुन कुन उम्मेदवारले खर्च विवरण वुझाएनन्, सो सम्बन्धी छुट्टा-छुट्टै खुल्ने गरी नामावली सहित दल र निर्वाचन क्षेत्र समेत खुल्ने सम्पूर्ण विवरण । २. कानुन अनुसार खर्च विवरण नबुझाउनेलाई के कारबाही भयो सो सम्बन्धी विवरण । ३. निर्वाचन ऐन, कानुन विपरीत निर्वाचनमा सिमा भन्दा बढी खर्च गर्ने उम्मेदवारलाई कुनै कारबाही भयो भएन सो वारेको छुट्टा-छुट्टै विवरण ।
मिति	**कारबाही/निर्णय**
२०६९।९।२६	निवेदकले माग गरेका तपसिल बमोजिमका सूचना ७ (सात) दिन भित्र उजुरीकर्तालाई उपलब्ध गराई यस आयोगमा जानकारी गराउने, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ अनुसार प्रत्येक सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था गर्नु पर्नेमा त्यस आयोगमा सूचना अधिकारीको व्यवस्था नभएको वुझिएको हुँदा वास्तविकता के हो ? सूचना अधिकारीको व्यवस्था भएको भए निजको नाम, पद र सम्पर्क फोन नं. समेत खोली पठाउने, छैन भने शीघ्र व्यवस्था गरी आयोगलाई जानकारी दिने, उजुरीकर्ताको निवेदन दर्ता किन नभएको हो ? कारण उल्लेख गरी पठाउने र भविष्यमा यस्ता निवेदन आएमा तुरन्त दर्ता गरी कारबाही गर्ने/गराउने व्यवस्था मिलाउन निर्वाचन आयोगका सचिवका नाममा यो आदेश जारी गरिएको छ ।

२०६९।१०।१०	सूचना माग्न आएमा दिने भनी निर्वाचन आयोगबाट पत्र प्राप्त ।
२०७०।१।२२	उजुरीकर्ता सञ्जीव घिमिरेले निर्वाचन आयोगमा उपस्थित नभएकोले निजलाई सूचना जानकारी गराउन नसकेको निज लिन आएमा दिन्छु भनी उल्लेख भएकोले निवेदक सञ्जीव घिमिरेलाई सो कुराको जानकारी गराई प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : १२९/७० पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।२
पक्ष :	काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २७ घर भै हाल सोही न.पा. वडा नं. १ बस्ने मिनुदेवी श्रेष्ठ ।
विपक्ष :	जिल्ला चितवन रत्ननगर न.पा. सौराहा चोकस्थित नारायणी डेभलप्मेन्ट बैंक लि. ।
विषय :	कर्जा शाखा प्रमुखसंग सूचना माग ।
मिति	**कारबाही/निर्णय**
२०६९।१०।८	निवेदिकाले बैंकबाट कुनैपनि कारोवार नगरेको अवस्थामा एक्कासी कालो सूचीमा समावेश गर्ने भनी पत्राचार गरेकोमा सोको कारण एवं सो संग सम्बन्धित कागजातहरू निवेदीकालाई ७ (सात) दिन भित्र उपलब्ध गराई यस आयोगमा जानकारी गराउन नारायणी डेभलप्मेन्ट बैंक लि.को प्रमुख एवं कर्जा शाखा प्रमुखका नाममा यो आदेश जारी गरिएको ।
२०७०।२।३	यस आयोगबाट मिति २०६९।१०।८ मा सूचना दिनू भनी आदेश जारी गरिसकेको र निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : १३०/७१ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।३
पक्ष :	रामपुर्वा - ३ बारा बस्ने आसमान खाँ थारु ।
विपक्ष :	कृषि विकास बैंक निजगढ शाखा वारा
विषय :	१. बैंकले चेक वा नगद रकम वुझाउँदा रजिष्टर वुकमा उल्लेख भएको रकमको यथार्थ विवरणको प्रतिलिपि । २. बैंकले कुन कुन मितिमा के कति ऋण रकम भुक्तानी दिएको हो सो विवरणको प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।१०।७	सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ३० उपदफा २ बमोजिम तपसिलका सूचना निवेदक स्वयंले पाउने गरी निजलाई उपलब्ध गराई यस आयोगमा जानकारी गराउन कृषि विकास बैंक निजगढ शाखा वाराका कार्यालय प्रमुखका नाममा यो आदेश जारी गरिएको छ । निवेदकले दिएको निवेदनको छायाँप्रति यसैसाथ राखि पठाउनू भन्ने आदेश ।

२०७०।२।२	कृषि विकास बैंक निजगढ शाखा वाराका कार्यालय प्रमुखलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम किन कारबाही गर्न नपर्ने हो ? सात (७) (सात) दिन भित्र लिखित जवाफ पठाउन कृषि विकास बैंक निजगढ शाखा वाराका कार्यालय प्रमुखका नाममा यो आदेश जारी गरिएको छ । म्याद नाघेपछि कारबाहीको प्रकृया अघि वढाउने कुराको जानकारी गराउने । यस आयोगको पूर्व आदेशको छाँयाप्रति संगै राखि पठाउनू । यसको जानकारी निवेदकलाई दिनू भन्ने आदेश ।
२०७०।३।२३	कृषि विकास बैंकको सूचना उपलब्ध गराइएको बारे पत्र प्राप्त ।
२०७०।३।२३	कृषि विकास बैंक निजगढ वाराको मिति २०७०।३।१८ को पत्र मार्फत निवेदकलाई सूचना उपलब्ध गराएको भनी यस आयोगलाई जानकारी गराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : १३१/७२ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।१२
पक्ष :	फ्रिडम फोरम थापाथली काठमाडौंका तारानाथ दाहाल ।
विपक्ष :	महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयका प्रमुख (सचिव) ।
विषय :	विविध सूचना माग ।
मिति	**कारबाही/निर्णय**
२०६९।१०।२५	उजुरीकर्तालाई निजले मागेका जती सबै सूचना किन उपलब्ध नगराईएको हो ? सोको लिखित जवाफ लिई ७ (सात) दिन भित्र छलफलका लागि यस आयोग समक्ष उपस्थित हुन महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका प्रमुख (सचिव) को नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।११।४	महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयबाट लिखित जवाफ पेश ।
२०६९।१२।१७	निवेदकले माग गरेका सूचना मध्ये व्यक्तिगत प्रकृतिका सूचना वाहेक विदेशी दम्पतिद्वारा धर्मपुत्र/धर्मपुत्री ग्रहण गरिएका वालवालिकाको अनुगमन भएको भए वालवालिका र ग्रहण गर्ने व्यक्तिको नाम नामेशी उल्लेख नगरी समग्र अवस्थाको विवरण, अनुगमन गर्ने कर्मचारीहरूको नामावली, कारबाही हुन बाँकी रहेका निवेदनहरूको सम्बन्धमा भै रहेको कारबाहीको विवरण आदी सूचनाहरू निवेदकलाई उपलब्ध गराउनू पर्ने नै देखिएकोले ती सूचनाहरू १५ दिन भित्र निवेदकलाई उपलब्ध गराई सोको एक प्रति आयोगमा समेत पठाउन महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयका प्रमुख (सचिव) लाई आदेश गर्ने निर्णय गरिएको छ। यसको जानकारी उजुरीकर्तालाई दिनू ।
२०६९।१२।२७	महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयको च.नं ७१ मिति २०६९।१२।२७ को पत्र प्राप्त ।
२०७०।१।३	महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको मिति २०६९।१२।२७ च.नं.७१ को पत्रबाट यस आयोगमा सूचना उपलब्ध गराएको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : १३२/७३ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।११
पक्ष :	विशुनदेव राउत अहिरको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी नथु राउत कंकट ।
विपक्ष :	जिल्ला सरकारी वकील कार्यालय पर्सा ।
विषय :	लुकाएको सूचना दिलाई पाउँ ।
मिति	**कारबाही/निर्णय**
२०६९।१०।२५	निवेदकले के सूचना माग गरेको हो निवेदनमा स्पष्ट नभएको, मुद्दा अन्तिम किनाराका सम्बन्धमा जिल्ला सरकारी वकील कार्यालय पर्सा मार्फत जानकारी लिनुपर्नेमा सो नगरी यस आयोगमा निवेदन गरेकोले निज निवेदकको निवेदनको सक्कलै प्रति जिल्ला सरकारी वकील कार्यालय पर्सामा पठाउन यो आदेश जारी गरिएको छ ।
२०६९।११।१५	जिल्ला सरकारी वकील कार्यालय पर्साको सूचना उपलब्ध गराउन बोधार्थ पत्र प्राप्त ।
२०६९।१२।२०	जिल्ला सरकारी वकील कार्यालय पर्सा वीरगंजको च.नं.८८७ मिति २०६९।११।४ को पत्र बाट कारागार कार्यालय पर्सालाई सूचना उपलब्ध गराउन पत्राचार गरी यस आयोगलाई बोधार्थ समेत पठाएको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु ।

क्रम संख्या : १३३/७४ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।१४
पक्ष :	प्रेस काउन्सिल नेपालका वरिष्ठ अनुसन्धान सहायक रहमतुल्ला मियाँ ।
विपक्ष :	प्रेस काउन्सिल नेपाल ।
विषय :	सूचना नदिएकोले सूचना उपलब्ध गराई पाऊँ
मिति	**कारबाही/निर्णय**
२०६९।१०।२५	अत : निवेदकले माग गरेको निवेदन बमोजिमका सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई यस आयोगलाई जानकारी गराउनू । सूचना दिन नमिल्ने भए सोको कारण ७ (सात) दिन भित्र आयोगमा लेखि पठाउन प्रेस काउन्सिल नेपालका सचिवालय प्रमुखको नाममा यो आदेश जारी गरिएको
२०६९।११।१३	प्रेस काउन्सिल नेपालको आदेश कार्यान्वयन सम्बन्धमा पत्र प्राप्त ।
२०७०।१।३	प्रेस काउन्सिलको मिति २०६९।११।१० को जवाफका सम्बन्धमा छलफल गर्नका लागि मिति २०७०।१।१५ गते दिनको २:०० वजे यस अयोगमा उपस्थित हुन प्रेस काउन्सिल नेपालका सचिवालय प्रमुखको नाममा यो आदेश जारी ।
२०७०।१।२६	प्रेस काउन्सिल नेपालको सूचना वुझ्न आउन भनी आयोग समक्ष बोधार्थ पत्र प्राप्त ।

२०७०।१।३१	प्रेस काउन्सिल नेपालका वरिष्ठ अनुसन्धान सहायक रहमतुल्ला मियाँको निवेदनका सम्बन्धमा यस आयोगको मिति २०७०।१०।२५ को आदेश बमोजिम सूचना यथाशिघ्र बुझ्न आउनु भनी निवेदक रहमतुल्ला मियाँलाई सम्वोधित पत्रको बोधार्थ पत्र आयोगमा प्राप्त भएकोले प्रस्तुत निवेदनका सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको ।

क्रम संख्या : १३४/७५ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।१५
पक्ष :	जिल्ला रौतहट गा.वि.स. बडहर्वा १ बस्ने भुपेन्द्र प्रताप सिंह ।
विपक्ष :	गा.वि.स. बडहर्वाका सचिव ब्रहमदेव ।
विषय :	१. आ.ब. २०६८।६९ को गा.वि.स.को कार्यालय बडहर्वाद्धारा कुन-कुन योजनामा कति खर्च भयो ।
मिति	**कारबाही/निर्णय**
२०६९।१०।२२	जिल्ला प्रशासन कार्यालय गौरबाट कागजपत्रहरू फिर्ता भई प्राप्त भएको छ/छैन ? फिर्ता आएको भए यस आयोगको मिति २०६९।०२।१८ को आदेश बमोजिम निवेदकलाई सूचना उपलब्ध गराइयो/गराइएन ? सोको जानकारी ७ (सात) दिन भित्र आयोगमा पठाउन निर्देशानुसार अनुरोध गर्दछु ।
२०६९।११।२८	गा.वि.स. बडहर्वाको च.नं. २११ को निवेदक सम्पर्कमा आएपछि सूचना उपलब्ध गराउने भन्ने पत्राचार गरेको ।
२०६९।१२।२०	गा.वि.स.को कार्यालय बडहर्वाको च.नं. २११ मिति २०६९।११।१७ को पत्रबाट निवेदक सूचना माग गर्न आएको खण्डमा सूचना उपलब्ध गराउने छु भनी यस आयोगलाई पत्राचार गरी निवेदकलाई बोधार्थ दिएको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : १३५/७६ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।२२
पक्ष :	भ्रष्टाचार विरुद्ध संघर्ष समितिका अभियानकर्ता शारदा भुषाल झा ।
विपक्ष :	श्रम विभाग मिनभवन काठमाडौं ।
विषय :	१. निजामती कर्मचारी ट्रेड युनियनको दर्ता, सो सम्बन्धी शर्त, प्रक्रिया र अन्य व्यवस्थाको प्रमाणित प्रतिलिपि । २. हालसम्म दर्ता भै संचालनमा रहेका निजामती कर्मचारी ट्रेड युनियनहरूको नाम, ठेगाना, फोन नं. र केन्द्रीय पदाधिकारीहरूको नाम, निजहरूको पदाधिकार रहेको सरकारी निकायहरूको नाम ठेगाना र फोन नं. विवरणको प्रमाणित प्रतिलिपि ।
	३. निजामती कर्मचारी ट्रेड युनियनहरू दर्ता हुँदा सदस्य हुने सम्पूर्ण सदस्यहरूको नाम, थर, पद, कार्यरत कार्यालय तथा हस्ताक्षर देखिने कागजातको प्रमाणित प्रतिलिपि ।

मिति	कारबाही/निर्णय
२०६९।१०।२५	अत : निवेदकले माग गरेको तपसिल बमोजिमका सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन श्रम विभाग मिनभवन काठमाडौंका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।
२०७०।१।३	यस आयोगको मिति २०६९।१०।२५ को आदेश बमोजिमको सूचना उपलब्ध नगराएमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही किन गर्न नपर्ने हो ? सोको लिखित जवाफ ७ (सात) दिन भित्र पठाउन श्रम विभाग मिनभवन काठमाडौंका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०७०।१।१०	श्रम विभाग मिनभवन काठमाडौंको राजश्व वुझाई प्रमाणित प्रतिलिपि लिन आउनु भनी लेखेको पत्र प्राप्त ।
२०७०।१।२२	श्रम विभाग मिनभवन काठमाडौंको मिति २०७०।१।१० च.नं ७६८ को पत्रबाट निज निवेदक सम्पर्कमा आइ लाग्ने राजस्व वुझाएपछि सूचनाको प्रमाणित प्रतिलिपि उपलब्ध गराउन तयार रहेको भनी यस आयोगमा पत्राचार गरेको हुँदा सोको जानकारी निवेदकलाई दिने र प्रस्तुत मिसिलको लगत कट्टा गर्ने ।

क्रम संख्या : १३६/७७ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।१८
पक्ष :	भ्रष्टाचार विरुद्ध संघर्ष समितिका अभियानकर्ता शारदा भुषाल झा ।
विपक्ष :	खानी तथा भू–गर्भ विभाग
विषय :	सूचना अधिकारीलाई सम्बोधन गरी सूचना माग
मिति	**कारबाही/निर्णय**
२०६९।१०।२५	निवेदिकाले माग गरेका सूचनाहरू पूर्ण रूपमा उपलब्ध नगराई आंशिक मात्र उपलब्ध गराएको पाइयो पूर्ण रूपमा सूचना उपलब्ध गराउन नसक्नुको कारण के हो ? उपलब्ध गराउन नमिल्ने भए सोको उचित कारण सहतिको लिखित जवाफ ७ (सात) दिन भित्र यस आयोग समक्ष पठाउन खानी तथा भू–गर्भ विभागका महानिर्देशकको नाममा यो आदेश जारी गरिएको
२०६९।११।९	खानी तथा भू–गर्भ विभागबाट लिखित जवाफ प्राप्त ।
२०७०।१।५	खानी तथा भू–गर्भ विभागबाट सूचना वापत दस्तुर वुझाई सूचना प्राप्त गर्न निजलाई प्रेषित पत्रको बोधार्थ प्राप्त ।
२०७०।१।१७	खानी तथा भू–गर्भ विभागको मिति २०६९।१२।२२ को पत्रबाट निज निवेदकलाई पत्र लेखी यस आयोगमा बोधार्थ पत्र प्राप्त भएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने ।

क्रम संख्या : १३७/७८ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।१८
पक्ष :	जिल्ला महोतरी वनौली दनौली बस्ने शारदा भुषाल(झा) ।

विपक्ष :	निजामती किताबखाना हरिहरभवन ललितपुरका महानिर्देशक ।
विषय :	भष्ट्राचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम विभागमा पेश हुन आएका सम्पती विवरण गोप्य राखिने, अनुसन्धान र तहकिकातको सिलसिलामा यस्ता विवरण माग हुन आएमा सम्बन्धीत अधिकारीलाई मात्र उपलब्ध गराउन सकिने व्यहोरा निवेदिकालाई जानकारी गराएकोमा सो उपर चित्त नवुझेको ।
मिति	**कारबाही/निर्णय**
२०६९।१०।२५	निवेदिकाले माग गरेको कारबाही सम्बन्धी विषयमा सम्बन्धित निकायले जवाफ उपलब्ध गराइ सकेको देखिदा माग भए बमोजिम कारबाही गर्नुपर्ने अवस्था पनि देखिदैन । तसर्थ प्रस्तुत मिसिललाई हाल तामेलीमा राख्न यो आदेश जारी गरिएको ।

क्रम संख्या : १३८/७९ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।१९
पक्ष :	जिल्ला सप्तरी राजविराज ५ का कमानन्द माझी
विपक्ष :	कटैया गा.वि.स.सप्तरीका गा.वि.स.सचिव
विषय :	१ आ.ब. २०६८।६९ को लागि जि.वि.स.सप्तरीबाट के कति अनुदान रकम प्राप्त भएको छ ? सो रकम कुन कुन विकास योजनामा खर्च भएको छ ? ती योजनाहरूको लागत अनुमान, मूल्यांकन र विल भर्पाईको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।१०।२५	अत : निवेदकले माग गरेका तपसिलका सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन कटैया गा.वि.स.सप्तरीका गा.वि.स.सचिवको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।११।१९	गा.वि.स.सचिवको प्रष्टिकरण ।
२०७०।१।३	माग बमोजिम सूचना उपलब्ध नगराएमा वा सूचना उपलब्ध गराउन ढिलाई गरेमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाहीका निम्ति फाइल पेश गर्ने भन्ने आदेश ।

क्रम संख्या : १३९/८० पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।१९
पक्ष :	का.जि.म.न.पा. वडा. नं. १३ बस्ने रजनी चन्द लगायत १९ जना
विपक्ष :	काठमाडौं महानगरपालिकाको प्रमुख ।
विषय :	१ छायाँदेवी कन्सट्रक्सन प्रा. लि.ले कम्प्लेक्स बनाउदा पेश गरेको नक्सा र नगरपालिकाले सो नक्सा पास गर्न गरेको निर्णयको प्रतिलिपि । २ नक्साको प्रतिलिपि । ३ छायाँदेबी कन्सट्रक्सनले नक्सा पासका लागि दिएको निवेदनको प्रतिलिपि ।

मिति	कारबाही/निर्णय
२०६९।१०।२५	१ छायाँदेवी कन्सट्रक्सन प्रा. लि.ले कम्प्लेक्स वनाउदा पेश गरेको नक्सा र नगरपालिकाले सो नक्सा पास गर्न गरेको निर्णयको प्रतिलिपि । २ नक्साको प्रतिलिपि । ३ छायाँदेबी कन्सट्रक्सनले नक्सा पासका लागि दिएको निवेदनको प्रतिलिपि ।
२०६९।१२।५	काठमाडौं महानगरपालिकाको जानकारी सम्बन्धमा पत्र प्राप्त ।
२०७०।१।२२	काठमाडौं महानगरपालिकाले निवेदकसंग सम्बन्धित कागजात सर्वोच्च अदालतमा पठाएको जानकारी आयोगमा प्राप्त ।
२०७०।१।२६	काठमाडौं महानगरपालिकाले यस आयोगमा च. नं. १३६९ मिति २०६९।१।९ र च.नं. ९११ मिति २०६९।११।४ को पत्रबाट निवेदक रजनी चन्दलाई सोको समेत जानकारी गराइसकेको देखिन्छ । आदेश पुग्नु पूर्व नै सूचनाहरू सम्बन्धित अदालतमा पठाइसकेको देखिदा सम्मानित अदालतबाट सो सूचनाको फाईल (मिसिल) फिर्ता भएपछि निवेदकलाई सूचना दिई सोको जानकारी यस आयोगमा पठाउनू भनी काठमाडौ महानगरपालिका कार्यालयका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।

क्रम संख्या : १४०/८१ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।२२
पक्ष :	भ्रष्टाचार विरुद्ध संघर्ष समितिका अभियानकर्ता शारदा भुषाल झा ।
विपक्ष :	राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सम्वन्वय इकाई ववरमहल ।
विषय :	१. राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको परियोजना दस्तावेज (Project Document) र यो कार्यक्रम संचालनका आधिकारीक कागजपत्रहरूको प्रमाणित प्रतिलिपि । २. राष्ट्रपति चुरे संरक्षण कार्यक्रम लागु भएका वर्ष देखि हालसम्मको रातो किताव अनुसारको वार्षिक कार्यक्रम, बजेट कार्यान्वयन गर्ने निकाय (जिल्ला अनुसार) को वार्षिक प्रगति प्रतिवेदनको प्रमाणित प्रतिलिपि । ३. राष्ट्रपति चुरे संरक्षण कार्यक्रममा प्रत्यक्ष रूपमा संलग्न रहेका सरकारी वा गैह्र सरकारी निकायहरूको नामावली तथा आवद्ध कर्मचारी वा पदाधिकारीहरूको नाम पद सहित विवरणको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।१०।२५	अत : निवेदकले माग गरेको तपसिल बमोजिमका सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सम्वन्वय इकाई ववरमहलका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।११।२२	राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सम्वन्वय इकाईको मिति २०६९।११।९ च.नं.४४ को बोधार्थ पत्र प्राप्त ।
२०७०।१।३	राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सम्वन्वय इकाईको मिति २०६९।११।९ च.नं.४४ को पत्रबाट निवेदकलाई सूचना उपलब्ध गराई यस आयोगलाई बोधार्थ दिएको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : १४१/८२ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।१७
पक्ष :	कारागार कार्यालय पर्सामा कैद रहेका राजेश राय ।
विपक्ष :	जिल्ला सरकारी वकील कार्यालय सर्लाही, मलंगवा
विषय :	मुद्दाको अन्तिम किनारा लागे नलागेको वारे
मिति	**कारबाही/निर्णय**
२०६९।१०।२५	निवेदकले माग गरेको मुद्दाको अन्तिम किनारा लागे नलागेको भन्ने विषय सम्बन्धित निकायमा निवेदन गर्दा जानकारी हुने विषय भएकोले प्राप्त सक्कलै निवेदन जिल्ला सरकारी वकील कार्यालय सर्लाही, मलंगवामा पठाई प्रस्तुत मिसिलको लगत कट्टा गर्न समेत यो आदेश जारी गरिएको छ ।
२०६९।११।१३	जिल्ला सरकारी वकील कार्यालय सर्लाही, मलंगवाको पत्र प्राप्त ,।

क्रम संख्या : १४२/८३ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।२१
पक्ष :	बुढानीलकण्ठ स्कूल सामाजिक विज्ञान विभाग प्रमुख देवेन्द्र सिंह ।
विपक्ष :	बुढानीलकण्ठ स्कूल ।
विषय :	१ प्रचलित कानून अनुसार २०६८ माघ देखि हालसम्म सामाजिक विज्ञान विभाग प्रमुखले पाउने सम्पूर्ण सेवा सुविधाको विवरण । २ प्रिन्सिपलको पत्रानुसार SMT समेतको संलग्नतामा गैह्र कानूनी सजाय गरी म र मेरो परिवारलाई मानसिक यातना दिएकोले कानून बमोजिम मानसिक यातना विरुद्धको क्षतिपूर्ति । ३ गैह्र कानूनी निर्णय बदर गराउन कानून व्यवसायी सँग गरेको परामर्श खर्च, यातायात र मसलन्द खर्च वापतको रकम ।
मिति	**कारबाही/निर्णय**
२०६९।११।१	निज निवेदकले आफ्नो निवेदनमा के कसरी, कहिले, कति क्षति पुगेको भनी स्पष्ट रूपमा उल्लेख गरेको नपाइएको हुदाँ तपसिलका विषयहरूका सम्बन्धमा आवश्यक प्रमाण सहित क्षतिपूतिको स्पष्ट अंक उल्लेख गरी पठाउन निवेदक देवेन्द्र सिंहको नाममा यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : १४३/८४ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।२१
पक्ष :	शिवशंकर मिश्र ।
विपक्ष :	भोला उच्च माध्यमिक विद्यालय
विषय :	१. वि.सं २०६३ सालदेखि हालसम्मको वार्षीक हिसाव किताव स्पष्ट देखिने कागजहरू जस्तै वासलात लेखापरीक्षण प्रतिवेदन आदी

	२ वर्तमान विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र सदस्यको नाम ठेगाना सम्पर्क फोन नं र समितिले हालसम्म गरेको सवै निर्णयहरूको फोटोकपि । ३. वि.सं २०६६ सालदेखि हालसम्म कक्षा ९–१० का विद्यार्थीको हाजिरी पुस्तिकाको फोटोकपी । ४. SLC ,TEST दिने र SLC को परीक्षामा सहभागी सम्पूर्ण विद्यार्थीको नाम ठेगाना २०६६ देखि हालसम्मको जानकारी ।
मिति	**कारबाही/निर्णय**
२०६९।१०।२५	:निवेदकको माग बमोजिमका तपसिलका सूचना ७ (सात) दिन भित्र उपलब्ध गराई यस आयोगलाई जानकारी गराउनू भनी भोला उच्च मा.वि.गंज भवानीपूर वाराका प्रधानाध्यापकको नाममा यो आदेश जारी गरिएको छ। निवेदकले पेश गरेको निवेदनको छायाँप्रति समेत संलग्न गरी पठाउनू । साथै निवेदकले निवेदन साथ रु १००।– अक्षरेपी रु एक सय निवेदन साथ संलग्न गरी पठाएको पाइएकोमा सूचना माग गरी निवेदन गर्दा कुनैपनि शुल्क लाग्ने व्यवस्था नभएको र उक्त रकम फिर्ता पठाउन समेत विभिन्न अप्ठ्याराहरू आइपर्ने हुँदा उक्त रकमबाट हुलाक टिकट खरीद गरी निवेदनको पृष्ठ भागमा टाँस गरी रद्द गरिदिनू भन्ने आदेश ।
२०७०।२।३	यस आयोगबाट मिति २०६९।१०।२५ मा सूचना दिनू भनी आदेश जारी गरिसकेको र निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : १४४/८५ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।२४
पक्ष :	नेपाल विज्ञापन संघ (Advertising Association of Nepal) का कार्यकारी निर्देशक भरतलाल न्याछँयो
विपक्ष :	सूचना तथा संचार मन्त्रालय
विषय :	निर्देशिका सम्बन्धी सूचना माग गरेकोमा प्राप्त नभएको ।
मिति	**कारबाही/निर्णय**
२०६९।११।१	उल्लेखित पत्र संस्थागत रूपमा आयोगमा प्राप्त भएकोमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ उपदफा १ र २ अनुसार यस्तो पत्र उपर कारबाही अघि वढाउन पर्ने अवस्था रहदैन । तसर्थ प्राप्त हुन आएको उक्त सक्कलै पत्र आवश्यक कारबाहीको लागि सूचना तथा संचार मन्त्रालयमा पठाई दिन यो आदेश जारी गरिएको छ ।
२०६९।११।९	सूचना तथा संचार मन्त्रालयको च.नं. ११३ को पत्रानुसार निवेदकले मिति २०६९।११।३ मा नै प्रतिलिपी लगिसकेको भन्ने पत्र प्राप्त ।
२०७०।१।२२	सूचना तथा संचार मन्त्रालयको मिति २०७०।११।९ च.नं ११३ को पत्रबाट निज निवेदकले सूचनाको प्रतिलिपि वुझी लिएको भनी यस आयोगमा पत्राचार गरेको हुँदा यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने ।

क्रम संख्या : १४५/८६ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।२४
पक्ष :	देवेन्द्र न्यौपाने ।
विपक्ष :	परीक्षा नियन्त्रण कार्यालय ।
विषय :	उत्तरपुस्तिका प्राप्त गर्नका लागि तोकिएको अत्याधिक शुल्क खारेज गरी वैज्ञानिक र वास्तविक शुल्क निर्धारण गरी पाउँ भनी यस आयोगमा मिति २०६९।१०।२४ मा निवेदन गरेको ।
मिति	**कारबाही/निर्णय**
२०६९।११।१	सो निवेदनका सम्बन्धमा आवश्यक छलफल गर्नका लागि ७ (सात) भित्र आयोगमा उपस्थित हुन परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरका सूचना अधिकारी र परीक्षा नियन्त्रकको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदन साथै राखि पठाउनू भन्ने आदेश ।
२०७०।२।२२	उत्तरपुस्तिका हेर्न निर्धारण गरेको रु ७००।– (रु सात सय रुपैया) का सम्बन्धमा केही व्यवस्था गर्न सकिएमा आयोगलाई जानकारी गराउने भनी सहमति भएकोमा सो सम्बन्धी के व्यवस्था गरियो सोको जानकारी ३ (तीन) दिन भित्र यस आयोगमा लेखी पठाउनु भनी परीक्षा नियन्त्रण कार्यालय, सानो ठिमी, भक्तपुरका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी निवेदकलाई दिनू भन्ने आदेश ।

क्रम संख्या : १४६/८७ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।१८
पक्ष :	सुजन दाहाल र उज्वल भण्डारी ।
विपक्ष :	कोटेश्वर बहुमुखी क्याम्पस ।
विषय :	उक्त क्याम्पसबाट उपलब्ध गराइएको सूचना अपुरो, अधुरो र अस्पष्ट भएकोले पूर्ण सूचना उपलब्ध हुने व्यवस्था गराई अपूर्ण सूचना दिने क्याम्पस प्रमुखलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही गरी पाउँ ।
मिति	**कारबाही/निर्णय**
२०६९।११।२	निवेदकले माग गरेको सम्पूर्ण सूचनाहरू मागेकै स्वरूपमा किन उपलब्ध नगराइएको हो ? किन अपूरो र अधुरो सूचना दिइएको हो ? माग बमोजिम सूचना उपलब्ध नगराएकोमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ अनुसार किन कारबाही नगर्ने ? सो वारे पत्र पाएको ७ (सात) दिन भित्र आयोग समक्ष लिखित जवाफ पठाउने
	र माग बमोजिम दिन मिल्ने सूचना अबिलम्ब निवेदकहरूलाई उपलब्ध गराउन कोटेश्वर बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख गाविन्द बहादुर कार्कीका नाममा यो आदेश जारी गरिएको छ। पुनरावेदकको पुनरावेदनको छायाँप्रति समेत यसै साथ राखि पठाउनू भन्ने आदेश ।

क्रम संख्या : १४७/८८ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।२८
पक्ष :	जिल्ला महोत्तरी वथनाहा गा.वि.स.वडा नं. १ बस्ने ध्रुव कुमार झा ।
विपक्ष :	जनस्वास्थ्य कार्यालय धनुषा ।
विषय :	१ यस कार्यालयमा रहेका क्षयरोग निवारणको लागि आ.ब.२०६७ देखि हालसम्मको बजेट र कार्यक्रमहरूको शीर्षक अनुसारको विवरणको प्रमाणित प्रतिलिपि । २ गरिएको कार्यक्रमहरूको खर्चको विल भर्पाइको प्रमाणित प्रतिलिपि । ३ यस कार्यालयमा रहेको सवारीको संख्या र आ.ब. २०६८/०६९ तथा चालु आ.ब.को हालसम्मको ईन्धनमा भएको खर्च विवरणको विल भर्पाई सहितको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।११।९	जिल्ला जनस्वास्थ्य कार्यालय धनुषाले निवेदकले माग गरेका सूचनाहरू उपलब्ध नगराएको सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा ३(ग) को व्यवस्थालाई दर्साएको पाइएकोमा उक्त व्यवस्था प्रस्तुत विषयमा आकर्षित हुने देखिदैन । जिल्ला जनस्वास्थ्य कार्यालय नेपाल सरकारले जनतालाई स्वास्थ्यसंग सम्बन्धित सेवा उपलब्ध गराउन स्थापित सरकारी निकाय हो । यो निकाय आर्थिक, व्यापारिक, मौद्रिक हित, बैर्किङ्ग वा व्यापार व्यवसाय गर्ने संस्था होइन । यस्ले गरेका सबै काम कारबाही पारदर्शी हुनुपर्दछ र नागरिकले थाहा पाउन सक्ने हुनुपर्दछ । जनस्वास्थ्य कार्यालयको उल्लेखित तर्कसंग आयोग सहमत हुनसक्ने अवस्था रहदैन । तसर्थ निवेदकले माग गरेका तपसिलका सूचना अबिलम्ब निवेदकलाई उपलब्ध गराई सोको एकप्रति आयोगमा समेत पठाउन जिल्ला जनस्वास्थ्य कार्यालय धनुषाका प्रमुख (वरिष्ठ जनस्वास्थ्य प्रशासक) का नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदन संगै राखी पठाउनू भन्ने आदेश ।
२०७०।२।५	सूचना उपलब्ध गराउन आदेश जारी गरिपाउँ भनी जिल्ला प्रशासन कार्यालय धनुषा मार्फत पठाएको उजुरी आयोग समक्ष प्राप्त हुन आएकोमा यस आयोगबाट मिति २०६९।११।९ मा सूचना दिनू भनी आदेश जारी गरिसकेको र निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।
२०७०।५।४	निवेदकले माग गरेका तपसिलका सूचना सात दिनभित्र उपलब्ध गराउन आदेश जारी ।

क्रम संख्या : १४८/८९ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।२८
पक्ष :	प्रविन्द गुप्ता ।
विपक्ष :	शिक्षा मन्त्रालय, छात्रवृत्ति शाखा

विषय :	१ मिति २०६९।१०।६ गते शनिवार १:०० देखि ३:०० वजे सम्म संचालित नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको Undergraduate Level(Bio) Scholarship exam मा सोधिएको प्रश्नावलीको सही उत्तर विवरणको प्रमाणित प्रतिलिपि । २ उक्त परीक्षामा म निवेदकले उत्तर गरेको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि । ३ उक्त परीक्षाको उत्तरपुस्तिकाको जाँच गर्ने प्रक्रियासंग सम्बन्धित कम्प्युटर Scan प्रति र सो संग सम्बन्धित सम्पूर्ण प्रक्रिया विवरणको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।११।९	निवेदकको निवेदनको सम्बन्धमा के भएको हो सोको जानकारी आयोगलाई गराउनका साथै निवेदकले माग गरेका तपसिलका दिन मिल्ने सूचनाहरू तुरन्त (बढीमा ७ दिन भित्र) निवेदकलाई उपलब्ध गराउनू, उपलब्ध गराइएको सूचनाको १ प्रति आयोगमा समेत पठाउनू र दिन नमिल्ने सूचना भए सोको कारण खोली जवाफ पठाउन शिक्षा मन्त्रालयका प्रमुख (सचिव) को नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदन संगै राखी पठाउनू भन्ने आदेश ।
२०७०।२।१६	सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ बमोजिम उत्तरपुस्तिका र नतिजा तयारीका सिटहरू ५ वर्षको लागि गोप्य रहने भनी वर्गीकरणमा पारेको देखियो । यस्तो वर्गीकरण गरेर राखेको सूचना अध्ययन अवलोकन नगरिकन दिनू वा नदिनू भन्न सकिने अवस्था रहेन र वर्गीकरण गरेर संरक्षित गरिएका सूचनाका सम्बन्धमा आयोगले दफा २७ बमोजिम पुनरावलोकनको लागि निवेदन परेका वखत पुनरावलोकन गर्न सक्ने तर यस्तो पुनरावलोकनको लागि निवेदकको निवेदन परेको देखिएन । यस्तो निवेदन परेमा पछि निर्णय गर्न सकिने नै हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : १४९/९० पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।२८
पक्ष :	विजय पन्त ।
विपक्ष :	शिक्षा मन्त्रालय, छात्रवृत्ति शाखा
विषय :	१ मिति २०६९।१०।६ गते शनिवार १:०० देखि ३:०० बजे सम्म सञ्चालित नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको Undergraduate Level (Bio) Scholarship exam मा सोधिएको प्रश्नावलीको सही उत्तर विवरणको प्रमाणित प्रतिलिपि । २ उक्त परीक्षामा म निवेदकले उत्तर गरेको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि । ३ उक्त परीक्षाको उत्तरपुस्तिकाको जाँच गर्ने प्रक्रियासंग सम्बन्धित कम्प्युटर Scan प्रति र सो संग सम्बन्धित सम्पूर्ण प्रक्रिया विवरणको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।११।९	निवेदकको निवेदनको सम्बन्धमा के भएको हो सोको जानकारी आयोगलाई गराउनका साथै निवेदकले माग गरेका तपसिलका दिन मिल्ने सूचनाहरू तुरन्त (वढिमा ७ दिन भित्र) निवेदकलाई उपलब्ध गराउनू, उपलब्ध गराइएको सूचनाको १ प्रति आयोगमा
	समेत पठाउनू र दिन नमिल्ने सूचना भए सोको कारण खोली जवाफ पठाउन शिक्षा मन्त्रालयका प्रमुख (सचिव) को नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदन संगै राखी पठाउनू भन्ने आदेश ।

२०७०।२।१६	सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ बमोजिम उत्तरपुस्तिका र नतिजा तयारीका सिटहरू ५ वर्षको लागि गोप्य रहने भनी वर्गीकरणमा पारेको देखियो । यस्तो वर्गीकरण गरेर राखेको सूचना अध्ययन अवलोकन नगरिकन दिनू वा नदिनू भन्न सकिने अवस्था रहेन र वर्गीकरण गरेर संरक्षित गरिएका सूचनाका सम्बन्धमा आयोगले दफा २७ बमोजिम पुनरावलोकनको लागि निवेदन परेका बखत पुनरावलोकन गर्न सक्ने तर यस्तो पुनरावलोकनको लागि निवेदकको निवेदन परेको देखिएन । यस्तो निवेदन परेमा पछि निर्णय गर्न सकिने नै हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : १५०/९१ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।२८
पक्ष :	अजित ठाकुर ।
विपक्ष :	शिक्षा मन्त्रालय, छात्रवृत्ति शाखा
विषय :	१ मिति २०६९।१०।६ गते शनिवार १:०० देखि ३:०० वजे सम्म संचालित नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको Undergraduate Level (Bio) Scholarship exam मा सोधिएको प्रश्नावलीको सही उत्तर विवरणको प्रमाणित प्रतिलिपि । २ उक्त परीक्षामा म निवेदकले उत्तर गरेको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि । ३ उक्त परीक्षाको उत्तरपुस्तिकाको जाँच गर्ने प्रक्रियासंग सम्बन्धित कम्प्युटर Scan प्रति र सो संग सम्बन्धित सम्पूर्ण प्रक्रिया विवरणको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।११।९	निवेदकको निवेदनको सम्बन्धमा के भएको हो सोको जानकारी आयोगलाई गराउनका साथै निवेदकले माग गरेका तपसिलका दिन मिल्ने सूचनाहरू तुरन्त (बढीमा ७ दिन भित्र) निवेदकलाई उपलब्ध गराउनू, उपलब्ध गराइएको सूचनाको १ प्रति आयोगमा समेत पठाउनू र दिन नमिल्ने सूचना भए सोको कारण खोली जवाफ पठाउन शिक्षा मन्त्रालयका प्रमुख (सचिव) को नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदन संगै राखी पठाउनू भन्ने आदेश ।
२०७०।२।१६	सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ बमोजिम उत्तरपुस्तिका र नतिजा तयारीका सिटहरू ५ वर्षको लागि गोप्य रहने भनी वर्गीकरणमा पारेको देखियो । यस्तो वर्गीकरण गरेर राखेको सूचना अध्ययन अवलोकन नगरिकन दिनू वा नदिनू भन्न सकिने अवस्था रहेन र वर्गीकरण गरेर संरक्षित गरिएका सूचनाका सम्बन्धमा आयोगले दफा २७ बमोजिम पुनरावलोकनको लागि निवेदन परेका वखत पुनरावलोकन गर्न सक्ने तर यस्तो पुनरावलोकनको लागि निवेदकको निवेदन परेको देखिएन । यस्तो निवेदन परेमा पछि निर्णय गर्न सकिने नै हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : १५१/९२ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।२८
पक्ष :	कमल खनाल ।
विपक्ष :	शिक्षा मन्त्रालय, छात्रवृत्ति शाखा

विषय :	१ मिति २०६९।१०।६ गते शनिवार १:०० देखि ३:०० वजे सम्म संचालित नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको Undergraduate Level(Bio) Scholarship exam मा सोधिएको प्रश्नावलीको सहि उत्तर विवरणको प्रमाणित प्रतिलिपि । २ उक्त परीक्षामा म निवेदकले उत्तर गरेको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि । ३ उक्त परीक्षाको उत्तरपुस्तिकाको जाँच गर्ने प्रक्रियासंग सम्बन्धित कम्प्युटर Scan प्रति र सो संग सम्बन्धित सम्पूर्ण प्रक्रिया विवरणको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।११।९	निवेदकको निवेदनको सम्बन्धमा के भएको हो सोको जानकारी आयोगलाई गराउनका साथै निवेदकले माग गरेका तपसिलका दिन मिल्ने सूचनाहरू तुरन्त (वढिमा ७ दिन भित्र) निवेदकलाई उपलब्ध गराउनू, उपलब्ध गराइएको सूचनाको १ प्रति आयोगमा समेत पठाउनू र दिन नमिल्ने सूचना भए सोको कारण खोली जवाफ पठाउन शिक्षा मन्त्रालयका प्रमुख (सविच) को नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदन संगै राखी पठाउनू भन्ने आदेश ।
२०७०।२।१६	सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ बमोजिम उत्तरपुस्तिका र नतिजा तयारीका सिटहरू ५ वर्षको लागि गोप्य रहने भनी वर्गीकरणमा पारेको देखियो । यस्तो वर्गीकरण गरेर राखेको सूचना अध्ययन अवलोकन नगरिकन दिनू वा नदिनू भन्न सकिने अवस्था रहेन र वर्गीकरण गरेर संरक्षित गरिएका सूचनाका सम्बन्धमा आयोगले दफा २७ बमोजिम पुनरावलोकनको लागि निवेदन परेका वखत पुनरावलोकन गर्न सक्ने तर यस्तो पुनरावलोकनको लागि निवेदकको निवेदन परेको देखिएन । यस्तो निवेदन परेमा पछि निर्णय गर्न सकिने नै हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : १५२/९३ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।२८
पक्ष :	निवेदक शिवनारायण शर्मा ।
विपक्ष :	शिक्षा मन्त्रालय, छात्रवृत्ति शाखा
विषय :	१ मिति २०६९।१०।६ गते शनिवार १:०० देखि ३:०० वजे सम्म संचालित नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको Undergraduate Level(Bio) Scholarship exam मा सोधिएको प्रश्नावलीको सही उत्तर विवरणको प्रमाणित प्रतिलिपि । २ उक्त परीक्षामा म निवेदकले उत्तर गरेको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि । ३ उक्त परीक्षाको उत्तरपुस्तिकाको जाँच गर्ने प्रक्रियासंग सम्बन्धित कम्प्युटर Scan प्रति र सो संग सम्बन्धित सम्पूर्ण प्रक्रिया विवरणको प्रमाणित प्रतिलिपि ।

मिति	कारबाही/निर्णय
२०६९।११।९	निवेदकको निवेदनको सम्बन्धमा के भएको हो सोको जानकारी आयोगलाई गराउनका साथै निवेदकले माग गरेका तपसिलका दिन मिल्ने सूचनाहरू तुरन्त (वढिमा ७ दिन भित्र) निवेदकलाई उपलब्ध गराउनू, उपलब्ध गराइएको सूचनाको १ प्रति आयोगमा समेत पठाउनू र दिन नमिल्ने सूचना भए सोको कारण खोली जवाफ पठाउन शिक्षा मन्त्रालयका प्रमुख (सविच) को नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदन संगै राखी पठाउनू भन्ने आदेश ।
२०७०।२।१६	सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ बमोजिम उत्तरपुस्तिका र नतिजा तयारीका सिटहरू ५ वर्षको लागि गोप्य रहने भनी वर्गीकरणमा पारेको देखियो । यस्तो वर्गीकरण गरेर राखेको सूचना अध्ययन अवलोकन नगरिकन दिनू वा नदिनू भन्न सकिने अवस्था रहेन र वर्गीकरण गरेर संरक्षित गरिएका सूचनाका सम्बन्धमा आयोगले दफा २७ बमोजिम पुनरावलोकनको लागि निवेदन परेका वखत पुनरावलोकन गर्न सक्ने तर यस्तो पुनरावलोकनको लागि निवेदकको निवेदन परेको देखिएन । यस्तो निवेदन परेमा पछि निर्णय गर्न सकिने नै हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : १५३/९४ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।२८
पक्ष :	सुधिर न्यौपाने ।
विपक्ष :	शिक्षा मन्त्रालय, छात्रवृत्ति शाखा
विषय :	१ मिति २०६९।१०।६ गते शनिवार १:०० देखि ३:०० वजे सम्म संचालित नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको Undergraduate Level(Bio) Scholarship exam मा सोधिएको प्रश्नावलीको सहि उत्तर विवरणको प्रमाणित प्रतिलिपि । २ उक्त परीक्षामा म निवेदकले उत्तर गरेको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि । ३ उक्त परीक्षाको उत्तरपुस्तिकाको जाँच गर्ने प्रक्रियासंग सम्बन्धित कम्प्युटर Scan प्रति र सो संग सम्बन्धित सम्पूर्ण प्रक्रिया विवरणको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।११।९	निवेदकको निवेदनको सम्बन्धमा के भएको हो सोको जानकारी आयोगलाई गराउनका साथै निवेदकले माग गरेका तपसिलका दिन मिल्ने सूचनाहरू तुरन्त (वढिमा ७ दिन भित्र) निवेदकलाई उपलब्ध गराउनू, उपलब्ध गराइएको सूचनाको १ प्रति आयोगमा समेत पठाउनू र दिन नमिल्ने सूचना भए सोको कारण खोली जवाफ पठाउन शिक्षा मन्त्रालयका प्रमुख (सचिव) को नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदन संगै राखी पठाउनू भन्ने आदेश ।
२०७०।२।१६	सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ बमोजिम उत्तरपुस्तिका र नतिजा तयारीका सिटहरू ५ वर्षको लागि गोप्य रहने भनी वर्गीकरणमा पारेको देखियो । यस्तो वर्गीकरण गरेर राखेको सूचना अध्ययन अवलोकन नगरिकन दिनू वा नदिनू भन्न सकिने अवस्था रहेन र वर्गीकरण गरेर संरक्षित गरिएका सूचनाका सम्बन्धमा आयोगले दफा २७ बमोजिम पुनरावलोकनको लागि निवेदन परेका वखत पुनरावलोकन गर्न सक्ने तर यस्तो पुनरावलोकनको लागि निवेदकको निवेदन परेको देखिएन । यस्तो निवेदन परेमा पछि निर्णय गर्न सकिने नै हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : १५४/९५ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।२८
पक्ष :	समिन राउत ।
विपक्ष :	शिक्षा मन्त्रालय, छात्रवृत्ति शाखा
विषय :	१ मिति २०६९।१०।६ गते शनिवार १:०० देखि ३:०० वजे सम्म संचालित नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको Undergraduate Level(Bio) Scholarship exam मा सोधिएको प्रश्नावलीको सही उत्तर विवरणको प्रमाणित प्रतिलिपि । २ उक्त परीक्षामा म निवेदकले उत्तर गरेको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि । ३ उक्त परीक्षाको उत्तरपुस्तिकाको जाँच गर्ने प्रक्रियासंग सम्बन्धित कम्प्युटर Scan प्रति र सो संग सम्बन्धित सम्पूर्ण प्रक्रिया विवरणको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।११।९	निवेदकको निवेदनको सम्बन्धमा के भएको हो सोको जानकारी आयोगलाई गराउनका साथै निवेदकले माग गरेका तपसिलका दिन मिल्ने सूचनाहरू तुरन्त (वढिमा ७ दिन भित्र) निवेदकलाई उपलब्ध गराउनू, उपलब्ध गराइएको सूचनाको १ प्रति आयोगमा समेत पठाउनू र दिन नमिल्ने सूचना भए सोको कारण खोली जवाफ पठाउन शिक्षा मन्त्रालयका प्रमुख (सचिव) को नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदन संगै राखी पठाउनू भन्ने आदेश ।
२०७०।२।१६	सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ बमोजिम उत्तरपुस्तिका र नतिजा तयारीका सिटहरू ५ वर्षको लागि गोप्य रहने भनी वर्गीकरणमा पारेको देखियो । यस्तो वर्गीकरण गरेर राखेको सूचना अध्ययन अवलोकन नगरिकन दिनू वा नदिनू भन्न सकिने अवस्था रहेन र वर्गीकरण गरेर संरक्षित गरिएका सूचनाका सम्बन्धमा आयोगले दफा २७ बमोजिम पुनरावलोकनको लागि निवेदन परेका वखत पुनरावलोकन गर्न सक्ने तर यस्तो पुनरावलोकनको लागि निवेदकको निवेदन परेको देखिएन । यस्तो निवेदन परेमा पछि निर्णय गर्न सकिने नै हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्याः १५५/९६ पुनरावेदन/उजुरी

मिति :	२०६९।१०।२८
पक्ष :	डेविट थापा ।
विपक्ष :	शिक्षा मन्त्रालय, छात्रवृत्ति शाखा
विषय :	१ मिति २०६९।१०।६ गते शनिवार १:०० देखि ३:०० वजे सम्म संचालित नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको Undergraduate Level(Bio) Scholarship exam मा सोधिएको प्रश्नावलीको सहि उत्तर विवरणको प्रमाणित प्रतिलिपि । २ उक्त परीक्षामा म निवेदकले उत्तर गरेको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि । ३ उक्त परीक्षाको उत्तरपुस्तिकाको जाँच गर्ने प्रक्रियासंग सम्बन्धित कम्प्युटर Scan प्रति र सो संग सम्बन्धित सम्पूर्ण प्रक्रिया विवरणको प्रमाणित प्रतिलिपि ।

मिति	कारबाही/निर्णय
२०६९।११।९	निवेदकको निवेदनको सम्बन्धमा के भएको हो सोको जानकारी आयोगलाई गराउनका साथै निवेदकले माग गरेका तपसिलका दिन मिल्ने सूचनाहरू तुरन्त (बढीमा ७ दिन भित्र) निवेदकलाई उपलब्ध गराउनू, उपलब्ध गराइएको सूचनाको प्रति आयोगमा समेत पठाउनू र दिन नमिल्ने सूचना भए सोको कारण खोली जवाफ पठाउन शिक्षा मन्त्रालयका प्रमुख (सचिव) को नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदन संगै राखी पठाउनू भन्ने आदेश ।
२०७०।२।१६	सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ बमोजिम उत्तरपुस्तिका र नतिजा तयारीका सिटहरू ५ वर्षको लागि गोप्य रहने भनी वर्गीकरणमा पारेको देखियो । यस्तो वर्गीकरण गरेर राखेको सूचना अध्ययन अवलोकन नगरिकन दिनू वा नदिनू भन्न सकिने अवस्था रहेन र वर्गीकरण गरेर संरक्षित गरिएका सूचनाका सम्बन्धमा आयोगले दफा २७ बमोजिम पुनरावलोकनको लागि निवेदन परेका वखत पुनरावलोकन गर्न सक्ने तर यस्तो पुनरावलोकनको लागि निवेदकको निवेदन परेको देखिएन । यस्तो निवेदन परेमा पछि निर्णय गर्न सकिने नै हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : १५६/९७ पुनरावेदन/उजुरी

मिति :	२०६९।११।६
पक्ष :	बरई फुलिका ४ खैराटी, कपिलवस्तुका मनोज कुमार बरई ।
विपक्ष :	कृषि सामग्री कम्पनी लिमिटेड कुलेश्वर काठमाडौं ।
विषय :	१ कृषि सामग्री संस्थानबाट ०६६ वैशाख १ गते देखि ०६८ कार्तिक ३० गते सम्ममा कपिलवस्तु जिल्लाका लागि रासयनिक मल मध्ये कुन कुन मल कति कति परिमाणमा बिक्री वितरणका लागि पठाइयो ? २ यसरी पठाइएको रासायनिक मल कुन कुन विक्रेता र वितरक तथा सहकारीलाई के कति परिमाणमा पठाइयो ? विक्रेता, वितरक र सहकारीको नाम, ठेगाना, मलको किसिम र परिमाणको प्रत्येक पटकको छुट्टाछुट्टै विवरण । ३ यसरी बिक्री वितरण गरिएको रासयनिक मलमा नेपाल सरकारले के कति अनुदान दिएको थियो, सोको विवरण । ४ कपिलवस्तु जिल्ला अन्तर्गत सूचना मागिएको समय ०६६ वैशाख १ गते देखि कार्तिक ३० सम्ममा बिक्री वितरण गरिएका रासयनिक मलको विक्री मुल्य के कति निर्धारण गरिएको थियो सोको प्रत्येक पटकको छुट्टाछुट्टै विवरण ।
मिति	**कारबाही/निर्णय**
२०६९।११।९	सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । पुनरावेदकले माग गरेका सूचना मध्ये केही सूचना उपलब्ध गराई सकेको पाईएतापनि केही सूचनाहरू अवलोकन मात्र गर्न दिइएको भनिएको पाइयो । अवलोकन गर्न दिएका सूचना मागेको स्वरूपमा उपलब्ध नगराउनुको कारण के हो ? खुलाइ पठाउनू र पुनरावेदकलाई उपलब्ध गराइएको सूचनाको १ प्रति आयोगमा समेत पठाउन कृषि सामग्री कम्पनी लिमिटेड उपशाखा कार्यालय तौलिहवाको प्रमुखको नाममा यो आदेश जारी गरिएको ।

२०६९।१२।४	कृषि सामग्री कम्पनी लिमिटेड कुलेश्वर काठमाडौंको बोधार्थ पत्र प्राप्त ।
२०७०।२।७	सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम सूचना उपलब्ध नगराएकोमा कारबाही हुने कुराको जानकारी गराउने भनी कृषि सामग्री कम्पनी लिमिटेड उपशाखा कार्यालय तौलिहवाको प्रमुखको नाममा यस आयोगबाट मिति २०६९।१२।२६ मा आदेश जारी गरिसकेको र तत्पश्चात् निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : १५७/९८ पुनरावेदन/उजुरी

मिति :	२०६९।११।६
पक्ष :	सूचना सहायता केन्द्र, फ्रिडम फोरम थापाथली काठमाडौंको देवानन्द वरकात ।
विपक्ष :	नेपाल नागरिक उडड्यन प्राधिकरणका प्रमुख ।
विषय :	१ कालिकोट जिल्ला कोटवाडा गा.वि.स.मा निर्माणधीन विमानस्थल निमार्णका क्रममा हालसम्म के कति रकम खर्च भयो ? सोको विवरण । २ विमानस्थलको काम हालसम्म कति प्रतिशत सम्पन्न भयो ? सोको प्राविधिक प्रगति विवरण । ३ सो विमानस्थल निमार्णका लागि चालु खर्च आर्थिक वर्षमा कति रकम विनियोजन गरिएको छ ? ४ सो विमानस्थल कहिलेसम्म सम्पन्न गरिसक्ने सरकारको लक्ष्य रहेको छ ?
मिति	**कारबाही/निर्णय**
२०६९।११।९	अतः निवेदकले माग गरेका सूचना ७ (सात) दिन भित्र उपलब्ध गराई उपलब्ध गराइएको सूचनाको प्रति आयोगमा समेत पठाउन नेपाल नागरिक उडड्यन प्राधिकरणका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।
२०६९।११।२०	नेपाल नागरिक उडड्यन प्राधिकरणको च.नं. २११ मिति २०६९।११।२० को बोधार्थ पत्र प्राप्त ।
२०६९।१२।२०	नेपाल नागरिक उडड्यन प्राधिकरणको च.नं. २११ मिति २०६९।११।२० को पत्रबाट यस आयोगमा सूचना उपलब्ध गराई निवेदकलाई बोधार्थ दिएको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : १५८/९९ पुनरावेदन/उजुरी

मिति :	२०६९।११।४
पक्ष :	**दिपक राज पाण्डे**
विपक्ष :	नेपाल सरकार शिक्षा मन्त्रालय शिक्षा विभाग अन्तरगतको केन्द्रीय शुल्क अनुगमन समिति
विषय :	नेपाल सरकार शिक्षा मन्त्रालय शिक्षा विभाग अन्तरगतको केन्द्रीय शुल्क अनुगमन समितिको वैठकले निर्णय गरिएको भन्ने सुनिएको र यस्तो प्रावधान कानून विपरीत हुन जाने भएकोले यथार्थमा के भएको हो ? निर्णय भएको भए सोको प्रतिलिपि

मिति	कारबाही/निर्णय
२०६९।११।९	संस्थागत रूपमा गरिएको पत्राचार सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ (१) र (२) अन्तर्गत नसमेटिने र पत्रको विषय शिक्षा मन्त्रालयसंग सम्बन्धित देखिएकोले प्राप्त हुन आएको पत्रको सक्कलै प्रति आवश्यक कारबाहीको लागि मन्त्रालय पठाई मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : १५९/१०० पुनरावेदन/उजुरी

मिति :	२०६९।११।१३
पक्ष :	का.जि.का.म.न.पा.वडा नं ३४ बस्ने निशान्त कार्की
विपक्ष :	सिद्धार्थ डेभलपमेन्ट बैंक तिनकुने काठमाडौंका प्रमुख
विषय :	सूचना पाउँ भनी निवेदन गर्न जाँदा निवेदन दर्ता गर्न इन्कार गरी सूचना नदिएकोले त्यस्ता पदाधिकारीलाई कारबाही गरी सूचना दिलाई पाँउ
मिति	**कारबाही/निर्णय**
२०६९।११।१४	सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा १ र २ को विपरीत हुन आउछ । तसर्थ ऐनको वर्खिलाप कार्य गर्ने यस्ता पदाधिकारीहरूको नाम पद समेत उल्लेख गरी आयोगमा पठाउन सिद्धार्थ डेभलपमेन्ट बैंक तिनकुने काठमाडौंका प्रमुखका नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदन संगै राखि पठाउनू ।
२०६९।११।१७	सिद्धार्थ डेभलेपमेन्ट बैंक तिनकुने काठमाडौंको च.नं.१४९५ मिति २०६९।११।१६ को पत्र प्राप्त ।
२०६९।१२।२१	सिद्धार्थ डेभलपमेन्ट बैंक तिनकुने काठमाडौंको च.नं.१४९५ मिति २०६९।११।१६ को पत्र मार्फत जानकारी गराईएकोले यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : १६०/१०१ पुनरावेदन/उजुरी

मिति :	२०६९।११।१३
पक्ष :	सप्तरी जिल्ला राजविराजका निवेदक ओम प्रकाश शाह ।
विपक्ष :	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सप्तरी राजविराज ।
विषय :	१ २०५४ सालदेखि हालसम्म संचालित कार्यक्रम र वार्षिक बजेट विवरण । २ आ.व २०६७।०६८ र २०६८।०६९ को मेजरमेन्ट बुक (MB) को प्रतिलिपि । ३ आ.व २०६९ को प्रथम चौमासिकको विकासीय बजेट विवरण ।
मिति	**कारबाही/निर्णय**
२०६९।११।२१	निवेदकले माग गरेका तपसिलका सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई सोको १ प्रति यस आयोगमा समेत पठाउन खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सप्तरी राजविराजका निमित्त प्रमुख राजकुमार यादवको नाममा यो आदेश जारी गरिएको ।

२०७०।२।७	माग गरेका सूचनाहरू निजलाई उपलब्ध गराई यस आयोगलाई जानकारी दिनू उपलब्ध गराउन नमिल्ने भए कारण सहितको लिखित जवाफ ७ (सात) दिन भित्र यस आयोगमा उपलब्ध गराउन यस आयोगबाट मिति २०६९।१२।२६ मा आदेश जारी गरिसकेकोमा सूचना दिन नमिल्ने भन्ने जवाफ नआएको र निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : १६१/१०२ पुनरावेदन/उजुरी

मिति :	२०६९।११।६
पक्ष :	निवेदक रविन्द्र कुमार रोकाया ।
विपक्ष :	जिल्ला विकास समिति जुम्ला ।
विषय :	१ विगतमा स्वत म्याद सकिएका संविधान सभाका जुम्ला जिल्लाबाट प्रतिनिधित्व गर्ने सभासद श्री नरेश भण्डारी र देविलाल थापाले आफ्नो कार्यालयमा संसद विकास कोष मार्फत खर्च भएको कुल रकम कति हो ? २ सो रकम मध्ये कुन आ.ब.मा कुन कुन योजनामा के कति खर्च गरिएको थियो ? सोको योजना तथा विनियोजित रकमको छुट्टाछुट्टै विवरण । ३ ती योजनाहरू सम्पन्न भए नभएको सम्बन्धमा गरिएको अन्तिम प्राविधिक मूल्यांकनका समूह प्रतिवेदनका प्रमाणित प्रतिलिपिहरू । ४ ती योजनाहरू सम्पन्न भएपछि गरिएको लेखापरीक्षणको प्रमाणित प्रतिलिपिहरू । ५ ती योजनाहरूका लागि खर्च गरिएको रकमको फछ्र्यौट विवरण तथा फछ्र्यौटका लागि पेश गरिएका सम्पूर्ण विल भर्पाइहरूको प्रमाणित प्रतिलिपिहरू ।
मिति	**कारबाही/निर्णय**
२०६९।११।२१	निवेदकले माग गरेका तपसिलका सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई सोको प्रति यस आयोगमा समेत पठाउन जिल्ला विकास समिति जुम्लाका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०७०।२।५	निवेदक रविन्द्र कुमार रोकायाले जिल्ला विकास समिति जुम्लाका सूचना अधिकारी समक्ष मिति २०६९।१०।७ मा तपसिलको सूचना पाउँ भनी निवेदन गरेकोमा सूचना प्राप्त नभएपछि सो कार्यालयका प्रमुख समक्ष मिति २०६९।१०।२८ मा उजुरी गरेकोमा
	हालसम्म कुनै सुनुवाई नभएकोले सूचना उपलब्ध गराई पाउँ भनी यस आयोगमा मिति २०६९।११।६ निवेदन गरेकोमा यस आयोगबाट मिति २०६९।११।२१ मा सूचना दिनू भनी आदेश जारी गरिसकेको र निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : १६२/१०३ पुनरावेदन/उजुरी

मिति :	२०६९।११।१८
पक्ष :	जिल्ला धनुषा विन्धी गा.वि.स. बस्ने शम्भूकुमार चौधरी ।

विपक्ष :	त्रिभुवन आदर्श उच्च माध्यमिक विद्यालय विन्धी धनुषा ।
विषय :	१ यस त्रिभुवन आदर्श उच्च माध्यमिक विद्यालय विन्धीको आयको विगत १० आर्थिक वर्ष २०५८/०५९ देखि २०६८/०६९ सम्म विकास बजेट शिर्षकमा आएको प्रत्येक वर्षको बजेट छुट्टिने गरी सम्पूर्ण रकम विवरणको प्रमाणित प्रतिलिपि । २ उक्त १० आर्थिक वर्ष २०५८/०५९ देखि आ.ब. २०६८/०६९ भित्र संचालित विकास निमार्ण परियोजनाको विवरण र ती विकास निमार्ण परियोजनामा विनियोजित रकम विवरणको प्रमाणित प्रतिलिपि । ३ उक्त अवधि २०५८/०५९ देखि आ.ब. २०६८/०६९ मा संचालित ती परियोजनामा खर्च भएको रकम र शीर्षकको यथार्थ विवरण र खर्च नभइकन वेरुजु वसी अर्को आ.ब.का लागि सरेको रकम । ४ यस त्रिभुवन आदर्श उच्च माध्यमिक विद्यालय विन्धीको विगत १० आर्थिक वर्ष २०५८/०५९ देखि २०६८/०६९ सम्मको आम्दानी तथा खर्च विवरणको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।११।२१	माग गरेका सवै सूचना उपलब्ध नगराई किन आंशिक रूपमा मात्र उपलब्ध गराइयो ? निवेदकले दोश्रो पटक निवेदन गर्दा दर्ता नगरी धम्कीपूर्ण भाषा प्रयोग गरियो भनी निवेदकले निवेदनमा उल्लेख गरेकोमा सो सम्बन्धमा के भएको हो ? किन निवेदन दर्ता नगरेको हो ? सवै व्यहोरा खोली लिखित जवाफ पठाउन र निवेदकले माग गरेका सवै सूचना उपलब्ध गराई सोको प्रति आयोगमा समेत पठाउन हुन त्रिभुवन आदर्श उच्च माध्यमिक विद्यालय विन्धि धनुषाको प्रधानाध्यापकको नाममा यो आदेश जारी गरिएको ।
२०७०।२।७	यस आयोगबाट मिति २०६९।११।२१ मा सवै सूचना दिनू भनी आदेश जारी गरिसकेको र निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।
२०७०।३।१८	पुनः उजुरी ।
२०७०।४।२९	उजुरीकर्ताले माग गरेका सूचनाहरू हालसम्म किन उपलब्ध गराइएन सोको व्यहोरा खोली लिखित जवाफ पठाउन र उजुरीकर्ताले माग गरेका सवै सूचना उजुरीकर्तालाई उपलब्ध गराई सोको प्रति आयोगमा समेत पठाउन हुन त्रिभुवन आदर्श उच्च माध्यमिक विद्यालय, विन्धी धनुषाको प्रधानाध्यापकको नाममा आदेश जारी गरिएको ।
२०७०।८।१८	निवेदकले सूचना पाइन भनी आएका वखत सूचना उपलब्ध गराउन सकिने नै हुँदा यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : १६३/१०४ पुनरावेदन/उजुरी

मिति :	२०६९।११।१५
पक्ष :	साउथ एसिया पार्टनरसिप नेपाल (साप-नेपाल) बबरमहल, काठमाडौंका कार्यकारी समिति सदस्य केदार प्रसाद गौतम ।

विपक्ष :	साउथ एसिया पार्टनरसिप नेपाल (साप-नेपाल) ।
विषय :	१ मिति २०६९।९।२२ गते वसेको संस्थाको कार्य समितिको वैठकको निर्णयको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।११।२१	निवेदकले माग गरेका तपसिलका सूचना निवेदकलाई उपलब्ध गराई सोको प्रति आयोगमा समेत उपलब्ध गराउन साउथ एसिया पार्टनरसिप नेपाल (साप-नेपाल)का प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०६९।१२।२१	आयोगमा मिति २०६९।१२।११ मा पुनः निवेदन गरेको सम्बन्धमा यस आयोगको उक्त मितिको आदेश त्यस कार्यालयमा कहिले प्रांप्त भयो ? आयोगको पत्र प्राप्त भए पश्चात निर्णय पुस्तिका बुझाएको हो भने आयोगको आदेश कार्यान्वयन नगरि किन जिल्ला प्रशासन कार्यालयमा पठाएको हो ? सो सम्बन्धमा के कसो भएको हो कारण सहित ७(सात) दिन भित्र लेखी पठाउन साउथ एसिया पार्टनरसिप नेपाल (साप-नेपाल) का प्रमुखको नाममा यो आदेश जारी गरिएको

क्रम संख्या : १६४/१०५ पुनरावेदन/उजुरी

मिति :	२०६९।११।१८
पक्ष :	गा.वि.स.वथनाहा १ महोत्तरीको ध्रुव कुमार झा ।
विपक्ष :	जि.वि.स. धनुषा ।
विषय :	१ धनुषा जिल्लामा रहेका सम्पूर्ण गा.वि.स. सचिवहरूको सम्पर्क नं को विवरण । २ आ.व २०६७।०६८ मा सामाजिक सुरक्षा भत्ताको लागि कुन कुन गा.वि.स.मा कति रकम पठाइयो र कति जना सचिवले कति रकम फछ्र्यौट गर्न बाँकी छ, सो विवरणको प्रमाणित प्रतिलिपि । ३ आर्थिक वर्ष २०६९।०७० मा सामाजिक सुरक्षा भत्ताको लागि आएको रकमको विवरण तथा सो भत्ता रकम कति वटा गा.वि.स.मा वितरणको लागि पठाइएको हो ? सोको अंकसहितको विवरणको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।११।२१	निवेदकले माग गरेका तपसिलका सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई उपलब्ध गराएको प्रति आयोगलाई समेत उपलब्ध गराउनू भनी जि.वि.स. धनुषाका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०७०।१।८	जि.वि.स. धनुषाको निज निवेदकलाई सूचना दिने भनी पठाएको बोधार्थ पत्र प्राप्त ।
२०७०।१।१७	निवेदकलाई सूचना उपलब्ध गराई यस आयोगलाई बोधार्थ दिएको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : १६५/१०६ पुनरावेदन/उजुरी

मिति :	
पक्ष :	का.म.न.पा.वडा नं २१ टंगाल निवासी प्रहरी नायव निरीक्षक अमर गोपाल श्रेष्ठ ।
विपक्ष :	गृह मन्त्रालय ।

विषय :	आचरण सम्बन्धी नियमहरू उल्लंघन गरेको कसुरमा कारबाही गरेकोमा उपचार र न्यायको लागि पहल सम्बन्धी सूचना ।
मिति	**कारबाही/निर्णय**
२०६९।११।२१	उक्त निवेदन कारबाहीको क्रममा रहेकै वेला निज निवेदक प्रहरी नायव निरिक्षक अमर गोपाल श्रेष्ठले सूचना माग गरेको परिस्थितीमा हाल केही परिवर्तन भएको केही सूचना उपलब्ध भै सकेकोले मिति २०६९।११।१४ को उजुरी उपरको काम कारबाही अगाडी नवढाइयोस् भनी आयोगमा मिति २०६९।११।१६ मा दोश्रो निवेदन गरेकोले प्रस्तुत उजुरीको सम्बन्धमा हाल केही गरिरहनु परेन । अतः सम्पूर्ण सूचना उपलब्ध नभएको अवस्थामा निवेदक सम्पर्कमा आएका वखत कारबाही अघि वढाउने गरी हाललाई प्रस्तुत मिसिल तामेलीमा राख्न यो आदेश जारी गरिएको

क्रम संख्या : १६६/१०७ उजुरी

मिति :	२०६९।११।२०
पक्ष :	ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं ४ अफलडोल बस्ने नरेश लाल अमात्य ।
विपक्ष :	प्रगति शिक्षा सदन कुपन्डोलका प्रधानाध्यापक
विषय :	१. २०३० साल पूर्वको शिक्षकको सेवा अवधि जोडनको लागि तत्कालिन श्री ५को सरकार हाल नेपाल सरकारले ३ वर्ष सेवा अवधि पुरा गरेको शिक्षकलाई १ ग्रेड थप तलव सुविधा बढाउनको लागि गरेको निर्णयको प्रमाणित प्रतिलिपि । २. वुदा नं. १ को निर्णय अनुसार निवेदकले उक्त सुविधा प्राप्त गरी खाइपाइ आएको तलव विवरणको भर्पाईको प्रमाणित प्रतिलिपि । ३. मिति २०४६।११।९ को तत्कालिन जिल्ला पञ्चायत सचिवालय शिक्षा शाखा ललितपुरको च.नं ८६१ को पत्र अनुसार श्री आर्दश सौल युवक मा.वि. वुंगमतिमा काज सरुवा भै जानुअघि कार्यरत विद्यालय श्री प्रगति शिक्षा सदनमा मिति २०४३।८।१३ देखि मिति २०४६।११।१३ सम्मको हाजिर रेकर्डको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।१२।१४	अतः उजुरीकर्ताले माग गरेको तपसिलको सूचना (सात) दिन भित्र उजुरीकर्ताहरूलाइ उपलब्ध गराई उपलब्ध गराएको सूचनाको प्रति यस आयोगमा उपलब्ध गराउन प्रगति शिक्षा सदन कुपन्डोलका प्रधानाध्यापकको नाममा यो आदेश जारी गरिएको छ। यसको जानकारी उजुरीकर्तालाई दिनू ।
२०७०।२।७	निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : १६७/१०८ पुनरावेदन/उजुरी

मिति :	२०६९।११।२१
पक्ष :	एन.सी. आई.टि.कलेजका साइमन वहादुर श्रेष्ठ ।
विपक्ष :	पोखरा विश्वविद्यालयका परीक्षा नियन्त्रक ।

विषय :	१. उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउने सम्बन्धमा कार्यविधि निर्माण नहुँदासम्म निवेदकको उत्तरपुस्तिका नष्ट नगर्न । २. उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउने सम्बन्धमा कार्यविधि निर्माण यथासक्य छिटो गर्नु । ३. उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउने सम्बन्धमा कार्यविधि निर्माण गर्न लाग्ने समयावधि निवेदकलाई जानकारी दिनू ।
मिति	**कारबाही/निर्णय**
२०६९।१२।१४	माग गरेका तपसिलका सूचना समेत ७ (सात) दिन भित्र उपलब्ध गराइ सोको जानकारी यस आयोगमा पठाउन पोखरा विश्वविद्यालयका परीक्षा नियन्त्रकको नाममा यो आदेश जारी गरिएको छ ।
२०७०।२।६	सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (छ) बमोजिम आवश्यक निर्देशन तथा आदेश गरी पाँउ भनी यस आयोगमा मिति २०६९।११।२१ मा निवेदन गरेकोमा यस आयोगबाट मिति २०६९।१२।१४ मा कार्यविधि वा निर्देशिका नवनेसम्म सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ बमोजिम सूचना दिनू भनी आदेश जारी गरिसकेको र निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : १६८/१०९ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।६ र २०६९।१२।२२
पक्ष :	इन्फ्रास्ट्रकचर डेभलपमेन्ट बैंकका शेयरहोल्डर डा.इन्द्रराज हुमागाई ।
विपक्ष :	इन्फ्रास्ट्रकचर डेभलपमेन्ट बैंक ।
विषय :	सूचना नदिएकोले उपलब्ध गराई पाउँ ।
मिति	**कारबाही/निर्णय**
२०७०।१।३	निवेदन मागको सम्बन्धमा छलफल गर्नको लागि मिति २०७०।१।१५ गते दिनको ३:०० वजे यस अयोगमा उपस्थित हुन इन्फ्रास्ट्रकचर डेभलपमेन्ट बैंकका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०७०।२।७	इन्फ्रास्ट्रकचर डेभलपमेन्ट बैंकका कार्यकारी अधिकृत कमल गौतमले एक महिना भित्र सूचना उपलब्ध गराउने भनी आयोग समक्ष प्रतिवद्धता जाहेर गरिसकेको हुँदा यसमा थप निर्णय गर्नुपरेन, प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।
२०७०।२।८	इन्फ्रास्ट्रकचर डेभलपमेन्ट बैंकले निवेदकलाई सूचना उपलब्ध गराई आयोगलाई बोधार्थ दिएको ।

क्रम संख्या : १६९/११० पुनरावेदन/उजुरी

मिति :	२०६९।११।२४
पक्ष :	वागेश्वरी २ नेपालगञ्ज बस्ने यज्ञ पौडेल र खेमराज सुवेदी ।
विपक्ष :	नेपालगञ्ज नगरपालिका कार्यालय नेपालगञ्ज वाँके ।

विषय :	१. नेपालगञ्ज नगरपालिका कार्यालयको पदपुर्ति समितिले कर्मचारी पदपूर्ति सम्बन्धमा गरेको निर्णय, विज्ञापन तथा सूचनाको नक्कल, पदपूर्ति समिति गठन गरिएको पत्र समेतको प्रतिलिपी ।
मिति	**कारबाही/निर्णय**
२०६९।११।२४	निवेदकले माग गरेका तपसिलका सूचना सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ७(२) बमोजिम निवेदकलाई तत्काल उपलब्ध गराई सो को एक प्रति आयोगलाई समेत उपलब्ध गराउन नेपालगञ्ज नगरपालिका कार्यालय नेपालगञ्ज वाँकेका निमित्त कार्यकारी अधिकृत मोहन हमालका नाममा यो आदेश जारी गरिएको ।
२०७०।१।८	नेपालगञ्ज नगरपालिका कार्यालय नेपालगञ्ज बाँकेबाट निज निवेदकलाई नक्कल उपलब्ध गराईएको बोधार्थ पत्र प्राप्त ।
२०७०।१।१६	नेपालगञ्ज नगरपालिकाको कार्यालयको मिति २०७०।१।२ को पत्रबाट निज निवेदकलाई पत्र लेखी यस आयोगमा बोधार्थ पत्र प्राप्त भएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने ।

क्रम संख्या : १७०/१११ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।०५
पक्ष :	निवेदक सह प्रध्याध्यापक डा. विजय सिंह सिजापति लगायत तीन जना ।
विपक्ष :	त्रि. वि. वि. सेवा आयोगका अध्यक्ष ।
विषय :	१ त्रि. वि.वि. सेवा आयोगका कार्यालय प्रमुखले गरेको विज्ञापन नं. २/०६९/०७० को आन्तरिक प्रतियोगिता अन्तर्गत कानुन विषयको प्राध्यापक पदको सम्पूर्ण १५ जनाको मूल्यांकनको प्राप्तांक सहित निर्णयको प्रतिलिपी २ नेपाल ल क्याम्पस प्रमुखले दिएको मूल्यांकनबाट प्राप्त अंक र सो सम्बन्धमा शिक्षाध्यक्षले पुनरावलोकन गरेको निर्णय प्रतिलिपी। ३ कृति मूल्यांकनको निर्णय प्रतिलिपी । ४ अन्तर्वार्ताको अंक र निर्णय प्रतिलिपी ५. शिक्षण तथा अनुभवको निर्णय प्रतिलिपी ।
मिति	**कारबाही/निर्णय**
२०६९।१२।०५	निवेदकले माग गरेका तपसिलका सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई सोको प्रति यस आयोगमा समेत पठाउन त्रि. वि. वि. सेवा आयोगका अध्यक्ष को नाममा यो आदेश जारी गरिएको ।
२०७०।१।४	निवेदकहरूले माग गरेको सूचना उपलब्ध गराउनु त्रि.वि.वि. सेवा आयोगको अध्यक्षको दायित्व हो । तर यस आयोगको आदेश पश्चात् पनि सूचना उपलब्ध नगराई विषयान्तर जानकारी पठाएर सूचना नदिई आयोगको आदेश अटेर गरेको देखिन आएकोले त्रिभुवन विश्वविद्यालय सेवा आयोगको अध्यक्ष प्रा.डा. ईश्वरचन्द्र दत्तलाई सूचनाको हकसम्बन्धी ऐनको दफा ३२ बमोजिम किन कारबाही गर्न नपर्ने हो सोको जवाफ ७ दिन भित्र पठाउन यो आदेश जारी गरिएको ।

क्रम संख्या : १७१/११२ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।५
पक्ष :	नेपाल पुस्तक संघका अध्यक्ष प्रविण निरौला समेत २ जना ।
विपक्ष :	शिक्षा मन्त्रालयका प्रमुख (सचिव) ।
विषय :	नेपाल सरकार राष्ट्रिय योजना आयोगबाट बनाएको नेपाल पुस्तक नीतिको मस्यौदाको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।१२।९	अतः उजुरीकर्ताहरूले माग गरेका सूचना उजुरीकर्ताहरूलाई ७ (सात) दिन भित्र उपलब्ध गराई सोको प्रति यस आयोगमा समेत पठाउन शिक्षा मन्त्रालयका प्रमुख (सचिव)को नाममा यो आदेश जारी गरिएको छ । उजुरीकर्ताहरूको उजुरी संगै राखी पठाउनू ।
२०६९।१२।२२	शिक्षा मन्त्रालयको मिति २०६९।१२।१८ च.नं.७३९ को पत्र प्राप्त ।
२०७०।१।३	शिक्षा मन्त्रालयको मिति २०६९।१२।१८ च.नं.७३९ को पत्रबाट यस आयोगमा उपलब्ध गराई निवेदकलाई बोधार्थ दिएको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : १७२/११३ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।६
पक्ष :	पूर्व प्रहरी जवान मान वहादुर चिमिरिया ।
विपक्ष :	जिल्ला प्रहरी कार्यालय झापाको प्रमुख ।
विषय :	जिल्ला प्रहरी कार्यालय झापाका प्रमुखलाई सेवाबाट हटाएको सूचना (निर्णय पर्चा) उपलब्ध गराई पाउँ ।
मिति	**कारबाही/निर्णय**
२०६९।१२।२१	निवेदकलाई सेवाबाट हटाएको सूचना (निर्णय पर्चा) ७ (सात) दिन भित्र उपलब्ध गराई सोको प्रति यस आयोगमा पठाउनु भनी जिल्ला प्रहरी कार्यालय झापाको प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०७०।२।६	यस आयोगबाट मिति २०६९।१२।२१ मा सूचना दिनू भनी आदेश जारी गरिसकेको र निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।
२०७०।२।६	जिल्ला प्रहरी कार्यालय झापाको आदेश कार्यान्वय सम्बन्धमा पत्र प्राप्त ।
२०७०।२।१२	पुनः उजुरी ।
२०७०।२।१४	जिल्ला प्रहरी कार्यालय झापालाई ७ (सात) दिनभित्र सूचना उपलब्ध गराउनु भन्ने आदेश जारी ।

क्रम संख्या : १७३/११४ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।२
पक्ष :	जनकपुर नगरपालिका ६, धनुषाका मिथुन शाह ।

विपक्ष :	जिल्ला विकास समिति धनुषा
विषय :	१. उर्जा तथा वातावरण इकाई अन्तर्गत आ.ब. २०६८ देखि हालसम्मको कुन कुन कार्यक्रम गरियो सोको शिर्षक अनुसारको आय/व्यय विवरण तथा खर्चको विल भर्पाईको प्रमाणित प्रतिलिपि । २. माघ ११ गते आयोजना गरिएको उर्जा सप्ताहमा सम्पन्न अन्तरक्रिया कार्यक्रमको आय/व्ययको शिर्षक अनुसारको विवरण तथा विल भर्पाईको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।१२।१४	अतः उजुरीकर्ताले माग गरेको तपसिलको सूचना ७ (सात) दिन भित्र उजुरीकर्तालाई उपलब्ध गराई उपलब्ध गराएको सूचनाको १ प्रति यस आयोगमा उपलब्ध गराउन जिल्ला विकास समिति धनुषाको प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी उजुरीकर्तालाई दिनू । उजुरीकर्ताको उजुरी संगै राखि पठाउनु ।
२०७०।१।१२	जिल्ला विकास समिति धनुषाबाट सूचना प्रदान गर्ने भनी बोधार्थ पत्र प्राप्त ।
२०७०।१।१६	जिल्ला विकास समितिको कार्यालय धनुषाको मिति २०७०।१।२ को पत्रबाट निज निवेदकलाई पत्र लेखी यस आयोगमा बोधार्थ पत्र प्राप्त भएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने ।

क्रम संख्या : १७४/११५ पुनरावेदन/उजुरी

मिति :	२०६९।११।३०
पक्ष :	पर्सा जिल्ला महादेवपट्टी गा.वि.स.का राम शरण खवास थारु ।
विपक्ष :	महादेवपट्टी गा.वि.स.पर्साका गाविसका सचिव ।
विषय :	१. आ.व २०६७।६८ तथा आ.व २०६८।६९ का लागि विनियोजन गरेको गा.वि.स. परिषद्को निर्णयको प्रमाणित प्रतिलिपि । २. आ.ब. २०६६।६७ मा खर्च नभएर बाँकी रकमको फछ्र्यौट भर्पाइहरूको प्रमाणित प्रतिलिपि । ३. उक्त दुवै आ.ब. २०६७।६८ र २०६८।६९ मा सामाजिक सुरक्षा भत्ता वितरण गरेका भर्पाईहरू रेकर्ड तथा सो प्राप्त गर्नेहरूको विवरण । ४. गा.वि.स. मार्फत राखिएका कर्मचारीहरूलई खुवाइएका तलव विवरण भर्पाइका प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।१२।१४	अतः उजुरीकर्ताले माग गरेको सूचना उजुरीकर्तालाई ७ (सात) दिन भित्र उपलब्ध गराउन महादेवपट्टी गा.वि.स.पर्साका गाविसका सचिवको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी उजुरीकर्तालाई दिनू ।

क्रम संख्या : १७५/११६ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।४
पक्ष :	गोरखा जिल्ला पालुङटार गा.वि.स. वडा नं. ९ घर भई हाल कान्ति वाल अस्पताल महाराजगंजमा कार्यरत शमसेर नेपाली ।
विपक्ष :	कान्ति वाल अस्पतालका प्रमुख ।

विषय :	१. कान्ति वाल अस्पताल विकास समितिको वैठकले मिति २०६८ वैशाख महिनादेखि हालसम्म गरेका सम्पूर्ण निर्णयहरूको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।१२।१४	तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतीको सूचना भए १५ (पन्ध्र) दिन भित्र उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ । अतः पुनरावेदकले माग गरेको तपसिलका सूचना ७ (सात) दिन भित्र पुनरावेदकलाई उपलब्ध गराई उपलब्ध गराएको सूचनाको प्रति यस आयोगमा पठाउन कान्ति वाल अस्पतालका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी पुनरावेदकलाई दिनू ।
२०७०।२।४	कान्ति बाल अस्पतालबाट निजलाई सूचना दिई सोको बोधार्थ पत्र आयोगमा प्राप्त ।
२०७०।२।२२	कान्ति वाल अस्पतालको मिति २०६९।१२।२६ च.नं ९२८ को पत्रबाट निज निवेदकलाई सूचना उपलब्ध गराई सोको एक प्रति यस आयोगमा समेत उपलब्ध गराएको हुँदा यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने भन्ने आदेश ।

क्रम संख्या : १७६/११७ पुनरावेदन/उजुरी

मिति :	२०६९।११।२२
पक्ष :	सिन्धुपाल्चोक जिल्ला थाङपालकोट गा.वि.स. धर भै गैरीधारा बस्ने सुदर्शन बस्नेत समेत ।
विपक्ष :	प्रहरी आयुक्तको कार्यालय रानीपोखरीका प्रमुख
विषय :	१. निवेदकहरू सुदर्शन बस्नेत र नविन सिंह मैनाली उपर लागेको भनिएको अपहरण मुद्दावारे यथार्थ छानविन गरी पाउँ भन्ने निवेदकहरूको निवेदन उपर गठित छानविन समितिले तयार पारेको प्रतिवेदनको प्रतिलिपि
मिति	**कारबाही/निर्णय**
२०६९।१२।१४	अतः उजुरीकर्ताहरूले माग गरेको तपसिलका सूचना उजुरीकर्ताहरूलाई ७ (सात) दिन भित्र उपलब्ध गराई उपलब्ध गराएको सूचनाको प्रति यस आयोगमा उपलब्ध गराउन प्रहरी आयुक्तको कार्यालय रानीपोखरीका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी उजुरीकर्तालाई दिनू । उजुरीकर्ताको उजुरी संगै राखि पठाउनू ।
२०६९।१२।२७	महानगरीय प्रहरी आयुक्तको कार्यालय रानीपोखरीबाट खुलाई पठाइएको सम्बन्धमा पत्र प्राप्त ।
२०७०।२।७	प्रतिवादीलाई पक्राउ गर्न खोज तलास भै रहेको प्रस्तुत मुद्दा महानगरीय प्रहरी परिसर हुनमानढोका, काठमाण्डौमा अनुसन्धानको क्रममा रहेको भनी उल्लेख भै आएकोमा निवेदकको माग बमोजिमको सूचना उपलब्ध गराइयो/गराइएन ? सोको जानकारी ३ (तीन) दिन भित्र गराउनू र अनुसन्धानको कार्य समाप्त भै नसकेको भए समाप्त भै सकेपछि त्यस्तो सूचना उजुरीकर्तालाई उपलब्ध गराउन प्रहरी आयुक्तको कार्यालय रानीपोखरीको प्रमुखका नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी उजुरीकर्तालाई दिनू ।
२०७०।२।१६	महानगरीय प्रहरी आयुक्तको कार्यालय रानीपोखरीबाट खुलाई पठाइएको सम्बन्धमा पत्र प्राप्त ।

२०७०।२।२२	सूचना उपलब्ध नभएका वखत उजुरी/निवेदन गर्न सक्ने नै हुँदा प्रस्तुत मिसिलको सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : १७७/११८ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।२
पक्ष :	शारदा भुषाल(झा) ।
विपक्ष :	स्थानीय शासन तथा समुदाय विकास कार्यक्रम सिंहदरवार, काठमाडौंका प्रमुख
विषय :	१. यस कार्यालयको आर्थिक लगानीमा महोत्तरी जिल्लामा संचालित योजना/परियोजना र कार्यक्रमहरूको नाम, साझेदार संस्था तथा निकायहरूको नाम, दातृ निकाय तथा कार्यान्वयनमा संलग्न जिल्ला तथा गा.वि.स वा समुदाय स्तरका संस्था/समितिहरूको नामावली विवरणको प्रमाणित प्रतिलिपि । २. आ.ब. २०६४।६५ देखि हालसम्मको वर्षहरूमा यस कार्यालय LGCDP को सहयोगमा संचालित कार्यक्रम तथा योजना वा परियोजनाको वार्षिक कार्यक्रम, Action Plan र प्रगति प्रतिवेदनको प्रमाणित प्रतिलिपि । ३. आ.ब. २०६४।६५ देखि हालसम्म कुन कुन संस्थालाई कुन कुन कार्यक्रम संचालनका लागि के कति बजेट प्रवाह भएको हो सो कागजातहरूको प्रमाणित प्रतिलिपि । ४. आ.ब. २०६४।६५ देखि हालसम्मका साझेदार संस्था NGO हरूको NGO Profile संलग्न कर्मचारीहरूको व्यक्तिगत विवरण तथा नियुक्ति पत्र, तलव, भत्ता र अन्य सुविधाका आधारका प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।१२।१४	अतः उजुरीकर्ताले माग गरेको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई उजुरीकर्तालाई उपलब्ध गराएको सूचनाको एक प्रति यस आयोगमा समेत पठाउनू भनी स्थानिय शासन तथा समुदाय विकास कार्यक्रम सिंहदरवार, काठमाडौंका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी उजुरीकर्तालाई दिनू ।

क्रम संख्या : १७८/११९ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।२
पक्ष :	शारदा भुषाल(झा) ।
विपक्ष :	भू तथा जलाधार संरक्षण विभाग बबरमहल, काठमाडौंका प्रमुख ।
विषय :	१.जिल्ला भू संरक्षण कार्यालको उद्देश्य, कार्यनीति कार्यक्षेत्र सम्बन्धी विवरणको प्रमाणित प्रतिलिपि। २.आ.ब. २०६६।६७ देखि आ.ब. २०६८।६९ सम्मको तराइका जिल्लाहरूको रातो किताव अनुसारको वार्षिक कार्यक्रम, बजेट सहितको वार्षिक प्रगति प्रतिवेदनको प्रमाणित प्रतिलिपि । ३.तराईका जिल्लाहरूमा भू-संरक्षण कार्यक्रममा प्रत्यक्ष रूपमा संलग्न रहेका उपभोक्ता समिति वा गैर सरकारी निकायहरूको नामावली तथा आवद्ध पदाधिकारीहरूको नाम, पद सहित विवरणको प्रमाणित प्रतिलिपि ।

मिति	कारबाही/निर्णय
२०६९।१२।१४	अतः उजुरीकर्ताले माग गरेको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई उजुरीकर्तालाई उपलब्ध गराएको सूचनाको एक प्रति यस आयोगमा समेत पठाउनू भनी भू तथा जलाधार संरक्षण विभाग ववरमहल, काठमाडौंका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी उजुरीकर्तालाई दिनू ।
२०७०।१।५	पुनः निवेदन ।
२०७०।१।२४	यस आयोगको पूर्व आदेश बमोजिम निवेदकलाई किन हाल सम्म सूचना उपलब्ध नगराएको हो ? सोको सम्बन्धमा लिखित जवाफ ७ दिन भित्र पेश गर्न भू तथा जलाधार संरक्षण विभाग ववरमहल काठमाडौंका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । जवाफ प्राप्त भएपछि वा आयोगले तोकेको म्याद भित्र लिखित जवाफ नपठाई आदेश अटेर गरेमा म्याद समाप्त भएपछि सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही गर्न फाईल पेश गर्नू । उजुरीकर्ताको उजुरीको छाँयाप्रति र पूर्व आदेश सँगै राखी पठाउनू । यसको जानकारी उजुरीकर्तालाई दिनू भन्ने आदेश ।
२०७०।२।२२	भू तथा जलाधार संरक्षण विभागका प्रमुखलाई सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम किन कारबाही गर्न नपर्ने हो ? ७ दिन भित्र लिखित जवाफ पेश गर्न भू तथा जलाधार संरक्षण विभाग ववरमहल काठमाडौंका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी उजुरीकर्तालाई दिनू भन्ने आदेश ।

क्रम संख्या : १७९/१२० निवेदन

मिति :	२०६९।६।०२
पक्ष :	**डा. गिर्वाण कुमार शर्मा ।**
विपक्ष :	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रमुख (सचिव) ।
विषय :	(निजको अवकाश पत्र र तह मिलान पत्र) को प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।६।०३	निवेदकले माग गरेको सूचना (निजको अवकाश पत्र र तह मिलान पत्र) को प्रमाणित प्रतिलिपि ७ (सात) दिन भित्र निजलाई उपलब्ध गराई सोको जानकारी यस आयोगलाई गराउनू भनी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (घ) बमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रमुख (सचिव)को नाममा यो आदेश जारी गरिएको ।
२०६९।६।२३	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको बोधार्थ पत्र ।
२०६९।६।२६	पुन आदेश ।
२०६९।७।१	आयोग समक्ष उपस्थित भै छलफल ।
२०६९।७।२२	पुन निवेदन ।
२०६९।८।५	पुन आदेश ।
२०६९।८।२५	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको विवरण पठाईएको पत्र प्राप्त ।

२०६९।९।१	यस आयोगमा उपस्थित हुन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सचिव प्रविण कुमार मिश्रको नाममा यो आदेश जारी गरिएको ।
२०६९।१०।५	पुन आदेश ।
२०६९।१०।२२	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पत्र प्राप्त ।
२०६९।११।१	पुन आदेश ।
२०६९।११।१०	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पत्र प्राप्त ।
२०६९।१२।१८	आयोगका विभिन्न मितिका आदेशहरू बमोजिम सूचना उपलब्ध नगराएको र आयोगको आदेश पालना नगरेकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रमुख (सचिव) प्रवीण कुमार मिश्रलाई सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम रु १००१ (अक्षरेपी रु एक हजार एक) जरिवाना गरिएको छ । यसको जानकारी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रमुख (सचिव) डा. प्रविण कुमार मिश्रलाई दिने र यसको जानकारी नेपाल सरकारका मुख्य सचिवलाई समेत गराउने ।

क्रम संख्या : १८०/१२१ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।२
पक्ष :	शारदा भुषाल(झा)
विपक्ष :	स्थानीय शासन तथा उत्तरदायी संयन्त्र कार्यान्वयन इकाई सानेपा ललितपुरका प्रमुख ।
विषय :	१. स्थानिय विकास निमार्ण कार्यहरू तथा सेवाको समुदायमा आधारित अनुगमन कार्यक्रम संचालनार्थ स्थानिय शासन तथा उत्तरदायी संयन्त्र मध्यमान्चल क्लष्टर Coordination Unit हेटौडासंग भएको सम्झौता अवधि चार महिना वितिसक्दा पनि सम्झौता करारनामा अनुसारका कार्यक्रम संचालन नगरेका र प्रस्तावना/करारनामामा उल्लेखित व्यक्तिहरूलाई नियुक्ति गरी LGAF बाट प्राप्त बजेटको व्यापक दुरुपयोग गरेकोले उल्लेखित कार्यहरू संचालन गर्ने जिम्मेवारी पाएका महोत्तरी जिल्लास्थित रतौली युवा क्लव (RYC) र दलित समाज उत्थान समिति नेपाल (DSWCN) समेतका गैर सरकारी संस्थाहरूसंगको सम्झौता अनुसारको बजेट तत्काल रोक्का गरी उक्त संस्थाहरूको कार्य क्षेत्रका गा.वि.स. वनौली दनौली, सम्सी र रामगोपालपुर समेतका कार्यक्षेत्रको निरीक्षण गरी उक्त संस्थाहरू संगको सम्झौता रद्द तर्फ कारबाही गरी पाउँ भनी हामी निवेदकहरूले २०६८ असोज र कार्तिक महिनामा LGAF मध्यमाञ्चल कार्यालय हेटौडामा पटक पटक उजुरी दिएको र सोको बोधार्थ जिल्ला प्रशासन कार्यालय महोत्तरीमा समेत दिई तत्कालीन क्षेत्रीय प्रमुख सोविता परियार सहितको अनुगमन निरिक्षण टोली महोत्तरी पुगेकोमा मिति २०६८।६।१७ र मिति २०६८।७।८ समेतका हाम्रो उजुरीमाथी के कारबाही भयो वा भएन । कारबाहीसंग सम्बन्धित सवै कागजात, निर्णय, फिल्ड प्रतिवेदन सहितको प्रमाणित प्रतिलिपिहरू । २. स्थानिय शासन तथा उत्तरदायी संयन्त्र LGAF र महोत्तरी जिल्लामा २०६८ सालमा काम गर्न पाएका गैर सरकारी संस्थाहरू बीच भएको सम्झौता, शर्त र करारनामाको प्रमाणित प्रतिलिपिहरू । ३. गत वर्ष २०६८ सालमा स्थानीय विकास निर्माण कार्यहरू तथा सेवाको समुदायमा आधारित अनुगमन कार्यक्रम संचालनका लागि महोत्तरी जिल्लामा संलग्न रहेका तथा प्रस्तावना/करारनामा अनुसार उल्लेखित कर्मचारीहरूको नाम, थर, वतन र व्यक्तिगत विवरणको प्रमाणित प्रतिलिपिहरू ।

	४. महोत्तरी जिल्लामा काम गर्न पाएका रतौली युवा क्लव (RYC) र दलित समाज उत्थान समिति (DSWCN) समेतबाट पठाइएका मासिक, त्रैमासिक र अन्तिम प्रतिवेदनको प्रमाणित प्रतिलिपिहरू । ५. LGAF क्षेत्रीय र केन्द्रीय कार्यान्वयन ईकाईबाट महोत्तरी जिल्लाको अनुगमन निरीक्षण टोलीको प्रतिवेदनको प्रमाणित प्रतिलिपिहरू ।
मिति	**कारबाही/निर्णय**
२०६९।१२।१४	अतः निवेदकले माग गरेको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई निवेदकलाई उपलब्ध गराएको सूचनाको एक प्रति यस आयोगमा समेत पठाउनू भनी स्थानिय शासन तथा उत्तरदायी संयन्त्र कार्यान्वयन इकाई सानेपा ललितपुरका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी उजुरीकर्तालाई दिनू ।
२०७०।१।४	निवेदकको पुन उजुरी ।
२०७०।१।२६	जवाफ प्राप्त भएपछि वा आयोगले तोकेको म्याद भित्र लिखित जवाफ नपठाई आदेश अटेर गरेमा म्याद समाप्त भएपछि सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही गर्न फाईल पेश गर्नू । पुनरावेदन पत्रको छाँयाकपी र पुर्व आदेश सँगै राखी पठाउनू र यसको जानकारी पुनरावेदकलाई दिनू भन्ने आदेश जारी ।
२०७०।२।१६	३ दिन भित्र सूचना उपलब्ध गराउन आदेश जारी ।
२०७०।२।२१	मिति २०७०।२।२१ मा आयोगलाई पत्रलेखि सूचना समेत उपलब्ध गराएको र निवेदकलाई बोधार्थ दिएको पत्र प्राप्त ।
२०७०।२।२३	मिति २०७०।२।२१ मा आयोगलाई पत्रलेखि सूचना समेत उपलब्ध गराएको र निवेदकलाई बोधार्थ दिएको हुँदा यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने ।
२०७०।२।३१	पुन : निवेदन ।
२०७०।३।६	उजूरीकर्ताको माग बमोजिम सूचनाको हक सम्बन्धी नियमावली, २०६५ बमोजिमको दस्तुर लिई प्रमाणित प्रतिलिपी उपलब्ध गराई सोको जानकारी यस आयोगलाई गराउन स्थानिय शासन तथा उत्तरदायी संयन्त्र कार्यान्वयन इकाई सानेपा, ललितपुरको महानिर्देशकको नाममा यो आदेश जारी गरिएको छ । उजूरीकर्ताको उजूरीको छायाँप्रति संगै राखि पठाउनू । यसको जानकारी उजूरीकर्तालाई दिनू भन्ने आदेश ।

क्रम संख्या : १८१/१२२ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।७
पक्ष :	का.म.न.पा २० मरुटोलका डा. चुन्डा वज्राचार्य ।
विपक्ष :	त्रि.वि.वि. सेवा आयोगका प्रमुख ।
विषय :	१. मिति २०६९।१२।१ मा संचालित त्रिभुवन विश्वविद्यालयको सेवा आयोगबाट लिएको वढुवाका लागि भएका आन्तरिक प्रतियोगिताबाट वढुवा प्रयोजनको निमित्त निवेदक प्रतियोगीले प्राप्त गरको सम्पूर्ण मूल्यांकनमा तल उल्लेखित विषयमा प्राप्त गरेको अङ्क स्पष्ट खुल्ने विवरणको प्रमाणित प्रतिलिपि । ● शैक्षिक योग्यता वापत प्राप्ताङ्क । ● अनुसन्धान तथा कृति प्रकाशन वापत प्राप्ताङ्क । ● शिक्षण सेवा अनुभव वापत प्राप्ताङ्क । ● कार्य सम्पादन मुल्यांकन वापत प्राप्ताङ्क । ● अन्तरवार्ता वापत प्राप्ताङ्क ।

मिति	कारबाही/निर्णय
२०६९।१२।१८	अतः उजुरीकर्ताले माग गरेको तपसिलको सूचना (सात) दिन भित्र उजुरीकर्ताहरूलाइ उपलब्ध गराई उपलब्ध गराएको सूचनाको १ प्रति यस आयोगमा उपलब्ध गराउन त्रि.वि.वि. सेवा आयोगका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी उजुरीकर्तालाई दिनू । उजुरीकर्ताको उजुरीको छायाँप्रति संगै राखी पठाउनू ।

क्रम संख्या : १८२/१२३ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।११
पक्ष :	बूढानीलकण्ठ स्कूलका वरिष्ठ शिक्षक नारायणमान श्रेष्ठ ।
विपक्ष :	बूढानीलकण्ठ स्कूल प्रिन्सिपल छनौट समिति सचिवालयका सदस्य सचिव ।
विषय :	१. बूढानीलकण्ठ स्कूल प्रिन्सिपल छनौट समितिद्वारा विद्यालय विकास सम्बन्धी अवधारणापत्र प्रस्तुतीकरण कुन कुन आधारमा गरिएको हो, त्यसको लिखित जानकारी । २. सो प्रतियोगितामा मेरो निवेदकको प्राप्तांङ्क र स्थान के हो ? ३. सो प्रतियोगितामा अधिकतम् प्राप्तांङ्क कति हो र न्यूनतम प्राप्तांङ्क प्राप्त गरेको कति हो ?
मिति	**कारबाही/निर्णय**
२०६९।१२।१८	अतः उजुरीकर्ताले माग गरेको तपसिलको सूचना उजुरीकर्तालाई ७ (सात) दिन भित्र उपलब्ध गराइ उपलब्ध गराएको सूचनाको १ प्रति यस आयोगलाई उपलब्ध गराउन बूढानीलकण्ठ स्कूल प्रिन्सिपल छनौट समिति सचिवालयका सदस्य सचिवको नाममा यो आदेश जारी गरिएको ।
२०७०।२।२२	यस आयोगबाट मिति २०६९।१२।१८ मा सूचना दिनू भनी आदेश जारी गरिसकेको र निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको र सूचना पाइन भनी आएका वखत कारबाही अगाडि वढाउन सकिने नै हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : १८३/१२४ पुनरावेदन/उजुरी

मिति :	२०६९।११।२०
पक्ष :	मुक्तिनाथ भुषाल
विपक्ष :	स्थानीय विकास अधिकारी, जिल्ला विकास समिति, अर्घाखाँची
विषय :	सूचना उपलब्ध नगराउने कार्यालयका जिम्मेवार व्यक्ति उपर कारबाही गरी सूचना उपलब्ध गराई पाउँ।
मिति	**कारबाही/निर्णय**
२०६९।१२।१४	उपरोक्त विषयमा तपाईले मिति २०६९।११।२० मा ईमेलबाट पठाउनुभएको उजुरी सूचना आयोगको उजुरी कारबाहीलाई र किनारा गर्ने सम्बन्धी कार्यविधि २०६७ को दफा ३.६ बमोजिम भएको नपाइएकोले आयोगको मिति २०६९।१२।०४ को (सचिवस्तरीय) निर्णय अनुसार तामेलीमा राखिएको छ । सूचना माग गर्नको लागी रितपूर्वकको निवेदन पठाउनु हुन आदेशानुसार अनुरोध छ भन्ने आदेश ।

क्रम संख्या : १८४/१२५ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।१८
पक्ष :	एन.सी.सी. बैंक लि.का संचालक तीर्थ प्रधान ।
विपक्ष :	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. कर्पोरेट कार्यालय बागबजारका संचालक समितिका अध्यक्ष ।
विषय :	संलग्न लिष्ट बमोजिमका सूचनाहरू ।
मिति	**कारबाही/निर्णय**
२०६९।१२।१९	संलग्न लिष्ट बमोजिमका सूचनाहरू सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ८ (१,२,३,४) र नियमावली २०६५ को दफा ४ (क,ख,ग,घ) मा तोकिय बमोजिम शुल्क लिई निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू र उपलब्ध गराइएको सूचनाको एक प्रति यस आयोगमा पठाउनू ।
२०६९।१२।२६	क्रेडिट एण्ड कमर्स बैंक लि.को मिति २०६९।१२।२५ को पत्र प्राप्त ।
२०७०।१।३	क्रेडिट एण्ड कमर्स बैंक लि.को मिति २०६९।१२।२५ को पत्रबाट निवेदकलाई सूचना उपलब्ध गराएको जानकारी यस आयोगलाई गराएको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : १८५/१२६ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।३०
पक्ष :	विन्धी गा.वि.स.धनुषाका शम्भु कुमार चौधरी ।
विपक्ष :	विन्धी गा.वि.स. धनुषाका सचिव ।
विषय :	१. यस विन्धी गा.वि.स.मा आएको विगत १० आर्थिक वर्ष (आ.ब. २०५८/०५९ देखी आ.व २०६८/०६९) मा विकास बजेट शीर्षकमा आएको प्रत्येक वर्षको बजेट छुट्टिने गरी सम्पूर्ण रकम विवरणको प्रमाणित प्रतिलिपि । २. उक्त १० आर्थिक वर्ष (आ.ब. २०५८/०५९ देखी आ.व २०६८/०६९) मा संचालित विकास निर्माण परियोजनाको विवरण र ती विकास निर्माण परियोजनामा विनियोजित रकम विवरणको प्रमाणित प्रतिलिपि । ३. उक्त अवधि (आ.ब. २०५८/०५९ देखी आ.व २०६८/०६९) मा संचालित ती परियोजनामा खर्च भएको रकम र शिर्षकको यथार्थ विवरण र खर्च नभैकन वेरुजु वसी अर्को आ.ब.का लागि सरेको रकम । ४. यस विन्धी गा.वि.स.मा आएको विगत १० आर्थिक वर्ष (आ.ब. २०५८/०५९ देखी आ.व २०६८/०६९) मा भएको आम्दानी तथा खर्च विवरणको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०७०।१।३	उजुरीकर्ताले माग गरेको तपसिल बमोजिमको सूचना ७ (सात) दिन भित्र उजुरीकर्तालाई उपलब्ध गराई उपलब्ध गराएको सूचनाको १ प्रति यस आयोगमा पठाउन विन्धी गा.वि.स. धनुषाका सचिवको नाममा यो आदेश गरिएको ।
२०७०।२।७	निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्ने आदेश जारी ।

२०७०।२।९	पुन उजुरी ।
२०७०।२।१४	निवेदकले मागेको सूचना ७ (सात) दिन भित्र आयोग समक्ष लिखित जवाफ पठाउने र माग बमोजिम दिन मिल्ने सूचना अबिलम्ब निवेदकलाई उपलब्ध गराउन गा.वि.स.सचिवको नाममा आदेश जारी भएको ।
२०७०।२।१९	निवेदकलाई सूचना उपलब्ध गराउन गा.वि.स.को निवेदकलाई लेखेको पत्रको आयोगलाई बोधार्थ प्राप्त ।
२०७०।२।२२	निवेदकलाई सम्वोधन गरी सूचना लिन आउनु भनी मिति २०७०।१।३० मा पत्र लेखी यस आयोगमा बोधार्थ दिएको हुँदा यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने ।
२०७०।३।१८	सूचना वुझेको भर्पाइ समेतको गाउँ विकास समितिको कार्यालय विन्धीको पत्र प्राप्त ।

क्रम संख्या : १८६/१२७ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।१८
पक्ष :	काठमाडौं जिल्ला धापासी गा.वि.स. वडा नं. ३ बस्ने भीष्म भुषण श्रेष्ठ ।
विपक्ष :	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारी
विषय :	भाद्र १६ गते काठमाडौं उपत्यकामा भएको तोडफोड र आगजनिको घटनाको सम्बन्धमा सर्वोच्च अदालतका पूर्व न्यायाधीश श्री टोपवहादुर सिंहको अध्यक्षतामा गठित छानविन समितिले वुझाएको प्रतिवेदन
मिति	**कारबाही/निर्णय**
२०७०।१।३	निवेदकले माग गरेको सूचना/प्रतिवेदनमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को ३(३) अन्तर्गतका विषयसंग सम्बन्धित सूचना भए ती वाहेक प्रतिवेदनको नक्कल ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराउन र उपलब्ध गराउन नमिल्ने सूचनाको हकमा सोको कारण सहित निवेदकलाई जानकारी दिई निवेदकलाई उपलब्ध गराएको सूचनाको प्रति यस आयोगमा उपलब्ध गराउनू भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको
२०७०।१।३०	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गृह मन्त्रालयलाई प्रतिवेदन उपलब्ध गराइदिनहुन भनी पत्र लेखी यस आयोगमा बोधार्थ पत्र प्राप्त ।
२०७०।२।२२	पछि निवेदकले सूचना नपाएको जानकारी गराएमा वा नपाएमा त्यस सम्बन्धमा सोही बमोजिमको प्रक्रिया अघि वढ्न सक्ने नै हुदाँ हाल प्रस्तुत मिसिल तामेलीमा राख्नू ।

क्रम संख्या : १८७/१२८ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।१६
पक्ष :	दिपेन्द्र अग्रवाल लगायत ५ जना ।
विपक्ष :	पठाउन NIDC Capital Market को प्रमुख ।
विषय :	१. NIDC Capital Market ले आह्वान गरेको टेण्डर प्रकृया सम्पन्न भए नभएको ? सम्पन्न भएको भए को कसलाई के कारणले दिएको वा नदिएको ? सम्पूर्ण आधार कारण खुलाई लिखित रूपमा टेण्डर प्रकृयाको सूचना दिनू ।

मिति	कारबाही/निर्णय
२०६९।१२।२०	अतः उजुरीकर्ताहरूले माग गरेको तपसिलको सूचना ३ (तीन) दिन भित्र उजुरीकर्ताहरूलाई उपलब्ध गराई उपलब्ध गराएको सूचनाको १ प्रति यस आयोगमा पठाउन NIDC Capital Market को प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी उजुरीकर्ताहरूलाई दिनू । उजुरीकर्ताहरूको उजुरी संगै राखि पठाउनू ।
२०६९।१२।२२	आदेश कार्यान्वयन सम्बन्धमा NCM Mutual Fund को पत्र प्राप्त ।
२०७०।२।१६	सूचना उपलब्ध नगराएकोमा दफा ३२ बमोजिम कारबाही किन नगर्ने हो ? ३ दिन भित्र यस आयोगमा लेखी पठाउनू भनी NCM MUTUAL FUND का कार्यकारी प्रमुखको नाममा आदेश जारी ।
२०७०।३।१८	आदेश कार्यान्वयन सम्बन्धमा NCM MUTUAL FUND बाट पत्र प्राप्त ।
२०७०।३।२१	निजसंग सम्बन्धित पाना २ को डि.डि.ए. रिपोर्ट बुझाएको र बाँकी अरू युनिट होल्डर हरूसंग सम्बन्धित भएकोले दिन नसकिने भनी उल्लेख गरेको र निज निवेदक दिपेन्द्र अग्रवालले पनि सूचना नपाएको भनी आयोगलाई हालसम्म जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्न आदेश जारी ।

क्रम संख्या : १८८/१२९ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।१४
पक्ष :	बैकिङ्ग कसूर मुद्दामा कारागार कार्यालय, नख्खूमा थुनामा रहेका राजु कुमार प्रधान ।
विपक्ष :	जनरल फाईनान्स लिमिटेड, चाबहिल, काठमाडौंका प्रमुख ।
विषय :	१. जनरल फाईनान्स लिमिटेडको कर्मचारी निर्देशिका, २०५५ र त्यस संस्थाको कर्मचारी सेवा, शर्त सुविधा सम्बन्धी नियमावली, २०६२ को प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०६९।१२।२१	निवेदकले माग गरेको तपसीलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई, उपलब्ध गराएको सूचनाको १ प्रति यस आयोगमा समेत पठाउनू भनि जनरल फाईनान्स लिमिटेड, चाबहिल, काठमाडौंका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०७०।२।५	लगत कट्टा गर्ने आदेश जारी ।
२०७०।२।२१	कारागार कार्यालय ललितपुर मार्फत राजु कुमार प्रधानको निवेदन प्राप्त ।
२०७०।२।२२	७ (सात) दिन भित्र सोको लिखित जवाफ पठाउन जनरल फाईनान्स लिमिटेड, चाबहिल, काठमाडौंका प्रमुखको नाममा यो आदेश जारी ।
२०७०।३।१२	कागजात सम्बन्धमा जनरल फाईनान्स लिमिटेड, चाबहिल, काठमाडौंको बोधार्थ पत्र प्राप्त ।
२०७०।३।१४	जनरल फाईनान्स लिमिटेड, चाबहिल काठमाडौंबाट निवेदकलाई सम्बोधन गरिएको पत्रमा सूचना पठाएको भनी जानकारी यस आयोगलाई गराएकोले यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : १८९/१३० पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।१४
पक्ष :	सिसवा कटैया गा.वि.स. वडा नं. ७ महोत्तरीका रामवावु तिवारी ।
विपक्ष :	सिसवा कटैया गा.वि.स., महोत्तरीका गा.वि.स. सचिव ।
विषय :	१. आ.व २०६७/०६८ मा पेश गरेको आय व्यय प्रकरण १ मा उल्लेख भएको खर्च विवरणको प्रमाणित प्रतिलिपि, प्रकरण ३,४ र ५ मा उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि ।
	२. आ.व २०६७/०६८ मा खर्च भएको प्रमाणित वील भर्पाइ । ३. आ.व २०६९/०७० को हालसम्म भएको आम्दानी र खर्चको विल भर्पाइ सहित विवरणको प्रमाणित प्रतिलिपि । ४. मालपोत तथा पोखरीबाट गा.वि.स.लाई प्राप्त हुने आयको कुन नियम अनुसार के कार्यमा खर्च भएको हो ? सो व्यहोराको प्रमाणित प्रतिलिपि । ५. मिति २०६९।११।११ र २०६९।११।१४ मा हुने भनिएको गाउँ परिषद्को वैठक स्थगित गरिएको निर्णयको प्रमाणित प्रतिलिपि । ६. गा.वि.स.मा किनिएको भनिएको ल्यापटप र क्यामरा अवलोकन गराउने र सोको विल भौचर प्रमाणित गरेर दिने ।
मिति	**कारबाही/निर्णय**
२०७०।१।३	उजुरीकर्ताले माग गरेको तपसिलको सूचना ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई उपलब्ध गराएको सूचनाको प्रति यस आयोगमा पठाउन सिसवा कटैया गा.वि.स., महोत्तरीका गा.वि.स. सचिवको नाममा यो आदेश गरिएको ।
२०७०।२।६	निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : १९०/१३१ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।२
पक्ष :	**शारदा भुषाल ।**
विपक्ष :	राष्ट्रिय सूचना आयोग ।
विषय :	प्राप्त सूचनामा चित्त नवुझेकोले यथार्थ जानकारी एवं सूचना पाउँ ।
मिति	**कारबाही/निर्णय**
२०६९।८।२१	वनौली दनौली गा.वि.स. सचिव, स्थानीय विकास अधिकारी जि.वि.स. र प्रमुख जिल्ला अधिकारीका नाममा सूचना दिन भन्ने आदेश जारी ।
२०६९।१२।१८	पुन पुनरावेदन ।
२०७०।१।२४	सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७(१) र दफा ९(१) बमोजिमको प्रक्रिया पुरा नगरेको देखिदाँ प्रस्तुत पुनरावेदन खारेज गर्ने आदेश ।
२०७०।१।२६	निज निवेदिकालाई आदेशको जानकारीको पत्र ।

क्रम संख्या : १९१/१३२ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।३०
पक्ष :	दिपेन्द्र अग्रवाल लगायत ५ जना ।
विपक्ष :	NCM MUTUAL FUND का कार्यकारी प्रमुख ।
विषय :	डि.डि.ए. रिपोर्ट ।
मिति	**कारबाही/निर्णय**
२०७०।१।३	निवेदकलाई आँशिक सूचना उपलब्ध गराएको हुँदा निवेदकको मिति २०६९।१२।१६ र २०६९।१२।२६ को निवेदन माग बमोजिमको सूचना डि.डि.ए रिपोर्ट ३ (तीन) दिन भित्र उपलब्ध गराई सोको १ प्रति आयोगमा समेत उपलब्ध गराउनु भनी NCM MUTUAL FUND का कार्यकारी प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको मिति २०६९।१२।१६ र २०६९।१२।२६ को निवेदनको छायाँप्रति संगै राखि पठाउनू ।

क्रम संख्या : १९२/१३३ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।२६
पक्ष :	निवेदक तरही गा.वि.स. वडा नं.५ सप्तरीका शम्भुप्रसाद शाह ।
विपक्ष :	श्री सरस्वती माध्यमिक विद्यालय बुङनाम कुन्तादेवी ३ का अध्यक्ष र जि.शि.का.ओखलढुङ्गाका प्रमुख (जि.शि.अ) ।
विषय :	(क) **विद्यालय व्यवस्थापन समितिबाट** :– ● ०६९।८।२० गते काठमाडौंबाट रजिष्ट्री गरी पठाएको निवेदन तथा मेडिकल रिपोर्ट जुन विद्यालयमा २०६९।९।२३ गते बुझिएको छ सोको प्रमाणित विवरण तथा सो निवेदन र मेडिकल रिपोर्टको प्रमाणित प्रतिलिपि । ● विद्यालयले २०६९ मंसिरमा गरेको स्थानीय विदा कति दिन, कुन मिति देखि कुन मिति सम्म सोको प्रमाणित नक्कल । ● विद्यालयमा काम गरेको पछिल्लो महिनाको हाजिरको प्रमाणित नक्कल । ● मिति २०६९।१२।१४ गते जिल्ला हुलाक कार्यालय ओखलढुङ्गाबाट रजिष्ट्री गरी पठाएको निवेदनहरू कसले कुन मितिमा बुझेको तथा सो निवेदनहरूको प्रमाणित नक्कल । (ख) **जिल्ला शिक्षा कार्यालय ओखलढुङ्गाबाट** ● जिल्ला शिक्षा कार्यालयले निवेदकको नाममा पछिल्लो कुन महिनासम्म तलव निकासा गरेको हो ? सोको प्रमाणित नक्कल । ● मिति २०६९।१२।१४ गते जिल्ला हुलाक कार्यालय ओखलढुङ्गाबाट रजिष्ट्री गरी पठाएको निवेदनहरू कसले कुन मितिमा बुझेको हो ? सोको विवरण तथा निवेदनको प्रमाणित नक्कल ।

मिति	कारबाही/निर्णय
२०६९।१२।२६	: निवेदकले माग गरेको तपसिलका सूचना निवेदकलाई ३ (तीन) दिन भित्र उपलब्ध गराइ उपलब्ध गराएको सूचनाको प्रति यस आयोगमा समेत पठाउन श्री सरस्वती माध्यमिक विद्यालय बुङनाम कुन्तादेवी ३ का अध्यक्ष र जि.शि.का.ओखलढुङ्गाका प्रमुख (जि.शि.अ)का नाममा यो आदेश जारी गरिएको ।
२०७०।२।२२	यस आयोगबाट मिति २०६९।१२।२६मा आदेश जारी गरिसकेको र निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको सूचना नपाएका बखत निवेदन/उजुरी गर्न सक्ने नै हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : १९३/१३४ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।२१
पक्ष :	कृषि विकास बैंक लि. क्षेत्रीय कार्यालय राजविराजका शाखा अधिकृत महेन्द्रप्रसाद यादव ।
विपक्ष :	कृषि विकास बैंक लि. केन्द्रीय कार्यालयका प्रमुख ।
विषय :	१. संलग्न निवेदन अनुसार निवेदकसंग सम्बन्धित सम्पूर्ण कागजातको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०७०।१।४	निवेदकले माग गरेको तपसिल बमोजिमको सूचना ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई उपलब्ध गराएको सूचनाको १ प्रति यस आयोगमा पठाउन कृषि विकास बैंक लि. केन्द्रीय कार्यालयका प्रमुखको नाममा यो आदेश गरिएको ।
२०७०।१।१९	कृषि विकास बैंक लि. मुख्य कार्यालय रामशाहपथबाट जानकारी गराइएकोवारे पत्र प्राप्त ।
२०७०।२।२२	कृषि विकास बैंक लि. मुख्य कार्यालयको मिति २०७०।१।१६ मा यस आयोगमा सूचनाहरू उपलब्ध गराइएकोमा ती सूचनाहरू निवेदकले बुझी लगेको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्ने ।

क्रम संख्या : १९४/१३५ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।२९
पक्ष :	डा.सुवोध ढकाल ।
विपक्ष :	त्रि.वि.वि.सेवा आयोग ।
विषय :	१. सम्पूर्ण उम्मेदवारहरूले प्राप्त गरेको प्राप्तांक तालिका । २. सम्पूर्ण उम्मेदवारहरूको अनुसन्धान तथा कृति प्रकाशनको मूल्यांकन गरिएको सूचीको प्रतिलिपि । ३. उक्त कृति मूल्यांकनको कतिजनाबाट गरिएको हो ? सोको प्रतिलिपि ।

मिति	कारबाही/निर्णय
२०७०।१।२	निवेदकले माग गरेको तपसिलको सूचना (सात) दिन भित्र निवेदकलाइ उपलब्ध गराई उपलब्ध गराएको सूचनाको प्रति यस आयोगमा उपलब्ध गराउन त्रि.वि.वि.सेवा आयोगका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।

क्रम संख्या : १९५/१३६ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।२९
पक्ष :	डा.सुरेश दास श्रेष्ठ समेत ।
विपक्ष :	त्रि.वि.वि.सेवा आयोग ।
विषय :	१. सम्पूर्ण उम्मेदवारहरूले प्राप्त गरेको प्राप्तांक तालिका । २. सम्पूर्ण उम्मेदवारहरूको अनुसन्धान तथा कृति प्रकाशनको मूल्यांकन गरिएको सूचीको प्रतिलिपि । ३. उक्त कृति मूल्यांकनको कतिजनाबाट गरिएको हो ? सोको प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०७०।१।२	निवेदकहरूले माग गरेको तपसिलको सूचना (सात) दिन भित्र निवेदकहरूलाइ उपलब्ध गराई उपलब्ध गराएको सूचनाको १ प्रति यस आयोगमा उपलब्ध गराउन त्रि.वि.वि.सेवा आयोगका प्रमुखको नाममा यो आदेश जारी गरिएको

क्रम संख्या : १९६/१३७ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।२७
पक्ष :	सागरसिंह योञ्जनका तर्फबाट वारिस सुजन दाहाल ।
विपक्ष :	जिल्ला प्रशासन कार्यालय काठमाण्डौ ।
विषय :	१. कुटपिट तथा अपहरण गरेको जीउ धनको सुरक्षा गरी न्याय दिलाई पाउँ भन्ने मिति २०६९।१०।१७ को उजुरी विषयमा अहिलेसम्म के कति कारबाही भयो ? सो उजुरीका सम्बन्धमा यस कार्यालयले कुन निकायलाई कारबाही गर्ने जिम्मेवारी दियो र उक्त उजुरीको कारबाही प्रकृया कुन अधिकारीकोमा छ ।
मिति	**कारबाही/निर्णय**
२०७०।१।३	उजुरीकर्ताले माग गरेको तपसिल बमोजिमको सूचना उजुरीकर्तालाई ३ (तीन) दिन भित्र उपलब्ध गराइ उपलब्ध गराएको सूचनाको १ प्रति यस आयोगमा समेत पठाउन जिल्ला प्रशासन कार्यालय काठमाण्डौंका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०७०।१।१३	जिल्ला प्रशासन कार्यालय काठमाण्डौको लिखित जवाफ प्राप्त ।
२०७०।२।७	जिल्ला प्रशासन कार्यालय काठमाण्डौको मिति २०७०।१।१० को पत्रबाट निज निवेदकलाई पत्र लेखी जानकारी दिएको र त्यसको बोधार्थ यस आयोगमा प्राप्त भएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : १९७/१३८ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।२७
पक्ष :	मागी गुम्वा समितिका संस्थापक अध्यक्ष जोखेमान बल ।
विपक्ष :	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, वन मन्त्रालय, वन विभाग, जिल्ला प्रशासन कार्यालय वारा र जिल्ला वन कार्यालय वाराका सूचना अधिकारीहरू ।
विषय :	जिल्ला वारा हलखोरियामा निर्माण भएको गुम्वा र स्तुपा गुरु आसन गुठी लगायत जिल्ला वन कार्यालय सिमराले भत्काई ध्वस्त पारेकोले सो सम्बन्धमा सूचना पाउँ ।
मिति	**कारबाही/निर्णय**
२०७०।१।४	निवेदकले निवेदनमा माग गरे बमोजिमको सूचना ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई उपलब्ध गराएको सूचनाको १ प्रति यस आयोगमा पठाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, वन मन्त्रालय, वन विभाग, जिल्ला प्रशासन कार्यालय वारा र जिल्ला वन कार्यालय वाराका सूचना अधिकारीहरूको नाममा यो आदेश गरिएको ।
२०७०।१।१९	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आवश्यक कारबाही गर्ने सम्बन्धमा बोधार्थ पत्र प्राप्त ।
२०७०।१।२५	वन तथा भू संरक्षण मन्त्रालयबाट निज निवेदकलाई जानकारी गराई सोको बोधार्थ पत्र प्राप्त ।
२०७०।२।६	जिल्ला वन कार्यालय वाराबाट आदेश कार्यान्वयन सम्बन्धमा पत्र प्राप्त ।
२०७०।२।१४	निवेदकले माग गरेको सूचना विभिन्न निकायहरूले उपलब्ध गराइसकेको जानकारी समेत आयोगलाई दिएको र निवेदकले समेत सूचना नपाएको जानकारी नगराएको हुँदा उक्त मिसिलको लगत कट्टा गर्ने भन्ने आदेश ।

क्रम संख्या : १९८/१३९ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।२७
पक्ष :	नयाँ बजार काठमाण्डौका नरकान्त न्यौपाने ।
विपक्ष :	त्रि.वि.वि.परीक्षा नियन्त्रण कार्यालय ।
विषय :	२ वर्षको लागि निष्काशित गर्नु परेको कारण माग ।
मिति	**कारबाही/निर्णय**
२०७०।१।३	निवेदकले माग गरेको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराइ उपलब्ध गराएको सूचनाको १ प्रति यस आयोगमा समेत पठाउन त्रि.वि.वि. परीक्षा नियन्त्रण कार्यालयका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०७०।१।१२	त्रि.वि.वि.परीक्षा नियन्त्रण कार्यालयबाट निज निवेदकलाई सूचना दिई सोको बोधार्थ पत्र आयोगमा प्राप्त ।
२०७०।२।७	यस आयोगबाट मिति २०७०।१।३ को आदेश बमोजिम त्रि.वि.वि.परीक्षा नियन्त्रण कार्यालयका परीक्षा नियन्त्रकले निवेदकलाई मिति २०७०।१।१० मा पत्र लेखी माग अनुसारको सूचना दिएको र त्यसको बोधार्थ यस आयोगमा प्राप्त भएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने भन्ने आदेश ।

क्रम संख्या : १९९/१४० पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।२७
पक्ष :	पोखरा उप महानगरपालिका वडा नं. ७ मासवारका निवेदक कविराज बराल ।
विपक्ष :	जिल्ला शिक्षा कार्यालय कास्की ।
विषय :	पोखरा उप महानगरपालिका वडा नं. १ को श्रीकृष्ण कुमार श्रेष्ठ समेतको नाममा दर्ता भएको हयाप्पी बोर्डिङ्ग स्कूल नामसारी गरी पाउँ ।
मिति	**कारबाही/निर्णय**
२०७०।१।३	अत : निवेदकले माग गरेको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराइ उपलब्ध गराएको सूचनाको १ प्रति यस आयोगमा समेत पठाउन जिल्ला शिक्षा कार्यालय कास्कीका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।

क्रम संख्या : २००/१४१ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।२६
पक्ष :	तेह्रथुम जिल्ला जलजले गा.वि.स.वडा नं.१ घर भई हाल ऐ. जिल्ला म्याङलुङ गा.वि.स.वडा नं.२ बस्ने अम्विका पोखेल (भट्टराई) ।
विपक्ष :	जिल्ला प्रशासन कार्यालय, तेह्रथुम ।
विषय :	१. म संगको सेवा करार भंग भए पछि कुन मितिमा स्थानीय शान्ति समितिको कम्प्युटर अपरेटर (ना.सु.) को पदपूर्तिको लागि कति दिने सार्वजनिक सूचना प्रकाशित गरिएको थियो । सो को प्रमाणित फोटोकपि । २. सो सूचना कुन कुन कार्यालयको सूचना पाटीमा टाँसिएको थियो, उक्त कार्यालयहरूले सूचना टाँस गरि पठाएको जानकारीको प्रमाणित फोटोकपि । ३. के के नाम, कुन कुन ठेगानाका उम्मेदवारहरूको दरखास्त परेको थियो, सोको विवरण । ४. निवेदकहरू मध्ये को को व्यक्तिहरू छनौंट परीक्षामा सामेल भएका थिए सो को विवरण । ६. उक्त परीक्षामा सम्मिलित उम्मेदवारहरू मध्ये प्रथम, द्वितीय र तृतीय को को र कति कति अंक हासिल गरेका थिए । ७. प्रतिक्षा सूचीमा रहेका उम्मेदवार को को थिए ?
मिति	**कारबाही/निर्णय**
२०७०।१।२६	पुनरावेदकको माग गरेको मध्ये तपसिलको सूचना मात्र पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई निजलाई उपलब्ध गराइएको सूचनाको १ प्रति यस आयोगमा समेत पठाउनू भनि जिल्ला प्रशासन कार्यालय प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी पुनरावेदकलाई दिनु । पुनरावेदकको पुनरावेदन संगै राखी पठाउनु भन्ने आदेश ।
२०७०।२।२२	यस आयोगबाट मिति २०७०।१।२६ मा सूचना दिनू भनी आदेश जारी गरिसकेको र पुनरावेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको र सूचना पाइन भनी निवेदन गरेका वखत कारबाही अगाडी बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : २०१/१४२ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।२२
पक्ष :	शिवलिङ्ग मा.वि.धौलादी गाँजरीको शिक्षक टेक सिंह धामी समेत २ जना ।
विपक्ष :	वैतडी गाँजरी गा.वि.स. वडा नं. ५ को शिवलिङ्ग मा.वि.का प्र.अ. राम सिंह धामी समेत २ जना ।
विषय :	विद्यालयको रकम हिनामिनाका सम्बन्धमा ।
मिति	**कारबाही/निर्णय**
२०७०।३।२१	प्रस्तुत विषय विद्यालयको रकम हिनामिनाका सम्बन्धमा भएको र यो विषय सूचनाको हकसम्बन्धी ऐन, नियम बमोजिम यस आयोगले कारबाही गर्न नसक्ने हुँदा निवेदकलाई कारबाही गर्ने निकायमा सम्पर्क गर्न जान जानकारी गराई प्रस्तुत निवेदन खारेज गरिदिनू भन्ने आदेश ।

क्रम संख्या : २०२/१४३ पुनरावेदन/उजुरी

मिति :	२०७०।१।९
पक्ष :	काठमाडौं जिल्ला बलम्बु गा.वि.स. वडा नं. ७ बस्ने राजकुमारी श्रेष्ठ ।
विपक्ष :	महानगरीय प्रहरी परिसर हनुमानढोका काठमाडौं ।
विषय :	१.मिति २०६९/११/३० मा निज विपक्षीहरूलाई के कारणले विना अनुसन्धान छोडिएको हो सोको कारण सहितको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०७०।१।१७	उजुरीकर्ताले माग गरेको तपसिलको सूचना ७ (सात) दिन भित्र उजुरीकर्तालाई उपलब्ध गराई उपलब्ध गराएको सूचनाको १ प्रति यस आयोगमा पठाउन महानगरीय प्रहरी परिसर हनुमानढोका काठमाडौंका प्रमुखको नाममा यो आदेश गरिएको छ । यसको जानकरी उजुरीकर्तालाई दिनू । उजुरीको छायाँप्रति संगै राखी पठाउनू भन्ने आदेश ।
२०७०।१।३०	महानगरीय प्रहरी परिसर हनुमानढोका काठमाडौंको पत्र प्राप्त ।
२०७०।१।३१	पुनः उजुरी ।
२०७०।२।१६	पुनः आदेश ।

क्रम संख्या : २०३/१४५ निवेदन

मिति :	२०६९।०४।१४
पक्ष :	पकनाजोल काठमाडौंका प्रा.डा. सूर्यवहादुर कार्की ।
विपक्ष :	अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कार्यालय प्रमुख ।
विषय :	प्राकृतिक चिकित्सा अध्ययन संस्थान नेपाल योग तथा प्राकृतिक चिकित्सा संघद्वारा संचालित कार्यक्रम ।
मिति	**कारवाही/निर्णय**
२०६९।०४।१५	निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई उपलब्ध गराई त्यसको जानकारी आयोगलाई दिनू, सूचना उपलब्ध गराउन नमिल्ने भए ७ (सात) दिन भित्र कारण लेखि पठाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कार्यालय प्रमुखको नाममा आदेश जारी

२०६९।४।२८	सूचना जानकारी गराई यस आयोगमा बोधार्थ पत्र प्रेषित गरेकोले मिसिलको लगत कट्टा ।

क्रम संख्या : २०४/१४६ पुनरावेदन/उजुरी

मिति :	२०७०।०२।२०
पक्ष :	जिल्ला महोत्तरी बनौंली दनौंली गा.वि.स.स्थायी घर भई हाल कोटेश्वर बस्ने सारदा भुषाल (झा)
विपक्ष :	संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं
विषय :	UNDP/LGCDP/LRP/LGAF को आर्थिक अनुदान सहयोगमा महोत्तरी जिल्लामा व्यापक अनियमितता र भ्रष्टाचार हुने गरेको हुँदा त्यसमा संलग्न संस्था तथा पदाधिकारी उपर कडा कानूनी कारवाहीका लागि माग ।
मिति	**कारवाही/निर्णय**
२०७०।०२।२२	निज निवेदिकाको उजूरीमा आधिकारिक दस्तखत नभएकोले यस निवेदनवाट कारवाही अघि वढाउन सकिएन । निवेदिकालाई जानकारी गराई हस्ताक्षर सहितको निवेदन माग गरी पेश गर्नु ।
२०७०।३।४	निवेदिकाले माग गरेका सूचनाहरु सात दिन भित्र निवेदिकालाई उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय काठमाडौँका कार्यालय प्रमुख (सचिव)का नाममा आदेश जारी गरिएको ।

क्रम संख्या : २०५/१४७ पुनरावेदन/उजुरी

मिति :	२०६९।१२।२
पक्ष :	शारदा भुषाल(झा)
विपक्ष :	स्थानिय शासन तथा उत्तरदायी संयन्त्र कार्यान्वयन इकाई सानेपा ललितपुरका प्रमुख ।
विषय :	१. स्थानिय विकास निमार्ण कार्यहरू तथा सेवाको समुदायमा आधारित अनुगमन कार्यक्रम संचालनार्थ स्थानिय शासन तथा उत्तरदायी संयन्त्र मध्यमान्चल क्लष्टर Coordination Unit हेटौडासंग भएको सम्झौता अवधि चार महिना वितिसक्दा पनि सम्झौता करारनामा अनुसारका कार्यक्रम संचालन नगरेका र प्रस्तावना/करारनामामा उल्लेखित व्यक्तिहरूलाई नियुक्ति गरी LGAF वाट प्राप्त वजेटको व्यापक दुरुपयोग गरेकोले उल्लेखित कार्यहरू संचालन गर्ने जिम्मेवारी पाएका महोत्तरी जिल्लास्थित रतौली युवा क्लव (RYC) र दलित समाज उत्थान समिति नेपाल (DSWCN) समेतका गैर सरकारी संस्थाहरूसंगको सम्झौता अनुसारको वजेट तत्काल रोक्का गरी उक्त संस्थाहरूको कार्य क्षेत्रका गा.वि.स. वनौली दनौली, सम्सी र रामगोपालपुर समेतका कार्यक्षेत्रको निरीक्षण गरी उक्त संस्थाहरू संगको सम्झौता रद्द तर्फ कारवाही गरी पाउँ भनी हामी निवेदकहरूले २०६८ असोज र कार्तिक महिनामा LGAF मध्यमाञ्चल कार्यालय हेटौडामा पटक पटक उजुरी दिएको र सोको वोधार्थ जिल्ला प्रशासन कार्यालय महोत्तरीमा समेत दिई तत्कालीन क्षेत्रीय प्रमुख सोविता परियार सहितको अनुगमन निरिक्षण टोली महोत्तरी पुगेकोमा मिति २०६८।६।१७ र मिति २०६८।७।८ समेतका हाम्रो उजुरीमाथी के कारवाही भयो वा भएन । कारवाहीसंग सम्वन्धित सवै कागजात, निर्णय, फिल्ड प्रतिवेदन सहितको प्रमाणित प्रतिलिपिहरू ।

	२. स्थानिय शासन तथा उत्तरदायी संयन्त्र LGAF र महोत्तरी जिल्लामा २०६८ सालमा काम गर्न पाएका गैर सरकारी संस्थाहरू विच भएको सम्झौता, शर्त र करारनामाको प्रमाणित प्रतिलिपिहरू । ३. गत वर्ष २०६८ सालमा स्थानिय विकास निमार्ण कार्यहरू तथा सेवाको समुदायमा आधारित अनुगमन कार्यक्रम संचालनका लागि महोत्तरी जिल्लामा संलग्न रहेका तथा प्रस्तावना/करारनामा अनुसार उल्लेखित कर्मचारीहरूको नाम, थर, वतन र व्यक्तिगत विवरणको प्रमाणित प्रतिलिपिहरू । ४. महोत्तरी जिल्लामा काम गर्न पाएका रतौली युवा क्लव (RYC) र दलित समाज उत्थान समिति (DSWCN) समेतवाट पठाइएका मासिक, त्रैमासिक र अन्तिम प्रतिवेदनको प्रमाणित प्रतिलिपिहरू । ५. LGAF क्षेत्रीय र केन्द्रीय कार्यान्वयन ईकाईवाट महोत्तरी जिल्लाको अनुगमन निरिक्षण टोलीको प्रतिवेदनको प्रमाणित प्रतिलिपिहरू ।
मिति	**कारवाही/निर्णय**
२०६९।१२।१४	अतः निवेदकले माग गरेको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलव्ध गराई निवेदकलाई उपलव्ध गराएको सूचनाको एक प्रति यस आयोगमा समेत पठाउनू भनी स्थानिय शासन तथा उत्तरदायी संयन्त्र कार्यान्वयन इकाई सानेपा ललितपुरका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ। यसको जानकारी उजुरीकर्तालाई दिनू।
२०७०।१।४	निवेदकको पुन उजुरी ।
२०७०।१।२६	जवाफ प्राप्त भएपछि वा आयोगले तोकेको म्याद भित्र लिखित जवाफ नपठाई आदेश अटेर गरेमा म्याद समाप्त भएपछि सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारवाही गर्न फाईल पेश गर्नू । पुनरावेदन पत्रको छाँयाकपी र पुर्व आदेश सँगै राखी पठाउनू र यसको जानकारी पुनरावेदकलाई दिनू भन्ने आदेश जारी ।
२०७०।२।१६	३ दिन भित्र सूचना उपलव्ध गराउन आदेश जारी ।
२०७०।२।२१	मिति २०७०।२।२१ मा आयोगलाई पत्रलेखि सूचना समेत उपलव्ध गराएको र निवेदकलाई वोधार्थ दिएको पत्र प्राप्त ।
२०७०।२।२३	मिति २०७०।२।२१ मा आयोगलाई पत्रलेखि सूचना समेत उपलव्ध गराएको र निवेदकलाई वोधार्थ दिएको हुँदा यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने ।
२०७०।२।३१	पुन : निवेदन ।
२०७०।३।६	उजूरीकर्ताको माग बमोजिम सूचनाको हक सम्वन्धी नियमावली, २०६५ बमोजिमको दस्तुर लिई प्रमाणित प्रतिलिपी उपलब्ध गराई सोको जानकारी यस आयोगलाई गराउन स्थानिय शासन तथा उत्तरदायी संयन्त्र कार्यान्वयन इकाई सानेपा, ललितपुरको महानिर्देशकको नाममा यो आदेश जारी गरिएको छ। उजूरीकर्ताको उजूरीको छायाँप्रति संगै राखि पठाउनू। यसको जानकारी उजूरीकर्तालाई दिनू भन्ने आदेश ।

क्रम संख्या : २०६/१४६ पुनरावेदन/उजुरी

मिति :	२०७०।१।४
पक्ष :	सखुवा महेन्द्रनगर १, धनुषा बस्ने अजयकुमार साह ।
विपक्ष :	क्षीरेश्वर जनता उच्च मा.वि. शैक्षिक गुठी महेन्द्रनगर धनुषा ।

विषय :	१. २०५९ देखि २०६९ को हालसम्म कति पटक वैठक वस्यो र सो वैठकहरू कहिले कहिले कुन कुन मितिमा बस्यो, वैठकमा उपस्थित भएका गुठियारहरूको नामावली, प्रत्येक वैठकले गरेको निर्णयको प्रमाणित प्रतिलिपि । २. २०५९ देखि २०६९ को हालसम्म कुन कुन मितिमा कहिले कहिले साधारण सभा बोलाइयो र सो साधारण सभामा को को उपस्थित थिए, र कुन कुन साधारण सभाले के के शिक्षा ऐन र नियमको परिधिमा रहेर विधान संशोधन गऱ्यो वा गरेन सवै साधारण सभा गरिएको म्याइनुटको प्रतिलिपि ।
	३. २०५९ देखि २०६९ को हालसम्मको वार्षिक लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि । ४. २०५९ देखि २०६९ को हालसम्म यस परिधि भित्र परेका सदस्यहरूका नामावली र सो सदस्यहरूबाट प्रत्येक वर्ष उठेको जम्मा रकमको विस्तृत विवरण र विल भर्पाइको प्रतिलिपि तथा उक्त रकम के प्रयोजनको निम्ति खर्च गरियो/गरिएन वा हालसम्म सो रकम कहाँ मौज्दात छ, प्रत्येक वर्षको छुट्टा छुट्टै विस्तृत विवरण । ५. गुठीको विधान अनुसार एस.एल.सी. वा सो सरहका शैक्षिक योग्यता नभएका व्यक्तिले सदस्य हुन चाहेमा सहयोग नगद रु १,००,०००।– वा सो भन्दा वढीको चल अचल वा श्री सम्पति सहयोग गरेको हुनु पर्दछ । भन्ने व्यवस्था गरिएको हुदा यस परिधि भित्र रहेर २०५९ देखि २०६९ को हालसम्म कति जनाले सदस्यता लिए वा लिएनन् त्यसको जानकारी , यस परिधि भित्र रहेर कसैले सदस्यता प्राप्त गरेको भए, सो व्यक्तिहरूको बिस्तुत विवरण अनि सहयोग वापत वुझाएको रकमको रसिदको अधकट्टी वा अचल सम्पति सहयोग गरेको भए त्यसको विस्तृत विवरणको प्रमाणित प्रतिलिपि । ६. वर्तमान अवस्थामा रहेका यस शैक्षिक गुठीका सदस्यहरूको विस्तृत विवरण र प्रत्येक गुठीयार सदस्यलाई कुन कुन प्रक्रिया वा विधानको कुन परिधि भित्र रहेर कहिले कहिले सदस्यता प्रदान गरिएको हो सोको विस्तृत जानकारी प्रतिवेदन ।
मिति	**कारबाही/निर्णय**
२०७०।१।३१	उजुरीकर्ताले माग गरेको सूचना ७ (सात) दिन भित्र उजुरीकर्तालाई उपलब्ध गराई उपलब्ध गराएको सूचनाको १ प्रति यस आयोगमा पठाउन क्षीरेश्वर जनता उच्च मा.वि. शैक्षिक गुठी महेन्द्रनगर धनुषाका प्रमुखको नाममा यो आदेश गरिएको ।
२०७०।२।१६	निवेदकले सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा यसमा थप निर्णय गर्नु परेन प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : २०७/१४७ पुनरावेदन/उजुरी

मिति :	२०७०।१।२
पक्ष :	स्यूचाटार-२, काठमाडौंका सुनिल कुमार अधिकारी र महालक्ष्मीस्थान ललितपुरका दिपेन्द्र लुइँटेल ।
विपक्ष :	श्री मध्यमाञ्चल ग्रामीण विकास बैंक लि. को केन्द्रीय कार्यालय जनकपुर ।

विषय :	१. मिति २०६९/०६/२३ मा श्री मध्यमाञ्चल ग्रामीण विकास बैंक लिमिटेड, जनकपुर स्थित कार्यालयका विभागीय प्रमुख सुशिल कुमार मण्डल र भरत यादवलाई हामी निवेदकहरूविरुद्ध परेको कुटपिट तथा गाली वेइज्जती सम्बन्धी आरोपउपर जाचँबुझ गर्नका लागि खटाएको र नीजहरूले वारदात भएको स्थानमा वारदात भएको देखेका तीन जना प्रत्यक्षदर्शीहरू (अशोक बराल, रविन्द्र आचार्य र मेलिना कोइराला) को मात्र लिखित वयान लिई प्रतिवेदन तयार पारेकोमा उक्त लिखित वयानमा आधारित प्रतिवेदन हामीसँग सम्बन्धित भएकोले र नेपालको अन्तरिम संविधानको धारा २७ प्रदत्त मौलिक हक तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ बमोजिमको हकले समेतका आधारमा नीज प्रत्यक्षदर्शीहरूको लिखित वयानको प्रमाणित प्रतिलिपि तथा उक्त वयानका आधारमा तयार गरेको प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०७०।१।१७	उजुरीकर्ताहरूले माग गरेको तपसिलका सूचना ७ (सात) दिन भित्र उजुरीकर्ताहरूलाई उपलब्ध गराई उपलब्ध गराएको सूचनाको प्रति यस आयोगमा पठाउन श्री मध्यमाञ्चल ग्रामीण विकास बैंक लि केन्द्रीय कार्यालय जनकपुरका प्रमुखको नाममा यो आदेश गरिएको छ । यसको जानकारी उजुरीकर्ताहरूलाई दिनू भन्ने आदेश ।
२०७०।२।१३	"सूचना दिनू" भनी आदेश जारी गरिसकेको र निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा यसमा थप निर्णय गर्नुपर्ने अवस्था रहेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।
२०७०।२।१३	पुनः उजुरी ।
२०७०।२।२०	प्रतिवेदन बुझिलिन आउने सम्बन्धमा श्री मध्यमाञ्चल ग्रामीण विकास बैंक लि. को बोधार्थ पत्र प्राप्त ।
२०७०।२।२२	लगत कट्टा गर्ने आदेश ।

क्रम संख्या : २०८/१४८ पुनरावेदन/उजुरी

मिति :	२०७०।१।१७
पक्ष :	डेजी राणा
विपक्ष :	राष्ट्रिय महिला आयोग ।
विषय :	मेरो छोरा र म निवेदिकाको विरुद्धमा कुन कुन व्यक्तिले के कस्ता उजुरी दिएका छन् । सो सम्बन्धी सम्पूर्ण कागजातको नक्कल उपलब्ध गराई पाउँ ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।१६	सूचना उपलब्ध गराउन भन्न सक्ने अवस्था नरहेकोले अनुसन्धान छानविन कार्य पुरा भएपछि व्यक्तिको व्यक्तिगत गोपनियता खोल्ने र व्यक्ति जीउ ज्यान स्वास्थ्य खतरामा पर्ने बाहेकका सूचना उपलब्ध गराउनु भन्ने आदेश ।

क्रम संख्या : २०९/१४९ पुनरावेदन/उजुरी

मिति :	२०७०।१।२६
पक्ष :	बारा जिल्ला कबही गोठ गा.वि.स.वडा नं.८ बस्ने रामउदार साह ।
विपक्ष :	जिल्ला शिक्षा कार्यालय बारा ।

विषय :	१. जिल्ला शिक्षा कार्यालय, बारामा शिक्षकहरूले २०६८ सालको कार्यसम्पादन मुल्याङ्कन फारम मिति २०६९।०१।०१ देखि २०६९।०२।१४ गते सम्म दर्ता भएकोमा सबै तहमा दर्ता भएका दर्ता नम्बर अंकित गरी तह अनुसारको नाम तह उल्लेख गरिएको सूची उपलब्ध गराउने ।
मिति	**कारबाही/निर्णय**
२०७०।१।२६	अतः निवेदकको माग गरेको तपसीलको सूचना निवेदकलाई ३ (तीन) दिन भित्र उपलब्ध गराई एक प्रति यस आयोगमा समेत पठाउनू भनी जिल्ला शिक्षा कार्यालय बाराका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी निवेदकलाई दिनू । निवेदकको निवेदनको फोटिकपी संगै राखी पठाउनू ।
२०७०।२।१३	निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा यसमा थप निर्णय गर्नुपर्ने अवस्था रहेन । अतः प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : २१०/१५० पुनरावेदन/उजुरी

मिति :	२०७०।१।२७
पक्ष :	विराटनगर जिल्ला मातृकामार्ग बस्ने रविप्रकाश चौधरी ।
विपक्ष :	सूचना अधिकारी, राष्ट्रिय वाणिज्य बैंक विराटनगर शाखा र प्रमुख, राष्ट्रिय वाणिज्य बैंक, क्षेत्रीय कार्यालय ।
विषय :	१. नेपाल राज्यभर रहेको राष्ट्रिय वाणिज्य बैंकहरूमा जम्मा विद्यावारिधी गर्ने कर्मचारीहरूको संख्या, नाम, ठेगाना सहितको विवरणको प्रमाणित प्रतिलिपि । २. उक्त विद्यावारिधी प्राप्त गरेका कर्मचारीहरूले बैंकमार्फत के-कस्ता सुविधाहरू पाउने प्रावधान छ ? त्यसको विवरण ।
मिति	**कारबाही/निर्णय**
२०७०।१।२७	उजुरीकर्ताले सूचना क्षेत्रीय कार्यालय विराटनगरमा माग गरेको देखिन्छ । क्षेत्रीय कार्यालयसँग उक्त सूचना छ भने उपलब्ध गराउनू, छैन भने सोही कुराको जानकारी उजुरीकर्तालाई ७ (सात) दिन भित्र गराउनू भनी प्रमुख राष्ट्रिय वाणिज्य बैंक, क्षेत्रीय कार्यालय, विराटनगरको नाममा भएको आदेश ।
२०७०।२।९	राष्ट्रिय वाणिज्य बैंक विराटनगर शाखा कार्यालयबाट निज सूचना मागकर्ता रविप्रकास चौधरीलाई जानकारी गराईएको पत्र प्राप्त ।
२०७०।२।९	मिति २०७०।०१।३१ मा "सूचना दिनू" भनी आदेश जारी गरेकोमा राष्ट्रिय वाणिज्य बैंक, क्षेत्रीय कार्यालय, विराटनगरबाट मिति २०७०।२।९मा निवेदकलाई पत्र लेखी सूचना दिएको र सोको बोधार्थ यस आयोगमा पठाएको हुँदा यसमा थप केही निर्णय गर्नुपर्ने अवस्था रहेन । अतः प्रस्तुत मिसिलको लगत कट्टा गर्नू ।

क्रम संख्या : २११/१५१ पुनरावेदन/उजुरी

मिति :	२०७०।१।२५
पक्ष :	संखुवासभा जिल्ला, खाँदवारी नगरपालिका वडा नं. ३, स्थायी ठेगाना रहेका शेरवहादुर ढुङ्गाना ।

विपक्ष :	नेकपा एमाले केन्द्रीय कार्यालय, वल्खु काठमाण्डौका अध्यक्ष श्री झलनाथ खनाल । नेकपा एमाले केन्द्रीय कार्यालय, वल्खु काठमाण्डौका सूचना अधिकारी ।
विषय :	१. सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार त्यस दलका लागि सूचना अधिकारी तोकिएको पत्रको प्रमाणित प्रतिलिपि, पाना एक । २. राजाको हुकुमप्रमाङ्गीका आधारमा राजसभाको उपसचिव पदबाट सार्वजनिक पदमा प्रवेश भएका नेपाल सरकारका पूर्व मुख्य सचिव लोकमानसिंह कार्कीलाई त्यस दलले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तमा नियुक्त गर्न सिफारिश गरेको खवर सार्वजनिक भयो । सार्वजनिक वहस जारी छ ।
	नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ को उपधारा ५ अनुसार निज योग्य हुन् ? खासमा त्यस दलले प्रमुख आयुक्तमा सिफारिश गर्नुको कारण के के हुन् ? ३. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ को उपधारा ५ (ङ) अनुसार उच्च नैतिक चरित्र कायम भएको निज लोकमानसिंह कार्की हुन् भने निजको जीवनी नेपालको प्राथमिक कक्षादेखि उच्च शिक्षा, स्नातकोत्तर तह सम्मको पाठयक्रममा कहिलेदेखि राख्ने दलीय सहमति भएको छ, ? निर्णयको प्रमाणित पानाहरू । ४. नेपालका चार ठूला दलहरूको सहमतिमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त पदमा नियुक्त गर्ने दलिय सहमती भएको समाचार अनुसार भएको निर्णयको प्रमाणित फोटोकपी पानाहरू ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।९	पुनरावेदक शेरवहादुर ढुंगानाले माग गरे बमोजिम तपसिलका सूचनाहरू त्यस कार्यालयमा भए निजलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू र पुनरावेदकलाई उपलब्ध गराएको सूचनाको १ प्रति यस आयोगमा पठाउनू, सूचना नभएमा सोको जानकारी पुनरावेदकलाई गराइदिनू भनी नेकपा एमाले केन्द्रीय कार्यालय, वल्खु काठमाण्डौका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी पुनरावेदकलाई दिनू । पुनरावेदकको पुनरावेदनको छायाँप्रति संगै
	राखी पठाउनू । यो आदेशको जानकारी नेकपा एमालेका अध्यक्ष झलनाथ खनाललाई दिने भन्ने आदेश ।

क्रम संख्या : २१२/१५२ पुनरावेदन/उजुरी

मिति :	२०७०।१।२५
पक्ष :	संखुवासभा जिल्ला, खाँदवारी नगरपालिका वडा नं. ३, स्थायी ठेगाना रहेका शेरवहादुर ढुङ्गाना ।

विपक्ष :	नेपाली काङ्ग्रेसका सभापति श्री सुशिल कोइराला । नेपाली काङ्ग्रेस केन्द्रीय कार्यालय सानेपाका सूचना अधिकारी ।
विषय :	दलका सूचना अधिकारी, अख्तियारका प्रमुखको नियुक्तिको सिफारिस लगायतका विषयको सूचना पाउँ भन्ने ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।९	पुनरावेदक शेरवहादुर ढुंगानाले माग गरे बमोजिम तपसिलका सूचनाहरू त्यस कार्यालयमा भए निजलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू र पुनरावेदकलाई उपलब्ध गराएको सूचनाको १ प्रति यस आयोगमा पठाउनू, सूचना नभएमा सोको जानकारी पुनरावेदकलाई गराइदिनू भनी नेपाली काङ्ग्रेस केन्द्रीय कार्यालय सानेपा
	ललितपुरका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी पुनरावेदकलाई दिनू । पुनरावेदकको पुनरावेदनको छायाँप्रति संगै राखी पठाउनू । यो आदेशको जानकारी नेपाली काङ्ग्रेसका सभापति सुशिल कोइरालालाई दिने भन्ने आदेश ।
२०७०।२।२२	पृष्ठ ४ को पहिलो हरफको पूर्णविराम अगाडिको "**देखिदैन**" भन्ने शव्द हुनुपर्नेमा भूलवश टाइप मिस्टेक भै "**हुन्छ**" भन्ने शव्द उल्लेख भै अन्यथा हुन गएको हुनाले सच्चाईएको छ । यसको जानकारी नेपाली काङ्ग्रेस केन्द्रीय कार्यालय सानेपा ललितपुरका कार्यालय प्रमुख, सूचना अधिकारी, पुनरावेदक र नेपाली काङ्ग्रेसका सभापतिलाई दिनू ।
२०७०।३।६	नेपाली कांग्रेस केन्द्रीय कार्यालयबाट निज निवेदकले सूचना प्राप्त गरेको आयोगलाई जानकारी प्राप्त ।

क्रम संख्या : २१३/१५३ पुनरावेदन/उजुरी

मिति :	२०७०।१।२५
पक्ष :	संखुवासभा जिल्ला, खाँदवारी नगरपालिका वडा नं. ३, स्थायी ठेगाना रहेका शेरवहादुर ढुङ्गाना ।
विपक्ष :	एनेकपा (माओवादी) का अध्यक्ष श्री पुष्पकमल दाहाल, एनेकपा (माओवादी) का सूचना अधिकारी
विषय :	दलका सूचना अधिकारी, अख्तियारका प्रमुखको नियुक्तिको सिफारिस लगायतका विषयको सूचना पाउँ भन्ने ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।९	अत : पुनरावेदक शेरवहादुर ढुंगानाले माग गरे बमोजिम तपसिलका सूचनाहरू त्यस कार्यालयमा भए निजलाई ७ सात) दिन भित्र उपलब्ध गराउनू र पुनरावेदकलाई उपलब्ध गराएको सूचनाको १ प्रति यस आयोगमा पठाउनू, सूचना नभएमा सोको जानकारी पुनरावेदकलाई गराइदिनू भनी एनेकपा (माओवादी) केन्द्रीय कार्यालय, कोटेश्वर, काठमाण्डौका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ। यसको जानकारी पुनरावेदकलाई दिनू। पुनरावेदकको पुनरावेदनको छायाँप्रति संगै राखी पठाउनू । यो आदेशको जानकारी एनेकपा (माओवादीका) अध्यक्ष पुष्पकमल दाहाललाई दिने ।

२०७०।२।१९	एनेकपा (माओवादी)बाट सूचना सम्बन्धमा पत्र प्राप्त ।
२०७०।२।२२	यस आयोगबाट मिति २०७०।२।९ को आदेश बमोजिम एनेकपा (माओवादी)को मिति २०७०।२।१९ को पत्रबाट निज निवेदलाई पत्र लेखी यस आयोगमा बोधार्थ पत्र प्राप्त भएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने ।

क्रम संख्या : २१४/१५४ पुनरावेदन/उजुरी

मिति :	२०७०।१।२६
पक्ष :	महोत्तरी जिल्ला वनौली दनौली गा.वि.स.वडा नं. ५ स्थायी घर भै हाल कोटेश्वर बस्ने शारदा भुषाल(झा) ।
विपक्ष :	खानी तथा भूगर्भ विभाग, लैनचौर, काठमाडौं ।
विषय :	सूचना उपलब्ध नगराउने कार्यालयका जिम्मेवार व्यक्ति उपर कारबाही गरी सूचना उपलब्ध गराई कानून बमोजिमको क्षतिपूर्ति समेत उपलब्ध गराई पाउँ ।
मिति	**कारबाही/निर्णय**
२०७०।१।३१	खानी तथा भूगर्भ विभागका प्रमुख र उजुरीकर्ता शारदा भुषाल(झा) लाई मिति २०७०।२।९ गते दिनको १:३० वजे यस आयोगमा उपस्थित हुनु भनी आदेश जारी गरिएको ।
२०७०।१।३०	खानी तथा भूगर्भ विभाग, लैनचौर, काठमाडौंको २०७०।१।३० को प्रमाणित प्रतिलिपि उपलब्ध गराइएको पत्र प्राप्त ।
२०७०।२।९	खानी तथा भूगर्भ विभाग, लैनचौर, काठमाडौंको प्रमुख आयोगमा स्वयं उपस्थित भै सूचना उपलब्ध गराएको भपाईको प्रतिलिपि पेश ।
२०७०।२।१०	लगत कट्टा गर्ने आदेश ।

क्रम संख्या : २१५/१५५ पुनरावेदन/उजुरी

मिति :	२०७०।१।२६
पक्ष :	शारदा भुषाल झा ।
विपक्ष :	जल उत्पन्न प्रकोप नियन्त्रण विभाग पुल्चोक ललितपुर ।
विषय :	१. धनुषा महोत्तरी जिल्लामा नदी नियन्त्रण तर्फ भएको काम कारबाहीको आ.ब. २०६४/०६५ देखि २०६९/०७० सम्मको वार्षिक प्रगति प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।१	उजुरीकर्ताले माग गरेको तपसिल बमोजिमका सूचना उजुरीकर्तालाई ७ (सात) दिन भित्र उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन जल उत्पन्न प्रकोप नियन्त्रण विभाग पुल्चोक ललितपुरका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । उजुरीकर्ताको उजुरीको छायाँप्रति संगै राखी पठाउनू भन्ने आदेश ।
२०७०।२।९	जल उत्पन्न प्रकोप नियन्त्रण विभाग पुल्चोक ललितपुरबाट वार्षिक प्रगति विवरण यस आयोगमा पठाएको ।

२०७०।२।१०	जल उत्पन्न प्रकोप नियन्त्रण विभागको मिति २०७०।२।७ मा यस आयोगलाई पत्र लेखी वार्षिक प्रगति विवरण पठाएकोले उजुरीकर्ताले सो कार्यालयबाट सूचना पाइन भनी आयोगलाई जानकारी गराएका वखत आयोगमा प्राप्त सूचना उजुरीकर्तालाई उपलब्ध गराउनू । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने भन्ने आदेश ।

क्रम संख्या : २१६/१५७ पुनरावेदन/उजुरी

मिति :	२०७०।१।३०
पक्ष :	दिपक प्र.जमकटेल समेत ५ जना ।
विपक्ष :	श्री ५ महेन्द्र उ.मा.वि.ठूलादुर्लुङ्ग-४, ललितपुर
विषय :	१. श्री ५ महेन्द्र उ.मा.वि.ठूलादुर्लुङ्ग-४, ललितपुरको २०६९।१२।२७ को सूचना बमोजिम प्रा.वि. तृतीय श्रेणीको शिक्षक पदमा पूर्ति गर्न २०७०।१।११ गते लिएको लिखित परीक्षा र वैशाख १६ गते लिएको मौखिक परीक्षाको नतिजाको सम्पूर्ण जानकारी । २. विद्यालयको आय व्यय विवरण । ३. वि.सं.२०६७ को स्वर्ण महोत्सवको हिसावको विवरण । ४. खानेपानी योजना ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।१६	निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई उपलब्ध गराएको प्रति यस आयोगमा समेत पठाउनू भनि श्री ५ महेन्द्र उ.मा.वि.ठूलादुर्लुङ्ग-४, ललितपुरको प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी निवेदकलाई दिनू । निवेदकको निवेदन संगै राखी पठाउनू । सूचना नदिई आयोगको आदेश अटेर गरेमा कारबाहीको लागि फाइल पेश गर्ने भन्ने आदेश ।
२०७०।३।१३	जानकारी सम्बन्धमा श्री ५ महेन्द्र उ.मा.वि.ठूलादुर्लुङ्ग-४, ललितपुरबाट निवेदकले माग गरेका सूचना यस आयोगमा प्राप्त ।
२०७०।३।२१	यस आयोगको मिति २०७०।२।१६ को आदेश बमोजिम श्री ५ महेन्द्र उ.मा.वि.ठूलादुर्लुङ्ग-४, ललितपुरको मिति २०७०।३।११ को पत्र मार्फत निवेदकहरूलाई व्यक्तिगत रूपमा मोवाइल मार्फत जानकरी गराइसकेको र आदेश बमोजिमका सम्पूर्ण सूचना आयोगलाई समेत पठाएको देखिएको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने आदेश जारी ।

क्रम संख्या : २१७/१५८ पुनरावेदन/उजुरी

मिति :	२०७०।१।२४
पक्ष :	भेरी प्राविधिक शिक्षालय नेपालगंज बाँकेका सहायक प्रशिक्षक संजय कुमार शाह ।
विपक्ष :	भेरी प्राविधिक शिक्षालय ।
विषय :	आवश्यक सहयोग पाउँ ।
मिति	**कारबाही/निर्णय**
२०७०।१।२६	निवेदनले मागेका सूचना सात (७) दिन भित्र उपलब्ध गराउने भन्ने आदेश ।
२०७०।२।१३	निवेदकको निवेदनको फोटोकपी साथै राखी पठाई निवेदकले मागेका सूचना सात दिन भित्र उपलब्ध गराउन भेरी प्राविधिक शिक्षालयका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।

क्रम संख्या : २१८/१५९ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।६
पक्ष :	जिल्ला धनुषा ठेरा कचुरी-९ बस्ने प्रमोदकुमार साह समेत दुईजना ।
विपक्ष :	जिल्ला विकास समिति, धनुषा ।
विषय :	१. यस कार्यालय द्वारा निर्माणाधीन घोडघास गा.वि.स. स्थित गंगुलीमा बनिरहेको पुलको लागत खर्च र सो मा छुट्याईएको बजेटको प्रमाणित प्रतिलिपी । २. पुल बनाउनु पूर्व सो को नक्साङ्कन र निर्माणमा लाग्ने खर्चको सूचना पाटी अर्थात होर्डिङ बोर्ड किन र के का लागि सार्वजनिक गरिएन सो को जानकारी सहितको प्रमाणित प्रतिलिपी । ३. सो पुलमा खर्च भएको बजेट अनुसारको विल भरपाईको प्रमाणित प्रतिलिपी ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।१२	निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई एक प्रति यस आयोगमा समेत पठाउनू भनि जिल्ला विकास समिति धनुषा, जनकपुरका प्रमुखको नाममा यो आदेश जारी ।
	अर्को आ.ब.मा सरेको ।
२०७०।३।१२	निवेदकको पुनः निवेदन

क्रम संख्या : २१९/१६० पुनरावेदन/उजुरी

मिति :	२०७०।२।७
पक्ष :	श्यामलाल साह ।
विपक्ष :	Mother Infant Research Activity (मीरा), धनुषा, जनकपुर ।
विषय :	१. त्यस मीरा संस्था अन्तर्गत सञ्चालित योजना/परियोजना तथा कार्यक्रमहरूको नाम, सहयोगी संस्था/निकायहरूको नाम, ठेगाना, जिम्मेवार पदाधिकारीहरूको नाम, सम्पर्क नं., ईमेल, सम्झौंता मिति, सम्झौंता रकम, योजना/परियोजना अवधि र कार्यक्रममा सञ्चालित जिल्ला/गा.वि.स.संख्या प्रष्ट देखिने विवरण तालिकाको प्रमाणित प्रतिलिपि ।
	२. हाल मीरा, धनुषा अन्तर्गत संचालित योजना/परियोजना र कार्यक्रममा कार्यरत कर्मचारीको नाम, थर, ठेगाना, पद, निजहरूको शैक्षिक योग्यता, तोकिएको फाँट/सेक्टर/शाखा वा कार्यक्षेत्र निज कर्मचारीहरू भर्ना हुँदा सो पदको लागि विज्ञापन भएको मिति, विज्ञापन प्रकाशन भएको पत्रिका को नाम, उल्लेखित विज्ञापन अनुसार प्राप्त आवेदन संख्या, लिखित परीक्षामा सहभागी संख्या, अन्तर्वार्तामा उपस्थित संख्या, असफल उम्मेदवार संख्या, लिखित परीक्षा भएको मिति र नियुक्ति पाएको मिति सहितको तालिकागत विवरणको प्रमाणित प्रतिलिपि । ३. मीरा संस्थाको वर्तमान कार्य समिति सदस्य संख्या, अन्य सदस्य संख्या, अध्यक्ष, उपाध्यक्ष, सचिव, र कोषाध्यक्षहरूको नाम र सम्पर्क नं./ईमेल आई.डी.भएको विवरण ।

मिति	कारबाही/निर्णय
२०७०।२।१२	उजुरकर्ताले माग गरेको तपसिलको सूचना उजुरकर्तालाई ७ (सात) दिन भित्र उपलब्ध गराई उपलब्ध गराएको प्रति यस आयोगमा समेत पठाउनू भनी Mother Infant Research Activity (मीरा), धनुषा, जनकपुरका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी उजुरकर्तालाई दिनू । उजुरकर्ताको उजुरी संगै राखी पठाउनू । सूचना नदिई आयोगको आदेश अटेर गरेमा कारबाहीको लागि फाइल पेश गर्ने भन्ने आदेश ।
२०७०।४।९	Mother Infant Research Activity (मीरा), धनुषा, जनकपुरको आदेश कार्यान्वयन गरिएको सम्बन्धमा पत्र प्राप्त ।
२०७०।४।२८	मिति २०७०।३।३१ गते यस आयोलाई पत्र लेखी सोको बोधार्थ निवेदकलाई दिएको हुँदा प्रस्तुत मिसिलको सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु भन्ने आदेश ।

क्रम संख्या : २२०/१६१ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।६
पक्ष :	जिल्ला धनुषा भुचकरपुर-४ बस्ने शैलेन्द्र कुमार महतो ।
विपक्ष :	जिल्ला प्रशासन कार्यालय, धनुषा ।
विषय :	१. यस जिल्ला अन्तर्गत रहेका ६४ वटा सरकारी कार्यालय मध्ये कति वटा कार्यालयहरूमा सूचना अधिकारी नियुक्त अथवा तोकिएका छन् सो को नामावली र अधिकारीको सम्पर्क नं. समेतको प्रमाणित प्रतिलिपी ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।१२	निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई एक प्रति यस आयोगमा समेत पठाउनू भनि जिल्ला प्रशासन कार्यालय धनुषाका प्रमुखको नाममा जारी गरिएको आदेश ।
	अर्को आ.ब.मा सरिएको ।

क्रम संख्या : २२१/१६२ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।७
पक्ष :	डा. गिर्वाण कुमार शर्मा ।
विपक्ष :	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।
विषय :	सूचना माग सम्बन्धमा ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।१३	यस आयोगको आदेश बमोजिमको सूचना प्राप्त नभएको र आफूलाई पुगेको क्षतिको क्षतिपूर्ति भराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।२।७ मा निवेदन गरी क्षतिपूर्ति वापत रु २९,१३,५६१।– (रु उनन्तीस लाख तेह्र हजार पाँच सय एकसठी) उपलब्ध गराई पाँउ भन्ने दावी गरेको छ । यस सम्बन्धमा के कसो भएको हो ? त्यस कार्यालयको भनाइ के छ ? सो सम्बन्धमा ७ (सात) दिन भित्र लिखित जवाफ पेश गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रमुख (सचिव)को नाममा आदेश भएको ।

२०७०।२।१३	पुनः निवेदन ।
२०७०।२।१७	निवेदकले मिति २०७०।२।१३ मा निवेदन गरी रु ४,२२,६५३।– छुट भएकोले सो समेत जोडी कुल ३३,३६,२१४।–(तेत्तीस लाख छत्तीस हजार दुई सय चौध मात्र) भराइपाउँ भनी पुनः निवेदन गरेकोले सो सम्बन्धमा त्यस कार्यालयको भनाई के छ ? ७ (सात) दिन भित्र लेखि पठाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रमुख(सचिव)को नाममा यो आदेश जारी भएको ।
२०७०।२।२८	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आदेश कार्यान्वयन सम्बन्धमा पत्र प्राप्त ।
	अर्को आ.ब.मा सरेको ।
२०७०।४।६	पुनः निवेदन ।

क्रम संख्या : २२२/१६३ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।८
पक्ष :	रत्नाकुमारी चौधरी ।
विपक्ष :	कार्यकारी निर्देशक, रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपाल सिंहदरवार, काठमाडौं ।
विषय :	कारबाही गरी सूचना उपलब्ध गराई पाउँ ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।१४	सूचना उपलब्ध गराई सोको जानकारी यस आयोगलाई जानकारी गराउनू भन्ने आदेश ।
२०७०।२।२३	रेडियो प्रसार सेवा विकास समितिको जानकारी पठाइएको पत्र यस आयोगमा प्राप्त ।
२०७०।३।७	पुनः निवेदन ।
२०७०।३।१७	यस आयोगबाट मिति २०७०।२।१४ गते भएको आदेश बमोजिम निवेदकलाई सूचना उपलब्ध गराउनुपर्ने भएको हुँदा पुनः उल्लेखित मितिको आदेश बमोजिम निवेदकलाई परीक्षकको नाम नामेसी नखुल्ने गरी सूचना उपलब्ध गराउनु भनी रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)का कार्यकारी निर्देशकको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी निवेदकलाई दिनू भन्ने आदेश ।
२०७०।३।३१	रेडियो प्रसार सेवा विकास समितिको आदेश कार्यान्वयन गरिएको वारे पत्र प्राप्त ।
२०७०।४।७	मिति २०७०।३।१७ को आदेश बमोजिम रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपाल सिंहदरवारको मिति २०७०।३।३० को पत्रबाट निज निवेदलाई परीक्षाको उत्तर पुस्तिकाको उत्तरपुस्तिका देखाएको भनी भर्पाईको प्रतिलिपि समेत पठाएको हुँदा यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने भन्ने आदेश ।

क्रम संख्या : २२३/१६३ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।६
पक्ष :	कोट गाँउ वडा नं ८ पाखापानी गा.वि.स.म्याग्दीका निवेदक भीमप्रसाद पुन ।
विपक्ष :	जिल्ला शिक्षा कार्यालय वेनी, म्याग्दी ।

विषय :	१ नेपाल सरकारको सामुदायिक विद्यालयको कक्षा ८ को अंग्रजी विषयको पाठ्यपुस्तकको पृष्ठ नं ११४ मा (१५.४ listing) अन्तर्गत क्र.सं.४ मा चीन र उसको सिमानास्थित देशहरूको नामावलीमा सिक्किम अलग देशको रूपमा उल्लेख गरिएको । २ उक्त नामावलीमा वर्मा देश उल्लेख भएको छ। बर्मा देशको नाम म्यानमार भएको छ ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।१३	निवेदक भीमप्रसाद पुनको निवेदनको सम्बन्धमा के कारबाही भयो ? सोको जानकारी निवेदकलाई दिनू भनी भनी जिल्ला शिक्षा कार्यालय वेनी, म्याग्दीका प्रमुखको नाममा यो आदेश जारी गरेको ।
२०७०।३।१०	जिल्ला शिक्षा कार्यालय वेनी, म्याग्दीबाट निर्णय कार्यान्वयन सम्बन्धमा बोधार्थ पत्र प्राप्त ।
२०७०।२।३१	पाठ्यक्रम विकास केन्द्रबाट गुनासोमाथी उचित कारबाही गरिएको भन्ने बोधार्थ पत्र प्राप्त ।
२०७०।३।२३	"तपाईले औल्याएका प्रसंगहरू अव त्यहां नरहने" भनी यस आयोगलाई जानकारी गराएको र जिल्ला शिक्षा कार्यालले निवेदकलाई मिति २०७०।२।३१मा पत्र लेखी विवरण उपलब्ध गराएको जानकारी बोधार्थ पत्र मार्फत यस आयोगलाई दिएको हुदां यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत निवेदनको लगत कट्टा गर्ने आदेश जारी ।

क्रम संख्या : २२४/१६४ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।६
पक्ष :	ध्रुव कुमार झा ।
विपक्ष :	जि.वि.स. धनुषाको कार्यालय ।
विषय :	१. आ.ब.२०६० देखि आ.ब. २०६९।७० सम्ममा जिल्लामा विद्युतीकरण शीर्षकमा के कति बजेट आयो र सो बजेटहरूको मार्फत कुन ठाँउमा कहाँ, कहाँ काम गरियो सोको प्रमाणित प्रतिलिपि ।
	२. ऐ.ऐ. आर्थिक वर्षमा विद्युतीकरण बजेट खर्चको शीर्षक अनुसारको विल भर्पाई समेतको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।१४	७ (सात) दिन भित्र सूचना उपलब्ध गराउने आदेश ।

क्रम संख्या : २२५/१६५ पुनरावेदन/उजुरी

मिति :	२०६९।२।१०
पक्ष :	जिल्ला पर्सा, वीरगञ्ज उपमहानगरपालिका.वडा नं.१३ टोल आदर्शनगर बस्ने बर्ष ३२ को प्रभातकुमार गुप्ता ।
विपक्ष :	सर्वोच्च अदालत ।
विषय :	१. निवेदकको रीट के कति कारणले दर्ता गर्न नमिलेको हो, त्यसको लिखित जानकारी ।

मिति	कारबाही/निर्णय
२०७०।२।२२	निवेदकले माग गरेको तपसीलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई एक प्रति यस आयोगमा समेत पठाउनू भनी सर्वोच्च अदालतका कार्यालय प्रमुख (रजिष्ट्रार)को नाममा जारी गरिएको आदेश ।

क्रम संख्या : २२६/१६६ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।१२
पक्ष :	जिल्ला भक्तपुर, सिपाडोल गा.वि.स.वडा नं.१ बस्ने पञ्चलक्ष्मी प्रजापती ।
विपक्ष :	तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना, च्यामासिंह, भक्तपुर ।
विषय :	१. यस आयोजनाले कुन मितिमा के कस्तो निर्णयद्वारा म निवेदकको नाममा रहेको भ.न.पा.वडा नं.१ ख कि.नं.१९२ क्षे.फ.०-८-१-०, कि.नं.२०६ क्षे.फ.०-४-०-२-० को जग्गाहरू अधिकरण गरेको हो सो निर्णयको प्रमाणित प्रतिलिपि २. यस आयोजनाले विकसीत घडेरी फिर्ता गर्दाको अवस्थामा के कसरी सो जग्गा फिर्ता गर्ने हो त्यस सम्बन्धी कुनै निर्णय वा अन्य कागजात भए सो को प्रमाणित प्रतिलिपि ३. अधिकरण गरिएका जग्गाको बाटो वर्गीकरण गर्ने निर्णयको प्रमाणित प्रतिलिपि ४. जग्गा अधिकरणपछि विकसित घडेरी फिर्ता दिंदा कति प्रतिशत जग्गा कटाई बाँकी जग्गा फिर्ता दिने हो सोसम्बन्धमा भएको निर्णयको प्रमाणित प्रतिलिपि
मिति	**कारबाही/निर्णय**
२०७०।२।१३	पुनः उजुरी ।
२०७०।२।१३	निवेदकले माग गरेको तपसीलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई एक प्रति यस आयोगमा समेत पठाउनू भनि तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना, च्यामासिंह, भक्तपुरका प्रमुखको नाममा जारी गरिएको आदेश ।
२०७०।२।२१	तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना, च्यामासिंह, भक्तपुरको आदेश कार्यान्वयन सम्बन्धमा पत्र प्राप्त ।
२०७०।२।२३	पुनः पुनरावेदन ।
२०७०।२।२३	पुनः उजुरी ।
२०७०।२।२३	पुनरावेदकको माग बमोजिम किन सूचना उपलब्ध नगराएको हो ? ७ (सात) दिन भित्र लिखित जवाफ आयोगमा पठाउन तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना, च्यामासिंह, भक्तपुरका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ। यसको जानकारी पुनरावेदकलाई दिनु भन्ने आदेश ।
२०७०।३।९	तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना, च्यामासिंह, भक्तपुरबाट सूचना खुलाई पठाएको पत्र प्राप्त ।

क्रम संख्या : २२७/१६७ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।१३
पक्ष :	इचङ्गु गा.वि.स.वडा नं.७ बस्ने जुजुभाई श्रेष्ठ ।
विपक्ष :	डिभिजन सहकारी कार्यालय ।

विषय :	१. श्री नवरङ्गी वचत तथा ऋण सहकारी संस्था लि.लाई कार्यान्वयनको सम्बन्धमा कुनै निर्देशन दिइएको थियो थिएन ? दिइएको थियो भने कार्यान्वयन नगर्नुको कारण के हो ? १. यतिको समयसम्म पनि उक्त श्री नवरङ्गी वचत तथा ऋण सहकारी संस्था लि. लाई के कारणले कारबाही नगरिएको हो, त्यसको प्रमाणित प्रतिलिपि । २. उक्त इच्छाइएको व्यक्तिले पाउनुपर्ने पैसा हालसम्म पनि नपाइएकोले सो वारेमा हिसाब मिलान गर्ने सम्बन्धी जानकारीको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।१४	अतः निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई एक प्रति यस आयोगमा समेत पठाउनू भनी डिभिजन सहकारी कार्यालय काठमाडौंका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी उजुरीकर्तालाई दिनू । उजुरीकर्ताको उजुरी सँगै राखी पठाउनू । सूचना नदिई आयोगको आदेश अटेर गरेमा कारबाहीको लागि फाइल पेश गर्ने ।
२०७०।२।२३	डिभिजन सहकारी कार्यालयबाट आदेश कार्यान्वयन सम्बन्धमा भनी निवेदकलाई निजको घर ठेगानामा पत्राचार गरेको भनी उल्लेख गरेको भन्ने पत्र यस आयोगमा प्राप्त ।
२०७०।२।२३	डिभिजन सहकारी कार्यालय काठमाडौंले यस आयोगलाई पत्र लेखी सूचना समेत पठाएको र निवेदकलाई निजको घर ठेगानामा पत्राचार गरेको भनी उल्लेख गरेको हुँदा प्रस्तुत मिसिलको सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा ।

क्रम संख्या : २२८/१६९ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।१३
पक्ष :	प्यूठ (१४७५०८ कम्प्युटर दर्ता नं.) बाट बर्खास्ती गरिएका राजु अधिकारी ।
विपक्ष :	रक्षामन्त्रालय अन्तर्गत राजदल गण, लगनखेल ।
विषय :	विभिन्न सूचना माग ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।१३	निवेदकले माग गरेको तपसीलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई एक प्रति यस आयोगमा समेत पठाउनू भनि रक्षामन्त्रालय अन्तर्गत राजदल गण, लगनखेलका प्रमुखको नाममा आदेश जारी गरिएको ।
	अर्को आ.ब.मा सरेको ।
२०७०।७।२०	मिति २०७०।०२।१३ निवेदन गरेकोमा यस आयोगबाट निवेदकको माग अनुसारको सूचना उपलब्ध गराउनु भनी २०७०।२।१३ मा राजदल गणको प्रमुखको नाममा आदेश
	भै सकेको र निवेदकले पनि हालसम्म सूचना उपलब्ध नगराएको भनी आयोगलाई जानकारी नगराएको हुँदा यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने आदेश ।

क्रम संख्या : २२९/१७० पुनरावेदन/उजुरी

मिति :	२०७०।१।१३
पक्ष :	महिनाथपुर गा.वि.स.वडा नं.९, सर्लाहीका अच्छेलाल यादव ।
विपक्ष :	श्री राहत तथा पुनःस्थापना इकाई, शान्ति तथा पुनर्निमाण मन्त्रालय, काठमाडौं ।

विषय :	१. द्वन्द पीडितलाई उपलब्ध गराउनुपर्ने क्षतिपूर्ति रकमको वारेमा राहत तथा पुनःस्थापना इकाई, शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट मिति २०६७।१०।१४ मा भएको निर्णयको प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०७०।१।१४	उजुरीकर्ताले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई एक प्रति यस आयोगमा समेत पठाउनू भनी श्री राहत तथा पुनःस्थापना इकाई, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, काठमाडौंका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी उजुरीकर्तालाई दिनू । उजुरीकर्ताको उजुरी सँगै राखी पठाउनू भन्ने आदेश ।
२०७०।२।१७	पुन उजुरी ।
२०७०।२।१९	श्री राहत तथा पुनःस्थापना इकाई, शान्ति तथा पुनर्निमाण मन्त्रालय, काठमाडौंबाट जानकारी सम्बन्धमा पत्र प्राप्त ।
२०७०।२।२२	यस आयोगबाट मिति २०७०।२।१४ मा सूचना उपलब्ध गराउनू भनी आदेश जारी भएकोमा सूचना नपाएको भनी निज अच्छेलाल यादवले यस आयोगमा मिति २०७०।२।१७ मा पुनरावेदन गरेकोमा राहत तथा पुनःस्थापना इकाइले निज पुनरावेदकलाई सम्वोधन गरी मिति २०६७।१०।१४ को निर्णयको छायाँकपी उपलब्ध गराई यस आयोगमा बोधार्थ दिएको हुँदा यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने भन्ने ।

क्रम संख्या : २३०/१७१ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।१४
पक्ष :	सीता भट्टराई ।
विपक्ष :	साझा यातायात सहकारी संस्था लि. पाटन ललितपुर ।
विषय :	१. यो सहकारी संस्थाले हाल संचालनमा गरेको साझा वसको रुट विवरण । २. सो सेवा संचालनमा आएदेखि हालसम्म संकलन भएको आम्दानीको विवरण । ३. सो सेवा विस्तार क्रममा यस आर्थिक वर्षमा थप्न लागेका वस सेवाको विवरण । ४. साझा यातायात सहकारी संस्थाको नाममा रहेको अचल सम्पतिको विवरण ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।१६	उजुरीकर्ताले माग गरेको तपसिलको सूचना उजुरीकर्तालाई ७ (सात) दिन भित्र उपलब्ध गराई उपलब्ध गराएको प्रति यस आयोगमा समेत पठाउनू भनी साझा यातायात सहकारी संस्था लि. पाटन ललितपुरका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी उजुरीकर्तालाई दिनू । उजुरीकर्ताको उजुरी संगै राखी पठाउनू भन्ने आदेश ।
	अर्को आ.ब. मा सारेको ।

क्रम संख्या : २३१/१७२ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।१७
पक्ष :	सर्लाहि, बराल-८ हाल वीरगंज उप-महानगरपालिका वडा नं ३ बस्ने जयमोद ठाकुर ।

विपक्ष :	सूचना अधिकारी र प्रमुख जिल्ला जन स्वास्थ्य कार्यालय पर्सा ।
विषय :	सूचना उपलब्ध नगराउने कार्यालयका जिम्मेवार व्यक्ति उपर कारबाही गरी सूचना उपलब्ध गराई पाउँ भन्ने वारेको उजुरी ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।२२	पुनरावेदनकर्ताले माग गरेको सूचना उपलब्ध गराउनुपर्ने भए उपलब्ध गराउनू, गराउन नपर्ने भए नगराउनूको कारण सहितको लिखित जवाफ पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र लेखि पठाउन जिल्ला जनस्वास्थ्य कार्यालय, पर्साका प्रमुखका नाउँमा आदेश जारी ।
२०७०।३।६	सूचना उपलब्ध गराइएको वारेमा जिल्ला जन स्वास्थ्य कार्यालय पर्साको बोधार्थ पत्र प्राप्त ।
२०७०।३।१४	सूचना उपलब्ध गराएको बोधार्थ यस आयोगलाई दिएको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु भन्ने आदेश ।

क्रम संख्या : २३२/१७३ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।१७
पक्ष :	जिल्ला कपिलवस्तु, कपिलवस्तु नगरपालिका वडा नं.३ तौलिहवा मालटोल बस्ने रविन्द्रनाथ ठाकुर ।
विपक्ष :	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । गृह मन्त्रालय ।
विषय :	मधेश आन्दोलनमा सम्पत्ति तथा मानवीय क्षति सम्बन्धी छानविनका लागि गठन भएको तराई घटना छानविन आयोगको प्रतिवेदन माग ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।२२	निवेदकले माग गरेको सूचना/प्रतिवेदनमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को ३(३) अन्तर्गतका विषयसंग सम्बन्धित सूचना भए ती बाहेक प्रतिवेदनको नक्कल ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराउन र उपलब्ध गराउन नमिल्ने सूचनाको
	हकमा सोको कारण सहित निवेदकलाई जानकारी दिई निवेदकलाई उपलब्ध गराएको सूचनाको प्रति यस आयोगमा उपलब्ध गराउनू भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारीको नाममा आदेश जारी गरिएको ।
२०७०।३।१३	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७०।३।११ को पत्र प्राप्त ।
२०७०।३।२५	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७०।३।२४ को पत्र प्राप्त ।
	अर्को आ.ब.मा सरेको
२०७०।८।१७	निवेदकले पनि हालसम्म सूचना नपाएको भनी जानकारी नगराएको, प्रस्तुत मिसिल लामो समयसम्म प्रकृयामा राखिरहन व्यवाहारिक रूपमा समेत उपयुक्त नहुने र कार्यालयको काममा समेत वाधापर्ने भएको हुँदा निवेदकले सूचना पाइन भनी आएका वखत सूचना उपलब्ध गराउने सकिने नै हुँदा यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : २३३/१७४ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।१७
पक्ष :	अर्घा-८, अर्घाखाँची हाल क.व.न.पा.,३, का बसन्त बन्जाडे ।
विपक्ष :	जिल्ला विकास समिति, कपिलवस्तु ।
विषय :	१. आर्थिक वर्ष २०६७।६८ को स्थानीय विकास मन्त्रालय तथा स्थानीय श्रोत साधनबाट संकलित बजेट कुन शीर्षकमा कहाँ कहाँ कुन प्रकृया अपनाई खर्च गरियो विल भर्पाई तथा भौचर सहित प्रमाणित प्रतिलिपि । २. २०६८ असोजमा सांगठनिक संरचनाको अवलोकन गर्ने गरी रामदास गुप्ताको संयोजकत्वमा गठन भएको गठित कार्यदलले दिएको सुझाव/प्रतिवेदन प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।२२	७ (सात) दिन भित्र उपलब्ध गराई उपलब्ध गराएको सूचनाको प्रति यस आयोगमा पेश गर्ने आदेश ।
२०७०।३।३०	पुनः निवेदन ।
	अर्को आ.ब.मा सरेको ।
२०७०।४।११	आदेश कार्यान्वयन सम्बन्धमा तागेता ।

क्रम संख्या : २३४/१७५ पुनरावेदन/उजुरी

मिति :	२०७०।०२।२०
पक्ष :	जिल्ला महोत्तरी बनौंली दनौंली गा.वि.स.स्थायी घर भई हाल कोटेश्वर बस्ने सारदा भुषाल (झा) ।
विपक्ष :	प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, शासकीय सुधार महाशाखा ।
विषय :	शासकीय सुधार महाशाखा बाट सूचना माग गरी सूचना प्राप्त गर्न नसकेकाले सूचना उपलब्ध गराई विपक्षीलाई सूचनाको हक सम्बन्धी ऐनको दफा ३२ को उपदफा (१, (२), (३) र (५) बमोजिम कारबाही समेत गरि पाउँ ।
मिति	**कारबाही/निर्णय**
२०७०।०२।२२	सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम २३ मा "त्यस्तो उजूरीको सम्बन्धमा प्रमुखले आवश्यक जाँच बुझ गरी सात दिन भित्र निर्णय गरी सात दिन भित्र उपलब्ध गराउनु पर्ने भए उपलब्ध गराउन आदेश दिन सक्ने छ" भन्ने व्यवस्था भए बाट २०७०।२।१२ बाट सूचना दिन सक्ने अवधि बाँकी नै भएको देखिदा सो अवधि समाप्त भए पछि प्रस्तुत पुनरावेदन पेश गर्नु । हाललाई केही गरिरहनु परेन ।

क्रम संख्या : २३५/१७६ (ख)पुनरावेदन/उजुरी

मिति :	२०७०।२।२३
पक्ष :	का.जि.का.म.न.पा.-१९ बस्ने रविकान्त मानन्धर ।
विपक्ष :	महिला सहकारी संस्था लि., का.म.न.पा.-१४ ।

विषय :	१. म निवेदकको दाजु भाउजुद्वारा संचालित वचत हिसाव नं. २१-१०२-४ को उहाँपछि नजिकको हकदार म निवेदक भएकोमा यस आयोगबाट विपक्षी महिला सहकारी संस्था लिमिटेडबाट उक्त खाताको सम्पूर्ण जानकारी पाउँ ।
मिति	**कारबाही/निर्णय**
२०७०।२।२३	सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाहमा रोक लगाएको छ । साथै ऐनको दफा ३० ले सार्वजनिक निकायमा रहेको आफुसँग सम्बन्धित सूचना माग गरेमा निजलाई सो सूचना उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । तसर्थ निवेदकले माग गरेको सूचना ऐनको दफा ३(३) र दफा ३० ले दिन मिल्ने भए दिनू, दिन नमिल्ने भए निवेदकलाई जानकारी गराई सोको जानकारी ७ (सात) दिन भित्र यस आयोगमा जानकारी गराउनू भनी महिला सहकारी संस्था लिमिटेडका प्रमुखको नाममा यो आदेश जारी गरिएको ।
२०७०।३।५	महिला सहकारी संस्था लि.कुलेश्वरबाट जानकारी गराइएको वारे बोधार्थ पत्र प्राप्त ।
२०७०।३।२३	यस आयोग समक्ष निवेदन गरेकोमा महिला सहकारी संस्था लिमिटेडको मिति २०७०।२।३१ को पत्रबाट निवेदक रविकान्त मानन्धरलाई पत्र लेखि सोको बोधार्थ यस आयोगमा पठाएको यस सम्बन्धमा केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्न यो आदेश जारी गरिएको छ भन्ने आदेश ।

क्रम संख्या : २३६/१७७ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।२७
पक्ष :	पोखरा विश्वविद्यालय अन्तर्गत नेपाल इञ्जिनियरिङ्ग कलेजमा अध्ययनरत श्री मनिष कुमार ठाकुर ।
विपक्ष :	परीक्षा नियन्त्रक, पोखरा विश्वविद्यालय ।
विषय :	(१) Engineering Maths III (MTH 211.3) को परीक्षामा मलाई Expelled गरिएको कारणवारे जानकारी गराई पाउँ ।
मिति	**कारबाही/निर्णय**
२०७०।३।४	निवेदकले माग गरेका तपसिल बमोजिमका सूचनाहरू सात दिन भित्र उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन पोखरा विश्वविद्यालयका परीक्षा नियन्त्रकका नाममा आदेश जारी गरिएको ।
	अर्को आ.ब.मा सरेको ।
२०७०।४।२	परीक्षा नियन्त्रक, पोखरा विश्वविद्यालयको जानकारी गराईएको बारेमा पत्र प्राप्त ।
२०७०।४।९	लगत कट्टागर्ने आदेश ।

क्रम संख्या : २३७/१७८ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।२८
पक्ष :	चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान.वीर अस्पताल सुधार संयुक्त संघर्ष समितिका संयोजक कृष्ण तिमिल्सिना ।

विपक्ष :	उपकुलपति, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल । कार्यालय प्रमुख, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल ।
विषय :	(१) २०६९ साउन देखि हाल सम्म टेण्डर तथा कोटेशन मार्फत खरिद गरिएका तल उल्लेखित खरिद आदेशका प्रमाणित प्रतिलिपी । सामाग्रीहरू : औषधि, उपकरण, मेसिनरी, सर्जिकल सामान, स्टेशनरी, मसलन्द तथा कार्यालय सञ्चालनसँग सम्बन्धित बस्तु, सामान, मेशिनरी, प्रिन्टेड, इलेक्ट्रोनिक सरसामान लगायतको प्रमाणित प्रतिलिपी । (२) २०६९ साल साउन देखि हाल सम्म स्वीकृत भएका निर्माण तथा मर्मत आदेशको प्रमाणित प्रतिलिपी ।
मिति	**कारबाही/निर्णय**
२०७०।३।५	निवेदकले माग गरेको सूचना दफा ३(३)ले रोक लगाएको सूचना भित्र नपर्ने भएकोले निवेदकले माग गरेका तपसिल बमोजिमका सूचनाहरू ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन कार्यालय प्रमुख चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालका नाममा आदेश जारी गरिएको ।
	अर्को आ.ब.मा सरेको ।
२०७०।४।१०	पुनः उजुरी ।
२०७०।७।२७	निवेदकले सूचना नपाएको भनी पुनः मिति २०७०।४।१० मा यस आयोगमा उजुरी गरेकोमा आयोगले मिति २०७०।३।५ को आदेश अबिलम्ब कार्यान्वयन गर्नु भनी मिति २०७०।४।१४ मा पत्राचार पनि गरिसकेको तत्पश्चात निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा यस सम्बन्धमा थप केही गरिरहन परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : २३८/१७९ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।२६
पक्ष :	जिल्ला धनुषा जनकपुरधाम-८ बस्ने मिथुनकुमार साह ।
विपक्ष :	कार्यालय प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय, धनुषा ।
विषय :	(१) आ.ब.२०६९/०७० मा दादुरा रूबेला कार्यक्रमको लागि आएको बजेटको शीर्षक अनुसारको विवरणको प्रमाणित प्रतिलिपी । (२) हाल सम्म भएको खर्च र गरिएका कार्यक्रमहरूमा भएका खर्चको बिल भरपाई सहितको प्रमाणित प्रतिलिपी ।
मिति	**कारबाही/निर्णय**
२०७०।३।४	माग गरेका तपसिल बमोजिमका सूचनाहरू सात दिन भित्र उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन कार्यालय प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालयका नाममा यो आदेश जारी गरिएको भन्ने आदेश ।
	अर्को आ.ब.मा सरेको ।

क्रम संख्या : २३९/१८० पुनरावेदन/उजुरी

मिति :	२०७०।२।३०
पक्ष :	धरान, सुनसरी स्थायी घर भई हाल का.म.न.पा.३१, बागबजार बस्ने कमल प्रसाद खतिवडा ।
विपक्ष :	अध्यक्ष, नेपाल शिक्षक यूनियन, गौरीघाट, बौद्धमार्ग ।
विषय :	१ नेपाल विद्यालय कर्मचारी परिषदले पेश गरेको परिषदको निर्णय र निवेदनको प्रतिलिपी । २. नेपाल शिक्षक यूनियनले कर्मचारी परिषदलाई आवद्धता सदस्यता दिनका लागि गरेको निर्णय र सो को पत्राचार गरेको पत्रको फोटोकपी ।
मिति	**कारबाही/निर्णय**
२०७०।३।१३	सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायका सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३)ले केही सूचना प्रवाहमा रोक लगाएको छ । निवेदकले माग गरेको सूचना दफा ३(३)ले रोक लगाएको सूचना भित्र नपर्ने भएकोले निवेदकले माग गरेका तपसिल बमोजिमका
	सूचनाहरू ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन अध्यक्ष, नेपाल शिक्षक यूनियन, गौरीघाट, बौद्धमार्गको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति संगै राखि पठाउनू । यो आदेशको जनकारी उजुरीकर्तालाई दिनू भन्ने आदेश ।
२०७०।४।१	नेपाल शिक्षक यूनियनको पत्र प्राप्त ।
२०७०।४।२८	मिति २०७०।३।३० को गते यस आयोगलाई पत्र लेखी सोको बोधार्थ निवेदकलाई दिएको हुँदा प्रस्तुत मिसिलको सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु भन्ने आदेश ।

क्रम संख्या : २४०/१८१ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।२९
पक्ष :	सार्थक साप्ताहिक महेन्द्रनगर कञ्चनपुरका सम्पादक श्री हरिप्रसाद जोशी ।
विपक्ष :	प्रमुख महेन्द्रनगर नगर विकास समिति ।
विषय :	१. समिति मातहतको जग्गामा बसोवास गरेका र २०५३ सालको सर्वदलीय सर्वपक्षीय लगतमा नाम समावेश भएका व्यक्तिहरूलाई सहुलियत दरमा जग्गा उपलब्ध गराउने सम्बन्धमा भएका निर्णयहरूको प्रतिलिपी र २०५३ सालको सर्वदलीय सर्वपक्षीय लगत छानविन तथा संकलन समितिले लिएको प्रमाणित लगत प्रतिलिपी । २. उपरोक्त अनुसार भएका निर्णयहरूबाट हाल सम्म जग्गा प्राप्त गरेका व्यक्तिहरूको नामावली (लिष्ट) र प्राप्त गरेको जग्गाको विवरण क्षेत्रफल समेत । ३. २०५३ पछिका गठित विभिन्न समितिहरूबाट हालसम्म जग्गा (घडेरी) सहुलियत दरमा लिलाम विक्रीबाट, भाडा (लिज) मा निश्चित उद्देश्यकालागि प्राप्त गर्ने व्यक्तिहरूको नामावली लिष्टका साथै प्राप्त गरेको जग्गाको विवरण क्षेत्रफल समेत ।

	४. लगत अनुसार जग्गा घडेरी पाऊँ भनि हाल सम्म परेका निवेदनको नामावली र संख्या । ५. निर्णय भएका तर निर्णय कार्यान्वयन नभएका र निर्णय कार्यान्वयन गरी पाऊँ भनी निवेदन दिने व्यक्तिहरूको नामावली र संख्या । ६. बर्ष २०६५/०६६ देखि २०६९/०७० चैत्र मसान्त सम्मको शीर्षक समेत कहाँबाट कति रकम भन्ने आय व्यय विवरण समेत ।
मिति	**कारबाही/निर्णय**
२०७०।३।१३	निवेदकले माग गरेको सूचना दफा ३(३)ले रोक लगाएको सूचना भित्र नपर्ने भएकोले निवेदकले माग गरेका तपसिल बमोजिमका सूचनाहरू ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन कार्यालय प्रमुख महेन्द्रनगर नगर विकास समितिका नाममा यो आदेश जारी गरिएको छ ।
	अर्को आ.ब.मा सरेको ।
२०७०।४।३०	सार्थक साप्ताहिक महेन्द्रनगर कञ्चनपुरका सम्पादक श्री हरिप्रसाद जोशीको पुनः निवेदन ।
२०७०।५।४	निवेदकको माग बमोजिमको यस आयोगको मिति २०७०।३।१३ को आदेश बमोजिमको सूचना ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई सोको जानकारी यस आयोगलाई गराउनू भनी कार्यालय प्रमुख महेन्द्रनगर नगर विकास समितिको नाममा पुनः यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति समेत संलग्न गरी पठाउनू भन्ने आदेश ।
२०७०।५।४	पुनः निवेदन ।
२०७०।६।३	जिल्ला प्रशासन कार्यालय कञ्चनपुरको सूचना उपलब्ध गराइ दिने वारे पत्र प्राप्त ।

क्रम संख्या : २४१/१८२ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।३०
पक्ष :	सिराहा जिल्ला इटारी प्रसाही गा.वि.स.बस्ने राजकिशोर मण्डल ।
विपक्ष :	कार्यालय प्रमुख, श्री निम्न माध्यमिक विद्यालय, इटारी प्रसाही । सूचना अधिकारी, श्री निम्न माध्यमिक विद्यालय, इटारी प्रसाही ।
विषय :	१ त्यस विद्यालय स्थापना भए यता चालु आर्थिक बर्ष चैत्र मसान्तसम्मको कूल सम्पत्ति जनाउने प्रमाणित जानकारी । २. त्यस विद्यालयकै सम्पत्तिका रूपमा कुनै जग्गा जमिन वा त्यस्तै अचल सम्पत्ति भए त्यसको प्रमाणित विवरण । ३. त्यस विद्यालयको गत आ.ब.२०६८/०६९ तथा चालू आ.ब.२०६९/०७० चैत्र मसान्तसम्मको कूल आम्दानी र खर्च जनाउने कागजातको प्रमाणित प्रतिलिपी ।
मिति	**कारबाही/निर्णय**
	अर्को आ.ब.मा सरेको ।

क्रम संख्या : २४२/१८३ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।२८
पक्ष :	का.जि.का.म.न.पा.वडा नं.३५ कोटेश्वर बस्ने पदम सिंह ठगुन्ना ।

विपक्ष :	अध्यक्ष, ग्रामर पब्लिक स्कूल, का.जि.का.म.न.पा.वडा नं.३५, कोटेश्वर ।
विषय :	१ त्यस विद्यालयमा रहेको सम्पूर्ण विद्यार्थीहरूको सङ्ख्या (नामावली समेत र कक्षा अनुसारको छुट्टा छुट्टै) जनाउने प्रमाणित प्रतिलिपी । २ त्यस विद्यालयमा जि.शि.का.काठमाडौंले छात्रवृत्तिका लागि पठाएको विद्यार्थीको नामावली साथै जि.शि.का.काठमाडौंले सो विद्यार्थीहरूलाई पठाएको छात्रवृत्ति सिफारिश पत्रको प्रमाणित प्रतिलिपी । ३ त्यस विद्यालयले शिक्षा ऐनमा तोकेको १० प्रतिशत विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराएको छ वा छैन ? छैन भने किन नदिएको हो कारण सहितको प्रमाणित जानकारी र यदि दिएको छ भने सो छात्रवृत्ति पाउने सम्पूर्ण विद्यार्थीको नामावली, कक्षा, अभिभावकको नाम समेत उल्लिखित प्रमाणित जानकारी । ४ त्यस विद्यालयले शिक्षा ऐनले तोके बमोजिम अघिल्लो बर्ष भर्ना भईसकेका विद्यार्थीहरू संग भर्ना शुल्क लिएको छ छैन ? यदि छ भने किन शिक्षा ऐनको उल्लङ्घन गरिएको हो सो को प्रमाणित । जानकारी र यदि त्यस विद्यालयले अघिल्लो बर्ष भर्ना भएका विद्यार्थीहरू संग भर्ना शुल्क लिएको छैन भने भर्ना शुल्क नलिईएका सम्पूर्ण विद्यार्थीहरूको नामावलीको प्रमाणित प्रतिलिपी ।
	५ त्यस विद्यालयको मासिक शुल्क, भर्ना शुल्क, परीक्षा शुल्क, बार्षिक शुल्क लगायत सम्पूर्ण शुल्कहरूको प्रमाणित विवरण । ६ त्यस विद्यालयले व्यवस्थापन समिति गठन गरेको छ कि छैन ? यदि छ भने हालको व्यवस्थापन समितिका सदस्यहरूको प्रमाणित नामावली विवरण र यदि गठन गरेको छैन भने के कति कारणले हाल सम्म गठन नगरिएको हो सो को प्रमाणित जानकारी ।
मिति	**कारबाही/निर्णय**
२०७०।३।१३	निवेदकले माग गरेका तपसिल बमोजिमका सूचनाहरू ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन अध्यक्ष, ग्रामर पब्लिक स्कूल, का.जि.का.म.न.पा.वडा नं.३५, कोटेश्वरको नाममा आदेश जारी गरिएको ।
	अर्को आ.ब.मा सरेको ।
२०७०।७।२१	निवेदकले माग गरेको सूचनाहरू ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन अध्यक्ष, ग्रामर पब्लिक स्कूल, का.जि.का.म.न.पा.वडा नं.३५, कोटेश्वरको नाममा आदेश जारी गरिसकेको र निवेदकले पनि सूचना नपाएको भनी हालसम्म आयोगलाई जानकारी नगराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : २४३/१८४ पुनरावेदन/उजुरी

मिति :	२०७०।३।४
पक्ष :	जिल्ला कपिलवस्तु, न.पा.वार्ड नं.१ घर भई हाल विरगंज कारागारमा कैदमा रहेको सुल्लु भन्ने शम्भु कहार ।
विपक्ष :	कपिलवस्तु जिल्ला अदालत, तौलिहवा ।

विषय :	१. निवेदकको माग बमोजिमका २०६१ सालको स.फौं नं.:-७० फैसला मिति २०६२।११।०९, २०६२ सालको ६८-६३-००१८६ फैसला मिति २०६३।११।१ र २०६४ सालको स.फौ.नं.६८-६३-०१३३५, फैसला मिति २०६५।१०।०६ का मुद्दाहरूको अभियोग पत्रहरू र फैसलाहरूको प्रतिलिपी । २. उल्लेखित मुद्दाहरू त्यस अदालतमा नभए कति च.नं. प.सं.बाट कुन मितिमा कुन निकायमा पठाईएको हो सो को स्पष्ट जानकारी ।
मिति	**कारबाही/निर्णय**
	अर्को आ.ब.मा सरेको ।

क्रम संख्या : २४४/१८५ पुनरावेदन/उजुरी

मिति :	२०७०।२।८
पक्ष :	भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा वडा नं. १६ बस्ने सुजन दाहाल ।
विपक्ष :	कार्यालय प्रमुख, उच्च माध्यमिक शिक्षा परिषद्, सानो ठिमी, भक्तपुर । सूचना अधिकारी, उच्च माध्यमिक शिक्षा परिषद्, सानो ठिमी, भक्तपुर ।
विषय :	१. उच्च माध्यमिक शिक्षा परिषद्को दर्ता नं ३१३८ मिति २०७०।२।९ मा दर्ता भएको निवेदन बमोजिमको सूचनाहरू ।
मिति	**कारबाही/निर्णय**
२०७०।३।१४	निवेदकले माग गरेका तपसिल बमोजिमका सूचनाहरू ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन उच्च माध्यमिक शिक्षा परिषद्, सानो ठिमी, भक्तपुरका कार्यालय प्रमुख (सदस्य सचिव)को नाममा आदेश जारी गरिएको ।
२०७०।३।२४	उच्च माध्यमिक शिक्षा परिषद्, सानो ठिमी, भक्तपुरको कागजात उपलब्ध गराइएको वारेमा पत्र प्राप्त ।
२०७०।३।२०	पुनः उजुरी ।
	अर्को आ.ब.मा सरेको ।
२०७०।४।६	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आवश्यक कारबाही गर्ने सम्बन्धमा पत्र प्राप्त ।
२०७०।४।३०	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आवश्यक कारबाही गर्ने सम्बन्धमा पत्र प्राप्त ।
२०७०।५।४	उच्च माध्यमिक शिक्षा परिषद्, सानो ठिमी, भक्तपुरको कागजात उपलब्ध गराइएको सम्बन्धमा पत्र प्राप्त ।
२०७०।६।१६	यस आयोगको मिति २०७०।४।६ को आदेश बमोजिम उच्च माध्यमिक शिक्षा परिषद्, सानो ठिमी, भक्तपुरको मिति २०७०।४।२१ च.नं. २०९ को पत्रमा प्राप्त भएका कागजातहरू तोडमोड नगरी अभिलेख अनुसार पठाइएको जानकारी गराएको हनाले यस मिसिलको सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु भन्ने आदेश ।

क्रम संख्या : २४५/१८६ पुनरावेदन/उजुरी

मिति :	२०७०/०३/०५
पक्ष :	सुजन दाहाल ।
विपक्ष :	जिल्ला शिक्षा अधिकारी, जिल्ला शिक्षा कार्यालय, काठमाडौं ।
विषय :	१. कोटेश्वर बहुमुखी क्याम्पसको उच्च माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्षको पदमा शैक्षिक बर्ष २०६३ देखि यता हाल सम्म त्यस जिल्ला शिक्षा कार्यालयका जिल्ला शिक्षा अधिकारीले जम्मा कतिपटक को को व्यक्तिहरूलाई मनोनयन गर्नका लागि उक्त परिषद् समक्ष सिफारीस गरिएको छ । सिफारीस पत्रहरूको प्रमाणित प्रतिलिपीहरू ।
मिति	**कारबाही/निर्णय**
२०७०।३।१७	निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई सोको जानकारी आयोगमा पठाउनू भनी जिल्ला शिक्षा कार्यालय, काठमाडौंका जिल्ला शिक्षा अधिकारीका नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी निवेदकलाई दिनु । निवेदकको निवेदन संगै राखी पठाउनू भन्ने आदेश ।
२०७०।३।३	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आवश्यक कारबाहीको लागि उजुरी पठाईको भन्ने पत्र प्राप्त ।
२०७०।५।७	जिल्ला शिक्षा कार्यालय काठमाडौंको जवाफ पठाईएको वारे पत्र प्राप्त ।
२०७०।६।१	लगत कट्टा गर्ने भन्ने आदेश ।

क्रम संख्या : २४६/१८७ पुनरावेदन/उजुरी

मिति :	२०७०।३।४
पक्ष :	भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा वडा नं. १६ बस्ने सुजन दाहाल ।
विपक्ष :	श्री उपकुलपति, उपकुलपतिको कार्यालय (योजना महाशाखा) त्रिभुवन विश्वविद्यालय किर्तिपुर काठमाण्डौं ।
विषय :	१. उपकुलपतिको कार्यालयको दर्ता नं. १७८४, मिति २०७०।२।२ गतेको निवेदनमा उल्लेखित नं. ७ र २० बाहेकका सूचनाहरू ।
मिति	**कारबाही/निर्णय**
२०७०।३।१६	निवेदकले माग गरेको सूचना दफा ३(३)ले रोक लगाएको सूचना भित्र नपर्ने भएकोले निवेदकले माग गरेका तपसिल बमोजिमका सूचनाहरू ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन त्रिभुवन विश्वविद्यालय किर्तिपुरका उपकुलपतिको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति संगै राखि पठाउनू भन्ने आदेश ।
	अर्को आ.ब.मा सरेको ।
२०७०।४।३०	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र प्राप्त ।

२०७०।६।१	यस आयोगको मिति २०७०।३।१६ को आदेश बमोजिमका सूचनाहरू ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन त्रिभुवन विश्वविद्यालय किर्तिपुरका उपकुलपतिको नाममा आदेश जारी ।

क्रम संख्या : २४७/१८८ पुनरावेदन/उजुरी

मिति :	२०७०।३।६
पक्ष :	दिनेश कुमार पोखरेल ।
विपक्ष :	स्ट्याण्डर्ड मल्टिप्रपोज को-अपरेपटिभ लि.जावलाखेल ।
विषय :	साधारण सभाको निर्णय माग ।
मिति	**कारबाही/निर्णय**
२०७०।३।१६	नेपाली नागरिकको कागजात पेश गर्ने सम्बन्धमा पत्राचार ।
	अर्को आ.ब.मा सरेको ।

क्रम संख्या : २४८/१८९ पुनरावेदन/उजुरी

मिति :	२०७०।३।६
पक्ष :	सुन्दर कडेल, वालिङ ३ स्याङजा ।
विपक्ष :	प्रमुख, उच्च माध्यमिक शिक्षा परिषद् ।
विषय :	उच्च माध्यमिक शिक्षा परिषद्ले २०५९ सालमा लिएको परीक्षाको कक्षा ११ र १२ को English, Physics, Chemestry, र Biology विषयको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०७०।३।१८	आयोगबाट प.नि.का.मा पत्राचार ।
२०७०।६।१५	प्रमुख, उच्च माध्यमिक शिक्षा परिषदबाट पत्र प्राप्त
२०७०।७।५	निवेदकले माग गरेको सूचना २०५९ सालमा लिएको परीक्षाको उत्तरपुस्तिका रहेको, यती लामो समयसम्म निवेदकले सूचना नमागि चुप लागेर वसेको तथा लामो समयसम्म सूचना कार्यालयमा सुरक्षित रूपमा रहेको हुन्छ भन्न सक्ने अवस्था नरहेको हुँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भन्ने आदेश ।

क्रम संख्या : २४९/१९० पुनरावेदन/उजुरी

मिति :	२०७०।३।७
पक्ष :	जिल्ला महोत्तरी लोहारपट्टी गा.वि.स. ८ स्थायी घर भै हाल जनकपुर नगरपालिका वडा नं १२ क्याम्पस चोक बस्ने श्यामलाल शाह ।
विपक्ष :	श्री प्रमुख वन विभाग, ववरमहल, काठमाडौं ।
विषय :	१. निवेदकले मिति २०६९।२।२४ गते(द.नं. ८३६२) मा त्यस विभागका निर्देशकलाई सम्वोधन गरी दिएको निवेदन उपर हालसम्म के कारबाही भयो ? कारबाही भएन भने किन भएन ? सोको लिखित जानकारी । २. निजामती किताबखानाको खुलाई पठाई दिने विषयको मिति २०६९।२।२४ गते त्यस विभागको नाममा पठाएको पत्र उपर हालसम्म के कस्तो कारबाही भयो ? कारबाही नभएको भए किन भएन कारण सहितको लिखित जानकारी ।

मिति	कारबाही/निर्णय
२०७०।३।१४	निवेदकले माग गरेका तपसिल बमोजिमका सूचनाहरू ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन वन विभाग काठमाडौंका प्रमुखका नाममा आदेश जारी गरिएको ।
	अर्को आ.ब.मा सरेको ।
२०७०।४।९	पुनः उजुरी
२०७०।४।९	वन विभाग, ववरमहल, काठमाडौंको आदेश कार्यान्वयन सम्बन्धमा पत्र प्राप्त ।
२०७०।४।१०	लगत कट्टा गर्ने आदेश ।

क्रम संख्या : २५०/१९१ पुनरावेदन/उजुरी

मिति :	२०७०/३/६
पक्ष :	जिल्ला धनुषा देवडिहा- बस्ने दिपेन्द्र कुमार दास समेत ।
विपक्ष :	जिध गा.वि.स. वडा नं. ९ देवडिहा धनुषाका प्रमुख ।
विषय :	१. आ.ब. २०६१/६२ देखि २०६९/७० को हालसम्ममा सामाजिक सुरक्षा वापत आएको रकम क-कसलाई कति वितरण गरियो सोबाट लाभान्वित व्यक्तिहरूको समेतको शिर्षक अनुसारको विवरणको प्रमाणित प्रतिलिपि । २. आ.ब. २०६१/६२ देखि २०६९/७० को हालसम्ममा ठाडी पोखरीको आम्दानी कति भयो र सोको रकम केमा खर्च गरियो सोको भपाई सहितको प्रमाणित प्रतिलिपि । ३. हाल सो पोखरीको ठेक्का कसलाई, कसरी दिइयो र सो पोखरीवारे किन र केका लागि विवाद उत्पन्न भएको हो सोको समेत लिखित जानकारी ।
मिति	**कारबाही/निर्णय**
२०७०।३।१४	निवेदकले माग गरेका तपसिल बमोजिमका सूचनाहरू ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन जिध गा.वि.स. देवडिहा धनुषाका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति संगै राखि पठाउनू । यो आदेशको जनकारी निवेदकलाई दिनू भन्ने आदेश ।
	अर्को आ.ब.मा सरेको ।

क्रम संख्या : २५१/१९२ पुनरावेदन/उजुरी

मिति :	२०७०।३।६
पक्ष :	सुजन दाहाल ।
विपक्ष :	क्याम्पस प्रमुख - रत्न राज्यलक्ष्मी क्याम्पस काठमाडौं । सूचना अधिकारी - रत्न राज्यलक्ष्मी क्याम्पस काठमाडौं ।
विषय :	१. उप प्राध्यापकको तलव स्केल । २. केही वर्ष वा केही महिना अघिसम्म त्यस क्याम्पसमा अंग्रेजी विषयको प्राध्यापन गराउने शिक्षक गोविन्द वहादुर कार्कीले त्यस क्याम्पसमा विहान, दिउसो वा वेलुका कुन समयमा प्राध्यापन कार्य गर्नुहुन्थ्यो ? सोको प्रमाणित प्रतिलिपि । ३. केही वर्ष वा केही महिना अघिसम्म त्यस क्याम्पसमा अंग्रेजी विषयको प्राध्यापन गराउने शिक्षक गोविन्द वहादुर कार्कीले त्यस क्याम्पसमा करार सेवा वा अस्थायी सेवा मध्ये कुन सेवामा रहेर काम गर्नुहुन्थ्यो ? सोको प्रमाणित प्रतिलिपि ।

	४. केही वर्ष वा केही महिना अघिसम्म त्यस क्याम्पसमा अंग्रेजी विषयको प्राध्यापन गराउने शिक्षक गोविन्द वहादुर कार्कीले त्यस क्याम्पसमा कुन मिति देखी कुन मिति सम्म अंग्रेजी विषयको प्राध्यापन गराउनु भएको थियो ? सोको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०७०।३।१६	निवेदकले माग गरेको सूचना दफा ३(३)ले रोक लगाएको सूचना भित्र नपर्ने भएकोले निवेदकले माग गरेका तपसिल बमोजिमका सूचनाहरू ७ (सात) दिन भित्र निवेदकलाई उपलब्ध गराई यस आयोगलाई जानकारी गराउन रत्न राज्यलक्ष्मी क्याम्पसका क्याम्पस प्रमुखको नाममा आदेश जारी गरिएको ।
२०७०।३।३१	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आवश्यक कारबाहीको लागि उजुरी पठाएको भन्ने पत्र प्राप्त ।
२०७०।३।३	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आवश्यक कारबाहीको लागि उजुरी पठाएको भन्ने पत्र प्राप्त ।

क्रम संख्या : २५२/१९३ पुनरावेदन/उजुरी

मिति :	२०७०।३।१०
पक्ष :	सवेरा श्रेष्ठको तर्फबाट वारेश कुमार चौलागाई ।
विपक्ष :	प्रमुख, स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं ।
विषय :	१. सुनसरी जिल्लामा जनताको सुविधाकालागि निःशुल्क प्रदान गर्न बर्षमा कति प्रकारका औषधि जान्छ, त्यसको विवरणसहितको प्रतिलिपी उपलब्ध गराई पाउँ । २. आर्थिक बर्ष २०६७/०६८, २०६८/०६९ र २०६९/०७० मा निशुल्क औषधिकालागि सो जिल्लामा कति बजेट छुट्टाईएको थियो, निःशुल्क सोको विवरण । ३. सुनसरी जिल्ला जनस्वास्थ्य कार्यालयले यस विभागमा पठाएको विगत आर्थिक बर्षको कार्य प्रगति प्रतिवेदनको प्रतिलिपी ।
मिति	**कारबाही/निर्णय**
२०७०।३।२३	उजुरीकर्ताले यस आयोग समक्ष वारेशनामा मार्फत उजुर गर्दा सक्कलै वारेशनामा पेश गर्नुपर्नेमा सो नगरी वारेशनामाको फोटोकपी पेश गरेको हुँदा सक्कलै वारेशनामा र नेपाली नागरिकताको प्रतिलिपि वा नेपाली नागरिक देखिने अन्य कागजात समेत पेश हुन आएका वखत कारबाही प्रक्रिया अगाडि वढाउने गरी हाललाई प्रस्तुत मिसिल तामेलीमा राख्नु ।

क्रम संख्या : २५३/१९४ पुनरावेदन/उजुरी

मिति :	२०७०।३।१०
पक्ष :	पार्वती कटुवालको तर्फबाट वारेश कुमार चौलागाई ।
विपक्ष :	प्रमुख, स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं ।
विषय :	महिला स्वयम्सेविकाको भत्ताको सम्बन्धमा ।

मिति	कारबाही/निर्णय
२०७०।३।२३	उजुरीकर्ताले यस आयोग समक्ष वारेशनामा मार्फत उजुर गर्दा सक्कलै वारेशनामा पेश गर्नुपर्नेमा सो नगरी वारेशनामाको फोटोकपी पेश गरेको हुँदा सक्कलै वारेशनामा र नेपाली नागरिकताको प्रतिलिपि वा नेपाली नागरिक देखिने अन्य कागजात समेत पेश हुन आएका वखत कारबाही प्रक्रिया अगाडि वढाउने गरी हाललाई प्रस्तुत मिसिल तामेलीमा राख्नू भन्ने आदेश ।

क्रम संख्या : २५४/१९५ पुनरावेदन/उजुरी

मिति :	२०७०।३।१३
पक्ष :	सुजन दाहाल ।
विपक्ष :	प्रमुख, त्रि.वि.वि. अनुगमन समितिको कार्यालय । सूचना अधिकारी, त्रि.वि.वि. अनुगमन समितिको कार्यालय ।
विषय :	१. त्रि.वि.वि.अनुगमन समितिको कार्यालयले नियमानुसार २०६० सालदेखि यता हालसम्म कोटेश्वर वहुमुखि क्याम्पस (त्रि.वि.सम्बन्धन प्राप्त) को अनुगमन कार्य गर्न खटाएको पदाधिकारीले आफ्नो कार्य सम्पन्न गरी तत्सम्बन्धमा त्यस कार्यालय समक्ष पेश गरेको (कोटेश्वर ब. क्याम्पसको नाउँको फाइलमा रहेको) प्रतिवेदन लगायत लिखत कागजातहरूको प्रमाणित प्रतिलिपि ।
	२. त्रि.वि.वि. कार्यकारी परीषद्को मिति २०६९।१।१७ को निर्णय बमोजिम त्यस त्रि.वि. अनुगमन समितिको कार्यालयले त्रि.वि.बाट सम्बन्धन प्राप्त गरेर सञ्चालन भएको उक्त कोटेश्वर व.क्याम्पसमा कार्यरत शिक्षहरूको (तथ्यांक/विवरण सम्बन्धी प्रश्नावली फाराम ३ भरी) विवरण माग गरेकोले उक्त क्याम्पसको क्या.प्र.ले सो अनुसारको मिति २०६९।४।३० मा त्यस अनुगमन समितिको कार्यालयमा पेश गर्नुभएको शिक्षक विवरण (शैक्षिक विवरण) को प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०७०।३।१७	निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई सोको जानकारी आयोगमा पठाउनू भनी प्रमुख, त्रिभुवन विश्वविद्यालय अनुगमन समितिको कार्यालयको नाममा आदेश जारी गरिएको ।
	अर्को आ.ब.मा सरेको ।
२०७०।४।१८	पुनः उजुरी ।
२०७०।३।३	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आवश्यक कारबाहीको लागि उजुरी पठाइएको पत्र प्राप्त ।
२०७०।३।२८	निवेदकको माग बमोजिम सूचना उपलब्ध गराएको हो वा होइन ? निवेदकको माग बमोजिम पुरै सूचना उपलब्ध नगराई आंशिक सूचना किन उपलब्ध गराएको हो ? सोको कारण ७ (सात) दिन भित्र यस आयोगमा लेखी पठाउनू भनी प्रमुख, त्रिभुवन विश्वविद्यालय अनुगमन समितिको कार्यालयको नाममा आदेश जारी गरिएको ।

२०७०।५।११	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आवश्यक कारबाहीको लागि उजुरी पठाइएको पत्र प्राप्त ।
२०७०।५।१७	शिक्षाध्यक्षको कार्यालय अनुगमन समितिको कार्यालयको आदेश कार्यान्वयन सम्बन्धमा पत्र प्राप्त ।
२०७०।६।१	निवेदकको माग बमोजिम सूचना उपलब्ध गराएको हो वा होइन ? निवेदकको माग बमोजिम पुरै सूचना उपलब्ध नगराई आंशिक सूचना किन उपलब्ध गराएको हो ? सोको कारण ७ (सात) दिन भित्र यस आयोगमा लेखी पठाउनू भनी प्रमुख, त्रिभुवन विश्वविद्यालय अनुगमन समितिको कार्यालयको नाममा आदेश जारी गरिएकोमा त्रिभुवन विश्वविद्यालय अनुगमन समितिको कार्यालयको मिति २०७०।५।९ अ.च.नं. २४।७०।७१ को पत्रमा राष्ट्रिय सूचना आयोगको मिति २०७०।४।३० को पत्र अनुसार कोटेश्वर वहुमुखी क्याम्पसको यस अनुगमन समितिको कार्यालयमा प्राप्त विवरणहरूको प्रतिलिपि संलग्न गरी पठाएको भनी पत्र प्रेषित गरेको हुँदा यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : २५५/१९६ पुनरावेदन/उजुरी

मिति :	२०७०।३।१६
पक्ष :	मदन गिरी, व्यास ७, दमौली तनहुँ ।
विपक्ष :	प्रमुख, लायन्स क्लव अफ तनहुँ ।
विषय :	१. मिति २०६९।१२।२२ का दिन खोलेको विज्ञापनमा कति जना उम्मेदवारले दरखास्त दिएका थिए । २. सो दरखास्त दिएका व्यक्तिहरूमध्ये कुन व्यक्ति छनौट हुन सफल भए ? छनौट प्रकृया कुन कुन शीर्षकमा अपनाइएको थियो ? सोको प्रमाणित प्रतिलिपि । ३. सम्पूर्ण उम्मेदवारहरूको छनौट प्रक्रियामा प्राप्त गरेको अंकहरू सहितको मूल्यांकन पत्रको प्रमाणित प्रतिलिपि । ४.नियुक्ति दिएको कर्मचारी प्रकाशित सूचना अनुसार सि.एम.ए. पृष्ठभूमिबाट आएको थियो कि थिएन ? सोको जानकारी सहितको प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०७०।३।२३	माग गरेका तपसिलका सूचनाहरू शीघ्र निवेदकलाई उपलब्ध गराई सोको जानकारी यस आयोगलाई गराउन लायन्स क्लव अफ तनहुँका प्रमुखको नाममा आदेश जारी गरिएको ।
	अर्को आ.ब.मा सरेको ।
२०७०।४।२१	पुन निवेदन ।
२०७०।४।३०	निवेदकको माग बमोजिम सूचना उपलब्ध गराएको हो वा होइन ? उपलब्ध नगराएको भए हालसम्म किन उपलब्ध नगराएको हो ? सोको कारण ७ (सात) दिन भित्र यस आयोगमा लेखी पठाउनू भनी प्रमुख, प्रमुख, लायन्स क्लव अफ तनहुँको नाममा आदेश जारी गरिएको ।
२०७०।५।१४	पुनः निवेदन ।

क्रम संख्या : २५६/१९७ पुनरावेदन/उजुरी

मिति :	२०७०।३।१८
पक्ष :	राजु सिंह चौधरी, औरावनी, सुनसरी ।
विपक्ष :	प्रमुख, प्लान नेपाल सुनसरी इकाईको कार्यालय, ईटहरी ।
विषय :	प्लान नेपाल संस्थाको छनौट सम्बन्धी विवरण माग ।
मिति	**कारबाही/निर्णय**
२०७०।३।२३	निवेदकले यस आयोग समक्ष निवेदन गर्दा निवेदकको सक्कल हस्ताक्षर हुनुपर्नेमा सो नभई हस्ताक्षरको फोटोकपी सहितको निवेदन पेश गरेको हुँदा रिट पूर्वकको निवेदन प्राप्त हुन आएका वखत कारबाही प्रक्रिया अगाडि वढाउने गरी हाललाई प्रस्तुत मिसिल तामेलीमा राख्नु । यसको जानकारी निवेदकलाई दिनू भन्ने आदेश ।

क्रम संख्या : २५७/१९८ पुनरावेदन/उजुरी

मिति :	२०७०।३।१९
पक्ष :	नेपाल कृषि अनुसन्धान परिषद्का वरिष्ठ प्रशासकीय अधिकृत अनुपराज सत्याल ।
विपक्ष :	कृषि अनुसन्धान परिषद् कार्यकारी समितिका निर्देशक ।
विषय :	१. पदपूर्ति समितिको निर्णय बमोजिम बढुवा नियुक्ति गर्न ढिला गर्नु पर्नाको कारण । २. निवेदककलाई वढुवा सिफारिश गर्ने गरी भएको पदपूर्ति समितिको निर्णयको विरुद्धमा कुनै उजुरी परेको भए सोको प्रमाणित प्रतिलिपि ।
	३. यस्तो निवेदन उपर बढुवा समितिबाट भएको सिफारिशको प्रतिकुल कुनै निर्णय भएको भए त्यस्तो निर्णय र बढुवा सिफारिश विरुद्ध परेका उजुरीहरूको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
२०७०।३।२०	माग गरेका तपसिलका सूचनाहरू शिघ्र निवेदकलाई उपलब्ध गराई सोको जानकारी यस आयोगलाई गराउन नेपाल कृषि अनुसन्धान परिषद् कार्यकारी समितिका निर्देशकका नाममा आदेश जारी गरिएको ।
२०७०।३।२४	कृषि अनुसन्धान परिषद्को सूचना उपलब्ध गराइएको वारे पत्र प्राप्त ।
२०७०।३।२३	यस आयोगको मिति २०७०।३।२० को आदेश बमोजिम नेपाल कृषि अनुसन्धान परिषद्को मिति २०७०।३।२१ को पत्रमा निवेदकलाई सम्वोधन गरी सूचना उपलब्ध गराएको बोधार्थ पत्र मार्फत यस आयोगलाई जानकारी गराएको हुँदा प्रस्तुत मिसिलको लगत कट्टा गर्नू भन्ने आदेश ।

क्रम संख्या : २५८/१९९ पुनरावेदन/उजुरी

मिति :	२०७०।३।२५
पक्ष :	का.म.न.पा-९, मण्डिखाटार बस्ने ग्रामीण विकास बैंक लिमिटेड, क्षेत्रीय प्रमुख विन्देश्वरी बस्नेत ।
विपक्ष :	कार्यकारी निर्देशक (मध्यमाञ्चल ग्रामीण विकास बैंक लिमिटेड केन्द्रीय कार्यालय जनकपुर) । अध्यक्ष (मध्यमाञ्चल ग्रामीण विकास बैंक लिमिटेड केन्द्रीय कार्यालय जनकपुर)

विषय :	१. मिति २०६९।६।१९ गते गठन भएको छानविन समितिले छानविन गरी त्यस कार्यालयमा वुझाएको प्रतिवेदन, प्रत्यक्षदर्शीले दिएको लिखित बयानको साथै छानविनका क्रममा उक्त समितिले संकलन गरेका सम्पूर्ण कागजातको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
	अर्को आ.ब.मा सरेको
२०७०।४।२	उजुरकर्ताहरूले माग गरेको तपसिलका सूचना ७ (सात) दिन भित्र उजुरकर्ताहरूलाई उपलब्ध गराई उपलब्ध गराएको सूचनाको प्रति यस आयोगमा पठाउन श्री मध्यमाञ्चल ग्रामीण विकास बैंक लिमिटेड केन्द्रीय कार्यालय जनकपुरका कार्यकारी निर्देशकको नाममा आदेश गरिएको ।
२०७०।६।८	पुनः निवेदन ।
२०७०।६।८	यस आयोगबाट मिति २०७०।४।२ को आदेश बमोजिम मध्यमाञ्चल ग्रामीण विकास बैंक लिमिटेड केन्द्रीय कार्यालय जनकपुरबाट सूचना प्राप्त गरको भनी मिति २०७०।६।८ मा यस आयोगमा निवेदन गरेकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने भन्ने आदेश ।

क्रम संख्या : २५९/२००पुनरावेदन/उजुरी

मिति :	२०७०।३।२७
पक्ष :	डा. गङ्गाप्रसाद अकेला ।
विपक्ष :	सूचना अधिकारी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
विषय :	खोसिएको उपदान र पारिश्रमिक सुविधा सम्वद्ध दुवै निकायबाट सूचना पाउँ ।
मिति	**कारबाही/निर्णय**
	अर्को आ.ब.मा सरेको ।
२०७०।४।२७	उजुरीकर्ताले यस आयोग समक्ष उजुरी गर्दा सूचना अधिकारीबाट सूचना नपाएपछि प्रमुख समक्ष उजुरी गर्नुपर्ने र कार्यालय प्रमुखबाट सूचना नपाएपछि यस आयोगमा उजुरी गर्नुपर्नेमा सो नगरेको हुँदा प्रक्रिया पुऱ्याएर आएका वखत कारबाहीको प्रक्रिया अगाडि वढाउने गरी हाललाई प्रस्तुत मिसिल तामेलीमा राख्नु । यसको जानकारी उजुरीकर्तालाई दिनू भन्ने आदेश ।
२०७०।५।४	सहरी विकास मन्त्रालयको निवेदन कारबाही सम्बन्धमा पत्र प्राप्त ।

क्रम संख्या : २६०/२०१ पुनरावेदन/उजुरी

मिति :	२०७०।३।३१
पक्ष :	पर्सा जिल्ला घर भै वीरगंज उपमहानगर पालिका ४, बस्ने साधुराम खड्गी ।
विपक्ष :	सूचना अधिकारी, जिल्ला जन स्वास्थ्य कार्यालय, पर्सा । प्रमुख, जिल्ला जन स्वास्थ्य कार्यालय, पर्सा ।
विषय :	१. यस आर्थिक वर्षमा आङ खस्ने पाठेघर रोगीको उपचार यस कार्यालय मार्फत संचालन गरिएको स्थान कहाँ, कहाँ हो ? सो वापत सेवा लिएको विरामी संख्या कति हो ? आङ खस्ने रोगी कतिवटा भेटिएको थियो ? शिविर अनुसार ।

	२. निवेदन पेश गरेको मितिसम्मको शिविर अनुसार खर्च भएको रकम कति कति हो ? औषधी खरिद भ्रमण खर्च प्रचार प्रसारमा खर्च । ३. यस कार्यालयबाट को.ल.नि.का.मा मासिक रूपमा पेश गरेको खर्चको फाँटवारी म.ले.प.फा.नं.१३, १४, १५ र भुक्तानी आदेश । यस आ.ब.को श्रावणदेखि बैशाख महिना सम्मको प्रमाणित प्रतिलिपि ।
मिति	**कारबाही/निर्णय**
	अर्को आ.ब.मा सरेको ।
२०७०।४।७	उजुरीकर्ताले यस आयोग समक्ष उजुरी गर्दा सक्कल हस्ताक्षर सहितको निवेदन पेश गर्नुपर्नेमा सो नगरी निवेदनको फोटोकपी पेश गरेको हुँदा सक्कल निवेदन पेश हुन आएको वखत कारबाहीको प्रक्रिया अगाडी वढाउने गरी हाललाई प्रस्तुत मिसिल तामेलीमा राख्नू । यसको जानकारी उजुरकर्तालाई दिनू भन्ने आदेश ।
२०७०।४।२७	पुनः निवेदन ।
२०७०।४।२९	निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई सोको जानकारी यस आयोगमा गराउनू भनी जिल्ला जन स्वास्थ्य कार्यालय, पर्साका प्रमुखको नाममा आदेश जारी गरिएको ।
२०७०।६।२२	जिल्ला जन स्वास्थ्य कार्यालय, पर्साको सूचना उपलब्ध गराइएको वारे पत्र प्राप्त ।
२०७०।७।१३	यस आयोगको मिति २०७०।४।२९ को आदेश बमोजिम जिल्ला जन स्वास्थ्य कार्यालय, पर्साको प.सं. २०६९/०७० च.नं. ३०८ मिति २०७०।६।३१ को पत्रमा निवेदकलाई सूचना उपलब्ध गराएको भनी यस आयोगमा बोधार्थ पत्र प्रेषित गरेकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने भन्ने आदेश ।

परिशिष्ट २

पुनरावेदन, उजुरी र निवेदनको क्षेत्रगत विवरण

आर्थिक वर्ष २०६९/२०७० मा पुनरावेदन, उजुरी र निवेदन परेका निकाय र विषयहरू यस प्रकार छन्:-

१. **शिक्षा तर्फ**

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
१-४	शंकरदेव क्याम्पस रामशाहपथ लगायतका नौवटा क्याम्पस ।	भौतिक संरचना, अतिरिक्त क्रियाकलाप शीर्षकमा भएको खर्चको स्पष्ट विवरण लगायतका सूचना माग	
५	पोखरा विश्वविद्यालय, पोखरा ।	पुनः जाँच कुन मितिमा भयो ? पुनः जाँच गर्न विषयको विशेषज्ञ वोलाइयो/ बोलाइएन ? पुनःजाँचको विषयमा सम्बन्धित कलेजको प्रतिनिधि बोलाइयो/बोलाइएन ? मिति २०६७ असार १४ मा दिएको निवेदनमा के–कस्तो कारबाही गरियो र कलेजलाई कारबाहीको जानकारी कसरी दिइयो ? पुनःपरीक्षण भएको उत्तरपुस्तिकाको अवलोकन ।	
६	पोखरा विश्वविद्यालय, पोखरा ।	पुनः जाँच कुन मितिमा भयो ? पुनः जाँच गर्न विषयको विशेषज्ञ बोलाइयो/बोलाइएन ? पुनः जाँच को विषयमा सम्बन्धित कलेजको प्रतिनिधि बोलाइयो/बोलाइएन ? मिति २०६७ असार १४ मा दिएको निवेदनमा के–कस्तो कारबाही गरियो र कलेजलाई कारबाहीको जानकारी कसरी दिइयो ? पुनपरीक्षण भएको उत्तरपुस्तिकाको अवलोकन ।	
७	जिल्ला शिक्षा कार्यालय पर्सा ।	१. श्री ने.रा.प्रा.वि. सुगौली विर्ताको मिति २०६४ साल देखि २०६८ साल भाद्रसम्मको माइन्यूटको प्रमाणित प्रतिलिपि । २. श्री ने.रा.प्रा.वि सुगौली विर्ताको मिति २०६४ साल देखि २०६८ साल भाद्रसम्मको बैंक खाता कुन कुन व्यक्तिको नाममा संचालित छ, व्यक्तिको नाम र ठेगाना र बैंकको पनि नाम र ठेगानाको प्रमाणित प्रतिलिपि । ३. श्री ने.रा.प्रा.वि. सुगौली विर्तामा आ.व २०६४ साल देखि २०६८ साल सम्मको नन्सेलरीको एकमुष्ट निकासा अनुदान र महिला तथा दलित	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
		छात्रवृतिको अनुदान निकासाको प्रमाणित प्रतिलिपि र तलब माग फारमको प्रमाणित प्रतिलिपि । ४. श्री ने.रा.प्रा.वि. सुगौली विर्तामा आ.व २०६४ साल देखि २०६८ साल सम्म भौतिक पूर्वाधार निर्माण गर्नका लागि जि.शि.का पर्साबाट के कति रकम स्कूलमा गएको छ सोको प्रमाणित प्रतिलिपि, २०६८ सालको अभिभावकहरूको नामावलीको प्रमाणित प्रतिलिपि ।	
८	परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर ।	२०६७ सालको प्रवेशिका परीक्षाको उत्तरपुस्तिका माग	
९	परीक्षा नियन्त्रण कार्यालय, सानो ठिमी, भक्तपुर ।	दस्तुर तथा शर्त वन्देजहरू पुनरावलोकन गरि–गराई पाउँ ।	
१०	जिल्ला शिक्षा कार्यालय, सप्तरी ।	१. आर्थिक वर्ष २०५५/२०५६ देखि सूचना उपलब्ध हुने मितिसम्मको मा.वि.वनैनियाँ (तत्कालिन नि.मा.वि) लाई जिल्ला शिक्षा कार्यालयबाट दिएको बजेटको निकासा । २. आर्थिक वर्ष २०५५/२०५६ देखि हालसम्मको त्यस मा.वि.मा दिएको दरवन्दी स्वीकृत र नियुक्ति भएको शिक्षकको जिल्ला शिक्षा कार्यालयले गरेको अनुमोदन र सोको लागि त्यस मा.वि.बाट भएको निर्णयहरू । ३. जिल्ला शिक्षा कार्यालय, सप्तरीमा आर्थिक वर्ष २०५९ /२०६० देखि हालसम्म जिल्ला भरीको लागि आएको बजेट निकासा र खर्चको विवरण प्रत्येक विद्यालयहरूको छुट्टा छुट्टै । ४. जिल्ला भरीमा प्रत्येक विद्यालयमा भएको दरवन्दी र कार्यरत शिक्षकहरू दरवन्दी अनुसार प्रत्येक आ.ब.को छुट्टा छुट्टै २०५९ हालसम्मको ।	
११	बुढानीलकण्ठ स्कूलका प्रिन्सिपल ।	विद्यालयमा भएको शिक्षक, कर्मचारीको नियूक्ति तथा बढुवा, विद्यार्थी भर्ना, विद्यालयको हिसाव किताव (लेखा परिक्षण रिपोर्ट) तथा बजेट आदि अभिभावक विद्यार्थी पत्रकारको माझमा जानकारी गराउने हेतुले सार्वजनिक महत्वको सूचनाको जानकारी ।	
१२	पुर्वाञ्चल विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयको ।	स्नातक तह प्रथम वर्षको परीक्षाको परीक्षाफल मा चित्त नवुझेकोले Applied Science "A" र Applied Science "B" विषयको उत्तर पुस्तिका हेर्न पाउँ ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
१३	पूर्वाञ्चल विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय	१.B.pharm 2nd semester को मिति २०६७।११।२७ देखि संचालन भएको बार्षिक परीक्षाका निम्न विषयको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि । क.Advance–mathmatics ख.Pharmacetical Analysis	
१४	तेजविनायक मा.वि., गोठाटारका प्रधानाध्यापक श्री मधु तिमिल्सिना	मिति २०६८।११।०१ मा जिल्ला शिक्षा अधिकारीज्यूलाई लेखेको पत्रमा (संलग्न) उल्लेख भएका क्र.सं.१ देखि ६ सम्मका सबै कागजातहरू । १) मेरो तलवस्केल, ग्रेड आदि खुलेको प्रमाणित पत्र । २) मलाई विद्यालयको निर्देशकमा नियुक्ति गर्दा विद्यालय व्यवस्थापन समितिले निर्णय गरी दिएका काम, कर्तव्य र अधिकारीको प्रतिलिपि ।	
१५	उच्च माध्यमिक शिक्षा परिषद, सानो ठिमी भक्तपुरका प्रमुख	१. परीक्षामा सामेल भएर पनि पुनरावेदकको परीक्षाफल के कति कारणले गयल परीक्षाफल प्रकाशन भएको हो सोको कारण सहितको जानकारी विवरण । २. यस प्रकारका गल्ति कमजोरी भएमा जिम्मेवार कर्मचारीहरूलाई के कस्तो कारबाहीको प्रावधान छन्, सोको प्रतिलिपिको विवरण ।	
१६	श्री सोनामाई रा.प्रा.वि.सोहनी सिनुरजोडा २ का कार्यालय प्रमुख श्री सुरेन्द्रलाल कर्ण	१. यस विद्यालयमा रहेका कक्षा १ देखि ५ सम्मका सम्पूर्ण छात्र र छात्रा तथा अभिभावकको नाम ठेगानाको सहितको प्रमाणित विवरण । २. यस विद्यालयको व्यवस्थापन समितिको पदाधिकारीहरूको नामावली र पदावधि समय के कति छ वा छैन त्यसको लिखित प्रतिलिपि । ३. यस विद्यालयमा रहेका सम्पूर्ण कर्मचारी र शिक्षकको नामावलीको प्रमाणित विवरण । ४. यस विद्यालयको आर्थिक सम्पति विवरणका साथै वार्षिक आय व्यय मिति २०६६/६७ र ६८ को प्रमाणित विवरण । ५. वर्ष २०६६/६७ र हालसम्म जिल्ला शिक्षा कार्यालयबाट के कति रकम तथा अनुदान आएको छ वा छैन र त्यो कुन कुन शिर्षकमा के कति खर्च भएको छ त्यसको प्रमाणित विवरण ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
		६. यस विद्यालयको नाममा रहेको बैंक खाताबाट कारोवार गरेको वार्षिक २०६६/६७ र हालको बैंक कारोबारको विवरणको प्रमाणित विवरण	
१७	श्री जिल्ला शिक्षा कार्यालय, पर्सा ।	१. श्री जिल्ला शिक्षा कार्यालय, पर्सामा मिति २०६८ साल फागुन ३ गते माग गरेको सूचना उपलब्ध गराउन ।	
१८	उच्च माध्यमिक शिक्षा (०+२) संचालन संस्था वा सूचना अधिकारी ।	विभिन्न सूचनाहरूको माग ।	
१९	कोटेश्वर बहुमुखी क्याम्पसका सूचना अधिकारी ।	विभिन्न सूचनाहरूको माग ।	
२०	जनता उच्च मा.वि. ।	नाम परिवर्तन गर्नुपर्ने कारणका वारेमा	
२१	श्री नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय, गाग्रतालका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्राचार्य हरिभक्त कोइराला र नेत्रमणि चालिसे ।	१. मिति २०६६।१०।२२ गते विद्यालय व्यवस्थापन समितिले विद्यालयको नामाकरण गर्ने सम्बन्धमा गरेको निर्णय नं ३ को प्रमाणित प्रतिलिपि । २. नारायण प्रसाद सापकोटा लगायत ६ भाइले विद्यालय नामाकरण गर्नको लागि जम्मा गरेको रु १०,००,५००।- (दशलाख पाँचसय रुपैयाँ)को रसिदको प्रमाणित प्रतिलिपि । ३. रारा विकास बैंक सुर्खेतमा विद्यालयको नाममा जम्मा गरेको भौचरको प्रमाणित प्रतिलिपि	
२२	पेन्टागन उ.मा.वि ।	१. कक्षा ११ पढने सम्पूर्ण विद्यार्थीहरूको नामावली । २. कक्षा ११ पढने उच्च माध्यमिक शिक्षा परिषदको छात्रवृतिमा अध्ययनरत विद्यार्थीहरूको नामावली । ३. छात्रवृतिका लागि उच्च माध्यमिक शिक्षा परिषदले पठाएको छात्रवृति सिफारिशको प्रमाणित प्रतिलिपि । ४. त्यस पेन्टागन उ.मा.वि.को शुल्क विवरण । ५. छात्रवृतिमा पढने विद्यार्थीहरूसंग संकलन गरिएको शुल्क विवरण ।	
२३	शिक्षा मन्त्रालय ।	२०६९।५।२ मा संचालित छात्रवृत्ति छनौट परीक्षाको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि विवरण ।	
२४	ललितपुर जावलाखेल स्थित आदर्श विद्या मन्दिर उच्च मा.वि.	विद्यालय सरकारी वा निजि के हो ? विद्यालय संचालन विनियमावलीको प्रतिलिपि र आ.ब. २०६७/०६८ को आयव्ययको प्रमाणित विवरण सहितको सूचना माग	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
२५	बूढानीलकण्ठ स्कूल प्रिन्सिपल छनौट समिति सचिवालय ।	१. बूढानीलकण्ठ स्कूल प्रिन्सिपल छनौट समितिले विद्यालय विकास सम्बन्धी अवधारणा पत्र कुन कुन आधारमा निर्धारण गरिएका छन् सोको लिखित जानकारी । २. सो प्रतियोगितामा मेरो प्राप्तांक स्थान के हो ? ३. सो प्रतियोगितामा अधिकतम अंक कति हो र न्यूनतम अंक कति हो ?	
२६	बूढानीलकण्ठ स्कूल प्रिन्सिपल छनौट समितिको सचिवालय ।	१. यो प्रिन्सिपल छनौट समितिको गठन बूढानीलकण्ठ स्कूल गुठीको विधान २०५९ (प्रथम संसोधन २०६३) बमोजिम स्कूल व्यवस्थापन समितिले गरेको हो वा होइन ? सो सम्बन्धमा भएको निर्णयको प्रमाणित प्रतिलिपि सहितको सूचना । २. यो प्रिन्सिपल छनौट समितिको गठन गर्ने सम्बन्धमा भएको आधिकारीक निर्णयका क्रममा सो स्कूलको प्रिन्सिपल नारायण प्रसाद शर्माको संलग्नता थियो वा थिएन ? ३. यो समितिले गरेको विज्ञापनमा प्रिन्सिपल पदका लागि सो स्कूलका प्रिन्सिपल नारायण प्रसाद शर्माले आवेदन दिनु भएको छ वा छैन ? आवेदन दिनु भएको भए उहाँको दर्ता नं कति हो ? दर्ता मिति खोलेर प्रष्ट पारिदिनु हुन । ४. आवेदन दिनु भएको भए उहाँ हाल सो स्कूलको प्रिन्सिपल पदमा हुनुहुन्छ वा हुनुहुन्न ? उहाँ स्कूल व्यवस्थापन समितिको सदस्य सचिवको हैसियतमा हुनुहुन्छ वा हुनुहुन्न ? ५. उहाँ स्कूल व्यवस्थापन समितिको सदस्य सचिवको हैसियतमा रहेको वेलामा यस समिति समक्ष सो स्कूलको प्रिन्सिपल पदका लागि भएको परीक्षामा सहभागी हुनुभयो वा हुनुभएन ? हुनुभएको भए उहाँको कार्यतालिका कहिले थियो र कहिले सहभागी हुनु भएको थियो ? ६. यो समितिको क्रियाकलाप (परिवारको सदस्य अर्थात गठन कर्तालाई प्रिन्सिपल पदको प्रतिस्पर्धामा समावेश गरेको) प्राकृतिक न्याय विरुद्ध लागेमा प्रारम्भिक उजुरी गर्ने स्थान प्रक्रिया के हो ?	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
२७	कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. १ स्थित राष्ट्रिय उच्च माध्यमिक विद्यालय ।	१. उच्च माध्यमिक शिक्षा परिषद्को छात्रवृत्तिमा अध्ययनरत सम्पूर्ण विद्यार्थीको नामावली । २. छात्रवृत्तिका लागि उच्च माध्यमिक शिक्षा परिषद्ले पठाएको छात्रवृत्ति सिफारिसको प्रमाणित प्रतिलिपि । ३. राष्ट्रिय उच्च माध्यमिक विद्यालयको शुल्क विवरण । ४. छात्रवृत्तिमा पढ्ने विद्यार्थीसंग संलग्न गरिएको शुल्क विवरण । ५. गरीव तथा जेहन्दार दलित विद्याथीहरूको नाममा आउने सरकारद्वारा तोकिएको रकमको गत वर्षको र हालको वर्षको विवरण । ६. गरीव तथा जेहन्दार दलित विद्यार्थीहरूको नाममा आउने सरकारद्वारा तोकिएको रकम, यो वर्ष र गत वर्षमा क-कसका नाममा के-कति रकम वितरण गरियो विद्यार्थीको नाम सहितको सम्पूर्ण विवरण । ७. गरीव तथा जेहेन्दार दलित विद्यार्थीहरूको नाममा आउने सरकारद्वारा तोकिएको रकम वितरणमा विद्यार्थीलाई के-कस्ता आधारमा तोकिएको रकम कुन प्रकृयामा दिईन्थ्यो सम्पूर्ण विवरण ।	
२८	शिक्षक किताबखाना, छाउनी काठमाडौं ।	१. मेरो मिति २०३७ पौष मसान्तदेखि २०४८।५।२० सम्मको अवकाशको अवधि मेरो सेवा अवधिमा नै जोडिएर गणना गरीयो वा गरिएन ? नगरिएको भए किन गरिएन, त्यसको कारण । २. त्यसरी अवकासमा परेका शिक्षकहरूको सेवा अवधि गणना गर्दा अवकाशको अवधीलाई सेवा अवधिमा गणना गरिएको छ, छैन ? गरिएको भए क-कस्को गरियो, तिनिहरूको नाम, विद्यालय र ठेगाना । ३. मैले सेवा अवधी जोडी पाउँ भनी मिति २०६९।०४।१० गते त्यस किताबखानामा दिएको निवेदन दर्ता नं. १६२ उपर के कारबाही भयो, भएन त्यसको लिखित जानकारी । कुनै निर्णय नभएको भए, निर्णय किन नगरिएको हो त्यसको जानकारी ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
		४. निवेदन दिएको २ महिना वितिसक्दा पनि निर्णय नहुनुको कारण के हो ? ५. निर्णय नगर्ने, ढिलो गर्ने पदाधिकारी को हो ? त्यस्ता पदाधिकारीलाई दायित्व पूरा नगरेकोमा कारबाही हुन्छ हुदैनरु त्यो निवेदन पहिले देखि अहिलेसम्म कुन पदाधिकारीको जिम्मामा छ ? ६. सामान्यतया यस्तो एउटा निवेदन परेपछि कति दिनमा काम भैसक्नुपर्ने हो त्यस्को जानकारी । ७. निर्णय हुने भए कुन नियम अनुसार हुन्छ, त्यसको जानकारी । नहुने भए किन कारबाही हुदैन ? ८. अव उक्त मेरो निवेदन उपर निर्णय हुन कति समय लाग्छ र मैले कहिले जानकारी पाउँछु ?	
२९	नेपाल संस्कृत विश्वविद्यालय, परीक्षा नियन्त्रक कार्यालय ।	१. मिति २०६९ साल जेठ महिनामा परीक्षाफल प्रकाशित भएको आचार्य द्वितीय खण्डको सिद्धान्त ज्योतिष विषयको षष्ठ पत्रको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि ।	
३०	उपकुलपति, पूर्वाञ्चल विश्वविद्यालय ।	१. उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि माग गर्ने सम्बन्धमा विद्यार्थीलाई उपलब्ध गराउने व्यवस्था सहितको निर्देशिकाको प्रमाणित प्रतिलिपि ।	
३१	शिक्षा मन्त्रालय ।	श्री संकट मोचन उच्च मा.वि. जनकपुर धनुषा केन्द्रमा लिएको परीक्षाको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि पाउँ ।	
३२	कृषि र पशु विज्ञान अध्ययन संस्थान रामपुर, चितवन ।	माग बमोजिमको सूचना उपलब्ध नगराएको ।	
३३	त्रिभुवन विश्वविद्यालय, कानून संकाय, काठमाडौ	१. त्रिभुवन विश्वविद्यालयको कानुन संकायमा कानुन विषयमा ५ वर्षे स्नातक तह अध्ययनका लागि दुर्गम कोटाबाट कतिजनाले अध्ययन गर्न पाउने व्यवस्था छ ? २. सो कोटामा आवेदन गर्ने नीतिगत आधार के हुन ? त्यस सम्बन्धी कुनै निर्देशिका वा नियम भए सोको प्रमाणित प्रतिलिपि । ३. सो छात्रवृत्ति प्राप्त गर्नका लागि पछिल्लो ३ वर्ष शैक्षिक वर्षमा कतिजना विद्यार्थीहरूले आवेदन दिएका थिए ? सोको विवरण एवं सो आवेदनको प्रमाणित प्रतिलिपि र ती मध्ये छनौट भएर अध्ययन गरिरहेको विद्यार्थीहरूको नामावलीको प्रमाणित प्रतिलिपि ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
३४	जुके मा.वि., भड्पुका सूचना अधिकारी ।	१.जुके मा.वि. व्यवस्थापन समितिको मिति २०६९।४।१९, २०६९।४।२२, २०६९।४।२३ र २०६९।९।४ को वैठकको निर्णय ।	
३५	उच्च माध्यमिक शिक्षा परिषद् ।	वैशाख महिनामा संचालित कक्षा १२ को विज्ञान संकाय अन्तर्गको chemistry विषयको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि माग ।	
३६	दाङ्ग जिल्ला लाहार पानी गा.वि.स.को श्री वाल विकास प्रा.वि. तिमिले दाङ्ग ।	सरीता वली, दुर्गा वहादुर नेपाली र मति पुनको प्राप्तांक सहितको नतिजा सम्बन्धी कागजातको प्रतिलिपि	
३७	बुढानीलकण्ठ स्कूल ।	१ प्रचलित कानून अनुसार २०६८ माघदेखि हालसम्म सामाजिक विज्ञान विभाग प्रमुखले पाउने सम्पूर्ण सेवा सुविधाको विवरण । २ प्रिन्सिपलको पत्रानुसार SMT समेतको संलग्नतामा गैह्र कानूनी सजाय गरी म र मेरो परिवारलाई मानसिक यातना दिएकोले कानून बमोजिम मानसिक यातना विरुद्धको क्षतिपूर्ति । ३ गैह्र कानूनी निर्णय बदर गराउन कानून व्यवसायी सँग गरेको परामर्श खर्च, यातायात र मसलन्द खर्च वापतको रकम ।	
३८	भोला उच्च माध्यमिक विद्यालय	१ वि.सं २०६३ सालदेखि हालसम्मको वार्षिक हिसाव किताव स्पष्ट देखिने कागजहरू जस्तै वासलात लेखापरीक्षण प्रतिवेदन आदि । २ वर्तमान विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र सदस्यको नाम ठेगाना सम्पर्क फोन नं र समितिले हालसम्म गरेको सवै निर्णयहरूको फोटोकपि । ३. वि.सं २०६६ सालदेखि हालसम्म कक्षा ९ । १० का विद्यार्थीको हाजिरी पुस्तिकाको फोटोकपी । ४. SLC, TEST दिने र SLC को परीक्षामा सहभागी सम्पूर्ण विद्यार्थीको नाम ठेगाना २०६६ देखि हालसम्मको ।	
३९	परीक्षा नियन्त्रण कार्यालय ।	उत्तरपुस्तिका प्राप्त गर्नका लागि तोकिएको अत्याधिक शुल्क खारेज गरी वैज्ञानिक र वास्तविक शुल्क निर्धारण गरी पाउँ भनी यस आयोगमा मिति २०६९।१०।२४ मा निवेदन गरेको ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
४०	कोटेश्वर बहुमुखी क्याम्पस ।	उक्त क्याम्पसबाट उपलब्ध गराइएको सूचना अपुरो, अधुरो र अस्पष्ट भएकोले पूर्ण सूचना उपलब्ध हुने व्यवस्था गराई अपूर्ण सूचना दिने क्याम्पस प्रमुखलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही गरी पाउँ ।	
४१	शिक्षा मन्त्रालय, छात्रवृत्ति शाखा	१ मिति २०६९।१०।६ गते शनिवार १:०० देखि ३:०० बजे सम्म संचालित नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको Undergraduate Level(Bio) Sholarship exam मा सोधिएको प्रश्नावलीको सहि उत्तर विवरणको प्रमाणित प्रतिलिपि । २ उक्त परीक्षामा म निवेदकले उत्तर गरेको उत्तर पुस्तिकाको प्रमाणित प्रतिलिपि । ३ उक्त परीक्षाको उत्तरपुस्तिकाको जाँच गर्ने प्रक्रियासंग सम्बन्धित कम्प्युटर Scan प्रति र सो संग सम्बन्धित सम्पूर्ण प्रक्रिया विवरणको प्रमाणित प्रतिलिपि ।	
४२	शिक्षा मन्त्रालय, छात्रवृत्ति शाखा	१ मिति २०६९।१०।६ गते शनिवार १:०० देखि ३:०० वजे सम्म संचालित नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको Undergraduate Level (Bio) Sholarship exam मा सोधिएको प्रश्नावलीको सहि उत्तर विवरणको प्रमाणित प्रतिलिपि । २ उक्त परीक्षामा म निवेदकले उत्तर गरेको उत्तर पुस्तिकाको प्रमाणित प्रतिलिपि । ३ उक्त परीक्षाको उत्तरपुस्तिकाको जाँच गर्ने प्रक्रियासंग सम्बन्धित कम्प्युटर Scan प्रति र सो संग सम्बन्धित सम्पूर्ण प्रक्रिया विवरणको प्रमाणित प्रतिलिपि ।	
४३	शिक्षा मन्त्रालय, छात्रवृत्ति शाखा	१ मिति २०६९।१०।६ गते शनिवार १:०० देखि ३:०० बजे सम्म संचालित नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको Undergraduate Level (Bio) Sholarship exam मा सोधिएको प्रश्नावलीको सहि उत्तर विवरणको प्रमाणित प्रतिलिपि । २ उक्त परीक्षामा म निवेदकले उत्तर गरेको उत्तर पुस्तिकाको प्रमाणित प्रतिलिपि ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
		३ उक्त परीक्षाको उत्तरपुस्तिकाको जाँच गर्ने प्रक्रियासंग सम्बन्धित कम्प्युटर Scan प्रति र सो संग सम्बन्धित सम्पूर्ण प्रक्रिया विवरणको प्रमाणित प्रतिलिपि ।	
४४	शिक्षा मन्त्रालय, छात्रवृत्ति शाखा	१ मिति २०६९।१०।६ गते शनिवार १:०० देखि ३:०० बजे सम्म संचालित नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको Undergraduate Level (Bio) Sholarship exam मा सोधिएको प्रश्नावलीको सहि उत्तर विवरणको प्रमाणित प्रतिलिपि । २ उक्त परीक्षामा म निवेदकले उत्तर गरेको उत्तर पुस्तिकाको प्रमाणित प्रतिलिपि । ३ उक्त परीक्षाको उत्तरपुस्तिकाको जाँच गर्ने प्रक्रियासंग सम्बन्धित कम्प्युटर Scan प्रति र सो संग सम्बन्धित सम्पूर्ण प्रक्रिया विवरणको प्रमाणित प्रतिलिपि ।	
४५	शिक्षा मन्त्रालय, छात्रवृत्ति शाखा	१ मिति २०६९।१०।६ गते शनिवार १:०० देखि ३:०० वजे सम्म संचालित नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको Undergraduate Level(Bio) Sholarship exam मा सोधिएको प्रश्नावलीको सहि उत्तर विवरणको प्रमाणित प्रतिलिपि । २ उक्त परीक्षामा म निवेदकले उत्तर गरेको उत्तर पुस्तिकाको प्रमाणित प्रतिलिपि । ३ उक्त परीक्षाको उत्तरपुस्तिकाको जाँच गर्ने प्रक्रियासंग सम्बन्धित कम्प्युटर Scan प्रति र सो संग सम्बन्धित सम्पूर्ण प्रक्रिया विवरणको प्रमाणित प्रतिलिपि ।	
४६	शिक्षा मन्त्रालय, छात्रवृत्ति शाखा	१ मिति २०६९।१०।६ गते शनिवार १:०० देखि ३:०० वजे सम्म संचालित नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको Undergraduate Level(Bio) Sholarship exam मा सोधिएको प्रश्नावलीको सहि उत्तर विवरणको प्रमाणित प्रतिलिपि । २ उक्त परीक्षामा म निवेदकले उत्तर गरेको उत्तर पुस्तिकाको प्रमाणित प्रतिलिपि ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
		३ उक्त परीक्षाको उत्तरपुस्तिकाको जाँच गर्ने प्रक्रियासंग सम्बन्धित कम्प्युटर Scan प्रति र सो संग सम्बन्धित सम्पूर्ण प्रक्रिया विवरणको प्रमाणित प्रतिलिपि ।	
४७	शिक्षा मन्त्रालय, छात्रवृत्ति शाखा	१ मिति २०६९।१०।६ गते शनिवार १:०० देखि ३:०० बजे सम्म संचालित नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको Undergraduate Level(Bio) Sholarship exam मा सोधिएको प्रश्नावलीको सहि उत्तर विवरणको प्रमाणित प्रतिलिपि । २ उक्त परीक्षामा म निवेदकले उत्तर गरेको उत्तर पुस्तिकाको प्रमाणित प्रतिलिपि । ३ उक्त परीक्षाको उत्तरपुस्तिकाको जाँच गर्ने प्रक्रियासंग सम्बन्धित कम्प्युटर Scan प्रति र सो संग सम्बन्धित सम्पूर्ण प्रक्रिया विवरणको प्रमाणित प्रतिलिपि ।	
४८	शिक्षा मन्त्रालय, छात्रवृत्ति शाखा	१ मिति २०६९।१०।६ गते शनिवार १:०० देखि ३:०० बजे सम्म संचालित नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको Undergraduate Level(Bio) Sholarship exam मा सोधिएको प्रश्नावलीको सहि उत्तर विवरणको प्रमाणित प्रतिलिपि । २ उक्त परीक्षामा म निवेदकले उत्तर गरेको उत्तर पुस्तिकाको प्रमाणित प्रतिलिपि । ३ उक्त परीक्षाको उत्तरपुस्तिकाको जाँच गर्ने प्रक्रियासंग सम्बन्धित कम्प्युटर Scan प्रति र सो संग सम्बन्धित सम्पूर्ण प्रक्रिया विवरणको प्रमाणित प्रतिलिपि ।	
४९	नेपाल सरकार शिक्षा मन्त्रालय शिक्षा विभाग अन्गारगतको केन्द्रीय शुल्क अनुगमन समिति नेपाल सरकार शिक्षा मन्त्रालय शिक्षा विभाग अन्गारगतको केन्द्रीय शुल्क अनुगमन समिति ।	नेपाल सरकार शिक्षा मन्त्रालय शिक्षा विभाग अन्गार्गतको केन्द्रीय शुल्क अनुगमन समितिको वैठकले निर्णय गरिएको भन्ने सुनिएको र यस्तो प्रावधान कानून विपरीत हुन जाने भएकोले यथार्थमा के भएको हो ? निर्णय भएको भए सोको प्रतिलिपि	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
५०	त्रिभुवन आदर्श उच्च माध्यमिक विद्यालय विन्धी धनुषा ।	१ यस त्रिभुवन आदर्श उच्च माध्यमिक विद्यालय विन्धीको आयको विगत १० आर्थिक वर्ष २०५८/०५९ देखि २०६८/०६९ सम्म विकास बजेट शिर्षकमा आएको प्रत्येक वर्षको बजेट छुट्टिने गरी सम्पूर्ण रकम विवरणको प्रमाणित प्रतिलिपि । २ उक्त १० आर्थिक वर्ष २०५८/०५९ देखि आ.ब. २०६८/०६९ भित्र संचालित विकास निमार्ण परियोजनाको विवरण र ती विकास निमार्ण परियोजनामा विनियोजित रकम विवरणको प्रमाणित प्रतिलिपि । ३ उक्त अवधि २०५८/०५९ देखि आ.ब. २०६८/०६९ मा संचालित ती परियोजनामा खर्च भएको रकम र शीर्षकको यथार्थ विवरण र खर्च नभइकन बेरुजु बसी अर्को आ.व.का लागि सरेको रकम । ४ यस त्रिभुवन आदर्श उच्च माध्यमिक विद्यालय विन्धीको विगत १० आर्थिक वर्ष २०५८/०५९ देखि २०६८/०६९ सम्मको आम्दानी तथा खर्च विवरणको प्रमाणित प्रतिलिपि ।	
५१	प्रगति शिक्षा सदन कुपन्डोलका प्रधानाध्यापक	१. २०३० साल पूर्वको शिक्षकको सेवा अवधि जोडनको लागि तत्कालिन श्री ५को सरकार हाल नेपाल सरकारले ३ वर्ष सेवा अवधि पुरा गरेको शिक्षकलाई १ ग्रेड थप तलव सुविधा बढाउनको लागि गरेको निर्णयको प्रमाणित प्रतिलिपि । २. बुँदा नं. १को निर्णय अनुसार निवेदकले उक्त सुविधा प्राप्त गरी खाइपाइ आएको तलव विवरणको भर्पाईको प्रमाणित प्रतिलिपि । ३. मिति २०४६।११।९ को तत्कालिन जिल्ला पञ्चायत सचिवालय शिक्षा शाखा ललितपुरको च.नं ८६१ को पत्र अनुसार श्री आर्दश सौल युवक मा.वि. वुंगमतिमा काज सरुवा भै जानुअघि कार्यरत विद्यालय श्री प्रगति शिक्षा सदनमा मिति २०४३।८।१३ देखि मिति २०४६।११।१३ सम्मको हाजिर रेकर्डको प्रमाणित प्रतिलिपि ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
५२	पोखरा विश्वविद्यालयका परीक्षा नियन्त्रक ।	१. उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउने सम्बन्धमा कार्यविधि निर्माण नहुदासम्म निवेदकको उत्तरपुस्तिका नष्ट नगर्न आदेश गरि दिने । २. उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउने सम्बन्धमा कार्यविधि निर्माण यथासक्य छिटो गर्नु भन्ने आदेश हुन पर्ने । ३. उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउने सम्बन्धमा कार्यविधि निर्माण गर्न लाग्ने समयावधि निवेदकलाई जानकारी दिनू भनि आदेश गरि दिनु पर्ने ।	
५३	त्रि. वि. वि. सेवा आयोगका अध्यक्ष ।	१ त्रि. वि.वि. सेवा आयोगका कार्यालय प्रमुखले गरेको विज्ञापन नं. २/०६९/०७० को आन्तरिक प्रतियोगिता अन्तर्गत कानून विषयको प्राध्यापक पदको सम्पूर्ण १५ जनाको मूल्यांकनको प्राप्तांक सहित निर्णयको प्रतिलिपी २ नेपाल ल क्याम्पस प्रमुखले दिएको मूल्यांकनबाट प्राप्त अंक र सो सम्बन्धमा शिक्षाध्यक्षयले पुनरावलोकन गरेको निर्णय प्रतिलिपी । ३ कृति मूल्यांकनको निर्णय प्रतिलिपी । ४ अन्तर्वार्ताको अंक र निर्णय प्रतिलिपी ५. शिक्षण तथा अनुभवको निर्णय प्रतिलिपी ।	
५४	शिक्षा मन्त्रालयका प्रमुख (सचिव) ।	नेपाल सरकार राष्ट्रिय योजना आयोगबाट बनाएको नेपाल पुस्तक नीतिको मस्यौदाको प्रमाणित प्रतिलिपि ।	
५५	त्रि.वि.वि. सेवा आयोगका प्रमुख ।	१. मिति २०६९।१२।१ मा संचालित त्रिभुवन विश्वविद्यालयको सेवा आयोगबाट लिएको वढुवाका लागि भएका आन्तरिक प्रतियोगिताबाट वढुवा प्रयोजनको निमित्त निवेदक प्रतियोगीले प्राप्त गरको सम्पूर्ण मूल्यांकनमा तल उल्लेखित विषयमा प्राप्त गरेको अङ्क स्पष्ट खुल्ने विवरणको प्रमाणित प्रतिलिपि । ● शैक्षिक योग्यता वापत प्राप्ताङ्क । ● अनुसन्धान तथा कृति प्रकाशन वापत प्राप्ताङ्क । ● शिक्षण सेवा अनुभव वापत प्राप्ताङ्क । ● कार्य सम्पादन मुल्यांकन वापत प्राप्ताङ्क । ● अन्तर्वार्ता वापत प्राप्ताङ्क ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
५६	बूढानीलकण्ठ स्कूल प्रिन्सिपल छनौट समिति सचिवालयका सदस्य सचिव ।	१. बूढानीलकण्ठ स्कूल प्रिन्सिपल छनौट समितिद्वारा विद्यालय विकास सम्बन्धी अवधारणा पत्र प्रस्तुतीकरण कुन कुन आधारमा गरिएको हो, त्यसकको लिखित जानकारी । २. सो प्रतियोगितामा मेरो निवेदकको प्राप्ताङ्क र स्थान के हो ? ३. सो प्रतियोगितामा अधिकतम् प्राप्ताङ्क कति हो र न्यूनतम प्राप्ताङ्क प्राप्त गरेको कति हो ?	
५७	श्री सरस्वती माध्यमिक विद्यालय बुङनाम कुन्तादेवी ३ का अध्यक्ष र जि.शि.का.ओखलढुङ्गाका प्रमुख (जि.शि.अ) ।	**(क) विद्यालय व्यवस्थापन समितिबाटः** ● ०६९।८।२० गते काठमाडौंबाट रजिष्ट्री गरी पठाएको निवेदन तथा मेडिकल रिपोर्ट जुन विद्यालयमा २०६९।९।२३ गते बुझिएको छ सोको प्रमाणित विवरण तथा सो निवेदन र मेडिकल रिपोर्टको प्रमाणित प्रतिलिपि ● विद्यालयले २०६९ मंसिरमा गरेको स्थानिय विदा (कति दिन, कुन मिति देखि कुन मिति सम्म) को प्रमाणित नक्कल । ● विद्यालयमा काम गरेको पछिल्लो महिनाको हाजिरको प्रमाणित नक्कल । ● मिति २०६९।१२।१४ गते जिल्ला हुलाक कार्यालय ओखलढुङ्गाबाट रजिष्ट्री गरी पठाएको निवेदनहरू कसले कुन मितिमा बुझेको तथा सो निवेदनहरूको प्रमाणित नक्कल । **(ख) जिल्ला शिक्षा कार्यालय ओखलढुङ्गाबाट** ● जिल्ला शिक्षा कार्यालयले निवेदकको नाममा पछिल्लो कुन महिनासम्म तलव निकासा गरेको हो ? सोको प्रमाणित नक्कल । ● मिति २०६९।१२।१४ गते जिल्ला हुलाक कार्यालय ओखलढुङ्गाबाट रजिष्ट्री गरी पठाएको निवेदनहरू कसले कुन मितिमा बुझेको हो ? सोको विवरण तथा निवेदनको प्रमाणित नक्कल ।	
५८	त्रि.वि.वि.सेवा आयोग ।	१. सम्पूर्ण उम्मेदवारहरूले प्राप्त गरेको प्राप्तांक तालिका । २. सम्पूर्ण उम्मेदवारहरूको अनुसन्धान तथा कृति प्रकाशनको मूल्यांकन गरिएको सूचीको प्रतिलिपि । ३. उक्त कृति मूल्यांकनको को कतिजनाबाट गरिएको हो ? सोको प्रतिलिपि ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
५९	त्रि.वि.वि.सेवा आयोग ।	१. सम्पूर्ण उम्मेदवारहरूले प्राप्त गरेको प्राप्तांक तालिका । २. सम्पूर्ण उम्मेदवारहरूको अनुसन्धान तथा कृति प्रकाशनको मूल्यांकन गरिएको सूचिको प्रतिलिपि । ३. उक्त कृति मूल्यांकनको कतिजनाबाट गरिएको हो ? सोको विवरण ।	
६०	त्रि.वि.वि.परीक्षा नियन्त्रण कार्यालय ।	२ वर्षको लागि निष्काशित गर्नु परेको कारण ।	
६१	जिल्ला शिक्षा कार्यालय कास्की ।	पोखरा उप महानगरपालिका वडा नं. १ को श्रीकृष्ण कुमार श्रेष्ठ समेतको नाममा दर्ता भएको हयाप्पी वोडीङ्ग स्कूल नामसारी गरी पाउँ ।	
६२	वैतडी गाँजरी गा.वि.स. वडा नं. ५ को शिवलिङ्ग मा.वि.का प्र.अ. राम सिंह धामी समेत २ जना ।	विद्यालयको रकम हिनामिनाका सम्बन्धमा ।	
६३	क्षीरेश्वर जनता उच्च मा.वि. शैक्षिक गुठी महेन्द्रनगर धनुषा ।	१. २०५९ देखि २०६९ को हालसम्म कति पटक वैठक वस्यो र सो वैठकहरू कहिले कहिले कुन कुन मितिमा वस्यो, वैठकमा उपस्थित भएका गुठियारहरूको नामावली, प्रत्येक वैठकले गरेको निर्णयको प्रमाणित प्रतिलिपि । २. २०५९ देखि २०६९ को हालसम्म कुन कुन मितिमा कहिले कहिले साधारण सभा बोलाइयो र सो साधारण सभामा को को उपस्थित थिए, र कुन कुन साधारण सभाले के के शिक्षा ऐन र नियमको परिधिमा रहेर विधान संशोधन गऱ्यो वा गरेन सबै साधारण सभा गरिएको म्याइनुटको प्रतिलिपि । ३. २०५९ देखि २०६९ को हालसम्मको वार्षिक लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि । ४. २०५९ देखि २०६९ को हालसम्म यस परिधि भित्र परेका सदस्यहरूका नामावली र सो सदस्यहरूबाट प्रत्येक वर्ष उठेको जम्मा रकमको विस्तृत विवरण र विल भर्पाइको प्रतिलिपि तथा उक्त रकम के प्रयोजनको निम्ति खर्च गरियो/गरिएन वा हालसम्म सो रकम कहाँ मौज्दात छ, प्रत्येक वर्षको छुट्टा छुट्टै विस्तृत विवरण ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
		५. गुठीको विधान अनुसार एसएलसी वा सो सरहका शैक्षिक योग्यता नभएका व्यक्तिले सदस्य हुन चाहेमा सहयोग नगद रु १,००,०००।– वा सो भन्दा वढीको चल अचल वा श्री सम्पति सहयोग गरेको हुनु पर्दछ । भन्ने व्यवस्था गरिएको हुदा यस परिधि भित्र रहेर २०५९ देखि २०६९ को हालसम्म कति जनाले सदस्यता लिए वा लिएनन् त्यसको जानकारी , यस परिधि भित्र रहेर कसैले सदस्यता प्राप्त गरेको भए, सो व्यक्तिहरूको विस्तृत विवरण अनि सहयोग वापत बुझाएको रकमको रसिदको अधकट्टी वा अचल सम्पति सहयोग गरेको भए त्यसको विस्तृत विवरणको प्रमाणित प्रतिलिपि । ६. वर्तमान अवस्थामा रहेका यस शैक्षिक गुठीका सदस्यहरूको विस्तृत विवरण र प्रत्येक गुठीयार सदस्यलाई कुन कुन प्रक्रिया वा विधानको कुन परिधि भित्र रहेर कहिले कहिले सदस्यता प्रदान गरिएको हो सोको विस्तृत जानकारी प्रतिवेदन ।	
६४	भेरी प्राविधिक शिक्षालय ।	आवश्यक सहयोग पाउँ ।	
६५	जिल्ला शिक्षा कार्यालय बारा ।	१. जिल्ला शिक्षा कार्यालय, बारामा शिक्षकहरूले २०६८ सालको कार्यसम्पादन मुल्याङ्कन फारम मिति २०६९।०१।०१ देखि २०६९।०२।१४ गते सम्म दर्ता भएकोमा सबै तहमा दर्ता भएका दर्ता नम्बर अंकित गरि तह अनुसारको नाम तह उल्लेख गरिएको सूची उपलब्ध गराउने ।	
६६	श्री ५ महेन्द्र उ.मा.वि.ठूलादुर्लुङ्ग-४, ललितपुर	१. श्री ५ महेन्द्र उ.मा.वि.ठूलादुर्लुङ्ग-४, ललितपुरको २०६९।१२।२७ को सूचना बमोजिम प्रा.वि. तृतीय श्रेणीको शिक्षक पदमा पूर्ति गर्न २०७०।१।११ गते लिएको लिखित परीक्षा र वैशाख १६ गते लिएको मौखिक परीक्षाको नतिजाको सम्पूर्ण जानकारी । २. विद्यालयको आय व्यय विवरण । ३. वि.सं.२०६७ को स्वर्ण महोत्सवको हिसाबको विवरण । ४. खानेपानी योजना ।	
६७	जिल्ला शिक्षा कार्यालय वेनी, म्याग्दी ।	१ नेपाल सरकारको सामुदायिक विद्यालयको कक्षा ८ को अंग्रेजी विषयको पाठ्यपुस्तकको पृष्ठ नं ११४ मा (१५.४ listing) अन्तर्गत क्र.सं.४ मा	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
		चीन र उसको सिमानास्थित देशहरूको नामावलीमा सिक्किम अलग देशको रूपमा उल्लेख गरिएको । २ उक्त नामावलीमा वर्मादेश उल्लेख भएको छ । वर्मा देशको नाम म्यानमार भएको छ ।	
६८	परीक्षा नियन्त्रक, पोखरा विश्वविद्यालय ।	(१) Engineering Maths III (MTH 211.3) को परीक्षामा मलाई Expelled गरिएको कारणवारे जानकारी गराई पाउँ ।	
६९	उपकूलपति, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल । कार्यालय प्रमुख, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल ।	(१) २०६९ साउनदेखि हाल सम्म टेण्डर तथा कोटेशन मार्फत खरिद गरिएका तल उल्लेखित खरिद आदेशका प्रमाणित प्रतिलिपी । सामाग्रीहरू : औषधि, उपकरण, मेसिनरी, सर्जिकल सामान, स्टेशनरी, मसलन्द तथा कार्यालय सञ्चालनसँग सम्बन्धित बस्तु, सामान, मेशिनरी, प्रिन्टेड, इलेक्ट्रोनिक सरसामान लगायतको प्रमाणित प्रतिलिपी । (२) २०६९ साल साउनदेखि हाल सम्म स्वीकृत भएका निर्माण तथा मर्मत आदेशको प्रमाणित प्रतिलिपी ।	
७०	अध्यक्ष, नेपाल शिक्षक यूनियन, गौरीघाट, बौद्धमार्ग ।	१) नेपाल विद्यालय कर्मचारी परिषद्ले पेश गरेको परिषद्को निर्णय र निवेदनको प्रतिलिपी । २. नेपाल शिक्षक यूनियनले कर्मचारी परिषदलाई आवद्धता सदस्यता दिनका लागि गरेको निर्णय र सो को पत्राचार गरेको पत्रको फोटोकपी ।	
७१	कार्यालय प्रमुख, श्री निम्न माध्यमिक विद्यालय, इटारी प्रसाही । सूचना अधिकारी, श्री निम्न माध्यमिक विद्यालय, इटारी प्रसाही ।	१ त्यस विद्यालय स्थापना भए यता चालु आर्थिक बर्ष चैत्र मसान्तसम्मको कूल सम्पत्ति जनाउने प्रमाणित जानकारी । २. त्यस विद्यालयकै सम्पत्तिका रूपमा कुनै जग्गा जमिन वा त्यस्तै अचल सम्पत्ति भए त्यसको प्रमाणित विवरण । ३. त्यस विद्यालयको गत आ.ब.२०६८/०६९ तथा चालू आ.ब.२०६९/०७० चैत्र मसान्तसम्मको कूल आम्दानी र खर्च जनाउने कागजातको प्रमाणित प्रतिलिपी ।	
७२	अध्यक्ष, ग्रामर पब्लिक स्कूल, का.जि.का.म.न.पा.वडा नं. ३५, कोटेश्वर ।	१ त्यस विद्यालयमा रहेको सम्पूर्ण विद्यार्थीहरूको सङ्ख्या (नामावली समेत र कक्षा अनुसारको छुट्टा छुट्टै) जनाउने प्रमाणित प्रतिलिपी ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
		२ त्यस विद्यालयमा जि.शि.का.काठमाडौंले छात्रवृत्तिकालागि पठाएको विद्यार्थीको नामावली साथै जि.शि.का.काठमाडौंले सो विद्यार्थीहरूलाई पठाएको छात्रवृत्ति सिफारिश पत्रको प्रमाणित प्रतिलिपी । ३ त्यस विद्यालयले शिक्षा ऐनमा तोकेको १० प्रतिशत विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराएको छ वा छैन ? छैन भने किन नदिएको हो कारण सहितको प्रमाणित जानकारी र यदि दिएको छ भने सो छात्रवृत्ति पाउने सम्पूर्ण विद्यार्थीको नामावली, कक्षा, अभिभावकको नाम समेत उल्लिखित प्रमाणित जानकारी । ४ त्यस विद्यालयले शिक्षा ऐनले तोके बमोजिम अघिल्लो बर्ष भर्ना भईसकेका विद्यार्थीहरू संग भर्ना शुल्क लिएको छ छैन ? यदि छ भने किन शिक्षा ऐनको उल्लङ्घन गरिएको हो सो को प्रमाणित जानकारी र यदि त्यस विद्यालयले अघिल्लो वर्ष भर्ना भएका विद्यार्थीहरूसँग भर्ना शुल्क लिएको छैन भने भर्ना शुल्क नलिईएका सम्पूर्ण विद्यार्थीहरूको नामावलीको प्रमाणित प्रतिलिपी । ५ त्यस विद्यालयको मासिक शुल्क, भर्ना शुल्क, परीक्षा शुल्क, बार्षिक शुल्क लगायत सम्पूर्ण शुल्कहरूको प्रमाणित विवरण । ६ त्यस विद्यालयले व्यवस्थापन समिति गठन गरेको छ कि छैन ? यदि छ भने हालको व्यवस्थापन समितिका सदस्यहरूको प्रमाणित नामावली विवरण र यदि गठन गरेको छैन भने के कति कारणले हाल सम्म गठन नगरिएको हो सो को प्रमाणित जानकारी ।	
७३	कार्यालय प्रमुख, उच्च माध्यमिक शिक्षा परिषद्, सानो ठिमी, भक्तपुर । सूचना अधिकारी, उच्च माध्यमिक शिक्षा परिषद्, सानो ठिमी, भक्तपुर ।	१. उच्च माध्यमिक शिक्षा परिषद्को दर्ता नं ३१३८ मिति २०७०।२।९ मा दर्ता भएको निवेदन बमोजिमको सूचनाहरू ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
७४	जिल्ला शिक्षा अधिकारी, जिल्ला शिक्षा कार्यालय, काठमाडौं ।	१. कोटेश्वर बहुमुखी क्याम्पसको उच्च माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्षको पदमा शैक्षिक बर्ष २०६३ देखि यता हाल सम्म त्यस जिल्ला शिक्षा कार्यालयका जिल्ला शिक्षा अधिकारीले जम्मा कतिपटक को को व्यक्तिहरूलाई मनोनयन गर्नका लागि उक्त परिषद् समक्ष सिफारीस गरिएको छ । सिफारीस पत्रहरूको प्रमाणित प्रतिलिपीहरू ।	
७५	श्री उपकुलपति, उपकुलपतिको कार्यालय (योजना महाशाखा) त्रिभुवन विश्वविद्यालय किर्तिपुर काठमाण्डौं ।	१. उपकुलपतिको कार्यालयको दर्ता नं. १७८४, मिति २०७०।२।२ गतेको निवेदनमा उल्लेखित नं. ७ र २० वाहेकका सूचनाहरू ।	
७६	प्रमुख, उच्च माध्यमिक शिक्षा परिषद् ।	उच्च माध्यमिक शिक्षा परिषद्ले २०५९ सालमा लिएको परीक्षाको कक्षा ११ र १२ को English, Physics, Chemestry, र Biology विषयको उत्तर पुस्तिको प्रमाणित प्रतिलिपि ।	
७७	क्याम्पस प्रमुख - रत्न राज्यलक्ष्मी क्याम्पस काठमाडौं। सूचना अधिकारी - रत्न राज्यलक्ष्मी क्याम्पस काठमाडौं।	१. उप प्राध्यापकको तलव स्केल । २. केही वर्ष वा केही महिना अघिसम्म त्यस क्याम्पसमा अंग्रेजी विषयको प्राध्यापन गराउने शिक्षक गोविन्दबहादुर कार्कीले त्यस क्याम्पसमा विहान, दिउसो वा वेलुका कुन समयमा प्राध्यापन कार्य गर्नुहुन्थ्यो ? सोको प्रमाणित प्रतिलिपि । ३. केही वर्ष वा केही महिना अघिसम्म त्यस क्याम्पसमा अंग्रेजी विषयको प्राध्यापन गराउने शिक्षक गोविन्दबहादुर कार्कीले त्यस क्याम्पसमा करार सेवा वा अस्थायी सेवा मध्ये कुन सेवामा रहेर काम गर्नुहुन्थ्यो ? सोको प्रमाणित प्रतिलिपि । ४. केही वर्ष वा केही महिना अघिसम्म त्यस क्याम्पसमा अंग्रेजी विषयको प्राध्यापन गराउने शिक्षक गोविन्दबहादुर कार्कीले त्यस क्याम्पसमा कुन मितिदेखि कुन मितिसम्म अंग्रेजी विषयको प्राध्यापन गराउनु भएको थियो ? सोको प्रमाणित प्रतिलिपि ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
७८	प्रमुख, त्रि.वि.वि. अनुगमन समितिको कार्यालय । सूचना अधिकारी, त्रि.वि.वि. अनुगमन समितिको कार्यालय ।	१. त्रि.वि.वि.अनुगमन समितिको कार्यालयले नियमानुसार २०६० साल देखि यता हालसम्म कोटेश्वर बहुमुखि क्याम्पस (त्रि.वि.सम्बन्धन प्राप्त) को अनुगमन कार्य गर्न खटाएको पदाधिकारीले आफ्नो कार्य सम्पन्न गरी तत्सम्बन्धमा त्यस कार्यालय समक्ष पेश गरेको (कोटेश्वर ब. क्याम्पसको नाउँको फाइलमा रहेको) प्रतिवेदन लगायत लिखत कागजातहरूको प्रमाणित प्रतिलिपि । २. त्रि.वि.वि. कार्यकारी परीषद्को मिति २०६९।१।१७ को निर्णय बमोजिम त्यस त्रि.वि. अनुगमन समितिको कार्यालयले त्रि.वि.बाट सम्बन्धन प्राप्त गरेर सञ्चालन भएको उक्त कोटेश्वर व.क्याम्पसमा कार्यरत शिक्षहरूको (तथ्यांक/विवरण सम्बन्धी प्रश्नावली फाराम ३ भरी) विवरण माग गरेकोले उक्त क्याम्पसको क्या.प्र.ले सो अनुसारको मिति २०६९।४।३० मा त्यस अनुगमन समितिको कार्यालयमा पेश गर्नुभएको शिक्षक विवरण (शैक्षिक विवरण) को प्रमाणित प्रतिलिपि ।	

२. अर्थ तथा वित्तीय

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
१	नेपाल शेयर मार्केट्स एण्ड फाईनान्स लिमिटेडका प्रमुख तथा अध्यक्ष समेत श्री अर्जुन कुमार श्रेष्ठ र प्रमुख कार्यकारी अधिकृत श्री नन्दनहरि शर्मा ।	DDA (Due Delegence Audit) को प्रतिवेदन ।	
२	एन.आई.डी.सी.डेभलपमेन्ट बैंक लि.दरवारमार्ग काठमाडौंका प्रमुख	एन.आई. डी. सी. डेभलपमेन्ट बैक लि. बाट मिति २०६८।११।०१ गतेको गोरखापत्रमा प्रकाशित शिल्ड टेण्डर सम्बन्धी भएको कारबाहीसंग संलग्न निर्णय सहितको कागजातको प्रमाणित प्रतिलिपि ।	
३	एन.आई.डी.सी.डेभलपमेन्ट बैंक लि.दरवारमार्ग काठमाडौंका प्रमुख।	एन.आई.डी. सी. डेभलपमेन्ट बैक लि. बाट मिति २०६८।११।०१ गतेको गोरखापत्रमा प्रकाशित शिल्ड टेण्डर सम्बन्धी भएको कारबाहीसंग संलग्न निर्णय सहितको कागजातको प्रमाणित प्रतिलिपि ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
४	गौरी शंकर डेभलपमेन्ट बैंक केन्द्रीय कार्यालयका अध्यक्ष निलकृष्ण ताम्राकार ।	छानविन समितिको प्रतिवेदन र केहि विषयहरूमा गरेका निर्णयको बोनस वितरण । २०६७/०६८ को Audit Report र व्यबस्थापनको जवाफ सम्बन्धी सूचना	
५	आन्तरिक राजस्व विभाग काठमाडौंको प्रमुख ।	पेन्सन होल्डर (निवृत कर्मचारीहरू) लाई कर छुट एवं कर निर्धारणको बारेमा जानकारी नदिई कर निर्धारण गरेको कारणबाट आयकर ऐन, २०५८ बमोजिम कर छुट सिमाबाट लाभान्वित हुन नसकेकोले कर छुट सम्बन्धमा सार्वजनिक सूचना जारी गरी पाँऊ ।	
६	युवा तथा साना व्यवसायी स्वरोजगार कोष ।	१. युवा तथा साना व्यवसायी स्वरोजगार कोषमा हाल नेपाल सरकार, अन्तराष्ट्रिय संघ संस्था, नेपाली संघ संस्था र व्यक्ति तथा वित्तिय र सहकारी संस्थाबाट प्राप्त रकम समेत गरी कुल कति रकम कोषमा जम्मा भएको छ ? अलग अलग श्रोतबाट अलग अलग मितिमा प्राप्त रकमको अलग अलग विवरण । २. यसरी प्राप्त रकम कुन कुन बैंक, वित्तिय तथा सहकारी संस्थालाई कुन क्षेत्रमा लगानी गर्ने गरी कुन मितिमा, के कति प्रतिशत व्याजमा दिइएको छ ? आ.व २०६७/०६८ तथा २०६८/०६९ मा यसरी प्रदान गरिएको रकमको विभिन्न वित्तिय संस्थासंग भएको सवै सम्झौताको प्रतिलिपिहरू । ३. कोषसंग सम्झौता भई रकम लगेका वित्तिय संस्थाहरू मध्ये कुन कुन वित्तिय संस्थाले लक्ष्य अनुसार के कति लगानी गरेका छन् र कति रकम लगानी गर्न सकेका छैनन् ? लगानी नगर्ने संस्थाहरूको रकम के गरिएको छ ? सो रकम फिर्ता गरेको भए कहिले फिर्ता गरे वा गरेको छैनन् ? छन् भने कुन कुन मितिमा कति फिर्ता गरे सोको सम्पूर्ण विवरण । ४. हालसम्म कोषको रकम बैंकमार्फत ऋण लिने वेरोजगार युवाहरू वा तिनका समुहहरू कोको हुन र तिनको नाम, ठेगाना तथा ऋण	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
		लिएको रकमको परिमाण र व्यवसाय के हो ? त्यो व्यवसाय कहाँ छ ? कुन कुन संस्थाबाट कहिले कर्जा लिएका हुन् ? सोको विस्तृत विवरण । ५. युवा तथा साना व्यवसायी स्वरोजगार कोषसंग हाल कति रकम संञ्चित छ र त्यो रकम कुन कुन बैंक वा वित्तिय संस्थामा कति प्रतिशत व्याजमा राखिएको छ ? कोषको कुन तहको पदाधिकारीको निर्णयबाट सो रकम कुन वित्तिय संस्थामा राखिएको छ, सो सम्बन्धी निर्णयको प्रतिलिपि । ६. कोषको स्थापना भएपछिको हालसम्मको वार्षिक लेखा परीक्षण प्रतिवेदनहरू ।	
७	लगानी वोर्डका कार्यकारी अध्यक्ष (वोर्ड प्रमुख) ।	१. लगानी वोर्डबाट तयार पारिएको PDA पूर्ण पाठ । २. लगानी वोर्डले PDA को पूर्ण पाठ तयार गर्न नियमित बजेटको रकम भन्दा अन्य कुनै रकमको खर्च गरेको छ कि छैन ? छ भने कुन श्रोतबाट कति रकमको व्यवस्था गरिएको छ ? र PDA को पूर्ण पाठ तयार पार्न लागेको कूल खर्च कति हो ?	
८	आन्तरिक राजस्व विभागका महानिर्देशक टंकमणि शर्मा ।	आंशिक सूचना मात्र दिएको ।	
९	आन्तरिक राजस्व विभाग ।	सूचना उपलब्ध गराइदिन आदेश जारी गरी पाउँ ।	
१०	युवा तथा साना व्यवसायी स्वरोजगार कोष ।	प्राप्त सूचना अपूरो तथा आंशिक रूपमा उपलब्ध भएकोले पूर्ण रूपमा सवै सूचनाहरू उपलब्ध गराई पाउँ ।	
११	गरिवी निवारण कोष ।	१. गरिवी निवारण कोष काठमाडौंसंग सम्झौता गरी जाजरकोट जिल्लामा काम गरिरहेका गै.स.स. हरूको नामावली र कार्यक्रम संचालनदेखि हालसम्म कुन कुन गा.वि.स.ले सम्झौता गरी कति कति रकमबाट के के कार्यक्रमहरू संचालन गरिरहेका छन् ? आ.ब. २०६३/६४ देखि हालसम्ममा सम्पूर्ण सम्झौताहरूको प्रमाणित प्रतिलिपि ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
		२. गरिवी निवारण कोष काठमाडौंले जाजरकोट जिल्लामा आ.ब. २०६३/६४ देखि हालसम्म संचालन गरेका कार्यक्रमहरूको प्रगति तथा मुल्यांकन एवं वार्षिक मूल्यांकन प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।	
१२	वीरगंज भन्सार कार्यालय ।		
१३	जिल्ला चितवन रत्ननगर न.पा., सौराहा चोकस्थित नारायणी डेभलप्मेन्ट बैंक लि. ।	कर्जा शाखा प्रमुखसंग सूचना माग ।	
१४	कृषि विकास बैंक, निजगढ शाखा, बारा	१. बैंकले चेक वा नगद रकम वुझाउदा रजिष्टर वुकमा उल्लेख भएको रकमको यथार्य विवरणको प्रतिलिपि । २. बैकले कुन कुन मितिमा के कति ऋण रकम भुक्तानी दिएको हो सो विवरणको प्रतिलिपि ।	
१५	सिद्धार्थ डेभलेप्मेन्ट बैंक तिनकुने काठमाडौंका प्रमुख	सूचना पाउँ भनी निवेदन गर्न जाँदा निवेदन दर्ता गर्न इन्कार गरी सूचना नदिएकोले त्यस्ता पदाधिकारीलाई कारबाही गरी सूचना दिलाई पाउँ	
१६	इन्फ्रास्ट्रकचर डेभलपमेन्ट बैंक ।	सूचना नदिएकोले उपलब्ध गराई पाउँ ।	
१७	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. कर्पोरेट कार्यालय वागवजारका संचालक समितिका अध्यक्ष ।	बैकबाट लिनुपर्ने कम्पनी तथा संचालकहरूको विवरण विभिन्न कम्पनीहरूको शेयर खरिदबिक्री, कर्मचारीले प्राप्त गरेको बोनस आदिको विवरण ।	
१८	NIDC Capital Market को प्रमुख ।	१. NIDC Capital Market ले आवहान गरेको टेण्डर प्रकृया सम्पन्न भए नभएको ? सम्पन्न भएको भए को कसलाई के कारणले दिएको वा नदिएको ? सम्पूर्ण आधार कारण खुलाई लिखित रूपमा टेण्डर प्रकृयाको सूचना दिनू ।	
१९	जनरल फाईनान्स लिमिटेड, चाबहिल, काठमाडौंका प्रमुख ।	१. जनरल फाईनान्स लिमिटेडको कर्मचारी निर्देशिका, २०५५ र त्यस संस्थाको कर्मचारी सेवा, शर्त सुविधा सम्बन्धी नियमावली, २०६२ को प्रतिलिपि ।	
२०	NCM MUTUAL FUND का कार्यकारी प्रमुख ।	डी.डी.ए. रिपोर्ट ।	
२१	कृषि विकास बैंक लि. केन्द्रीय कार्यालयका प्रमुख ।	१. संलग्न निवेदन अनुसार निवेदकसँग सम्बन्धित सम्पूर्ण कागजातको प्रमाणित प्रतिलिपि ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
२२	श्री मध्यमाञ्चल ग्रामीण विकास बैंक लि. को केन्द्रीय कार्यालय जनकपुर ।	१. मिति २०६९/०६/२३ मा श्री मध्यमाञ्चल ग्रामीण विकास बैंक लिमिटेड, जनकपुर स्थित कार्यालयका विभागीय प्रमुख सुशिल कुमार मण्डल र भरत यादवलाई हामी निवेदकहरूविरुद्ध परेको कुटपिट तथा गाली वेइज्जती सम्बन्धी आरोपउपर जाचँबुझ गर्नका लागि खटाएको र नीजहरूले वारदात भएको स्थानमा वारदात भएको देखेका तीन जना प्रत्यक्षदर्शीहरू (अशोक बराल, रविन्द्र आचार्य र मेलिना कोइराला) को मात्र लिखित वयान लिई प्रतिवेदन तयार पारेकोमा उक्त लिखित वयानमा आधारित प्रतिवेदन हामीसँग सम्बन्धित भएकोले र नेपालको अन्तरिम संविधानको धारा २७ प्रदत्त मौलिक हक तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ बमोजिमको हकले समेतका आधारमा नीज प्रत्यक्षदर्शीहरूको लिखित वयानको प्रमाणित प्रतिलिपि तथा उक्त वयानका आधारमा तयार गरेको प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।	
२३	सूचना अधिकारी, राष्ट्रिय वाणिज्य बैंक विराटनगर शाखा र प्रमुख, राष्ट्रिय वाणिज्य बैंक, क्षेत्रीय कार्यालय ।	१. नेपाल अधिराज्यभर रहेको राष्ट्रिय वाणिज्य बैंकहरूमा जम्मा विद्यावारिधी गर्ने कर्मचारीहरूको संख्या, नाम, ठेगाना सहितको विवरणको प्रमाणित प्रतिलिपि । २. उक्त विद्यावारिधी प्राप्त गरेका कर्मचारीहरूले बैंकमार्फत के-कस्ता सुविधाहरू पाउने प्रावधान छ ? त्यसको विवरण ।	
२४	साझा यातायात सहकारी संस्था लि. पाटन ललितपुर ।	१. यो सहकारी संस्थाले हाल संचालन गरेको साझा वसको रुट विवरण । २. सो सेवा संचालनमा आएदेखि हालसम्म संकलन भएको आम्दानीको विवरण । ३. सो सेवा विस्तार क्रममा यस आर्थिक वर्षमा थप्न लागेका वस सेवाको विवरण । ४. साझा यातायात सहकारी संस्थाको नाममा रहेको अचल सम्पतिको विवरण ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
२५	महिला सहकारी संस्था लि., का.म.न.पा.-१४ ।	१. म निवेदकको दाजु भाउजुद्वारा संचालित वचत हिसाव नं. २१-१०२-४ को उहाँपछि नजिकको हकदार म निवेदक भएकोमा यस आयोगबाट विपक्षी महिला सहकारी संस्था लिमिटेडलाई उक्त खाताको सम्पूर्ण जानकारी पाउँ ।	
२६	स्ट्याण्डर्ड मल्टिप्रपोज को-अपरेपटिभ लि.जावलाखेल ।	साधारण सभाको निर्णय माग ।	
२७	कार्यकारी निर्देशक (मध्यमाञ्चल ग्रामीण विकास बैंक लिमिटेड केन्द्रीय कार्यालय जनकपुर) । अध्यक्ष (मध्यमाञ्चल ग्रामीण विकास बैंक लिमिटेड केन्द्रीय कार्यालय जनकपुर)	१. मिति २०६९।६।१९ गते गठन भएको छानविन समितिले छानविन गरी त्यस कार्यालयमा वुझाएको प्रतिवेदन, प्रत्यक्षदर्शीले दिएको लिखित वयानको साथै छानविनका क्रममा उक्त समितिले संकलन गरेका सम्पूर्ण कागजातको प्रमाणित प्रतिलिपि ।	
२८	NCM Mutual Fund का कार्यकारी प्रमुख	डी डी ए रिपोर्ट	
२९	निर्वाचन आयोग	१. २०६४ साल चैत २८ गते सम्पन्न संविधान सभाको निर्वाचनमा सहभागी भएका राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवार मध्ये कुन कुन राजनीतिक दल र स्वतन्त्र तर्फका कुन कुन उम्मेदवारहरूले कानुन अनुसार रीतपूर्वक निर्वाचन खर्च विवरण वुझाए, कुन कुन उम्मेदवारले वुझाएको विवरण रीतपूर्वक नभएको भेटियो, कुन कुन उम्मेदवारले खर्च विवरण वुझाएनन्, सो सम्बन्धी छुट्टा-छुट्टै खुल्ने गरी नामावली सहित दल र निर्वाचन क्षेत्र समेत खुल्ने सम्पूर्ण विवरण । २. कानून अनुसार खर्च विवरण नवुझाउनेलाई के कारबाही भयो सो सम्बन्धी विवरण । ३. निर्वाचन ऐन, कानून विपरीत निर्वाचनमा सिमा भन्दा वढी खर्च गर्ने उम्मेदवारलाई कुनै कारबाही भयो भएन सो बारेको छुट्टा-छुट्टै विवरण ।	
३०	डिभिजन सहकारी कार्यालय ।	१. उक्त श्री नवरङ्गी वचत तथा ऋण सहकारी संस्था लि.लाई कार्यान्वयनको सम्बन्धमा कुनै निर्देशन दिइएको थियो थिएन ? दिइएको थियो भने कार्यान्वयन नगर्नुको कारण के हो ?	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
		१. यतिको समयसम्म पनि उक्त श्री नवरङ्गी वचत तथा ऋण सहकारी संस्था लि. लाई के कारणले कारबाही नगरिएको हो, त्यसको प्रमाणित प्रतिलिपि । २. उक्त इच्छाइएको व्यक्तिले पाउनुपर्ने पैसा हालसम्म पनि नपाइएकोले सो बारेमा हिसाब मिलान गर्ने सम्बन्धी जानकारीको प्रमाणित प्रतिलिपि ।	

३. **कानून तथा न्याय**

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
१	महान्यायाधिवक्ताको कार्यालय ।	१. खगेन्द्र खड्काको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी कल्पना के.सी. समेत भएको बैङ्क कसुर तथा ठगी मुद्दामा मुद्दा नचलाउने भनी गरेको निर्णय, आधार र राय, सह-न्यायाधिवक्ताहरूले पेश गरेको सुझाव, राय, पुनरावेदन सरकारी वकिल, जिल्ला सरकारी वकिल समेतबाट पेश भएका राय र प्रहरी अनुसन्धानको प्रतिलिपि ।	
२	पर्यटन कार्यालय, पर्साका प्रमुख ।	१. आ.ब. २०६६।०६७ र २०६७।६८ को प्रगती विवरण र आय व्ययको विवरणको प्रतिलिपि । २. सूचना अधिकारीको नाम र सम्पर्क नम्वर । ३. तहाँको कार्यालयको सूचनाहरू अन्यत्र प्रकाशन भएको भए र हुने भए सोको विवरण ।	
३	जिल्ला सरकारी वकील कार्यालय पर्सा ।	ज्यान मुद्दा सम्बन्धी कागजात उपलब्ध गराउन ।	
४	सर्वोच्च अदालत ।	निवेदक समेतलाई विपक्षी वनाई डावर नेपाल प्रा.लि.ले श्री सर्वोच्च अदालतमा दायर गरेको उत्प्रेषण रिट निवेदनका सम्बन्धमा मिति २०६९।६।३ गते भएको फैसलाको नक्कल झिकाई पाउनका लागि पटक पटक निवेदन गर्दा निवेदन समेत दर्ता गर्न अस्वीकार गरी फैसलाको नक्कल उपलब्ध नगराएकोले सर्वोच्च अदालतको उल्लेखित फैसलाको नक्कल उपलब्ध गराई पाउँ ।	
५	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।	मिति २०६९ जेठ १५ गतेदेखि हालसम्म नेपाल सरकार मन्त्री परिषद्द्वारा पारित गरिएका अध्यादेशहरूको विवरण तथा पारित अध्यादेशहरूको प्रमाणित प्रतिलिपि ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
६	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख - मुख्य सचिव लिलामणि पौडेल ।	श्री ५ को सरकारको निर्णय अनुसार २०५८ सालमा गठित सर्वोच्च अदालतका तात्कालीन न्यायाधीश श्री भैरव प्रसाद लम्सालको अध्यक्षतामा गठित सम्पत्ति न्यायिक जाँचवुझ आयोगले आवश्यक अनुसन्धान पूरा गरी तयार पारी बुझाएको प्रतिवेदनको सर्म्पूण अनुसूचिका विवरण सहित ।	
७	कपिलवस्तु जिल्ला अदालत	३ थान मुद्दा (२०६१ सालको स.फौ.नं.-७०, फैसला मिति २०६२।११।९, २०६२ सालको ६८-०६३-००१८६, फैसला मिति २०६३।११।१ र २०६४ सालको स.फौ.नं. ६८-०६३-०१३३५, फैसला मिति २०६५।१०।६)को अभियोग पत्र तथा फैसलाको नक्कल ।	
८	जिल्ला सरकारी वकील कार्यालय पर्सा ।	लुकाएको सूचना दिलाई पाउँ ।	
९	जिल्ला सरकारी वकील कार्यालय सर्लाही, मलंगवा	मुद्दाको अन्तिम किनारा लागे नलागेको बारे	
१०	सर्वोच्च अदालत ।	१. निवेदकको रीट के कति कारणले दर्ता गर्न नमिलेको हो, त्यसको लिखित जानकारी ।	
११	कपिलवस्तु जिल्ला अदालत, तौलिहवा ।	१. निवेदकको माग बमोजिमका २०६१ सालको स.फौं नं.:-७० फैसला मिति २०६२।११।०९, २०६२ सालको ६८-६३-००१८६ फैसला मिति २०६३।११।१ र २०६४ सालको स.फौ.नं.६८-६३-०१३३५, फैसला मिति २०६५।१०।०६ का मुद्दाहरूको अभियोग पत्रहरू र फैसलाहरूको प्रतिलिपी । २. उल्लेखित मुद्दाहरू त्यस अदालतमा नभए कति च.नं. प.सं.बाट कुन मितिमा कुन निकायमा पठाईएको हो सो को स्पष्ट जानकारी ।	
१२	प्रहरी प्रधान कार्यालय	बढुवा समितिको सिफरिस पत्र र निर्णयको प्रतिलिपि पाउ	
१३	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	आर्थिक अनियमितताको सम्बन्धमा	
१४	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	१. सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश श्री भैरवप्रसाद लम्सालको अध्यक्षतामा गठित सम्पति न्यायिक जाचँवुझ आयोगले अनुसन्धान गरी तयार गरेको प्रतिवेदन नेपाल सरकारलाई वुझाई नेपाल सरकारबाट त्यस आयोगलाई आवश्यक कारबाहीको लागि पठाएकोमा त्यस आयोगबाट श्रोत नखुलेको सम्पतिको आधारमा क कसलाई मुद्दा चलाईयो सो सम्बन्धी अभियुक्तहरूकोनाम तथा निजहरूमाथि लगाईएको अभियोग दाविको विवरण ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
		२. सो न्यायिक जाँचवुझ आयोगको प्रतिवेदनका आधारमा श्रोत नखुलेको अवैध सम्पति देखिएको भनी दावि गरिएका विभिन्न सार्वजनिक पद धारण गरेका व्यक्तिमध्ये यस आयोगबाट थप अनुसनधान गर्दा मुद्दा चलाउन नपर्नेदेखि मुल्तविमा राखेका व्यक्तिहरूको विवरण । ३. सो न्यायिक जाँचवुझ आयोगको प्रतिवेदनका आधारमा श्रोत नखुलेको र आम्दानिको वैधानिक श्रोत नखुलेको सार्वजनिक पद धारण गर्ने भ्रष्ट व्यक्तिहरूमध्ये अझै अनुसन्धान जारी रहेको छ वा छैन वा सोको आधारमा कारबाही चलाउन वाँकी रहेको छ छैन सोको जानकारी । (हाल अनुसन्धान जारी भै रहेको छ भने ती व्यक्तिको नाम आवश्यक छैन) तथा अनुसन्धान भै रहेको अभियुक्तहरूको संख्यात्मक जानकारी । ४. सो न्यायिक जाँचवुझ आयोगले आवश्यक अनुसन्धान गरी नेपाल सरकार हुदै यस आयोगमा आवश्यक कारावहीका लागि प्राप्त भएको प्रतिवेदनमा कति व्यक्तिको सम्पति विवरण सम्बन्धी अनुसन्धान विवरण रहेको छ, र सो विवरण मध्ये सार्वजनिक पदमा पुगेका राजनीतिक व्यक्ति कति र विभिन्न निकायका कर्मचारी कति(निजामती सेवा, प्रहरी, सेना न्यायालय, विभिन्न संवैधानिक आयोग, संस्थान तथा अन्य) छन् ? निकायहरू समेत खुल्ने गरी संख्यात्मक विवरण । ५. यस आयोगलाई प्राप्त सो प्रतिवेदनको सम्पूर्ण विवरण सार्वजनिक जानकारीको लागि कहिले प्रकाशित गरिदै छ वा सो प्रतिवेदन गोप्य राख्ने निर्णय भएको छ भने सो सम्बन्धी निर्णयको प्रमाणित प्रतिलिपि ।	

४. स्थानीय विकास

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
१	वीरगंज उप–महानगरपालिका ।	आ.ब. २०६७/२०६८ को अवधिमा त्यस उप–महानगरपालिकाले कुन कुन कर्मचारीलाई कति कति रकम तलब भत्ताको रूपमा भुक्तानी गरेको छ, ती कर्मचारीहरूलाई कुन काममा खटाईएको छ र उनीहरूको नियुक्ति मिति र किसिम के हो ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
२	उदयपुर, धुर्मी गा.वि.स.का सचिव	१. आ.ब.२०६२।०६३ सालदेखि २०६७।०६८ सम्मको गा.वि.स.को माइन्यूटको प्रमाणित फोटोकपी । २. आ.ब.२०६२।०६३ सालदेखि २०६७।०६८ साल सम्मको लेखा परीक्षणको प्रमाणित प्रतिलिपि । ३. आ.ब.२०६२।०६३ सालदेखि २०६७।०६८ साल सम्मको बैंक स्टेटमेन्ट (Bank Statement) को प्रमाणित प्रतिलिपि ।	
३	गा.वि.स.को कार्यालय, हरपतगंज, पर्सा	१. आ.ब. ०६२/०६३ सालदेखि ०६७/०६८ सालसम्मको गा.वि.स.को माइन्यूटको प्रमाणित प्रतिलिपि । २. आ.ब. ०६३/०६४ सालदेखि ०६७/०६८ सालसम्मको सामाजिक सुरक्षा वापत आएको रकम कुन-कुन शीर्षकमा के-कति रकम बाडिएको छ वा खर्च गरिएको छ सोको प्रमाणित प्रतिलिपि । ३. आ.ब. ०६३/०६४ सालदेखि ०६७/०६८ सालसम्मको लेखा परीक्षणको प्रमाणित प्रतिलिपि । ४. आ.ब. ०४९/०५० सालदेखि आ.ब. ०६७/०६८ सालसम्म कुन-कुन व्यक्ति वा संस्थाको नाममा पेश्की वाँकी छ सोको प्रमाणित प्रतिलिपि । ५. आ.ब. ०५०/०५१ सालदेखि ०६७/०६८ सालसम्मको इलाका स्तरीय, जिल्ला स्तरीय र केन्द्र स्तरीय कुन शीर्षकमा वा योजनामा के-कति रकम खर्च गरिएको छ सोको प्रमाणित प्रतिलिपि । ६. आ.ब. ०५०/०५१ सालदेखि ०६७/०६८ साल सम्ममा यस गा.वि.स. मा संसदिय विकास कोषबाट आएको रकममा कुन-कुन शीर्षक वा योजनामा खर्च गरिएको छ सोको प्रमाणित प्रतिलिपि ।	
४	पोखरा उप महानगरपालिका कार्यालयका ।	१. हाल नगरपालिकाको कुन कुन स्थानमा सार्वजनिक शौचालय संचालनमा रहेका छन् ? २. संचालनमा रहेका कुन कुन सार्वजनिक शौचालयहरू नगरपालिकाद्वारा संचालित छन् र कुन कुन अन्य निकायद्वारा संचालित छन् ? ३. नगरपालिकाको महेन्द्रपुल, पृथ्वीचोकको क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गर्न यो आर्थिक वर्षमा कुनै योजना छ वा छैन ? ४. सार्वजनिक शौचालय निर्माण र संचालनको लागि नगरपालिकासँग यस आर्थिक वर्षमा के कस्तो योजना र बजेट छ ?	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
		५. खुल्ला दिसा मुक्त क्षेत्र घोषण गर्नुपूर्व नगरपालिका भित्र कति वटा शौचालय निर्माण गरिए र तिनीहरूको लागत खर्च विवरण ।	
५	वीरेन्द्रनगर नगरपालिका ।	१. वीरेन्द्रनगर - ६ को वुद्धपथ क्षेत्रमा टोल विकास संस्थाले स्थानीयसँग उठाएको रकम कहाँ प्रयोग भएको छ ? २. हालसम्म टोल विकास संस्थाले कति रकम उठाए ?	
६	जिल्ला विकास समिति कास्की ।	१. आर्थिक वर्ष २०६६/६७ र २०६७/६८ मा जिल्ला विकास समिति कास्कीका कर्मचारीहरूको भ्रमणका लागि कति बजेट विनियोजन गरियो ? (भ्रमण कहिले, के प्रयोजन र कति बजेट खर्च भयो विस्तृत रूपमा) २. यस आर्थिक वर्षमा भ्रमणका लागि कति बजेट छुटाइएको छ ? ३. जिल्ला विकास समिति अर्न्तगत आर्थिक वर्ष २०६६/६७ र २०६७/६८ मा अनुगमन कहाँकहाँ गरियो विस्तृत विवरण, खर्च सहित ?	
७	पोखरा उप महानगरपालिकाका कार्यालय ।	१. आर्थिक वर्ष २०६६/६७ र २०६७/६८ सालमा पोखरा महानगरपालिकामा कार्यरत कर्मचारीहरूको भ्रमण भत्ताका लागि कति बजेट विनियोजन गरियो ? (भ्रमण कहिले, के प्रयोजन र कति बजेट खर्च भयो विस्तृत रूपमा) २. यस आ.ब. मा भ्रमणका लागि कति बजेट छुट्टाएको छ ? ३. पोखरा उपमहानगरपालिकाको मार्फत अन्य संघ संस्था तथा व्यक्तिहरू भ्रमण भएको भए सो पनि विस्तृत विवरण ?	
८	पोखरा उप-महानगरपालिकाका कार्यालय ।	१. हालसम्म पोखरा उपमहानगरपालिका कार्यालयले शिक्षा र स्वास्थ्यमा कति लगानी गरेको छ ? २. हालसम्म कतिजना लक्षित वर्गले शिक्षा स्वास्थ्यको फाईदा लिएका छन् ? ३. हालसम्म स्वरोजगार कार्यक्रमबाट कतिजना लाभान्वित भए ? ४. शिक्षा, स्वास्थ्य र स्वरोजगार कार्यक्रमका लागि पोखरा उपमहानगरपालिका कार्यालयले यस आर्थिक वर्षमा के कस्तो योजना र कति बजेट तर्जुमा गरको छ ?	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
९	श्री जिल्ला विकास समितिको कार्यालय पर्सा ।	१. गत आर्थिक वर्ष २०६८।६९ को वार्षिक लेखा प्रतिवेदनको छाँयाकपी - १ २. हाल जि.वि.स. संग समन्वय गरेर काम गरिरहेका NGO/INGO हरूको विवरण, काम गर्ने क्षेत्र, विषय समेत -१ ३. बृध्दवृध्दा, अपाङ्ग, विधुवा (जि.वि.स.बाट सामाजिक सुरक्षा) वापतको भत्ता प्राप्त गरिरहेकाहरूको विवरण - १	
१०	वीरगंज उपमहानगरपालिकाका कार्यालय ।	कार्यालय प्रमुखले सूचना उपलब्ध नगराएपछि सूचना उपलब्ध गराई पाउँ ।	
११	जिल्ला पाल्पा, तानसेन नगरपालिकाको कार्यालय ।	नगरपालिका कार्यालयसंग धेरै विषयमा सूचना माग	
१२	जिल्ला विकास समितिको कार्यालय, पर्सा ।	१. यस कार्यालयमा हालसम्म रहेका कर्मचारी उपर के कति पेश्की वक्यौता रहेको छ ।	
१३	काठमाडौं महानगरपालिकाको कार्यालय प्रमुख ।	१. यस काठमाडौं सरसफाई अभियानमा काठमाडौं महानगरपालिकाले कस्तो भूमिका निर्वाह गरेको छ ? २. महानगरपालिकाले यस सरसफाई अभियानको लागि नियमित बजेटको रकम भन्दा अन्य कुनै रकमको खर्च गर्ने गरेको छ कि छैन ? छ भने कुन स्रोतबाट कति रकमको व्यवस्था गरिएको छ ? ३. यस सरसफाई अभियानको लागि कुनै सामग्रीहरू खरीद गरिएको छ कि छैन छ भने खरीद गरिएको सामग्रीको विवरण तथा प्रति इकाइ सामग्री लागत मूल्यको जानकारी । ४. यस सरसफाई अभियानमा सहभागी महानगरपालिकाका कर्मचारीहरूको संख्या, अभियान अन्तर्गत महानगरपालिकाका कर्मचारीलाई केही अतिरिक्त सुविधा दिएकोमा त्यस सम्बन्धी विवरण । ५. यस कार्यक्रम अन्तर्गत रकम खर्च हुनसक्ने अन्य क्षेत्र र त्यस वारेमा महानगरपालिकाको खर्च अनुमान तथा रकमको व्यवस्था सम्बन्धी विवरण ।	
१४	नेपालगञ्ज नगरपालिका ।	१. लैण्ड फिल्ड साइटको सूचना कुन कुन मितिमा जारी भएको विवरण र कागजातहरू । २. लैण्ड फिल्डमा हिरमिनिया-७ शहरी विकास आयोजना दस्तावेजमा कसरी परेको सो सम्बन्धी विवरण र कागजातहरू ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
		३. लैण्ड फिल्ड विषयमा के काम भई रहेको छ ? कहाँ सम्म पुगेको छ ? सोको जानकारी मिति २०६९।०३।०८ को सर्वदलीय वैठकको निर्णय उतार प्रतिलिपि ।	
१५	जलेश्वर न.पा. कार्यालयका कार्यवाहक प्रमुख ।	१. मिति २०६९।३।१० देखि मिति २०६९।३।२० सम्मको दर्ता किताबको प्रमाणित प्रतिलिपि । २. मिति २०६९।३।१० देखि मिति २०६९।४।१५ सम्मको कर्मचारीको हाजिर रजिष्ट्रको प्रमाणित प्रतिलिपि ।	
१६	काठमाडौं महानगरपालिका ।	१. यस महानगर क्षेत्रभित्रका सार्वजनिक स्थल एवं सडक पेटी क्षेत्रमा सवारी साधन पार्किङ गर्ने सम्बन्धी कुनै नीति, निर्देशिका वा कुनै निर्णय छ वा छैन ? छ भने सोको प्रतिलिपि । २. यस महानगर अन्तर्गत कुन कुन सार्वजनिक स्थल एवं सडकहरूमा कति ठाँउलाई स-शुल्क सवारी साधन पार्किङ क्षेत्रका रूपमा छट्टयाईएको छ ? सोको सम्पूर्ण नामावली तथा क्षेत्रफल सम्बन्धी विवरण । ३. ती पार्किङस्थलहरू मध्ये कुन स्थल कुन कम्पनी वा व्यक्तिलाई संचालन गर्न दिइएको छ ? ती संचालकहरूको नामावली तथा ती संग यस नगरपालिकाले गरेको सर्तनामा तथा करारको विवरणको प्रमाणित प्रतिलिपि । ४. आ.ब. २०६५/६६, २०६६/६७ र २०६७/६८ मा सवारी साधन पार्किङस्थलबाट महानगरपालिकाले कति आम्दानी गर्न सफल भयो ? सो पार्किङस्थलको अलग अलग आम्दानीको विवरण । ५. आ.ब. २०६५/६६, २०६६/६७ र २०६७/६८ मा के कति कस्ता सवारी साधन पार्किङ गरिए फरक फरक स्थलको अलग अलग वार्षिक विवरण सम्बन्धी सूचना ।	
१७	ललितपुर उप-महानगरपालिकाको कार्यालयल	अपूरो सूचना दिएको ।	
१८	जिल्ला विकास कार्यालय महोत्तरी ।	१. २०६४ सालदेखि २०६९ साल असार मसान्त सम्मका निम्न बमोजिमका कागजातहरू क अनुसूचि १ बमोजिमको चौमासिक निकासा माग पत्रको प्रतिलिपि । ख जि.वि.स.बाट स्वीकृत वार्षिक कार्यक्रम, खर्चको अनुमान र योजनाको विवरण (अनुसूची २) को प्रमाणित प्रतिलिपि ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
		ग कार्यक्रम कार्यान्वयनका लागि दिएको तर फछ्यौट हुन बाँकी पेश्कीको विवरणको प्रतिलिपिहरू । घ आर्थिक वर्षमा संचालन भै सम्पन्न भएका र क्रमागत योजनाहरूको वार्षिक प्रगति विवरणहरूको प्रमाणित प्रतिलिपि । ङ अनुदान निकासा र खर्चको अन्तिम लेखा परीक्षणको प्रतिवेदनको प्रमाणित प्रतिलिपिहरू ।	
१९	इटारी प्रसाइ, सिराहा गा.वि.स.का सचिव ।	१. यस गाँउ विकास समितिको कार्यालयमा गत आर्थिक वर्ष २०६८।६९ को लागि भनी विनियोजन भएर विकासको बजेट शिर्षकमा आएको सम्पूर्ण रकम विवरणको प्रमाणित प्रतिलिपि गर्ने । २. उक्त आर्थिक वर्ष २०६८।६९ मा संचालित विकास निमार्ण परियोजनाको विवरण र ती विकास निर्माण परियोजनामा छुट्टाछुट्टै शिर्षकमा विनियोजित रकम विवरणको प्रमाणित प्रतिलिपि । ३. उक्त आर्थिक वर्ष २०६८।६९ मा संचालित ती परियोजनामा खर्च भएको रकम र खर्चको शिर्षकको यथार्थ विवरण र खर्च नभईकन वेरुजु वसी अर्को आ.ब.का लागि सरेको काम ।	
२०	जि.वि.स.कपिलवस्तु	१ आर्थिक वर्ष २०६५।०६६ देखि ०६७।०६८ सम्म स्थानीय विकास मन्त्रालयबाट कुन कुन शिर्षकमा के कति बजेट आएको हो ? सोको प्रमाणित विवरण र आर्थिक वर्ष ०६५।०६६ देखि ०६७।०६८ सम्म स्थनीय श्रोतबाट के कति बजेट संकलन भयो सोको प्रमाणित विवरण । २. आर्थिक वर्ष ०६५।०६६ देखि ०६७।०६८ सम्म स्थानीय विकास मन्त्रालय तथा स्थानिय श्रोत साधनबाट संकलित बजेट कुन कुन शिर्षकमा कहाँ कहाँ कुन प्रक्रिया अपनाई खर्च गरियो सोको प्रमाणित विवरण । ३. न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा जि.वि.स.कपिलवस्तु असफल भएको कारण पत्ता लगाउन २०६८ भाद्र महिनामा गठित २ सदस्यीय समितिले तयार पारेको प्रतिवेदनको प्रमाणित छायाँप्रति । ४. २०६८ असोजमा जि.वि.स. असफल हुनाका कारण पत्ता लगाउन जि.वि.स. सर्वदलिय संयन्त्रले रामदास गुप्ताको संयोजकत्वमा गठन गरेको छानविन समितिले तयार पारेको प्रतिवेदनको प्रमाणित छायाप्रति ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
२१	गा.वि.स. बडहर्वाका सचिव ब्रहमदेव ।	१. आ.ब. २०६८।६९ को गा.वि.स.को कार्यालय बडहर्वाद्धारा कुन-कुन योजनामा कति खर्च भयो ।	
२२	कटैया गा.वि.स.सप्तरीका गा.वि.स.सचिव	१ आ.ब. २०६८।६९ को लागि जि.वि.स.सप्तरीबाट के कति अनुदान रकम प्राप्त भएको छ ? सो रकम कुन कुन विकाय योजनामा खर्च भएको छ ? ती योजनाहरूको लागत अनुमान, मूल्यांकन र विल भर्पाईको प्रमाणित प्रतिलिपि ।	
२३	काठमाडौं महानगरपालिकाको प्रमुख ।	१ छायाँदेवी कन्सट्रकसन प्रा. लीले कम्प्लेक्स वनाउदा पेश गरेको नक्सा र नगरपालिकाले सो नक्सा पास गर्न गरेको निर्णयको प्रतिलिपि । २ नक्साको प्रतिलिपि । ३ छायाँदेबी कन्सट्रक्सनले नक्सा पासका लागि दिएको निवेदनको प्रतिलिपि ।	
२४	जिल्ला विकास समिति जुम्ला ।	१ विगतमा स्वत म्याद सकिएका संविधान सभाका जुम्ला जिल्लाबाट प्रतिनिधित्व गर्ने सभासद श्री नरेश भण्डारी र देविलाल थापाले आफ्नो कार्यालयमा संसद विकास कोष मार्फत खर्च भएको कुल रकम कति हो ? २ सो रकम मध्ये कुन आ.ब.मा कुन कुन योजनामा के कति खर्च गरिएको थियो ? सोको योजना तथा विनियोजित रकमको छुट्टाछुट्टै विवरण । ३ ती योजनाहरू सम्पन्न भए नभएको सम्बन्धमा गरिएको अन्तिम प्राविधिक मूल्यांकनका समूह प्रतिवेदनका प्रमाणित प्रतिलिपिहरू । ४ ती योजनाहरू सम्पन्न भएपछि गरिएको लेखापरीक्षणको प्रमाणित प्रतिलिपिहरू । ५ ती योजनाहरूका लागि खर्च गरिएको रकमको फछ्र्यौट विवरण तथा फछ्र्यौटका लागि पेश गरिएका सम्पूर्ण विल भर्पाइहरूको प्रमाणित प्रतिलिपिहरू ।	
२५	जि.वि.स. धनुषा ।	१ धनुषा जिल्लामा रहेका सम्पूर्ण गा.वि.स. सचिवहरूको सम्पर्क नं को विवरण । २ आ.व २०६७।०६८ मा सामाजिक सुरक्षा भत्ताको लागि कुन कुन गा.वि.स.मा कति रकम पठाइयो र कति जना सचिवले कति रकम फछ्र्यौट गर्न बाँकी छ, सो विवरणको प्रमाणित प्रतिलिपि । ३ आर्थिक वर्ष २०६९।०७० मा सामाजिक सुरक्षा भत्ताको लागि आएको रकमको विवरण तथा सो भत्ता रकम कति वटा गा.वि.स.मा वितरणको लागि पठाइएको हो ? सोको अंकसहितको विवरणको प्रमाणित प्रतिलिपि ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
२६	नेपालगञ्ज नगरपालिका कार्यालय नेपालगञ्ज वाँके ।	१. नेपालगञ्ज नगरपालिका कार्यालयको पदपूर्ति समितिले कर्मचारी पदपूर्ति सम्बन्धमा गरेको निर्णय, विज्ञापन तथा सूचनाको नक्कल, पदपूर्ति समिति गठन गरिएको पत्र समेतको प्रतिलिपी ।	
२७	जिल्ला विकास समिति धनुषा	१. उर्जा तथा वातावरण इकाई अन्तर्गत आ.ब. २०६८ देखि हालसम्म कुन कुन कार्यक्रम गरियो सोको शिर्षक अनुसारको आय/व्यय विवरण तथा खर्चको विल भर्पाईको प्रमाणित प्रतिलिपि । २. माघ ११ गते आयोजना गरिएको उर्जा सप्ताहमा सम्पन्न अन्तक्रिया कार्यक्रमको आय/व्ययको शिर्षक अनुसारको विवरण तथा विल भर्पाईको प्रमाणित प्रतिलिपि ।	
२८	महादेवपट्टी गा.वि.स.पर्साका गाविसका सचिव ।	१. आ.व २०६७।६८ तथा आ.व २०६८।६९ का लागि विनियोजन गरेको गा.वि.स. परिषद्को निर्णयको प्रमाणित प्रतिलिपि । २. आ.ब. २०६६।६७ मा खर्च नभएर वाँकी रकमको फछ्र्यौट भर्पाइहरूको प्रमाणित प्रतिलिपि । ३. उक्त दुवै आ.ब. २०६७।६८ र २०६८।६९ मा सामाजिक सुरक्षा भत्ता वितरण गरेका भर्पाईहरू रेकर्ड तथा सो प्राप्त गर्नेहरूको विवरण । ४. गा.वि.स. मार्फत राखिएका कर्मचारीहरूलाई खुवाइएका तलव विवरण भर्पाइका प्रमाणित प्रतिलिपि ।	
२९	स्थानिय शासन तथा समुदाय विकास कार्यक्रम सिंहदरवार, काठमाडौंका प्रमुख	१. यस कार्यालयको आर्थिक लगानीमा महोत्तरी जिल्लामा संचालित योजना/परियोजना र कार्यक्रमहरूको नाम, साझेदार संस्था तथा निकायहरूको नाम, दातृ निकाय तथा कार्यान्वयनमा संलग्न जिल्ला तथा गा.वि.स वा समुदाय स्तरका संस्था/समितिहरूको नामावली विवरणको प्रमाणित प्रतिलिपि । २. आ.ब. २०६४।६५ देखि हालसम्मको वर्षहरूमा यस कार्यालय LGCDP को सहयोगमा संचालित कार्यक्रम तथा योजना वा परियोजनाको वार्षिक कार्यक्रम, Action Plan र प्रगति प्रतिवेदनको प्रमाणित प्रतिलिपि । ३. आ.ब. २०६४।६५ देखि हालसम्म कुन कुन संस्थालाई कुन कुन कार्यक्रम संचालनका लागि के कति बजेट प्रवाह भएको हो सो कागजातहरूको प्रमाणित प्रतिलिपि । ४. आ.ब. २०६४।६५ देखि हालसम्मका साझेदार संस्था NGO हरूको NGO Profile संलग्न कर्मचारीहरूको व्यक्तिगत विवरण तथा नियुक्ति पत्र, तलव, भत्ता र अन्य सुविधाका आधारका प्रमाणित प्रतिलिपि ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
३०	स्थानीय शासन तथा उत्तरदायी संयन्त्र कार्यान्वयन इकाई सानेपा ललितपुरका प्रमुख ।	१. स्थानीय विकास निमार्ण कार्यहरू तथा सेवाको समुदायमा आधारित अनुगमन कार्यक्रम संचालनार्थ स्थानिय शासन तथा उत्तरदायी संयन्त्र मध्यमान्चल क्लष्टर Coordination Unit हेटौडासंग भएको सम्झौता अवधि चार महिना वितिसक्दा पनि सम्झौता करारनामा अनुसारका कार्यक्रम संचालन नगरेका र प्रस्तावना/करारनामामा उल्लेखित व्यक्तिहरूलाई नियक्ति गरी LGAF बाट प्राप्त बजेटको व्यापक दुरुपयोग गरेकोले उल्लेखित कार्यहरू संचालन गर्ने जिम्मेवारी पाएका महोत्तरी जिल्लास्थित रतौली युवा क्लव (RYC) र दलित समाज उत्थान समिति नेपाल (DSWCN) समेतका गैर सरकारी संस्थाहरूसंगको सम्झौता अनुसारको बजेट तत्काल रोक्का गरी उक्त संस्थाहरूको कार्य क्षेत्रका गा.वि.स. वनौली दनौली, सम्सी र रामगोपालपुर समेतका कार्यक्षेत्रको निरीक्षण गरी उक्त संस्थाहरू संगको सम्झौता रद्द तर्फ कारबाही गरी पाउँ भनी हामी निवेदकहरूले २०६८ असोज र कार्तिक महिनामा LGAF मध्यमाञ्चल कार्यालय हेटौडामा पटक पटक उजुरी दिएको र सोको बोधाथ जिल्ला प्रशासन कार्यालय महोत्तरीमा समेत दिई तत्कालीन क्षेत्रीय प्रमुख सोविता परियार सहितको अनुगमन निरिक्षण टोली महोत्तरी पुगेकोमा मिति २०६८।६।१७ र मिति २०६८।७।८ समेतका हाम्रो उजुरीमाथी के कारबाही भयो वा भएन ? कारबाहीसंग सम्बन्धित सवै कागजात, निर्णय, फिल्ड प्रतिवेदन सहितको प्रमाणित प्रतिलिपिहरू । २. स्थानिय शासन तथा उत्तरदायि संयन्त्र LGAF र महोत्तरी जिल्लामा २०६८ सालमा काम गर्न पाएका गैर सरकारी संस्थाहरू विच भएको सम्झौता, शर्त र करारनामाको प्रमाणित प्रतिलिपिहरू । ३. गत वर्ष २०६८ सालमा स्थानिय विकास निमार्ण कार्यहरू तथा सेवाको समुदायमा आधारित अनुगमन कार्यक्रम संचालनका लागि महोत्तरी जिल्लामा संलग्न रहेका तथा प्रस्तावना/करारनामा अनुसार उल्लेखित कर्मचारीहरूको नाम, थर, वतन र व्यक्तिगत विवरणको प्रमाणित प्रतिलिपिहरू । ४. महोत्तरी जिल्लामा काम गर्न पाएका रतौली युवा क्लव (RYC) र दलित समाज उत्थान समिति (DSWCN) समेतबाट पठाइएका मासिक, त्रैमासिक र अन्तिम प्रतिवेदनको प्रमाणित प्रतिलिपिहरू । ५. LGAF क्षेत्रीय र केन्द्रीय कार्यान्वयन ईकाईबाट महोत्तरी जिल्लाको अनुगमन निरीक्षण टोलीको प्रतिवेदनको प्रमाणित प्रतिलिपिहरू ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
३१	स्थानीय विकास अधिकारी, जिल्ला विकास समिति, अर्घाखाँची	सूचना उपलब्ध नगराउने कार्यालयका जिम्मेवार व्यक्ति उपर कारबाही गरी सूचना उपलब्ध गराई पाउँ ।	
३२	विन्धि गा.वि.स. धनुषाका सचिव ।	१. यस विन्धि गा.वि.स.मा आएको विगत १० आर्थिक वर्ष (आ.ब. २०५८/०५९ देखि आ.व २०६८/०६९) मा विकास बजेट शिर्षकमा आएको प्रत्येक वर्षको बजेट छुट्टिने गरी सम्पूर्ण रकम विवरणको प्रमाणित प्रतिलिपि । २. उक्त १० आर्थिक वर्ष (आ.ब. २०५८/०५९ देखी आ.व २०६८/०६९) मा संचालित विकास निमार्ण परियोजनाको विवरण र ती विकास निमार्ण परियोजनामा विनियोजित रकम विवरणको प्रमाणित प्रतिलिपि । ३. उक्त अवधि (आ.ब. २०५८/०५९ देखी आ.व २०६८/०६९) मा संचालित ती परियोजनामा खर्च भएको रकम र शिर्षकको यथार्थ विवरण र खर्च नभैकन वेरुजु वसी अर्को आ.ब.का लागि सरेको रकम । ४. यस विन्धि गा.वि.स.मा आएको विगत १० आर्थिक वर्ष (आ.ब. २०५८/०५९ देखी आ.व २०६८/०६९) मा भएको आम्दानी तथा खर्च विवरणको प्रमाणित प्रतिलिपि ।	
३३	सिसवान्त कटैया गा.वि.स., महोत्तरीका गा.वि.स. सचिव ।	१. आ.व २०६७/०६८ मा पेश गरेको आय व्यय प्रकरण १ मा उल्लेख भएको खर्च विवरणको प्रमाणित प्रतिलिपि, प्रकरण ३,४ र ५ मा उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि । २. आ.व २०६७/०६८ मा खर्च भएको प्रमाणित वील भर्पाइ । ३. आ.व २०६९/०७० को हालसम्म भएको आम्दानी र खर्चको विल भर्पाइ सहित विवरणको प्रमाणित प्रतिलिपि । ४. मालपोत तथा पोखरीबाट गा.वि.स.लाई प्राप्त हुने आयको कुन नियम अनुसार के कार्यमा खर्च भएको हो ? सो व्यहोराको प्रमाणित प्रतिलिपि । ५. मिति २०६९।११।११ र २०६९।११।१४ मा हुने भनिएको गाउँ परिषद्को वैठक स्थगित गरिएको निर्णयको प्रमाणित प्रतिलिपि । ६. गा.वि.स.मा किनिएको भनिएको ल्यापटप र क्यामरा अवलोकन गराउने र सोको विल भौचर प्रमाणित गरेर दिने ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
३४	जिल्ला विकास समिति, धनुषा ।	१. यस कार्यालय द्वारा निर्माणाधीन घोडघास गाविस स्थित गंगुलीमा बनिरहेको पुलको लागत खर्च र सो मा छुट्याईएको बजेटको प्रमाणित प्रतिलिपी । २. पुल बनाउनु पूर्व सो को नक्साङ्कन र निर्माणमा लाग्ने खर्चको सूचना पाटी अर्थात होर्डिङ बोर्ड किन र के का लागि सार्वजनिक गरिएन सो को जानकारी सहितको प्रमाणित प्रतिलिपी । ३. सो पुलमा खर्च भएको बजेट अनुसारको विल भरपाईको प्रमाणित प्रतिलिपी ।	
३५	जि.वि.स. धनुषाको कार्यालय ।	१. आ.ब.२०६० देखि आ.ब. २०६९।७० सम्ममा जिल्लामा विद्युतीकरण शीर्षकमा के कति बजेट आयो र सो बजेटहरूको मार्फत कुन ठाँउममा कहाँ, कहाँ काम गरियो सोको प्रमाणित प्रतिलिपि । २. ऐ.ऐ. आर्थिक वर्षमा विद्युतीकरण बजेट खर्चको शीर्षक अनुसारको विल भार्पाई समेतको प्रमाणित प्रतिलिपि ।	
३६	तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना, च्यामासिंह, भक्तपुर ।	१. यस आयोजनाले कुन मितिमा के कस्तो निर्णयद्वारा म निवेदकको नाममा रहेको भ.न.पा.वडा नं.१ ख कि.नं.१९२ क्षे.फ.०-८-१-०, कि.नं.२०६ क्षे.फ.०-४-०-२-० को जग्गाहरू अधिकरण गरेको हो सो निर्णयको प्रमाणित प्रतिलिपि .....१ २. यस आयोजनाले विकसीत घडेरी फिर्ता गर्दाको अवस्थामा के कसरी सो जग्गा फिर्ता गर्ने हो त्यस सम्बन्धी कुनै निर्णय वा अन्य कागजात भए सो को प्रमाणित प्रतिलिपि .....१ ३. अधिकरण गरिएका जग्गाको बाटो वर्गीकरण गर्ने निर्णयको प्रमाणित प्रतिलिपि.....१ ४. जग्गा अधिकरणपछि विकसित घडेरी फिर्ता दिंदा कति प्रतिशत जग्गा कटाई बाँकी जग्गा फिर्ता दिने हो सोसम्बन्धमा भएको निर्णयको प्रमाणित प्रतिलिपि.....१	
३७	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार र गृह मन्त्रालय	२०६३।१०।१ गतेदेखि सुरु भएको लगभग तराईका १६ जिलाका मदेश आन्दोलनमा सम्पत्ति र मानवीय क्षति सम्बन्धी प्रतिवेदन सम्बन्धमा	
३८	जिल्ला विकास समिति, कपिलवस्तु ।	१. आर्थिक वर्ष २०६७।६८ को स्थानीय विकास मन्त्रालय तथा स्थानिय श्रोत साधनबाट संकलित बजेट कुन शिर्षकमा कहाँ कहाँ कुन प्रकृया अपनाई खर्च गरियो विल भर्पाई तथा भौचर सहित प्रमाणित प्रतिलिपि ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
		२. २०६८ असोजमा सांगठनिक संरचनाको अवलोकन गर्ने गरी रामदास गुप्ताको स.योजकत्वमा गठन भएको गठित कार्यदलले दिएको सुझाव/प्रतिवेदन प्रमाणित प्रतिलिपि ।	
३९	प्रमुख महेन्द्रनगर नगर विकास समिति ।	१. समिति मातहतको जग्गामा बसोवास गरेका र २०५३ सालको सर्वदलीय सर्वपक्षीय लगतमा नामसमावेश भएका व्यक्तिहरूलाई सहुलियत दरमा जग्गा उपलब्ध गराउने सम्बन्धमा भएका निर्णयहरूको प्रतिलिपी र २०५३ सालको सर्वदलीय सर्वपक्षीय लगत छानविन तथा संकलन समितिले लिएको प्रमाणित लगत प्रतिलिपी । २. उपरोक्त अनुसार भएका निर्णयहरूबाट हाल सम्म जग्गा प्राप्त गरेका व्यक्तिहरूको नामावली (लिष्ट)र प्राप्त गरेको जग्गाको विवरण क्षेत्रफल समेत । ३. २०५३ पछिका गठित विभिन्न समितिहरू बाट हाल सम्म जग्गा (घडेरी) सहुलियत दरमा लिलाम विक्रीबाट, भाडा (लिज) मा निश्चित उद्देश्यकालागि प्राप्त गर्ने व्यक्तिहरूको नामावली लिष्टका साथै प्राप्त गरेको जग्गाको विवरण क्षेत्रफल समेत । ४. लगत अनुसार जग्गा घडेरी पाऊँ भनि हाल सम्म परेका निवेदनको नामावली र संख्या । ५. निर्णय भएका तर निर्णय कार्यान्वयन नभएका र निर्णय कार्यान्वयन गरि पाउँ भनि निवेदन दिने व्यक्तिहरूको नामावली र संख्या । ६. बर्ष २०६५/०६६ देखि २०६९/०७० चैत्र मसान्त सम्मको शिर्षक समेत कहाँबाट कति रकम भन्ने आय व्यय विवरण समेत ।	
४०	देवडिहा ध गा.वि.स. वडा नं. ९ धनुषाका प्रमुख ।	१. आ.ब. २०६१/६२ देखि २०६९/७० को हालसम्ममा सामाजिक सुरक्षा वापत आएको रकम क-कसलाई कति वितरण गरियो सोबाट लाभान्वित व्यक्तिहरूको समेतको शिर्षक अनुसारको विवरणको प्रमाणित प्रतिलिपि । २. आ.ब. २०६१/६२ देखि २०६९/७० को हालसम्ममा ठाडी पोखरीको आम्दानी कति भयो र सोको रकम केमा खर्च गरियो सोको भपाई सहितको प्रमाणित प्रतिलिपि । ३. हाल सो पोखरीको ठेक्का कसलाई, कसरी दिइयो र सो पोखरीवारे किन र केका लागि विवाद उत्पन्न भएको हो सोको समेत लिखित जानकारी ।	
४१	स्थानिय विकास मन्त्रालय	भ्रष्टाचार सम्बन्धी छानविन गराई पाउ	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
४२	नेपाल विद्युत प्राधिकरण कार्यालय मालेपाटन पोखरा कास्की ।	१. विगतका वर्षजस्तै यस वर्ष पनि दैनिकी १४ घण्टा लोडसेडिङ हुनुको कारण के हो ? २. लोडसेडिङ हटाउनका लागि विद्युत प्राधिकरणले गर्ने काम कर्तव्य र अधिकार के हन सक्छ ? ३. अहिलेसम्म विद्युत प्राधिकरणले लोडसेडीङ हटाउन कस्तो प्रयास गरेको छ ?(गरेका काम कारबाही), ४. विद्युत आपूर्ति तथा साना लघुविद्युत् निर्माणमा निजीक्षेत्रसँग विद्युत प्राधिकरणले खेल्ने भूमिका के कस्तो छ ?	
४३	जिल्ला कृषि विकास कार्यालय ।	१. कृषि विकास कार्यालयको यस वर्षको प्रगति विवरण विस्तृत रूपमा, २. कृषि विकास कार्यालयका कर्मचारीहरूको विवरण, ३. कृषि विकास कार्यालयको यस आर्थिक वर्ष २०६६।६७ र २०६७।६८ को वार्षिक खर्च विवरण, ४. कृषि विकास कार्यालयले गरेको अनुगमन तथा भ्रमणको विवरण खर्च सहित ।	
४४	पर्यटन कार्यालय, पर्साका प्रमुख ।	१. आ.ब. २०६६।०६७ र २०६७।६८ को प्रगती विवरण र आय व्ययको विवरणको प्रतिलिपि । २. सूचना अधिकारीको नाम र सम्पर्क नम्वर । ३. तहाँको कार्यालयको सूचनाहरू अन्यत्र प्रकाशन भएको भए र हुने भए सोको विवरण ।	
४५	जिल्ला नापी कार्यालय धनुषाका कार्यालय प्रमुख श्री शत्रुधन प्रसाद यादव	१. धनुषा जिल्लाको पुरा नक्सा । २. नापी शाखा कार्यालय धनुषाका सम्पूर्ण कर्मचारीको विवरण र कर्मचारी दरवन्दी सम्बन्धी सूचना ।	
४६	अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौं ।	१. मिति २०६७।१।२८ मा दर्ता नं १२३९९ को पत्र उपरको कारबाहीको प्रक्रिया के-कुन रूपमा भैरहेको छ । २. मिति २०६७।७।२ मा दर्ता नं. ६०६० को आर्थिक विवरण सहितको पत्रमा दोलखा जिल्ला जिरी गा.वि.स. वडा नं ८ जिरी हाट डाँडाबाट वडा नं. २ सम्मको सडक निर्माण कार्यको लागि मेरै अध्यक्षतामा उपभोक्त समिति गठन भएकोमा नक्कली समिति खडा गरी एकै नाम दिई आर्थिक अनियमितता गर्ने तात्कालिन गा.वि.स. सचिव उप के-कस्तो कारबाही गरियो । ३. छानविन र कारबाही प्रक्रियामा ढिलासुस्ती के-कस्तो कारणले भएको हो ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
४७	राष्ट्रिय ताल विकास संरक्षण समिति	१. मुगु जिल्लाको रारा तालको संरक्षणका लागि राष्ट्रिय ताल विकास संरक्षण समितिबाट अहिलेसम्म लगानी भएको जम्मा बजेट विवरणको प्रमाणित प्रतिलिपि । २. बजेट निकासा लैजाने व्यक्तिको नाम, योजना गर्नका लागि पेश गरिएको लागत स्टेटमेन्टको प्रतिलिपि, योजना सम्पन्न भैसकेपछि पेश गरिएका विल भर्पाई तथा रकम निकासाको शीर्षक सहितको सम्पूर्ण विवरणको प्रतिलिपि । ३. उक्त तालमा समितिबाट अहिले सम्म जे जति रकम खर्च भएको छ, त्यो सबैको स्टेटमेन्ट, बजेट निकासा शीर्षक अनुसारको रकमको वील भर्पाई सवै कागजपत्रको प्रतिलिपि ।	
४८	नेपाल नागरिक उडड्यन प्राधिकरणका प्रमुख ।	१ कालिकोट जिल्ला कोटवाडा गा.वि.स.मा निर्माणधीने विमानस्थल निमार्णका क्रममा हालसम्म के कति रकम खर्च भयो ? सोको विवरण । २ विमानस्थलको काम हालसम्म कति प्रतिशत सम्पन्न भयो ? सोको प्राविधिक प्रगति विवरण । ३ सो विमानस्थल निमार्णका लागि चालु खर्च आर्थिक वर्षमा कति रकम विनियोजन गरिएको छ ? ४ सो विमानस्थल कहिलेसम्म सम्पन्न गरिसक्ने सरकारको लक्ष्य रहेको छ ?	
४९	भू तथा जलाधार संरक्षण विभाग ववरमहल, काठमाडौंका प्रमुख ।	१. जिल्ला भू संरक्षण कार्यालको उद्देश्य, कार्यनीति कार्यक्षेत्र सम्बन्धी विवरणको प्रमाणित प्रतिलिपि। २. आ.ब. २०६६।६७ देखि आ.ब. २०६८।६९ सम्मको तराईका जिल्लाहरूको रातो किताव अनुसारको वार्षिक कार्यक्रम, बजेट सहितको वार्षिक प्रगति प्रतिवेदनको प्रमाणित प्रतिलिपि । ३. तराईका जिल्लाहरूमा भू संरक्षण कार्यक्रममा प्रत्यक्ष रूपमा संलग्न रहेका उपभोक्ता समिति वा गैर सरकारी निकायहरूको नामावली तथा आवद्ध पदाधिकारीहरूको नाम, पद सहित विवरणको प्रमाणित प्रतिलिपि ।	
५०	उत्पन्न प्रकोप नियन्त्रण विभाग पुल्चोक ललितपुर ।	१. धनुषा महोत्तरी जिल्लामा नदी नियन्त्रण तर्फ भएको काम कारबाहीको आ.ब. २०६४/०६५ देखि २०६९/०७० सम्मको वार्षिक प्रगती प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।	

५. प्रशासन र सुरक्षा

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
१	जिल्ला प्रशासन कार्यालय, महोत्तरी ।	क) गा.वि.स. २०६४।६५ देखि २०६७।६८ विनियोजित विकास अनुदान रकम र सो सन्दर्भमा परिषद् समिति गठन, योजना छनौट, निर्णय पेश्की फरछर्यौट र फछ्र्यौट हुन बाँकी रहेको सम्पूर्ण कागजातहरू । ख)जिल्ला प्रशासन कार्यालय,महोत्तरीको दर्ता नम्वर ४१३ को २०६५।४।३० को फाईलमा भएको सम्पूर्ण निवेदन, कागजात तथा राजेन्द्र देवले तयार पारी २०६५।९।२ मा बुझाएको प्रतिवेदन लगायतका सम्पूर्ण कागजातहरू ।	
२	जिल्ला प्रशासन कार्यालय कास्की ।	१. जिल्ला प्रशासन कार्यालय कास्कीको नवनिर्मित भवनको खर्च विवरण विस्तृत रूपमा, २. जिल्ला प्रशासन कार्यालय कास्कीमा भएका कर्मचारीहरूको विवरण फोन नं सहित, ३. प्रमुख जिल्ला अधिकारीको विगत ६ महिनादेखि आजसम्मको कार्यतालीका ।	
३	स्थानीय शान्ति समितिको कार्यालय मोरङ्ग विराटनगर ।	१. यस जिल्लाका द्वन्द्व पीडितहरूका लागि आर्थिक उर्पाजनका के कस्ता सहयोग कार्यक्रम संचालन भएका थिए/भईरहेका छन्, उदाहरणीय कुन कार्यक्रम रहयो ? २. कार्यक्रममा समाविष्ट गरिएका परिवारहरू के कस्ता मापदण्डका आधारमा छनौट गरियो, ३. उक्त कार्यक्रमबाट लाभान्वित परिवार संख्या र लाभान्वित हुन नसकेका परिवार संख्याको विवरण र कारण ?	
४	जिल्ला प्रशासन कार्यालय, तेह्रथुम ।	२०६८।१०।१९ को सम्झौता पत्रको प्रमाणित प्रतिलिपि ।	
६	सशस्त्र प्रहरी वल तालिम केन्द्र नौवस्ता, बाँकेका प्रमुख ।	१. निवेदकलाई सेवाबाट हटाउने गरि भएको निर्णय पर्चा र सशस्त्र प्रहरी वल तालिम केन्द्र नौवस्ता, बाँकेबाट निवेदकलाई सेवाबाट हटाउने गरी मिति २०६८।३।२१ मा भएको निर्णयको प्रमाणित नक्कल ।	
७	राष्ट्रिय सूचना आयोग, काठमाण्डौ ।	सार्वजनिक निकायमा कार्यरत कर्मचारीको समय परिपालना सम्बन्धी जानकारी ।	
८	महानगरीय प्रहरी वृत्त, कालीमाटी ।	चोरी मुद्दामा जाहेरी दरखास्त दिएकोमा जाहेरी पोल गरी निवेदन गरेको व्यक्तिले पेश गरेको भर्पाई ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
९	गृह मन्त्रालय ।	१. २०४७ साल कार्तिक महिना पछाडि हालसम्म तत्कालीन श्री ५ को सरकार र हाल नेपाल सरकारको निर्णय बमोजिम जाँचवुझ आयोग ऐन, २०२६ बमोजिम विभिन्न घटनाहरूको छानविनका लागि कतिवटा आयोग गठन गरिए, सोको घटना विवरण आयोगको नाम र आयोगको पदाधिकारीहरूको नाम, गठन मिति, ती आयोगहरूले प्रतिवेदन वुझाएको मिति तथा ती प्रतिवेदन त्यस मन्त्रालयमा प्राप्त भएको मिति समेतको विवरणको प्रमाणित लिखत जानकारी । २. मन्त्रिपरिषद्को निर्णयबाट २०४७ सालदेखि हालसम्म शान्ति सुरक्षासंग सम्बन्धित विभिन्न घटनाहरूको अनुसनधान तथा छानविनका लागि गठित आयोग कार्यदल एवं समितिहरूको जानकारी विवरण (घटना, पदाधिकारीहरूको नाम, गठन मिति एवं प्रतिवेदन प्राप्त मिति समेत) ३. उपरोक्त १ र २ नं मा उल्लेखित आयोग, समिति र कार्यदलका प्रतिवेनहरू कहाँ कुन अवस्थामा कसरी र कति समयका लागि संरक्षण गरि राखेको छ र ती प्रतिवेदन कहिले सार्वजनिक गरिदै छ सो सम्बन्धी छुट्टाछुट्टै प्रतिवेदनपिच्छेको प्रमाणित जानकारी विवरण । ४. ती सवै प्रतिवेदनहरू सार्वजनिक गर्ने नगर्नेवारे नेपाल सरकारको कुनै नीतिगत निर्णय छ भने सो निर्णयको प्रमाणित प्रतिलिपि ।	
१०	गृह मन्त्रालय ।	१. नेपालबाट हालसम्म त्यस मन्त्रालयबाट अनुमति प्राप्त गरी कतिजना परिवार विहिन वा आश्रय विहिन अवस्थाका वालवालिका विदेशी नागरिकहरूले धर्मपुत्र वा धर्मपुत्रीका रूपमा ग्रहण गरेका छन् वालवालिका ग्रहण गर्ने विदेशी नागरिकहरू को-को हुन, परिवार वा कुनै संस्थासंग थिए भने सो समेत खुल्ने गरि त्यस मन्त्रालयमा भएको अभिलेखबाट सो सम्बन्धी विवरणको प्रमाणित प्रतिलिपि । २. यसरी धर्मपुत्र धर्मपुत्रीका रूपमा विदेशी नागरिकलाई प्रदान गरिएका बालबालिकाको पछिल्लो अवस्थाका वारेमा त्यस मन्त्रालयबाट कुनै अनुगमन भएको छ छैन सोको लिखित जानकारी । ३. अनुगमन भएको भए ती अनुगमनका सम्पूर्ण प्रतिवेदनहरूको प्रमाणित प्रतिलिपि ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
११	जिल्ला प्रशासन कार्यालय वैतडी	खानेपानी मुहान सम्बन्धी विवाद ।	
१२	प्रहरी वृत्त तिनकुने काठमाडौं	१. राजु बस्नेतलाई पक्राउ गरी के कारबाही गरी कसरी छोडिएको हो ? सोको निर्णयको प्रमाणित जानकारी । २. निवेदनमा उल्लेखित तीन महिलाहरूको पासपोर्ट निज राजु बस्नेतले नै स्कानिङ्ग गरी पठाएको कुरा स्वीकार गरेको हो/होईन ? हो भने सो वापत के कस्तो कारबाही गरियो सोको प्रमाणित जानकारी ।	
१३	सशस्त्र प्रहरी प्रधान कार्यालय हलचोक काठमाडौं ।	१. निवेदकको फाईलमा रहेको निजको नोकरी सम्बन्धी सम्पूर्ण कागजातहरूको प्रमाणित प्रतिलिपि ।	
१४	निजामती कितावखाना हरिहरभवनललितपुरका महानिर्देशक ।	भष्ट्राचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम विभागमा पेश हुन आएका सम्पत्ती विवरण गोप्य राखिने, अनुसन्धान र तहकिकातको सिलसिलामा यस्ता विवरण माग हुन आएमा सम्बन्धीत अधिकारीलाई मात्र उपलब्ध गराउन सकिने व्यहोरा निवेदिकालाई जानकारी गराएकोमा सो उपर चित्त नवुझेको ।	
१५	गृह मन्त्रालय ।	आचरण सम्बन्धी नियमहरू उल्लंघन गरेको कसुरमा कारबाही गरेकोमा उपचार र न्यायको लागि पहल सम्बन्धी सूचना ।	
१६	जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख ।	जिल्ला प्रहरी कार्यालय झापाका प्रमुखलाई सेवाबाट हटाएको सूचना (निर्णय पर्चा) उपलब्ध गराई पाउँ ।	
१७	प्रहरी आयुक्तको कार्यालय रानीपोखरीका प्रमुख	१. निवेदकहरू सुदर्शन बस्नेत र नविन सिंह मैनाली उपर लागेको भनिएको अपहरण मुद्दावारे यथार्थ छानविन गरी पाउँ भन्ने निवेदकहरूको निवेदन उपर गठित छानविन समितिले तयार पारेको प्रतिवेदनको प्रतिलिपि	
१८	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारी	भाद्र १६ गते काठमाडौं उपत्यकामा भएको तोडफोड र आगजनिको घटनाको सम्बन्धमा सर्वोच्च अदालतका पूर्व न्यायाधिश श्री टोपवहादुर सिंहको अध्यक्षतामा गठित छानविन समितिले वुझाएको प्रतिवेदन	
१९	महानगरीय प्रहरी परिसर हनुमानढोका काठमाडौं ।	१. मिति २०६९/११/३० मा निज विपक्षीहरूलाई के कारणले विना अनुसन्धान छोडिएको हो सोको कारण सहितको प्रमाणित प्रतिलिपि ।	
२०	जिल्ला प्रशासन कार्यालय, धनुषा ।	१. यस जिल्ला अन्तर्गत रहेका ६४ वटा सरकारी कार्यालय मध्ये कति वटा कार्यालयहरूमा सूचना अधिकारी नियुक्त अथवा तोकिएका छन् सो को नामावली र अधिकारीको सम्पर्क नं. समेतको प्रमाणित प्रतिलिपी ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
२१	रक्षामन्त्रालय अन्तर्गत राजदल गण, लगनखेल ।	विभिन्न सूचना माग ।	
२२	श्री राहत तथा पुनःस्थापना इकाई, शान्ति तथा पुनर्निमाण मन्त्रालय, काठमाडौं ।	१. द्वन्द पीडितलाई उपलब्ध गराउनुपर्ने क्षतिपूर्ति रकमको वारेमा राहत तथा पुनःस्थापना इकाई, शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट मिति २०६७।१०।१४ मा भएको निर्णयको प्रतिलिपि ।	
२३	जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ	कुटपिट अपहरण तथा जिउ धनको सुरक्षा गरी न्याय दिलाइ पाउँ	
२४	जिल्ला प्रशासन कार्यालय तेह्रथुम	सेवा करार सम्बन्धी	
२५	लोक सेवा आयोग, काठमाडौं ।	वि.नं. ९७२ - ०६२/०६३ को बाली संरक्षण अधिकृतको पदको अन्तरवार्तामा उपस्थित सात जना उम्मेदवारको प्राप्तांक माग ।	
२६	लोकसेवा आयोगकेन्द्रीयकार्यालय अनामनगर काठमाडौं ।	१. निवेदकले दिएको निवेदन माथि अहिलेसम्म के कारबाही भयो र कुन–कुन मितिमा के–के गरियो ? २. निवेदकको निवेदन कुन कर्मचारी वा पदाधिकारीकहाँ पुग्यो, त्यहाँ कति दिनसम्म रह्यो र उहाँहरूबाट उक्त निवेदनमाथि के कारबाही भयो, सवै पदाधिकारीहरूको नाम, पद र फोन नम्वरको जानकारी । ३. उक्त निवेदनमाथि त्यहाँ आयोगको नियम, निर्देशिका र नागरिक बडापत्र अनुसार कति समयभित्र कारबाही हुनुपर्छ, आयोगको नियम, निर्देशिका वा बडापत्रमा सो सम्बन्धी उल्लेखित कुराहरूको नक्कल प्रति ।	
२७	नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय रत्नपार्क, काठमाडौं ।	नेपाल विद्युत प्राधिकरणको प्राविधिक सेवाको तह ९, इलेक्ट्रिकल समूहको उप–प्रवन्धक पदका लागि मिति २०६७।०६८ आ.प्र. ४ मा लिईएको लिखित परीक्षाको निवेदकको उत्तरपुस्तिकाको सक्कलै कपी, प्राप्ताङ्क, योग र कैफियत हेर्न दिलाई उक्त नतिजाको मिति २०६८।०८।२८ मा भएको अन्तरवार्ताको नतिजाको प्राप्ताङ्क सहित उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि ।	
२८	काठमाडौ उपत्यका विकास प्राधिकरण तथा सडक विभाग ।	नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको निर्देशनमा भैरहेको सडक विस्तारको कार्यहरूमा अपाङ्गता मैत्री सडक वारेको गतिविधि र उपलब्धी ।	
२९	अख्तियार दुरुपयोग अनुसन्धान आयोग ।	आंशिक सूचना दिई महत्वपूर्ण सूचना गोप्य भन्दै लिखित रूपमा विस्तृत सूचना दिन इन्कार गरेको ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
३०	अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कार्यालय प्रमुख ।	अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस संस्थाका सदस्य समेतका उपरमा कारबाही गर्ने भनी निर्णयको जानकारी ।	
३१	समाज कल्याण परिषद् ।	मिति २०६८।०९।२८ देखि हालसम्म पूर्ण वोर्ड तथा का.स.स. वोर्ड वैठकले गरेका निर्णयको प्रमाणित प्रतिलिपि ।	
३२	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	सूचना अधिकारीले उपलब्ध गराएको सूचनाका सम्बन्धमा चित्त नवुझेको	
३३	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।	प्रधानमन्त्री डा.वावुराम भट्टराईले असंलग्न राष्ट्रहरूको ईरानको राजधानी तेहरानमा भएको १६ औं शिखर सम्मेलनमा भाग लिन गएको अवस्थामा भारतका प्रधानमन्त्रीसंग भएको भेटघाट, सम्झौता, समझदारी तथा भ्रमण दल र तिनिहरूको खर्चको प्रमाणित प्रतिलिपि ।	
३४	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	पत्र मार्फत उपलब्ध गराएको सूचना आंशिक रूपमा भएकोले पूर्ण सूचना उपलब्ध गराई पाउँ	
३५	कृषि सामग्री कम्पनी लि. ।	१. आ.व २०६५/६६ देखि आ.व २०६८/६९ सम्म (४ आर्थिक वर्ष) प्रत्येक वर्षको छुट्टाछुट्टै कार्यसम्पादन मूल्यांकन सहितको फारामको प्रमाणित प्रतिलिपि ।	
३६	श्रम विभाग मिनभवन काठमाडौं ।	१. निजामती कर्मचारी ट्रेड युनियनको दर्ता, सो सम्बन्धी शर्त, प्रक्रिया र अन्य व्यवस्थाको प्रमाणित प्रतिलिपि । २. हालसम्म दर्ता भै संचालनमा रहेका निजामती कर्मचारी ट्रेड युनियनहरूको नाम, ठेगाना, फोन नं. र केन्द्रीय पदाधिकारीहरूको नाम, निजहरूको पदाधिकार रहेको सरकारी निकायहरूको नाम ठेगाना र फोन नं. विवरणको प्रमाणित प्रतिलिपि । ३. निजामती कर्मचारी ट्रेड युनियनहरू दर्ता हुँदा सदस्य हुने सम्पूर्ण सदस्यहरूको नाम, थर, पद, कार्यरत कार्यालय तथा हस्ताक्षर देखिने कागजातको प्रमाणित प्रतिलिपि ।	
३७	नेकपा एमाले केन्द्रीय कार्यालय, वल्खु काठमाण्डौका अध्यक्ष श्री झलनाथ खनाल । नेकपा एमाले केन्द्रीय कार्यालय, वल्खु काठमाण्डौका सूचना अधिकारी ।	१. सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार त्यस दलका लागि सूचना अधिकारी तोकिएको पत्रको प्रमाणित प्रतिलिपि, पाना एक । २. राजाको हुकुमप्रमाङ्गीका आधारमा राजसभाको उपसचिव पदबाट सार्वजनिक पदमा प्रवेश भएका नेपाल सरकारका पूर्व मुख्य सचिव लोकमानसिंह कार्कीलाई त्यस दलले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तमा नियुक्त गर्न सिफारिश गरेको खवर सार्वजनिक भयो । सार्वजनिक वहस जारी छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ को उपधारा ५ अनुसार निज योग्य हुन् ? खासमा त्यस दलले प्रमुख आयुक्तमा सिफारिश गर्नुको कारण के के हुन् ?	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
		३. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ को उपधारा ५ (ङ) अनुसार उच्च नैतिक चरित्र कायम भएको निज लोकमानसिंह कार्की हुन् भने निजको जीवनी नेपालको प्राथमिक कक्षादेखि उच्च शिक्षा, स्नातकोत्तर तह सम्मको पाठयक्रममा कहिलेदेखि राख्ने दलीय सहमति भएको छ, ? निर्णयको प्रमाणित पानाहरू । ४. नेपालका चार ठूला दलहरूको सहमतिमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त पदमा नियुक्त गर्ने दलीय सहमती भएको समाचार अनुसार भएको निर्णयको प्रमाणित फोटोकपी पानाहरू ।	
३८	नेपाली काङ्ग्रेसका सभापति श्री सुशिल कोइराला । नेपाली काङ्ग्रेस केन्द्रीय कार्यालय सानेपाका सूचना अधिकारी ।	दलका सूचना अधिकारी, अख्तियारका प्रमुखको नियुक्तिको सिफारिस लगायतका विषयको सूचना पाउँ भन्ने ।	
३९	प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, शासकीय सुधार महाशाखा ।	शासकीय सुधार महाशाखाबाट सूचना माग गरी सूचना प्राप्त गर्न नसकेकाले सूचना उपलब्ध गराई विपक्षीलाई सूचनाको हक सम्बन्धी ऐनको दफा ३२ को उपदफा (१, (२), (३) र (५) बमोजिम कारबाही समेत गरी पाउँ ।	

६. स्वास्थ्य

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
१	जिल्ला स्वास्थ्य कार्यालय, रौतहट ।	१. स्वास्थ्य शिक्षा कार्यक्रमका लागि कति बजेट आएको थियो सोको सूचना, २. कुन कुन कार्यक्रम सम्पन्न भएको हो कति खर्च भएको र बाँकी रहेको छ सोको सूचना, ३. कुन कुन कार्यक्रम गर्न बाँकी रहेको छ सोको सूचना ।	
२	नेपाल मेडिकल काउन्सिल ।	१. हालसम्म यस काउन्सिलमा आवद्ध नेपाली र विदेशी नागरिक चिकित्सकहरूको नामावली विवरणको प्रमाणित प्रतिलिपि । २. विगत ५ वर्षदेखि हालसम्म काउन्सिलले चिकित्सकहरूको प्रमाणपत्र (लाइसेन्स)का परीक्षामा सम्मिलित सहित परीक्षामा सफल भएका परीक्षार्थीहरूको नामावली ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
३	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रमुख (सचिव) ।	(निजको अवकाश पत्र र तह मिलान पत्र) को प्रमाणित प्रतिलिपि ।	
४	नेपाल मेडिकल काउन्सिल ।	मिति २८ जुलाइ, २०११ मा प्राप्त रजिष्ट्रेशन पत्र सच्चाई जानकारी गराई पाउँ ।	
५	परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल थापाथली काठमाडौंका सूचना अधिकारी ।	१. आमा सुरक्षा कार्यक्रम शुरु भएयता २०६५ माघ १ गतेदेखि असोज २०६९ सम्म आमा सुरक्षा कार्यक्रम अर्न्तगत operation Theatre (delivery case) का लागी प्रयोग हुने कुन कुन कम्पनीको कुन कुन औषधी के कति volume/bulk मा कुन कुन मितिमा खरिद गरिएको थियो, त्यसको विवरण । २. ३ वर्षदेखि Quotation सहित खरिद गरेको औषधीको विवरण । ३. औषधी किन्न गरिएको निर्णयमा संलग्न व्यक्ति र सो निर्णयको प्रतिलिपि ।	
६	नेपाल मेडिकल काउन्सिल ।	विशेषज्ञ दर्ता सम्बन्धमा गरिएको माईन्यूटको निर्णयको प्रतिलिपि ।	
७	जनस्वास्थ्य कार्यालय धनुषा ।	१ यस कार्यालयमा रहेका क्षयरोग निवारणको लागि आ.ब.२०६७ देखि हालसम्मको बजेट र कार्यक्रमहरूको शिर्षक अनुसारको विवरणको प्रमाणित प्रतिलिपि । २ गरिएको कार्यक्रमहरूको खर्चको विल भर्पाइको प्रमाणित प्रतिलिपि । ३ यस कार्यालयमा रहेको सवारीको संख्या र आ.ब. २०६८/०६९ तथा चाल आ.ब.को हालसम्मको ईन्धनमा भएको खर्च विवरणको विल भर्पाई सहितको प्रमाणित प्रतिलिपि ।	
८	कान्ति बाल अस्पतालका प्रमुख ।	१. कान्ति बाल अस्पताल विकास समितिको वैठकले मिति २०६८ वैशाख महिनादेखि हालसम्म गरेका सम्पूर्ण निर्णयहरूको प्रमाणित प्रतिलिपि ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
९	Mother Infant Research Activity (मीरा), धनुषा, जनकपुर ।	१. त्यस मीरा संस्था अन्तर्गत सञ्चालित योजना/परियोजना तथा कार्यक्रमहरूको नाम, सहयोगी संस्था/निकायहरूको नाम, ठेगाना, जिम्मेवार पदाधिकारीहरूको नाम, सम्पर्क नं., ईमेल, सम्झौंता मिति, सम्झौंता रकम, योजना/परियोजना अवधि र कार्यक्रममा सञ्चालित जिल्ला/गा.वि.स.संख्या प्रष्ट देखिने विवरण तालिकाको प्रमाणित प्रतिलिपि । २. हाल मीरा, धनुषा अन्तर्गत संचालित योजना/परियोजना र कार्यक्रममा कार्यरत कर्मचारीको नाम, थर, ठेगाना, पद, निजहरूको शैक्षिक योग्यता, तोकिएको फाँट/सेक्टर/शाखा वा कार्यक्षेत्र निज कर्मचारीहरू भर्ना हुँदा सो पदको लागी विज्ञापन भएको मिति, विज्ञापन प्रकाशन भएको पत्रिकाको नाम, उल्लेखित विज्ञापन अनुसार प्राप्त आवेदन संख्या, लिखित परीक्षामा सहभागी संख्या, अन्तर्वार्तामा उपस्थित संख्या, असफल उम्मेदवार संख्या, लिखित परीक्षा भएको मिति र नियुक्ति पाएको मिति सहितको तालिकागत विवरणको प्रमाणित प्रतिलिपि । ३. मीरा संस्थाको वर्तमान कार्य समिति सदस्य संख्या, अन्य सदस्य संख्या, अध्यक्ष, उपाध्यक्ष, सचिव, र कोषाध्यक्षहरूको नाम र सम्पर्क नं./ईमेल आई.डी.भएको विवरण ।	
१०	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।	सूचना माग सम्बन्धमा ।	
११	सूचना अधिकारी र प्रमुख जिल्ला जन स्वास्थ्य कार्यालय पर्सा ।	सूचना उपलब्ध नगराउने कार्यालयका जिम्मेवार व्यक्ति उपर कारबाही गरी सूचना उपलब्ध गराई पाउँ भन्ने वारेको उजुरी ।	
१२	कार्यालय प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय, धनुषा ।	(१) आ.ब.२०६९/०७० मा दादुरा रूबेला कार्यक्रमकोलागि आएको बजेटको शिर्षक अनुसारको विवरणको प्रमाणित प्रतिलिपी । (२) हालसम्म भएको खर्च र गरिएका कार्यक्रमहरूमा भएका खर्चको बिल भरपाई सहितको प्रमाणित प्रतिलिपी ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
१३	प्रमुख, स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं ।	१. सुनसरी जिल्लामा जनताको सुविधाकालागि निःशुल्क प्रदान गर्न बर्षमा कति प्रकारका औषधि जान्छ, त्यसको विवरणसहितको प्रतिलिपी उपलब्ध गराई पाउँ । २. आर्थिक बर्ष २०६७/०६८, २०६८/०६९ र २०६९/०७० मा निशुल्क औषधिकालागि सो जिल्लामा कति बजेट छुट्टाईएको थियो, सो को विवरण । ३. सुनसरी जिल्ला जनस्वास्थ्य कार्यालयले यस विभागमा पठाएको विगत आर्थिक बर्षको कार्य प्रगति प्रतिवेदनको प्रतिलिपी ।	
१४	प्रमुख, स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं ।	महिला स्वयम्सेविकाको भत्ताको सम्बन्धमा ।	
१५	सूचना अधिकारी, जिल्ला जन स्वास्थ्य कार्यालय, पर्सा । प्रमुख, जिल्ला जन स्वास्थ्य कार्यालय, पर्सा ।	१. यस आर्थिक वर्षमा आङ खस्ने पाठेघर रोगको उपचार यस कार्यालय मार्फत संचालन गरिएको स्थान कहाँ, कहाँ हो ? सो वापत सेवा लिएको विरामी संख्या कति हो ? आङ खस्ने रोगी कतिवटा भेटिएको थियो ? शिविर अनुसार । २. निवेदन पेश गरेको मितिसम्मको शिविर अनुसार खर्च भएको रकम कति कति हो ? औषधी खरीद भ्रमण खर्च प्रचार प्रसारमा खर्च । ३. यस कार्यालयबाट को.ले.नि.का.मा मासिक रूपमा पेश गरेको खर्चको फाँटवारी म.ले.प.फा.नं.१३, १४, १५ र भुक्तानी आदेश । यस आ.ब.को श्रावणदेखि वैशाख महिना सम्मको प्रमाणित प्रतिलिपि ।	
१६	प्राकृतिक चिकित्सा अध्ययन संस्थान नेपाल योग तथा प्राकृतिक चिकित्सा संघ	कारबाही गरेको विषयको निर्णयको नक्कल	

७. सूचना तथा सञ्चार

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
१	पाखापानी इलाका हुलाक कार्यालय, म्याग्दी ।	अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष पठाएको उजुरी उपर म्याग्दी जिल्ला हुलाक कार्यालयद्वारा जवाफका लागि इलाका हुलाक कार्यालयमा पठाएको पत्र र सो पत्रसंग संलग्न रहेका अ.दु.अ.आ. र हुलाक सेवा विभाग काठमाडौंको पत्रको प्रतिलिपि माग ।	
२	नेपाल दुरसञ्चार कार्यालय, तानसेन पाल्पाका कार्यालय प्रमुख ।	पाल्पा जिल्लामा नेपाल दूर सञ्चार कार्यालयबाट उपलब्ध सेवाका बारेमा जानकारी	

३	नेपाल दूरसंचार कं.लि. केन्द्रीय कार्यालय भद्रकाली ।	"नेपाल दूरसंचार कं.लि. केन्द्रीय कार्यालय भद्रकालीले मिति २०६२।८।२२ मा सहायक स्तर तह ४ (प्राविधिक) आउटसाईड टेक्निसियन पदमा विभिन्न व्यक्तिहरूलाई ज्यालादारीमा नियुक्त गरेको निर्णय सहितका सम्पूर्ण कागजातहरूको नक्कल"	
४	प्रेस काउन्सिल नेपाल ।	सूचना नदिएकोले सूचना उपलब्ध गराई पाउँ	
५	सूचना तथा संचार मन्त्रालय	निर्देशिका सम्बन्धी सूचना माग गरेकोमा प्राप्त नभएको	
६	राष्ट्रिय सूचना आयोग ।	प्राप्त सूचनामा चित्त नवुझेकोले यथार्थ जानकारी एवं सूचना पाउँ ।	
७	कार्यकारी निर्देशक, रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपाल सिंहदरवार, काठमाडौं ।	कारबाही गरी सूचना उपलब्ध गराई पाउँ ।	

८. उद्योग, वाणिज्य तथा आपूर्ति

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
१	नेपाल आयल निगम बबरमहल, काठमाडौं ।	१. नेपाल आयल निगमले २०६३ साउन १ गतेदेखि आज सम्म क–कस्लाई कति–कति परिमाणमा निःशुल्क तेलको कुपन वितरण गरेको छ, त्यसको पूर्ण विवरण । २. नेपाल आयल निगमले निःशुल्क तेलको कुपन वितरण गर्दा केका आधारमा वितरण गर्ने गरेको छ, त्यस सम्बन्धी कुनै नीतिगत निर्देशिका वा मापदण्ड वा निर्णय छ भने सोको प्रतिलिपि । ३. नेपाल आयल निगमले २०६३ साउन १ गतेदेखि हालसम्म खरिद तथा विक्री गरेको तेल तथा एल.पी ग्यासको परिमाण तथा खरिद र खुद्रा विक्री मुल्य सम्बन्धी विवरणको सम्पूर्ण विवरणहरू ।	
२	नेपाल खाद्य संस्थान कार्यालय, पर्सा ।	१. आ.ब. २०६६/६७ र २०६७/६८ को प्रगति विवरण र आय व्यय विवरण । २. सूचना अधिकारीको नाम र सम्पर्क नम्वर । ३. तहाँको कार्यालयबाट सूचनाहरू अन्यत्र प्रकाशन भएका हुने भए सोको विवरण ।	
३	कृषि सामग्री कम्पनी लिमिटेड कुलेश्वर काठमाडौं ।	१ कृषि सामग्री संस्थानबाट ०६६ वैशाख १ गते देखि ०६८ कार्तिक ३० गते सम्ममा कपिलवस्तु जिल्लाका लागि रासयनिक मल मध्ये कुन कुन मल कति कति परिमाणमा विक्रि वितरणका लागि पठाइयो ?	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
		२ यसरी पठाइएको रासयनिक मल कुन कुन विक्रेता र वितरक तथा सहकारीलाई के कति परिमाणमा पठाइयो ? विक्रेता, वितरक र सहकारीको नाम ठेगाना मलको किसिम र परिमाणको प्रत्येक पटकको छुट्टाछुट्टै विवरण । ३ यसरी विक्रि वितरण गरिएको रासयनिक मलमा नेपाल सरकारले के कति अनुदान दिएको थियो सोको विवरण । ४ कपिलवस्तु जिल्ला अन्तर्गत ०६६ वैशाख १ गते देखि कार्तिक ३० सम्ममा विक्रि वितरण गरिएका रासयनिक मलको विक्रि मुल्य के कति निर्धारण गरिएको थियो सोको प्रत्येक पटकको छुट्टाछुट्टै विवरण ।	
४	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सप्तरी राजविराज ।	१ २०५४ सालदेखि हालसम्म संचालित कार्यक्रम र वार्षिक बजेट विवरण । २ आ.व २०६७।०६८ र २०६८।०६९ को मेजरमेन्ट वुक (MB) को प्रतिलिपि । ३ आ.व २०६९ को प्रथम चौमासिकको विकासीय बजेट विवरण ।	

९. **अन्य**

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
१	अपर तामाकोशी हाईड्रोपावर लिमिटेडका निर्देशक मृगेन्द्रवहादुर श्रेष्ठ ।	माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको लट ३ मेकानिकल र इलेक्ट्रीकल बोलपत्र सम्बन्धमा व्यापक अनियमितता भएको गैर कानूनी कार्यहरू भएको भन्ने आम संचार माध्यममा सार्वजनिक भएको सूचनाको जानकारी माग ।	
२	१. जिल्ला प्रशासन कार्यालय, पर्सा,वीरगंज । २. औषधि व्यवस्था विभाग, शाखा कार्यालय, पर्सा । ३. कारागार शाखा, पर्सा, वीरगंज । ४. कृषि सामग्री कम्पनी लिमिटेड, पर्सा । ५. गुठी संस्थान शाखा कार्यालय, पर्सा ।	१. जनसरोकारका सम्पूर्ण सार्वजनिक निकायले प्रत्येक ३ महिनामा आफुसंग सम्बन्धित महत्वपूर्ण सूचनाहरू अद्यावधिक तथा प्रकाशन गर्नुपर्नेमा त्यहाँको कार्यालयले आ.ब. २०६५/०६६ मा कुन कुन मितिमा कुन कुन माध्यमबाट सो सूचनाहरू सार्वजनिक गरेको हो ? (मिति र माध्यम) २. त्यहाँको कार्यालयको संक्षिप्त विवरण : ● कार्यालयको काम कर्तव्य र अधिकार (संक्षिप्त रूपमा अधिकतम ३ हरफमा) ● दरवन्दी पदपूर्ती विवरण : (पद, कर्मचारीको नाम, फोन/'एक्स्टेन्सन' नं)	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
	६. घरेलु तथा साना उद्योग कार्यालय, पर्सा । ७. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पर्सा । ८. जिल्ला जनस्वास्थ्य कार्यालय, पर्सा । ९. जिल्ला कृषि विकास कार्यालय, पर्सा । १०.जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्सा । ११. जिल्ला पशु सेवा कार्यालय, पर्सा । १२. जिल्ला प्रहरी कार्यालय, पर्सा । १३. जिल्ला विकास समितिको कार्यालय, पर्सा । १४. जिल्ला सहकारी कार्यालय, पर्सा । १५. जिल्ला शिक्षा कार्यालय, पर्सा । १६. नेपाल टेलिकम क्षेत्रिय निर्देशनालय, पर्सा । १७. नापि शाखा, पर्सा । १८. नेपाल खानेपानी संस्थान, पर्सा । १९. नेपाल खाद्य संस्थान, पर्सा । २०. नेपाल विद्युत प्राधिकरण, पर्सा । २१. नेशनल ट्रेडिङ्ग लिमिटेड, पर्सा । २२. विरगंज उपमहानगर पालिका कार्यालय, पर्सा । २३. विरगंज भन्सार कार्यालय, पर्सा ।	३. आर्थिक वर्ष २०६५/०६६ को आर्थिक गतिविधिको विवरण (बजेट निकासा खर्चको विवरण, शीर्षकगत रूपमा स्पष्ट हुनेगरी) ४. आर्थिक वर्ष २०६५/०६६ को अन्त्य हुँदा फर्स्योट हुन बाँकी रहेको गत आ.ब. देखिको पेश्की तथा बेरुजु रकमको विवरण (व्यक्तिको नाम, पेश्की लिएको शीर्षक, फर्स्योट हुन बाँकी रकम खुल्ने गरी) ५.आ.ब. २०६५/०६६ मा त्यस कार्यालयका विशिष्ट उपलब्धिहरू (अधिकतम १० बुँदाहरू मात्र)	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
	२४. मध्यमाञ्चल सिंचाई डिभिजन कार्यालय ४, पर्सा । २५. महिला विकास कार्यालय, पर्सा । २६. मालपोत कार्यालय, पर्सा । २७. यातायात व्यवस्था कार्यालय, पर्सा । २८. यान्त्रिक डिभिजन नं २ पर्सा । २९. साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड, पर्सा । ३०. शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, पर्सा । ३१. सुख्खा वन्दरगाह भन्सार कार्यालय, पर्सा । ३२. पर्सा जिल्ला अदालत, पर्सा । ३३. कृषि औजार अनुसन्धान केन्द्र, पर्सा । ३४. नेपाल इन्टर मोडेल यातायात विकास समिति, ड्राईपोर्ट, सिर्सिया, विरगंज, पर्सा ।		
३	राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार, ललितपुर ।	१. दरवन्दी पुनरावलोकन सम्बन्धी, पदपूर्ति सम्बन्धी निर्णयहरूको माइनुटको प्रमाणित प्रतिलिपि । २. वायोलोजी, सिरोलोजी, वन्यजन्तु र डि.ए.ए. इकाईमा खरिद गरेको Chemicals, र उपकरणहरू (जेनेटर र AVR समेत)का वोलपत्र र खरिद सम्बन्धी । ३. नयाँ डि.ए.ए. प्रयोगशालाका निर्माणको बोलपत्र आधार र ठेक्का सम्बन्धी । उक्त सूचनाको आजका मितिसम्मको निर्णयको प्रमाणित प्रतिलिपि ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
४	राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार, ललितपुर ।	सूचना माग गरेको अभियोगमा गरिएको सजाय विरुद्ध पुनरबेदन ।	
५	नेपाल युवा संस्था सञ्जाल (आयोन)	साधारण सभाको सूचना प्राप्त नभएको कुरा दर्शाई आफ्ना गुनासाहरू राखेको	
६	नेपाल युवा संस्था सञ्जाल (आयोन)का प्रमुख ।	१. आयोनको सातौं साधारण सभा गर्ने सम्बन्धी कार्य समितिको निर्णयको प्रमाणित प्रतिलिपि । २. साधारण सभामा उपस्थितीको लागि सूचना पठाइएका सदस्यहरूको नामावली । ३. साधारण सभामा उपस्थितीको लागी सूचना पठाएको माध्यमको बारेमा यथार्थ जानकारी । ४. साधारण सभामा प्रस्तुत भएको र साधारण सभाले गरेको निर्णयको प्रतिलिपि । ५. साधारण सभामा संस्थापक सदस्यहरूलाई उपस्थितीको लागि सूचना पठाएको वा नपठाएको, पठाएको हो भने, के-कुन माध्यमबाट कुन मितिमा क-कसलाई पठाएको हो सो को यथार्थ जानकारी ।	
७	एकिकृत ने.क.पा. माओवादीको कार्यालय पेरिसडाँडा, कोटेश्वर काठमाडौं ।	१. सम्पत्ति छानविन गर्न पार्टीद्वारा गठित समितिमा जम्मा कति जनाको विरुद्ध उजुरी परेको छ ? सबैंको नाम, थर सहित जानकारी पाउँ । २. क-कस्का विरुद्ध के कति सम्पत्ति कमाएको उजुरी परेको छ ? सोको विस्तृत जानकारी पाउँ ।	
८	नेपाल कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशक ।	१. मिति २०६५।११।१९ को वढुवा सम्बन्धी सूचना अनुसार कार्यकारी समितिबाट पुर्नमूल्यांकन गर्न अपनाईएका प्रक्रियाहरूको पूर्ण विवरण । २. पुनरमूल्यांकन गर्न कार्यकारी समितिले कुनै कमिटी, समिति, कार्यदल आदि गठन गरेको भए सोको विवरण र त्यसले पेश गरेका प्रतिवेदनहरू । ३. उपरोक्त सूचना अनुसार वढुवाको लागि आवेदन गर्ने निवेदक लगायत सम्पूर्ण उम्मेदवारहरूले प्राप्त गरेका का.स.मु वाहेक शैक्षिक योग्यता, जेष्ठता, वरिष्ठता, कृति आदिमा प्राप्त गरेका अंकहरू । ४. यस सम्बन्धमा कार्यकारी समितिले विभिन्न मितिमा गरेका निर्णयहरू गर्दा उपस्थित समितिका अध्यक्ष, सदस्य र आमन्त्रितहरूको नामावली ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
९	प्रारम्भिक बाल विकास केन्द्र, चपली गा.वि.स काठमाडौं	१. त्यस वालगृहमा आजको दिनसम्म कति जना असहाय बालबालिकाहरू छन् ? २. ती मध्ये कति जना केटा र कति जना केटी छन् ? ३. जेलमा आमा मात्र भएका बालबालिकाहरू कति जना छन् ? ४. जेलमा वावु मात्र भएका बालबालिकाहरू कति जना छन् ? ५. जेलमा आमा र वावु दुवै भएका बालबालिकाहरू कति जना छन् ? ६. जेलमा आमा र वावु दुवै नभएका बालबालिकाहरू कति जना छन् ?	
१०	हिमालयन स्न्याक्स एण्ड नुडल्स प्रा.लि.	१ हिमालयन् स्न्याक्स एण्ड नुडल्स प्रा.लि.ले उपलब्ध गराउनुपर्ने सूचना :-: हिमालयन् स्न्याक्स एण्ड नुडल्स प्रा.लि.बाट श्रम कार्यालयमा पठाएको, निवेदक उर्मिला घिमिरेलाई सेवाबाट हटाइएको भन्ने पत्र र हटाउनका लागि भएको निर्णयको प्रमाणित प्रतिलिपिहरू । २. श्रम कार्यालय वुटवलले उपलब्ध गराउनुपर्ने सूचना :- निवेदिकाले हिमालयन् स्न्याक्स एण्ड नुडल्स प्रा.लि.मा हाजिर गराई पाउँ भनी श्रम कार्यालय वुटवलमा दिएको निवेदनको सम्बन्धमा भएको कारबाही र निर्णय सम्बन्धी कागजातहरूको प्रमाणित प्रतिलिपि ।	
११	महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयका प्रमुख (सचिव) ।	विविध सूचना माग ।	
१२	खानी तथा भू–गर्भ विभाग	सूचना अधिकारीलाई सम्वोधन गरी सूचना माग	
	राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सम्वन्वय इकाई बबरमहल ।	१. राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको परियोजना दस्तावेज (Project Document) र यो कार्यक्रम संचालनका आधिकारीक कागजपत्रहरूको प्रमाणित प्रतिलिपि । २. राष्ट्रपति चुरे संरक्षण कार्यक्रम लागु भएका वर्षदेखि हालसम्मको रातो किताव अनुसारको वार्षिक कार्यक्रम, बजेट कार्यान्वयन गर्ने निकाय (जिल्ला अनुसार) को वार्षिक प्रगती प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
		३. राष्ट्रपति चुरे संरक्षण कार्यक्रममा प्रत्यक्ष रूपमा संलग्न रहेका सरकारी वा गैह्र सरकारी निकायहरूको नामावली तथा आवद्ध कर्मचारी वा पदाधिकारीहरूको नाम पद सहित विवरणको प्रमाणित प्रतिलिपि ।	
१३	साउथ एसिया पार्टनरसिप नेपाल (साप-नेपाल) ।	१ मिति २०६९।९।२२ गते वसेको संस्थाको कार्य समितिको वैठकको निर्णयको प्रमाणित प्रतिलिपि ।	
१४	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, वन मन्त्रालय, वन विभाग, जिल्ला प्रशासन कार्यालय, वार र जिल्ला वन कार्यालय वाराका सूचना अधिकारीहरू ।	जिल्ला वारा हलखोरियामा निर्माण भएको गुम्वा र स्तुपा गुरु आसन लगायत जिल्ला वन कार्यालय सिमराले भत्काई ध्वस्त पारेकोले सो सम्बन्धमा सूचना पाउँ ।	
१५	राष्ट्रिय महिला आयोग ।	मेरो छोरा र म निवेदिकाको विरुद्धमा कुन कुन व्यक्तिले के कस्ता उजुरी दिएका छन् । सो सम्बन्धी सम्पूर्ण कागजातको नक्कल उपलब्ध गराई पाउँ ।	
१६	एनेकपा (माओवादी) का अध्यक्ष श्री पुष्पकमल दाहाल, एनेकपा (माओवादी) का सूचना अधिकारी	दलका सूचना अधिकारी, अख्तियारका प्रमुखको नियुक्तिको सिफारिस लगायतका विषयको सूचना पाउँ भन्ने ।	
१७	खानी तथा भूगर्भ विभाग, लैनचौर, काठमाडौं ।	सूचना उपलब्ध नगराउने कार्यालयका जिम्मेवार व्यक्ति उपर कारबाही गरी सूचना उपलब्ध गराई कानून बमोजिमको क्षतिपूर्ति समेत उपलब्ध गराई पाउँ ।	
१८	श्री प्रमुख वन विभाग, ववरमहल, काठमाडौं ।	१. निवेदकले मिति २०६९।२।२४ गते(द.नं. ८३६२) मा त्यस विभागका निर्देशकलाई सम्वोधन गरी दिएको निवेदन उपर हालसम्म के कारबाही भयो ? कारबाही भएन भने किन भएन ? सोको लिखित जानकारी । २. निजामती कितावखानाको खुलाई पठाई दिने विषयको मिति २०६९।२।२४ गते त्यस विभागको नाममा पठाएको पत्र उपर हालसम्म के कस्तो कारबाही भयो ? कारबाही नभएको भए किन भएन कारण सहितको लिखित जानकारी ।	

सि.नं	माग गरेको कार्यालय	सूचना माग गरेको विषय	कैफियत
१९	प्रमुख, लायन्स क्लव अफ तनहूँ ।	१. मिति २०६९।१२।२२ का दिन खोलेको विज्ञापनमा कति जना उम्मेदवारले दरखास्त दिएका थिए । २. सो दरखास्त दिएका व्यक्तिहरूमध्ये कुन व्यक्ति छनौट हुन सफल भए ? छनौट प्रकृया कुन कुन शीर्षकमा अपनाइएको थियो ? सोको प्रमाणित प्रतिलिपि । ३. सम्पूर्ण उम्मेदवारहरूको छनौट प्रक्रियामा प्राप्त गरेको अंकहरू सहितको मूल्यांकन पत्रको प्रमाणित प्रतिलिपि । ४. नियक्ति दिएको कर्मचारी प्रकाशित सूचना अनुसार सि.एम.ए. पृष्ठभूमिबाट आएको थियो कि थिएन ? सोको जानकारी सहितको प्रतिलिपि ।	
२०	प्रमुख, प्लान नेपाल सुनसरीबाट इकाईको कार्यालय, ईटहरी ।	प्लान नेपाल संस्थाको छनौट सम्बन्धी बिवरण माग ।	
२१	कृषि अनुसन्धान परिषद् कार्यकारी समितिका निर्देशक ।	१. पदपूर्ति समितिको निर्णय बमोजिम वढुवा नियुक्ति गर्न ढिला गर्नु पर्नाको कारण । २. निवेदककलाई बढुवा सिफारिश गर्ने गरी भएको पदपूर्ति समितिको निर्णयको विरुद्धमा कुनै उजुरी परेको भए सोको प्रमाणित प्रतिलिपि । ३. यस्तो निवेदन उपर बढुवा समितिबाट भएको सिफारिशको प्रतिकुल कुनै निर्णय भएको भए त्यस्तो निर्णय र बढुवा सिफारिश विरुद्ध परेका उजुरीहरूको प्रमाणित प्रतिलिपि ।	
२२	सूचना अधिकारी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।	खोसिएको उपदान र पारिश्रमिक सुविधा सम्वद्ध दुवै निकायबाट सूचना पाउँ ।	

परिशिष्ट ३
आयोगबाट सचिवलाई भएको अधिकार प्रत्यायोजन र धन्यवाद ज्ञापन सम्बन्धी विवरण

राष्ट्रिय सूचना आयोग
काठमाडौं
वैठक नं ५७
मिति २०७०।०२।२३

राष्ट्रिय सूचना आयोगको सन्ताउन्नौ वैठक कार्यवाहक प्रमुख सूचना आयुक्त श्रीआचार्यको अध्यक्षतामा आज मिति २०७०।०२।२३ गते विहीवार ८.३० वजे पेरिसडाँडा कोटेश्वर स्थित आयोगको कार्यालयमा वस्यो ।

उपस्थिति

१. श्री श्रीआचार्य - कार्यवाहक प्रमुख सूचना आयुक्त
२. श्री सविता भण्डारी वराल - सूचना आयुक्त

कार्यालयको तर्फबाट

३. श्री श्रीराम पन्त - सचिव
४. श्री माधवप्रसाद पोखरेल - उप सचिव
५. श्री अच्युतकुमार पौड्याल - उप सचिव

वैठकमा प्रस्तुत प्रस्ताव

१. सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा २० अनुसार अधिकार प्रत्यायोजन गर्ने वारे ।

निर्णय

आयोगका कार्यवाहक प्रमुख सूचना आयुक्त श्री श्रीआचार्य र सूचना आयुक्त श्री सविता भण्डारी वराल आफ्नो ५ वर्षे कार्यकाल पूरा गरी यही जेठ महिनाको २४ गतेबाट निवृत्त हुनुहुने भएको छ । आयोगमा पदाधिकारीको रिक्तता पछि पनि सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्ने कार्यमा कुनै वाधा अवरोध आउन नदिन अर्को व्यवस्था नभएसम्मको लागि आयोगका पदाधिकारीहरूलाई नियम अनुसार केही अधिकारहरू प्रत्यायोजन गर्न आवश्यक देखिएको छ ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा २० वमोजिम पुनरावेदनको कारवाही र किनारा गर्ने कार्य वाहेक अन्य काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार कुनै निकाय वा अधिकारीलाई तोकेको शर्तको अधिनमा रही प्रयोग वा पालना गर्न पाउने गरी प्रत्यायोजन गर्नसक्ने व्यवस्था रहेको हुँदा आयोगले सम्पादन गरि आएको कार्यहरूमध्ये ऐनको दफा १० अनुसार पुनरावेदनको कारवाही र किनारा

गर्ने कार्य वाहेक सूचनाको हकसम्वन्धी ऐन र नियमावली वमोजिम आयोगलाई प्राप्त अधिकारहरू मिति २०७०।२।२४ गतेदेखि अर्को आयोग गठन नभएसम्मका लागि आयोगमा प्राप्त हुने निवेदन र उजुरीहरूको कारवाही किनारा गर्न सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा १९ को क देखि छ सम्म, दफा ३२ को उपदफा १, २, ३, ४, ५ र दफा ३३ को उपदफा १ र २ का अधिकारका साथै सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनका लागि सूचनाको हक सम्वन्धी ऐन, २०६४, ऐ. नियमावली, २०६५ मा व्यवस्था भएका अन्य सम्पूर्ण काम कर्तव्य र अधिकार लगायत आयोगद्वारा स्थापित मान्यता, रित, परम्परा र राष्ट्रिय-अन्तर्राष्ट्रिय सिद्धान्त वमोजिम सम्पूर्ण काम, कारवाही गर्ने गरी सोही ऐनको दफा २० वमोजिम आयोगका सचिव, निजको अनुपस्थितिमा आयोगका सह सचिव र दुबैंको अनुपस्थितिमा आयोगका जेष्ठ उप सचिव समेतले प्रयोग गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरिएको छ। यस निर्णयको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मुख्य सचिव र सूचना तथा सञ्चार मन्त्रालयका सचिवलाई दिने।

निर्णय नं २

स्थापना काल देखि नै आवश्यक सहयोग गरी आयोगलाई वर्तमान अवस्था सम्म ल्याई पुऱ्याउन सक्रियतापूर्वक क्रियाशील रहेको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिद्को कार्यालय, सूचना तथा सञ्चार मन्त्रालय, अर्थ मन्त्रालय लगायत अन्य सवै मन्त्रालयहरूलाई उहाँहरूको सहयोग तथा सद्भावका लागि आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गरिन्छ। भविष्यमा समेत आयोगलाई यस प्रकारको सहयोग प्राप्त भै रहने अपेक्षा गरिएको छ।

आयोगका पूर्व प्रमुख सूचना आयुक्त श्री विनयकुमार कसजूको कुशल नेतृत्व, मार्ग दर्शन र योगदानबाट आयोगले महत्वपूर्ण उपलव्धि हासिल गर्न सकेकोमा उहाँ प्रति हार्दिक आभार प्रकट गरिएकोछ।

आयोगको कार्य सम्पादनको सिलसिलामा निष्ठापूर्वक महत्वपूर्ण सहयोग पुऱ्याउने सचिवज्यूहरू, सहसचिवहरू, उपसचिवहरू लगायत आयोगमा कार्यरत सम्पूर्ण कर्मचारीहरूप्रति धन्यवाद ज्ञापन गरिन्छ।

गैह्र सरकारी क्षेत्रबाट आयोगको उद्देश्य हासिल गर्न योगदान पुऱ्याउने सम्पूर्ण संघ संस्था तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था र नागरिक समाज प्रति पनि धन्यवाद ज्ञापन गर्दै भविष्यमा समेत उहाँहरूबाट सकारात्मक सहयोगको अपेक्षा राखिएकोछ।

अन्तमा, प्रत्यक्ष वा परोक्ष रूपमा आयोगलाई सहयोग पुऱ्याउने व्यक्ति, संघ संस्था, विभिन्न निकाय र व्यावसायिक संस्थाहरू समेतमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरिएको छ।

परिशिष्ट ४

बजेट विनियोजन, खर्च र वित्तीय तथा भौतिक प्रगति विवरण

आ.व. २०६९/०७० को बजेट विनियोजन, खर्च र वित्तीय तथा भौतिक प्रगति विवरण

बजेट उपशीर्षक नं. : ३५८०१५३ (चालू खर्च)

सि.नं.	खर्च संकेत	खर्च शीर्षक	विनियोजन	निकासा	खर्च	बाँकी बजेट
१	२११११	तलव	४८५००००।००	४७३३१०१।८०	४७३३१०१।८०	११६८९८।२०
२	२१११९	अन्य भत्ता	२८०००००।००	२७८७२५।००	२७८७२५।००	१२७५।००
३	२११२१	पोशाक	१३००००।००	१२७५००।००	१२७५००।००	२५००।००
४	२११२३	औषधि उपचार	४२९०००।००	४२९०००।००	४२९०००।००	०।००
५	२२१११	धारा तथा विजूली	१६००००।००	१५९१२३।००	१५९१२३।००	८७७।००
६	२२११२	संचार महसुल	२४००००।००	२३९९३८।००	२३९९३८।००	६२।००
७	२२१२१	घर भाडा	१७४५०००।००	१७४१५२४।००	१७४१५२४।००	३४७६।००
८	२२२११	ईन्धन	८७००००।००	८६९९०६।००	८६९९०६।००	९४।००
९	२२२१२	संचालन तथा मरमत सं.	३४५०००।००	३४४७२२।००	३४४७२२।००	२७८।००
१०	२२२१३	विमा	६००००।००	५२०३५।००	५२०३५।००	७९६५।००
११	२२३११	कार्यालय सम्बन्धी खर्च	७१५०००।००	७१४८४६।००	७१४८४६।००	१५४।००
१२	२२४११	सेवा र परार्मश खर्च	१९८५०००।००	१९८४३१५।००	१९८४३१५।००	६८५।००
१३	२२५२२	कार्यक्रम खर्च	२०००००००।००	१९९९५९८।००	१९९९५९८।००	४०२।००
१४	२२६११	अनूगमन र मुल्यांकन	६००००००।००	५९९८२८।००	५९९८२८।००	१७२।००
१५	२२६१२	भ्रमण खर्च	२००००।००	२००००।००	२००००।००	०।००
१६	२२७११	विविध खर्च	२६००००।००	२५९७१०।००	२५९७१०।००	२९०।००
		जम्मा	**१४६८९०००।००**	**१४५५३८७१।८०**	**१४५५३८७१।८०**	**१३५१२८।२०**

बजेट उपशीर्षक नं. : ३५८०१५४ (पूजिगत खर्च)

१७	२९३११	फर्निचर्स तथा फिक्चर्स	४००००००।००	४००००००।००	४००००००।००	०।००
१८	२९५११	मेशिनरी औजार	५००००००।००	५००००००।००	५००००००।००	०।००
		जम्मा	**९००००००।००	**९००००००।००	**९००००००।००	**०।००**
		कुल जम्मा	**१५५८९०००।००	**१५४५३८७१।८०	**१५४५३८७१।८०	**१३५१२८।२०**

व. उ. शि. नं. ३५८०१५३ तर्फको कार्यक्रमको खर्च (२२५२२)

सि.नं.	कार्यक्रमको नाम	इकाई	भौतिक लक्ष्य	भौतिक प्रगति	वित्तिय लक्ष्य	वित्तिय प्रगति
१	रणनीतिक योजनाको प्रारम्भिक छलफल/प्रतिवेदन	पटक	२	२	१२	१२

सि.नं.	कार्यक्रमको नाम	इकाई	भौतिक लक्ष्य	भौतिक प्रगति	वित्तिय लक्ष्य	वित्तिय प्रगति
२	सूचना अधिकारीहरूलाई अभिमुखिकरण/प्रशिक्षण	जिल्ला	५	५	३५८	३५८
३	सूचना अधिकारी, कार्यालय प्रमुख, नागरिक समाज, पत्रकार, बार आदि विच जिल्लागत अन्तरक्रिया कार्यक्रम	जिल्ला	१५	१५	३०५	३०५
४	सूचनाको हक सम्बन्धमा राष्ट्रिय प्रतिष्ठान व्यक्तिहरूसंग अन्तरक्रिया तथा छलफल कार्यक्रम	जिल्ला	२	२	१०	१०
५	दशवटा एफ.एम. रेडियोबाट सन्देशमूलक सूचना प्रचार प्रसार	पटक	१५०	७	१००	१००
६	एफ.एम. रेडियोबाट जानकारीमूलक सम्बाद, परिसम्वाद, छलफल तथा सूचना प्रचार प्रसार	पटक	८	८	४०	४०
७	ब्रोसर, निर्देशिका छपाई तथा वितरण	पटक	९०००	९०००	३००	३००
८	पत्रपत्रिकाबाट प्रचार प्रसार कार्यक्रम	वटा	४०	४०	१००	१००
९	मोवाईलबाट सन्देशमूलक सूचना एस.एम.एस. गरी प्रचार प्रसार गर्ने	वटा	२०००००	२०००००	४५	४५
१०	होर्डिङ्ग वोर्ड खरिद लेखाई तथा जडान समेत	वटा	१	१	३०	३०
११	चेतनामूलक गीत संगितको श्रव्य/दृष्य निर्माण	वटा	१	१	१६०	१६०
१२	राष्ट्रिय र अन्तर्राष्ट्रिय सूचना दिवस	पटक	२	६	११७	११७
१३	नेटवर्किङ कार्य	पटक	१	१	३४	३४
१४	कर्मचारी क्षमता अभिबृद्धि	जना	५	५	३१	३१
१५	पुस्तकालय व्यबस्थापन २ पटक र पुस्तक खरिद १५ वटा	पटक	२	५	१०८	१०८
१६	वार्षिक प्रतिवेदन छपाई र वितरण	प्रति	१०००	१०००	२५०	२५०
१७	ऐन कानुनको कार्यान्वयन अनुगमन (२२६११०)	जिल्ला	१८	१८	६००	६००
					२६००	२६००

पूँजिगत खर्च (३५८०१५४) तर्फको कार्यक्रम

क्र.सं.	कार्यक्रमको नाम	इकाई	भौतिक लक्ष्य	भौतिक प्रगति	वित्तिय लक्ष्य रु	वित्तिय प्रगति (खर्च रु)
१	कुर्सी, टेवुल, दराज ऱ्याक फर्निचर, फर्निसिङ लगायतका खरिद	वटा	३०	३०	४,००,०००।–	४,००,०००।–
२	कम्प्युटर, प्रिन्टर,क्यामरा, भ्याकुम, टि.भी., क्यालकुलेटर लगायत मेसिनरी सामानहरू खरिद	वटा	२१	२१	५,००,०००।–	५,००,०००।–
			५२	५२	९,००,०००।–	९,००,०००।–

नोट :– कुल भौतिक प्रगति १००% र कुल वित्तिय प्रगति ९९.१२%

ESP Nepal (DFID) को अनुदानमा संचालित आयोजनाका मुख्य-मुख्य उपलब्धिहरू

जनवरी २०१३ देखि डिसेम्बर २०१३ सम्म Improving the Implementation of Right to Information (RTI) in Nepal नामक परियोजनाका लागि रु २,९०,३५,१२५।– को बजेट तथा कार्यक्रम स्वीकृत भएकोमा आयोजना अवधिभर राष्ट्रिय सूचना आयोगबाट रु १,३८,०४,१३५।– र ESP Nepal बाट ७६,७७,५१२।– गरि जम्मा रु २,१४,८१,६४७।– खर्च भएको छ। अर्थात कुल बजेटको ७४% खर्च भएको छ। उक्त परियोजनाबाट निम्न लिखित मुख्य मुख्य कार्यक्रम सम्पादन भएको छ।

१. नमूनाको रूपमा ५ वटा जिल्ला डडेल्धुरा, बाँके, कास्की, पर्सा र मोरङ्गमा MIS System जडान गरेको

सोका लागि आवश्यक पर्ने कम्प्युटर, इन्भर्टर, स्क्यानर र सो सम्बन्धी अन्य आवश्यक सरसामान उपलब्ध गराईएको ।

२. MIS जडान भएका ५ जिल्लाका गा.वि.स. सचिवहरूलाई तालिम/ प्रशिक्षण प्रदान गरेको ।

३. MIS जडान भएका कार्यालयका कम्तिमा ३ जना कर्मचारीहरूलाई MIS संचालन सम्बन्धी तालिम प्रदान गरेको ।

४. माध्यमिक तथा उच्च माध्यमिक तहमा सूचनाको हकसम्बन्धी पाठ्यक्रम तयार भएको ।

५. नेपाल सरकारका विभिन्न तालिम केन्द्रहरूमा सूचनाको हकसम्बन्धी पाठ्यक्रम तयार भएको ।

६. सूचनाको हकसम्बन्धी ऐनसंग बाझिएका अन्य कानुनहरूको पुनरावलोकन सूचि तयार भएको ।

७. राष्ट्रिय सूचना आयोगका कर्मचारीहरू र भारतका सूचना आयुक्तहरूको बीचमा आपसी अनुभव आदान प्रदान तथा छलफल गरेको ।

८ गैर सरकारी संस्थाहरूसंग अन्तरक्रिया गरी सूचनाको हकको कार्यान्वयन कसरी परिचालन गर्न सकिन्छ भन्ने अध्ययन गरेको ।

९. काठमाण्डौं उपत्यका भित्रका नगरपालिकाहरूका कर्मचारी तथा वडा सचिवहरूको लागि सुचनाको हकसम्बन्धी तालिम प्रशिक्षण संचालन गरेको ।

१०. आयोगका तथा सम्बद्ध निकायका १२ जना कर्मचारीहरूलाई भारतमा पठाई सूचनाको हकसम्बन्धी तालिम/प्रशिक्षण प्रदान गरेको ।

११. मन्त्रालय/आयोग/सचिवालयका सूचना अधिकारी एवं आयोगका कर्मचारीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रोत व्यक्तिहरूबाट तालिम/प्रशिक्षण दिएको ।

१२. जनचेतनामूलक वृत्तचित्र निर्माण तथा प्रशारण, विभिन्न भाषाका पोष्टर पम्प्लेट छपाई तथा वितरण र रेडियो एफ्.एम्., टि.भि. तथा पत्रपत्रिकाहरूबाट सन्देशहरू प्रशारण गरेको ।

१३. गैरसरकारी संस्थाहरूको Mapping गर्ने कार्य निरन्तर भइरहेको ।

१४. कार्यान्वयनको अनुगमन गर्ने र सिकाईहरूलाई क्रमशः कार्यान्वयन गर्दै लैजाने कार्य भइरहेको ।

उपरोक्त कार्यक्रमहरू मध्ये केही कार्यक्रमहरू तपसिलका कारणले गर्दा सम्पन्न हुन सकेन ।

- परियोजना अवधिमा संविधानसभाको चुनाव भएकोले कर्मचारीहरू चुनावमा खट्नु परेको ।
- आयोगमा पदाधिकारीहरू रिक्त रहनु । दरवन्दी अनुसार कर्मचारीहरूको पदपूर्ति नहुनु र भएका केहि कर्मचारीहरू समेत लामो समय देखि विभिन्न मन्त्रालयमा काजमा रहनु ।
- प्रशासनिक कामकारवाहीले परियोजना नै एक दुई महिना पछि शुरु हुनु ।

DFID/ESP बाट Improving the Right to Information in Nepal नामक आयोजना अन्तर्गत प्राप्त सहयोगको विवरण

सि.नं	कार्यक्रमको विवरण	स्विकृत बजेट	खर्च			बाँकी रकम
			NIC बाट	ESP बाट	जम्मा खर्च	
१	MIS सर्भे, जडान तथा तालिम	५,४०९,४००।००	२,१६६,०६३।००	२,८१३,७६७।००	४,९७९,८३०।००	४२९,५७०।००

सि.नं	कार्यक्रमको विवरण	स्विकृत बजेट	खर्च			बाँकी रकम
			NIC बाट	ESP बाट	जम्मा खर्च	
२	सुचना अधिकारी तथा गाविस सचिव तालिम	१,६४८,०००।००	१,१००,४४५।००	-	१,१००,४४५।००	५४७,५५५।००
३	District level Officer Meeting	१८०,०००।००	-	-	-	१८०,०००।००
४	NIC को कार्यक्षमता अभिबृद्धि (संगठन र विशेषज्ञतामा बृद्धि	४२०,०००।००	१५,८२०।००	-	१५,८२०।००	४०४,१८०।००
५	RTI को क्षेत्रमा NIC को क्षमता र विशेषज्ञतामा बृद्धि स्वेदसी, विदेशी तालिम, नगरपालिकाका वडाका सूचना अधिकारी तालिम	४,१०२,०००।००	४,०५७।४३७।००	-	४,०५७,४३७।००	४४,५३६।००
६	NIC स्टाफको क्षमता अभिबृद्धि (भारत र बेलायत भ्रमण)	४,१०२,०००।००	८७३,९०२।००	७३,१८०।००	९,४७,०८२।००	३,१७२।९१८।००
७	कम्युनिकेशन स्टाटेजी तयार गर्ने	४८८,५००।००	६६,५०५।००	२७०,०००।००	३३६,५०५।००	१५१,९९५।००
८	मा.वि. तथा उ.मा.वि.र नेपाल सरकारका तालिम केन्द्का लागि पाठ्यक्रम तयार गर्ने	१,८०३,०००।००	१४०,१४१।००	१,२६९,२५०।००	१,४०९,३९१।००	३९३,६०९।००
९	राष्ट्रियस्तरको गोष्ठी गैर सरकारी तथा साझेदारी संस्था	३४२,८००।००	३०४,४९०।००	-	३०४,४९०।००	३८,३१०।००
१०	मन्त्रालय स्तरको मिटिङ्ग	९६,०००।००	-	-	-	९६,०००।००
११	सूचनाको हकसंग बाझिएका कानुनहरूको पुनरावलोकन	७५०,०००।००	४६,६८५।००	७००,०००।००	७४६,६८५।००	३,३१५।००
१२	प्रचार प्रसार	२,५२५,०००।००	२,४५५,४९१।००	३०,०००।००	२,४८५,४९१।००	३९,५०९।००
१३	अनुगमन मूल्यांकन	७८४,०००।००	-	-	-	७८४,०००।००
१४	तलव भत्ता	२,५५०,०००।००	-	२,५११,२८१।००	२,५११,२८१।००	३८,७१९।००
१५	संचालन तथा व्यवस्थापन	१,८२०,०००।००	१,६२१,४३७।००	-	१,६२४,४३७।००	१९८,५३६।००
१६	गाडी भाडा	८८०,०००।००	३०१,७७५।००	-	३०१,७७५।००	५७८,२२५।००
१७	शिरोधार्य खर्च	१,११६,४२५।००	६५३,९४४।००	१०,०३४।००	६६३,९७८।००	४५२,४४७।००
	कुल जम्मा	**२९,०३५,१२५।००**	**१३,८०४,१३५।००**	**७,६७७,८१२।००**	**२१,४८१,६४७।००**	**७,५५३,४७८।००**

परिशिष्ट ५
आयोगको संगठन चार्ट

नेपाल सरकार
राष्ट्रिय सूचना आयोग
संगठन तालिम



कुल दरवन्दी तेरिज	
सचिव (रा.प विशिष्ट)	१
सहसचिव (रा.प. प्रथम प्रशासन)	१
उप सचिव (रा.प., द्वितिय, प्रशासन, सा.प)	२
शाखा अधिकृत (रा.प.,तृतीय, प्रशासन, सा.प)	८
लेखा अधिकृत (रा.प.,तृतीय, प्रशासन, लेखा)	१
कानून अधिकृत (रा.प.,तृतीय, न्याय, कानून)	१
ना.सु (रा.प.,अन प्रथम प्रशासन, सा.प)	३
जम्मा	१७
उप सचिव (रा.प.द्वितीय, प्रशासन, सा.प्र.) विशेष समूह	२
करार सेवा	१२
कुल जम्मा	३१

द्रष्टब्य : करार सेवा-कम्प्युटर अपरेटर-२, हलुका सवारी चालक-५, कार्यालय सहयोगी-२, पाले-२ र कुचिकार-१ सेवा करारमा कार्यरत ।

परिशिष्ट ६

आयोगको दरवन्दी विवरण

आयोगको नियमित कार्य सम्पादनका लागि नेपाल सरकारले निम्नलिखित उनन्तीस जना कर्मचारीको दरबन्दीको व्यवस्था गरेको छ :

१.	**सचिव (रा.प. विशिष्ट श्रेणी)**	–१
२.	सह सचिव (रा.प. प्रथम श्रेणी)	–१
३.	उप सचिव (रा.प.द्वितीय श्रेणी) प्रशासन, सामान्य प्रशासन	–२
	विशेष सेवा उप सचिव (रा.प.द्वितीय श्रेणी)	–२
४.	शाखा अधिकृत (रा.प. तृतीय श्रेणी) प्रशासन, सामान्य प्रशासन	–८
५.	कानुन अधिकृत (रा.प.तृतीय श्रेणी) न्याय, कानुन	–१
६.	लेखा अधिकृत (रा.प. तृतीय श्रेणी) प्रशासन, लेखा	–१
७.	नायव सुव्बा (रा.प.अन. प्रथम श्रेणी) प्रशासन, सामान्य प्रशासन	–३
८.	कम्प्युटर अपरेटर – २	
९.	हलुका सवारी चालक – ५	
१०.	कार्यालय सहयोगी – २	करार सेवा
११.	पाले – २	
१२.	कुचिकार – १	
	स्थायी सेवा	– १७ जना
	विशेष सेवा	–२ जना
	करार सेवा	– १२ जना
	जम्मा	– ३१ जना कार्यरत रहेको ।

नोट :– स्वीकृत दरवन्दी २९ जना रहेको ।

परिशिष्ट ७
सर्वोच्च र पुनरावेदनमा गएका मुद्दाका विवरण

सि.नं.	निवेदक	विपक्षी	जरिवाना भएको पदाधिकारी	आदेशको मिति	पुनरावेदन	कैफियत
१	प्रा.डा. भिमराज अधिकारी	नेपाल सरकार राष्ट्रिय सूचना आयोग			सर्वोच्च अदालत	रिट
२	जितेन्द्र कुमार झा	पोखरा विश्वविद्यालय	-	२०६७।१।३०	सर्वोच्च अदालत	रिट
३	सुन्दरकुमार घिमिरे	दूरसञ्चार कम्पनी	-	२०६६।१२।२७	सर्वोच्च अदालत	रिट
४	अधिवक्ता प्रभात कुमार कर्ण	नक्कली मूल्य अधिवृद्धि कर विजकबाट भएको कर छलि सम्बन्धमा अध्ययन तथा छानविन प्रतिवेदन-२०६७	-	२०६६।६।२७	सर्वोच्च अदालत	रिट
५	अधिवक्ता कमलप्रसाद इटनी	नेपाल सरकार सूचना आयोग	-	२०६६।८।१९	सर्वोच्च अदालत	रिट
६	दुर्गाप्रसाद पन्थी	कृषि तथा सहकारी मन्त्रालय	सचिव डा.बज्र किशोरप्रसाद शाह	२०६७।२।२४	सर्वोच्च अदालत	रिट
७	माधवराज पाण्डे	आर्दश विद्या मन्दिर	प्रि. सुजाता मान्नधर	२०६९।८।१५	पुनरावेदन अदालत	
८	रविप्रताप राणा समेत	प्र.म.नि कुवेर सिंह राना	प्र.म.नि कुवेर सिंह राना	२०६९।१०।१२	सर्वोच्च अदालत	रिट
९	तारानाथ दाहाल	आन्तरिक राजश्व कार्यालय म.नि. टंकमणि शर्मा	आन्तरिक राजश्व कार्यालय म.नि. टंकमणि शर्मा	२०६९।११।१४	सर्वोच्च अदालत	रिट
१०	गिर्वाणकुमार शर्मा	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	सचिव प्रविणकुमार मिश्र	२०६९।१२।१८	पुनरावेदन अदालत	सफाई पाएको
११	सोम ढकाल	त्रि.वि.वि.	प्रमुख, वर्तमान परीक्षा नियन्त्रक	२०७०।१।२९	पुनरावेदन अदालत	
१२	शंकर पौडयाल	त्रि.वि.वि.	प्रमुख, वर्तमान परीक्षा नियन्त्रक	२०७०।१।२९	पुनरावेदन अदालत	
१३	संतोष न्यौपाने	त्रि.वि.वि.	प्रमुख, वर्तमान परीक्षा नियन्त्रक	२०७०।१।२९	पुनरावेदन अदालत	
१४	केशवराज रेग्मी	त्रि.वि.वि.	प्रमुख, वर्तमान परीक्षा नियन्त्रक	२०७०।१।२९	पुनरावेदन अदालत	
१५	मुकेश सिंह	प.नि.का.पोखरा विश्वविद्यालय	तत्कालिन परीक्षा नियन्त्रक	२०७०।२।२३	पुनरावेदन अदालत	
१६	पवन के.सी.	प.नि.का.पोखरा विश्वविद्यालय	तत्कालिन परीक्षा नियन्त्रक	२०७०।२।२३	पुनरावेदन अदालत	
१७	ह्रदयरत्न शाक्य	राष्ट्रिय विधि विज्ञान	का.नि. भिनुशोभा तुलाधर	२०७०।२।१३	पुनरावेदन अदालत	
१८	विजयसिंह सिजापति	त्रि.वि.वि सेवा आयोग	तत्कालिन अध्यक्ष	२०७०।२।२३	पुनरावेदन अदालत	
१९	चुन्दा बज्राचार्य	त्रि.वि.वि सेवा आयोग	तत्कालिन अध्यक्ष	२०७०।२।२३	पुनरावेदन अदालत	
२०	सुरेशदास श्रेष्ठ	त्रि.वि.वि सेवा आयोग	तत्कालिन अध्यक्ष	२०७०।२।२३	पुनरावेदन अदालत	
२१	डा. सुबोध ढकाल	त्रि.वि.वि सेवा आयोग	तत्कालिन अध्यक्ष	२०७०।२।२३	पुनरावेदन अदालत	
२२	पशुपति दास	केशो अनिरुद्रवति मा.वि. राजविराजका प्रधानाध्यापक विज्यानन्द झा	प्रधानाध्यापक	२०६६।२।८	पुनरावेदन अदालत	
२३	शिक्षिका पुष्पा कार्की	जिल्ला शिक्षा कार्यालय कैलाली र सरस्वती नि.मा.वि. धनगढी	तत्कालिन जिल्ला शिक्षा अधिकारी	२०६६।५।११		सफाई पाएको

परिशिष्ट ८

जरिवानाको विवरण/असुली भएको समेत

सि.नं.	निवेदक	विपक्षी	जरिवाना भएको पदाधिकारी	जरिवाना	आदेशको मिति	जरिवाना असुली भएको / नभएको	कैफियत
१	पशुपति दास	केशो अनिरुद्रवति मा.वि. राजविराजका प्रधानाध्यापक विज्यानन्द झा	प्रधानाध्यापक	१०००।-	२०६६।२।८	नभएको	
२	पुष्पा कार्की	जिल्ला शिक्षा कार्यालय कैलाली र सरस्वती नि.मा.वि. धनगढी	तत्कालिन जिल्ला शिक्षा अधिकारी कोषराज पनेरु	५०००।-	२०६८।७।७		सफाई पाएको
३	ललितप्रसाद सिंह	मावि वनैनिया, सप्तरी	प्र.अ.शिवचरण सिंह	१००१।-	२०६९।८।१५	भएको	
४	माधवराज पाण्डे	आर्दश विद्या मन्दिर	प्रि. सुजाता मान्नधर	१००१।-	२०६९।८।१५	भएको	
५	गिर्वाणकुमार शर्मा	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	सचिव प्रविणकुमार मिश्र	१००१।-	२०६९।१२।१८	नभएको	सफाई पाएको
६	सोम ढकाल	त्रि.वि.वि.	प्रमुख, वर्तमान परीक्षा नियन्त्रक	११०१।-	२०७०।१।२९	नभएको	
७	शंकर पौडयाल	त्रि.वि.वि.	प्रमुख, वर्तमान परीक्षा नियन्त्रक	११०१।-	२०७०।१।२९	नभएको	
८	संतोष न्यौपाने	त्रि.वि.वि.	प्रमुख, वर्तमान परीक्षा नियन्त्रक	११०१।-	२०७०।१।२९	नभएको	
९	केशवराज रेग्मी	त्रि.वि.वि.	प्रमुख, वर्तमान परीक्षा नियन्त्रक	११०१।-	२०७०।१।२९	नभएको	
१०	ह्रदयरत्न शाक्य	राष्ट्रिय विधि विज्ञान	का.नि. मिनुशोभा तुलाधर	१००१।-	२०७०।२।१३	नभएको	
११	मुकेश सिंह	प.नि.का.पोखरा विश्वविद्यालय	तत्कालिन परीक्षा नियन्त्रक	११०१।-	२०७०।२।२३	नभएको	
१२	पवन के.सी.	प.नि.का.पोखरा विश्वविद्यालय	तत्कालिन परीक्षा नियन्त्रक	११०१।-	२०७०।२।२३	नभएको	
१३	केदारप्रसाद गौतम	साप नेपाल	अध्यक्ष बाबुराम श्रेष्ठ	२०००।-	२०७०।२।२३	नभएको	
१४	विजयसिंह सिजापति	त्रि.वि.वि सेवा आयोग	तत्कालिन अध्यक्ष	१०१।-	२०७०।२।२३	नभएको	
१५	चुन्दा बज्राचार्य	त्रि.वि.वि सेवा आयोग	तत्कालिन अध्यक्ष	१०१।-	२०७०।२।२३	नभएको	
१६	सुरेशदास श्रेष्ठ	त्रि.वि.वि सेवा आयोग	तत्कालिन अध्यक्ष	१०१।-	२०७०।२।२३	नभएको	
१७	डा. सुबोध ढकाल	त्रि.वि.वि सेवा आयोग	तत्कालिन अध्यक्ष	१०१।-	२०७०।२।२३	नभएको	
१८	भिमप्रसाद पुन	इलाका हुलाक कार्यालय पाखापानी म्याग्दी	नारायणराज सापकोटा	१००१।-	२०७०।९।१६	भएको	

परिशिष्ट ९

राष्ट्रिय सूचना आयोगबाट भएको जरिवाना लगत कसी असुल उपर गर्न प्रमुख जिल्ला अधिकारीहरूलाई लेखी पठाईएको विवरण

सि.नं.	निवेदक	जरिवाना भएको पदाधिकारी	कार्यरत संस्था	जरिवाना भएको रकम	जरिवाना असुल गर्न प्र.जि.अ. लाई लेखि पठाइएको जिल्ला	कैफियत
१	सोम ढकाल	तत्कालिन परीक्षा नियन्त्रक	प.नि.का. त्रि.वि.वि	रु ११०१।-	काठमाण्डौ	
२	शंकर पौड्याल	तत्कालिन परीक्षा नियन्त्रक	प.नि.का. त्रि.वि.वि	रु ११०१।-	काठमाण्डौ	
३	सन्तोष न्यौपाने	तत्कालिन परीक्षा नियन्त्रक	प.नि.का. त्रि.वि.वि	रु ११०१।-	काठमाण्डौ	
४	केशवराज रेग्मी	तत्कालिन परीक्षा नियन्त्रक	प.नि.का. त्रि.वि.वि	रु ११०१।-	काठमाण्डौ	
५	विजयसिंह सिजापती	तत्कालिन अध्यक्ष	त्रि.वि.वि. सेवा आयोग, किर्तिपुर	रु १०१।-	काठमाण्डौ	
६	चुन्द्रा बज्राचार्य	तत्कालिन अध्यक्ष	त्रि.वि.वि. सेवा आयोग, किर्तिपुर	रु १०१।-	काठमाण्डौ	
७	सुरेशदास श्रेष्ठ	तत्कालिन अध्यक्ष	त्रि.वि.वि. सेवा आयोग, किर्तिपुर	रु १०१।-	काठमाण्डौ	
८	डा.सुवोध ढकाल	तत्कालिन अध्यक्ष	त्रि.वि.वि. सेवा आयोग, किर्तिपुर	रु १०१।-	काठमाण्डौ	
९	ललितप्रसाद सिंह	प्र.अ. शिवशरण सिंह	मा वि बनैनिया, सप्तरी	रु १००१।-	सप्तरी	
१०	माधवराज पाण्डे	प्र.अ.सुजाता मान्धर	आर्दश विद्या मन्दिर, ललिपुर	रु १००१।-	ललितपुर	असुली भएको
११	ह्रदयरत्न शाक्य	का.नि. मिनुशोधा तुलधर	राष्ट्रिय विधि विज्ञान प्रयोगशाला	रु १००१।-	ललितपुर	
१२	पवन के.सी.	तत्कालिन परीक्षा नियन्त्रक	प.नि.का. पोखरा विश्वविद्यालय	रु ११०१।-	कास्की	
१३	मुकेश सिंह	तत्कालिन परीक्षा नियन्त्रक	प.नि.का. पोखरा विश्वविद्यालय	रु ११०१।-	कास्की	
१४	गिर्वाण कुमार शर्मा	सचिव प्रविण कुमार मिश्र	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	रु १००१।-	काठमाण्डौ	सफाई पाएको
१५	केदार प्रसाद गौतम	अध्यक्ष बाबुराम श्रेष्ठ	साप नेपाल बबरमहल	रु २०००।-	काठमाण्डौ	
१६	पशुपति दास	विज्यानन्द झा खेलानन्द झा	कोशो अनिरुद्रवती मा.वि. राजविराज	रु. १०००।-	-	

परिशिष्ट १०

आयोगबाट भएका केही प्रतिनिधि मुलक निर्णय/आदेश

क्रं.सं.	उजुरीकर्ताको नाम	मिति	विपक्षी
१	वाल्मीकि विद्यापीठ काठमाडौंका गोविन्दप्रसाद दाहाल	२०६९ साल मंसिर १५	नेपाल संस्कृत विश्वविद्यालय, परीक्षा नियन्त्रक कार्यालय
२	सूचना सहायता केन्द्र, फ्रिडम फोरम थापाथली काठमाडौंका, सञ्जीव घिमिरे	२०६९ साल पुस ५	अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौंका प्रमुख (सचिव)
३	भीमप्रसाद पुन, पाखापानी, ८ म्याग्दी	२०६९ साल पुस १६	नारायण राज सापकोटा, साविक कार्यालय प्रमुख ईलाका हुलाक कार्यालय पाखापानी
४	फ्रिडम फोरम थापाथली काठमाडौंका तारानाथ दाहाल	२०६९ साल माघ २५	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख - मुख्य सचिव
५	बुढानीलकण्ठ स्कूल सामाजिक विज्ञान विभाग प्रमुख देवेन्द्र सिंह	२०६९ साल फागुन १	बुढानीलकण्ठ स्कूल
६	विजय सिंह सिजापती लगायत तीनजना सह–प्राध्यापकको	२०७० साल बैशाख ४	त्रिभुवन विश्वविद्यालय सेवा आयोग
७	शंकरदेव क्याम्पसका विद्यार्थी केशवराज रेग्मी,सोम ढकाल सन्तोष न्यौपान,शंकर पौडयाल	२०७० साल वैशाख २९	प्रमुख त्रि.वि.वि.परीक्षा नियन्त्रण कार्यालय, वल्खु
८	वैज्ञानिक अधिकृत हृदय रत्न शाक्य	२०७० साल जेठ १३	राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार, ललितपुरका प्रमुख (कार्यकारी निर्देशक) ..... भिनुशोभा तुलाधर
९	तारानाथ दाहाल, फ्रिडम फोरम, थापाथली सञ्जिव घिमिरे, फ्रिडम फोरम, थापाथली	२०७० साल जेठ २३	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मुख्य सचिव लीलामणि पौडेल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारी शंकर के.सी
१०	जि.सुनसरी सिर्गिया गा.वि.स. २ घर भै काठमाडौं ववरमहल बस्ने रत्न कुमारी चौधरी	२०७० साल आषाढ १७	कार्यकारी निर्देशक, रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपाल सिंहदरवार, काठमाडौ
११	शारदा भूषाल (झा)	२०७० साल फागुन २९	प्रमुख एसियन डेभलपमेन्ट बैंक कमलादी,काठमाण्ढौ
१२	शारदा भूषाल (झा)	२०७० साल फागुन २९	प्रमुख Swiss Agency for Development Cooperation (SDC), एकान्तकुना, ललितपुर ।

१

श्री राष्ट्रिय सूचना आयोगको आदेश

वाल्मीकि विद्यापीठ काठमाडौंका गोविन्दप्रसाद दाहालले नेपाल संस्कृत विश्वविद्यालय, परीक्षा नियन्त्रक कार्यालयका सूचना अधिकारी एवं कार्यालय प्रमुखसंग तपसिलको विषयको सूचना माग गर्दा सूचना उपलब्ध नगराएको भनी यस आयोग समक्ष मिति २०६९।७।२४ मा निवेदन गरेको ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ ले सूचनाको हक अन्तर्गत सार्वजनिक सरकारी र आफ्नो विषयको सूचना माग्न पाउने व्यवस्था गरेको छ । राज्यका काम कारवाही खुला र पारदर्शी वनाउन सूचनाको हक सम्वन्धी ऐन, २०६४ लागू भएको हो । ऐनको दफा ३ मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा हक र पहुँच हुने र दफा ३०(२) मा कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेका आफूसंग सम्बन्धित विषयको सूचना माग गरेमा निजलाई सो सूचना उपलब्ध गराउनुपर्ने स्पष्ट व्यवस्था गरेको छ ।

संविधान र ऐनमा भएका उक्त व्यवस्थाहरू कार्यान्वयन गराउनका लागि राष्ट्रिय सूचना आयोगले परीक्षकको नाम नामेसी नखुल्ने गरी उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि उपलव्ध गराउनु भनी विजय अर्यालको निवेदनका सम्वन्धमा आयोगले २०६६।५।१९ गते निर्णय गरिसकेको छ ।

साथै उत्तरपुस्तिका उपलव्ध गराउने आयोगको आदेश विरुद्ध सम्मानित सर्वोच्च अदालतमा परेको रिट निवेदन उपर फैसला गर्दा "संविधानको धारा २७ अन्तर्गत आफ्नो उत्तरपुस्तिकाको प्रतिलिपि माग गर्ने र पाउने प्रत्येक परीक्षार्थीको हक भएको हुँदा परीक्षार्थीले आफ्नो उत्तरपुस्तिका पाउनु पर्दछ । त्यसैले विपक्षी सूचना आयोगको २०६६।५।२९ को निर्णय वदर गर्नु परेन" भनी मिति २०६८।२।४ मा परमादेश जारी भएको थियो ।

त्यसपछि उक्त निर्णय कार्यान्वयन गर्ने क्रममा यस आयोगले उत्तरपुस्तिका माग्न आउने परीक्षार्थीलाई परीक्षकको नाम नामेसी नखुल्ने गरी उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि दिनुपर्दछ, शैक्षिक संस्थाहरूले संचालन गर्ने परीक्षाको परीक्षाफल प्रकाशित भै सकेपछि विद्यार्थीले आफ्नो उत्तरपुस्तिका मागमा माग गरेको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि सम्बन्धित शैक्षिक संस्थाका परीक्षा संचालन गर्ने निकायहरूबाट दिने दिलाउने व्यवस्था गर्न गराउन नेपाल सरकार, शिक्षा मन्त्रालय तथा विश्वविद्यालयका नाममा मिति २०६८।५।१९ मा आदेश जारी गरिसकेको छ ।

अव परीक्षा संचालन गर्ने जुनसुकै सार्वजनिक निकाय/संस्थाहरूले आफ्नो उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि माग गरेमा परीक्षकको नाम नामेसी नखुल्ने गरी उपलव्ध गराउनु पर्दछ भन्ने विषय विवादमुक्त वनी सकेको छ ।

अतः उल्लेखित आधार र कारणहरूको आधारमा निवेदकले मागेको तपसिलको सूचना ७ (सात) दिन भित्र

विना शुल्क उपलब्ध गराई सोको जानकारी आयोगलाई समेत गराउन नेपाल संस्कृत विश्वविद्यालय दाङको परीक्षा नियन्त्रक कार्यालयका परीक्षा नियन्त्रकको नाममा यो आदेश जारी गरिएको छ ।

तपसिल

१. मिति २०६९ साल जेठ महिनामा परीक्षाफल प्रकाशित भएको आचार्य द्वितीय खण्डको सिद्धान्त ज्योतिष विषयको षष्ठ पत्रको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि ।

.....	.....
सविता भण्डारी बराल	श्रीआचार्य
सूचना आयुक्त	कार्यवाहक प्रमुख सूचना आयुक्त

ईति सम्वत २०६९ साल मंसिर १५ गते रोज् ६ शुभम् .....।

२
श्री राष्ट्रिय सूचना आयोगको आदेश

सूचना सहायता केन्द्र, फ्रिडम फोरम थापाथली काठमाडौंका, सञ्जीव घिमिरेले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट माग गरेको सूचना उपलब्ध नगराएको र उपलब्ध नगराउनुको कारण पनि नदिएको भनी मिति २०६९।८।२८ मा यस आयोगमा उजुरी गरेकोले माग गरेको तपसिलका सूचना ३ (तीन) दिन भित्र निजलाई उपलब्ध गराई यस आयोगलाई जानकारी दिनू । सूचना उपलब्ध गराउन नमिल्ने भए कारण सहितको लिखित जवाफ ३ (तीन) दिन भित्र उजुरीकर्तालाई दिई सोको जानकारी यस आयोगलाई उपलब्ध गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौंका प्रमुख (सचिव) को नाममा यो आदेश जारी गरिएको छ ।

तपसिल

१. सवोच्च अदालतका तत्कालीन न्यायाधीश श्री भैरवप्रसाद लम्सालको अध्यक्षतामा गठित सम्पति न्यायिक जाचँवुझ आयोगले अनुसन्धान गरी तयार गरी नेपाल सरकारलाई वुझाई नेपाल सरकारबाट त्यस आयोगलाई आवश्यक कारवाहीको लागि पठाएको प्रतिवेदनको आधारमा त्यस आयोगबाट श्रोत नखुलेको सम्पतिको आधारमा मुद्दा क कसलाई चलाईयो सो सम्वन्धी अभियुक्तहरूको नाम तथा निजहरूमाथि लगाईएको अभियोग दावीको विवरण ।

२. सो न्यायिक जाँचवुझ आयोगको प्रतिवेदनका आधारमा श्रोत नखुलेको अवैध सम्पति देखिएको भनी दावी गरिएका विभिन्न सार्वजनिक पद धारण गरेका व्यक्तिमध्ये यस आयोगबाट थप अनुसनधान गर्दा मुद्दा चलाउन नपर्ने देखि मुल्तवीमा राखेका व्यक्तिहरूको विवरण ।

३. सो न्यायिक जाँचवुझ आयोगको प्रतिवेदनका आधारमा श्रोत नखुलेको र आम्दानीको वैधानिक श्रोत नखुलेको सार्वजनिक पद धारण गर्ने भ्रष्ट व्यक्तिहरूमध्ये अझै अनुसन्धान जारी रहेको छ वा छैन वा सोको आधारमा कारवाही चलाउन वाँकी रहेको छ छैन सोको जानकारी । (हाल अनुसन्धान जारी भै रहेको छ भने ती व्यक्तिको नाम आवश्यक छैन) तथा अनुसन्धान भै रहेको अभियुक्तहरूको संख्यात्मक जानकारी ।

४. सो न्यायिक जाँचवुझ आयोगले आवश्यक अनुसन्धान गरी नेपाल सरकार हुँदै यस आयोगमा आवश्यक कारावहीका लागि प्राप्त भएको प्रतिवेदनमा कति व्यक्तिको सम्पति विवरण सम्वन्धी अनुसन्धान विवरण रहेको छ र सो विवरण मध्ये सार्वजनिक पदमा पुगेका राजनीतिक व्यक्ति कति र विभिन्न निकायका कर्मचारी कति (निजामति सेवा, प्रहरी, सेना न्यायालय, विभिन्न संवैधानिक आयोग, संस्थान तथा अन्य) छन् ? निकायहरू समेत खुल्ने गरी संख्यात्मक विवरण ।

५. यस आयोगलाई प्राप्त सो प्रतिवेदनको सम्पूर्ण विवरण सार्वजनिक जानकारीको लागि कहिले प्रकाशित गरिदै छ वा सो प्रतिवेदन गोप्य राख्ने निर्णय भएको छ भने सो सम्वन्धी निर्णयको प्रमाणित प्रतिलिपि ।

.....	.....
सविता भण्डारी बराल	श्रीआचार्य
सूचना आयुक्त	कार्यवाहक प्रमुख सूचना आयुक्त

ईति सम्वत २०६९ साल पुस ५ गते रोज ५ शुभम् .....।

३

श्री राष्ट्रिय सूचना आयोगको आदेश

भीमप्रसाद पुन, पाखापानी, ८ म्याग्दी----------१ पुनरावेदक

विरुद्ध

नारायण राज सापकोटा, साविक कार्यालय प्रमुख ईलाका हुलाक कार्यालय पाखापानी म्याग्दी प्रत्यर्थी
----------१

विवाद सम्वन्धी तथ्यहरू

निवेदक भीमप्रसाद पुनको निवेदनको सम्वन्धमा यस आयोगको मिति २०६७।३।३२ को आदेश वमोजिमको सूचना उपलव्ध गराउन ईलाका हुलाक कार्यालय म्याग्दीका तत्कालिन कार्यालय प्रमुख नारायणराज सापकोटाको नाममा आदेश जारी भएको ।

मिति २०६७।११।२६ मा निवेदक भीमप्रसाद पुनले मिति २०६७।१२।१ मा आयोगको आदेश कार्यान्वयन नभएको भनी निवेदन गरेको ।

मिति २०६७।३।३२ को आदेश कार्यान्वयन नभएको देखिदा आवश्यक कारवाही गर्न गराउनका लागि सम्वन्धीत मन्त्रालयमा उक्त आदेश सहित आवश्यक कागजात पठाउन यस आयोगको २०६७।७।२० को निर्णय ।

निर्णय कार्यान्वयन गरी तुरन्त जानकारी दिनु भनी हुलाक सेवा विभागले जिल्ला हुलाका कार्यालय म्याग्दीलाई पठाएको मिति २०६८।७।२५ को बोधार्थ पत्र यस आयोगमा प्राप्त ।

आयोगको आदेश तत्काल कार्यान्वयन गरी पाउँ भन्ने निवेदक भीमप्रसाद पुनको २०६८।१८।१ को निवेदन ।

हुलाक सेवा विभागलाई २०६८।७।२० को आदेश कार्यान्वयनको सम्वन्धमा ३ दिन भित्र जानकारी गराउने भनी आयोगको २०६९।४।२२ को पत्र ।

ईलाका हुलाक कार्यालय म्याग्दीले निवेदकले दिएको निवेदन उपर कारवाही र सुनुवाई नगर्ने भनी गाउँ विकास समितिको सचिवको अध्यक्षतामा वसेको वैठकले गरेको निर्णयको छायाँप्रति संलग्न राखि पठाएको पत्र मिति २०६९।५।२७ मा आयोगमा प्राप्त ।

२०६७।३।३२ को आदेश वमोजिमको सूचना ७ दिनभित्र दिनु अन्यथा सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३२ (१) वमोजिम जरिवाना गरी विभागीय कारवाहीका लागि सम्बन्धित निकायमा लेखि पठाउने भनी पाखापानी ईलाका हुलाक कार्यालय म्याग्दीका हालका प्रमुख लगायत प्रमुख साविक कार्यालय प्रमुख नारायण राज सापकोटालाई जानकारी गराईएको ।

आयोगको ठहर

आयोगले मिति २०६७।३।३२ को आदेश वमोजिमको सूचना उपलव्ध गराउन मिति २०६९।६।१८ को आदेश सहित पाखापानी ईलाका हुलाक कार्यालय म्याग्दीका हाल र साविक कार्यालय प्रमुखहरूको नाममा पत्राचार गरी निर्णय कार्यान्वयन गर्न जानकारी गराईएकोमा हालसम्म पनि सो कार्यावन्यन भएको जानकारी प्राप्त नभएको, आयोगको विभिन्न मितिको आदेश कार्यान्वयन गर्न अटेर गरेकोले मिति २०६९।८।१८ को आदेश वमोजिम ईलाका हुलाक कार्यालय पाखापानी, म्याग्दीका साविक कार्यालय प्रमुख नारायण राज सापकोटालाई सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३२(१) वमोजिम सूचना नदिई आयोगको आदेश अटेर गरेकोमा रु १००१।- अक्षरेपी रु एक हजार एक मात्र जरिवाना गरी विभागिय कारवाहीको लागि सिफारिस गर्ने निर्णय गरिएको छ। निर्णय कार्यान्वयन गरि आयोगलाई जानकारी गराउन सूचना तथा संचार मन्त्रालयका सचिवका नाममा यो आदेश जारी गरिएको छ। साथै निवेदकको माग वमोजिमको सूचना निवेदकलाई दिन पाखापानी ईलाका हुलाक कार्यालय म्याग्दीका हालका प्रमुखको नाममा समेत यो आदेश पठाउनु र निर्णयको जानकारी साविक कार्यालय प्रमुख नारायणराज सापकोटालाई दिनु।

.....	.....
सविता भण्डारी बराल	श्रीआचार्य
सूचना आयुक्त	कार्यवाहक प्रमुख सूचना आयुक्त

ईति सम्वत २०६९ साल पुस १६ गते रोज २ शुभम् .....।

४

श्री राष्ट्रिय सूचना आयोगको आदेश

फ्रिडम फोरम थापाथली काठमाडौंका तारानाथ दाहालले २०५८ सालमा गठित सर्वोच्च अदालतका तात्कालीन न्यायाधीश श्री भैरव प्रसाद लम्सालको अध्यक्षतामा गठित सम्पत्ति न्यायिक जाँचवुझ आयोगले तयार पारी वुझाएको प्रतिवेदनको प्रमाणित प्रतिलिपि माग गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा निवेदन गरेकोमा कानुन अनुसार नमिल्ने भनी दिएको लिखित जानकारी दिएकोमा सो उपर चित्त नवुझि मिति २०६९।९।११ मा यस आयोग समक्ष पुनरावेदन गरेकोमा "माग गरेको सूचना निवेदकलाई शिघ्र दिने दिन नमिल्ने भए कारण सहितको जवाफ ७ (सात) दिन भित्र आयोगमा पठाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख - मुख्य सचिवका नाममा मिति २०६९।९।२० मा आदेश जारी भएको ।

उक्त आदेश वमोजिम मिति २०६९।१०।२ गते मुख्य सचिवबाट निवेदकले माग गरेका सूचना दिन नमिल्ने भनी आयोग समक्ष लिखित जवाफ पेश भएको । प्राप्त हुन आएको जवाफ माथि विचार गर्दा सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुसार निवेदकको माग वमोजिमको सूचना सार्वजनिक गर्न मिल्ने नमिल्ने विषयमा अन्तिम निरोपण राष्ट्रिय सूचना आयोगले गर्ने विषय हो । निवेदकले माग गरेको भैरवप्रसाद लम्सालको अध्यक्षतामा २०५८ सालमा गठित सम्पत्ति न्यायिक जाचँवुझ आयोगले तयार पारी वुझाएको प्रतिवेदनमा भएका विषयहरू सूचनाको हक लागु भै सकेपछि उक्त ऐनले प्रवाह गरिने छैन भनी तोकेको ऐनको दफा ३(३) ले गरेको प्रावधान अन्तर्गत पर्छ कि पर्दैन भनी हेरी निर्णयमा पुग्नुपर्ने भएकोले सो प्रतिवेदन यस आयोगको अध्ययन प्रयोजनका लागि १५ (पन्ध्र) दिन भित्र राष्ट्रिय सूचना आयोगमा पठाइदिने वा आयोगले सो प्रतिवेदन अध्ययन गर्ने व्यवस्था मिलाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख - मुख्य सचिव लिलामणि पौडेलका नाममा मिति २०६९।१०।५ मा आदेश जारी गरिएकोमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०६९।१०।१० को पत्रमा सो प्रतिवेदन आवश्यक कारवाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने र सो प्रतिवेदनमा समावेश भएका न्याय सेवा तर्फका कर्मचारीहरूको सम्पत्ती विवरण आवश्यक कारवाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले न्याय परिषद्मा पठाउने व्यवस्था गर्ने भनी निर्णय गरेको व्यहोरा आज मिति २०६९।१०।१० मात्र थाहा हुन आएको भनी यस आयोगमा जवाफ प्राप्त भएकोले सो प्रतिवेदन १५ (पन्ध्र) दिन भित्र आयोगले अध्ययन गर्ने व्यवस्था मिलाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख (सचिव)को नाममा यो आदेश जारी गरिएको छ ।

.....	.....
सविता भण्डारी बराल	श्रीआचार्य
सूचना आयुक्त	कार्यवाहक प्रमुख सूचना आयुक्त

ईति सम्वत २०६९ साल माघ २५ गते रोज ५ शुभम् .....।

५

राष्ट्रिय सूचना आयोगको आदेश

बुढानिलकण्ठ स्कूल सामाजिक विज्ञान विभाग प्रमुख देवेन्द्र सिंहले आफुलाई उक्त पदबाट अवकाश गरेकोमा राष्ट्रिय सूचना आयोगको आदेश वमोजिम पुर्नवहाली भएकोमा बुढानिलकण्ठ स्कूलमा अवकाशित अवधिको क्षतिपूर्तिको निवेदन दिदा हालसम्म कुनैपनि सुनुवाई नगरी क्षतिपूर्ति समेत उपलव्ध नगराएकोले सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा २९(५) वमोजिम क्षतिपूर्ति दिलाई पाउँ भनी यस आयोगमा मिति २०६९।१०।२१ मा निवेदन गरेको ।

निज निवेदकले आफ्नो निवेदनमा के कसरी, कहिले, कति क्षति पुगेको भनी स्पष्ट रूपमा उल्लेख गरेको नपाइएको हुदाँ तपसिलका विषयहरूका सम्वन्धमा आवश्यक प्रमाण सहित क्षतिपूर्तिको स्पष्ट अंक उल्लेख गरी पठाउन निवेदक देवेन्द्र सिंहको नाममा यो आदेश जारी गरिएको छ ।

तपसिल

१ प्रचलित कानून अनुसार २०६८ माघ देखि हालसम्म सामाजिक विज्ञान विभाग प्रमुखले पाउने सम्पूर्ण सेवा सुविधाको विवरण ।

२ प्रिन्सिपलको पत्रानुसार SMT समेतको संलग्नतामा गैह्र कानूनी सजाय गरी म र मेरो परिवारलाई मानसिक यातना दिएकोले कानून वमोजिम मानसिक यातना विरुद्धको क्षतिपूर्ति ।

३ गैह्र कानूनी निर्णय वदर गराउन कानून व्यवसायी सँग गरेको परामर्श खर्च, यातायात र मसलन्द खर्च वापतको रकम ।

.....	.....
सविता भण्डारी बराल	श्रीआचार्य
सूचना आयुक्त	कार्यवाहक प्रमुख सूचना आयुक्त

ईति सम्वत २०६९ साल फागुन १ गते रोज ३ शुभम् .....।

६

श्री राष्ट्रिय सूचना आयोगको आदेश

यस आयोगमा मिति २०६९।१२।२७ मा प्राप्त त्रिभुवन विश्वविद्यालय सेवा आयोगका अध्यक्षको मिति २०६९।१२।११ को जानकारी पत्र प्रति आयोगको ध्यानाकर्षण भएको छ ।

प्रथमतः राष्ट्रिय सूचना आयोगले मिति २०६९।१२।५ मा गरेको आदेशमा नै निवेदक विजय सिंह सिजापती लगायत तीनजना सह–प्राध्यापकको निवेदनका सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(१)(२) ले दिनुपर्ने सूचना भएको र ऐनको दफा ३(३) ले रोक समेत नलगाएको सूचना भएको हुँदा ती सूचना उपलब्ध गराउनू भनी आदेश गरेको हो । नेपाली नागरिकले सार्वजनिक निकायमा रहेको कुनै पनि सूचना माग गरेमा त्यस्तो सूचना ऐनको दफा ३(३) ले रोक लगाएको अवस्थामा बाहेक उपलब्ध गराउनै पर्ने हुन्छ । उपलब्ध गराउन नमिल्ने सूचना भए उपलब्ध नगराउँनुको उचित र पर्याप्त कारण दिनु पर्दछ भनी ऐनमा नै स्पष्ट व्यबस्था गरिएको छ । सूचनाको हक बमोजिम सूचना मागको निवेदन परे पछि सूचनाको हकसम्बन्धी ऐन बमोजिम नै सूचनाहरू उपलब्ध गराउने वा नगराउने निर्णय लिनु पर्दछ । त्रि.वि.वि.सेवा आयोगको अध्यक्षले दिएको जानकारी (जवाफ पनि होईन) मा निवदेकहरूले नतिजा प्रकाशित पछि अपनाउनु पर्ने प्रक्रियाको विषयमा उल्लेख गरिएको रहेछ । मुद्दा गर्ने नगर्ने, पुनर्योग गर्ने नगर्ने सम्बन्धित व्यक्तिको अधिकारको कुरा हो । सो गरे नगरेमा सूचनाको हक आकर्षित हुने कुरा होइन । सूचनाको हकले ऐनले दिएको अख्तियारी प्रयोग गरी नागरिकले सूचना माग्न पाउने र प्राप्त गर्ने हक राख्दछ । यस राष्ट्रिय सूचना आयोगले सूचना मागको निवेदनमा ऐनले दिएको क्षेत्राधिकार भित्र रही निवेदकहरूलाई सूचना दिनू भनी आदेश गरेको हो । परीक्षाको नतिजा प्रकाशन भई सके पछि सो को अंक प्राप्त गर्नु स्वाभाविक हुन्छ र सो गोप्य रहन सक्दैन । परीक्षाको नतिजा प्रकाशित भै सकेपछि प्राप्तांकलाई परीक्षासँग सम्बन्धित विषय भनी गोप्य राख्न मिल्दैन । सार्वजनिक निकाय (त्रिभुवन विश्वविद्यालय, सेवा आयोग)मा भएको आफूसँग सम्बन्धित सूचना माग गर्न पाउने अधिकार नागरिकको भएको र सो अनुसार निवेदकहरूले माग गरेको सूचना उपलब्ध गराउनु त्रि.वि.वि. सेवा आयोगको अध्यक्षको दायित्व हो । तर यस आयोगको आदेश पश्चात् पनि सूचना उपलब्ध नगराई विषयान्तर जानकारी पठाएर सूचना नदिई आयोगको आदेश अटेर गरेको देखिन आएकोले त्रिभुवन विश्वविद्यालय सेवा आयोगको अध्यक्ष प्रा.डा. ईश्वरचन्द्र दत्तलाई सूचनाको हकसम्बन्धी ऐनको दफा ३२ बमोजिम किन कारवाही गर्न नपर्ने हो सोको जवाफ ७ दिन भित्र पठाउन यो आदेश जारी गरिएको छ । म्याद भित्र जवाफ नपठाएमा कारवाहीको लागि फाईल पेश गर्नु ।

....

सविता भण्डारी बराल — श्रीआचार्य

सूचना आयुक्त — कार्यवाहक प्रमुख सूचना आयुक्त

इति सम्बत २०७० साल बैशाख ४ गते रोज ४ शुभम् ....।

७

राष्ट्रिय सूचना आयोगको निर्णय

शंकरदेव क्याम्पसका विद्यार्थी -			केशवराज रेग्मी	.....१	**निवेदक**
ऐ.	ऐ.	ऐ.	सोम ढकाल	.....१	**ऐ.**
ऐ.	ऐ.	ऐ.	शंकर पौडयाल	.....१	**ऐ.**
ऐ.	ए.	ऐ.	सन्तोष न्यौपाने	.....१	**ऐ.**

विरुद्ध

प्रमुख त्रि.वि.वि.परीक्षा नियन्त्रण कार्यालय, वल्खु	.....१	**प्रत्यर्थी**

विषय :– उत्तरपुस्तिकाको प्रतिलिपि माग ।

विषयगत तथ्यहरू

केशवराज रेग्मी, सोम ढकाल, शंकर पौडेल र सन्तोष न्यौपनेका निवेदनका सम्वन्धमा आयोगबाट भएको मिति २०६६।७।१३, २०६६।८।१६, २०६६।११।४ २०६८।१०।२० र २०६९।८।१५ को आदेश वारे त्रि.वि.वि. परीक्षा नियन्त्रण कार्यालय, वल्खुका प्रमुखलाई जानकारी गराइ सकिएकोमा परीक्षा नियन्त्रक दयामान कर्माचार्यले मिति २०६८।११।१४ को पत्रमा "आयोगको निर्णयलाई शिरोधार्य गर्दै अदालतको आदेशानुसार संस्थागत रूपमा कार्यान्वयनको प्रकृया अगाडी वढी रहेकोले सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३२ तथा ३३ को विपरीत कुनै कार्य नभए नगरिएकोले सो ऐन अनुसार कुनै कारवाही नहुनको लागि सादर अनुरोध गर्दछु । आयोगको निर्णय अनुसार सम्मानित सर्वोच्च अदालतबाट भएको आदेश समेत अन्तिम भएकाले आयोगको निर्णयलाई अन्यथा गर्ने सोचाई यस प.नि.का.को नभएको तर्फ पनि सम्मानित आयोगको ध्यानाकर्षण गराउँदछु" भनी आयोग समक्ष लिखित जवाफ पठाएको । तत्पश्चात यस आयोगको मिति २०६८।१०।२० को आदेश अनुसार तहाँ कार्यालयको मिति २०६८।११।१४ को पत्रबाट अदालतको आदेशानुसार संस्थागत रूपमा कार्यान्वयनको प्रकृया अगाडी वढीरहेको भन्ने जानकारी भएको सम्वन्धमा हालसम्म के प्रगति भएको छ ? सोको जानकारी ७ (सात) दिनभित्र आयोगलाई पठाउनु भनी यस आयोगबाट मिति २०६९।३।४ मा पत्रमार्फत ताकिता भएको ।

उक्त ताकेता पत्रको सम्वन्धमा त्रि.वि.वि. परीक्षा नियन्त्रण कार्यालयका तत्कालिन परीक्षा नियन्त्रक दयामान कर्माचार्यबाट परीक्षाको उत्तरपुस्तिका हेर्न पाउने सम्वन्धमा त्यस आयोगको आदेश कार्यान्वयन गर्न त्रि.वि.वि.को नियममा नै संशोधन गरी नयाँ व्यवस्था गर्नेपर्ने भएकोले नियम संशोधनको लागि गठित राय सुझाव समितिले पेश गरेको प्रतिवेदन त्रि.वि.वि. केन्द्रीय परीक्षा संचालक समितिको वैठकमा पेश भएको र सो समितिले उक्त प्रस्ताव त्रि.वि.वि. परीक्षा सुधार तथा समन्वय परिषद्को वैठकमा पठाउने निर्णय गरेको भन्ने व्यहोराको पत्र २०६९।३।२६ मा प्राप्त हुन आएको ।

निर्णय

यस विषयमा त्यसपछि के कस्ता कार्य भए वा के निर्णय भयो भन्ने सम्वन्धमा यस आयोगमा कुनै जानकारी प्राप्त भएको छैन । झण्डै १० महिना वितिसक्दा पनि कुनै निर्णय नभएबाट सूचना मागकर्ताको संविधान प्रदत्त मौलिक हकको कार्यान्वयन गर्ने र सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुरुप छिटो छरितो रूपमा सूचना दिलाउने तर्फ त्यस कार्यालयका कार्यालय प्रमुखबाट कुनै कारवाही भएको देखिएन । साथै सूचनाको हकसम्वन्धी ऐन र यस आयोगको आदेश वमोजिम छिटो सूचना दिलाउने तर्फ कुनै कारवाही नगर्ने तपाई सार्वजनिक निकायको प्रमुखलाई सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३२ वमोजिम कारवाही गर्न किन नपर्ने हो सोको पर्याप्त आधार र कारण सहित ७ (सात) दिन भित्र जवाफ पठाउन र नियम संशोधन नहुँदाको अवस्थामा सूचनाको हकसम्वन्धी ऐन, २०६४ र नियम २०६५ वमोजिम निवेदकलाई सूचना उपलव्ध गराउनु भनी त्रि.वि.वि. परीक्षा नियन्त्रक कार्यालयका प्रमुख (परीक्षा नियन्त्रक) को नाममा मिति २०६९।८।१५ मा आदेश जारी गरिएकोमा आदेश कार्यान्वयन गरिएको जानकारी समेत प्राप्त भएन । यसै विषयमा आयोगमा छलफलका लागि मिति २०६९।१०।१२ मा उपस्थित हुन आदेश गरिएकामा उपस्थित भएको पाइएन ।

तसर्थ आयोगका विभिन्न मितिका आदेशहरू वमोजिम सूचना उपलब्ध नगराएको र आयोगको आदेश पालना नगरेकोले त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयका प्रमूख (वर्तमान परीक्षा नियन्त्रक) लाई सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३२ (१) वमोजिम सूचना उपलव्ध नगराएकोमा रु १०००।– (अक्षरेपी रु एक हजार) र आयोगको आदेश अटेर गरेकोमा सोही ऐनको दफा ३२(५) वमोजिम रु १०१।– (अक्षरेपी रु एक सय एक) गरी जम्मा रु १,१०१।– (एक हजार एक सय एक) जरिवाना गरिएको छ । निर्णय उपर चित्त नवुझे सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३४ वमोजिम पुनरावेदन अदालतमा पुनरावेदन गर्न जनाउ दिने र निर्णयको जानकारी त्रिभुवन विश्वविद्यालयका उपकुलपति र नेपाल सरकार शिक्षा मन्त्रालयका सचिवलाई समेत गराउने ।

.....	.....
सविता भण्डारी बराल	श्रीआचार्य
सूचना आयुक्त	कार्यवाहक प्रमुख सूचना आयुक्त

इति सम्वत २०७० साल वैशाख २९ गते रोज १ शुभम् .....।

८

श्री राष्ट्रिय सूचना आयोगको निर्णय

कार्यवाहक प्रमुख सूचना आयुक्त : श्रीआचार्य
सूचना आयुक्त : सविता भण्डारी बराल

वायो सिरो र वाइल्ड लाइफ इकाई राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार
ललितपुरका वैज्ञानिक अधिकृत हृदय रत्न शाक्य ----------१ **निवेदक**

विरुद्ध

राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार, ललितपुरका प्रमुख (कार्यकारी निर्देशक) ..... भिनुशोभा
तुलाधर----------१ **प्रत्यर्थी**

विषय :- दरवन्दी पुनरावलोकन, पदपूर्ति उपकरण खरीद समेत सम्वन्धी सूचना माग ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ वमोजिम यस आयोगमा प्राप्त हुन आएको निवेदन, उजुरी/पुनरावेदन र तत् सम्वन्धमा भएका कारवाहीहरूको संक्षिप्त विवरण निम्न अनुसार रहेको छ ।

तथ्यहरू

१. निवेदकले राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमल्टार ललितपुरका कार्यकारी प्रमुख समक्ष मिति २०६८।८।१६ मा सूचना पाउन निवेदन दिएकोमा तहाँबाट सूचना प्राप्त नभएपछि मिति २०६८।९।११ मा यस आयोगमा निवेदन गरेको । यस आयोगबाट मिति २०६९।५।१९ मा निवेदक हृदयरत्न शाक्य राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका प्रमुखलाई माग गरेको सूचना उपलव्ध गराउनु अन्यथा ऐनको दफा ३२ वमोजिम कारवाहीको प्रकृया अगाडी वढाउने भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार, ललितपुरका प्रमुखको नाममा आदेश जारी ।

२. सूचना आयोग जस्तो Statutory body बाट निवेदकको माग के छ ? कानुन सम्मत छ छैन, निज सफा हात लिएर आएको छ कि छैन जस्ता विषयहरू नवुझी जस्ताको तस्तै Forward agency को जस्तो भै काम गरिदिदा सार्वजनिक जवाफदेहिता वहन गर्नु पर्ने संघ संस्थाको अमूल्य समय र स्रोत खेर जाने तर्फ आयोगबाट विचार हुनुपर्ने भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको कार्यकारी निर्देशक भिनुशोभा तुलाधरको मिति २०६९।५।२२ को जवाफ ।

३. मिति २०६९।६।२१ मा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका कार्यकारी निर्देशक भिनुशोभा तुलाधरद्वारा सम्मानित आयोगका आदेश वमोजिमका सूचनाहरू समयमै उपलव्ध गराईरहेको, आयोगको आदेश कार्यान्वयन गर्ने प्रतिवद्धता जनाएको ।

४. आयोगका आदेश वमोजिमका सूचनाहरू प्राप्त नभएकोले दफा ३२ वमोजिम कारवाही गरी सूचना उपलव्ध गराई पाऊँ भन्ने हृदयरत्न शाक्यको मिति २०६९।६।२१ को निवेदन ।

५. सूचनाको दुरुपयोग गरेमा कारवाही गर्न निवेदन दिन सक्ने कानुनी व्यवस्था छँदा छँदै सूचना दिन इन्कार गरेको सम्वन्धमा तपाईलाई दफा ३२ वमोजिम किन कारवाही गर्न नपर्ने हो सोको जवाफ पठाउन र

सूचनाको हकसम्वन्धी ऐन नियम अनुसार गरेको आयोगको कार्यप्रति तपाईले कुन आधार र कारणबाट Statutory body, Forward agency भन्ने उल्लेख गर्नुभएको हो सो सम्वन्धमा ७ (सात) दिन भित्र स्पष्ट लिखित जवाफ पठाउन राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार, ललितपुरको प्रमुखको नाममा यस आयोगको मिति २०६९।८।१५ को आदेश ।

६. राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार, ललितपुरको निर्देशक भिनुशोभा तुलाधरको मिति २०६९।१०।१० को पत्रको मुख्य अंश :–

निवेदकले पालन गर्नुपर्ने व्यावसायिक आचरण एवं निजले कर्मचारीको रूपमा खाएको शपथ विपरित कार्य गरेकोले टुङ्गो नलागेसम्मको लागि तत्काल सूचना प्रवाह गर्न स्थगन गर्न आदेश दिएको हो । यस प्रयोगशालाबाट कुनै पनि नेपाली नागरिकलाई सूचना प्रवाह नगर्ने उद्देश्य नरहेको र नियमानुसार सूचना प्रवाह गरिरहेको ।

निजले हालसम्म नियुक्त भएका सम्पूर्ण कर्मचारीहरूको शैक्षिक एवं चारित्रिक प्रमाण पत्र जस्ता विषयको समेत सूचना अनावश्यक झंझट दिने उद्देश्यले माग गरको अवस्था तर्फ मध्यनजर राखी आयोगको उजुरी, कारवाही र किनारा गर्ने सम्वन्धी कार्यविधि २०६७ को प्रकरण ७.२ वमोजिम संलग्न प्रमाणहरूको प्रारम्भिक अध्ययन हुनुपर्नेतर्फ ध्यानाकर्षण गराउन खोजेको मात्र हो अन्यथा एकातर्फ सार्वजनिक जवाफदेहिता वहनगर्नुपर्ने यस प्रयोगशाला जस्ता संस्थाको अमूल्य स्रोत साधन खेर जाने तथा निवेदकको माग के छ, माग गर्नुपर्ने वस्तुनिष्ठ कारण छ/छैन जस्ता विषयहरू नवुझी जस्ताको तस्तै Forwarding को कार्य नभई दिए हुन्थ्यो भन्ने आशय प्रकट गरिएको हो ।

आयोगको ठहर

उपरोक्त तथ्यहरू रहेका प्रस्तुत विषयमा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको कार्यकारी निर्देशक भिनुशोभा तुलाधरको विभिन्न मितिको जवाफबाट यस आयोगको मिति २०६९।८।१५ को आदेश अनुसार राष्ट्रिय विधि विज्ञान प्रयोगशालाकी कार्यकारी निर्देशक भिनुशोभा तुलाधरले सूचना नदिएकोमा निजलाई कारवाही गर्न नपर्ने कारणका सम्वन्धमा उचित जवाफ दिन सकेको देखिएन ।

निज कार्यकारी निर्देशकले यस प्रयोगशालाबाट नेपाली नागरिक लगायत सवैलाई सूचना प्रवाहित भै रहेको भन्ने जवाफ दिए पनि यस आयोगको मिति २०६९।५।१९ को आदेश वमोजिमका सूचनाहरू हालसम्म पनि निवेदक हृदयरत्न शाक्यलाई उपलव्ध गराइएको पाइएन । उल्टो सूचनाको हकसम्वन्धी ऐन विपरीत सूचना उपलव्ध गराउने प्रक्रिया नै अवरुद्ध हुने गरी मिति २०६९।१।१२ गते निर्णय गरी निवेदकलाई जानकारी दिएको देखियो । यसरी आयोगको आदेश अटेर गरी राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको कार्यकारी निर्देशकबाट सूचनाको हकसम्वन्धी ऐनले प्रवाह गर्न रोक नलगाएको र निवेदकले पाउनुपर्ने सूचना लामो समय व्यतित हुँदा पनि दिएको नदेखिदा निज कार्यकारी प्रमुखका तर्कमा सहमत हुने अवस्था रहेन ।

अतः आयोगको उल्लेखित आदेश अनुसार हालसम्म सूचना उपलव्ध नगराएकाले र आयोगको आदेश अटेर गर्ने कार्य भएको पाइएको हुँदा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाकी कार्यकारी निर्देशक भिनुशोभा तुलाधरलाई सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३२ वमोजिम रु १००१।– (रु एक हजार एक) जरिवाना गर्ने निर्णय गरिएको छ । यसको जानकारी विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवलाई दिने । निर्णयको जानकारी राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार, ललितपुरका (कार्यकारी निर्देशक) भिनुशोभा तुलाधरलाई गराई निर्णयमा चित्त नवुझे ३५ दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न जानु भनी जानकारी दिनू ।

.....	.....
सविता भण्डारी बराल	श्रीआचार्य
सूचना आयुक्त	कार्यवाहक प्रमुख सूचना आयुक्त

इति सम्वत २०७० साल जेठ १३ गते रोज २ शुभम् .....।

९

श्री राष्ट्रिय सूचना आयोगको निर्णय

कार्यवाहक सूचना आयुक्त : श्रीआचार्य
सूचना आयुक्त : सविता भण्डारी बराल

तारानाथ दाहाल, फ्रिडम फोरम, थापाथली ----------१ **पुनरावेदक**
सञ्जिव घिमिरे, फ्रिडम फोरम, थापाथली ----------१
विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मुख्य सचिव लीलामणि पौडेल--- १ **प्रत्यर्थी/विपक्षी**
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारी शंकर के.सी.--- १ **प्रत्यर्थी/विपक्षी**

विषय :- सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश श्री भैरवप्रसाद लम्सालको अध्यक्षतामा २०५८ सालमा गठित सम्पत्ति न्यायिक जाँचवुझ आयोगले तयार पारी वुझाएको प्रतिवेदनको प्रमाणित प्रतिलिपि माग गरेको सम्वन्धमा ।

सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा १० र २७(३) बमोजिम यस आयोग समक्ष पुनरावेदक तारानाथ दाहाल र संजीव घिमिरेले गरेको पुनरावेदन/पुनरावलोकनका **तथ्यहरू** :

१. फ्रिडम फोरम थापाथली काठमाडौंका तारानाथ दाहाल र संजीव घिमिरेले तत्कालीन श्री ५ को सरकारको निर्णय अनुसार २०५८ सालमा गठित सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश श्री भैरवप्रसाद लम्सालको अध्यक्षतामा गठित सम्पत्ति न्यायिक जाँचवुझ आयोगले आवश्यक अनुसन्धान पुरा गरी तयार पारी वुझाएको प्रतिवेदनको सर्म्पूण अनुसूचीका विवरण सहित प्रतिवेदनको प्रमाणित प्रतिलिपि माग गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा निवेदन गरेकोमा सो कार्यालयबाट नेपालको अन्तिरिम संविधान, २०६३ को धारा २७ को प्रतिवन्धात्मक वाक्यांश, धारा २८ लगायत भ्रष्टाचार निवारण ऐन २०५९,दफा ५० को उपदफा ४, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३१, क को उपदफा ३, सूचनाको हकसम्वन्धी ऐनको दफा ३, क को प्रतिवन्धात्मक वाक्यांशका आधारमा माग गरेका सूचना दिन नमिल्ने भनी दिएको लिखित जानकारीमा चित्त नवुझी मिति २०६९।९।११ मा यस आयोग समक्ष पुनरावेदन गरेको ।
२. उल्लिखित उजुरीमा सार्वजनिक ओहदामा बस्नेले पदीय अधिकारको दुरुपयोग गरी कमाएको सम्पत्तिलाई सार्वजनिक गर्न वेवास्ता गरी भ्रष्टाचारलाई लुकाउने नियत राखी सूचना लुकाउन खोजेकोले सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा १० उपदफा ३(क) वमोजिम आदेश जारी हुन माग गरेकोमा निवेदकले माग गरेका सूचना निवेदकलाई शीघ्र उपलव्ध गराउने, उपलव्ध गराउन नमिल्ने भए सोही ऐनको दफा १० उपदफा २ वमोजिम स्पष्ट कारण उल्लेख गरी ७ (सात) दिन भित्र आयोगमा लिखित जवाफ पठाउन

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख - मुख्य सचिव लीलामणि पौड्यालका नाममा मिति २०६९।९।२० मा यस आयोगबाट आदेश जारी ।

३. मिति २०६९।९।२० को आदेशको सम्वन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल सरकारको मुख्य सचिव लीलामणि पौड्यालबाट मिति २०६९।१०।२ मा *: प्रतिवेदन कानून न्याय र संसदीय व्यवस्था मन्त्रालय र रक्षा मन्त्रालयको सचिवहरूको रोहवरमा शीलवन्दी गरी राष्ट्र बैंकमा सुरक्षित साथ राख्ने र दराजको साँचो रक्षा सचिवको जिम्मामा रहने व्यवस्था गर्ने निर्णय भए वमोजिम नेपाल राष्ट्र बैंकमा सुरक्षित र गोप्य रुपले राखेको देखिदा हाल उक्त प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नरहेको व्यहोरा समेत स्पष्ट हुन्छ ।*

: निवेदकले माग गर्नु भए वमोजिमका सूचना नेपालको अन्तिरिम संविधान, २०६३ को धारा २७ को प्रतिवन्धात्मक वाक्यांश, धारा २८, सूचनाको हकसम्वन्धी ऐनको दफा ३, को खण्ड ङ तथा सोको प्रतिवन्धात्मक वाक्यांश, सोही ऐनको दफा २८को उपदफा १, भ्रष्टाचार निवारण ऐन २०५९,दफा ५० को उपदफा ४, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३१, क को उपदफा ३, गोपनीयताको हकसम्वन्धी मान्य सिध्दान्त सम्मानित सर्वोच्च अदालतको नजिर तथा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय समेतको आधारबाट प्रवाह गर्न नमिल्ने भएकोले निवेदकहरूले सम्मानित आयोग समक्ष दिएको पुनरावेदन खारेज गरिपाउँ, भन्ने लिखित जवाफ प्राप्त ।

४. तत्पश्चात्, यस आयोगबाट सूचनाको हकसम्वन्धी ऐन, २०६४ लागू भै सकेपछि उक्त ऐनले प्रवाह गरिने छैन भनी तोकेको ऐनको दफा ३(३) ले गरेको प्रावधान अर्न्तगत पर्छ कि पर्दैन भनी हेरी निर्णयमा पुग्नपर्ने भएकोले सो प्रतिवेदन यस आयोगको अध्ययन प्रयोजनको लागि १५ दिन भित्र राष्ट्रिय सूचना आयोगमा पठाइदिने वा आयोगले सो प्रतिवेदन अध्ययन गर्ने व्यवस्था मिलाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख (मुख्य सचिव)का नाममा मिति २०६९।१०।५ गते आदेश जारी ।

५. उल्लेखित आदेशको सन्दर्भमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं ९८ मिति २०६९।१०।१० को पत्रद्वारा " आयोगको मिति २०६९।१०।५ को आदेश कार्यान्वयन गर्नको लागि आवश्यक व्यवस्था मिलाउने सिलसिलामा मिति २०७०।१।१८ को मन्त्रिपरिषद्को वैठक संख्या ५/०६० बाट आयोगको प्रतिवेदन आवश्यक कारवाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने र सो प्रतिवेदनमा समावेश भएको न्याय सेवा तर्फका कर्मचारीहरूको सम्पति विवरण आवश्यक कारवाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले न्याय परिषद्मा पठाउने व्यवस्था गर्न भनी निर्णय गरेको व्यहोरा आज मिति २०६९।१०।१० मा थाहा हुन आएकोले आयोगको जानकारीको लागि प्रेषित गरिएको" भनी जवाफ प्राप्त हुन आएको ।

६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको उल्लिखित जवाफ प्राप्त भए पश्चात् लम्साल आयोगको प्रतिवेदन यस आयोगले अध्ययन गर्ने व्यवस्था मिलाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुखको नाममा मिति २०६९।१०।२५ मा आदेश जारी ।

७. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उक्त प्रतिवेदन २०५८ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवारमा च.नं. ४३१ मिति २०६९।११।११ को पत्रसाथ फिर्ता पठाएको जानकारी गराएको पत्र आयोग समक्ष मिति २०६९।११।१७ मा प्राप्त ।

८. उक्त प्रतिवेदन यस आयोगको अध्ययन प्रयोजनको लागि शीघ्र आयोगमा पठाइदिने वा सो प्रतिवेदन अध्ययन गर्ने व्यवस्था मिलाउने भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मुख्य सचिवको नाममा

मिति २०६९।११।१४ मा आदेश जारी ।

९. प्रतिवेदन अध्ययन अवलोकन गर्न मन्त्रिपरिषदको मिति २०७०।२।९ को निर्णय र तयार भएको कार्यविधि समेत आयोगमा प्राप्त हुन आएको ।

१०. कार्यविधि अनुसार यस आयोगका कार्यवाहक प्रमुख सूचना आयुक्त श्रीआचार्य र सूचना आयुक्त सविता भण्डारी वरालबाट मिति २०७०।२।१६ मा पहिलो पटक र मिति २०७०।२।२२ मा दोश्रो पटक गरी प्रतिवेदन अध्ययन अवलोकन गर्ने कार्य सम्पन्न भै सकेको ।

विवेचना र ठहर

प्रतिवेदन अध्ययन पश्चात् उपरोक्त तथ्यहरू रहेको प्रस्तुत विषयको निर्णयतर्फ विचार गर्दा निम्न प्रश्न निरोपण गर्नुपर्ने देखिन्छ :

१. उक्त प्रतिवेदन सूचनाको हकसम्वन्धी ऐनले प्रवाहमा रोक लगाएको विषय भित्र पर्छ, पर्दैन ? र सूचना मागकर्तालाई मागवमोजिम प्रतिवेदन उपलब्ध गराउन हुन्छ/हुदैन ?

यो प्रश्न तर्फ विचार गर्दा, सार्वजनिक निकायमा रहेका सूचनाहरू गोप्य राख्न सकिने विद्यमान कानुनी व्यवस्था के छ भन्ने हेर्नुपर्ने भयो ।

संविधानको धारा २७ ले प्रत्याभूत गरेको नागरिकको मौलिक हक अन्तर्गतको सूचनाको हकलाई व्यवहारमा ल्याउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली २०६५ लागू भैसकेको अवस्था विद्यमान छ। यो ऐन नेपाली नागरिकलाई सूचना माग्ने र प्राप्त गर्ने अधिकार प्रत्याभूत गर्न बनेको विशेष ऐन हो । यसको प्रस्तावनामा नै राज्यका काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, व्यवस्थापिका संसदले यो ऐन बनाएको छ भनी उल्लेख गरी यसको उद्देश्यलाई प्रष्ट गरेको छ । साथै ऐनको दफा ३ मा प्रत्येक नेपाली नागरिकलाई ऐनको अधीनमा रही सूचनाको हक हुने र सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनी उल्लेख गरिएको छ। साथै केही सूचना प्रवाहमा रोक लगाएको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३, उपदफा (३) मा सार्वजनिक निकायमा रहेको देहायको विषयसम्बन्धी सूचना प्रवाह गरिने छैन भन्ने उल्लेख गरिएको छ :-

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैङ्किङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,

(घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने,

(ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने ।

तर **त्यसरी सूचना प्रवाह नगर्नु पर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन ।**

ऐनमा भएको सो व्यवस्था अनुसार सार्वजनिक निकायको अभिलेखमा उपरोक्त बुँदा आकर्षण हुने विषयका सूचना भएमा प्रवाह गर्न नमिल्ने श्रेणीमा पारेर वर्गीकरण गरेर सोको दफा २७ वमोजिम राखी सूचना मागकर्तालाई सोको जानकारी गराउनु पर्दछ ।

आयोगले सूचना मागको निवेदन, पुनरावेदन, उजुरी परेपछि माथि उल्लिखित बुँदाहरूको आधारमा टेकेर माग गरिएको सूचना सार्वजनिक गर्न हुने नहुने निर्क्यौल गरी सम्बन्धित सार्वजनिक निकायको प्रमुखलाई सोही अनुसारको आदेश दिने ऐनमा भएको व्यवस्था हो । त्यस अनुसार यो प्रतिवेदनका विषय वस्तुहरूमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३, उपदफा (३) उपरोक्त वुँदाहरू आकर्षित हुन्छन् कि हुदैनन् भनी हेर्नु पर्ने देखिन्छ । प्रतिवेदनका अधिकांश विषयमा उपरोक्त वुँदाहरू आकर्षित हुने देखिदैन । प्रतिवेदन अध्ययन गर्दा यस भित्रका केही विषयवस्तु मात्र सूचनाको हक वमोजिम सार्वजनिक गर्न नमिल्ने देखिन्छ । कूल ८६९ पृष्ठ रहेको सो प्रतिवेदन ६ वटा परिच्छेद, विषयसूची, अनुसूची एवं परिशिष्ट खण्डमा विभाजित छ । प्रतिवेदनमा सार्वजनिक ओहोदा र सार्वजनिक निकायमा रहेका पदाधिकारीहरूको सम्पत्ति विवरण माग गरी अनुसन्धान विश्लेषणसाथ उनीहरूको सो सम्पत्ति जायज नाजायज के देखियो सो किटान गरेको देखिन्छ । तर परिच्छेद १,२,३,४,६, र अनुसूचीमा व्यक्तिको व्यक्तिगत सम्पत्ति विवरण र त्यसको विश्लेषण छैन । प्रतिवेदनका ती परिच्छेद १,२,३,४,र ६, र अनुसूची भित्रका विषय वस्तुमा सूचनाको हकसम्वन्धी ऐनको दफा ३(३) का बुँदाहरू आकर्षित हुन सक्ने अवस्था देखिएन, भेटिएन । परिच्छेद पाँच (५) पुरैमा व्यक्तिले पेस गरेको उसको निजी सम्पत्ति विवरण र सोको विश्लेषण रहेको, सूचनाको हकसम्वन्धी ऐनको ३(३)(ङ) ले **व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने** सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको र प्रतिवेदनको परिच्छेद पाँच अन्तर्गतका विषयवस्तुमा स्पष्ट रूपमा उक्त बुँदा आकर्षित भएको देखिदा आयोग यो प्रतिवेदन आंशिकरूपमा मात्र साार्वजनिक गर्न सकिने निर्णयमा पुगेको छ । प्रतिवेदन सम्पूर्णमा सार्वजनिक गर्नु भन्न कानूनन सकिने देखिएन । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,नेपाल सरकारका मुख्य सचिव लिलामणि पौड्यालले आफ्नो लिखित जवाफमा प्रतिवेदन सम्पूर्णमा गोप्य राख्नुपर्ने भन्ने तर्क र जिकीर गरेकोमा आयोग सोमा सहमत हुन सकेन । यो प्रतिवेदन पूर्णरूपमा सवै सधैका लागि गोप्य हुन्छ र राख्नुपर्छ भन्न सकिने कानूनी अवस्था देखिएन । सो आयोगको प्रतिवेदनले राज्यलाई यस्ता राय सुझावहरू दिएको छ जसको कार्यान्वयन गर्नाले भविष्यमा अख्तियारको दुरुपयोग गरी नाजायज सम्पत्ति आर्जन गर्ने प्रवृत्ति नदोहोरिने र त्यसमा कमी समेत आउने हुन जान्छ । अतः आयोगले मेहनत, समय र स्रोत खर्च गरी तयार पारेको यो प्रतिवेदन पूर्ण रूपमा गोप्य राख्नाले यसको उपयोगी पक्षबाट देश र समाज बंचित हुन सक्छ । अतः यो प्रतिवेदनको सवै अंश गोप्य भनेर आमनागरिकको पहुँचबाट बंचित गर्नु उचित देखिँदैन । त्यसैले प्रतिवेदनको परिच्छेद ५ पुरै (पृष्ठ ४८ देखि पृष्ठ ५९३ सम्म) र परिशिष्ट वाहेक प्रतिवेदनका अन्य सवै अंश सार्वजनिक गर्नु पर्ने देखिन्छ ।

साथै, यस राष्ट्रिय सूचना आयोगले उक्त प्रतिवेदन अध्ययन गर्ने व्यवस्था मिलाई दिनु भन्ने आदेश गरेको सम्वन्धमा मन्त्रिपरिषद्को निर्णयबाट **सूचना अध्ययन तथा अवलोकनको लागि उपलव्ध गराउने सम्वन्धी कार्यविधि,२०७०** वनाई आयोगसमक्ष मिति २०७०।२।१३ मा पठाइयो । सो कार्यविधिमा आयोगले कपी गर्न, फोटो खिच्न, अन्य कुनै प्रकारले उतार गर्न वा टिपोट गर्न वा सार्वजनिक गर्न हुँदैन भनी आयोगलाई समेत निर्देशन गर्ने प्रावधान राखिएको छ । सूचनाको हक सम्वन्धी ऐनको दफा १९ को क,ले आयोगलाई सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्वन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने अधिकार प्रदान गरेकोमा त्यसरी सो कार्यविधिमा आयोगको हकमा व्यवस्था

गरिएका निर्देशनात्मक शर्तहरू आपत्तिजनक छन् । यसले सूचनाको हकले प्रत्याभूत गरेको आयोगको अधिकार अतिक्रमण भएको छ । तथापि आयोगका पदाधिकारीको पदावधि समाप्त भै निवृत्त हुने मिति सन्निकट भएको हुँदा आयोगको लागि सो कार्यविधिलाई स्वीकार गरी प्रतिवेदन हेर्न वा अस्वीकार गरी नहेर्ने दुई विकल्प थिए । आयोगबाट नागरिकलाई सूचनाको हक नै प्रत्याभूत हुनुपर्दछ भन्ने विचार गरी वाध्यतावस कार्यविधि मानी अध्ययन गरियो । अध्ययन विना आयोग सत्य र ठोस निर्णयमा पुग्न सक्ने अवस्था नहुन सक्थ्यो । आयोगलाई ऐनले दिएको अख्तियारी प्रयोग गर्नलाई मन्त्रिपरिषद्को निर्णयले रोक लगाउन मिल्दैन ।

आदेश

अतः पुनरावेदक तारानाथ दाहाल र सञ्जिव घिमिरेले मिति २०६९।९।११ मा यस आयोग समक्ष पुनरावेदन गरी माग गरेको सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश भैरवप्रसाद लम्सालको अध्यक्षतामा गठित " सम्पति न्यायिक जाँचवुझ आयोगको प्रतिवेदन २०५८" को परिच्छेद ५ र परिशिष्ट वाहेक विषयसूची लगाएत परिच्छेद, १, २, ३, ४, ६ र अनुसूचीहरूको प्रमाणित प्रतिलिपि उपलव्ध गराई आयोगलाई जानकारी गराउन नेपाल सरकारका मुख्य सचिव लिलामणि पौडेलको नाममा यो आदेश जारी गरिएको छ ।

साथै सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा १९ (छ) "**सूचनाको हकको संरक्षण,संवर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने**" प्रावधान अन्तर्गत आयोगको हकमा लागू गरिएका "सूचना अध्ययन तथा अवलोकनको लागि उपलव्ध गराउने सम्वन्धी कार्यविधि २०७०" मा रहेका सर्त, वन्देजहरू हटाई सो कार्यविधि सूचनाको हकसम्वन्धी ऐन अनुकूल परिमार्जन गर्न नेपाल सरकारका नाममा समेत आदेश जारी गरिएको छ । सोही अनुसार गर्न,गराउन नेपाल सरकारका मुख्य सचिव लाई जानकारी दिने । यसको जानकारी निवेदकहरूलाई दिनु ।

.....	.....
सविता भण्डारी बराल	श्रीआचार्य
सूचना आयुक्त	कार्यवाहक प्रमुख सूचना आयुक्त

इति सम्वत २०७० साल जेठ २३ गते रोज ५ शुभम् .....।

श्री राष्ट्रिय सूचना आयोगको आदेश

जि.सुनसरी सिर्गिया गा.वि.स. २ घर भै काठमाडौं ववरमहल बस्ने रत्न कुमारी चौधरी - - - - निवेदक

विरुद्ध

कार्यकारी निर्देशक, रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपाल सिंहदरवार, काठमाडौं - - विपक्षी

विषय : सूचना उपलव्ध नगराउने कार्यकारी निर्देशक उपर कारवाही गरी सूचना उपलव्ध गराई पाउँ ।

सिर्गिया गा.वि.स. २ घर भै हाल काठमाडौं जिल्ला ववरमहल बस्ने रेडियो नेपाल कार्यक्रम महाशाखा सिंहदरवारमा वरिष्ठ कार्यक्रम संचालक पदमा कार्यरत रत्न कुमारी चौधरीले रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपाल सिंहदरवारका कार्यकारी निर्देशक समक्ष सूचना पाँउ भनी निवेदन गरेकोमो हालसम्म सूचना उपलव्ध नगराएकोले कारवाही गरी सूचना उपलव्ध गराई पाँउ भनी मिति २०७०।२।८ मा यस आयोग समक्ष निवेदन गरेको ।

उल्लेखित निवेदनका सम्वन्धमा यस आयोगबाट निवेदकले माग गरे वमोजिमका सूचना सात दिन भित्र निवेदकलाई उपलव्ध गराई सोको प्रति यस आयोगमा समेत पठाउनू भन्ने मिति २०७०।२।१४ को आदेश ।

रेडियो प्रसार सेवा विकास समितिले, रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली २०५७ मा निजको मागका सम्वन्धमा आवश्यक निर्णय लिन कुनै वैधानिक व्यवस्था नदेखिएको तथा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आन्तरिक प्रतियोगितात्मक परीक्षा लोक सेवा आयोगले निर्धारण गरेको सामान्य सिद्धान्तका आधारमा संचालन गर्ने भनी मिति २०६९।७।२६ मा निर्णय गरी निर्देशन दिएको र लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ को उपदफा १ मा आयोगको परीक्षासंग सम्बन्धित लिखत र कागजात गोप्य रहने छ भन्ने व्यवस्था भएकोले निवेदकको माग दावी अनुसार उत्तरपुस्तिका हेर्न दिन नमिल्ने भन्ने पदपूर्ति समितिको २०७०।१।२७ मा निर्णय भएकोले निवेदकले माग गरे वमोजिम उत्तरपुस्तिका हेर्न दिन मिल्ने नमिल्ने सम्वन्धमा द्विविधा हुन गएकोमा आवश्यक निर्देशनका लागि अनुरोध छ भन्ने व्यहोराको रेडियो प्रसार सेवा विकास समितिको क.प्र. २/०६९/७० च.नं.६०६ मिति २०७०।२।२२ को पत्र ।

रत्न कुमारी चौधरीले राष्ट्रिय सूचना आयोगको आदेश अटेर गरी आदेशको अवहेलना गर्ने निकाय तथा सोको जिम्मेवार अधिकारी उपर कानून वमोजिम कारवाही गरी उत्तर पुस्तिकाको प्रमाणित प्रतिलिपि उपलव्ध गराई पाउँ भन्ने मिति २०७०।३।७ को उजुरी ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ ले कुनै पनि नागरिकले निवेदन दिई सूचना लिन पाउने र त्यस्तो निवेदन परेपछि सरल र सुलभ किसिमले सूचना उपलव्ध गराउनुपर्ने दायित्व सार्वजनिक निकायहरूको हुने भनी स्पष्ट रूपमा तोकेको देखिन्छ । सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३०(२) मा कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेका आफुसँग सम्बन्धित विषयको सूचना माग गरेमा निजलाई सो सूचना

उपलब्ध गराउनुपर्नेछ भन्ने व्यवस्था भएको र यस आयोगबाट मिति २०६६।८।१६ गते माग गरिएको उत्तरपुस्तिकाको प्रतिलिपि परीक्षकको नाम नामेसी नखुल्ने गरी मागकर्तालाई दिनुपर्ने ठहर गरी निर्णय भै सो निर्णयलाई सम्मानीत श्री सर्वोच्च अदालतले शंकर पौडेल विरुद्ध त्रि.वि.वि.का रजिष्ट्रार एवं त्रि.वि. केन्द्रीय परीक्षा संचालक समितिका अध्यक्ष प्रा.डा. भीमराज अधिकारी भएको रिट नं. ०६६-wo-०७२२ मिति २०६८।२।४ मा सदर गर्दै उत्तरपुस्तिका पाउनुपर्ने विषयलाई मौलिक हक मानी निर्णय गरिसकेको तथा सूचना उपलब्ध गराउने सम्वन्धमा सूचनाको हक सम्वन्धी ऐन विशेष ऐन भएको हुनाले सोही वमोजिम सूचन उपलब्ध गराउनु पर्ने हुन्छ। लोक सेवा आयोग ऐन, २०६६ को दफा४५ मा भएको प्रावधान वमोजिम सूचना उपलब्ध गराउन सकिने अवस्था नरहेको भन्ने रेडियो प्रसार सेवा विकास समितिको मिति २०७०।१।२७ को निर्णयले सूचनाको हकसम्वन्धी ऐनको मर्म, आशय र उद्देश्यलाई आत्मसात गरेको नदेखिएकोले यस आयोगबाट मिति २०७०।२।१४ गते भएको आदेश वमोजिम निवेदकलाई सूचना उपलब्ध गराउनुपर्ने भएको हुँदा पुनः उल्लेखित मितिको आदेश वमोजिम निवेदकलाई परीक्षकको नाम नामेसी नखुल्ने गरी सूचना उपलब्ध गराउनु भनी रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)का कार्यकारी निर्देशकको नाममा यो आदेश जारी गरिएको छ। यसको जानकारी निवेदकलाई दिनू।

श्रीराम पन्त
सचिव

इति संवत् २०७० साल आषाढ १७ गते रोज २ शुभम् ।

श्री राष्ट्रिय सूचना आयोगको आदेश

मु.नं. १२४/२०७०/०७१
सचिवः- श्रीराम पन्त
शारदा भुषाल(झा) .....१ उजुरीकर्ता

विरूद्ध

प्रमुख, एसिएन डेभ्लपमेन्ट बैंक, कमलादी, काठमाडौं .....१ विपक्षी

विषय :- सूचना उपलव्ध गराई पाउँ भन्ने सम्वन्धमा ।

शारदा भुषाल(झा)ले एसिएन डेभ्लपमेन्ट बैंक, कमलादी, काठमाडौंका प्रमुख समक्ष मिति २०७०।७।१५ मा सूचना माग गरेकोमा निवेदीकाबाट माग गरे अनुसारको सूचना प्राप्त नभएको भनी यस आयोग समक्ष मिति २०७०।८।७ मा उजुरी/निवेदन पर्न आएको ।

१. उजुरीको व्यहोरा :-
सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ७(१) बमोजिम सूचना माग गर्दा सूचना नपाएपछि सोही ऐनको दफा, ९(१) बमोजिम गरेको उजुरी उपर पनि वेवास्ता गरी सूचना उपलव्ध नगराउने कार्यालयका कार्यालय प्रमुख एवं सूचना अधिकारीलाई कानून बमोजिम कारवाही गरी माग गरेका सूचना तथा जानकारीका प्रमाणित प्रतिलिपि उपलव्ध गराइदिने ।

२. निवेदनको तथ्य :
अभियानकर्ता शारदा भूषाल झाले दिएको उजुरी/निवेदनमा Asian Development Bank (ADB), Nepal Resident Mission कमलादी, काठमाडौं स्थित सूचना अधिकारी र कार्यालय प्रमुखलाई सम्वोधन गरी नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले संचालन गरेको " स्थानीय शासन तथा सामुदायिक विकास (LGCDP) कार्यक्रमका लागि अन्तराष्ट्रिय दातृ निकायले समेत आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था अनुरुप त्यस Asian Development Bank (ADB), ले उक्त कार्यक्रम सुरु भएदेखि हालको मिति सम्ममा के कति आर्थिक सहायता (अमेरिकी डलरमा) प्रदान गरेको छ सो सम्वन्धी सवै कागजातको प्रमाणित प्रतिलिपि माग गरेको । जसमध्ये Asian Development Bank (ADB), का तर्फबाट हालको मितिसम्म कुनै सूचना उपलव्ध नगराएको भन्ने उल्लेख गरी आयोग समक्ष दिएको उजुरीमा उल्लेख भएको ।

आयोगको ठहर

३. प्रस्तुत तथ्यको आधारमा निर्णय तर्फ विचार गर्दा निम्न प्रश्नहरूको निरुपण गर्नुपर्ने देखिन्छ :-

३ क. नेपाल सरकार अन्तर्गतका सार्वजनिक निकायहरूले वैदेशिक सहायता प्राप्त गरी संचालन गरेका आयोजनाहरूमा प्राप्त भएको वैदेशिक सहयोगको जानकारी तथा विवरण नेपाली नागरिकले के, कसरी र कहाँबाट प्राप्त गर्न सक्ने हो तथा के कस्ता सार्वजनिक निकाय सम्म पहुँच हुने हो ?

३ ख. वैदेशिक सहयोग प्रदान गर्ने मित्रराष्ट्रहरूका राजदुतावास, द्विपक्षीय तथा वहुपक्षीय दातृ निकायहरू तथा ती निकायबाट संचालित अन्तराष्ट्रिय निकायहरूमा भएका सूचनामा सूचनाको हकसम्वन्धी ऐन, २०६४ र सूचनाको हकसम्वन्धी नियमावली, २०६५ मा भएका व्यवस्था बमोजिम नेपाली नागरिकलाई सूचनाको पहुँच हुन्छ/हुदैन ?

४. उपरोक्त तथ्य र प्रश्नहरूको सन्दर्भमा विचार गर्दा विदेशी राजदुतावास, द्विपक्षीय तथा वहुपक्षीय दातृ निकाय तथा ती निकायबाट संचालित वैदेशिक तथा अन्तराष्ट्रिय निकायले सहयोग प्रदान गरी संचालन भएका, भइरहेका परियोजना कार्यक्रम र त्यस्ता परियोजना र कार्यक्रम संचालन, कार्यान्वयन गर्ने निकायका सूचनामा नेपाली नागरिकको पहुँचको सम्वन्धमा विचार गर्दा देहाय बमोजिम हुनुपर्ने देखिन्छ।

(क).वैदेशिक तथा अन्तर्राष्ट्रिय निकायले सहयोग प्रदान गरी संचालन भएका र गरिने सवै परियोजना र कार्यक्रमको सम्वन्धमा सम्झौता, अनुगमन र कार्यान्वयन गर्ने गराउने काम नेपाल सरकार, विभिन्न मन्त्रालय र सम्बन्धित निकायहरूले गरिरहेको अवस्था विद्यमान छ।

(ख).नेपालको अन्तरिम संविधान वा नेपाल सरकार वा कानुन अनुसार स्थापना र संचालन भएका निकायहरू सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुसार सार्वजनिक निकाय अन्तर्गत पर्ने हुँदा ती निकायहरूको सूचनामा ऐन बमोजिम नेपाली नागरिकको पहुँच हुने विषयमा कुनै विवाद छैन।

(ग).नेपालको अन्तरिम संविधान वा नेपाल सरकार वा कानुन अनुसार स्थापना र संचालन भएका निकायहरूले वैदेशिक वा अन्तराष्ट्रिय निकायबाट सहयोग प्राप्त गरी संचालन भएका योजना, कार्यक्रम र क्रियाकलापहरूको सूचनामा सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुसार नेपाली नागरिकको पहुँच निश्चित रुपले हुन्छ।

(घ). यसरी प्राप्त भएको सहयोगबाट संचालित परियोजना, कार्यक्रम वा अन्य गतिविधिका लागि प्राप्त हुने नगद, वस्तुगत सहयोग र ऋण रकम, लेखापरीक्षण तिनको कार्यान्वयनको अवस्था, त्यसबाट हुने लाभ र हानी आदिको सूचना र प्रतिवेदन नेपाली नागरिकले जान्न पाउने कुरामा कुनै शंका छैन।

(ङ). वैदेशिक तथा अन्तराष्ट्रिय निकायले सहयोग प्रदान गरी संचालन भएका परियोजना र कार्यक्रमका सम्वन्धमा वैदेशिक वा अन्तराष्ट्रिय निकाय र नेपाल सरकारवीच भएका सम्झौता तथा सम्झौता कार्यान्वयनका प्रतिवेदन नेपाली नागरिकले सहज रूपमा पाउनका लागि ती सम्झौता र प्रतिवेदन लगायतका सूचना/जानकारी नेपाली भाषामा सार्वजनिक गर्नु आवश्यक छ।

(च).वैदेशिक तथा अन्तराष्ट्रिय निकायले सहयोग प्रदान गरी संचालन भएका परियोजना र कार्यक्रमका लागि प्राप्त हुने राशी विदेशी मुद्रा (डलर, युरो आदी) र त्यसवेला प्रचलित विनिमय दर अनुसार हुने नेपाली रुपैयाँमा दुबैंको उल्लेख हुनु आवश्यक छ। अतः ऐनको देहाय दफा २ को परिभाषा भित्र पर्ने सार्वजनिक निकायमा रहेका सूचनामा निवेदीकाको पहुँच हुने नै देखिएकोले माथी प्रकरणमा विवेचना गरे अनुसार सार्वजनिक निकायका सूचना माग्ने र पाउने अधिकार सूचनाको हकसम्वन्धी ऐन, २०६४ ले प्रत्याभुत गरेकोले नेपाल सरकारका निकायबाट सूचना पाउने देखिन्छ।

५. दोश्रो प्रश्नतर्फ विचार गर्दा सूचनाको हक सम्वन्धी ऐन, २०६४ को देहाय दफा २ (क) मा परिभाषा गरेको सार्वजनिक निकायको परिभाषा भित्र निवेदिकाले सूचना माग गरेको उल्लेखित निकाय समावेश भएको नदेखिएकोले यस आयोगको क्षेत्राधिकार भित्र परेको देखिएन । आयोगको क्षेत्राधिकार भित्र नपर्ने सार्वजनिक निकायका नाममा यस आयोगबाट आदेश जारी गर्न मिलेन । तर उल्लेखित वैदेशिक सहायता प्रदान गर्ने निकायबाट प्रदान गरिएको सहयोग रकमबाट संचालित आयोजनाहरूका सम्वन्धमा ती निकायहरूको प्रचलित कानून र नेपाल सरकारसँग भएको सम्झौता अनुसार नियमित रूपमा अनिवार्य रूपमा संप्रेषण गर्नुपर्ने तथा प्रवाह गर्नुपर्ने सूचनाका सम्वन्धमा यस आयोगबाट थप वोलिरहनु पनि परेन ।

६. अव निज उजुरीकर्ता शारदा भुषाल (झा) ले माग गरेको सूचना कुन सार्वजनिक निकायबाट प्राप्त गर्न सकिने हो भन्ने सम्वन्धमा विवेचना गर्दा वैदेशिक सहायता प्राप्त गरी संचालन गर्ने निकाय नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले संचालन गरेको " स्थानीय शासन तथा सामुदायिक विकास (LGCDP) कार्यक्रमका लागि अन्तर्राष्ट्रिय दातृ निकायले समेत आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था अनुरुप Asian Development Bank (ADB), ले उक्त कार्यक्रम सुरु भएदेखि हालको मिति सम्ममा के कति आर्थिक सहायता (अमेरिकी डलरमा) प्रदान गरेको छ । सो सम्वन्धी सवै कागजातहरूको प्रमाणित प्रतिलिपि" सम्वन्धी सूचना नेपाल सरकार संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय र अन्तरगतका निकायमा पनि हुनुपर्ने र रहनुपर्ने प्रकृतिको सूचना भएको र ती निकाय सार्वजनिक निकाय भित्र पर्ने देखिएको हुँदा उक्त निकाय भित्र रहेको सूचना माग्ने र पाउने अधिकार नेपाली नागरिकलाई रहे भएको र सूचनामा पहुँच हुने व्यवस्था ऐनको दफा ३(१) र (२) मा व्यवस्था भएको तथा उजुरीकर्ताले माग गरेको सूचना ऐनको दफा ३(३) ले प्रवाह गर्न पनि रोक लगाएको नदेखिएकोले संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय वा अन्तर्गत निकायमा माग गरेको अवस्थामा पाउन सक्ने नै देखिएकोले सोही व्यहोरा सम्बन्धित मन्त्रालय र उजुरीकर्ता/निवेदीकलाई जानकारी दिने । साथै प्रस्तुत आदेश प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयमा समेत जानकारी दिने । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने ।

.....

(श्रीराम पन्त)

सचिव

ईति सम्वत् २०७० साल फागुन २९ गते रोज ५ शुभम् ।

श्री राष्ट्रिय सूचना आयोगको
आदेश

मु.नं. १२९/२०७०/०७१

सचिवः- श्रीराम पन्त

शारदा भुषाल(झा) .....१ उजुरीकर्ता

विरूद्ध

प्रमुख, Swiss Agency for Development and Cooperation(SDC), एकान्तकुना, ललितपुर

.....१ विपक्षी

विषय :- सूचना उपलव्ध गराई पाउँ भन्ने सम्वन्धमा ।

शारदा भुषाल(झा)ले Swiss Agency for Development and Cooperation(SDC), काठमाडौंका प्रमुख समक्ष मिति २०७०।७।२४ मा सूचना माग गरेकोमा निवेदिकाबाट माग भएको सूचना आंशिक रूपमा प्राप्त भए पनि माग गरे अनुसारको सूचना प्राप्त नभएको भनी यस आयोग समक्ष मिति २०७०।८।७ मा उजुरी निवेदन पर्न आएको ।

१. **उजुरीको व्यहोरा :-**

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ७(२) बमोजिम प्राप्त सूचनामा चित्त नबुझेकाले पुनः यथार्थ सूचना माग गर्दा माग गरे बमोजिमको सूचना उपलव्ध नगराउने कार्यालयका कार्यालय प्रमुख एवं सूचना अधिकारीलाई कानून बमोजिम कारवाही गरी माग गरेका सूचना तथा जानकारीका प्रमाणित प्रतिलिपि उपलव्ध गराइदिने ।

२. **निवेदनको तथ्य :**

अभियानकर्ता शारदा भूषाल झाले दिएको उजुरी/निवेदनमा Swiss Agency for Development and Cooperation(SDC), एकान्तकुना, ललितपुरमा सूचना अधिकारी र कार्यालय प्रमुखलाई सम्वोधन गरी नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले संचालन गरेको " स्थानीय शासन तथा सामुदायिक विकास LGCDP कार्यक्रमका लागि अन्तराष्ट्रिय दातृ निकायले समेत आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था अनुरुप त्यस Swiss Agency for Development and Cooperation(SDC) ले उक्त कार्यक्रम सुरु भएदेखि हालको मिति सम्ममा के कति आर्थिक सहायता (अमेरिकी डलरमा) प्रदान गरेको छ सो सम्वन्धी सवै कागजातको प्रमाणित प्रतिलिपि माग गरेको । जसमध्ये SDC का कर्मचारी श्री प्रकाश रेग्मीले इमेल मार्फत संयुक्त वित्तिय सम्झौता तथा SDC र नेपाल सरकार विच भएको सम्झौता उल्लेख भएको तर निवेदीकाले माग गरेको सूचना ती नभई LGCDP कार्यक्रमका लागि SDC ले उपलव्ध गराएको सहायता रकम निकासा गरेको देखि सो रकम नेपाल सरकारको कुन निकायमा के कसरी दाखिला गरेको हो जनिने सम्पूर्ण विवरणहरूको प्रमाणित प्रतिलिपि माग गरेको भन्ने आयोग समक्ष दिएको उजुरीमा उल्लेख भएको ।

आयोगको ठहर

३. प्रस्तुत तथ्यको आधारमा निर्णय तर्फ विचार गर्दा निम्न प्रश्नहरूको निरुपण गर्नुपर्ने देखिन्छ :-

३ क. नेपाल सरकार अन्तर्गतका सार्वजनिक निकायहरूले वैदेशिक सहायता प्राप्त गरी संचालन गरेका आयोजनाहरूमा प्राप्त भएको वैदेशिक सहयोगको जानकारी तथा विवरण नेपाली नागरिकले के, कसरी र कहाँबाट प्राप्त गर्न सक्ने हो तथा के कस्ता सार्वजनिक निकाय सम्म पहुँच हुने हो ?

३ ख. वैदेशिक सहयोग प्रदान गर्ने मित्रराष्ट्रहरूका राजदुतावास, द्विपक्षीय तथा वहुपक्षीय दातृ निकायहरू तथा ती निकायबाट संचालित अन्तराष्ट्रिय निकायहरूमा भएका सूचनामा सूचनाको हकसम्वन्धी ऐन, २०६४ र सूचनाको हकसम्वन्धी नियमावली, २०६५ मा भएका व्यवस्था बमोजिम नेपाली नागरिकलाई सूचनाको पहुँच हुन्छ/हुदैन ?

४. उपरोक्त तथ्य र प्रश्नहरूको सन्दर्भमा विचार गर्दा विदेशी राजदुतावास, द्विपक्षीय तथा वहुपक्षीय दातृ निकाय तथा ती निकायबाट संचालित वैदेशिक तथा अन्तराष्ट्रिय निकायले सहयोग प्रदान गरी संचालन भएका, भइरहेका परियोजना कार्यक्रम र त्यस्ता परियोजना र कार्यक्रम संचालन, कार्यान्वयन गर्ने निकायका सूचनामा नेपाली नागरिकको पहुँचको सम्वन्धमा विचार गर्दा देहाय बमोजिम हुनुपर्ने देखिन्छ।

(क). वैदेशिक तथा अन्तराष्ट्रिय निकायले सहयोग प्रदान गरी संचालन भएका र गरिने सवै परियोजना र कार्यक्रमको सम्वन्धमा सम्झौता, अनुगमन र कार्यान्वयन गर्ने गराउने काम नेपाल सरकार, विभिन्न मन्त्रालय र सम्बन्धित निकायहरूले गरिरहेको अवस्था विद्यमान छ।

(ख). नेपालको अन्तरिम संविधान वा नेपाल सरकार वा कानुन अनुसार स्थापना र संचालन भएका निकायहरू सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुसार सार्वजनिक निकाय अन्तर्गत पर्ने हुँदा ती निकायहरूको सूचनामा ऐन बमोजिम नेपाली नागरिकको पहुँच हुने विषयमा कुनै विवाद छैन।

(ग). नेपालको अन्तरिम संविधान वा नेपाल सरकार वा कानुन अनुसार स्थापना र संचालन भएका निकायहरूले वैदेशिक वा अर्न्तराष्ट्रिय निकायबाट सहयोग प्राप्त गरी संचालन भएका योजना, कार्यक्रम र क्रियाकलापहरूको सूचनामा सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुसार नेपाली नागरिकको पहुँच निश्चित रुपले हुन्छ।

(घ). यसरी प्राप्त भएको सहयोगबाट संचालित परियोजना, कार्यक्रम वा अन्य गतिविधिका लागि प्राप्त हुने नगद, वस्तुगत सहयोग र ऋण रकम, लेखापरीक्षण तिनको कार्यान्वयनको अवस्था, त्यसबाट हुने लाभ र हानी आदिको सूचना र प्रतिवेदन नेपाली नागरिकले जान्न पाउने कुरामा कुनै शंका छैन।

(ङ). वैदेशिक तथा अन्तराष्ट्रिय निकायले सहयोग प्रदान गरी संचालन भएका परियोजना र कार्यक्रमका सम्वन्धमा वैदेशिक वा अन्तराष्ट्रिय निकाय र नेपाल सरकारवीच भएका सम्झौता तथा सम्झौता कार्यान्वयनका प्रतिवेदन नेपाली नागरिकले सहज रूपमा पाउनका लागि ती सम्झौता र प्रतिवेदन लगायतका सूचना/जानकारी नेपाली भाषामा सार्वजनिक गर्नु आवश्यक छ।

(च). वैदेशिक तथा अन्तराष्ट्रिय निकायले सहयोग प्रदान गरी संचालन भएका परियोजना र कार्यक्रमका लागि प्राप्त हुने राशी विदेशी मुद्रा (डलर, युरो आदी) र त्यसवेला प्रचलित विनिमय दर अनुसार हुने नेपाली रुपैयाँमा दुबैंको उल्लेख हुनु आवश्यक छ। अतः ऐनको देहाय दफा २ को परिभाषा भित्र पर्ने सार्वजनिक निकायमा रहेका सूचनामा निवेदीकाको पहुँच हुने नै देखिएकोले माथी प्रकरणमा विवेचना गरे अनुसार सार्वजनिक निकायका सूचना माग्ने र पाउने अधिकार सूचनाको हकसम्वन्धी ऐन, २०६४ ले प्रत्याभुत गरेकोले नेपाल सरकारका निकायबाट सूचना पाउने देखिन्छ।

५. दोश्रो प्रश्नतर्फ विचार गर्दा सूचनाको हक सम्वन्धी ऐन, २०६४ को देहाय दफा २ (क) मा परिभाषा गरेको सार्वजनिक निकायको परिभाषा भित्र निवेदिकाले सूचना माग गरेको उल्लेखित निकाय समावेश भएको नदेखिएकोले यस आयोगको क्षेत्राधिकार भित्र परेको देखिएन । आयोगको क्षेत्राधिकार भित्र नपर्ने सार्वजनिक निकायका नाममा यस आयोगबाट आदेश जारी गर्न मिलेन । तर उल्लेखित वैदेशिक सहायता प्रदान गर्ने निकायबाट प्रदान गरिएको सहयोग रकमबाट संचालित आयोजनाहरूका सम्वन्धमा ती निकायहरूको प्रचलित कानून र नेपाल सरकारसंग भएको सम्झौता अनुसार नियमित रूपमा अनिवार्य रूपमा संप्रेषण गर्नुपर्ने तथा प्रवाह गर्नुपर्ने सूचनाका सम्वन्धमा यस आयोगबाट थप वोलिरहनु पनि परेन ।

६. अव निज उजुरीकर्ता शारदा भुषाल (झा) ले माग गरेको सूचना कुन सार्वजनिक निकायबाट प्राप्त गर्न सकिने हो भन्ने सम्वन्धमा विवेचना गर्दा वैदेशिक सहायता प्राप्त गरी संचालन गर्ने निकाय नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले संचालन गरेको " स्थानीय शासन तथा सामुदायिक विकास (LGCDP) कार्यक्रमका लागि अन्तर्राष्ट्रिय दातृ निकायले समेत आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था अनुरुप Swiss Agency for Development and Cooperation(SDC) ले उक्त कार्यक्रम सुरु भएदेखि हालको मिति सम्ममा के कति आर्थिक सहायता (अमेरिकी डलरमा) प्रदान गरेको छ । सो सम्वन्धी सवै कागजातहरूको प्रमाणित प्रतिलिपि" सम्वन्धी सूचना नेपाल सरकार संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय र अन्तरगतका निकायमा पनि हुनुपर्ने र रहनुपर्ने प्रकृतिको सूचना भएको र ती निकाय सार्वजनिक निकाय भित्र पर्ने देखिएको हुँदा उक्त निकाय भित्र रहेको सूचना माग्ने र पाउने अधिकार नेपाली नागरिकलाई रहे भएको र सूचनामा पहुँच हुने व्यवस्था ऐनको दफा ३(१) र (२) मा व्यवस्था भएको तथा उजुरीकर्ताले माग गरेको सूचना ऐनको दफा ३(३) ले प्रवाह गर्न पनि रोक लगाएको नदेखिएकोले संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय वा अन्तरगत निकायमा माग गरेको अवस्थामा पाउन सक्ने नै देखिएकोले सोही व्यहोरा सम्बन्धित मन्त्रालय र उजुरीकर्ता/निवेदीकालाई जानकारी दिने । साथै प्रस्तुत आदेश प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयमा समेत जानकारी दिने । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने ।

.....

(श्रीराम पन्त)

सचिव

ईति सम्वत् २०७० साल फागुन २९ गते रोज ५ शुभम् ।

परिशिष्ट ११
आयोगमा माग गरिएका सूचना सम्वन्धी विवरण

सूचनाको हकसम्वन्धी ऐन २०६४ ले परिभाषित गरेको सार्वजनिक निकायको परिभाषाको दायरा भित्र राष्ट्रिय सूचना आयोग पनि पर्दछ । तसर्थ कुनै पनि नेपाली नागरिकले आफुसँग सम्वन्धीत सूचना आयोगमा माग गर्न सक्दछ । सोही वमोजिम आ.व. २०६९।०७० मा आयोगमा माग भएका सूचनाको विवरण देहाय वमोजिम रहेका छन् ।

क.सं	निवेदक	सूचना माग भएको मिति	सूचना माग भएको विषय	सूचना दिएको मिति
१	जगत राज पौडेल, नापी विभाग	२०६९।४।२३	काज खटाईएको विवरण	२०६९।४।२४
२	शारदा भूसाल (झा),वनौली दमौली गा.वि.स. महोत्तरी	२०६९।१२।२	वनौली दनौली गा.वि.स. सम्वन्धी ठाडो उजुरीका सम्वन्धमा हालसम्म भएका कारवाही सम्वन्धी विवरण	२०६९।१२।८
३	खगेन्द्र कुमार शर्मा	२०६९।९।१७	वुढानिलकण्ठ स्कूल काठमाण्डौको छात्रवृत्ति छनौट परीक्षणको उत्तर पुस्तिकाको फोटोकपि प्रतिलिपि मागिएको सम्वन्धमा उक्त निकायबाट गरेको कारवाही को विवरण आयोगबाट उपलब्ध गराइ पाउन	२०६९।८।२७
४	सुजन दाहाल, मध्यपुर थिमि	२०७०।३।१८	विभिन्न चार वटा विषयमा श्री भिम प्रसाद पुनको पुनरावेदन सम्वन्धमा, श्री गीर्वाण कुमार शर्मा पुनरावेदक भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय का सचिव प्रत्यार्थी भएको विषयमा,श्री माधव राज पाण्डे निवेदक भएको आदर्श विद्या मन्दिर उ.मा.वि सम्वन्धी विषय तथा श्री सागर सिंह योञ्जनका तर्फबाट वारेस सुजन दाहालले गरेको उजुरीका सम्वन्धमा आयोगबाट भएका कारवाही सम्वन्धी प्रमाणित प्रतिलिपि	२०७०।३। २३
५	वुद्धि वहादुर छिनाल	२०६९।१०।९	महानगरीय प्रहरी वृत्त नयाँ वानेश्वर बाट माग गरिएको सूचनाका सम्वन्धमा भएको कारवाही	२०६९।१०।११
६	शारदा भुसाल (झा)	२०६९।९।१६	वनौली दनौली गा.वि.स. मा सूचना माग सम्वन्धी ठाडो उजुरी उपर आयोगबाट भए गरेका काम कारवाहीको विवरण	२०६९।९।१६
७	ओम प्रकाश यादव, इटारी प्रसाही ४, सिराहा	२०७०।१।२	प्रसाही गा.वि.स. को कार्यालय सिराहासँग माग भएको निवेदनका सम्वन्धमा आयोगको आदेश पश्चात पनि सूचना उपलब्ध नगराउने विपक्षी प्रसाही गा.वि.स. सचिव विरुद्ध आयोगले के कस्ता कार्य सम्पन्न गरेको छ सो को प्रमाणित जानकारी	२०७०।१।१९

परिशिष्ट १२

आ.व. २०६९।०७० मा स्वःस्फूर्त प्रकाशन (Proactive Disclosure) गर्ने सार्वजनिक निकायहरूको विवरण

सि.नं.	सार्वजनिक निकाय	सूचना सार्वजनिक गरिएको माध्यम	समयावधि देखि	समयावधि सम्म	विवरण	कैफियत
१	ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति	रेडियो, टेलिभिजन, पत्रपत्रिका, बेवसाईट, प्रतिवेदन, सि.डी. आदि	२०६९।४।१	२०६९।६।३०	विभिन्न ८ वटा विषयबस्तु समेटिएको	
२	प्रहरी किताबखाना, सिंहदरबार, बाठमाण्डौ	बेवसाईट www.dppo.gov.np	२०६९।४।१	२०६९।६।३०	३ महिनाको सम्पूर्ण विवरण	
३.	लोक सेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, कमलपोखरी	बेवसाईट www.psc.gov.np	२०६९।४।१	२०६९।६।३०	आफ्नो निकायसंग सम्बन्धित विभिन्न ४५ वटा विषयवस्तु समावेश भएको	
४	न्यूनतम पारिश्रमिक निर्धारण समिति, सिहंदरबार	बेवसाईट www.mediawage.gov.np	२०६९।७।१	२०६९।९।३०	निकायसंग सम्बन्धित १४ वटा विषयवस्तु	
५.	सहकारी विभाग, डिभिजन सहकारी, काठमाण्डौ	एफ.एम./रेडियो, पत्रपत्रिका, सूचनापाटी, प्रतिवेदन आदि	२०६९।७।१	२०६९।९।३०	निकायसंग सम्बन्धित विवरण	
६	जिल्ला प्रशासन कार्यालय, प्यूठान	सूचना पाटी	२०६९।९।१	२०६९।१२।३०	कार्यालयसंग सम्बन्धित विवरण	
७	जिल्ला प्रशासन कार्यालय, मोरङ्ग	नखुलाइएको	२०६९।९।१	२०६९।१२।३०	कार्यालयसंग सम्बन्धित विवरण	
८.	सहकारी विभाग, डिभिजन सहकारी कार्यालय, चरिकोट, दोलखा	नखुलाइएको	२०६९।४।१	२०६९।७।३०	कार्यालयसंग सम्बन्धित विवरण	
९	महालेखा परीक्षकको कार्यालय, बबरमहल	बेवसाईट www.oagnep.gov.np, वार्षिक प्रतिवेदन, पत्रपत्रिका	२०६९।४।१	२०६९।७।३०	आफ्नो निकायसंग सम्बन्धित विवरण	महालेखा परीक्षकको ४९ औ वार्षिक प्रतिवेदन प्रकाशन भएको
१०	जिल्ला कृषि विकास कार्यालय, रामेछाप, मन्थली	एफ.एम., रेडियो, सूचना पाटी	२०६९।४।१	२०६९।६।३०	कार्यालयसंग सम्बन्धित विवरण	
११	डिभिजन सहकारी कार्यालय, दोलखा	कार्यालयसंग सम्बन्धित मन्त्रालय र अन्तर्गत विभागहरूको वेभसाईट, पत्रपत्रिका, एफ.एम, रेडियो, ब्रोसियर, बार्षिक प्रगति विवरण आदि	२०६९।४।१	२०६९।७।३०	कार्यालयसंग सम्बन्धित विवरण	चौमासिक प्रकाशनलाई आधार मानि पठाएको

सि.नं.	सार्वजनिक निकाय	सूचना सार्वजनिक गरिएको माध्यम	समयावधि देखि	समयावधि सम्म	विवरण	कैफियत
१२	कृषि सामाग्री कम्पनी लिमिटेड, क्षेत्रीय कार्यालय, नेपालगंज	सूचना पाटी	२०६९।७।१	२०६९।९।३०	कार्यालयसंग सम्बन्धित विवरण	
१३	शिक्षा विभाग, सानोठिमि, भक्तपुर	वेभसाईट, प्रगति विवरण, अनुसन्धान रिर्पोट, शिक्षा सम्बन्धी सूचना आदि	२०६९।१०।१	२०६९।१२।३०	विभागसंग सम्बन्धित विवरण	उल्लेखित विषयहरू अगाडिको समयसंग पनि समावेश भएको
१४	चलचित्र विकास वोर्ड, चावहिल, काठमाण्डौ	वेभसाईट www.film.gov.np	२०७०।१।१	२०७०।३।३०	कार्यालयसंग सम्बन्धित विवरण	
१५	सूचना विभाग, तिलगंगा, काठमाण्डौ	वेभसाईट www meet me press, कार्यक्रम, मिडिया क्षेत्रका विविध सूचना वार्षिक क्यालेण्डर आदि	२०६९।१०।१	२०६९।१२।३०	विभागसंग सम्बन्धित विवरण	
१६	अर्थ मन्त्रालय, सिहंदरवार, काठमाण्डौ	वेभसाईट www.mof.gov.np	२०६९।१०।१	२०६९।१२।३०	मन्त्रालयको कार्यसंग सम्बन्धित विवरण	
१७	जिल्ला कृषि विकास कार्यालय, दमौली, तनहु	पत्रपत्रिका, सूचना पाटी	२०६९।८।१	२०६९।११।३०	कार्यालर्यसंग सम्बन्धित विवरण	
१८	जिल्ला हुलाक कार्यालय, रामेछाप, मन्थली	सूचना पाटी	२०६९।१०।१	२०६९।१२।३०	कार्यालर्यसंग सम्बन्धित विवरण	
१९	राष्ट्रिय सूचना आयोग, कोटेश्वर, काठमाण्डौ	सूचना पाटी, वेवसाईट, पत्रपत्रिका	२०६९।४।१।	२०७०।३।३२	आयोग सम्बन्धित विवरण	

परिशिष्ट १३

नेपाल राजपत्रमा प्रकाशित मिति २०७०।४।२८

सूचनाको हकसम्बन्धी (दोश्रो संशोधन) नियमावली, २०७०

सूचनाको हकसम्बन्धी नियमावली, २०६५ लाई संशोधन गर्न वाञ्छनिय भएकोले, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यी नियमहरूको नाम "सूचनाको हकसम्बन्धी (दोश्रो संशोधन) नियमावली, २०७०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २ मा मा संशोधन :–** सूचनाको हकसम्बन्धी नियमावली, २०६५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (क) पछि देहायका खण्ड (क१), (क२), (क३) थपिएका छन् :–

(क१) "उजुरी" भन्नाले ऐनको दफा ८ को उपदफा (३), दफा २९ को उपदफा (४) वा नियम ५ क बमोजिम आयोगमा परेको उजुरी सम्झनु पर्छ ।

(क२) "निवेदन" भन्नाले ऐनको दफा २७ को उपदफा (३) र दफा ३३ को उपदफा (१) बमोजिम आयोगमा परेको निवेदन सम्झनु पर्छ ।

(क३) "समिति" भन्नाले ऐनको दफा २७ को उपदफा (१) बमोजिमको सूचना वर्गीकरण सम्बन्धी समिति सम्झनु पर्छ ।

३. **मूल नियमावलीको नियम ३ मा संशोधन** :मूल नियमावलीको नियम ३ को खण्ड (ख) पछि देहायका खण्ड (ख१), (ख२), (ख३) र (ख४) थपिएका छन् :–

"(ख१) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता विवरण,

(ख२) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन,

(ख३) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

(ख४) सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय ।

४. **मूल नियमावलीको नियम ४ मा संशोधन :** मूल नियमावलीको नियम ४ को उपनियम (२) मा रहेका "पाँच पृष्ठ" भन्ने शब्दहरूको सट्टा "दश पृष्ठ" भन्ने शब्दहरू राखिएका छन् ।

५. **मूल नियमावलीमा नियम ४क. थप :** मूल नियमावलीको नियमको ४ पछि देहायको नियम ४क. थपिएकोछ :–

"**४क. सूचना माग गर्ने विधि** : (१) ऐनको दफा ७ बमोजिम सूचना प्राप्त गर्न चाहने व्यक्ति निरक्षर

वा शारीरिक रूपले लेख्न नसक्ने भएमा निजले मौखिक रूपमा पनि सार्वजनिक निकाय समक्ष सूचना माग गर्न सक्नेछ ।

(२) कसैले उपनियम (१) बमोजिम मौखिक रूपमा सूचना माग गरेमा सम्बन्धित सूचना अधिकारीले निजको कुरा निवेदनको रूपमा लेखि सो व्यहोरा निजलाई सुनाई त्यस्तो निवेदनमा निजको सहिछाप गराई राख्नु पर्ने छ ।"

६. **मूल नियमावलीको नियम ५ मा संशोधन** : मूल नियमावलीको नियम ५ को उपनियम (५) पछि देहायको उपनियम (६) थपिएका छ :–

"(६) उपनियम (५) बमोजिम पुनरावेदन दरपीठ गरेको जानकारी सचिवले आयोग र सम्बन्धित पुनरावेदकलाई दिनु पर्नेछ ।"

७. **मूल नियमावलीमा नियम ५(क) थप:** :मूल नियमावलीमा नियम ५ पछि देहायको नियम ५ (क) थपिएको छ :–

"५ (क) उजूरी दिन सक्ने :– : (१) सूचना अधिकारीले सूचना माग गर्ने व्यक्तिको सूचना मागको निवेदन दर्ता नगरेको, माग गरे बमोजिमको सूचना नदिएको वा गलत सूचना दिएको विषयमा चित्त नबुझ्ने व्यक्तिले ७ दिन भित्र प्रमुख समक्ष उजुरी दिन सक्नेछ ।"

(२)उपनियम (१) बमोजिम प्राप्त भएको उजुरी जाँचबुझ गर्दा सूचना अधिकारीले सूचना मागको निवेदन दर्ता नगरेको, माग गरे बमोजिम सूचना नदिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवेदकद्वारा माग भए बमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिन सक्नेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सात दिन भित्र सूचना उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रमुख समक्ष उजुरी दिंदा निवेदकको उजुरी उपर सात दिन भित्र कुनै कारवाही नभएमा सो म्याद नाघेको पन्ध्र दिन भित्र आयोग समक्ष निवेदन दिन सक्नेछ ।

८. **मूल नियमावलीको नियम ६ मा संशोधन:–** मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ :–

"६. पुनरावेदन, उजुरी तथा निवेदन उपरको कारवाही, निर्णय र कार्यान्वयन :– (१) आयोगले पुनरावेदन, उजुरी वा निवेदनको कारवाही र किनारा गर्दा पुनरावेदक, उजुरीकर्ता वा निवेदकको माग दावी, निजले पेश गरेको प्रमाण तथा अन्य सम्बद्ध प्रमाणको मूल्यांकनको आधारमा गर्नु पर्नेछ ।

(२) आयोगले पुनरावेदक, उजुरीकर्ता वा निवेदकको माग बमोजिम सार्वजनिक निकायको प्रमुखको नाममा कुनै आदेश जारी गर्दा वा पुनरावेदन, उजुरी वा निवेदन खारेज गर्दा आधार र कारण खुलाउनु पर्नेछ ।

(३)आयोगले आफु समक्ष पर्न आएको पुनरावेदन, उजुरी वा निवेदन उपर सुनुवाई गर्दा आवश्यकता अनुसार पक्ष विपक्ष, निजका प्रतिनिधि वा सम्बन्धित कानून व्यबसायीको उपस्थितिमा गर्न सक्नेछ ।

(४) आयोगले आफु समक्ष पुनरावेदन प्राप्त भएको मितिले साठी दिनभित्र र उजुरी वा निवेदनका सम्बन्धमा यस नियमावलीमा अन्यथा उल्लेख भएकोमा बाहेक ४५ दिन भित्र किनारा लगाउनु पर्नेछ ।

(५) सचिवले आयोगबाट भएका आदेश वा निर्णय कार्यान्वयन गर्न सम्बन्धित पदाधिकारी समक्ष लेखि पठाउनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम आयोगको आदेश वा निर्णय कार्यान्वयनको लागि लेखि आएमा सम्बन्धित पदाधिकारीले १ महिना भित्र सो आदेश वा निर्णयको कार्यान्वयन गरि वा गराई सोको जानकारी आयोगलाई दिनु पर्नेछ ।

(७) आयोगले ऐन बमोजिम गरेको जरिवाना असूल उपर गर्ने जिम्मेवारी प्रमुख जिल्ला अधिकारीको हुनेछ ।"

९. **मूल नियमावलीको नियम ८ मा संशोधन :–** मुल नियमावलीको नियम ८ मा देहायको प्रतिवन्धात्मक वांक्याश थपिएको छ :–

"तर उजुरी वा निवेदनको प्रारम्भिक कारवाही एक जना सूचना आयुक्तले गर्न सक्नेछ ।"

१०. **मूल नियमावलीको नियम २१ मा संशोधन** : मूल नियमावलीको नियम २१ को खण्ड (झ) मा रहेको "आयोगले" भन्ने शब्दको सट्टा "आयोगबाट प्रत्यायोजित वा" भन्ने शब्दहरू राखिएका छन् ।

११. **मूल नियमावलीको नियम २२ मा संशोधन** :मूल नियमावलीको नियम २२ को उपनियम १ मा रहेका "नियम ५ को उपनियम (५) बमोजिम" भन्ने शब्दहरू झिकिएका छन् ।

१२. **मूल नियमावलीको नियम २४क., २४ख., २४ग. र २४घ. थप :–** :मूल नियमावलीको नियम २४ पछि देहायका नियम २४क., २४ख., २४ग. र २४घ. थपिएका छन् :–

"२४क. सूचना अधिकारी तोक्ने : सार्वजनिक निकायले ऐनको दफा ६ बमोजिम सूचना अधिकारी तोक्दा सार्वजनिक निकायमा कार्यरत प्रशासकिय प्रमुखले आफु भन्दा दोश्रो वा तेश्रो मुनिको अधिकारीलाई तोक्नु पर्नेछ ।

२४ख. सम्बन्धित विशेषज्ञ तोक्नु पर्ने : ऐनको दफा २७ को उपदफा (१)को खण्ड(ग) बमोजिम समितिमा विशेषज्ञ सदस्य तोक्दा विषयवस्तुसंग सम्बन्धित विज्ञलाई तोक्नु पर्नेछ ।

२४ग. सूचना वर्गीकरण गर्दा आधार र कारण खुलाउनु पर्ने : (१) समितिले ऐनको दफा २७ बमोजिम कुनै सूचना गोप्य राख्नु पर्ने गरी वर्गीकरण गर्दा त्यसका कारण र आधार खुलाउनु पर्नेछ ।

(२) समितिले ऐनको दफा २७ बमोजिम सूचनाको वर्गीकरण गरे पछि त्यसको जानकारी आयोगलाई दिनु पर्नेछ ।

२४घ. आचार संहिता बनाई लागु गर्न सक्ने : आयोगमा कार्यरत कर्मचारीहरूको पदीय आचार संहिता बनाई आयोगले लागु गर्न सक्नेछ । "

१३. **मूल नियमावलीको नियम २५ मा संशोधन** : मूल नियमावलीको नियम २५ को,–

(१) उपनियम(१) पछि देहायको उपनियम (१क) थपिएको छ :–

"(१क) नेपाल सरकारले सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्नको लागि आयोगसंग परामर्श गरी आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ । "

(२) उपनियम(२) मा रहेका "उपनियम (१) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपनियम (१) वा (१क) बमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।

(मिति २०७०।३।२५ को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार ।)

परिशिष्ट १४
सूचनाको हकसम्बन्धी केन्द्रीय समन्वय इकाई र कार्यान्वयन अनुगमन इकाईको गठन तथा काम, कर्तव्य र अधिकार

सूचनाको हकसम्बन्धी ऐन, २०६४ का प्रावधानहरूलाई प्रभावकारी रुपले कार्यान्वयन गर्न गराउन नेपाल सरकारले देहाय बमोजिमको सूचनाको हकसम्बन्धी इकाईहरू गठन गरी तिनको काम, कर्तव्य र अधिकार तोकेको छ ।

१) **केन्द्रीय समन्वय इकाई** :– देहाय बमोजिम सूचनाको हकसम्बन्धी केन्द्रीय समन्वय इकाई गठन गरिएको छ ।

(क) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – संयोजक

(ख) सचिव, सूचना तथा सञ्चार मन्त्रालय – सदस्य

(ग) सह सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य

२) **केन्द्रीय समन्वय इकाईको काम, कर्तव्य र अधिकार** :– केन्द्रीय समन्वय इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रावधानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने ।

(ख) सूचनाको वर्गीकरण सम्बन्धी काममा सहयोग गर्ने, गराउने ।

(ग) विभिन्न मन्त्रालय र केन्द्रीयस्तरका निकायबाट सम्पादन हुने सूचनाको हकसम्बन्धी काम कारवाही सम्बन्धमा प्रगति प्राप्त गरी एकीकृत प्रतिवेदन ६/६ महिनामा नजर गरी नेपाल सरकारलाई दिने ।

(घ) विभिन्न मन्त्रालय र केन्द्रीयस्तरका निकायबाट सूचनाको हकसम्बन्धी प्रावधानहरू कार्यान्वयन भए नभएको अनुगमन गर्ने, गराउने ।

(ङ) सूचनाको हकसम्बन्धी नीतिगत विषयमा नेपाल सरकारलाई राय, सल्लाह र सुझाव दिने ।

(च) सूचनाको हक कार्यान्वयन सम्बन्धमा विभिन्न मन्त्रालय/आयोग/सचिवालय बीच समन्वय गर्ने ।

(छ) सूचना अधिकारीको क्षमता अभिबृद्धि सम्बन्धी कार्य गर्ने, गराउने ।

(ज) सूचनाको हक कार्यान्वयन सम्बन्धमा नेपाल सरकारबाट प्राप्त निर्देशनहरू पालना गर्ने, गराउने ।

३) **सूचनाको हक कार्यान्वयन अनुगमन इकाई** :– देहाय बमोजिम रहने गरी कार्यान्वयन अनुगमन इकाई गठन गरिएको छ ।

(क)	सचिव, सूचना तथा सञ्चार मन्त्रालय	–	संयोजक
(ख)	सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	–	सदस्य
(ग)	महानिर्देशक, हुलाक सेवा विभाग	–	सदस्य
(घ)	महानिर्देशक, सूचना विभाग	–	सदस्य
(ङ)	सहसचिव, सूचना तथा सञ्चार मन्त्रालय	–	सदस्य सचिव

४) **कार्यान्वयन अनुगमन इकाईको काम, कर्तव्य र अधिकार** :– कार्यान्वयन, अनुगमन इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विभाग एवं जिल्लास्थित कार्यालयबाट सूचनाको हकसम्बन्धी विषयमा भए गरेका कामहरू मासिक

विवरण संकलन गरी एकीकृत गर्ने

(ख) जिल्लास्थित कार्यालयहरूमा सूचना अधिकारीको व्यबस्था भए नभएको अनुगमन गरी नभएको भए हुने व्यबस्था गर्न निर्देशन दिने ।

(ग) सूचना प्रवाहको व्यबस्था सम्बन्धमा अनुगमन गर्ने, गराउने ।

(घ) सूचना अधिकारीहरूको दक्षता अभिबृद्धि सम्बन्धी व्यबस्था गर्ने गराउने ।

(ङ) उपदफा (क) बमोजिमको एकीकृत विवरण चौमासिक रूपमा केन्द्रीय समन्वय समितिलाई उपलब्ध गराउने ।

(च) केन्द्रीय समन्वय समितिले दिएको निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने ।

५) **सचिवालय** :– केन्द्रीय समन्वय इकाईको सचिवालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तथा कार्यान्वयन अनुगमन समितिको सचिवालय सूचना तथा सञ्चार मन्त्रालयमा रहनेछ ।

परिशिष्ट १५
प्रवर्द्धनात्मक कार्यक्रमको विवरण

विभिन्न जिल्लामा भएका अन्तरक्रिया कार्यक्रम र गोष्ठीहरू

सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन र यस सम्बन्धमा जनचेतना जगाउने एवं सूचना मागकर्ता र सार्वजनिक निकायबाट सूचना प्रवाह गर्ने सार्वजनिक निकायका कार्यालय प्रमुख र सूचना अधिकारी लगायत पत्रकार, अधिवक्ता, शिक्षक, नागरिक समाज, गैर सरकारी संस्था आदिका प्रतिनिधिहरू समेतलाई सहभागी गराई आयोगबाट विभिन्न जिल्लामा अन्तरक्रिया, छलफल सचेतना जागरण कार्यक्रम सम्पन्न गरेको थियो । यस आर्थिक वर्षमा अन्तरक्रिया १५ जिल्लामा सम्पन्न भएको र उक्त कार्यक्रममा ७९४ जना सहभागी हुनु भएको थियो भने अभिमुखिकरण/प्रशिक्षण कार्यक्रम ५ जिल्लामा सम्पन्न भई १७३ जना सहभागी हुनु भएको थियो । यसरी अन्तरक्रिया/छलफल एवं अभिमुखिकरण/प्रशिक्षणमा जम्मा ९६७ जना सहभागी हुनु भएको थियो । छलफल अन्तरक्रिया कार्यक्रममा विभिन्न विषयहरूमा छलफल भै देहायका राय सुझाव प्राप्त भएको थियो ।

१. सूचना माग्नका लागि निवेदन दिएर माग्ने परिपाटी बसी नसकेको यो ऐनको बारेमा नागरिकहरूलाई जानकारी गराउनु पर्ने, सूचना अधिकारीलाई सम्बोधन गरेर लिखित निवेदन पेश गर्नुपर्ने सम्बन्धमा सूचनाको दुरुपयोग गर्न नहुने सम्बन्धमा पनि आम नागरिकलाई सचेतना जगाउनुपर्ने ।

२. सूचनाको हक कार्यान्वयन सम्बन्धमा सार्वजनिक निकायहरूले समय समयमा प्रेस भेटघाट, एफ्.एम.रेडियोबाट पनि आफ्नो निकायका सम्बन्धमा नागरिकहरूलाई जानकारी दिन, आवश्यक बजेट, स्रोत साधन उपलब्ध हुनु पर्ने ।

३. सूचना अधिकारीहरूका लागि अन्तरक्रिया, तालिम, अभिमुखिकरण/प्रशिक्षण, गोष्ठि सञ्चालन गरी भौतिक स्रोत साधन समेतको व्यबस्था हुनु पर्ने ।

४. सूचनाको हक कार्यान्वयन सम्वन्धमा आयोजना गरिने कार्यक्रमहरूमा कार्यालय प्रमुख, सूचना अधिकारी, पत्रकार, नागरिक समाज र सम्बद्ध क्षेत्रका प्रतिनिधि, गाउँ विकास समितिका सचिव, नगरपालिकाका वडा सचिवहरूलाई पनि सहभागि गराउनु पर्ने ।

५. सूचनाको हकसम्वन्धी ऐनको मुख्य, मुख्य व्यबस्थाका सम्वन्धमा वढी भन्दा वढी प्रचार प्रसार गराउनुपर्ने । आयोगबाट तयार पारिएको निर्देशिका, ब्रोशर, फ्लाक्स प्रिन्ट जस्ता सामाग्रीहरू उपलव्ध हुनुपर्ने । आयोगका आदेश निर्णयका सम्बन्धमा पनि जानकारी गराउनु राम्रो हुने ।

६. ऐन कार्यान्वयन गराउने तर्फ कार्यालय प्रमुख र सूचना अधिकारीको दायित्व सम्वन्धमा सचेतना जगाउनुपर्ने ।

७. नेपाल सरकारले गरेको सूचना वर्गीकरण जिल्ला स्थित प्रत्येक सार्वजनिक निकायलाई सहज रूपमा उपलव्ध हुनुपर्ने ।

८. सूचनाको हक कार्यान्वयनका कार्यक्रमहरू एक आर्थिक वर्षमा एक पटक संचालन भएमा सूचना

अधिकारीहरूका लागि सूचना प्रवाह गर्न सरल र सहज हुने ।

९. सार्वजनिक निकायमा सूचना अधिकारी भए नभएको अनुगमन गरी सूचना अधिकारी तोक्न लगाउने र सूचना लिने र दिने कार्यमा राजनैतिक दल, लगायत गैह्र सरकारी निकायका प्रतिनिधिहरू सबैले दायित्व बोध गर्नुपर्ने ।

१०. निकायका कार्यालय प्रमुखले सूचना अधिकारी तोक्ने मात्र नभई सूचना अधिकारीलाई सहज वातावरण बनाई दिनु पर्ने । कार्यालय प्रमुखको तोक विना सूचना मागकर्ताको निवेदन उपर कारवाही प्रकृया बढाउन सरल र सहज बनाउनु पर्ने ।

११. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ मा सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिव कारणविना सूचना नदिएको अवस्थामा सजाय जरिवानाको व्यबस्था भए अनुसार आयोगले के कति जनालाई कारवाही र जरिवाना गरेको छ, सोको जानकारी उपलव्ध हुनुपर्ने । सूचना माग पूर्व नै सूचना सार्वजनिकीकरण गर्ने बानी बसाल्ने तर्फ प्रतिवद्ध हुनुपर्ने ।

१२. सूचनाको हकसम्बन्धी ऐनले कार्यालय प्रमुख र सूचना अधिकारीलाई कारवाही र सजाय गर्नसक्ने व्यवस्था भएजस्तै प्रोत्साहन रकम र सुविधा उपलव्ध हुनुपर्ने ।

१३. प्रत्येक सार्वजनिक निकायका कार्यालय प्रमुख र सूचना अधिकारीहरूले आफ्नो निकायका सूचनाहरू अध्यावधिक गरी ऐन अनुसारको सार्वजनिक प्रकाशन गर्नुपर्ने तर्फ प्रतिवद्ध रहेको तर बजेटको अभाव रहेको । आयोगको क्षेत्रिय तथा जिल्ला स्तरीय कार्यालय स्थापना गर्न पहल हुनुपर्ने ।.

१४. समय र जनशक्तिको बचत गर्न जिल्ला स्थित सम्पूर्ण निकायको सूचना एकीकृत रूपमा एउटै निकायबाट प्रवाह गर्न व्यवस्था हुनुपर्ने ।

१५. दफा ५(३) अनुसार ३/३ महिनामा प्रकाशन गर्नु पर्ने सूचनालाई ४/४ महिनामा गर्ने व्यबस्था भए लागत र समयको बचत हुने ।

अन्तरक्रिया, गोष्ठी सम्पन्न गरिएका जिल्लाहरूको विवरण

क्र.सं	कार्यक्रम संचालन भएको जिल्ला	मिति	सहभागी संख्या	संलग्न कर्मचारीहरू
१	सप्तरी	२०६९।२।१७	५५	उप सचिव श्री गौलोचन सैंजू, शाखा श्री मनिता कार्की, ना.सु. श्री मोहन वुढाथोकी ।
२	कैलाली	२०६९।६।९	३९	सूचना आयुक्त श्री सविता भण्डारी बराल, उप सचिव श्री गौलोचन सैंजू, ना.सु.श्री मोहन वुढाथोकी ।
३	कञ्चनपुर	२०६९।६।१०	७४	सूचना आयुक्त श्री सविता भण्डारी बराल, उप सचिव श्री गौलोचन सैंजू, ना.सु.श्री मोहन वुढाथोकी ।
४	गोरखा	२०६९।७।२	४५	सचिव श्री श्रीराम पन्त, उप सचिव श्री गौलोचन सैंजू ।
५	दोलखा	२०६९।७।२४	४९	कार्यवाहक प्रमुख सूचना आयुक्त श्री श्रीआचार्य, सचिव श्री श्रीराम पन्त, उप सचिव श्री गौलोचन सैंजू ।
६	मोरङ्ग	२०६९।८।२४	५४	सूचना आयुक्त श्री सविता भण्डारी बराल, उप सचिव श्री गौलोचन सैंजू, शाखा अधिकृत श्री पवित्रा ढकाल, ना.सु. श्री मोहन बहादुर वुढाथोकी, ना.सु. श्री राधादेवी पोखरेल ।

क्र.सं	कार्यक्रम संचालन भएको जिल्ला	मिति	सहभागी संख्या	संलग्न कर्मचारीहरू
७	गुल्मी	२०६९।१०।२	४३	सचिव श्री श्रीराम पन्त, उप सचिव श्री गौलोचन सैंजू ।
८	नवलपरासी	२०६९।१०।३	६३	सचिव श्री श्रीराम पन्त, उप सचिव श्री गौलोचन सैंजू ।
९	रुपन्देही	२०६९।१०।४	६१	सचिव श्री श्रीराम पन्त, उप सचिव श्री गौलोचन सैंजू ।
१०	पाल्पा	२०६९।११।२	५३	सचिव श्री श्रीराम पन्त, उप सचिव श्री गौलोचन सैंजू ।
११	इलाम	२०७०।२।१	५१	सचिव श्री श्रीराम पन्त, उप सचिव श्री गौलोचन सैंजू,
१२	म्याग्दी	२०७०।२।३	५८	उप सचिव श्री माधव प्रसाद पोखरेल, शाखा अधिकृत श्री करुणा आचार्य ।
१३	पर्वत	२०७०।२।५	३६	उप सचिव श्री बेदनिधि अधिकारी, शाखा अधिकृत श्री पवित्रा ढकाल, शाखा अधिकृत श्री बसन्त अधिकारी र शाखा अधिकृत श्री राजन पौडेल
१४	कास्की	२०७०।२।१९	८१	कार्यवाहक प्रमुख सूचना आयुक्त श्री श्रीआचार्य, सूचना आयुक्त श्री सविता भण्डारी बराल, सचिव श्री श्रीराम पन्त, उप सचिव श्री गौलोचन सैंजू, ना.सु. श्री मोहन वुढाथोकी ।
१५	धादिङ्ग	२०७०।३।१७	३२	उप सचिव श्री वेदनिधि अधिकारी, शाखा अधिकृत श्री पवित्रा ढकाल ।
जम्मा			**७९४**	

परिशिष्ट १६
सूचना अधिकारीहरूलाई अभिमूखिकरण/प्रशिक्षण कार्यक्रम सम्बन्धी विवरण

सूचनाको हक सम्बन्धमा जनचेतना जगाउन तथा ऐनको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायका कार्यालय प्रमुख, सूचना अधिकारी लगायत बिभिन्न क्षेत्रका प्रतिनिधिहरूका लागि विभिन्न ५ जिल्लामा अभिमूखिकरण/प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा १७३ जना सहभागी हुनु भएको थियो । सम्पन्न कार्यक्रमहरूको विवरण यसप्रकार छ

१. **लम्जुङ्ग**

सार्वजनिक निकायका सूचना अधिकारीहरूका लागि सूचनाको हकसम्बन्धी ऐन नियम कार्यान्वयन सम्बन्धमा अभिमूखिकरण/प्रशिक्षण कार्यक्रम जिल्ला विकास समितिको कार्यालय लम्जुङ्गको सभाहलमा मिति २०६९।७।२३ मा सम्पन्न भयो ।

आयोगका उप सचिव श्री कुमार प्रसाद दाहालले कार्यक्रमको महत्वबारे चर्चा गर्दै सार्वजनिक निकायहरूलाई काम गर्दा परेका अप्ठ्यारा, राम्रा अभ्यासका बारेमा गर्ने जिज्ञासा समेत राख्नु अनुरोध गर्नु भयो ।

आयोगका कार्यबाहक प्रमुख सूचना आयुक्त श्री श्रीआचार्यज्यूले सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनमा गर्न सूचना अधिकारीहरूको ठूलो भूमिका रहेको र आफ्नो निकायमा भएका विवरणहरू ऐनको दफा ५(३) र नियम ३ मा उल्लेखित शिर्षकका सम्बन्धमा प्रत्येक ३/३ महिनामा आफ्नो बजेट अनुसार कम्तीमा पनि सूचना पाटीमा टाँस गरिएको खण्डमा सूचना माग गर्ने अधिकांश विषयहरू सार्वजनिक हुन गई नागरिकले सुसूचित हुने मौका पाउने बताउनु भयो । सूचना बर्गीकरणका सम्बन्धमा आफ्नो निकायको प्रकृति अनुसार गोप्य राख्नु पर्ने विषयलाई कार्यालय प्रमुख समक्ष समयमै पेश गरि अघि बढ्न सुझाव समेत दिनु भएको थियो । उक्त कार्यक्रममा २५ जनाको सहभागिता रहेको थियो ।

२. **इलाम**

सार्वजनिक निकायका सूचना अधिकारीहरूका लागि सूचनाको हकसम्बन्धी ऐन नियम कार्यान्वयन सम्बन्धमा अभिमूखिकरण/प्रशिक्षण कार्यक्रमको आयोजना जिल्ला विकास समितिको कार्यालय इलामको सभाहलमा मिति २०६९।८।२३ मा सम्पन्न भयो ।

उप सचिव श्री गौलोचन सैंजूले सहभागीहरूलाई स्वागत गर्नु हुँदै सूचनाको हकसम्बन्धी ऐनमा भएका मुख्य मुख्य विषयहरूको चर्चा गर्नु भएको थियो ।

सूचना आयुक्त श्री सविता भण्डारी बरालज्यूले सूचनाको हकसम्बधी ऐन कार्यान्वयन गर्न सूचना अधिकारीहरूको ठूलो भूमिका रहेको र आफ्नो निकायमा भएका विवरणहरू ऐनको दफा ५(३) र नियम ३ मा उल्लेखित शिर्षकका सम्बन्धमा प्रत्येक ३/३ महिनामा आफ्नो बजेट अनुसार कम्तीमा पनि सूचना पाटीमा टाँस गरिएको खण्डमा सूचना माग गर्ने अधिकाँश विषयहरू सार्वजनिक हुन गई नागरिकले सुसूचित हुने मौका पाउने बताउनु भयो । सूचना वर्गीकरणका सम्बन्धमा आफ्नो निकायको प्रकृति

अनुसार गोप्य राख्नु पर्ने विषयलाई कार्यालय प्रमुख समक्ष समयमै पेश गरि अघि बढ्न सुझाव समेत दिनु भएको थियो ।

३. **कास्की**

सार्वजनिक निकायका सूचना अधिकारीहरूका लागि अभिमूखिकरण/प्रशिक्षण कार्यक्रम जिल्ला विकास समितिको कार्यालय कास्कीको सभाहलमा मिति २०७०।२।२० मा सम्पन्न भयो ।

उप सचिव श्री गौलोचन सैंजूले कार्यक्रमको शुरुमा उपस्थित सम्पूर्ण सहभागीहरूलाई स्वागत गर्ने सिलसिलामा सूचनाको हकसम्बन्धी ऐनको प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गतकै आयोगको स्रोत र साधनले भ्याए अनुसार यस किसिमको अभिमूखिकरण/प्रशिक्षण कार्यक्रमको ज्यादै महत्व रहेको बताउनु भएको थियो ।

कार्यक्रमको उद्घाटन गर्नु हुंदै कार्यबाहक प्रमुख सूचना आयुक्त श्री श्रीआचार्यज्यूले सूचनाको हक सम्बधी ऐन लागू गर्न सूचना अधिकारीहरूको ठूलो भूमिका रहेको र आफ्नो निकायमा भएका विवरणहरू ऐनको दफा ५(३) र नियम ३ मा उल्लेखित शिर्षकका सम्बन्धमा प्रत्येक ३/३ महिनामा आफनो बजेट अनुसार कम्तीमा पनि सूचना पाटीमा टाँस गरिएको खण्डमा सूचना माग गर्ने अधिकाँश विषयहरू सार्वजनिक हुन गई नागरिकले सुसूचित हुने मौका पाउने बताउनु भयो । सूचना बर्गीकरणका सम्बन्धमा आफ्नो निकायको प्रकृति अनुसार गोप्य राख्नु पर्ने विषयलाई कार्यालय प्रमुख समक्ष समयमै पेश गरि दिन नपर्ने सूचना छ भने बर्गीकरणमा राख्दा काम गर्न सजिलो हुने र सो को जानकारी आयोगलाई पनि दिनु सुझाव समेत दिनु भएको थियो ।

सूचना आयुक्त श्री सबिता भण्डारी बरालले सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन राष्ट्रिय सूचना आयोगको स्थापना भएको चर्चा गर्नु हुदै ऐन, नियम र आयोगले गरेका आदेशहरूको सम्बन्धमा प्रकाश पार्नु भएको थियो ।

आयोगका सचिव श्री श्रीराम पन्तले सूचना माग गर्न आउदा तत्काल दिन सकिने सूचना भए तत्कालै दिएर पठाउने, तत्काल उपलब्ध गराउन नसकिने सूचनाको हकमा लिखित रुपमै सत्य तथ्य कुराको जानकारी दिनु हामी सार्वजनिक निकायका कार्यालय प्रमुख र सूचना अधिकारीहरूको कर्तव्य रहेको कुरा बताउनु भएको थियो । कार्यालय प्रमुख नै निकायको प्रमुख सूचना अधिकारी हुने हुनाले आफ्ना सूचना अधिकारीलाई सूचनामा पहुँच पुऱ्याउनु पर्ने ध्यानाकर्षण गराउनु भएको थियो । उक्त कार्यक्रममा ३४ जनाको सहभागिता रहेको थियो ।

४. **उदयपुर**

सार्वजनिक निकायका सूचना अधिकारीहरूका लागि अभिमूखिकरण/प्रशिक्षण कार्यक्रमको आयोजना जिल्ला विकास समितिको कार्यालय उदयपुरको सभाहलमा मिति २०७०।३।१६ मा सम्पन्न भयो ।

शाखा अधिकृत श्री मनिता कार्कीले स्वागत गर्नु भएको उक्त कार्यक्रममा उक्त कार्यक्रममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ मा भएको व्यबस्थाहरूको सम्बन्धमा तयार पारिएको कार्यपत्र आयोगका उप सचिव श्री गौलोचन सैंजूले प्रस्तुत गर्दै सूचनाको हक कार्यान्वयन सम्बन्धमा DFID/ESP को सहयोगमा समेत कार्य गर्दै रहेको पनि बताउनु हुंदै आजको समयमा अझ बढी जिम्मेवार भई कार्य गर्नु हामी सबै दायित्व भएको र सार्वजनिक निकायको काम खुला, पारदर्शी र जवाफदेही बनाउन सूचनाको हकले ठूलो भूमिका खेल्ने कुरा बताउनु भएको थियो । उक्त कार्यक्रममा ४६ जनाको सहभागिता रहेको थियो ।

५. डडेल्धुरा

सार्वजनिक निकायका सूचना अधिकारीहरूका लागि सूचनाको हकसम्बन्धी ऐन नियम कार्यान्वयन सम्बन्धमा अभिमूखिकरण/प्रशिक्षण कार्यक्रमको आयोजना जिल्ला विकास समितिको कार्यालयको सभाहलमा मिति २०७०।३।२८ मा सम्पन्न भयो ।

उक्त कार्यक्रममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ मा भएको व्यबस्थाहरूको सम्बन्धमा तयार पारिएको कार्यपत्र प्रस्तुत राष्ट्रिय सूचना आयोगका उप सचिव श्री माधव प्रसाद पोखरेल बाट कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा ३३ जनाको सहभागिता रहेको थियो ।

क्र.सं	कार्यक्रम संचालन भएको जिल्ला	मिति	सहभागी संख्या	संलग्न कर्मचारीहरू
१	लमजुङ्ग	२०६९।७।२३	२५	कार्यवाहक प्रमुख सूचना आयुक्त श्री श्रीआचार्य, उप सचिव श्री कुमार दाहाल, शाखा अधिकृत श्री करुणा आचार्य, लेखा अधिकृत चमन प्रसाद ढकाल ।
२	इलाम	२०६९।८।२३	३५	सूचना आयुक्त श्री सविता भण्डारी बराल, उप सचिव श्री गौलोचन सैंजू, शाखा अधिकृत श्री पवित्रा ढकाल, ना.सु. श्री मोहन वुढाथोकी, ना.सु. श्री राधादेवी पोखरेल ।
३	कास्की	२०७०।२।२०	३४	कार्यवाहक प्रमुख सूचना आयुक्त श्री श्रीआचार्य, सूचना आयुक्त श्री सविता भण्डारी बराल, सचिव श्री श्रराम पन्त, उप सचिव श्री गौलोचन सैंजू, ना.सु. श्री मोहन वुढाथोकी ।
४	उदयपुर	२०७०।३।१६	४६	उप सचिव श्री गौलोचन सैंजू, शाखा अधिकृत श्री मनिता कार्की, ना.सु. श्री मोहन बहादुर बुढाथोकी ।
५	डडेल्धुरा	२०७०।३।२८	३३	उप सचिव श्री माधव प्रसाद पोखरेल, लेखा अधिकृत श्री चमन प्रसाद ढकाल, शाखा अधिकृत श्री करुणा आचार्य, ना.सु. श्री बिष्णु अर्याल ।
जम्मा			**१७३**	

परिशिष्ट १७

सूचना अधिकार केन्द्रबाट २०६९ श्रावण देखि २०७० आषाढ मसान्तसम्म प्रदान गरिएको सेवा तथा सहयोगको विवरण

१. सेवाग्राहीले केन्द्रमा प्रत्यक्ष सम्पर्क गरेर प्राप्त गरेका सेवाहरू

- सूचना प्राप्तको लागी निवेदन - २१०
- उजुरीको मस्यौदा र दर्ता (यस आयोग र अन्य कार्यालयका प्रमुख समक्ष) - १२८
- आयोगमा पूनरावेदन – १५

२. टेलिफोन मार्फत प्रदान गरेका सेवा

- जम्मा प्राप्त फोन संख्या - ५८५
- केन्द्रबाट फोन मार्फत सेवा - १६६१ (कार्यालय बन्द भएको समयमा टोल फ्रि नम्बरमा गरेको फोन मोबाइलमा जाने व्यवस्था मिलाएको र कार्यालय समयमा केन्द्रबाट फोन गर्ने गरिएको)
- एस.एम.एस. पठाउनेलाई गरेको फोन - ३२६

३. एस.एम.एस सेवा

- प्राप्त एस.एम.एस - ३२६
- एस.एम.एस पठाइएको - २९,१८९

४. इमेल मार्फत सेवा

- प्राप्त गरेको इमेल - ७३
- इमेल पठाएको - ११५ (सूचना प्राप्त गर्ने निवेदन तथा उजुरी सहित पठाएको)

५. फ्याक्स मार्फत सेवा - ८

६. केन्द्रको प्रत्यक्ष भ्रमण - ३०१ (जानकारी एवं केन्द्रबाट सहयोग प्राप्तको निमित्त)

परिशिष्ट १८
गैरसरकारी संस्थाहरूले सूचनाको हकसम्बन्धी गरेका प्रवर्द्धनात्मक कार्यहरू

१. **सूचनाको हकका लागि नागरिक अभियान (Citizen's Campaiagn for Right to Information CCRI) :–**

राष्ट्रिय सूचना आयोगको सहभागिता र सहकार्यमा सूचनाको हकका लागि नागरिक अभियानले आ. व. २०६९/०७० साल आषाढ मसान्त सम्ममा संचालन गरेका प्रवर्द्धनात्मक तथा अभिमुखिकरणात्मक तालिम तथा कार्यक्रमहरूको विवरण देहाय बमोजिम छन् :–

१) महोत्तरी जिल्लाका कार्यालय प्रमुखहरू तथा सूचना अधिकारीहरूसँग अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको

२) राष्ट्रिय सूचना आयोगको सहकार्यमा काठमाडौं उपत्यकाका ३ स्थान (लोकन्थली, कीर्तिपुर र नागढुंगा) र उपत्यका बाहिरका विभिन्न ४ स्थानहरूमा गरी जम्मा ७ वटा स्थानमा होर्डिङ्ग बोर्डहरू स्थापना गरिएको ।

३) काठमाण्डौमा "सूचनाको हकको परिपालनाका सम्बन्धमा गैर सरकारी संस्थाहरूको भूमिका" विषयक अन्तर्क्रिया कार्यक्रम आयोजना भएको थियो । जसमा राजधानी तथा बाहिरी जिल्लाका कूल ४५ गैर सरकारी संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

४) खोज पत्रकारितामा सूचनाको हकको प्रयोग विषय सम्बन्धी पत्रकारहरूको लागि छलफल कार्यक्रम सन् २०१२ को नोभेम्बर ११ काठमाण्डौमा आयोजना भएको थियो । उक्त कार्यक्रममा २१ जना पत्रकारहरूको सहभागिता रहेको थियो ।

५) कैलाली जिल्लाका कार्यालय प्रमुखहरू तथा सूचना अधिकारीहरूसँग अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरेको ।

६) २०६९ साल माघ २६ गते राष्ट्रिय सूचना आयोग र महिला कानून व्यावसायि बीच अन्तरसंवाद सम्पन्न भएको । उक्त कार्यक्रममा पुनरावेदन अदालत पाटन, काठमाडौं बार, ललितपुर बार र सर्वोच्च अदालत बार एसोसियसनका २५ महिला कानुन व्यावसायिहरूको सहभागिता रहेको थियो ।

७) "**सूचनाको हक म यसरी प्रयोग गर्छु**" भन्ने मूल शीर्षक राखी सूचनाको हकसम्बन्धी राष्ट्रिय निबन्ध प्रतियोगिताको आयोजना भएको थियो । जसमा देशका विभिन्न निम्न माध्यमिक, माध्यमिक तथा उच्च माध्यमिक तहका कुल ६२ विद्यार्थीहरूले सहभागिता जनाएका थिए ।

८) नागरिक संस्था तथा आम संचारको क्षमता अभिवृद्धि तालिम कार्यक्रम संचालन भएको थियो । उक्त तालिममा ३५ जिल्लाका १५४ जना पत्रकार तथा आम संचारका क्षेत्रमा काम गर्ने अभियन्ताहरू सो तालिमबाट अभिमुखीकृत भएका थिए ।

९) २०७० साल आषाढ ७ गते शुक्रबारका दिन काठमाडौंमा नागरिक संगठनका प्रतिनिधिहरूबीच सूचनाको हक र राष्ट्रिय सूचना आयोग विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना भएको थियो ।

२ **राष्ट्रिय सूचना आयोग समेतको सहभागितामा Freedom Forum बाट सम्पन्न भएका कार्यक्रमहरूको विवरण देहाय बमोजिम छन् :–**

क) स्थानीय शासनमा सूचनाको हकसम्बन्धी प्रशिक्षण र प्रयोग :–

क) सुदुरपश्चिमाञ्चलको भिमदत्त, मध्यपश्चिमाञ्चलको नारायण, पश्चिमाञ्चलको व्यास, मध्यमाञ्चलको धुलिखेल र पूर्वाञ्चलको धरान नगरपालिकाका युवाहरूका लागि सूचनाको हक व्यवहारिक प्रयोग सम्बन्धी काठमाण्डौमा तीनवटा पाँच दिने प्रशिक्षण कार्यक्रम मा ४६ जनाको सहभागिता रहेको थियो ।

ख) पाँचवटा नगरपालिकाका सूचना अधिकारी र कार्यालय प्रमुखका लागि सूचनाको हकको कार्यान्वयन सम्बन्धी ३ दिने प्रशिक्षण कार्यक्रममा १० जनाको सहभागिता रहेको थियो ।

ग) प्रशिक्षण प्राप्त युवाहरूलाई सूचना मागको अभियानमा सहभागिता गराईएको थियो । जस अन्तर्गत उपत्यकामा ४५ र सम्बन्धित नगरपालिका र स्थानीय सार्वजनिक निकायमा करीव सयवटा सूचना मागको निवेदन दर्ता भएको ।

ख) सूचनाको माग प्रवर्द्धनका लागि रणनीतिक अभियान :–

क) सूचनाको हक प्रवर्द्धनको रणनीतिक अभियानकर्मी तयार गर्नका लागि दोलखा, बारा, सिरहा, महोत्तरी, नवलपरासी, कपिलवस्तु, कालिकोट, जाजरकोट, जुम्ला र बझाङ गरी जम्मा १० जिल्लाका युवाहरूलाई काठमाण्डौमा सूचनाको हकको व्यावहारिक प्रयोग सम्बन्धी चारवटा पाँच दिने प्रशिक्षण कार्यक्रममा ४० जनाको सहभागीता रहेको थियो ।

ख) प्रशिक्षण प्राप्त युवाहरूलाई रणनीतिक महत्वका सूचना मागको अभियानमा संलग्न गराईएको थियो । जस अन्तर्गत विभिन्न सार्वजनिक निकायमा करीब २०० वटा सूचना मागको निवेदन दर्ता भएको थियो ।

ग) सूचनाको निवेदन, उजुरी, पुनरावेदन र अभिलेख व्यबस्थापनको लागि सहायता डेस्कको गठन भएको थियो ।

घ) सूचनाको हकसम्बन्धी ५ वटा भिडियो निर्माण गरिएको थियो ।

ङ) सूचनाको हकको व्यवहारिक प्रयोग सम्बन्धी सहयोगी पुस्तिका प्रकाशन भएको थियो ।

ग) अनुसन्धान तथा प्रशिक्षण :–

क) नेपाल सरकारका केन्द्रीय निकायका सूचना अधिकारीहरूका लागि २ वटा ३ दिने प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो ।

ख) नेपालमा सूचनाको हकको प्रयोगका सफल उदाहरणहरूको विश्लेषण गरी "सूचनाको हक सफलताका कथा" नामक पुस्तिका प्रकाशन भएको थियो ।

घ) सूचनाको हक कार्यान्वयनको अवस्था पहिचानका लागि अनुसन्धान :–

क) नेपाल सरकारका गृह, स्थानीय विकास र स्वास्थ्य गरी ३ वटा मन्त्रालय तथा धनुषा, नुवाकोट र जाजरकोट गरी ३ वटा जिल्लामा सूचनाको हक कार्यान्वयनको अवस्थाको अध्ययन र अनुसन्धान गरी दक्षिण एशियाली स्तरको अनुसन्धान प्रतिवेदनका लागि अध्ययन अनुसन्धान गरिएको थियो ।

ङ असल शासन प्रवर्द्धनका लागि सूचनाको हकको कार्यान्वयनमा सुधार :–

क) सूचनाको हक सम्बन्धी रेडियो कार्यक्रम रेडियो नेपालबाट प्रशारण भएको ।

ख) सूचनाको हकसम्बन्धी टेलिभिजन कार्यक्रम, हिमालयन टेलिभिजनबाट प्रशारण भएको ।

ग) सूचनाको हकमा नागरिक संस्था तथा पत्रकारहरूलाई प्रशिक्षणमा विशेषज्ञ सहायता गरेको ।

३. मिडिया एड्भोकेसी ग्रुप (म्याग) बाट सूचनाको हक सम्बन्धमा सम्पन्न गरेको कार्यक्रमहरू

मिडिया एड्भोकेसी ग्रुप (म्याग) महिला र सूचनाको क्षेत्रमा कार्यरत संस्था हो । म्यागले सूचनाको हकलाई सुशासन, पारदर्शीता र जवाफदेहीताका लागि स्थानीय देखि राष्ट्रिय तहसम्म विभिन्न कार्य गर्दै आएको छ । जस अनुसार सूचनाको अधिकारका लागि म्यागले गरेका कार्यहरूको विवरण निम्नानुसार रहेको छ ।

१. आयोगको सहकार्यमा म्यागले संचालन गरेका कार्यहरू

क. सूचनाको हकको प्रयोगका लागि नागरिक सचेतना :–

सूचनाको हकलाई संयन्त्रको रूपमा प्रयोग गरी सार्वजनिक सेवालाई सुशासनयुक्त र जनमुखी बनाउने उद्देश्यले कैलाली र महोत्तरीमा सन् २०१३ मे देखि डिसेम्बरसम्म सूचनाको हकको प्रयोगका लागि नागरिक सचेतना कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा समुदायमा आधारित संघ संस्थाका प्रतिनिधि संचारकर्मी तथा पत्रकार, सरकारी अधिकारीहरू, महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, समाजका पछाडि पारिएका समुदायका सदस्यहरूको सहभागीता रहेको थियो । उक्त कार्यक्रमले सार्वजनिक निकायमा निवेदन हालेर सूचना माग्ने र दिने संस्कृतिको विकास भएको तथा सूचनाको हकको विषयमा सेवाग्राही र सेवा प्रदाय हुने पक्षमा सचेतना बृद्धि भएको छ । महोत्तरीमा भएको उक्त कार्यक्रममा आयोगको समेत सहभागिता रहेको थियो ।

ख संविधान निर्माण प्रक्रियामा सूचनाको हक :–

संविधान निर्माण प्रक्रियामा सूचनाको हकका बारेमा सरोकारवालाहरूका बीचमा बहस चलाउने उद्देश्यका साथ UNDP को सहयोगमा सन् २०१३ मा एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा राष्ट्रिय सूचना आयोग, निर्वाचन आयोग, सुरक्षा क्षेत्र लगायत संविधानसभाको निर्वाचन सम्बद्ध सरकारी तथा अन्य निकायहरू, पत्रकार एवं अन्य सरोकारवालाहरू सहभागिता रहेको थियो । उक्त कार्यक्रममा आयोगका सचिवले भाग लिनु भएको थियो ।

२. म्यागले सूचनाको हकसम्बन्धी गरेका अन्य कार्यहरूको विवरण

क. बैदेशिक रोजगारमा सूचनाको हकसम्बन्धी अन्तरक्रिया

ख. महिला विरुद्ध हुने हिंसामा सूचनाको हकसम्बन्धी छलफल

ग. व्यवसायिक महिलाहरूका लागि सूचना अधिकार सम्बन्धी अभिमूखिकरण

घ. सूचनाको हक र यसको प्रयोगबारे सूचना सामाग्री नामको Tool Kit प्रकाशन,

ङ. सूचनाको हकसम्बन्धी जनचेतनामुलक रेडियो जिङ्गल तथा टेलिभिजन स्पटहरूको निर्माण र प्रसारण

४. मीरेष्ट नेपालले सूचनाको हकसम्बन्धी गरेका कार्यक्रमहरूको विवरण :–

अधिकार, समता तथा सामाजिक रुपान्तरणका लागि आमसंचार अभियान (मीरेष्ट नेपाल) द्वारा संचालित स्थानीय शासन तथा सूचनाको हकसम्बन्धी कार्यक्रमको विवरण देहाय बमोजिम रहेको छ ।

१. सूचनाको हकसम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम तथा गोष्ठी

राष्ट्रिय सूचनाको आयोगको सहकार्यमा सूचनाको हक कार्यान्वयन सन्र्दभमा राजनीतिक दलका नेता, सार्वजनिक निकायका प्रमुखहरू, सूचनाको हकसम्बन्धी क्षेत्रका काम गर्ने व्यक्तित्व तथा सूचना अधिकारीहरूका लागि एक दिवसीय अन्तरक्रिया कार्यक्रम संचालन भएको थियो । आयोगका सचिव श्रीराम पन्तले वर्तमान परिप्रेक्ष्यमा सूचनाको हकको महत्व विषयमा मतव्य राख्नु भएको थियो । उक्त कार्यक्रममा १९५ जना सहभागीहरूको उपस्थिति थियो ।

२. स्थानीय सुशासन र सूचनाको हक विषयमा टेलिभिजन कार्यक्रम छायाँकन र प्रशारण

मीरेष्ट नेपालले स्थानीय सुशासन र सूचनाको हक विषयमा टेलिभिजन छायाँकन र प्रसारण कार्यक्रम संचालन गरेको थियो । मुस्ताङ्ग, हुम्ला, कञ्चनपुर, दाङ, संखुवासभा, सुनसरी र सिन्धुली जिल्लामा संचालन भएको उक्त कार्यक्रममा जम्मा १०१७ जना सहभागीहरूको उपस्थिति थियो । संखुवासभामा संचालन भएका कार्यक्रममा राष्ट्रिय सूचना आयोगका उपसचिव श्री बेदनिधी अधिकारीको सहभागिता रहेको थियो ।

३. सूचनाको हक अभ्यास तथा प्रशिक्षण कार्यक्रम

सूचनाको हकसम्बन्धी स्वतः स्फूत रूपमा स्थानीय तहमा कार्य गर्ने स्वयमसेवीहरूको लागि सूचनाको हकसम्बन्धी अभ्यास, पूनर्ताजगी तथा अभिमूखिकरण कार्यक्रम सम्पन्न भएको थियो । सात जिल्ला (हुम्ला, मुस्ताङ, दाङ, कञ्चनपुर, सिन्धुली, सुनसरी र संखुवासभा) मा संचालन भएको कार्यक्रममा १३८ जना सूचनाका हकसम्बन्धी रक्षकहरूका सहभागिता रहेको थियो । साथै उक्त जिल्लाहरूमा स्थानीय निकायका सेवाग्राहीहरूलाई स्थानीय सुशासन अभिबृद्धिका लागि सूचनाको हकको प्रयोग विधि सम्बन्धमा प्रशिक्षण संचालन पनि गरिएको थियो । जसमा १६३ जनाको सहभागिता रहेको थियो ।

परिशिष्ट १९
अनुगमन गरिएका सार्वजनिक निकायको विवरण

राष्ट्रिय सूचना आयोगले आर्थिक वर्ष २०६९-७० मा अनुगमन, निरीक्षण गरेका सार्वजनिक निकायहरूहरूको केन्द्रीय तथा जिल्लागत विवरण निम्नानुसार रहेको छ ।

अनुगमन सम्पन्न गरिएका विभागस्तरीय निकायहरू

क.सं.	निकाय/जिल्ला	संख्या
क	अनुगमन गरिएका विभागस्तरका निकाय	४३
१	राहदानी विभाग	
२	आयुर्वेद विभाग	
३	शहरी विकास तथा भवन निर्माण विभाग	
४	औषधी व्यबस्था विभाग	
५	उद्योग विभाग	
६	कम्पनी रजिष्ट्रारको कार्यालय	
७	आन्तरिक राजश्व विभाग	
८	कारागार व्यबस्था विभाग	
९	कृषि विभाग	
१०	अध्यागमन विभाग	
११	केन्द्रीय तथ्यांक विभाग	
१२	खानी तथा भूगर्भ विभाग	
१३	घरेलु तथा साना उद्योग विभाग	
१४	जल तथा मौसम विज्ञान विभाग	
१५	सहकारी विभाग	
१६	नापी विभाग,	
१७	निजामती किताबखाना	
१८	नेपाल गुणस्तर तथा नापतौल विभाग	
१९	पुरातत्व विभाग	
२०	भन्सार विभाग	
२१	भूमिसुधार तथा व्यबस्थापन विभाग	
२२	स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग	
२३	भू-सूचना तथा अभिलेख विभाग	
२४	यातायात व्यबस्था विभाग	
२५	पशु सेवा विभाग	
२६	श्रम विभाग	

क्र.सं.	निकाय/जिल्ला	संख्या
२७	विद्युत विकास विभाग	
२८	सडक विभाग	
२९	जल उत्पन्न प्रकोप नियन्त्रण विभाग	
३०	महिला विकास विभाग	
३१	मुद्रण विभाग	
३२	हुलाक सेवा विभाग	
३३	शिक्षा विभाग	
३४	वन अनुसन्धान तथा सर्वेक्षण विभाग	
३५	खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग	
३६	वन विभाग	
३७	प्रहरी किताबखाना	
३८	भू तथा जलाधर संरक्षण विभाग	
३९	बनस्पति विभाग	
४०	स्वास्थ्य विभाग	
४१	सूचना विभाग	
४२	सिचाई विभाग	
४३	वैदेशिक रोजगार विभाग	

अनुगमन सम्पन्न गरिएका जिल्लास्तरका निकायहरूः

क्र.सं.	निकाय	संख्या
१	मोरङ्ग	१४
२	गोरखा	१६
३	दोलखा	१६
४	कास्की	१२
५	डोटी	२१
६	ईलाम	१४
७	पाल्पा	२५
८	गुल्मी	२३
९	वाग्लुङ्ग	१४
१०	झापा	७
११	नवलपरासी	१६
१२	कैलाली	४
१३	रुपन्देही	४०
१४	डडेल्धुरा	२३
१५	पर्वत	१९

क्र.सं.	निकाय	संख्या
१६	म्याग्दी	१४
१७	तेह्रथुम	८
१८	धादिङ्ग	९
१९	कञ्चनपुर	५
	जम्मा	३००

१. मोरङ्ग जिल्लाका

सि.नं.	कार्यालयहरू
१	गा.वि.स.कार्यालय इटहरा
२	क्षेत्रीय पशुरोग अन्वेषण प्रयोगशाला
३	जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय
४	गा.वि.स. कार्यालय होक्लाबारी
५	जिल्ला कृषि विकास कार्यालय
६	क्षेत्रीय पशु सेवा निर्देशनालय
७	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
८	गा.वि.स. कार्यालय सुन्दरपुर
९	डिभिजन सहकारी कार्यालय
१०	गा.वि.स.कार्यालय र्टकिसिनवारी
११	विराटनगर भन्सार कार्यालय
१२	जिल्ला पशु सेवा कार्यालय
१३	जिल्ला शिक्षा कार्यालय
१४	शाखा तथ्याङ्क कार्यालय

२. गोरखा जिल्ला

सि.नं.	कार्यालयहरू
१	गोरखा दरवार हेरचार अड्डा
२	जिल्ला हुलाक कार्यालय
३	जिल्ला शिक्षा कार्यालय
४	जिल्ला स्वास्थ्य कार्यालय
५	गोरखा नगरपालिका कार्यालय
६	जिल्ला विकास समितिको कार्यालय
७	जिल्ला कृषि विकास कार्यालय
८	गोरखा संग्रहालय
९	जिल्ला प्रहरी कार्यालय
१०	शाखा तथ्याङ्क कार्यालय

सि.नं.	कार्यालयहरू
११	घरेलु समितिको कार्यालय
१२	शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय
१३	प.सि.वि.स.डि. नं. १ कार्यालय
१४	नापी कार्यालय
१५	जिल्ला पशु सेवा कार्यालय
१६	जिल्ला सरकारी वकिल कार्यालय

३. दोलखा जिल्ला

सि.नं.	कार्यालयहरू
१	कोष तथा लेखा नियन्त्रक कार्यालय
२	मध्यमाञ्चल सिंचाई विकास सब डिभिजन
३	जिल्ला सरकारी वकिल कार्यालय
४	जिल्ला हुलाक कार्यालय
५	जिल्ला मालपोत कार्यालय
६	श्री वर्दबहादुर गण
७	जिल्ला बन कार्यालय
८	खानेपानी तथा सं.सं. डिभिजन कार्यालय
९	बागवानी फार्म
१०	प्राथमिक स्वास्थ्य केन्द्र
११	डिभिजन सहकारी कार्यालय
१२	नेपाल टेलिकम
१३	डिभिजन सहकारी कार्यालय
१४	भिमेश्वर नगरपालिका
१५	जिल्ला स्वास्थ्य कार्यालय
१६	जिल्ला शिक्षा कार्यालय

४. कास्की जिल्ला

सि.नं.	कार्यालयहरू
१	जिल्ला प्रशासन कार्यालय
२	जिल्ला विकास समितिको कार्यालय
३	गुणस्तर तथा नापतौल कार्यालय
४	लोकसेवा आयोग पश्चिमाञ्चल क्षेत्रिय निर्देशनालय
५	क्षेत्रिय शिक्षा निर्देशनालय
६	मालपोत कार्यालय
७	आन्तरिक राजश्व कार्यालय

सि.नं.	कार्यालयहरू
८	क्षेत्रिय अनुगमन तथा सुपरीवेक्षण कार्यालय
९	सरकारी प्रशिक्षण तथा डिभिजन कार्यालय
१०	पुनरावेदन अदालत
११	पश्चिमाञ्चल क्षेत्रिय हुलाक निर्देशनालय
१२	कोष तथा लेखा नियन्त्रक कार्यालय

५. डोटी जिल्ला

सि.नं.	कार्यालयहरू
१	जिल्ला विकास समितिको कार्यालय
२	जिविस जिल्ला उर्जा तथा बातावरण शाखा
३	सम विकास केन्द्र
४	जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन
५	जिल्ला प्राविधिक कार्यालय
६	शैक्षिक तालिम केन्द्र
७	ग्रामिण विकास केन्द्र
८	जिल्ला निर्वाचन कार्यालय
९	सु.प.क्षे.हुलाक निर्देशनालय
१०	क्षेत्रिय कृषि निर्देशनालय
११	रेडियो नेपाल, दिपायल
१२	सेती प्राविधिक कार्यालय
१३	सु.प.सिंचाई विकास डिभिजन
१४	घरेलु समिति
१५	सु.प.डिभिजन सडक कार्यालय
१६	ग्रामिण विकास केन्द्र
१७	जिल्ला भूसंरक्षण कार्यालय
१८	जिल्ला प्रशासन कार्यालय
१९	मालपोत कार्यालय
२०	क्षेत्रीय प्रशासन कार्यालय
२१	सामुदायिक विकास केन्द्र

६. इलाम जिल्ला

सि.नं.	कार्यालयहरू
१	कोष तथा लेखा नियन्त्रक कार्यालय
२	जिल्ला भूसंरक्षण कार्यालय

सि.नं.	कार्यालयहरू
३	जिल्ला हुलाक कार्यालय
४	जिल्ला मालपोत कार्यालय
५	जिल्ला कृषि विकास कार्यालय
६	गा.वि.स. कार्यालय एकतप्पा
७	गा.वि.स. कार्यालय सुम्बेक
८	गा.वि.स. कार्यालय फिक्कल
९	नेपाल विद्युत प्राधिकरण
१०	गा.वि.स. कार्यालय सुलुवुङ
११	गा.वि.स. कार्यालय नयाँबजार
१२	जिल्ला पशु सेवा कार्यालय
१३	जिल्ला शिक्षा कार्यालय
१४	जिल्ला प्रशासन कार्यालय

७. पाल्पा जिल्ला

सि.नं.	कार्यालयहरू
१	जिल्ला निर्वाचन कार्यालय
२	नेपाल विद्युत प्राविधिकरण
३	जिल्ला आर्युवेद स्वास्थ्य केन्द्र
४	करदाता सेवा कार्यालय
५	जिल्ला बाल कल्याण समिति
६	कारागार कार्यालय
७	जिल्ला प्रशासन कार्यालय
८	जिल्ला कृषि विकास कार्यालय
९	प.डिभिजन सडक कार्यालय
१०	महिला तथा बालबालिका कार्यालय
११	जिल्ला विकास समितिको कार्यालय
१२	जिल्ला सरकारी वकिल कार्यालय
१३	जिल्ला हुलाक कार्यालय
१४	पाल्पा जिल्ला अदालत
१५	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
१६	घरेलु तथा साना उद्योग
१७	डिभिजन सहकारी कार्यालय
१८	जिल्ला वन कार्यालय
१९	जिल्ला स्वास्थ्य कार्यालय
२०	जिल्ला पशुसेवा कार्यालय

सि.नं.	कार्यालयहरू
२१	मालपोत कार्यालय
२२	सुन्तला जात फलफुल विकास केन्द्र
२३	नेपाल दुरसंचार कार्यालय
२४	शाखा तथ्यांक कार्यालय
२५	जिल्ला प्रहरी कार्यालय

८. गुल्मी जिल्ला

सि.नं.	कार्यालयहरू
१	जिल्ला निर्वाचन कार्यालय
२	नापी कार्यालय
३	जिल्ला प्राविधिक कार्यालय
४	घरेलु तथा साना उद्योग विकास समिति
५	जिल्ला स्वास्थय कार्यालय
६	जिल्ला प्रशासन कार्यालय
७	कोष तथा लेखा नियन्त्रक कार्यालय
८	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
९	कारागार कार्यालय, गुल्मी
१०	प.सिं.वि.स.कि.नं. ४
११	जिल्ला आयुर्वेद स्वास्थ्य कार्यालय
१२	जिल्ला वन कार्यालय
१३	कृषि विकास बैक
१४	जिल्ला हुलाका कार्यालय
१५	मालपोत कार्यालय
१६	जिल्ला शिक्षा कार्यालय
१७	जिल्ला पशु सेवा कार्यालय
१८	श्री गुरु गोरख गुल्म
१९	जिल्ला कृषि विकास कार्यालय
२०	जिल्ला भूसंरक्षण कार्यालय
२१	महिला तथा बालबालिका कार्यालय
२२	जिल्ला विकास समिति
२३	जिल्ला प्रहरी कार्यालय

९. वाग्लुङ्ग जिल्ला

सि.नं.	कार्यालयहरू
१	जिल्ला प्रशासन कार्यालय
२	जिल्ला स्वास्थ्य कार्यालय

सि.नं.	कार्यालयहरू
३	जिल्ला पशुसेवा कार्यालय
४	जिल्ला विकास समितिको कार्यालय
५	जिल्ला प्राविधिक कार्यालय
६	जिल्ला कृषि विकास कार्यालय
७	जिल्ला बन कार्यालय
८	जिल्ला हुलाक कार्यालय
९	नापी कार्यालय
१०	कोष तथा लेखा नियन्त्रक कार्यालय
११	मालपोत कार्यालय
१२	घरेलु तथा साना उद्योग कार्यालय
१३	जिल्ला शिक्षा कार्यालय
१४	जिल्ला निर्वाचन कार्यालय

१०. झापा जिल्ला

सि.नं.	कार्यालयहरू
१	१ नं. नापीटोली कार्यालय
२	इलाका प्रशासन कार्यालय
३	मालपोत कार्यालय
४	पूर्वाञ्चल कार्यालय
५	पूर्वाञ्चल क्षेत्रीय सडक निर्देशनालय
६	सरस्वती उच्च मा.वि
७	नेपाल विद्युत प्राधिकरण

११. नवलपरासी जिल्ला

सि.नं.	कार्यालयहरू
१	नापी कार्यालय
२	जिल्ला भूसंरक्षण कार्यालय
३	प.सिंचाई विकास डिभिजन कार्यालय
४	जिल्ला शिक्षा कार्यालय
५	जिल्ला बन कार्यालय
६	जिल्ला विकास समिति
७	डिभिजन सहकारी कार्यालय
८	जिल्ला निर्वाचन कार्यालय
९	जिल्ला हुलाक कार्यालय
१०	घरेलु तथा साना उद्योग कार्यालय

सि.नं.	कार्यालयहरू
११	जिल्ला स्वास्थ्य कार्यालय
१२	जिल्ला कृषि विकास कार्यालय
१३	पशु सेवा कार्यालय
१४	कृषि सामाग्री कम्पनी लिमिटेड
१५	कोष तथा लेखा नियन्त्रण कार्यालय
१६	जिल्ला प्राविधिक कार्यालय

१२. कैलाली जिल्ला

सि.नं.	कार्यालयहरू
१	जिल्ला प्रशासन कार्यालय
२	नेपाल विद्युत प्राविधिकरण
३	मालपोत कार्यालय
४	धनगढी नगरपालिका

१३. रुपन्देही जिल्ला

सि.नं.	कार्यालयहरू
१	जनताको तटबन्द कार्यक्रम
२	जिल्ला प्रशासन कार्यालय
३	कोष तथा लेखा नियन्त्रकको कार्यालय
४	प.क्षेत्रीय मेडिकल स्टोर
५	क्षेत्रीय विउविजन प्रयोगशाला
६	प.नि.वि.डि.नं. ६
७	भू.ज.वि.स.शाखा कार्यालय
८	दुरसंचार कार्यालय
९	गुणस्तर तथा नापतौल क्षत्रिय कार्यालय
१०	लोक सेवा आयोग
११	भैरहवा भंसार कार्यालय
१२	कृषि सामाग्री कम्पनी लिमिटेड
१३	डिभिजन सडक कार्यालय
१४	जिल्ला हुलाक कार्यालय
१५	स.वि.हे.इ.डि. कार्यालय
१६	आन्तरिक राजश्व कार्यालय
१७	नेपाल टेलिकम
१८	जिल्ला शिक्षा कार्यालय
१९	जिल्ला पशु सेवा कार्यालय

सि.नं.	कार्यालयहरू
२०	भै.ल.मू.सि.डि.नं.६
२१	आन्तरिक राजश्व कार्यालय
२२	मालपोत कार्यालय
२३	नापी कार्यालय
२४	महिला तथा बालबालिका कार्यालय
२५	जिल्ला कृषि विकास कार्यालय
२६	घरेलु तथा साना उद्योग कार्यालय
२७	जिल्ला विकास समितिको कार्यालय
२८	बाणिज्य कार्यालय
२९	मस्त्य विकास केन्द्र
३०	श्रम कार्यालय
३१	शैक्षिक तालिम केन्द्र
३२	राष्ट्रिय गहुँ बाली अनुसन्धान कार्याक्रम
३३	जिल्ला भूसंरक्षण कार्यालय
३४	यातायात व्यबस्था कार्यालय
३५	जिल्ला वन कार्यालय
३६	राष्ट्रिय विमा संस्थान
३७	नेपाल राष्ट्र बैंक
३८	डिभिजन सहकारी कार्यालय
३९	क्षेत्रिय प्लान्ट क्वारिन्टान
४०	पशु क्वारेन्टाइन कार्यालय

१४. डडेल्धुरा जिल्ला

सि.नं.	कार्यालयहरू
१	जिल्ला प्रशासन कार्यालय
२	जिल्ला हुलाक कार्यालय
३	जिल्ला शिक्षा कार्यालय
४	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
५	जिल्ला निर्वाचन कार्यालय
६	नापी कार्यालय
७	जिल्ला पशुसेवा कार्यालय
८	जिल्ला बन कार्यालय
९	जिल्ला कृषि कार्यालय
१०	नेपाल बैंक लिमिटेड
११	राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय

सि.नं.	कार्यालयहरू
१२	जिल्ला विकास समितिको कार्यालय
१३	श्रीनाथ गण
१४	घरेलु तथा साना उद्योग विकास समिति
१५	स.प्र.बल जिल्ला सुरक्षा
१६	कृषि विकास बैंक
१७	जिल्ला प्रहरी कार्यालय
१८	जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र
१९	जिल्ला प्राविधिक कार्यालय
२०	अमर गढी नगरपालिका कार्यालय
२१	खेलकुद विकास समिति
२२	जिल्ला स्वास्थ्य कार्यालय
२३	सु.प.सिंचाई विकास सव डिभिजन नं. २

१५. पर्वत जिल्ला

सि.नं.	कार्यालयहरू
१	जिल्ला प्रशासन कार्यालय
२	जिल्ला विकास समितिको कार्यालय
३	जिल्ला भू:संरक्षण कार्यालय
४	जिल्ला शिक्षा कार्यालय
५	जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र
६	घरेलु तथा साना उद्योग विकास समिति
७	जिल्ला बालकल्याण समितिको कार्यालय
८	जिल्ला निर्वाचन कार्यालय
९	पश्चिमाञ्चल सिंचाई विकास
१०	नापी कार्यालय
११	कोष तथा लेखा नियन्त्रक कार्यालय
१२	कृषि सामाग्री कम्पनी
१३	जिल्ला पशु सेवा कार्यालय
१४	कारागार कार्यालय
१५	जिल्ला वन कार्यालय
१६	महिला तथा बालबालिका कार्यालय
१७	जिल्ला कृषि विकास कार्यालय
१८	मालपोत कार्यालय
१९	जिल्ला सरकारी वकिलको कार्यालय

१६. म्याग्दी जिल्ला

सि.नं.	कार्यालयहरू
१	जिल्ला प्रशासन कार्यालय
२	जिल्ला हुलाक कार्यालय
३	जिल्ला भूसंरक्षण कार्यालय
४	जिल्ला शिक्षा कार्यालय
५	नेपाल टेलिकम
६	खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय
७	जिल्ला निर्वाचन कार्यालय
८	नापी कार्यालय
९	कोष तथा लेखा नियन्त्रक कार्यालय
१०	जिल्ला पशु सेवा कार्यालय
११	जिल्ला बन कार्यालय
१२	महिला तथा बालबालिका कार्यालय
१३	मालपोत कार्यालय
१४	जिल्ला कृषि विकास कार्यालय

१७. तेह्रथुम जिल्ला

सि.नं.	कार्यालयहरू
१	जिल्ला प्रशासन कार्यालय
२	जिल्ला प्रहरी कार्यालय
३	जिल्ला शिक्षा कार्यालय
४	जिल्ला पशु सेवा कार्यालय
५	जिल्ला निर्वाचन कार्यालय
६	जिल्ला अदालत
७	मालपोत कार्यालय
८	नेपाल टेलिकम

१८. धादिङ्ग जिल्ला

सि.नं.	कार्यालयहरू
१	जिल्ला प्रशासन कार्यालय
२	जिल्ला विकास समितिको कार्यालय
३	जिल्ला भूंसरक्षण कार्यालय
४	श्री जिल्ला शिक्षा कार्यालय
५	जिल्ला निर्वाचन कार्यालय
६	मध्यमाञ्चल सिंचाई विकास सव डिभिजन नं. ३

सि.नं.	कार्यालयहरू
७	कोष तथा लेखा नियन्त्रक कार्यालय
८	जिल्ला वन कार्यालय
९	जिल्ला कृषि विकास कार्यालय

१९. **कञ्चनपुर**

सि.नं.	कार्यालयहरू
१	जिल्ला प्रशासन कार्यालय
२	जिल्ला विकास समितिको कार्यालय
३	नेपाल टेलिकम
४	मालपोत कार्यालय
५	जिल्ला प्रहरी कार्यालय

परिशिष्ट २०
विगत आर्थिक वर्षका प्रतिवेदनहरूमा प्रस्तुत सुझावहरू
आर्थिक वर्ष : २०६८/२०६९

१. **राजनीतिक इच्छाशक्ति**

सूचनाको हकसम्बन्धी ऐन लागू गर्ने सम्बन्धमा शुरुको चरणमा आइपर्ने एउटा मुख्य समस्या राजनीतिक इच्छाशक्तिको हो । व्यवस्थापिका संसद्ले सूचनाको हकसम्बन्धी कानुन पास गरे पनि त्यसलाई प्रभावकारी ढंगले लागू गर्ने कुरामा राजनीतिक तथा प्रशासनिक नेतृत्वमा प्रतिवद्धता नदेखिँदा सरकारी निकायहरूमा ऐन कार्यान्वयनमा आवश्यक मानवीय र भौतिक पूर्वाधार निर्माण हुन सकेको छैन । राजनीतिक नेतृत्वले ऐन कार्यान्वयनका लागि सही र उत्साहजनक सन्देश र संकेत प्रवाह नगर्दा प्रशासन यन्त्र ऐनप्रति उदासीन रहेको स्पष्ट छ । नेतृत्वले स्पष्ट सन्देश नदिँदासम्म तथा खुलापनलाई पुरस्कृत गर्ने पद्धति नबस्दासम्म जनतालाई सूचनामा पहुँच दिने कामलाई कर्मचारीहरूले आफ्ना कार्यालयका दैनिक कृयाकलापमा प्राथमिकता दिँदैनन् । यसैले राजनैतिक दलहरू, मन्त्रीहरू र सांसदहरूले सूचनाको हक लागू गर्ने कामलाई सक्रिय भएर प्रोत्साहित गरी स्थानीय तहसम्म पुऱ्याउन आवश्यक छ ।

२. **प्रशासन यन्त्र (व्युरोक्रेसी) को तत्परता**

सूचना, जानकारीहरू आफ्नो नियन्त्रणमा राख्न चाहने र चाहिने व्यक्तिलाई पनि नदिने प्रवृत्तिले हाम्रो समाज, सरकार र प्रशासनयन्त्रमा गहिरोसँग जरा गाडेको छ । यसैले सूचनाको हकसम्बन्धी ऐन कानुन चाहिएको हो । तर यो कानुन वास्तवमा व्यवहारमा लागू गर्ने हो भने कर्मचारीतन्त्रलाई खुलापन र नागरिकप्रतिको जिम्मेवारी बहन गर्न भित्री मनैदेखि उत्सुक र तत्पर बन्न प्रेरित गर्ने उपायहरू खोज्नु जरूरी छ । कर्मचारीहरूले नागरिकको सूचना पाउने अधिकारलाई सर्वमान्य सिद्धान्तको रूपमा स्वीकार गर्नु आवश्यक छ । सरकारले यस्ता नयाँनयाँ उपायहरू पत्ता लगाउनु वा विकसित गर्नुपर्छ, जसले गर्दा कर्मचारीहरूले ऐनको भावना र मर्मअनुसार काम गरुन् ।

सरकारी कर्मचारीहरूलाई ऐन लागू गर्न तत्पर र प्रतिवद्ध बनाउनका लागि समयवद्ध योजना बनाई लागू गर्नुपर्छ । त्यस्तो योजनाले मानव साधनको विकासका साथै वैज्ञानिक सूचना व्यवस्थापन प्रणाली अपनाउन कार्यक्रम बनाउनु पर्छ । यो कामका लागि सरकारले उपयुक्त मन्त्रालयलाई जिम्मेवारी दिनुपर्छ । यसको लागि प्रधानमन्त्री तथा मन्त्रिपषिद्को कार्यालय प्रभावकारी हुने देखिन्छ ।

३. **बाझिने कानुनहरूको संशोधन र सहायक कानुनहरूको निर्माण**

सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐन आत्मसात् र आफ्नो दैनिक काममा लागू गर्न नसक्नु र नचाहनुमा सूचनाको हकसँग बाझिने विद्यमान कानुनहरू कारकको रूपमा प्रस्तुत गरिएको छ । अतः बाझिने कानुनहरू पहिचान गरी संशोधन गर्नु र ऐन कार्यान्वयन गर्न सहयोग गर्ने सहायक कानुनहरूको निर्माण गर्नु अति आवश्यक छ । उदाहरणको लागि गोप्यता अधिकार सम्बन्धी ऐन, आयकर ऐन, मूल्य अभिबृद्धि कर ऐन, राष्ट्रिय सुरक्षा ऐन, तथ्यांक ऐन, निजामती सेवा ऐन, सार्वजनिक सुरक्षा सम्बन्धी ऐन, सार्वजनिक अभिलेख व्यवस्थापन ऐन, सूचनादाता संरक्षण ऐन तथा लोक सेवा आयोग ऐन जस्ता अन्य ऐनहरू संशोधन तथा नयाँ तर्जुमा गर्नु पर्ने देखिन्छ ।

४. स्वयंसक्रिय भई सूचना प्रवाह गर्ने काममा जोड

मागेर सूचना दिनु भन्दा नमाग्दै सूचना उपलब्ध गराउनु सार्वजानिक निकायहरूको दायित्व र कर्तव्य हुनका साथै सूचना प्रवाह सजिलो र सस्तो हुन्छ । सूचनाको हक तथा सूचना संस्कृतिको यो मूल मर्म हो । यसले नागरिकलाई सूचना उपलब्ध गराउने सार्वजनिक निकायहरूको दायित्व पालन भएको कुरा स्पष्ट पार्छ । ऐनमा आवधिक रूपमा सार्वजनिक निकायका विविध सूचना सार्वजनिक गर्ने व्यवस्था छ तर त्यसको पालना अझैसम्म भएको देखिएको छैन । ऐन कार्यान्वयनमा इच्छा शक्तिको अभाव रहेको कुरा यसले स्पष्ट देखाइ रहेको छ । सरकारले तत्कालै सार्वजनिक महत्वका सूचनाहरू सार्वजनिक गर्न लगाउनु आवश्यक छ ।

५. नागरिक समाजका संस्थाहरूसँग सहकार्य

सूचनाको हक कार्यान्वयनमा लागि परेका अधिकारवादी संस्थाहरूसँग मिलेर विभिन्न मन्त्रालयले गैरसरकारी संस्थाहरूमा प्रभावकारी रूपमा सूचना व्यवस्थापन गर्ने र सूचनाको मागलाई सम्बोधन गर्ने जस्ता विषयमा विभिन्न तहमा क्षमता वृद्धिका काममा सहकार्य गर्नु आवश्यक छ । त्यस्तै उद्योग, वाणिज्य तथा आपूर्ति जस्ता उत्पादन र सेवासँग सम्बन्धित निकायहरूले उपभोक्ता मंच जस्ता अधिकारवादी संस्थाहरूसँग मिलेर उपभोक्तासँग सरोकार राख्ने सूचना प्रवाह तथा माग सम्बोधनका विषयमा मार्ग निर्देशिका तयार गर्न सक्छन् ।

६. सूचना शुल्क समान रूपमा कायम गर्ने:

मागकर्तालाई सूचना उपलव्ध गराउँदा सूचनाको हकसम्वन्धी ऐनमा व्यवस्था भएको र त्यसअर्न्गत रही नियमावलीमा तोकिए अनुसारको दस्तुर लिनु पर्नेमा सो अनुसार नगरी कतिपय सार्वजनिक निकायहरूले सूचना शुल्क निकै बढी निर्धारण गरेका छन् । परीक्षा नियन्त्रण कार्यालयले एस. एल. सी. परीक्षाको उत्तरपुस्तिका सूचनाको हक भित्र परेको मानेर उपलव्ध गराउने कार्य गरी राम्रो सुरुवात गरेको छ । तर सूचना शुल्क निर्धारण गर्दा एउटा विषयको उत्तरपुस्तिकाको प्रतिलिपि लिन यसले पहिले रु. १०००।- दस्तुर तोक्यो र पछि रु. ७००।- गरायो । त्यस्तै पूर्वाञ्चल विश्वविद्यालयले रु. ५०००।- तोकेको छ । यो शुल्क लागत भन्दा निकै बढी हो । यसरी यी निकायले सूचना शुल्क वास्तविक लागतका आधारमा निर्धारण नगरी हचुवाको भरमा सूचनाको हकसम्वन्धी ऐनको मान्यता विपरित अनि सूचना मागकर्तालाई निरुत्साहित पार्ने र सूचना लुकाउने मनसायले गरेको देखिन्छ । यो अवस्थालाई यथास्थितिमा रहन दिने हो भने अन्यत्र पनि यस्तै किसिमको प्रकृया वन्न सक्छ, जुन सूचनाको हकमा घातक हुन्छ । अतः यसमा सरकारले सूचनाको हकसम्वन्धी ऐनको भावना, मर्म र यसको अभीष्टमा शुल्कका कारण अवरोध सिर्जना हुन नदिन वेलैमा पहल गर्नु अति अवश्यक देखिन्छ ।

७. अभिलेख व्यवस्थापनमा सुधार

अभिलेखहरू सिर्जना गर्ने, व्यवस्थित गर्ने, भण्डारण गर्ने, चाहिएको बेलामा सजिलै र तुरुन्तै प्राप्त गर्न सकिने गरी राख्ने प्रभावकारी प्रणाली भएन भने सूचना प्रवाह कठिन हुन्छ । मागिएको सूचना कहाँ छ भन्ने बेलैमा थाहा भएन भने ऐनले तोकेको समयभित्र सूचना उपलब्ध गराउन सकिन्न । सूचना पढ्न वा नक्कल उतार्न नसकिने अवस्थामा पुगेको छ वा नष्ट भएको छ भने ऐन कार्यान्वयन गर्न सकिन्न ।

सूचनाको हकको केन्द्रमा अभिलेखहरू (Records) हुन्छन् – कागजातहरू, लिखतहरू, फाइलहरू, टिप्पणीहरू, सामग्रीहरू, भिडियो, अडियो टेपहरू, नमुनाहरू, कम्प्युटरले छापेका प्रिन्टआउटहरू, हार्डड्राइभ, पेनड्राइभ सीडी, डिभिडी आदि विभिन्न माध्यममा सूचना, अभिलेख संकलित र सुरक्षित हुन्छन् । सरकारसँग विश्वसनीय अभिलेखहरू सिर्जना र व्यवस्थित गर्ने उचित प्रणाली हुनैपर्छ । अन्यथा असल नियतले काम गर्ने कर्मचारीले पनि काम गर्न सक्तैन । सूचना व्यवस्थित गर्ने उचित प्रणाली भएन भने अभिलेखहरू विग्रन बिगारिन, मेटिन वा नष्ट हुन वा हराउन सक्छन् । नियमित रूपमा अनुगमन भयो भने मात्रै अभिलेख व्यवस्थापनको अवस्था कमी र तालिम तथा अन्य उपायको आवश्यकता थाहा हुन्छ । अतः सकेसम्म एकै ढाँचाको अभिलेख व्यवस्थापन लागू गर्ने र विद्यमान व्यवस्थापनमा सुधार ल्याउनु आवश्यक छ ।

८. सूचना प्रविधिको प्रयोग

सूचना व्यवस्थापनका लागि अहिले सबै देशमा सूचना प्रविधि (आइटी) को उपयोग हुन थालेको छ । कम्प्युटरबाटै अभिलेख, सूचना सिर्जना गर्ने चलन नेपालमा पनि सुरु भइसकेको छ । कार्यालयका सबै कम्प्युटरलाई एउटै संजाल (नेटवर्क) मा आवद्ध गरेर तथा सम्पूर्ण डेटा, सूचना, अभिलेखलाई डिजिटाइज गरेर अभिलेख व्यवस्थापनलाई वैज्ञानिक, पारदर्शी र सूचनाको हकसम्बन्धी ऐनको मर्म र भावनाअनुसार चल्न सजिलो बनाउन सकिन्छ । समयको मागअनुसार यो काम सकेसम्म चाँडै गर्नुपर्छ । अहिले नेपालका झन्डै सत्तरी प्रतिशत जनताको हातमा मोबाइल फोन पुगेको छ । यसको अर्थ आधाभन्दा धेरै नेपालीलाई कुनै पनि बेला कुनै पनि ठाउँमा सूचना, सन्देश पठाउन सकिन्छ । यो उपाय सस्तो, सजिलो र शीघ्र पनि छ । सूचना प्रविधिको विकासले ल्याएको यो अवसरलाई सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी कार्यान्वयनमा लगाउनु समयको माग हो । त्यस्तै देशभर फैलिएका चार सयभन्दा धेरै एफ्एम रेडियो स्टेसनहरूको उपयोग गर्नु आवश्यक छ ।

९. खुला बैठकको अभ्यास

खुला सरकार प्रवर्द्धन गर्न सार्वजनिक निकायका सबै बैठकहरू खुला हुनुपर्छ । निश्चय नै बैठकका सबै अंश खुला हुँदैनन् । कुनै विषयका छलफलहरू निक्कै संवेदनशील सूचना र निर्णयसँग सम्बन्धित हुन सक्छन् । त्यसैले कुन कुन विषयको बैठक गोप्य हुन्छ भन्ने पहिले नै नीति बनाइनु पर्छ । कुनै पनि बैठक गोप्य हुनका लागि कडा आधारहरू तोकिनु पर्छ । गोप्य बैठकले गरेका निर्णयहरू आमनागरिकको पहुँचमा हुनुपर्छ । सार्वजनिक निकायका बैठकहरू खुला गर्ने अभ्यासको पहिलो चरणमा गाउँ विकास समिति र नगरपालिकाका बैठकहरूलाई खुला गर्न सकिन्छ ।

१०. सूचना अधिकारीको व्यवस्था तथा सूचना माथि पहुँच पुऱ्याउने

सबै सार्वजनिक निकायमा सूचना अधिकारी व्यवस्था गर्नु पर्ने र सूचना प्रवाहमा सहजता ल्याउन सूचना शाखाको व्यवस्था गर्ने, सूचना अधिकारीलाई सूचनामा पहुँच पुऱ्याउने तथा आवश्यक पूर्वाधार उपलब्ध गराउनु पर्ने व्यवस्था ऐन लागू भएको ५ वर्ष भै सक्दा पनि कार्यान्वयन हुन सकेको छैन । सूचनाको हक कार्यान्वयन गर्ने प्रारम्भ विन्दु नै सूचना अधिकारीको व्यवस्थाबाट हुने हुँदा नेपाल सरकारले सबै निकायमा निश्चित अवधि तोकि यस्तो व्यवस्था गर्न अत्यावश्यक भईसकेको छ । राष्ट्रिय सूचना आयोगले पटक

पटक यस्तो प्रयास गरेको भएता पनि सबै निकायमा व्यवस्था हुन सकेको छैन । एक जनामात्र कर्मचारी कार्यरत गा.वि.स. मा गा.वि.स. सचिवलाई नै सूचना अधिकारी तोक्ने नीतिगत व्यवस्था गर्ने तथा स्थानिय निकायमा प्रमुख जिल्ला अधिकारीले तत्परता देखाई सूचना अधिकारी तोक्न लगाउने व्यवस्था गर्न तथा बैंक वित्तिय संस्था, सहकारी संस्था र गैरसरकारी संस्थाहरूका Regulatory Authority लाई आयोगबाट लेखि पठाईएकोमा हालसम्म लागू हुन नसकेकोले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अगुवाइमा सूचना अधिकारीको व्यवस्था गरिनु उपयुक्त हुने ठम्याई आयोगको रहेको छ ।

११. सूचना अधिकारीको काम, कर्तव्य र अधिकार

सूचनाको हकसम्बन्धी ऐनमा सूचना अधिकारीको व्यवस्था गर्नु पर्ने प्रावधान रहेको तथा दफा ७ मा सूचना प्राप्त कार्यविधि अन्तर्गत सूचना अधिकारीको काम, कर्तव्य समेत उल्लेख भएको छ । सूचना अधिकारीहरूसंग तथा विभिन्न जिल्लास्थित कार्यालयहरूसँग गरेको अन्तरक्रियाबाट प्राप्त सुझावहरूको आधारमा सूचना अधिकारीको काम कर्तव्य र अधिकार तथा जिम्मेबारीको स्पष्ट किटान हुनु पर्ने आवश्यकता देखिएको छ । कार्यालय प्रमुखले सूचना माग गर्ने निवेदनमा दर्ता गर्न तोक लगाउनु पर्ने, सूचना माथि पहुँच नहुने हुंदा विभिन्न शाखा, महाशाखामा व्यक्तिगत रूपमा सूचना संकलन गर्नु पर्ने, संकलित सूचना दिने नदिने निर्णय कार्यालय प्रमुखबाट गराउनु पर्ने तथा नदिएमा सूचना अधिकारी जिम्मेवार हुनु पर्ने जस्ता पूरानो कार्यशैलीले आफ्नो पहुँचमा नभएको कार्य प्रति पनि जिम्मेवारी बहन गर्नु पर्ने तर अधिकार भने नहुने हुँदा सूचना प्रवाहमा जटिलता उत्पन्न भएको छ । अतः यस्ता समस्या समाधान गर्न कार्यालय प्रमुखले सूचना अधिकारीलाई सहज रूपमा सूचना उपलब्ध गराउने तथा ऐनले दिएको कर्तव्य पालन गर्न लगाउन आवश्यक देखिन्छ ।

१२. कार्यालय प्रमुखलाई दिने अख्तियारी खुला गर्ने

नेपाल सरकारबाट बजेट स्वीकृत भएपछि अर्थ मन्त्रालयका सचिवले सम्बन्धित मन्त्रालयका सचिवलाई र सचिवले महानिर्देशक एवं महानिर्देशकले कार्यालय प्रमुखलाई बजेट विनियोजन र खर्च गर्ने अख्तियारी तथा खर्च गर्दा पालना गर्नुपर्ने निर्देशन समेत गोप्य भनी पठाउने गरिएको छ। यस्तो अख्तियारी एवं निर्देशन कार्यालय प्रमुख र लेखाप्रमुखले मात्र हेर्न पाउने हुँदा सो सम्वन्धी सूचना माग गरी परेका निवेदनमा सूचना अधिकारीको पहुँच नहुने गरेको पाईएको हुँदा यस्तो अख्तियारी एवं निर्देशन गोप्य भनी राखिराख्नु आवश्यक र उपयुक्त नभएकोले खुला रूपमा नै पठाउने गरिनु पर्दछ ।

१३. पाठ्यक्रम बनाई लागू गर्ने

सूचनाको हकको विषयमा जनचेतना अभिबृद्धि गर्न गराउन तथा कार्यान्वयनलाई प्रभावकारी बनाउन कक्षा ९–१२ सम्मको पाठ्यक्रममा यो विषयले प्रवेश पाउनु अति जरुरी देखिएको छ । यसै गरी निजामती सेवा लगायतका विभिन्न सेवा समूहमा कर्मचारी सुरु प्रवेश देखि विभिन्न तहमा हुने तालिम कार्यक्रमहरूमा पनि सूचनाको हकसम्बन्धी विषयलाई अनिवार्य गरिनु पर्दछ । यस कार्यबाट विद्यार्थी वर्गले सानै उमेर देखि सूचनाको हक बारेमा जानकारी राख्ने हुँदा खुला र पारदर्शी समाज तथा संस्कारको विकास हुन जाने, जिम्मेवार र प्रतिवद्ध नागरिक श्रृजना हुने तथा कर्मचारीहरूमा पनि विषय ज्ञान तथा जागरुकता बृद्धि भएर मनोवल बढ्ने तथा जिम्मेवारी प्रति सजग हुने परिपाटीको विकास हुन जाने अपेक्षा गर्न सकिन्छ ।

१४. निरन्तर प्रशिक्षण

सरकारी कर्मचारीहरूको प्रतिरोधको समाधान गर्ने सबैभन्दा व्यावहारिक उपाय तालिम कार्यक्रम संचालन गर्नु हो । सबै कर्मचारीलाई नयाँ कानुन र उनीहरूको कर्तव्य बुझाउने र उनीहरूलाई खुलापन र पारदर्शीताप्रति प्रतिवद्ध गराउने उपाय तालिम नै हो । कानुनले के भन्छ भन्ने यान्त्रिक वा प्राविधिक ज्ञान, अभिलेख व्यवस्थापनको सीप तथा सूचना दिने तरिकाभन्दा पर गएर समग्र (Holistic) तालिमले जनसेवाको मुख्य मूल्य मान्यतामा खुलापनलाई लागू गर्न कर्मचारीहरूको भूमिकालाई जोड दिन्छ । तालिमको मुख्य उद्देश्य नै सरकारलाई आमजनताबाट टाढा राख्ने सोच/अवधारणालाई बदल्न लगाउनु हो । साथै संस्थाको काम गर्ने परम्परा/संस्कृतिमा परिवर्तन आउँदा त्यसले कर्मचारीहरूमा ल्याउने चिन्ता, बाधालाई घटाउनु तालिमको अर्को उद्देश्य हुनुपर्छ ।

१५. सूचना प्रकाशन गर्नु पर्ने अवधि परिवर्तन गर्ने

सूचनाको हक सम्बन्धी ऐनको दफा ५(३) को ऐ. ५(४) तथा नियमावलीको नियम ३ बमोजिम सार्वजनिक निकायले प्रत्येक ३/३ महिनामा कार्यालयमा भए गरेका कामकारवाही स्वयं सकृय रूपमा (Pro-active disclosure) गर्नु पर्ने प्रावधान रहेको छ । तर बजेट खर्च, प्रगति विवरण राष्ट्रिय विकास समस्या समाधान समिति तथा सरकारका विभिन्न निकायहरूमा प्रत्येक चौमासिक रूपमा विवरण तयार गरी प्रगति समीक्षा गर्ने व्यवस्था छ । सूचनाको हकसम्बन्धी ऐन अनुसारको विवरण र चौमासिक प्रगति विवरणहरूमा धेरै समानता रहेकोले अवधि फरक पारी विवरण प्रस्तुत गर्नु पर्दा सार्वजनिक निकायमा समय र लागत बढी हुन गई विवरण तयार गर्दा कठिनाई तथा झन्झट व्यहोर्नु परेको अनुभूति हुन गएको छ । तसर्थ, सूचनाको हकसम्बन्धी ऐनको दफा ५ को उपदफा ४ मा संशोधन गरी प्रत्येक चौमासिक रूपमा विवरण प्रकाशन गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । साथै यस्तो विवरण प्रकाशन गर्नका लागि सार्वजनिक निकायलाई वार्षिक रूपमा नियमित रकम बजेटमा नै व्यवस्था गरिनु पर्ने देखिन्छ ।

१६. सूचनादाताको संरक्षण

ऐनमा सूचनादाताको संरक्षणको व्यवस्था छ र आयोगमा यससम्बन्धमा हालसम्म एउटा मात्र पुनरावेदन परेको छ । तर त्यसमाथि आयोगले गरेको निर्णयको कार्यान्वयन वल्लवल्ल आंशिक मात्रै हुन सकेको छ । यसमा सरकारी निकायको सक्रियता आवश्यक छ । यसले सार्वजनिक निकायलाई भ्रष्टाचारमुक्त र जिम्मेवार बनाउन र जनतामा विश्वास जगाउन मद्दत गर्छ साथै आयोगले गरेको निर्णय कार्यान्यवन गर्ने तर्फ सार्वजानिक निकाय पनि सचेत हुनुपर्ने देखिन्छ ।

१७. केन्द्रीय नोडल इकाइ (Central Nodel Agency) गठन

सरकार सबै निकायमा सूचनाको हक प्रभावकारी रूपमा कार्यान्वयन गराउन दृढ र प्रतिवद्ध रहेको छ र सबै निकायले अनिवार्य रूपमा ऐन नियम पालना गर्नुपर्दछ भन्ने सिद्धान्तलाई अंगिकार गरी सुशासन सम्बन्धी तत्कालिन कार्ययोजना, २०६९ मा महत्वपूर्ण व्यवस्था गरिएको छ । यसै सर्न्दभमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मुख्य सचिवको संयोजकत्वमा उच्चस्तरीय समन्वय इकाईको व्यवस्था गरी मातहत निकायलाई जिम्मेवार र जवाफदेही बनाउन संयन्त्र स्थापना गर्ने गरी राष्ट्रिय सूचना

आयोगले केन्द्रीय कार्यान्वयन (इकाई गठन) कार्यविधि **"२०६९"** मस्यौदा तयार गरी सरकार समक्ष प्रस्तुत गरिसकेको अवस्था रहेको छ । साथै सबै मन्त्रालय र मातहतका विभाग र कार्यालयहरूमा ऐन लागू गर्न गराउन मन्त्रालयमा इकाइ गठन गर्नु आवश्यक छ । इकाइले केन्द्रीय कार्यान्वयन इकाईसँग समन्वय गरेर ऐन कार्यान्वयनका लागि सूचना अधिकारीहरूको क्षमता वृद्धि, सूचना व्यवस्थापनको विकास र बजेटको समुचित व्यवस्था गर्न सघाउने छ । साथै मन्त्रालयहरूको कामको प्रकृति फरक हुने हुनाले सूचना प्रवाह गर्ने र संरक्षण गर्नुपर्ने सूचना वर्गीकरण गरी राख्नका लागि बेग्लाबेग्लै निर्देशिका बनाई लागू गर्नुपर्छ ।

जति चाँडो यस्तो संयन्त्र स्थापित भयो त्यति प्रभावकारी हुन सक्नेछ, अन्यथा राष्ट्रिय सूचना आयोगको मात्र कार्य हो भन्ने भावनाबाट अगाडी बढ्ने हो भने कार्यान्वयन फितलो हुने, नियमित नहुने र न्यायिक अधिकारको मात्र प्रयोग गरिरहनु पर्ने भएमा नागरिकले धेरै बोझ र झन्झट व्यहोर्नु पर्ने अवस्था आउन सक्दछ । यस तर्फ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय गंभीर हुनु पर्ने देखिन्छ ।

१८. संवर्द्धन तथा प्रबर्द्धनात्मक कार्यमा बजेट बृद्धि हुन पर्ने

सूचनाको हकसम्बन्धी ऐन बमोजिम सूचनाको संरक्षण, सम्बर्द्धन र प्रचलनको लागि आयोग गठन भए पनि विगत पाँच वर्षमा ज्यादै सीमित बजेट विनियोजन भएका कारण यो आयोगले उल्लेखनीय रूपमा आफ्नो दायित्व निर्वाह गर्न सकेको छैन । सूचनाको हकको सम्बन्धमा जनचेतना जागृत गराउन, नागरिक समाज तथा गैरसरकारी संस्थाहरू सँग सहकार्य गरी एकिकृत रूपमा संम्बर्द्धन र प्रर्बद्धनका कार्य पनि गरिनु पर्ने, संचार माध्यम, प्रिन्ट मेडिया, रेडियो, टेलिभिजन, स्कुल Out Reach कार्यक्रम, गाउँ गाउँमा घुम्ती सेवा, प्रचार प्रसार गोष्ठी, अन्तरक्रिया, प्रशिक्षण, अनुगमन गर्ने कार्यका लागि उल्लेख्य बजेट विनियोजन हुनु पर्दछ । परम्परागत रूपमा सिमित बजेट लगानीबाट अपेक्षित प्रतिफल प्राप्त गर्न नसकिने भएकोले संबर्द्धन तथा प्रबर्द्धनका लागि बजेट विनियोजनमा उल्लेख्य बृद्धि हुनुपर्दछ ।

१९. अनुगमन प्रभावकारी बनाउनु पर्ने

सार्वजनिक निकायमा रहेका सूचना मागकर्ताले समयमै प्राप्त गर्न सकेको अथवा नसकेको, अभिलेख प्रणाली चुस्त दुरुस्त भए नभएको, सूचना अधिकारीको व्यवस्था भए नभएको तथा सूचना माथी पहुँच भए नभएको विषयमा सरकारको तालुक निकायबाट समय समयमा अनुगमन गरिनु पर्दछ । यसरी अनुगमन गरेको प्रतिवेदन राष्ट्रिय सूचना आयोगमा पनि पठाउने व्यवस्था लागू हुनु पर्दछ । सूचना मैत्री कार्यालय, पदाधिकारी र सूचना प्रवाह गर्न देखाएको तत्परताको कदर गरी पुरस्कृत गर्ने व्यवस्था पनि लागू हुनु पर्ने देखिन्छ । राष्ट्रिय सूचना आयोगबाट भएको अनुगमनबाट प्राप्त सुझावहरू कार्यान्वयन हुनु पर्ने व्यवस्था गरिनु पर्दछ ।

२०. छुट्टै अभिलेख राख्ने

सूचना मागकर्ताले प्राप्त गरेको र प्राप्त गर्न नसकेको अर्थात् सूचना दिन इन्कार गरिएको विषयमा छुट्टाछुट्टै अभिलेख तयार गरी राख्नु पर्ने र त्यसको जानकारी तालुक निकाय र राष्ट्रिय सूचना आयोगमा दिने व्यवस्था हुनु जरुरी छ ।

२१. सूचना दिनु पर्ने बाध्यात्मक व्यवस्था गर्नु पर्ने

सूचना नदिएको र लुकाएको अवस्थामा सम्बन्धित सूचना अधिकारी वा कार्यालय प्रमुखलाई सजाय गरिए पश्चात सूचना दिनु नपर्ने हो कि भन्ने संशय हटाउनका लागि सूचना दिनबाट उन्मूक्ति नपाउने व्यवस्था ऐनमा नै गर्नु पर्ने देखिन्छ ।

२२. लेखा परीक्षणको विषय बनाइनु पर्ने

सूचनाको हकसम्बन्धी ऐन, नियममा व्यवस्था भए बमोजिम सूचना अधिकारीको व्यवस्था भए नभएको अभिलेख व्यवस्था तथा वर्गिकरण र अद्यावधिक विवरण भए नभएको, ३/३ महिनामा प्रकाशन गर्नु पर्ने विवरणहरू यथा समयमै प्रकाशन भए नभएको लगायत पालना गर्नु पर्ने काम भए नभएको विषयमा आन्तरिक तथा अन्तिम लेखा परिक्षणको विषय बनाई लेखा परिक्षण गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

२३. आयोगको लागि जग्गा तथा सवारी साधनको व्यवस्था

राष्ट्रिय सूचना आयोग स्थायी प्रकृतिको कार्यालय भएकोले र हालसम्म घरभाडामा कार्यालय संचालन भएकोले कार्य सम्पादनमा सहजता प्राप्त गर्न नसकेको अनुभव भएको छ । अतः आयोगको लागि उपयुक्त ठाँउमा कार्यालय भवन निर्माण गर्न जग्गा खरिद गर्नु पर्ने वा नेपाल सरकारको मातहत रहेका कुनै ठाँउमा जग्गा वा कार्यालय भवन नै उपलब्ध गराउनु पर्ने देखिन्छ । पर्याप्त सवारी साधन नहुँदा कार्यालयको कार्य सम्पादनमा असर परिरहेकोले उपयुक्त सवारी साधन पनि उपलब्ध गराउनु पर्दछ ।

२४ आयोगका कर्मचारीहरूको वृत्ति विकास, तालिम, विदेश भ्रमण तथा प्रोत्साहन भत्ता

राष्ट्रिय सूचना आयोगमा खटिने कर्मचारीहरू काठमाडौ उपत्यकामा बस्नु पर्ने, काज मिलाउनु पर्ने, अवकाश हुन केही समय बाँकी भएकालाई खटाउने, सकभर दरवन्दी पूर्ति नै नहुने, अन्यत्रबाट हटाउनु पर्ने प्रकृतिका कर्मचारीलाई सरुवा गरी पठाउने गरिएको अनुभूति भएको छ । आयोगमा कार्यरत कर्मचारीहरूलाई स्वदेश तथा विदेश तालिम, छात्रबृत्तिमा पनि सरकारका अरू निकायका कर्मचारी सरह अवसर उपलब्ध नभएको देखिन्छ । अतः यसकारण आयोगमा कार्यरत कर्मचारीमा कार्य उत्साह नहुनु स्वाभाविक हो । सरकारका अन्य निकायका राष्ट्र सेवकहरूले पाए सरहको वृत्ति विकासको सुविधा एवं प्रोत्साहन भत्ता उपलब्ध गराउनु पर्ने देखिन्छ । आयोगका आयुक्त तथा कर्मचारीहरूलाई अरू देशका सूचना आयोगमा भएका असल अभ्यास तथा कार्य सम्पादन तरिकाको अवलोकन तथा प्रशिक्षणका लागि समय समयमा पठाउने व्यवस्था हुनु पर्दछ। यसको लागि बार्षिक रूपमा बजेटमा नै विनियोजन गरिनु पर्दछ ।

२५. आयोगको कार्यालय विस्तार गर्ने

सूचना पाउनका लागि उपत्यका बाहिरबाट आयोगमा सर्म्पक गर्नु पर्ने वर्तमान व्यवस्था खर्चिलो, कठिन र झन्झटपूर्ण भएको गुनासाहरू प्राप्त भईरहेको सम्बन्धमा उपत्यका बाहिरका क्षेत्रीय विकास केन्द्रहरूमा आयोगको सर्म्पक कार्यालय विस्तार हुनुपर्ने तथा घुम्ती बेन्चको व्यवस्था गरी स्थानीय गुनासाहरूलाई सम्बन्धित ठाँउबाट समाधान दिन सक्ने गरी आयोगलाई सक्षम निकायको रूपमा विकास गर्न आवश्यक बजेट तथा ऐन तथा नियमावलीमा पनि आवश्यक संशोधन हुनु पर्ने देखिन्छ ।

आर्थिक वर्ष २०६७–०६८ का सुझावहरू

१. पुरानो सोच र मानसिकतामा परिवर्तन आवश्यक

कुनै पनि लोकतान्त्रिक व्यवस्थामा सूचनाको हक नागरिकको अपरिहार्य मौलिक हक हुन्छ । नेपाल पनि लोकतान्त्रिक व्यवस्था पालन गर्ने राष्ट्र भएको हुँदा सूचनाको हक नेपाली नागरिकको मौलिक हक हो । राज्यका सबै निकायमा भएका सार्वजनिक महत्वका सूचना र आफ्नो व्यक्तिगत सूचनामा नागरिकको सरल र सहज पहुँच हुन्छ । आमनागरिकको सूचना माग्ने र पाउने हक खोस्न वा घटाउन सकिन्न भन्ने कुरा सार्वजनिक निकायका सबै जिम्मेवार पदाधिकारीले आत्मसात् गर्नु आवश्यक छ ।

सूचनाको हकसम्बन्धी ऐन लागू गर्नु भनेको देश र समाजलाई बन्द वा गोपनीयताको संस्कृतिबाट खुला, पारदर्शी समाजमा बदल्नु हो । यसको पहिलो लक्ष्य खुला सरकार (ओपन गभर्मेन्ट) हो, जुन कुरा नेपालको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रस्तावनामा नै स्पष्ट पारिएको छ । तर कानुन बनाएर मात्रै समाज परिवर्तन हुँदैन । यसको लागि **सबैभन्दा पहिलो र प्रमुख कुरा राज्यको नेतृत्व तहमा नै कानुन लागू गर्ने गराउने दृढ संकल्प हुनुपर्छ** । यसका लागि सर्वप्रथम पुरानो सोच र मानसिकता त्याग्नु पर्छ । नेतृत्व तहमा जमेर बसेको पुरानो सोच र मानसिकता सूचनाको हकसम्बन्धी ऐन चाहे जति व्यापक एवं प्रभावकारी रूपमा लागू हुन नसक्नुमा प्रमुख बाधक छ ।

२. सूचनाको मूल स्रोत र प्रवाहको दायित्व

नेपालमा सूचनाको हकसम्बन्धी ऐन लागू भएको चार वर्ष पूरा भई पाँचौ वर्ष लागेको छ । हुन त यो ऐनले संवैधानिक निकायदेखि गाविससम्म र नेपालको कानुनद्वारा स्थापित सबै निकायलाई समेट्छ । तैपनि नागरिकका लागि चाहिने सूचनाको मूल स्रोत र विशाल भण्डार राज्य नै हो । राज्यका काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउनका लागि यो ऐन लागू भएको हो । यसैले सर्वप्रथम राज्य संचालनको जिम्मा लिएको राजनीति तथा प्रशासनिक नेतृत्व तहबाट **ऐनको कार्यान्वयनमा प्रतिवद्धताका साथै ठोस योजना र कार्यक्रम हुनु आवश्यक छ ।**

३. ऐन कार्यान्वयनमा मुख्य भूमिका सचिवहरूको

राज्यका निकायहरू संचालन गर्ने प्रशासनिक जिम्मेवारी बोकेका मन्त्रालयका सचिव लगायतका पदाधिकारीहरू राज्यलाई पारदर्शी र जिम्मेवार बनाउने काममा पहिलो पंक्तिका जिम्मेवार व्यक्ति हुन् । यसैले सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनको पहिलो र मुख्य जिम्मेवारी पनि **सचिवहरूको हो भन्ने कुरामा दुई मत हुन सक्तैन** । यति महत्वपूर्ण जिम्मेवारी पाएका सचिवहरू सूचनाको हकसम्बन्धी ऐनका बारेमा अनभिज्ञ छन् भन्ने कुरा कल्पना पनि गर्न सकिन्न । तर अनुभव र वास्तविकता उत्साहजनक छैन । गोप्यताको संस्कृतिमा काम गर्ने परिपाटी र मानसिकता नयाँ परिवेशमा पनि हटिसकेको छैन । प्रायः हरेक काममा पुरानो संस्कार, मानसिकता र प्रवृत्तिले गाँजेको देखिन्छ ।

आयोगले पुनरावेदन सुन्ने क्रममा कार्यालय प्रमुखको तहभन्दा माथिका नेतृत्व तहमा बसेका कतिपय पदाधिकारीहरूले आफूसँग सम्बन्धित निकायको सूचना माग गर्दा **कार्यालय प्रमुखको दायित्व बहन**

गर्ने पदाधिकारीलाई सूचना प्रवाह गर्न रोक लगाउने गरेको पनि देखियो । सूचनाको हकसम्बन्धी ऐनले सूचना उपलब्ध गराउने जिम्मेवारी **कार्यालय प्रमुख र सूचना अधिकारीलाई दिएको छ** । तर नेतृत्वदायी निकाय वा व्यक्तिले सूचना दिन बाधा पारेको खण्डमा निजहरूले सूचना दिने दायित्व र सूचनाको हकसम्बन्धी ऐनबाट उन्मुक्ति पाउन सक्तैनन् । यसैले राज्यका सबै निकायका **कार्यालय प्रमुखभन्दा माथिका पदाधिकारीहरूमा सूचनाको हकसम्बन्धी ऐनको पर्याप्त ज्ञानको आवश्यकता छ** ।

४. सूचना उपलब्ध गराउन निकायका प्रमुखहरू जिम्मेवार

ऐनले कुनै पनि सार्वजनिक निकायमा भएका सूचना मागकर्तालाई उपलब्ध गराउने पहिलो जिम्मेवारी सूचना अधिकारीलाई तोकेको छ । यसका लागि सूचना अधिकारी स्वयं आफ्नो निकायका सूचनाहरूको पहुँच हुनु जरूरी हुन्छ । तर हामीकहाँ अधिकांश सूचना अधिकारीहरू सूचना विहीनताको अवस्थामा छन् । व्यवहारमा कार्यालय प्रमुखको इच्छा र स्वीकृति बिना सूचना उपलब्ध गराउन नसकिने वाध्यात्मक अवस्था छ । तर ऐनले आफ्नो कार्यालयको सूचना, नियमित रूपमा सूचना अधिकारीलाई उपलब्ध गराउने दायित्व कार्यालय प्रमुखलाई दिएको हुँदा सूचना अधिकारीहरू सूचनाबाट बंचित भएँ भन्नु पर्ने अवस्था छैन । अर्कोतिर सूचना अधिकारीले सूचना नदिएको अवस्थामा मागकर्ताले कार्यालय प्रमुखसमक्ष उजुरी दिने व्यवस्था ऐनले गरेको छ । यस स्थितिमा **सूचना दिने दिलाउने कामको मुख्य जिम्मेवारी कार्यालय प्रमुखमा नै देखिन्छ** । अतः कार्यालय प्रमुखहरूले सूचनाको हकसम्बन्धी ऐनलाई राम्ररी बुझ्नु र ऐन कार्यान्वयनका लागि सक्षम बन्नु अति आवश्यक हुन्छ ।

५. सूचना स्वस्फूर्त रूपमा सार्वजनिक गर्नु पर्ने सार्वजनिक निकायहरूको दायित्व

ऐनको उद्देश्य खुला र पारदर्शी सरकार भएको हुँदा सरकारी निकायहरूले स्वतस्फूर्त रूपमा सूचना सार्वजनिक गर्नुपर्छ । ऐनमा पनि तीनतीन महिनामा निकायसँग सम्बन्धी विभिन्न प्रकारका सूचना सार्वजनिक गर्नु पर्ने व्यवस्था छ । यसरी निकाय स्वयंले सूचना सार्वजनिक गरेमा नागरिकले सूचना माग्न आउनु पर्ने स्थिति नै रहन्न । तर दुखको कुरा कुनै पनि सरकारी निकायले **ऐनको प्रावधान अनुसार स्वतः सूचना सार्वजनिक गर्नु पर्ने काम गरेको देखिएको छैन** ।

६. राज्यका सम्पूर्ण अंगमा ऐन कार्यान्वयन गराउन उच्चस्तरीय संयन्त्रको आवश्यकता

सूचनाको हकसम्बन्धी ऐन लागू भएका देशहरूमा राज्यका सम्पूर्ण निकायमा सूचना अधिकारीको व्यवस्था गर्न, सूचना अधिकारीलाई तालिम र अभिप्रेरण (इन्सेन्टिभ) दिन, सूचना अधिकारीको कार्यालयका लागि स्रोत साधन उपलब्ध गराउन, सूचना व्यवस्थापन गर्न **गराउन एउटा वेग्लै मन्त्रालय वा निकायको व्यवस्था गरिएको हुन्छ** । तर नेपालमा सरकारी कार्यालयमा सूचनाको हकसम्बन्धी ऐन लागू गर्न गराउनका लागि यस्तो बेग्लै निकायको व्यवस्था गरिएको छैन । मन्त्रालय र मातहतका निकायले सूचना अधिकारीहरूलाई तालिम दिने भन्ने कानुनी व्यवस्था भए पनि यसमा कुनै निकाय अघि सरेको देखिएको छैन । अतः नेपाल सरकारका सबै निकायहरूमा सूचना अधिकारी र सूचना व्यवस्थापनका लागि आवश्य स्रोत साधनको व्यवस्था गर्न **उच्चस्तरीय संयन्त्रको आवश्यकतालाई महसुस गरी प्रधानमन्त्रीको कार्यालय अन्तरगत त्यस्तो निकाय गठन र संचालनका लागि राष्ट्रिय सूचना आयोगले सुझाव दिइसकेको छ** ।

७. आधुनिक सूचना व्यवस्थापनको खाँचो

अधिकांश सरकारी कार्यालयहरूमा अभिलेख राख्ने परिपाटी पुरानै छ । कुनै पनि सूचना चाहेको बेलामा तुरून्तै पाउन सकिने गरी राख्ने आधुनिक व्यवस्था गर्ने निकायहरूको संख्या नगन्य छ । जिल्लास्थित अधिकांश सरकारी कार्यालयका कागजपत्र कपडाका **पोका, पुराना बाकस र दराजहरूमा थन्किएका छन्। कुन अभिलेख कहाँ छ भनी तुरून्तै र सजिलोसँग थाहा पाउने वैज्ञानिक तरिकाको अभाव छ** । यसले सूचना प्रवाहमा बाधा पारेको छ ।

८. सूचना प्रविधिको प्रयोगको आवश्यकता

आधुनिक सूचना प्रविधिको मद्दतले लेख्य, शब्द, चित्र, ध्वनि, चलचित्र आदि कुनै पनि स्वरूपमा रहेको तथ्यांक र सूचनालाई शीघ्र, सस्तो र सजिलोसँग प्रवाह गर्न सक्ने हुनाले सूचनाको हकको कार्यान्वयनमा सूचना प्रविधिले धेरै सजिलो, सस्तो र शीघ्र बनाएको छ । यसका लागि परम्परागत रूपमा तयार भएका कागज, चित्र, ध्वनि, चलचित्रलाई डिजिटल रूपमा बदल्नु आवश्यक हुन्छ । अतः सार्वजनिक निकायहरूमा भएका वा हुने तथ्य, तथ्यांक, सूचना जानकारीहरू **डिजिटल स्वरूपमा निर्माण/उत्पादन तथा संरक्षण गरी राख्ने व्यवस्था अनिवार्य रूपमा गर्नु, गराउनु आवश्यक छ** ।

९. पत्रकार र नागरिक समाजको सक्रियता आवश्यक

अरू देशको तुलनामा नेपालमा सूचनाको हकका बारेमा जनचेतना फैलाउनेदेखि सूचना माग्न आमनागरिकलाई डोर्‍याउने सम्मका काममा नागरिक समाजका संस्थाहरू पर्याप्त मात्रामा सक्रीय छैनन् । नागरिक समाज सक्रीय नभई सूचना माग्ने काममा व्यापकता आउन सक्तैन । आमनागरिकलाई सूचनाको हकसम्बन्धी ऐनबारे बुझाउन, ऐनबाट लाभान्वित **गराउन पत्रकार तथा नागरिक समाजका संस्थाहरूको सक्रीयता आवश्यक छ** ।

१०. व्यापक प्रचार प्रसार तथा अनुगमनको आवश्यकता

नागरिकले सूचना माग गर्ने वा सूचना पाउने निकायको रूपमा हालसम्म सरकारी वा सरकार अन्तर्गतका कार्यालयहरू मात्र जिम्मेवार निकाय हुन भन्ने अवधारणा रही आएको पाइन्छ । सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकायको रूपमा सरकारी तथा अन्तर्गतका कार्यालय, सरकारको पूर्ण वा आँशिक स्वामित्व भएका कार्यालयका साथै कानुनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक संगठित संस्था, राजनैतिक दल तथा संगठन, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट रकम प्राप्त गरेर संचालन भएका गैर सरकारी संघ संस्थाहरू लगायतमा रहेका सूचनामा पहुँच हुने र सूचना माग गर्ने र पाउने अधिकार रहेको व्यवस्था गरेको छ । धेरै जस्ता यस्ता संस्थाहरू/निकायहरूमा नागरिकको ध्यान पुग्न सकेको छैन । सूचना माग गर्ने प्रवृत्ति पनि देखिएको छैन भने यी संस्थाहरूले पनि सूचना दिनु पर्ने भन्ने अनुभूति पनि गरेको पाइएको छैन । यस्ता संस्थाहरूले नियमित रूपमा अनिवार्य प्रकाशन गर्न पर्ने कर्तव्यको पालना गर्ने गरेको पनि पाईएको छैन । अतः जुन निकाय अन्तर्गत संचालन भएको सार्वजनिक निकाय छन । तिनको **नियमितता गर्ने निकायले** (Regulatory Body) **ले सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन गर्न गराउन** टड्कारो आवश्यकता रहेको छ ।

११. विगत वर्षका सुझावहरू कार्यान्वयन गर्ने सम्बन्धमा

आयोगले आ.व.२०६५।०६६ र २०६६।०६७ मा दिएका कतिपय सुझावहरू आझै सम्म कार्यान्वय भएको नदेखिएको हुँदा ती सुझावहरू समेत कार्यान्वयन गर्न वान्छनीय भएकोले प्रस्तुत प्रतिवेदन समेत पुनःउल्लेख गरिएको छ । अतः उक्त सुझावहरू र चालु वर्ष दिइएका सुझावहरू आगामी वर्षमा कार्यान्वयन हुने अपेक्षा गरिएको छ ।

कुनै पनि व्यक्ति वा निकायले काम गर्दा प्राप्त गर्ने अनुभव र ज्ञान भविष्यमा उक्त काम अझै प्रभावकारी तथा सक्षम ढंगले कार्यान्वयन गर्न उपयोगी हुन्छ । राष्ट्रिय सूचना आयोगले काम गर्न थालेको तीन वर्ष पूरा भई चौथो वर्ष लागेको छ । तीन वर्षसम्म आयोगले आर्जन गरेको अनुभव र ज्ञान निश्चय नै राज्यको लागि महत्वपूर्ण सम्पदा हो । यसले नेपालमा सूचनाको हकसम्बन्धी ऐनलाई प्रभावकारी रूपमा लागू गर्न तथा राज्यका सबै अंगका काम कारवाही खुला र पारदर्शी बनाउँदै सार्वजनिक निकायका पदाधिकारीहरूलाई नागरिकप्रति उत्तरदायी र जिम्मेवार बनाई सार्वजनिक निकायका सूचनामा जनताको सरल र सहज रूपमा पहुँच पुर्‍याउन अपनाउनु पर्ने नीति तथा कार्यक्रमका बारेमा मार्ग निर्देशन गर्न सक्छ । यसैले सूचनाको हकसम्बन्धी ऐन लागू भई आयोग गठन भएका देशहरूमा सूचना आयोगले आफूले गरेका कामकारवाहीको वार्षिक प्रतिवेदन राज्यका नीति निर्माताहरूलाई बुझाउने व्यवस्था गरिएको हुन्छ । नेपालमा पनि सूचनाको हकसम्बन्धी ऐनको दफा २५ ले 'आयोगले प्रत्येक वर्ष आफूले गरेका कामकारवाही विवरण सहितको वार्षिक प्रतिवेदन प्रधानमन्त्रीमार्फत् व्यवस्थापिका-संसद्मा प्रस्तुत गर्नु पर्ने व्यवस्था गरेको छ ।

सूचनाको हकसम्बन्धी ऐन बनाउने व्यवस्थापिका संसद्ले ऐनको कार्यान्वयन र प्रभावका बारेमा जान्न खोजेकोले नै ऐनमा व्यवस्थापिका संसद्समक्ष आयोगको प्रतिवेदन प्रस्तुत गर्नुपर्ने व्यवस्था गरिएको हो । ऐनको प्रभावकारी कार्यान्वयन र बाधा अडचन फुकाउनका लागि व्यवस्थापिका संसद्ले आयोगका गतिविधि, काम कारवाही र ऐनको कार्यान्वयन र प्रभावका बारेमा जान्नु अत्यन्तै आवश्यक छ । यिनै कुराहरूलाई हृदयंगम गरी आयोगले आफूले बुझाएको वार्षिक प्रतिवेदन व्यवस्थापिका संसद्का सबै माननीय सदस्यहरूले अध्ययन र मनन गर्नु हुन्छ र आयोगले प्रतिवेदनमा प्रस्तुत गरेका सुझावहरूको कार्यान्वयनमा व्यवस्थापिका संसद्ले र संसद् मार्फत् सरकारले महत्वपूर्ण भूमिका खेल्छ भन्ने आयोगले आशा र विश्वास गर्नु अस्वाभाविक होइन ।

ऐनको व्यवस्था र अन्तर्राष्ट्रिय प्रचलनअनुसार तथा सुझावहरूको कार्यान्वयनको आशा र विश्वासका साथ आयोगले यसअघि दुइटा वार्षिक प्रतिवेदन व्यवस्थापिका संसद्समक्ष प्रस्तुत गरिसकेको छ । आयोगले पहिलो वर्ष प्रस्तुत गरेको वार्षिक प्रतिवेदनमा दिइएका सुझावहरूका सम्बन्धमा व्यवस्थापिका संसद्मा छलफल हुने, आवश्यक ऐन नियमको तर्जुमा तथा परिमार्जन हुने आशा गरिएको थियो । त्यस्तै सरकारबाट पनि ऐन नियमको कार्यान्वयनका लागि गर्नुपर्ने कामहरू सक्रियतासाथ गरिने अपेक्षा गरिएको थियो तर त्यसो भएको पाइएन । पहिलो वर्षको प्रतिवेदनमा उल्लेख भएका सुझावहरूको कार्यान्वयन भएको नदेखिएकोले दोस्रो वर्षको वार्षिक प्रतिवेदनमा पनि पहिलो वर्षको प्रतिवेदनमा उल्लेख भएका सुझावहरू पुनः उल्लेख गर्नु परेको थियो ।

त्यसै गरी आयोगको आफ्नो दोस्रो वर्षको अनुभव र विचार, पुनरावेदन, निवेदन र उजुरीवारे गरेको निर्णय तथा जिल्लाहरूमा गरेको अनुगमन, सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनका लागि गरिएका गोष्ठी, सचेतना एवं जागरण कार्यक्रममा प्राप्त सुझाव र विज्ञहरूसँगको छलफल,

परामर्शको आधारमा आयोगले निम्नलिखित सुझावहरू दोस्रो वर्षको प्रतिवेदनमा पनि प्रस्तुत गरेको थियो ।

तर ती सुझावको कार्यान्वयनको अवस्था पनि सन्तोषजनक नभएको आयोगले अनुभव गरेको छ । अतः पहिलो र दोस्रो वर्षका प्रतिवेदनहरूमा प्रस्तुत गरिएका सुझावहरू को महत्व र सान्दर्भिकता अहिले पनि छ । त्यसैले ती सुझावहरू संक्षिप्त रूपमा यहाँ उल्लेख गरिएको छ ।

आर्थिक वर्ष २०६६/०६७ को वार्षिक प्रतिवेदनमा प्रस्तुत सुझावहरूको सार

१. सूचनाको हकसम्बन्धी ऐनले सरकारी निकायलगायत सबै सार्वजनिक निकायले केही काम गर्नै पर्ने व्यवस्था गरेको छ । जसअनुसार हरेक कार्यालयमा सूचना अधिकारी तोक्ने, ऐन र नियमावलीअनुसार कार्यालयले तीनतीन महिनामा कार्यालयसम्बन्धी सूचना सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । यसका लागि हरेक कार्यालयमा सूचना अधिकारीको व्यवस्था वा सूचना शाखा हुनुपर्छ । त्यसका लागि भौतिक स्रोत साधन र जनशक्तिको तालिमको व्यवस्था हुनुपर्छ । कार्यालयको सूचना शाखालाई चाहिने भौतिक तथा मानवीय स्रोत साधनलाई सुसम्पन्न र दक्ष बनाउने काम सम्बन्धित कार्यालयको केन्द्रीय निकायको हो ।

ऐन कार्यान्वयनका सन्दर्भमा सरकारी निकायहरूमा के कसरी काम भइरहेको छ, सूचना अधिकारीको व्यवस्था भएको छ छैन, सूचना अधिकारीलाई कार्यालय प्रमुखबाट सूचना प्राप्त भएका छन् छैनन्, सूचना व्यवस्थापन र वितरणका लागि साधन स्रोत छ छैन आदि कुराहरू सूचना आयोगले नियमित रूपमा गर्ने अनुगमनबाट प्राप्त गरेका तथ्यहरूको आधारमा सम्बन्धित निकायलाई ऐन वमोजिमको दायित्व पालना गर्न आदेश दिने र सरकारलाई सुझाब दिने काम गर्दछ । तर आयोग आफैंले सूचना अधिकारी तोक्न वा सूचनाहरू उपलब्ध गराउन वा साधन स्रोतकालागि बजेटको व्यवस्था गर्न सक्दैन ।

अतः हरेक सरकारी कार्यालयमा सूचना अधिकारी तोक्नेलगायतका ऐन अनुसार कार्यालयले गर्नुपर्ने सबै काम गर्ने गराउने र केन्द्रीय निकाय वा मन्त्रालयको जिम्मेवारी हुने हुँदा सो जिम्मेवारी पूरा गर्ने दायित्वयुक्त व्यक्ति वा संरचना हुनु आवश्यक छ ।

ऐन लागू भएको तीन वर्ष बितिसक्दा पनि प्रायः सरकारी कार्यालयका प्रमुखहरूले सूचनाको हकसम्बन्धी ऐनमा तोकिएवमोजिमको दायित्व पालना गरेको पाउन सकिएन । यस्तो प्रवृत्ति हटाउन केन्द्रीय स्तरका निकायहरूले आफ्नो मातहतका कार्यालयहरूमा सूचनाको हकसम्बन्धी ऐन र नियमावलीको पालना भएको छ छैन भनी निगरानी गर्ने, निर्देशन दिने तथा राष्ट्रिय सूचना आयोगका आदेश, निर्देशन र निर्णयहरू पलना गराउनका लागि हरेक मन्त्रालय र केन्द्रीय कार्यालयहरूमा सूचनाको हकसम्बन्धी एउटा छुट्टै शाखाको व्यवस्था गर्नु जरूरी छ । ती निकायहरूको समन्वय र निगरानीका लागि मन्त्रीपरिषद्को कार्यालयमा सचिवको संयोजकत्वमा केन्द्रीय स्तरको इकाइ राखिनु पर्दछ ।

२. सूचनाको हकबारे आमनागरिकमा चेतना फैलाउन र सार्वजनिक निकायहरूको प्रतिवद्धता बढाउनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ लागू भएको दिन भदौ ३ गतेको दिनलाई सरकारले राष्ट्रिय सूचना दिवस घोषणा गर्ने र हरेक वर्ष सबै जिल्लामा सरकारी तवरमा तीन दिन (भदौ २, ३ र ४ गते) विविध कार्यक्रमका साथ सूचना दिवस मनाउनु पर्छ ।

३. विद्यालयदेखि कलेजसम्मका सबै कक्षाको पाठ्यक्रममा सूचनाको हकवारेको जानकारीमूलक पाठ्यसामग्री अनिवार्यरूपमा समावेस गर्नु आवश्यक छ ।

४. सूचनाको हकसम्बन्धी ऐन नेपाली नागरिकहरूले कति र कसरी प्रयोग गरिरहेका छन् भनी जान्नका

लागि हरेक कार्यालयमा सूचनाको माग र सूचना दिएको वा मागका बारेमा गरेको कारवाहीको अभिलेख दुरूस्त राख्ने र उक्त अभिलेख नियमित रूपमा आयोगमा पठाउने व्यवस्था अनिवार्य रूपमा गर्नु पर्दछ।

५. २०६५ पौष २० गते आयोगमा प्राप्त भएको सार्वजनिक गर्नु नपर्ने सूचनाको वर्गीकरणका कतिपय विषय र बूँदाहरू ऐनको उद्देश्यसँग बाझिने देखिएको हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को भावना, मर्म र उद्देश्यलाई ध्यानमा राखी आयोगले उक्त वर्गीकरण यथाशीध्र पुनरावलोकन गर्न सिफारिस गरेको थियो। वर्गीकरण समितिले ऐनको भावना, मर्म र उद्देश्यअनुसार वर्गीकरण गर्नु आवश्यक छ। वर्गीकरण गर्ने कार्य नियमित कार्यको रूपमा गर्नु पनि जरूरी छ। साथै वर्गीकरण गरेपछि त्यसको जानकारी सबै सरकारी निकायमा पठाउनु अवश्यक छ। यसरी आयोगले विगत दुई वर्षका प्रतिवेदनहरूमा सूचनाको हक कार्यान्वयनको सन्दर्भमा देखिएका जटिलता र चुनौतीहरू स्पस्टरूपमा उल्लेख गर्दै राज्यका तर्फबाट गर्नै पर्ने कामहरू औंल्याएको थियो। तर सरकारका तर्फबाट त्यसमा ध्यान गएको पाइएन र त्यसैले ती जटिलता र चुनौतीहरू यथावत् छन्।

आर्थिक वर्ष २०६५।०६६ को वार्षिक प्रतिवेदनमा प्रस्तुत सुझावहरूको सार :

१. **सूचनाको हक, आयोग र संविधान**

सूचनाको हकलाई प्रभावकारी रूपमा लागू गर्नका लागि चाहिने कानुन र कानुन कार्यान्वयन र अनुगमन गर्ने गराउने राष्ट्रिय सूचना आयोगमा राज्यका सबै अंगमा सूचना प्रवाह गराउने दायित्व हुने हुनाले राष्ट्रिय सूचना आयोगलाई शक्तिशाली, स्वतन्त्र र सक्षम बनाउने व्यवस्था पनि संविधानमै उल्लेख हुनु अनिवार्य छ।

२. **सूचनाको हक र सूचनाका माध्यम**

सूचना तथा संचारको क्षेत्रमा शीघ्र, सरल र सस्ता नवीनतम माध्यम तथा प्रविधिहरूको निरन्तर विकास भइरहेको सन्दर्भमा सूचना अभिलेखन, व्यवस्थापन, संप्रेषण र संरक्षणका उपयुक्त माध्यम र प्रविधि अपनाइएन भने कालान्तरमा संरक्षित सूचना उपयोग गर्न नसकिने, नष्ट हुने, प्रविधि उत्पादक, नियन्त्रक कम्पनीको प्रभाव र दवाब सहनु पर्ने आदि नकारात्मक परिणाम हुन सक्छ।

अतः हाल अधिकांश सार्वजनिक निकायमा प्रयोग भइरहेका अनधिकृत सफ्टवेयरहरूको ठाउँमा सस्तो, सरल र सर्वसुलभ सफ्टवेयरहरू प्रयोग गर्न गराउनका लागि नेपाल सरकारले सकेसम्म चाँडो प्रविधि निर्धारक कार्यदल गठन गरी सरकारी कार्यालयले प्रयोग गर्ने सफ्टवेयरहरूका सम्बन्धमा नीति तथा ऐन कानुन बनाउनु अति आवश्यक छ।

३. **सूचनाको हक र राजनीतिक संकल्प**

सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनमा राजनीतिक नेतृत्वले आफू दृढ रहेको स्पष्ट सन्देश नदिँदासम्म राज्यका अन्य अंग र संयन्त्रहरूले जनतालाई सूचनामा पहुँच दिने काम उत्साहपूर्वक गर्न सक्तैनन्। त्यसैले राजनीतिक नेतृत्वलगायत राज्यका हरेक अंगका नेतृत्व र नीति निर्माणको तहका पदाधिकारीहरूले सूचनाको हक लागू गर्ने कामलाई सक्रिय भएर प्रोत्साहित गर्नु आवश्यक हुन्छ। खुलापनको नयाँ संस्कृति र वातावरणप्रति आफ्नो निरन्तर र स्पष्ट समर्थन छ भन्ने प्रतिवद्धता सबैले सँधै जनाउनु पर्छ।

४. सूचनाको हक र प्रेस/मिडिया

हाम्रोजस्तो समाजमा जहाँ आमजनता आफै कुनै सार्वजनिक निकायमा गएर सूचना माग्ने अवस्थामा छैन, त्यहाँ प्रेसले नै नागरिकको सूचनामा पहुँचलाई सहज बनाउने भूमिका खेल्न सक्छ । नेपाल अहिले जुन राजनीतिक संक्रमणकालबाट गुज्रिरहेको छ त्यसलाई ध्यानमा राख्दा प्रेसको सही सूचना प्रवाहित गर्ने दायित्व अझै महत्वपूर्ण छ । सही समाचार प्रवाहित गर्ने दायित्वलाई पालन गरिएन भने आमनागरिक सूचनाको हकबाट बंचित हुनसक्छन् । मिडियाले पहिले आफू सूचित भएर अनि जनतालाई सुसूचित गर्नका लागि सूचनाको हकसम्बन्धी ऐनको उपयोग गर्नु अति जरूरी छ ।

५. सूचनाको हक र गैरसरकारी संस्था

नेपालमा मानवअधिकार र सुशासनको लागि धेरै वर्षदेखि धेरै संस्थाहरूले काम गरिरहेका छन् । सूचना अधिकारको विषय नेपालको लागि तुलनात्मक रूपमा नयाँ हो । यो अधिकार अरू सबै मानव अधिकारको पनि आधार हो । त्यसैले नेपालका मानवअधिकार तथा सुशासनका लागि काम गरिरहेका गैरसरकारी संस्थाहरूले समयको मागअनुसार सूचनाको हक स्थापित गर्ने काममा विशेष रूपमा सक्रिय हुनु आवश्यक छ ।

६. सूचनाको हक र प्रशासनिक संयन्त्र

नेपालजस्तो नवलोकतान्त्रिक देशमा जहाँ सरकार मात्रै होइन समाज पनि सयौँ वर्षको पुरातन व्यवस्था र संस्कारमा हुर्केको छ, जहाँ गोपनीयता सामान्य र खुलापन अपवादको रूपमा छ, त्यहाँ अन्तर्राष्ट्रिय मान्यताअनुसारको सूचनाको हकसम्बन्धी कानुन बन्नु र लागू हुनु एउटा अप्रत्याशित र ठूलो फड्को हो । नेपालको राजनीतिक व्यवस्थामा आमूल परिवर्तन हुँदा पनि प्रशासनयन्त्रले लोकतान्त्रिक व्यवस्थाको अपरिहार्य चरित्रको रूपमा रहेको पारदर्शीतालाई अंगीकार गरेको देखिएको छैन । वर्षौँदेखि चलिआएको राज्यको प्रशासन संयन्त्र र कर्मचारीतन्त्रमा जरा गाडेको गोपनीयताको संस्कार र संस्कृतिले पारदर्शिता र खुलापनलाई हुर्कन दिइरहेको छैन । यो कानुन वास्तवमा व्यवहारमा लागू गर्ने हो भने कर्मचारीतन्त्रलाई खुलापन र जिम्मेवारी बहन गर्न भित्री मनैदेखि उत्सुक र तत्पर बन्न प्रेरित गर्ने उपायहरू खोज्नु जरूरी छ । यस्ता उपायहरू कार्यान्वयन गर्नुपर्छ जसले गर्दा कर्मचारीहरू ऐनको भावना र मर्मअनुसार काम गर्न प्रेरित होउन् ।

राज्यका सबै अंगका निकायहरूमा सेवा प्रवेश गर्दा सेवा प्रवेशीलाई सूचनाको हकबारे जान्नुपर्ने व्यवस्था गर्नु आवश्यक छ । यसका लागि सेवा प्रवेश गर्दा लोकसेवा आयोग लगायत अन्य आयोग वा त्यस्ता निकायले लिने परीक्षाका पाठ्यक्रमहरूमा सूचनाको हकसम्बन्धी ऐन नियमका विषयहरू अनिवार्य रूपले समावेस गरिनुपर्छ ।

सरकारी कार्यालयहरूमा सूचना/अभिलेखहरूको सिर्जना, भण्डारण, संरक्षण, पहुँच र वितरण/संप्रेषण व्यवस्थित गर्नका लागि अभिलेख व्यवस्थापनसम्बन्धी बेग्लै नीति, ऐन, नियम हुनुपर्छ । अभिलेख व्यवस्थापनलाई समन्वय गर्ने, यससम्बन्धी मानक (स्ट्याण्डर्ड) कायम गर्ने, अभिलेख व्यवस्थापनका सम्बन्धमा नियमित रूपमा शिक्षण प्रशिक्षण संचालन गर्ने बेग्लै/निश्चित निकाय हुनुपर्छ ।

७. तालिम र अभिप्रेरणा (इन्सेन्टिभ)

गोप्यताको पुरानो र प्रचलित मान्यतामा आमूल परिवर्तन ल्याउनु सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य भएकोले सार्वजनिक निकायका सबै तहका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । सूचना दिने जिम्मा पाएका कर्मचारीहरू, खास गरी सूचना अधिकारी तथा कार्यालय प्रमुखलाई सूचना सार्वजनिक गर्ने र सूचना मागकर्तालाई उपलब्ध गराउने विषयमा सचेत र दक्ष बनाउनु आवश्यक छ। सूचनाको माग पूरा गर्ने र कानुनमा व्यवस्था गरिएका सूचनासम्बन्धी अन्य काम गर्ने कर्मचारीलाई उचित अभिप्रेरणा (इन्सेन्टिभ) र पुरस्कारको पनि व्यवस्था हुनु आवश्यक छ।

८. ऐनसँग बाझिने कानुनहरूको संशोधन

सूचनाको हकसम्बन्धी ऐनलाई अवरोध पुऱ्याउने कानुनहरू, सूचना सार्वजनिक गर्नबाट कर्मचारीहरूलाई रोक्ने नियमहरू सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने ऐन नियमहरू संशोधन गरी सूचनामा नागरिकको पहुँचलाई बढाउन, त्यससम्बन्धी कानुनमा एकरूपता ल्याउन र सरकारलाई खुलापनतिर लैजान आवश्यक कानुनी व्यवस्था गरिनु पर्छ।

९. सहयोगी ऐन कानुनको आवश्यकता

सूचनामा पहुँचको कानुन मात्रै भएर पुग्दैन। त्यसलाई सक्रिय बनाउन अरू कानुनको सहयोग चाहिन्छ। राज्यका सबै कानुनले सूचनाको हकसम्बन्धी ऐनलाई सघाउनु पर्छ । सूचनाको हकसम्बन्धी ऐनले अरू सबै ऐनलाई ओभरराइड गर्छ भन्ने निश्चित हुनुपर्छ । 'अब पहिलेजस्तो अवस्था छैन, सूचनाको हकसम्बन्धी ऐनअनुसार काम गर्नुपर्छ' भन्ने स्पष्ट संकेत सरकारी संयन्त्रलाई पठाएर मात्रै सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी रूपमा लागू गर्न सकिन्छ।

१०. सूचनाको हक र वर्गीकरणको तगारो

सूचनाको हकसम्बन्धी ऐनअनुसार गोप्य राख्नुपर्ने भनी वर्गीकरण गरिएका सूचनाहरूको सूचीभित्र ऐनको दफा ३ को उपदफा (३) मा उल्लेख गरिएका बुँदाभित्र नपर्ने कतिपय सूचनाहरू राखिएको हुँदा यसले सूचनाको हकसम्बन्धी कानुनको मर्म र भावनामा नै कुठाराघात हुने देखिन्छ। यो वर्गीकरणमाथि तत्काल पुनर्विचार गर्नुपर्छ।

११. गोपनीयताको होइन पारदर्शीताको शपथ

नेपालमा विभिन्न पदको लागि लिइने शपथलाई चलन चल्तीमा पद तथा गोपनीयताको शपथ भन्ने गरिन्छ। पदभार ग्रहण गर्दा नै एकमुष्ठ रूपमा सूचना सार्वजनिक गर्ने काममा एकमुष्ठ प्रतिवन्ध लगाउन हुँदैन। आधुनिक लोकतन्त्रमा गोपनीयताको सट्टा अब जनतालाई सबै कुरा खुला गर्ने पारदर्शीताको शपथ लिनुपर्छ।

१२. नियमावली प्रभावकारी बन्नुपर्छ

कानुन कार्यान्वयन गर्ने निकायहरू र निगरानी गर्ने निकायहरू सहायक कानुन वा नियमावली बनाएर सूचनाको हक खोस्ने संभावनाप्रति सतर्क हुनु आवश्यक छ। सहायक वा थप कानुन वा नियमहरू मूल कानुन लागू गर्न सहयोगीको रूपमा आउनु पर्छ न कि अवरोधकको रूपमा।

१३. सूचनाको हक र उपभोक्ताको अधिकार

कुनै पनि वस्तु/सामान वा उत्पादन र सेवा उपभोग गर्ने उपभोक्ताले त्यो उत्पादन वा सेवाको मूल्य र गुणस्तर जान्न पाउनु उपभोक्ताको अधिकार हो । उत्पादित सामान वा प्रदान गरिने सेवाका बारेमा पर्याप्त सूचना सामान वा सेवासँगै उपलब्ध गराउनु उत्पादक तथा सेवा प्रदायकहरूको कर्तव्य हो । नेपालमा उपभोक्ता हित संरक्षण गर्ने कानुनहरूमा उपभोक्ताका लागि पर्याप्त सूचना उपलब्ध गराउने प्रभावकारी प्रावधान हुनुपर्छ । साथै उपभोक्ताहरूले पनि यसबारे सचेत भएर अधिकार माग्नुपर्छ ।

१४. सूचनाको हक र शिक्षा क्षेत्र

विद्यालयका हरेक तहका पाठ्यक्रममा सूचनाको हकका बारेमा कुनै न कुनै रूपमा जानकारी दिने कक्षा वा प्रवचनको व्यवस्था हुनुपर्छ ।

१५. आयोगको स्थायित्वका लागि भौतिक पूर्वाधार निर्माण

राष्ट्रिय सूचना आयोग लोकतन्त्र र सुशासनका लागि काम गर्ने स्थायी निकाय हो । यसको गहन दायित्व, कामको प्रकृति र महत्व तथा आमनागरिकसँग यसको निकट सम्बन्धलाई ध्यानमा राखी आयोगको स्थायित्वका लागि आफ्नै कार्यालय भवन हुनु आवश्यक छ । यसको लागि सरकारले जग्गा उपलब्ध गराउने र भवन निर्माणको लागि योजना थाल्नु जरूरी छ । साथै नेपालका अन्य क्षेत्रमा पनि यसको कार्यालय खोल्नका लागि भौतिक पूर्वाधार तयार गर्नु आवश्यक छ ।

परिशिष्ट २१
पुनरावेदन सम्बन्धमा ऐनमा भएको व्यवस्था

१. पुनरावेदन दिन सक्ने अवस्था

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम सार्वजनिक निकायसँग सूचना माग गरिएको निवेदनमा सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आँशिक रूपमा सूचना उपलब्ध गराएमा वा गलत सूचना दिएमा वा सरोकारवाला होइन भनी सूचना नदिएमा सूचना माग गर्ने व्यक्तिले त्यसरी सूचना नपाएको वा आँशिक रूपमा सूचना पाएको मितिले सात दिनभित्र सोही कार्यालयका प्रमुख समक्ष उजुरी दिन सक्छ ।

त्यसरी प्राप्त उजुरी जाँचबुझ गर्दा सूचना नदिएको वा आँशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवेदकद्वारा माग भएबमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिनेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउनु पर्छ । निकायका प्रमुख समक्ष परेको उजुरीको सम्बन्धमा प्रमुखले आवश्यक जाँचबुझ गरी सात दिनभित्र अन्तिम टुंगो लगाई सक्नुपर्छ ।

उजुरीमाथि प्रमुखले जाँचबुझ गर्दा सूचना अधिकारीले जानी-जानी वा बदनीयतपूर्वक सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको वा आँशिक रूपमा सूचना दिएको अथवा गलत सूचना दिएको देखिएमा प्रमुखले त्यस्तो सूचना अधिकारीलाई प्रचलित कानुन बमोजिम विभागीय कारवाही गर्न सक्छ ।

उजुरीमाथि प्रमुखले जाँचबुझ गर्दा सूचना दिन नमिल्ने देखिएमा प्रमुखले सोही व्यहोराको निर्णय गरी सोको कारणसहितको जानकारी निवेदकलाई दिनुपर्छ । यसरी प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले ३५ दिनभित्र आयोग समक्ष पुनरावेदन दिन सक्छ ।

२. पुनरावेदनमाथि कारवाही र निर्णय गर्ने कार्यविधि तथा अवधि

राष्ट्रिय सूचना अयोगमा प्राप्त भएको पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्न सक्छ ।

- आयोगले पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई बिना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित प्रमुखको नाममा आदेश गर्न सक्छ ।
- आयोगले पुनरावेदन निरर्थक देखिएमा पुनरावेदन खारेज गर्न सक्छ ।
- आयोगले पुनरावेदन परेको ६० दिनभित्र सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्नुपर्छ ।

३. सजायसम्बन्धी व्यवस्था

सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिव कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आँशिक वा गलत रूपमा सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख

वा सूचना अधिकारीलाई एक हजारदेखि २५ हजार रूपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारवाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्छ ।

सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले समयमा दिनु पर्ने सूचना बिनाकारण समयमा उपलब्ध नगराई ढिलाइ गरेमा जति दिन ढिलाइ गरेको हो प्रतिदिन दुई सय रूपैयाँको दरले निजलाई जरिवाना हुनेछ ।

आयोगबाट विभागीय कारवाहीको लागि लेखी आएमा सार्वजनिक निकायले तीन महिनाभित्र त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई विभागीय कारवाही गरी सोको जानकारी आयोगलाई दिनुपर्छ ।

कुनै व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको निमित्त प्राप्त गरेको हो सोही प्रयोजनको लागि प्रयोग नगरी दुरूपयोग गरेको देखिएमा आयोगले सूचनाको दुरूपयोगको गंभिरता हेरी त्यस्तो व्यक्तिलाई पाँच हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्छ ।

आयोगले यस ऐनबमोजिम गरेको निर्णय वा दिएको आदेश पालना नगर्ने व्यक्तिलाई आयोगले दश हजार रूपैयाँसम्म जरिवाना गर्न सक्छ ।

४. क्षतिपूर्तिसम्बन्धी व्यवस्था

सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले यस ऐनबमोजिम सूचना नदिएको, दिन इन्कार गरेको, आँशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै व्यक्तिलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो व्यक्तिले सूचना नपाएको, आँशिक वा गलत रूपमा सूचना पाएको वा सूचना नष्ट गरेको मितिले तीन महिनाभित्र आयोग समक्ष क्षतिपूर्तिको लागि निवेदन दिन सक्छ । प्राप्त निवेदन जाँचबुझ गर्दा मनासिब देखिएमा आयोगले निवेदकलाई पर्न गएको वास्तविक हानिनोक्सानी विचार गरी मनासिब क्षतिपूर्ति सम्बन्धित निकायबाट भराईदिन सक्छ ।

५. सजायमाथि पुनरावेदनसम्बन्धी व्यवस्था

ऐनको दफा ३२ बमोजिम आयोगले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले ३५ दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्छ ।

६. सूचनादाताको संरक्षणसम्बन्धी व्यवस्था

सार्वजनिक निकायमा भएको, भइरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानुन बमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हो । यसरी सूचना दिने सूचनादाताको पहिचान गोप्य राख्नु सूचना प्राप्तकर्ताको कर्तव्य हुन्छ ।

सूचना दिएको कारणले त्यस्तो सूचनादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानुनी दायित्व बहन गराउने गरी सजाय गरिने वा हानी नोक्सानी पुऱ्याउन पाइँदैन । सूचनादातालाई सजाय गरेमा वा हानिनोक्सानी पुऱ्याएमा सूचनादाताले सो निर्णय बदर गराउन क्षतिपूर्तिको माग सहितको आयोगमा उजुरी गर्न सक्छ । आयोगले उजुरीमा जाँचबुझ गर्दा सूचनादातालाई पदमुक्त गरेको भए त्यस्तो निर्णय बदर गर्न र सूचनादातालाई कुनै नोक्सानी पुगेको रहेछ भने क्षतिपूर्ति भराउनसमेत आदेश दिन सक्छ ।

परिशिष्ट २२
पुनरावेदनको ढाँचा

अनुसूची
(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)
श्री राष्ट्रिय सूचना आयोगमा दिएको
पुनरावेदन

मार्फत्.....कार्यालय

.....पुनरावेदक

विरुद्ध

.....प्रत्यर्थी

विपक्षी

विषयः .....

.....सार्वजनिक निकायको प्रमुख श्री .....ले मिति .. .. मा मलाई/हामीलाई..... विषयको सूचना दिन नमिल्ने गरी निर्णय गरेकोमा देहायको आधार र कारणबाट मलाई/हामीलाई सो निर्णयमा चित्त नबुझेको हुँदा ऐन को म्याद पैंतीस दिनभित्र यो पुनरावेदन गर्दछु / गर्दछौं ।

(क)

(ख)

(ग)

(घ)

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

सलंग्न कागजात

(क) सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयको प्रतिलिपि ।

(ख)

(ग)

.....

पुनरावेदकको सही

इति सम्बत्.....साल.....महिना.....गते रोज .....शुभम् ।

परिशिष्ट २३
निवेदनको ढाँचा

नमूना

सार्वजनिक निकायमा तपाईले दिएको निवेदनमाथि कारवाही गर्न ढिलो भयो भने तपाईले यसरी सूचना माग्न सक्नुहुन्छ :

श्री सूचना अधिकारी,
(कार्यालय, विभाग, निकायको नाम र ठेगाना)

विषय :– सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत सूचनाको माग ।

मेलै त्यस कार्यालय/विभागमा मिति ..... मा .....विषयमा/कामका लागि निवेदन दिएको थिएँ । मेरो सो निवेदनमाथि अहिलेसम्म सन्तोषजनक कारवाही नभएको हुँदा कृपया मलाई निम्नलिखित सूचना उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

१. मेरो निवेदनमाथि अहिलेसम्म के के कारवाही भयो ? कुन मितिमा के गरियो ?
२. मेरो निवेदन कुन कर्मचारी वा पदाधिकारी कहाँ पुग्यो ? कुन पदाधिकारीको जिम्मा कति दिनसम्म मेरो निवेदन रह्यो ? सम्बन्धित पदाधिकारीहरूले मेरो निवेदनमाथि के कारवाही गरे ? ती सबै पदाधिकारीहरूको नाम, पद र फोन नम्बरको जानकारी दिनुहोला ।
३. तपाईको कार्यालय, विभाग, निकायको नियम, निर्देशिका वा नागरिक वडापत्रअनुसार मेरो निवेदनमाथि कति समयभित्र कारवाही हुनुपर्छ ? त्यो नियम, निर्देशिकाको नक्कल प्रति उपलब्ध गराईदिनु होला ।
४. उक्त नियम, निर्देशिका पालना नगर्ने पदाधिकारीमाथि आफ्नो पदीय दायित्व पूरा नगरेकोमा कारवाही हुने व्यवस्था छ कि छैन ? मेरो निवेदनको सम्बन्धमा नियम, निर्देशनको उल्लङ्घन भएको छ कि छैन ? भएको छ भने कुन नियम र निर्देशनअनुसार कस्तो कारवाही हुन्छ, त्यो निर्णय पाउँ ।
५. सम्बन्धित पदाधिकारीहरूले दायित्व पूरा नगर्नाले शारीरिक र मानसिक पीडा भोग्नु परेको छ । यो पीडाको लागि सम्बन्धित पदाधिकारी जिम्मेवार छ कि छैन र छ भने त्यसका लागि दण्ड सजायको कानूनी के व्यवस्था छ त्यो कानूनको बारे जानकारी पाउँ ?
६. मेरो निवेदनमाथि कहिलेसम्म कारवाही हुन्छ र मेरो माग/समस्या कहिलेसम्म पूरा/समाधान हुन्छ ? माथि माग गरिएका सूचना पाउँ ।

निवेदक
(निवेदकको सही)
निवेदकको नाम, ठेगाना, फोन नम्बर ।
मिति ।

परिशिष्ट २४
आयोगका कार्यविधिहरू

१. पुनरावेदनको कारवाही र किनारा गर्ने सम्बन्धी कार्यविधि, २०६७
२. निवेदनको कारवाही र किनारा गर्ने सम्बन्धी कार्यविधि, २०६७
३. उजुरी कारवाही र किनारा गर्ने सम्बन्धी कार्यविधि, २०६७
४. बैठक व्यवस्था कार्यविधि, २०६७

१. पुनरावेदनको कारवाही र किनारा गर्ने सम्बन्धी कार्यविधि, २०६७

१ संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नाम "पुनरावेदनको कारवाही र किनारा गर्ने सम्बन्धी कार्यविधि २०६७" रहेको छ ।

१.२ यो कार्यविधि सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १०(५) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ७ (२) ले दिएको अधिकार प्रयोग गरी वनाइएको छ ।

१.३ यो कार्यविधि आयोगबाट प्रमाणित भएका मितिदेखि लागू हुनेछ ।

२. परिभाषा

२.१ आयोग भन्नाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ बमोजिम गठित "राष्ट्रिय सूचना आयोग" लाई सम्झिनु पर्नेछ ।

२.२ "पुनरावेदन" भन्नाले दफा ९ को उपदफा (४) बमोजिम प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले ३५ दिनभित्र आयोग समक्ष दिएको पुनरावेदनलाई सम्झनु पर्छ ।

३. पुनरावेदन दर्ता गर्ने प्रक्रिया

३.१ ऐनको दफा १० को उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले अनुसूची बमोजिमको ढाँचामा आयोग समक्ष पुनरावेदन दिनु पर्छ ।

३.२ पुनरावेदन गर्दा सम्बन्धित व्यक्तिले चाहेमा आफैं उपस्थित भई वा सम्बन्धित सार्वजनिक निकाय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा कुनै हुलाक मार्फत् पुनरावेदन दिन सक्नेछ ।

३.३ कुनै व्यक्तिले सार्वजनिक निकाय वा जिल्ला प्रशासन कार्यालय मार्फत् पुनरावेदन दिएकोमा त्यस्तो कार्यालयले पुनरावेदन दिने व्यक्तिलाई बुझेको भर्पाइ दिई सो पुनरावेदन ३ (तीन) दिनभित्र आयोगमा पठाइदिनु पर्नेछ ।

३.४ (३.३) बमोजिम प्राप्त भएको पुनरावेदन जाँचबुझ गर्दा ऐनको म्यादभित्र परेको देखिएमा सचिवले त्यस्तो पुनरावेदन दर्ता गर्नु पर्नेछ ।

३.५ (३.४) बमोजिम जाँचबुझ गर्दा प्राप्त पुनरावेदन ऐनको म्याद नाघी आएको देखिएमा

सचिवले सोही व्यहोरा जनाई पुनरावेदन दरपीठ गर्नु पर्नेछ ।

३.६ पुनरावेदक आफैं उपस्थित हुन नसकेमा आयोगको इमेल ठेगानामा इमेलद्वारा वा आयोगको Fax (फ्याक्स) नम्वरमा Fax (फ्याक्स) द्वारा पुनरावेदन गर्न सक्नेछ । यस्तो पुनरावेदन आयोगमा प्राप्त भएपछि म्याद भित्र देखिएमा मात्र आयोगले दर्ता गर्ने छ ।

३.७ पुनरावेदनसंग संलग्न गर्नुपर्ने कागजात प्रमाणहरू

(क) नेपालको नागरिक देखिन सक्ने कुनै प्रमाण ।

(ख) कार्यालय प्रमुखले गरेको निर्णयको प्रतिलिपि ।

(ग) हुलाक मार्फत् पुनरावेदन गरेमा हुलाकको छाप लागेको रसिद वा डकुमेन्ट ।

(घ) वारिस राखेकोमा सम्बन्धित व्यक्तिले सहीछाप गरेको वारिसनामा वा मंजुरीनामाको कागज ।

४. पुनरावेदनमा खुलाउनु पर्ने कुराहरू

क) पुनरावेदकको नाम, थर, वतन र सम्पर्क नम्वर

ख) वारिस भए निजको नाम, थर, वतन र सम्पर्क नम्वर

ग) विपक्षीको नाम, थर, वतन सम्भब भए सम्पर्क नम्वर

घ) आफुले माग गरेको सूचनाको स्पष्ट विवरण

ङ) सूचना रहेको सार्वजनिक निकायमा पुनरावेदक सूचना माग गर्न गएको स्पष्ट विवरण

च). सूचना रहेको सार्वजनिक निकायको कुन पदाधिकारी वा शाखा उपशाखामा सूचना छ सम्भव भए खुलाउने ।

५. पुनरावेदन प्राप्त भएपछिको प्रक्रिया

५.१ नियमानुसार प्रक्रिया पूरा गरी यस आयोगमा दर्ता भएका पुनरावेदनको सम्बन्धमा निम्नानुसार क्रमशः कारवाही गरिने छ ।

(क) दर्ता भएको पुनरावेदन ६० दिनभित्र निर्णय हुनेछ ।

(ख) आयोगले पुनरावेदनको कारवाही र किनारा गर्दा पुनरावेदकको माग दावी, सम्बन्धित प्रमुखको जवाफ तथा प्राप्त सबुद प्रमाणको मूल्याङ्कनको आधारमा गर्नेछ ।

(ग) पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई वयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्न सक्नेछ ।

६. आयोगको पुनरावेदन सम्बन्धी निर्णय र आदेश सम्बन्धी कारवाही

६.१ पुनरावेदन सम्बन्धी आयोगले गरेका सबै निर्णयहरूमा आयोगका सदस्यहरूको हस्ताक्षर हुनेछ । त्यस्तो निर्णयको प्रमाणित आयोगको सचिवले गर्नेछ ।

६.२ आयोगबाट लिखित रूपमा निर्णय प्रमाणित भएको मितिलाई नै आयोगको निर्णय वा आदेश जारी भएको मिति मानिने छ । त्यस्तो निर्णय सचिवालयलाई तुरून्त उपलब्ध हुनेछ र प्राप्त निर्णय वा आदेश प्राप्त भएको मितिले ७ (सात) दिनभित्र कार्यान्वयनका लागि निर्णयको

छाँयाप्रति सँलग्न गरी सम्बन्धित पक्षलाई पत्राचारको कारवाही हुनेछ ।

६.३ आयोगबाट पुनरावेदन सम्बन्धी भएका सबै आदेश एवं निर्णयहरू सचिवालयमा रेकर्ड गरी राखिने छ ।

६.४ आयोगका निर्णय कार्यान्वयनका लागि पत्राचार गर्दा वा आयोगको आदेश पठाउँदा सामान्यतया त्यस्तो आदेश वा निर्णय कार्यान्वयन गर्नुपर्ने समयसीमा समेत आयोगले तोकिदिनु पर्नेछ र त्यस्तो आदेश कार्यान्वयन गरेको जानकारी यस आयोगमा र सम्बन्धित निकायको तालुक निकायमा समेत तुरून्त दिनु पर्नेछ ।

६.५ आयोगले दिएका आदेश वा निर्देशन तथा निर्णयहरू आयोगले तोकिदिएको समय सीमाभित्र कार्यान्वयनमा भए नभएको कुराको अनुगमन आयोगको सचिवालयले गर्नेछ । अनुगमनका लागि आयोगले टेलिफोन, फ्याक्स, इमेल वा प्रत्यक्ष अवलोकन जस्ता माध्यम अपनाउने छ ।

६.६ आयोगले पुनरावेदन हेर्न तथा भएगरेका निर्णयको कार्यान्वयन पक्ष समीक्षा गर्न आवश्यकतानुसार आयोगको बैठक बस्नेछ ।

७. पुनरावेदन हेर्ने सम्बन्धमा आयोग र सचिवालय समन्वय

७.१ म्यादभित्र दर्ता भएको पुनरावेदन र सोसँग सम्बन्धित संलग्न प्रमाणहरू सहितको मिसिल सचिवालयद्वारा यथाशक्य छिटो आयोग समक्ष पेश गर्नेछ ।

७.२ पुनरावेदनको जानकारी आयोगलाई भएपछि आयोगले त्यसमा संलग्न प्रमाणहरूको प्रारम्भिक अध्ययन गर्नेछ ।

७.३ थप प्रमाण र कारण बुझ्न आवश्यक देखेमा आयोगले आफूलाई पुनरावेदन प्राप्त भएपछि सम्बन्धित पक्ष वा विपक्षलाई आयोगमा छलफल वा प्रमाण पेश गर्न आदेश जारी गर्न सक्नेछ ।

७.४ पुनरावेदन सम्बन्धी हरेक वैठकमा आयोग र सचिवालयका कम्तीमा १ (एक) जना अधिकृतको उपस्थिति हुनेछ । पुनरावेदन सम्बन्धी बसेको आयोगको वैठकले गरेको निर्णयको लिखत निज अधिकृतले आयोगमा पेश गर्नेछ र आयोगका सदस्यहरूबाट निर्णयमा हस्ताक्षर भएपछि त्यस्तो निर्णयको प्रमाणित आयोगको सचिवले गर्नेछ । आयोगबाट हुने पुनरावेदन सम्बन्धी यस्ता निर्णयहरू सचिवालयले अभिलेखबद्ध गरी रेकर्ड गर्ने छ ।

७.५ पुनरावेदन सम्बन्धी हरेक निवेदन र ती माथि आयोगबाट भएको कारवाही सम्बन्धी विवरण आयोगले वार्षिक रूपमा प्रकाशित गर्ने वार्षिक प्रतिवेदनमा समेत प्रकाशन गरिनेछ ।

८. विविध

८.१ यो कार्यविधि आयोगले प्रमाणित गरेको मितिदेखि लागू हुनेछ ।

८.२ आयोगले आवश्यक देखेमा जुनसुकै वेला निर्णय गरी यो कार्याविधि पूरै वा आंशिक संशोधन वा खारेज गर्न सक्नेछ ।

आयोगद्वारा प्रमाणित मिति : २०६७ फागुन २९ गते ।

२. निवेदनको कारवाही र किनारा गर्ने सम्बन्धी कार्यविधि, २०६७

१ संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नाम "निवेदनको कारवाही र किनारा गर्ने सम्बन्धी कार्यविधि २०६७" रहेको छ ।

१.२ यो कार्यविधि आयोगबाट प्रमाणित भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा

२.१ आयोग भन्नाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ बमोजिम गठित "राष्ट्रिय सूचना आयोग" लाई सम्झिनु पर्नेछ ।

२.२ "निवेदन" भन्नाले ऐनको दफा १९, २७ र ३३ वमोजिम दिइएको निवेदनलाई सम्झनु पर्छ ।

३. निवेदन दर्ता गर्ने प्रकृया

३.१ निवेदन सामान्य ढाँचामा दिनु पर्नेछ ।

३.२ निवेदन सम्बन्धित व्यक्तिले चाहेमा आफैं उपस्थित भई वा सम्बन्धित सार्वजनिक निकाय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा कुनै हुलाक मार्फत् दिन सक्नेछ ।

३.३ कुनै व्यक्तिले सार्वजनिक निकाय वा जिल्ला प्रशासन कार्यालय मार्फत् निवेदन दिएकोमा त्यस्तो कार्यालयले निवेदन दिने व्यक्तिलाई बुझेको भर्पाइ दिई सो निवेदन ३ (तीन) दिनभित्र आयोगमा पठाइदिनु पर्नेछ ।

३.४ (३.३) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा कानून बमोजिम देखिएमा त्यस्तो निवेदन सचिवालयले दर्ता गर्नु पर्नेछ ।

३.५ (३.४) बमोजिम जाँचबुझ गर्दा प्राप्त निवेदन रित पूर्वक नभएको देखिएमा सचिवले सोही व्यहोरा जनाई निवेदन दरपीठ गर्नु पर्नेछ ।

३.६ निवेदक आफैं उपस्थित हुन नसकेमा आयोगको इमेल ठेगानामा इमेलद्वारा वा आयोगको Fax (फ्याक्स) नम्वरमा Fax (फ्याक्स) द्वारा निवेदन गर्न सकिनेछ ।

३.७ **निवेदन**संग संलग्न गर्नुपर्ने कागजात प्रमाणहरू

(क) नेपालको नागरिक देखिन सक्ने कुनै यथेष्ट प्रमाण ।

(ख) हुलाक मार्फत् निवेदन गरेमा हुलाकको छाप लागेको रसिद वा डकुमेन्ट ।

(ग) वारिस राखेकोमा सम्बन्धित व्यक्तिले सहीछाप गरेको वारिसनामा वा मंजुरीनामाको कागज ।

४. निवेदनमा खुलाउनु पर्ने कुराहरू

क) निवेदकको नाम थर, वतन र सम्पर्क फोन नम्वर

ख) वारिस भए निजको नाम थर, वतन र सम्पर्क फोन नम्वर

ग) विपक्षीको नाम थर, वतन सम्भव भए सम्पर्क फोन नम्वर

घ) आफूले माग गरेको सूचनाको स्पष्ट विवरण

ङ) सूचना रहेको सार्वजनिक निकायमा निवेदकले सूचना माग गर्न गए नगएको स्पष्ट विवरण

च) सूचना रहेको सार्वजनिक निकायको कुन पदाधिकारी वा शाखा उपशाखामा सूचना छ सम्भव भए खुलाउने

५. निवेदन प्राप्त भएपछिको प्रकृया

५.१ नियमानुसार प्रकृया पूरा गरी यस आयोगमा दर्ता भएका निवेदनको सम्बन्धमा निम्नानुसार क्रमशः कारवाही गरिनेछ ।

(क) दर्ता भएपछि यथा सम्भव छिटो निर्णय हुनेछ ।

(ख) आयोगले निवेदनको कारवाही र किनारा गर्दा निवेदनको माग दावी, सम्बन्धित प्रमुखको जवाफ तथा प्राप्त सबुद प्रमाणको मूल्याङ्कनको आधारमा गर्नेछ ।

(ग) निवेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई वयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्न सक्नेछ ।

५.२ आयोगले निवेदन हेर्न तथा भएगरेका निर्णयको कार्यान्वयन पक्ष समीक्षा गर्न आवश्यकतानुसार आयोगको बैठक बस्नेछ ।

६. आयोगको निवेदन सम्बन्धी निर्णय र आदेशसम्बन्धी कारवाही

६.१ निवेदन सम्बन्धी आयोगले गरेका सबै निर्णयहरू वा आदेशमा आयोगका आयुक्तहरूको हस्ताक्षर हुनेछ । त्यस्तो निर्णय वा आदेशको आयोगको सचिवले प्रमाणित गर्नेछ ।

६.२ आयोगबाट लिखित रूपमा निर्णय वा आदेश प्रमाणित भएको मितिलाई नै आयोगको निर्णय वा आदेश जारी भएको मिति मानिने छ । त्यस्तो निर्णय सचिवालयलाई तुरून्त उपलब्ध हुनेछ र प्राप्त निर्णय वा आदेश प्राप्त भएको मितिले ७ (सात) दिनभित्र आदेश वा निर्णयको छाँयाप्रति संलग्न गरी कार्यान्वयनका लागि सम्बन्धित पक्षलाई पत्राचारको कारवाही हुनेछ ।

६.३ आयोगबाट निवेदन सम्बन्धी भएका सबै आदेश एवं निर्णयहरू सचिवालयमा रेकर्ड गरी राखिने छ ।

६.४ आयोगका निर्णय कार्यान्वयनका लागि पत्राचार गर्दा वा आयोगको आदेश पठाउँदा सामान्यतया त्यस्तो आदेश वा निर्णय कार्यान्वयन गर्नुपर्ने समयसीमा समेत आयोगले तोकिदिनु पर्नेछ र त्यस्तो आदेश कार्यान्वयन गरेको जानकारी यस आयोगमा र सम्बन्धित निकायको तालुक निकायमा समेत तुरून्त दिनु पर्ने छ ।

६.५ आयोगले दिएका आदेश वा निर्देशन तथा निर्णयहरू आयोगले तोकिदिएको समय सीमाभित्र कार्यान्वयनमा भए नभएको कुराको अनुगमन आयोगको सचिवालयले गर्नेछ । अनुगमनका लागि आयोगले टेलिफोन, फ्याक्स, ईमेल वा प्रत्यक्ष अवलोकन जस्ता माध्यम अपनाउने छ ।

७. निवेदन हेर्ने सम्बन्धमा आयोग र सचिवालय समन्वय

७.१ दर्ता भएको निवेदन र सोसँग सम्बन्धित संलग्न प्रमाणहरू सहितको मिसिल सचिवालयद्वारा यथाशक्य छिटो आयोग समक्ष पेश गरिने छ ।

७.२ निवेदनको जानकारी आयोगलाई भएपछि आयोगले त्यसमा संलग्न प्रमाणहरूको प्रारम्भिक अध्ययन गर्ने छ ।

७.३ थप प्रमाण र कारण बुझ्न आवश्यक देखेमा आयोगले आफूलाई निवेदन प्राप्त भएपछि

सम्बन्धित पक्ष वा विपक्षलाई आयोगमा छलफल वा प्रमाण पेश गर्न आदेश जारी गर्न सक्ने छ।

७.४ निवेदन सम्बन्धी हरेक वैठकमा आयोग र सचिवालयका कम्तिमा १ (एक) जना अधिकृतको उपस्थिति हुने छ। निवेदन सम्बन्धी वसेको आयोगको वैठकले गरेको निर्णयको लिखत निज अधिकृतले आयोगमा पेश गर्ने छ र आयोगका सदस्यहरूबाट निर्णयमा हस्ताक्षर भएपछि त्यस्तो निर्णयको आयोगको सचिवले प्रमाणित गर्नेछ। आयोगबाट हुने निवेदन सम्बन्धी यस्ता निर्णयहरूको सचिवालयले अभिलेखबद्ध गरी रेर्कड गर्ने छ।

७.५ निवेदन सम्बन्धी हरेक निवेदन र निवेदनमाथि आयोगबाट भएको कारवाही सम्बन्धी विवरण आयोगले वार्षिक रूपमा प्रकाशित गर्ने वार्षिक प्रतिवेदनमा समेत प्रकाशन गरिने छ।

८. विविध

८.१ यो कार्यविधि आयोगले प्रमाणित गरेको मितिदेखि लागू हुनेछ।

८.२ आयोगले आवश्यक देखेमा जुनसुकै वेला निर्णय गरी यो कार्याविधि पूरै वा आंशिक संशोधन वा खारेज गर्न सक्नेछ।

आयोगद्वारा प्रमाणित मिति : २०६७ फागुन २९ गते।

३. उजुरी कारवाही र किनारा गर्ने सम्बन्धी कार्यविधि, २०६७

१ संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नाम "**उजुरीको कारवाही र किनारा गर्ने सम्बन्धी कार्यविधि, २०६७**" रहेको छ।

१.२ यो कार्यविधि आयोगबाट प्रमाणित भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा

२.१ आयोग भन्नाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ बमोजिम गठित "राष्ट्रिय सूचना आयोग" लाई सम्झिनु पर्नेछ।

२.२ "उजुरी" भन्नाले ऐनको दफा २७, २९, ३२ र नियमावलीको नियम २२ बमोजिम आयोग समक्ष दिएको उजुरीलाई सम्झनु पर्छ।

३. उजुरी दर्ता गर्ने प्रकृया

३.१ उजुरी गर्दा सम्बन्धित व्यक्तिले चाहेमा आफैं उपस्थित भई वा सम्बन्धित सार्वजनिक निकाय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा कुनै हुलाक मार्फत् उजुरी दिन सक्नेछ।

३.२ कुनै व्यक्तिले सार्वजनिक निकाय वा जिल्ला प्रशासन कार्यालय मार्फत् उजुरी दिएकोमा त्यस्तो कार्यालयले उजुरी दिने व्यक्तिलाई बुझेको भर्पाइ दिई सो उजुरी ३ (तीन) दिनभित्र आयोगमा पठाइदिनु पर्नेछ।

३.३ (३.२) बमोजिम प्राप्त भएको उजुरी जाँचबुझ गर्दा ऐनको रितपूर्वक देखिएमा सचिवले त्यस्तो उजुरी दर्ता गर्नु पर्नेछ।

३.४ (३.३) बमोजिम जाँचबुझ गर्दा प्राप्त उजुरी रितपूर्वक नदेखिएमा म्याद नाघी बुझाएको

देखिएमा सचिवले सोही व्यहोरा जनाई उजुरी दरपीठ गर्नु पर्नेछ ।

३.५ उजुरीकर्ता आफैं उपस्थित हुन नसकेमा आयोगको इमेल ठेगानामा इमेलद्वारा वा आयोगको Fax (फ्याक्स) नम्वरमा Fax (फ्याक्स) द्वारा उजुरी गर्न सक्नेछ ।

३.६ उजुरीसँग संलग्न गर्नुपर्ने कागजात प्रमाणहरू

(क) नेपालको नागरिक देखिन सक्ने कुनै प्रमाण ।

(ख) सम्भव भएसम्म्म कार्यालय प्रमुखले गरेको निर्णयको प्रतिलिपि ।

(ग) हुलाक मार्फत् उजुरी गरेमा हुलाकको छाप लागेको रसिद वा डकुमेन्ट ।

(घ) वारिस राखेकोमा सम्बन्धित व्यक्तिले सहीछाप गरेको वारिसनामा वा मंजुरीनामाको कागज ।

४. उजुरीमा खुलाउनु पर्ने कुराहरू

(क) उजुरीकर्ताको नाम थर, वतन र सम्पर्क फोन नम्वर

(ख) वारिस भए निजको नाम थर, वतन र सम्पर्क फोन नम्वर

(ग) बिपक्षीको नाम थर, वतन सम्भब भए सम्पर्क फोन नम्वर

(घ) आफूले माग गरेको सूचनाको स्पष्ट विवरण

(ङ) सूचना रहेको सार्वजनिक निकायमा उजुरीकर्ता सूचना माग गर्न गए नगएको स्पष्ट विवरण वा निज माथि भएको कारवाहीको विवरण ।

(च) सूचना रहेको सार्वजनिक निकायको कुन पदाधिकारी वा शाखा उपशाखामा सूचना रहेको छ सम्भव भए खुलाउने ।

५. उजुरी प्राप्त भएपछिको प्रकृया

५.१ नियमानुसार प्रकृया पूरा गरी यस आयोगमा दर्ता भएका उजुरीको सम्बन्धमा निम्नानुसार क्रमशः गरिने छ ।

(क) दर्ता भएको उजुरी यथा सम्भव छिटो निर्णय गरिने छ ।

(ख) आयोगले उजुरीको कारवाही र किनारा गर्दा उजुरीमा गरिएको माग दावी, सम्बन्धित प्रमुखको जवाफ तथा प्राप्त सबुद प्रमाणको मूल्याङ्कनको आधारमा गर्नेछ ।

(ग) उजुरीको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई वयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्न सक्नेछ ।

५.२ आयोगले उजुरी हेर्न तथा भए गरेका निर्णयको कार्यान्वयन पक्ष समीक्षा गर्न आवश्यकतानुसार आयोगको बैठक बस्नेछ ।

६. आयोगको उजुरी सम्बन्धी निर्णय र आदेश सम्बन्धी कारवाही

६.१ उजुरी सम्बन्धी आयोगले गरेका सबै निर्णय र आदेशहरूमा आयोगका आयुक्तहरूको हस्ताक्षर हुनेछ । त्यस्तो निर्णय र आदेशको प्रमाणित आयोगको सचिवले गर्नेछ ।

६.२ आयोगबाट लिखित रूपमा निर्णय प्रमाणित भएको मितिलाई नै आयोगको निर्णय वा आदेश जारी भएको मिति मानिने छ। त्यस्तो निर्णय सचिवालयलाई तुरून्त उपलब्ध हुनेछ र प्राप्त निर्णय वा आदेश प्राप्त भएको मितिले ७ (सात) दिनभित्र कार्यान्वयनका लागि आदेश वा निर्णयको छाँयाप्रति संलग्न गरी सम्बन्धित पक्षलाई पत्राचारको कारवाही हुनेछ।

६.३ आयोगबाट उजुरी सम्बन्धी भएका सबै आदेश एवं निर्णयहरू सचिवालयमा रेकर्ड गरी राखिने छ।

६.४ आयोगका निर्णय कार्यान्वयनका लागि पत्राचार गर्दा वा आयोगको आदेश पठाउँदा सामान्यतया त्यस्तो आदेश वा निर्णय कार्यान्वयन गर्नुपर्ने समयसीमा समेत आयोगले तोकिदिनु पर्नेछ र त्यस्तो आदेश कार्यान्वयन गरेको जानकारी यस आयोगमा र सम्बन्धित निकायको तालुक निकायमा समेत तुरून्त दिनु पर्नेछ।

६.५ आयोगले दिएका आदेश वा निर्देशन तथा निर्णयहरू आयोगले तोकिदिएको समय सीमाभित्र कार्यान्वयनमा भए नभएको कुराको अनुगमन आयोगको सचिवालयले गर्नेछ। अनुगमनका लागि आयोगले टेलिफोन, फ्याक्स, ईमेल वा प्रत्यक्ष अवलोकन जस्ता माध्यम अपनाउने छ।

७. उजुरी हेर्ने सम्बन्धमा आयोग र सचिवालय समन्वय

७.१ दर्ता भएको निवेदन र सोसँग सम्बन्धित संलग्न प्रमाणहरू सहितको मिसिल सचिवालयद्वारा यथाशक्य छिटो आयोग समक्ष पेश गरिने छ।

७.२ उजुरीको जानकारी आयोगलाई भएपछि आयोगले त्यसमा संलग्न प्रमाणहरूको प्रारम्भिक अध्ययन गर्नेछ।

७.३ थप प्रमाण र कारण बुझ्न आवश्यक देखेमा आयोगले आफूलाई उजुरी प्राप्त भएपछि सम्बन्धित पक्ष वा विपक्षलाई आयोगमा छलफल वा प्रमाण पेश गर्न आदेश जारी गर्न सक्नेछ।

७.४ उजुरी सम्बन्धी हरेक वैठकमा आयोग र सचिवालयका कम्तिमा १ (एक) जना अधिकृतको उपस्थिति हुनेछ। उजुरी सम्बन्धी वसेको आयोगको वैठकले गरेको निर्णयको लिखत निज अधिकृतले आयोगमा पेश गर्नेछ र आयोगका सदस्यहरूबाट निर्णयमा हस्ताक्षर भएपछि त्यस्तो निर्णय आयोगको सचिवले प्रमाणित गर्नेछ। आयोगबाट हुने उजुरी सम्बन्धी यस्ता निर्णयहरूको सचिवालयले अभिलेखबद्ध गरी रेर्कड गर्ने छ।

७.५ उजुरी सम्बन्धी हरेक निवेदन र ती निवेदनमाथि आयोगबाट भएको कारवाही सम्बन्धी विवरण आयोगले वार्षिक रूपमा प्रकाशित गर्ने वार्षिक प्रतिवेदनमा समेत प्रकाशन गरिने छ।

८. विविध

८.१ यो कार्यविधि आयोगले प्रमाणित गरेको मितिदेखि लागू हुनेछ।

८.२ आयोगले आवश्यक देखेमा जुनसुकै वेला निर्णय गरी यो कार्यविधि पूरै वा आंशिक संशोधन वा खारेज गर्न सक्नेछ।

आयोगद्वारा प्रमाणित मिति : २०६७ फागुन २९ गते।

४. बैठक व्यवस्था कार्यविधि, २०६७

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम **"राष्ट्रिय सूचना आयोगको बैठक व्यवस्था कार्यविधि, २०६७"** रहेको छ ।

(ख) यो कार्यविधि सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ९(७) अन्तर्गत बनाइएको छ ।

(ग) यो कार्यविधि आयोगबाट पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. बैठकको अध्यक्षता

आयोगको बैठकको अध्यक्षता प्रमुख सूचना आयुक्तबाट हुनेछ । निजको अनुपस्थितिमा सूचना आयुक्तहरूमध्ये वरिष्ठ सूचना आयुक्तले अध्यक्षता गर्नेछ । वरिष्ठ सूचना आयुक्तले आयोगको अध्यक्षता गरेको अवस्थामा प्रमुख सूचना आयुक्तले प्रयोग गर्ने सबै अधिकार प्रयोग गर्न सक्नेछ ।

३. बैठकको लागि गणपूरक संख्या

प्रमुख सूचना आयुक्त र कम्तीमा एक जना सूचना आयुक्त वा दुइजना सूचना आयुक्त उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ । यसरी बसेको बैठकमा कुनै निर्णयउपर राय बाझिएमा प्रमुख सूचना आयुक्त र दुबैजना सूचना आयुक्तहरू उपस्थित भएको अर्को बैठकमा सो राय बाझिएको विषय निर्णयार्थ पेश गर्नुपर्ने छ ।

४. बैठकको सूचना

प्रमुख सूचना आयुक्तसँग परामर्श गरी आयोगको सचिवले बैठक बस्ने मिति, समय र स्थानको सूचना बैठक बस्ने समयभन्दा कम्तीमा २४ घण्टाअघि सूचना आयुक्तहरूलाई उपलब्ध गराउने छ । यस्तो सूचना लिखित दिन सम्भव नभए मौखिक रूपमा पनि दिन सकिने छ ।

५. बैठक स्थान

आयोगको बैठक सचिवालय परिसरमा वा पूर्वनिर्णय गरी अन्यत्र पनि बस्न सक्नेछ ।

६. बैठकको कार्यसूची

प्रमुख सूचना आयुक्तसँग परामर्श गरी आयोगको सचिवले बैठकको छलफलको कार्यसूची बैठक बस्ने समयभन्दा १२ घण्टाअघि सूचना आयुक्तहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

७. नियमित र अन्य बैठक

आयोगको बैठक नियमित रूपमा प्रत्येक महिनामा कम्तिमा २ पटक बस्नेछ। आयोगको आवश्यकता अनुसार अन्य दिनमा पनि बैठक बस्न सक्नेछ । यसका साथै कुनै आयुक्तले आयोगको बैठक बस्न आवश्यक ठानेर विषयवस्तु खुलाई प्रमुख सूचना आयुक्तसमक्ष बैठक बोलाउन लिखित माँग गरेमा त्यस्तो माँग भएको २४ घण्टाभित्र आयोगको बैठक बोलाउनु पर्नेछ ।

८. प्रस्ताव पेश गर्नुपर्ने

कार्यसूची अन्तर्गत आयोगको बैठकमा छलफल र निर्णयार्थ पेश हुने विषयमा तोकिएको ढाँचामा सचिवले प्रस्ताव प्रस्तुत गर्नु पर्नेछ ।

९. आयोगको निर्णय अभिलेख र प्रमाणीकरण

१. बहुमत सूचना आयुक्तहरूको राय आयोगको निर्णय मानिनेछ ।

२. आयोगका निर्णयहरू सचिवले प्रमाणित गरी सचिवालयमा राख्नेछ ।

३. सचिवबाट प्रमाणित भैसकेका निर्णयहरूको प्रतिलिपि डिजिटल वा मुद्रित रूपमा प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

१०. आयोगको निर्णय र आदेश सम्बन्धी पत्राचार

सचिवले आयोगको निर्णय र आदेशहरू त्यस्तो आदेश वा निर्णय भएको ७ (सात) दिनभित्र सम्बन्धित निकायमा पत्राचार गर्ने व्यवस्था मिलाउनु पर्नेछ । तर आयोगको निर्णय अनुसार तुरून्त सार्वजनिक गर्नुपर्ने वा पत्राचार गर्नुपर्ने विषयमा तत्काल सार्वजनिकीकरण वा पत्राचारको व्यवस्था सचिवले मिलाउनुपर्नेछ ।

११. आयोगको बैठकमा आमन्त्रण गर्न सकिने

आयोगले आवश्यक देखेमा यसै आयोगका र अन्यत्रका व्यक्तिहरूलाई पनि बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१२. आयोगको बैठकमा सचिवालयका कर्मचारीको उपस्थिति

सचिवले बैठकमा सहजीकरण र सहयोगका लागि आवश्यकता अनुसार सचिवालयका एकजना अधिकृत स्तरका कर्मचारीलाई खटाउन सक्नेछ । तर काम, कारवाहीको प्रकृति, महत्व र गांभिर्यलाई दृष्टिगत गरी अति संवेदनशील विषयमा आयोगले सचिवबाहेक कसैलाई पनि बैठकमा संलग्न नगराउन सक्नेछ ।

१३. बैठक भत्ता

बैठकमा उपस्थित हुने व्यक्तिलाई आयोगको सचिवालयले जनही एक हजार पाँचसय रूपैयाँ बैठक भत्ता उपलब्ध गराउनेछ । कार्यालय खुलेको दिनको कार्यालय समयभित्र बैठक बसेको भए यो भत्ता प्रमुख सूचना आयक्त, सूचना आयुक्तहरू, आयोगका सचिव र कर्मचारीले पाउने छैनन्, अन्यत्रका आमन्त्रितहरूले भने पाउने छन् । यो भत्ता (पारिश्रमिक) करयोग्य हुनेछ ।

१४. विविध

यो कार्यविधिमा कुनै परिमार्जन गर्नुपर्ने आवश्यकता भएमा आयोगको निर्णयानुसार परिमार्जन वा थपघट गर्न सकिनेछ ।

(द्रष्टव्य : प्रमुख सूचना आयुक्त र सचिव भन्नाले क्रमशः कार्यवाहक प्रमुख सूचना आयुक्त र निमित्त सचिव समेतलाई जनाउनेछ ।)

परिशिष्ट २५

सार्वजनिक निकायले स्वतः प्रकाशन गर्नुपर्ने सूचनाहरू

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) अनुसार सार्वजनिक निकायले सो निकायसँग सम्बन्धित देहायका सूचना सूचीकृत गरी ऐनको दफा ४ उपदफा (५) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम तीन/तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नु पर्दछ :-

(क) निकायको स्वरुप र प्रकृति,

(ख) निकायको काम, कर्तव्य र अधिकार,

(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण,

(घ) निकायबाट प्रदान गरिने सेवा,

(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी,

(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि,

(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी,

(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी,

(झ) सम्पादन गरेको कामको विवरण,

(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद,

(ट) ऐन, नियम, विनियम, निर्देशिकाको सूची,

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण,

(ड) तोकिए बमोजिमका अन्य विवरण ।

(ढ) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम आयोजना सञ्चालन गरेको भए सोको विवरण,

(ण) सार्वजनिक निकायको वेवसाइट भए सोको विवरण,

(त) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण,

(थ) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन,

(द) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी,

(ध) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय ।

(न) सार्वजनिक निकायका सूचनाहरू अन्यन्त्र प्रकाशन भएका वा हुने भए सोको विवरण ।

परिशिष्ट २६

नागरिक वडापत्र

क्र. सं.	सेवाको किसिम	सेवा प्रदान गर्ने शाखा	कोठा नं.	सेवा प्रदान गर्ने कर्मचारीहरू	निर्णय प्रक्रिया तथा सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात	सेवा प्राप्त गर्न लाग्ने शुल्क	सेवा प्राप्त गर्न लाग्ने समय	सेवा प्राप्त नभएमा उजुरी/पुनरावेदन सुन्ने अधिकारी	कैफियत
१.	सार्वजनिक निकायबाट सूचना नपाएको, गलत वा अधुरो सूचना पाएको सम्बन्धमा पुनरावेदन गर्ने	प्रमुख सूचना आयुक्त तथा सूचना आयुक्तहरू रहेको आयोग	दोश्रो भवन पहिलो तल्ला	– आयोग कार्यवाहक प्रमुख सूचना आयुक्त श्री श्रीआचार्य र सूचना आयुक्त श्री सविता भण्डारी बरालको संयुक्त इजलासबाट – उप सचिव श्री अच्युत कुमार पौड्याल – शाखा अधिकृत श्री बसन्तराज अधिकारी – शाखा अधिकृत श्री मिनाक्षी भूर्तेल – नायव सुब्बा श्री राधा देवी पोखरेल	– सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोगसमक्ष पुनरावेदन दिनसक्ने, – यसरी प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने, – पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई विना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने – पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने, – सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने	कनै शुल्क नलाग्ने	पुनरावेदन परेको ६० दिनभित्र	आयोगले गरेको सजाय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने, अन्यको हकमा पुनरावेदन नलाग्ने ।	

क्र. सं.	सेवाको किसिम	सेवा प्रदान गर्ने शाखा	कोठा नं.	सेवा प्रदान गर्ने कर्मचारीहरू	निर्णय प्रक्रिया तथा सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात	सेवा प्राप्त गर्न लाग्ने शुल्क	सेवा प्राप्त गर्न लाग्ने समय	सेवा प्राप्त नभएमा उजुरी/पुनरावेदन सुन्ने अधिकारी	कैफियत
२.	योजना, प्रवर्द्धन तथा अनुगमन गर्ने	योजना तथा प्रवर्द्धन शाखा	दोश्रो भवन भुई तल्ला	–उप सचिव श्री बेदनिधि अधिकारी –शाखा अधिकृत श्री मनिता कार्की	– योजना तथा प्रवर्द्धन शाखा प्रमुखले लेखा शाखा समेतको राय लिई वार्षिक रूपमा संचालन गर्ने कार्यक्रमको ढाँचा तयार गर्ने – स्वीकृत वार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरूको बजेट, कार्यक्रम र औचित्य समेत विचार गरी कार्यक्रम संचालनको लागि पेश गर्ने, – निर्णय भए अनुसार कार्यक्रम संचालन गर्ने र सोही अनुसार कार्यक्रम खर्चको लेखा शाखाले भुक्तानी दिने ।	कुनै शुल्क नलाग्ने	निरन्तर	सचिव श्री श्रीराम पन्त	
३.	सूचना अधिकारी	प्रशासन शाखा	पहिलो भवन भुई तल्ला	उप सचिव श्री गौलोचन सैंजू फोन नं. ४६०१२१२/४६०२७४७ मो.नं. ९८४१३३५८९९	आयोगसंग सम्बन्धित सूचना माग गर्न निवेदन दिन सक्ने	कुनै शुल्क लाग्दैन	निरन्तर	सचिव श्री श्रीराम पन्त	
४.	प्रवक्ता	आयोजना कार्यान्वयन शाखा	दोश्रो भवन पहिलो तल्ला	उप सचिव श्री माधव प्रसाद पोखरेल फोन नं. ४६०१२१२/४६०२७४७ मो.नं. ९८४१२३५६७७	आयोजना सम्बन्धी कार्य आयोगबाट भए गरेको महत्वपूर्ण सूचना सार्वजनिक गर्ने ।				

कुनै पनि नागरिकले सूचनाको हकसम्बन्धी ऐन तथा नियम बमोजिम भईरहेको कार्यहरूबारेमा जानकारी लिन चाहेमा आयोगको नोटिस वोर्ड सेवा लिन सक्नेछन् ।

नोटिस वोर्ड सेवा नम्बर :–१६१८–०१४६०१२१२
फोन नम्बर :– ४६०२७४७/४६०२९२०
फ्याक्स नम्बर :– ४६०१२१२
Web Site :- www.nic.gov.np
ईमेल :– info@nic.gov.np

परिशिष्ट २७

सूचनाको हक, जिज्ञासा र जवाफ

प्रश्न : सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य के हो ?

उत्तर : सरकारको काम खुला र पारदर्शी बनाउँदै सरकारी तथा सार्वजनिक निकायहरूलाई नागरिक प्रति जवाफदेही बनाउनु, सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनामा आमनागरिकको पहुँच सजिलोसँग पुऱ्याउँदै नागरिकको सुसूचित हुने हक संरक्षण गर्नु ।

प्रश्न : "सूचना" को अर्थ के हो ?

उत्तर : सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारवाही वा निर्णयसँग सम्बन्धित कुनै लिखित, सामग्री वा जानकारी ।

प्रश्न : "लिखत" को अर्थ के हो ?

उत्तर : "लिखत" भन्नाले लिपिबद्ध भएको जुनसुकै किसिमको लिखित सम्झनुपर्छ । यो शब्दले कुनै यन्त्रको माध्यमबाट संकलन वा अद्यावधिक गरिएको वा मुद्रित वा पुनः प्रस्तुत गर्न सकिने श्रव्य–दृश्य सामग्रीसमेत जनाउँछ ।

आशय : अभिलेख (Record), Documents, Memos) , इमेल, विचार, राय, सल्लाह, प्रेस विज्ञप्ति, परिपत्र (Circulars), आदेश, लगबुक, करार (Contracts), रिपोर्ट, मिसिल (Papers), वस्तुको नमुना (Samples, Models), इलेक्ट्रोनिक र डिजिटल रूपमा राखिएका तथ्यांक (Data) तथा प्रचलित कुनै कानुन अन्तर्गत सार्वजनिक निकायबाट प्राप्त गर्न सकिने कुनै पनि रूपमा रहेका जानकारीका सामग्रीहरू ।

प्रश्न : "सार्वजनिक महत्व" भन्नाले के बुझ्ने ?

उत्तरः यस्तो विषय जसले धेरै जनासँग सरोकार राख्छ, आमनागरिकको अधिकार र कर्तव्य तथा आमजनताले पाउने सामान, सेवा र सुविधा तथा त्यसको मूल्य र गुणस्तरसँग सरोकार राख्ने सबै विषय सार्वजनिक महत्वका हुन्छन् ।

प्रश्न : "सूचनाको हक" भनेको के हो ?

उत्तर : "सूचनाको हक" भनेको सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको विषयबारे सूचना माग्ने र पाउने अधिकार हो । यो शब्दले सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको काम कारवाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत् प्राप्त गर्ने अधिकारसमेत जनाउँछ ।

आशयःयस अन्तर्गत निम्नलिखित अधिकार पर्छन :

(क) काम, कागतपत्र (डकुमेन्ट), अभिलेख (रेकर्ड) हेर्ने/जाँच्ने (Inspect) ।

(ख) डकुमेन्ट वा रेकर्डको टिपोट लिने उदृत अंश (Extracts) लिने/उदृत गर्ने, प्रमाणित प्रतिलिपि लिने ।

(ग) कुनै वस्तु/सामान (Materials) को प्रमाणित नमूना लिने ।

(घ) मुद्रित, डिस्केट, पेनड्राइभ, फ्लपी, टेप, भिडियो क्यासेट वा कुनै पनि इलेक्ट्रोनिक रूपमा वा मुद्रणमार्फत् सूचना प्राप्त गर्ने ।

प्रश्न : सार्वजनिक निकाय भन्नाले कुन कुन निकाय बुझिन्छ ?

उत्तर : सार्वजनिक निकाय भन्नाले संविधान अन्तर्गतका निकायः ऐनद्वारा स्थापित निकाय, नेपाल सरकारद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक संगठित संस्था वा प्रतिष्ठान, प्रचलित कानुन बमोजिम दर्ता भएका राजनीतिक दल तथा संगठन, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेका वा अनुदानमा सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त संगठित संस्था, नेपाल सरकार वा कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको संस्था, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ/संस्थाहरू, नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था बुझिन्छ ।

प्रश्न : सार्वजनिक निकायका दायित्वहरू के के हुन् ?

उत्तर : (१) नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्ने गराउने,

(२) सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने,

(३) सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने,

(४) आफ्नो काम कारवाही खुला र पारदर्शी रूपमा गर्ने,

(५) आफ्ना कर्मचारीको लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने ।

- सूचना सार्वजनिक प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्न सक्ने ।

प्रश्न : सार्वजनिक निकायहरूले सूचनाको अद्यावधिक गरी प्रकाशन गर्नुपर्ने व्यवस्था के के छ ?

उत्तर : (१) सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नुपर्छ ।

(२) सार्वजनिक निकायले सम्भव भएसम्म सूचनाको हकसम्बन्धी ऐन लागू हुन भन्दा कम्तीमा बीस वर्ष अघिसम्मका आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गर्नु गराउनुपर्छ ।

(३) सार्वजनिक निकायले निकायसँग सम्बन्धित सूचना यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र र त्यसपछि प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्छ ।

प्रश्न : सार्वजनिक निकायहरूले कस्ता सूचनाको प्रकाशन र नियमित अद्यावधिक गर्नु पर्छ ?

उत्तर : सार्वजनिक निकायले सो निकायसँग सम्बन्धित निम्न सूचना सूचिकृत गरी प्रंकाशन गर्नुपर्छ :

(क) निकायको स्वरुप र प्रकृति,

(ख) निकायको काम, कर्तव्य र अधिकार,

(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण,

(घ) निकायबाट प्रदान गरिने सेवा,

(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी,

(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि,

(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी,

(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी,
(झ) सम्पादन गरेको कामको विवरण,
(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद,
(ट) ऐन, नियम, विनियम वा निर्देशिकको सूची,
(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण,
(ड) अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण,
(ढ) सार्वजनिक निकायको वेवसाईट भए सोको विवरण,
(ण) सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण,
(त) तोकिए बमोजिमका अन्य विवरण ।

सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ मा रहेका देहायका सूचना समेत सूचीकृत गरी प्रकाशन गर्नु पर्दछ

१ अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण,
२ सार्वजनिक निकायको वेवसाइट भए सोको विवरण,
३ सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण,
४ सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो प्रगति प्रतिवेदन,
५ सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि,
६ सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय ।
७ सार्वजनिक निकायका सूचनाहरू अन्यन्त्र प्रकाशन भएका वा हुने भए सोको विवरण ।

आशयः

(क) सार्वजनिक निकायको काम, कर्तव्य तथा अन्य विवरणहरू,
(ख) निकायमा कार्यरत अधिकृतहरू र कर्मचारीहरूको अधिकार र कर्तव्य,
(ग) निकायले काम गर्ने तरिका, निर्णय गर्ने प्रक्रिया,
(घ) काम गर्दा कर्मचारीहरूले पालना गर्ने नियम, नियमावली, आदेश (Instructions), निर्देशिका (Manuals) र अभिलेखहरू (Records) ,
(ङ) निकायसँग भएका वा निकायको अधीनमा भएका दस्तावेजहरूको प्रकारको विवरण,
(च) नीति बनाउँदा वा लागू गर्दा कुनै अन्य निकायका प्रतिनिधि वा व्यक्तिसँग परामर्श लिने व्यवस्था गरिएको भए त्यसको विवरण,
(छ) निकायले गठन गरेको दुई वा दुई जनाभन्दा धेरै सदस्य भएको बोर्ड, परिषद्, समिति आदिको विवरण । त्यस्ता समितिका बैठकहरू आमजनताका लागि खुला छन् कि छैनन् वा बैठकको माइन्युट सबैले हेर्न सक्छन् कि सक्दैनन् आदि थप जानकारी,

(ज) निकायका अधिकृत र कर्मचारीहरूको सूची,

(झ) प्रत्येक अधिकृत र कर्मचारीहरूले पाउने मासिक पारिश्रमिक,

(ञ) निकायका प्रत्येक शाखाहरूका लागि छुट्याइएको बजेटको साथै सबै योजनाहरूको विवरण, अनुमानित खर्च तथा बाँडफाँड/भुक्तानीको रिपोर्ट,

(ट) अनुदान कार्यक्रम लागू गर्ने तरिका साथै छुट्याइएको रकम र विस्तृत विवरण तथा त्यस्ता कार्यक्रमबाट लाभान्वित हुने मानिसहरूको विवरण,

(ठ) निकायबाट सुविधा (Concessions), इजाजत (Permits) वा अधिकारपत्र (Authorizations) पाएकाहरूको विवरण,

(ड) निकायमा उपलब्ध हुने वा निकायमा भएका इलेक्ट्रोनिक वा डिजिटल रूपमा परिणत गरिएका सूचनाहरूको विवरण,

(ढ) नागरिकले सूचना पाउने व्यवस्थाबारे विवरण, साथै सार्वजनिक प्रयोजनका लागि पुस्तकालय वा अध्ययन कक्षको व्यवस्था भए त्यसको कार्यविधि र समय, तथा सरकारी सूचना अधिकृतहरूको नाम, पद र अन्य विवरण,

(ण) अघिल्लो वर्ष कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए त्यसको विवरण,

(त) निकायले प्रकाशित वा तयार गरेका पुस्तक, पुस्तिका, जानकारी र चेतनामूलक सामग्री, श्रव्य, दृश्य, चलचित्र, डिजिटल, वेवसाईट इत्यादिको विवरण ।

प्रश्न : सूचना माग्ने र पाउने अधिकार कसलाई छ ?

उत्तर : प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ ।

प्रश्न : कस्ता व्यक्तिगत सूचना माग्न र पाउन सकिन्छ ?

उत्तर : सार्वजनिक निकायमा वहाल रहेका जुनसुकै व्यक्तिको पदसँग सम्बन्धित विषय र कार्यको सूचना माग्न पाइन्छ र सम्बन्धित निकायले माग गरेबमोजिमको सूचना उपलब्ध गराउनुपर्छ ।

प्रश्न : सार्वजनिक निकायमा सूचना दिने व्यक्ति को हो ?

उत्तर : प्रत्येक सार्वजनिक निकायमा सूचना अधिकारी र आवश्यक परे सहायक सूचना अधिकारीको व्यवस्था हुन्छ । नागरिकले सूचना अधिकारीसँग सूचना माग्नुपर्छ । उनले सूचना नदिए वा दिएको सूचनामा चित्त नबुझे कार्यालय प्रमुखसमक्ष निवेदन दिनुपर्छ ।

प्रश्न : सूचना कसरी माग्ने ?

उत्तर : सूचना पाउन चाहने नेपाली नागरिकले त्यस्तो सूचना पाउनु पर्ने कारण खुलाई सम्बन्धित सरकारी कार्यालय वा सार्वजनिक निकायको सूचना अधिकारीसमक्ष निवेदन दिनुपर्छ ।

प्रश्न : माग गरेको सूचना कति दिनमा पाइन्छ ?

उत्तर : तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र पाइन्छ तर व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरिएकोमा भने त्यस्तो सूचना माग गरेको चौबीस घण्टाभित्र पाइन्छ ।

यदि माग गरिएको सूचना तत्काल उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोको कारणसहितको जानकारी निवेदकलाई तुरुन्त गराउनुपर्छ ।

प्रश्न : सूचना कस्तो रूपमा पाइन्छ ?

उत्तर : सूचना जुन रूपमा छ, त्यही रूपमा त्यसको प्रतिलिपि पाइन्छ । (जस्तै लिखित, मुद्रित, फोटोकपी, सीडी, पेनड्राइभमा वा अक्षर, श्रव्य वा चलचित्रको डिजिटल कपीको रूपमा) ।

तर, निवेदकले माग गरेको स्वरूपमा सूचना उपलब्ध गराउँदा सूचनाको श्रोत बिग्रने, भत्कने वा नष्ट हुने सम्भावना भएमा सूचना अधिकारीले सोको कारण खोली उपयुक्त स्वरूपमा निवेदकलाई सूचना उपलब्ध गराउन सक्छ ।

प्रश्न : सूचना वा जानकारी हेर्न मात्र पनि पाइन्छ ?

उत्तर : पाइन्छ । हेर्न चाहेको विषयको फाइल, लिखित, सामग्री वा काम कारवाहीको अध्ययन वा अवलोकन गर्नका लागि निवेदन दिएमा सूचना अधिकारीले निवेदकलाई त्यस्तो फाईल, लिखित सामग्री वा काम कारवाहीको अध्ययन वा अवलोकनको निमित्त मुनासिब समय उपलब्ध गराउँछन् ।

प्रश्न : सूचना लिँदा शुल्क लाग्छ ? कति लाग्छ ?

उत्तर : लाग्छ, सामान्य आकारको (आठ दशमलब तीन इन्च चौडाई र एघार दशमलव सात इन्च लम्वाई सम्म साईज भएको) कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ पाँच रुपैयाँ र त्योभन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रुपैयाँ । तर, सामान्य आकारको कागतमा तयार गरिएको दश पेजसम्मको सूचनाको लागि भने शुल्क लाग्दैन । दश पृष्ठ सम्मको सूचना सार्वजनिक निकायले निःशुल्क उपलब्ध गराउनु पर्छ ।

प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था गरिएको छ भने सोही बमोजिम दस्तुर लाग्छ ।

डिस्केट, सीडि र अन्य यस्तै प्रकारका डिजिटल माध्यमद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडि बापत पचास रुपैयाँ लाग्छ । सूचना माग्न निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन ।

प्रश्न : कार्यस्थलमा गै अध्ययन, अवलोकन, निरीक्षण गर्दा शुल्क लाग्छ ? कति लाग्छ ?

उत्तर : सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारवाहीको अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ लाग्छ । तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रूपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन वापत दस्तुर लाग्ने छैन ।

- कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा सार्वजनिक निकायले वास्तविक लागतको आधारमा दस्तुर निर्धारण गर्न सक्छ ।
- सूचना लिएवापतको लाग्ने दस्तुर प्रत्येक दुई वर्षमा पुनरावलोकन गरी अद्यावधिक गर्दै गर्नुपर्छ । सार्वजनिक निकायले सूचना दिँदा लाग्ने दस्तुर लागतभन्दा बढी भएको लागेमा सम्बन्धित व्यक्तिले आयोगसमक्ष उजुरी दिनुपर्छ । त्यस्तो उजुरीउपर जाँचबुझ गर्दा दस्तुर बढी देखिएमा आयोगले त्यस्तो दस्तुर पुनरावलोकन गर्न आदेश दिन्छ ।

प्रश्न : शुल्क कसरी बुझाउने ?

उत्तर : सार्वजनिक निकायबाट सूचना लिँदा लाग्ने दस्तुर वापतको रकम नगदै लिने वा कुनै खास बैंकमा

जम्मा गरी सोको भौचर पेश गर्नुपर्छ वा सो रकम बराबरको हुलाक टिकट निवेदनमा टाँस गर्न सकिन्छ ।

प्रश्न : सूचना दिन नमिल्ने विषयहरू केके हुन् ?

उत्तर : (क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,

(घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने,

(ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने विषयको सूचना दिन मिल्दैन । तर, त्यसरी सूचना प्रवाह नगर्नु पर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउँदैन ।

प्रश्न : सूचना वर्गीकरण र गोप्य राख्ने व्यवस्था छ ?

उत्तर : सरकारी एवं सार्वजनिक निकायमा रहेका सूचनाको संरक्षण गर्नका लागि नीतिगत रूपमा सूचनाको वर्गीकरण गर्न सरकारले एउटा समिति बनाएको हुन्छ । त्यही समितिले कस्तो सूचना गोप्य राख्ने भनेर तोकेको हुन्छ । त्यो समितिमा (क) नेपाल सरकारको मुख्य सचिव, अध्यक्ष, (ख) सम्बन्धित मन्त्रालयका सचिव, सदस्य र (ग) कार्यालय प्रमुख वा अध्यक्षले तोकेको सम्बन्धित विषयको विशेषज्ञ सदस्य हुन्छन् । यही समितिले कुन सूचना कति वर्षसम्म गोप्य राख्नुपर्ने हो सोको अवधि र संरक्षण गर्ने तरीका समेतका बारेमा निश्चित मापदण्ड निर्धारण गरी पहिले नै सोको जानकारी आयोगलाई दिएको हुन्छ । त्यो समितिले गरेको वर्गीकरण चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना सार्वजनिक हुनुपर्ने भनी आयोगमा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ । त्यस्तो निवेदन उपर आयोगले पुनरावलोकन गर्दा सो सूचना गोप्य राख्नुपर्ने नदेखिएमा सार्वजनिक गर्न आदेश दिनेछ । वर्गीकरण गरिएको सूचना सूचनाको प्रकृतिअनुसार बढीमा तीस वर्षको अवधिसम्म गोप्य राख्न सकिनेछ । त्यसरी गोप्य राख्नुपर्ने सूचना गोप्य राखिराख्नु पर्ने वा नपर्ने सम्बन्धमा समितिले प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नेछ । पुनरावलोकन गर्दा त्यस्तो सूचना थप अवधिसम्मको लागि गोप्य राखिराख्नु पर्ने भएमा त्यसरी गोप्य रहनुपर्ने अवधि खुलाई सो अवधिसम्म गोप्य राख्ने गरी र गोप्य राख्नु नपर्ने भएमा गोप्य राख्नु नपर्ने गरी वर्गीकरण गर्नुपर्छ ।

प्रश्न : सूचना नदिएमा वा गलत सूचना दिएमा के गर्ने ?

उत्तर : सूचना अधिकारीले सूचना नदिएमा वा आंशिक सूचना उपलब्ध गराएमा वा गलत सूचना दिएमा वा सरोकारवाला होइन भनी सूचना नदिएमा सम्बन्धित व्यक्तिले त्यसरी सूचना नपाएको वा आंशिक सूचना पाएको मितिले सात दिन भित्र सम्बन्धित कार्यालय वा निकायका प्रमुखसमक्ष उजुरी दिनुपर्छ । प्राप्त उजुरी जाँचबुझ गर्दा सूचना नदिएको वा आंशिक सूचना दिएको वा गलत सूचना दिएको देखिएमा सम्बन्धित कार्यालय प्रमुखले निवेदकद्वारा माग भएबमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिनेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ । यदि सूचना दिन नमिल्ने भएमा प्रमुखले सोही व्यहोराको निर्णय गरी

सोको कारणसहितको लिखित जानकारी निवेदकलाई दिनुपर्छ ।

प्रश्न : कार्यालय प्रमुखले सूचना अधिकारी विरुद्धको उजुरी उपर कति समयभित्र निर्णय गरेर सूचना उपलब्ध गराउनुपर्छ ?

उत्तर : सूचना अधिकारीको विरुद्ध कार्यालय प्रमुखसमक्ष परेको उजुरीको सम्बन्धमा प्रमुखले आवश्यक जाँचबुझ गरी सात दिनभित्र अन्तिम टुंगो लगाई सक्नुपर्छ ।

उजुरी जाँचबुझ गर्दा उजुर गर्ने व्यक्तिलाई सूचना उपलब्ध गराउन पर्ने देखिएमा प्रमुखले त्यसरी उजुरी टुंगो लागेको मितिले बढीमा सात दिनको म्याद दिई सूचना उपलब्ध गराउन सम्बन्धित सूचना अधिकारीलाई आदेश दिनुपर्छ । यसरी पहिले उजुरी गरेको १५ दिन भित्र सूचना पाइन्छ ।

प्रश्न : प्रमुखको निर्णय पनि चित्त नबुझे के गर्ने ?

उत्तर : आयोगमा पुनरावेदन दिने । प्रमुखले गरेको निर्णय चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र आयोग समक्ष पुनरावेदन दिन सक्छ ।

प्रश्न : आयोग समक्ष पुनरावेदन कसरी गर्ने ?

उत्तर : पुनरावेदन दिने व्यक्तिले परिशिष्ट ६ बमोजिमको ढाँचामा आयोग समक्ष पुनरावेदन दिनु पर्छ । त्यस्तो पुनरावेदन सम्बन्धित व्यक्तिले चाहेमा आफैले उपस्थित भई वा सम्बन्धित सार्वजनिक निकाय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा कुनै हुलाकमार्फत दिन सक्छ ।

कुनै व्यक्तिले सार्वजनिक निकाय वा जिल्ला प्रशासन कार्यालयमार्फत् पुनरावेदन दिएकोमा त्यस्तो कार्यालयले पुनरावेदन दिने व्यक्तिलाई बुझेको भर्पाइ दिई सो पुनरावेदन तीन दिनभित्र आयोगमा पठाई दिनुपर्छ । प्राप्त भएको पुनरावेदन जाँचबुझ गर्दा ऐनको म्यादभित्र परेको देखिएमा आयोगका सचिवले त्यस्तो पुनरावेदन दर्ता गर्नुपर्छ ।

पुनरावेदन ऐनको म्याद नाघी बुझाएको देखिएमा सचिवले सोही व्यहोरा जनाई पुनरावेदन दरपीठ गर्नुपर्छ ।

प्रश्न : आयोगले पुनरावेदनमाथि कारवाही र निर्णय कसरी गर्छ ?

उत्तर : आयोगले पुनरावेदनको कारबाही र किनारा गर्दा पुनरावेदकको माग दाबी, सम्बन्धित प्रमुखको जवाफ तथा प्राप्त सवूद प्रमाणको मूल्याङ्कनको आधारमा गर्नुपर्छ ।

आयोगले पुनरावेदकको माग बमोजिम सम्बन्धित प्रमुखको नाममा आदेश जारी गर्ने वा पुनरावेदन खारेज गर्ने आदेश गर्दा आधार र कारण खुलाउनुपर्छ । आयोगले पुनरावेदनको व्यहोरा मनासिव देखिएमा समयावधि तोकी पुनरावेदकलाई विनाशुल्क सूचना उपलब्ध गराउनू भनी सम्बन्धित प्रमुखको नाममा आदेश गर्छ र निवेदकलाई सूचना प्राप्त हुन्छ ।

प्रश्न : आयोगले कति दिनमा त्यस्तो निर्णय दिन्छ ?

उत्तर : आयोगसमक्ष पुनरावेदन प्राप्त भएको मितिले साठी दिनभित्र आयोगले पुनरावेदनको किनारा गर्नुपर्छ ।

प्रश्न : सूचना आयोगको गठन कसरी हुन्छ ?

उत्तर : व्यवस्थापिका संसदका सभामुख, अध्यक्ष तथा सूचना तथा संचार मन्त्री र नेपाल पत्रकार महासंघका अध्यक्ष, सदस्य रहेको समितिले प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्तिका लागि नाम सिफारिस गर्छ । त्यही सिफारिसमा नेपाल सरकारले प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको नियुक्ति गर्छ । त्यसरी नियुक्ति गर्दा कम्तीमा एक जना महिला समावेस हुनैपर्छ ।

प्रश्न : आयोगको कार्यालय कहाँ छ ?

उत्तर : आयोगको कार्यालय काठमाडौ, पेरीसडाँडा, कोटेश्वरमा छ। आयोगले आवश्यकता अनुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्छ।

प्रश्न : सार्वजनिक निकायमा रहेका सूचनाको संरक्षण कसरी गरिन्छ ?

उत्तर : (१) सार्वजनिक निकायले आफूसमक्ष रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरू अनाधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरी राख्नुपर्छ।

(२) सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचनाहरू देहायको अवस्थामा बाहेक सम्बन्धित व्यक्तिको लिखित सहमतिविना प्रयोग गर्नुहुदैन।

(क) कुनै व्यक्तिको जीवन वा सर्वसाधारणको स्वास्थ्य वा सुरक्षामा रहेको गम्भीर खतराको निवारण गर्ने सम्बन्धमा,

(ख) प्रचलित कानुनबमोजिम प्रकट गर्नुपर्ने विषय भएमा,

(ग) भ्रष्टाचार नियन्त्रण गर्ने सम्बन्धमा।

प्रश्न : सूचनादाताको संरक्षण भनेको के हो र कसरी गरिन्छ ?

उत्तर : (१) सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुन सक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानुनबमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुन्छ।

(२) सूचना दिने सूचनादाताको पहिचान गोप्य राख्नु सूचना प्राप्तकर्ताको कर्तव्य हुन्छ।

(३) सूचना दिएको कारणले त्यस्तो सूचनादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानूनी दायित्व बहन गराउने गरी सजाय गर्न वा हानी नोक्सानी पुऱ्याउन पाईदैन।

(४) केही गरी सूचनादातालाई सजाय गरेमा वा हानी नोक्सानी पुऱ्याएमा सूचनादाताले सो निर्णय बदर गराउन क्षतिपूर्तिको माग सहितको उजुरी आयोगमा गर्न सक्छ।

(५) परेको उजुरीमा जाँचबुझ गर्दा सूचनादातालाई पदमुक्त गरेको भए आयोगले त्यस्तो निर्णय बदर गर्न सूचनादातालाई कुनै नोक्सानी पुगेको रहेछ भने क्षतिपूर्ति भराउनसमेत आदेश दिन सक्छ।

प्रश्न : सूचनाको दुरुपयोग गरे के हुन्छ ?

उत्तर : सार्वजनिक निकायबाट प्राप्त गरेका सूचना जुन प्रयोजनको लागि प्राप्त गरेको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्छ, दुरुपयोग गर्नु हुदैन।

सूचनाको दुरुपयोग गरेमा सम्बन्धित निकायले सो सम्बन्धमा आयोगसमक्ष उजुरी गर्न सक्छ। र सूचना साँच्चै नै दुरुपयोग गरिएको पाइएमा आयोगले सम्बन्धित व्यक्तिलाई पाँच हजारदेखि पच्चीस हजार रुपैयाँसम्म दण्ड गर्न सक्छ।

प्रश्न : सार्वजनिक निकायले सूचना नदिए के सजाय हुन्छ ?

उत्तर : सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिब कारणविना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारवाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्छ। त्यस्तै सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले

समयमा दिनुपर्ने सूचना विनाकारण समयमा उपलब्ध नगराई ढिलाई गरेमा जति दिन ढिलाई गरेको हो प्रतिदिन दुई सय रुपैयाँको दरले निजलाई जरिवाना हुन्छ। आयोगबाट विभागीय कारवाहीको लागि लेखी आएमा सार्वजनिक निकायले तीन महिनाभित्र त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई विभागीय कारवाही गरी सोको जानकारी आयोगलाई दिनुपर्छ। आयोगले यस ऐन बमोजिम गरेको निर्णय वा दिएको आदेश पालना नगर्ने व्यक्तिलाई आयोगले दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्छ।

प्रश्न : क्षतिपूर्ति व्यवस्था के छ ?

उत्तर : सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले सूचना नदिएको, दिन इन्कार गरेको, आंशिक वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै व्यक्तिलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो व्यक्तिले सूचना नपाएको, आंशिक वा गलत सूचना पाएको वा सूचना नष्ट गरेको मितिले तीन महिनाभित्र आयोगसमक्ष क्षतिपूर्तिको लागि निवेदन दिन सक्छ।

प्राप्त निवेदन जाँचबुझ गर्दा मनासिब देखिएमा आयोगले निवेदकलाई पर्न गएको वास्तविक हानि नोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्छ।

प्रश्न : आयोगको निर्णयउपर पुनरावेदन लाग्छ ?

उत्तर : ऐनको दफा ३२ बमोजिम सजाय तथा क्षतिपूर्तिका सम्बन्धमा आयोगले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्छ।

प्रश्न : सार्वजनिक निकायमा भएको सूचना सच्याउँन सकिन्छ ?

उत्तर : सार्वजनिक निकायमा रहेको कुनै विषयको सूचना गलत छ भन्ने लागेमा त्यस्तो व्यक्तिले सो सूचना सच्याउनको लागि आवश्यक प्रमाणसहित सम्बन्धित प्रमुखसमक्ष निवेदन दिएमा प्रमुखले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा आफ्नो निकायमा रहेको सूचना गलत भएको देखिएमा निवेदन परेको सात दिनभित्र त्यस्तो सूचना सच्याई सोको जानकारी निवेदकलाई दिनुपर्छ।

प्रश्न : कारवाही नहुने अवस्था पनि छ ?

उत्तर : कार्यालय प्रमुख वा सूचना अधिकारीले सूचना प्रवाह गर्ने सम्बन्धमा असल नियतले गरेको काम कारवाहीको सम्बन्धमा निजउपर कुनै प्रकारको मुद्दा चलाइने र निजलाई कुनै सजाय गरिने छैन।

प्रश्न : सूचनाको हकसम्बन्धी ऐन, २०६४ प्रमाणीकरण र लागू कहिले देखि भयो ?

उत्तर : २०६४ साउन ५ गते सभामुखबाट ऐन प्रमाणित भयो र भदौ ३ गतेदेखि लागू भयो।

प्रश्न : राष्ट्रिय सूचना आयोगको गठन कहिले र कसरी भयो ?

उत्तर : सिफारिस समितिले २०६४ भदौ ८ गते पहिलो पटक र २०६४ पुस ३० राष्ट्रिय सूचना आयोगको पदाधिकारीको नाम सिफारिस गऱ्यो। पुस ३० गते नै मन्त्रीबाट निर्णयका लागि मन्त्रिपरिषद्मा प्रस्तुत

भयो र २०६५ बैशाख २२ गते राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त पदमा श्री विनयकुमार कसजू, आयुक्त पदमा श्री श्रीआचार्य र श्री सविता भण्डारी बरललाई नियुक्त गर्ने नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भयो ।

२०६५ जेठ २४ गते राष्ट्रिय सूचना आयोगका पदाधिकारीहरूलाई औपचारिक नियुक्ति पत्र हस्तान्तरण भयो ।

२०६५ जेठ ३१ मा प्रधानमन्त्रीबाट प्रमुख सूचना आयुक्तलाई र प्रमुख सूचना आयुक्तबाट आयुक्तहरूलाई प्रधानमन्त्री निवास बालुबाटारमा सपथ गराइयो ।

प्रश्न : आयोगसँग कसरी सम्पर्क गर्न सकिन्छ ?

उत्तर : आयोगको कार्यालय कोटेश्वर, पेरीसडाँडा, काठमाडौमा छ ।
आयोगसंग निम्नलिखित माध्यमबाट सम्पर्क गर्न सकिन्छ ।

फोन नं. :– ४६०२७४७/४६०२९२०
फ्याक्स नं. :– ४६०१२१२
वेवसाईट :– www.nic.gov.np
इमेल :– info@nic.gov.np
ठेगाना : :– कोटेश्वर, पेरीसडाँडा, काठमाण्डौ ।

परिशिष्ट २८
नेपालमा सूचनाको हकको कानुनी परिवेशको विकास

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ ले प्रत्येक नेपाली नागरिकलाई सूचनाको हक र सार्वजनिक निकायमा रहेको सूचनामा पहुँचको अधिकार दिएको छ ।

यसअघि, सबैभन्दा पहिले नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाली नागरिकलाई सूचनाको हक मौलिक हकको रूपमा दिएको थियो । तर यससम्बन्धी ऐनको अभावमा सूचनाको हकको कार्यान्वयन सहज र सरल थिएन ।

नेपालको अन्तरिम संविधान, २०६३ मा पनि सूचनाको हकलाई नागरिकको मौलिक हकको रूपमा व्यवस्थित गरिएको छ :

"प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानूनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई पनि कर लगाएको मानिने छैन ।" (धारा २७)

२०६३ सालको जनआन्दोलनको सफलताको फलस्वरूप पुनर्स्थापित व्यवस्थापिका संसद्ले २०६४ साल साउन २ गते सूचनाको हकसम्बन्धी ऐन, २०६४ पारित गर्‍यो र साउन ५ गते सभामुखबाट प्रमाणित भयो । ऐनको व्यवस्था अनुसार ऐन प्रमाणित भएको तीस दिनपछि अर्थात् २०६४ साल भदौ ३ गतेदेखि यो ऐन लागू भयो ।

नेपाली नागरिकले सूचनाको हक सर्वप्रथम मौलिक हकको रूपमा पाएको सत्र वर्षपछि मात्र सूचनाको हकसम्बन्धी ऐन बन्यो । यसबीच सूचनाको हकको कार्यान्वयन आमनागरिकका लागि सहज थिएन । यसका लागि अदालतको सहारा लिनु आवश्यक हुन्थ्यो ।

सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकायको परिभाषालाई व्यापक बनाएर नागरिकसँग सरोकार राख्ने सबैखालका निकाय र सरकारी निकायहरूलाई नागरिकप्रति उत्तरदायी बनाएको छ । सार्वजनिक निकायमा भएका सूचनामा नागरिकको पहुँचको अधिकारलाई सुनिश्चित गरेको छ । सार्वजनिक निकायहरूले आफ्ना सबै सूचना नागरिकले नमागेको अवस्थामा पनि तीन/तीन महिनामा सार्वजनिक गर्नुपर्ने दायित्व छ । साथै नागरिकले आफ्नो बारेको सूचना सरोकारवाला निकायसँग माग्न पाउने अधिकार पनि दिएको छ । यसरी सूचनाको हकसम्बन्धी ऐनले लोकतान्त्रिक व्यवस्थामा नागरिकले पाउने एउटा महत्वपूर्ण हकलाई व्यावहारिक रूपमा उपभोग गर्न सक्ने बाटो खोलिदिएको छ ।

सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयन प्रभावकारी रूपमा भयो भने यसले राज्यका सम्पूर्ण अंग र सार्वजनिक निकायहरूलाई जनताप्रति उत्तरदायी, पारदर्शी, संवेदनशील र सक्रिय बनाउन सक्छ । गोपनीयताको संस्कारमा हुर्केको प्रशासनिक संयन्त्रमा परिवर्तन ल्याउन सक्छ र जनउत्तरदायी, पारदर्शी लोकतान्त्रिक शासन व्यस्थालाई बलियो बनाउन सक्छ । यसको सफल कार्यान्वयनले शासक र नेतृत्ववर्गलाई जनउत्तरदायी बन्न बाध्य बनाउँछ । भ्रष्टाचारको महाजालबाट समाज र राष्ट्रलाई जोगाउँदै लोकतन्त्रलाई बलियो बनाउँछ ।

वास्तवमा सूचनाको हकबिना जनताका अरू अधिकारहरू अधुरा हुन्छन् । त्यसैले जनतालाई शक्तिसम्पन्न बनाउन सूचनाको हकलाई पूर्णता दिनु अति आवश्यक छ ।

अन्तर्राष्ट्रिय प्रचलन र अनुभव

सन् १९४६ मा संयुक्त राष्ट्र संघले एउटा प्रारम्भकालीन प्रस्ताव पारित गरेको थियो । त्यो प्रस्तावमा भनिएको थियो :

सूचनाको हक मानिसको मौलिक अधिकार हो ... यो संयुक्त राष्ट्र संघ जुन स्वतन्त्रताका लागि समर्पित छ ती सबै स्वतन्त्रतालाई जाँच्ने आधार/कसी हो ।

सन् १९४८ मा संयुक्त राष्ट्र संघले जारी गरेको मानवअधिकारको विश्वव्यापी घोषणाको धारा १९ मा सूचनाको अधिकारलाई यसरी स्पष्ट पारिएको छ :

"हरेक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार छ । यो अधिकारभित्र कुनै बाधा बिना कुनै पनि विचार मान्ने र कुनै पनि माध्यमबाट र सीमाको बन्धनबिना सूचना खोज्ने, पाउने र बाँडने स्वतन्त्रता पर्छ ।"

अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ मा पनि मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा रहेको व्यवस्था सरह नै सूचनाको हकको व्यवस्था गरिएको छ :

- प्रत्येक व्यक्तिलाई बिनाकुनै हस्तक्षेप आफ्नो विचार राख्न पाउने अधिकार हुनेछ ।
- प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, जसअन्तर्गत कुनै बन्देज वा सीमा बिना आफूले चाहेको सूचना तथा विचार खोज्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना वा विचार मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा आफ्नो छनौटको अन्य कुनै माध्यमद्वारा प्रसार गर्न पाउने स्वतन्त्रता हुनेछ । (धारा १९)

त्यस्तै, मानवअधिकार तथा मौलिक स्वतन्त्रताको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धि १९५० को धारा १० मा मानवअधिकारसम्बन्धी अमेरिकी अभिसन्धि १९६९ को धारा १३ मा मानवअधिकार तथा मानिसको अधिकारसम्बन्धी अफ्रिकी बडापत्र १९८१ को धारा ९ मा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकको व्यवस्था गरिएको छ ।

युरोपका विभिन्न मुलुकमा सूचनाको हक संविधान र कानुनमा व्यवस्था गरिएको लामो इतिहास छ । स्वीडेनको संविधानमा १७६६ देखि नै सूचनाको स्वतन्त्रताको प्रत्याभूति गरिएको थियो । कुनै विशेष कानुनले नरोकेसम्म सरकारी निकायका काम कारवाही पारदर्शी हुन्छन् भन्ने मान्यताले त्यहाँको समाजमा, विचार र व्यवहारमा दरोसँग जरा गाडिसकेको छ ।

फिनल्याण्डमा सन् १९५१ मा "सरकारी लिखतहरूको सार्वजनिक स्वरूपका बारेमा कानुन बनेको थियो भने डेनमार्क र नर्वेमा सन् १९७० मा सूचनामा पहुँचसम्बन्धी ऐन लागू भएको थियो ।

संयुक्त राज्य अमेरिकामा सन् १९६६ मा सूचनाको स्वतन्त्रतासम्बन्धी ऐन लागू भएको थियो, जसमा खुलापन/पारदर्शिता अर्थात् सूचना सार्वजनिक गर्ने काम स्वाभाविक र सूचना लुकाउने काम अपवाद मानिन्छ ।

भारतमा सन् २००५ देखि सूचना अधिकार ऐन देशभरि लागू भयो । त्यहाँ सूचनाको हकको लागि चलेको आन्दोलन अरू विकासशील मुलुकहरूका लागि पनि उदाहरणीय छ । भारतमा सूचनाको हक संविधानमा उल्लेख नभएता पनि वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको हिस्साको रूपमा सूचनाको हक रहेको व्याख्या गरेर यसलाई बल दिएको थियो भने गाउँलेहरूको काम गर्न पाउने, उचित ज्याला र काम गरेको अभिलेख हेर्न पाउनका लागि भएको नागरिक आन्दोलनले सूचनाको हकसम्बन्धी कानुन बनाउन सरकारलाई बाध्य पारेको थियो ।

अहिले संसारका सय भन्दा बढी धेरै मुलुकमा सूचनाको हकसम्बन्धी ऐन लागू भएको छ ।

नेपालको प्रयास र अनुभव

नेपालमा सूचनाको हकलाई संवैधानिक र कानुनी रूपमा स्थापित गर्न तथा सूचनाको हकसम्बन्धी ऐन निर्माण गर्न विभिन्न पक्षले भूमिका खेलेका छन् ।

- अन्तर्राष्ट्रिय अनुबन्धहरू
- अदालतको सक्रियतावादी भूमिका
- लोकतान्त्रिक आन्दोलन
- पत्रकार र नागरिकसमाजको आन्दोलन

अन्तर्राष्ट्रिय अनुबन्धहरू

नेपालका राष्ट्रिय कानुनहरूले नेपालद्वारा अनुमोदन वा हस्ताक्षर गरिएका अन्तर्राष्ट्रिय अनुवन्धहरूलाई संविधान तथा कानुनसरह मान्यता दिने व्यवस्था गरेको कारणले पनि सूचनाको हकलाई नेपालले पालन गर्नु पर्ने बाध्यकारी अवस्था थियो र छ पनि । नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ लाई सन् १९९१ को मे १४ मा अनुमोदन गरिसकेको छ । त्यसैगरी, नेपालको सन्धि ऐन, २०४७ को दफा ९ अनुसार नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिहरू नेपालका कानुन सरह लागु हुन्छन् र त्यस्ता सन्धिहरूको प्रावधान प्रचलित नेपाली कानुनसँग बाझिएमा बाझिएको हदसम्म सन्धिकै प्रावधान मान्य हुन्छ । यसप्रकार नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा निहित अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकसम्बन्धी प्रावधान नेपालका लागि राष्ट्रिय कानुनकै एक भाग पनि हो । त्यसैले अन्तर्राष्ट्रिय अनुबन्धअनुरूप नेपालले प्रचलित ऐन कानुनहरूलाई समय सापेक्ष रूपमा परिमार्जन र संशोधन गर्दै लग्नु आवश्यक हुन्छ ।

अदालतको सक्रियतावादी भूमिका

२०४७ सालको संविधानमा सूचनाको हकलाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेपछि सर्वोच्च अदालतबाट सूचनाको हकको पक्षमा महत्वपूर्ण र ऐतिहासिक निर्णयहरू भएका छन् । तीमध्ये सर्वोच्च अदालतका दुइ वटा फैसला ऐतिहासिक र उल्लेखनीय छन् ।

१: टनकपुर बाँध सम्बन्धी मुद्दामा सर्वोच्च अदालतको फैसला । त्यसको अंश यस्तो छ : "संविधानको धारा १६ ले सार्वजनिक महत्त्वको कुनै विषयमा सूचना माग्ने र पाउने अधिकार देशका प्रत्येक नागरिकलाई प्रदान गरेको छ । सरकारबाट गरिने यस्ता सबै काम कारवाहीहरू जसबाट पूरै राष्ट्रलाई वा सर्वसाधारण जनताको कुनै वर्ग वा समुदायलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर पर्न सक्तछ, सार्वजनिक महत्त्वका हुन्छन्; यस्ता सार्वजनिक महत्त्वका विषयमा सरकारले अपनाएको नीति र गरेका निर्णय र कामहरूको सम्बन्धमा जानकारी दिने एकातिर सरकारको कर्तव्य हो भने अर्कोतिर त्यस्तो सूचना माग्ने र पाउने नागरिकको अधिकार पनि हो ।" (सर्वोच्च अदालत बुलेटिन, वर्ष १, अङ्क ११, पृ. १ ।)

२: अरूण तेस्रो मुद्दामा सर्वोच्च अदालतको फैसला । त्यसमा अदालतले सूचनाको हकसम्बन्धी कानुनको आभावलाई हृदयंगम गरी आठ वटा नियम पालन गर्दै सूचना दिने निर्णय गर्‍यो । उक्त नियमहरू 'आवश्यक नियम कानून नबनेसम्म लागू रहनेछन्' भनेर त्यस निर्णयले सूचनाको हक ऐन नबनेसम्मका लागि एउटा आधार बनाइ दियो भने 'लिखतहरूको गोप्यतासम्बन्धी कानून लागू नहुँदा सम्बन्धित सबैलाई कठिनाइ र अनिश्चितताको स्थितिमा अल्मलिई रहनुपर्ने हुँदा उक्त कानूनलाई लागू गर्न' वा

अन्य कानूनी व्यवस्था यथाशक्य चाँडो गर्नको लागि सरकारको ध्यानाकर्षण समेत गर्‍यो । (नेपाल कानून पत्रिका २०५१, अङ्क १, पृ. ५८ ।)

यी दुई मुद्दाका सन्दर्भका साथै योगी नरहरिनाथको मुद्दामा सर्वोच्च अदालतले सामान्यतया के कस्ता विषय गोप्य रहन्छन् भन्ने ६ वटा बुँदामा स्पष्ट पार्‍यो । (योगी नरहरिनाथ वि. श्री ५ को सरकार मन्त्रिपरिषद्समेत, सं २०५४ को रिट नं. ३१९३, आदेश मिति २०६०/३/१२ ।) । त्यसैगरी शाही शासनकालमा एफएम रेडियोहरूले समाचार सङ्कलन गरेर प्रसारण गर्न रोक लगाएको र कार्यक्रमको विषयमा अनुचित निर्देशन दिइएको विरूद्धमा सूचना र अभिव्यक्तिको अधिकारको हनन भएको भनेर परेको मुद्दामा सर्वोच्च अदालतको विशेष इजलासले सरकारले दिएको निर्देशन बदर गर्दै दिएको निर्णय पनि महत्वपूर्ण छ :

"..... यसैले प्रत्येक नागरिकलाई कुनै पनि सार्वजनिक महत्त्वको विषयमा आफ्नो विचार तथा अभिव्यक्ति रेडियोद्वारा सार्वजनिक महत्त्वका विषयमा सूचना पाउने एवं अरूका विचार तथा अभिव्यक्ति प्राप्त गर्ने अधिकार पनि संविधानद्वारा व्यवस्थित विचार अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनाको हकको अन्तरभूत अङ्गको रूपमा रहेको मान्नुपर्ने हुन आउँछ ।"(माधब कुमार बस्नेत वि. सूचना तथा सञ्चार मन्त्रालय, नेपाल कानून पत्रिका, २०५८, अङ्क ७ र ८, पृ. ३९२ ।)

सूचनाको हक भनेर उल्लेख नगरिए तापनि अदालतका सूचनाहरू सरोकारवालाहरूले पाउने व्यवस्था सर्वोच्च अदालत नियमावली, २०१३ मा मिहीन रूपमा उल्लेख गरिएको छ । त्यसमा उल्लिखित सूचना दिने प्रावधानका प्रक्रियाहरू हेर्दा त्यो नियमावलीलाई सूचनाको हकसम्बन्धी ऐनको वीजारोपण भन्न सकिन्छ ।

सूचनाको हकलाई वाक् तथा प्रकाशन स्वतन्त्रतामा अन्तर्निहित मान्ने हो भने सूचनाको हकसम्बन्धी संकेत २००४ सालको वैधानिक कानुन (धारा ४) तथा अन्तरिम संविधान २००७ मा 'राज्यको नीतिका निर्देशक सिद्धान्तहरू' अन्तर्गत (धारा १६) पनि पाइन्छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले यसअघिका संविधानहरूमा उल्लिखित वाक् तथा प्रकाशन स्वतन्त्रतालाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता भनी परिवर्तन गर्नुका साथै सूचनाको हकलाई बेग्लै मौलिक हकको रूपमा स्थापित गर्‍यो । त्यसपछि सूचनाको हकलाई कार्यान्वयन र उपचारको व्यवस्थासहित सूचनाको हकसम्बन्धी ऐनको आवश्यकता महसुस गरी यसका लागि प्रयासहरू भए । सर्वोच्च अदालतले यो अधिकारलाई फराकिलो रूपमा व्याख्या गरी ऐन बनाउने पृष्ठभूमि तयार पार्न सघायो ।

लोकतान्त्रिक आन्दोलन

लोकतान्त्रिक आन्दोलनले सूचनाको हकको प्रवर्द्धनका लागि सकारात्मक प्रभाव पारेको कुरा नेपाल अधिराज्यको संविधान, २०४७ मा स्पष्ट देखिन्छ । सो संविधानले सूचनाको हकलाई नागरिकको मौलिक हकको रूपमा पहिलो पटक स्थापित गऱ्यो ।

त्यसपछि शाही शासनकालमा संचार माध्यमहरूमाथि, खास गरी रेडियोमाथि गर्न खोजिएको दमन र नियन्त्रणका विरूद्ध पत्रकार र रेडियोकर्मीका संस्थाहरूले चलाएको आन्दोलनले सूचनाको हकको पक्षमा ऐतिहासिक महत्वको काम गरेको छ । यसलाई सर्वोच्च अदालतका निर्णयहरूले पनि सघाएको छ ।

२०६३ को जनआन्दोलनको सफलतापछि पुनर्स्थापित व्यवस्थापिका संसद्ले सूचनाको हकसम्बन्धी ऐन पारित गरेर जनआन्दोलनको भावनालाई मूर्त रूप दिने काम गरेको छ ।

त्यसपछि बनेको अन्तरिम संविधानले पनि जनभावनालाई कदर गर्दै सूचनाको हकलाई फराकिलो पार्दै

मौलिक हकको रूपमा स्थापित गरेको छ ।

संविधानसभाले बनाउने नयाँ संविधानमा पनि सूचनाको हकलाई अझै दरिलो गरी राख्नेछ र यसको कार्यान्वयनका लागि स्वतन्त्र र संवैधानिक निकाय/आयोगको व्यवस्था गर्ने छ भन्ने कुरामा विश्वास लिन सकिन्छ ।

पत्रकार र नागरिक समाजको आन्दोलन

नेपालमा सूचनाको हकसम्बन्धी ऐन मस्यौदा गर्नेदेखि पारित गर्ने चरणसम्म नेपाल पत्रकार महासंघले महत्वपूर्ण भूमिका खेलेको छ । नेपाल प्रेस इन्स्टिच्युट र नेपाल पत्रकार महासंघ मिलेर सूचनाको हकसम्बन्धी पहिलो विधेयक मस्यौदा गरे । तर सूचनाको हकसम्बन्धी त्यो विधेयक, २०५७ त्यस बेलाको संसद्मा पुगेर पनि छलफलमा आउन सकेन ।

हुनत सूचनाको हकको महत्व र यस सम्बन्धी ऐनको आवश्यकताबारे जनचेतना फैलाउनका लागि पत्रपत्रिकामा लेख रचना प्रकाशित गर्ने, गोष्ठी र छलफलको आयोजना गर्ने काम २०४७ सालको संविधानपछि नै सुरू भएको देखिन्छ, तापनि सूचनाको हक केवल पत्रकारहरूको लागि हो भन्ने सोचाइ पनि सुरूदेखि नै देखिन्छ । सूचनाको अधिकार आमनागरिकको अधिकार हो र सुशासन र लोकतन्त्रका लागि यो अपरिहार्य अधिकार हो भन्ने कुराको बुझाइ पर्याप्त नहुनाले सूचनाको हकसम्बन्धी आन्दोलन केवल पत्रकारजगत र केही पत्रकारहरूसँग सम्बन्धित गैरसरकारी संस्थाहरूले मात्रै संचालन गरेको देखिन्छ । भारतमा सूचनाको हकलाई आमनागरिकको जीविकासँग जोडेर नागरिक समाजले आन्दोलन गरेझैँ नेपालमा भएन । तैपनि पत्रकार महासंघको निरन्तरको प्रयास र दवावले सूचनाको हकसम्बन्धी ऐन ल्याउन महत्वपूर्ण भूमिका खेल्यो ।

यसरी झण्डै साठी वर्षको वैधानिक, अदालती अभ्यास, एक दशकभन्दा लामो पत्रकारहरूको संघर्ष, अन्तर्राष्ट्रिय सन्धिसम्झौता र अनुवन्धहरू पालन गर्नु पर्ने वाध्यता तथा ऐतिहासिक जनआन्दोलनहरूको धक्काको फलस्वरूप नेपाली नागरिकले सूचनाको हक उपभोग गर्ने कानुनी परिवेश तयार भएको हो ।

सूचनाको हकसम्बन्धी ऐनको सर्वोच्च अदालतबाट व्याख्या :

राष्ट्रिय सूचना आयोगले विद्यार्थीले आफ्नो उत्तरपुस्तिका हेर्न पाउनु पर्छ भनी गरेको निर्णयमाथि परेको रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट राष्ट्रिय सूचना आयोगको निर्णयको पक्षमा भएको आदेशमा गरिएको सूचनाको हकको व्याख्याले सूचनाको हकसम्बन्धी ऐनलाई स्थापित गर्नुका साथै ऐनलाई व्यापक एवं प्रभावकारी बनाउने काममा ऐतिहासिक भूमिका खेलेको छ । आदेशमा अन्तरिम संविधानमा भएको धारा २७ को व्याख्याबाट अन्य प्रचलित ऐनको तुलनामा सूचना माग्ने र पाउने विषयमा सूचनाको हकसम्बन्धी ऐनले प्राथमिकता पाउने कुरालाई मान्यता दिएको स्पष्ट छ । सूचनाको हक सम्बन्धी ऐन, २०६४ को प्रस्तावना, धारा २७ को Essence हो । सरकारले गर्ने हरेक काम, हरेक निर्णय र निर्माण गर्ने हरेक नीतिमा सार्वजनिक सरोकार समावेस भएको हुन्छ । त्यसैले ऐनको प्रस्तावनामा सरकारको काम कारवाहीलाई खुला र पारदर्शी बनाउने, सरकारलाई नागरिक प्रति जिम्मेवार र जावफदेही बनाउने र सार्वजनिक महत्वको विषयको सूचनामा आमनागरिकको पहुँच सरल र सहज बनाउने उद्देश्यले उक्त ऐन बनेको देखिन्छ । प्रस्तावनामा ऐनको मर्म, भावना र उद्देश्य देखिन्छ । ऐनको प्रस्तावना हेर्दा बृहत्तर राष्ट्रिय हितमा प्रतिकूल असर पार्ने सम्वेदनशील विषयहरूमा बाहेक सरकारको अन्य काम कारवाहीमा सरकार उदार पारदर्शी भएर सरल तरिकाले नागरिकलाई सूचित गर्न पर्ने स्पष्ट व्यवस्था भएको देखिन्छ ।

परिशिष्ट २९

सर्वोच्च अदालत, माननीय न्यायाधीश श्री वलराम के.सी र माननीय न्यायाधीश श्री अवधेशकुमार यादवको संयुक्त इजलाशबाट विद्यार्थीले उत्तरपुस्तिका प्राप्त गर्ने सम्बन्धमा भएको फैसला

सर्वोच्च अदालत, संयुक्त इजलाश
माननीय न्यायाधीश श्री वलराम के.सी
माननीय न्यायाधीश श्री अवधेशकुमार यादव
आदेश

सम्वत २०६६ सालको रिट नं. ०६६–WO–०७२२

विषयः– उत्प्रेषणयुक्त प्रतिषेध समेत ।

त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार एवं त्रि.वि. केन्द्रीय परीक्षा संचालक समितिका अध्यक्ष प्रा.डा.भीमराज अधिकारी.....१ निवेदक

विरुद्ध

काठमाडौं जिल्ला का.म.पा.वडा नं.१० स्थित राष्ट्रिय सूचना आयोग.....१
वोहरा गा.वि.स. वडा नं. ९ वाग्लुङ्ग घर भई हाल त्रि.वि शंकरदेव क्याम्पस पुतलीसडकमा वि.वि.एस.तेस्रो वर्षमा अध्ययनरत शंकर पौडेल (रजिष्ट्रेसन नं.७–१–३७१–११–२००५ .....१ विपक्षी

नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२, १०७(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिटको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :–

त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ बमोजिम त्रिभुवन विश्वविद्यालय एक स्वशासित र संगठित संस्था हो र यसले विभिन्न नियमहरू वनाई विभिन्न निकायहरू वा संगठनको स्थापना गरेको छ । जसमध्ये परीक्षा नियन्त्रण कार्यालय पनि एक हो, जसले त्रि.वि.का आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसमा विभिन्न तहको शैक्षिक कार्यक्रममा संलग्न विद्यार्थीहरूको परीक्षा लिने सोको उत्तरपुस्तिका सम्बन्धित विषयका विशेषज्ञ परीक्षकहरूबाट परीक्षण, संपरीक्षण गराई केन्द्रीय परीक्षा संचालक समितिको निर्णयअनुसार नतिजा प्रकाशित गर्ने व्यवस्था अनुसार २०६५ सालमा लिइएको बिबिएस प्रथम बर्षको नतिजा २०६६।५।१५ मा प्रकाशित गरिएकोमा विपक्षी शंकर पौडेलले पुनर्योगको लागि निवेदन दिएकोमा प्राप्ताङ्कमा फरक नपरेको जानकारी निजलाई दिएको थियो । सो पश्चात् निजले वि.वि.एस. प्रथम वर्षको अंग्रेजी विषयको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि पाउँ भनी निवेदन दर्ता गराएकोमा विविध कारणहरू देखाई माग अनुसारको प्रतिलिपि

उपलब्ध गराउन नमिल्ने भनी जानकारी गराएकोमा निज रेग्मीले विपक्षी नं १ समक्ष सो उत्तरपुस्तिका पाउन पुनरावेदन दिएकोमा विपक्षी नं. १ बाट ७ दिन भित्र उपस्थित हुन पत्र पठाइए अनुसार सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा २(ङ) अनुसार पुनरावेदकले मागेको विषय सार्वजनिक महत्व र सार्वजनिक सरोकारको विषय नभई नितान्त निजी विषयवस्तुसंग सम्बन्धित रहेको र ऐं. ऐनको दफा ३(३) र २७ अनुसार सूचनाको वर्गीकरण गर्दा व्यक्तिगत गोपनियता, व्यक्तिको जीउ ज्यान सम्पति, स्वास्थ्य सुरक्षामा खतरा पुऱ्याउने कुराहरू गोप्य राख्नुपर्ने व्यवस्था भए अनुसार परीक्षाको प्रश्नपत्र, प्रश्नपत्र निर्माणकर्ताको, परीक्षकको नामनामेसी आदि गोप्य राख्नु पर्ने व्यवस्था छ। उत्तर पुस्तिकामा मूल्यांकन र संपरीक्षण गर्ने व्यक्तिको नाम थर सहितको सम्पूर्ण विवरण खुलाइने हुँदा विपक्षीको माग अनुसारको सूचना दिन मिल्दैन र ऐ. ऐनको दफा २७ को प्रक्रिया विपरित दफा १० अनुसार पुनरावेदन लाग्न सक्दैन भनी लिखित जवाफ दिएकोमा सो तर्फ कुनै विवेचना गर्ने चेष्टा नगरी परीक्षाको गोपनियता र संवेदनशीलता प्रति कुनै वास्ता नगरी उत्तरपुस्तिका सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) अन्तर्गत दिन पर्ने विषय भित्र देखिएको हुँदा परीक्षकको नामनामेसी नखुल्ने व्यवस्था गरी त्यस्तो उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि दिनुपर्ने भनी २०६६।८।१६ मा निर्णय गरी सोको जानकारी २०६६।८।२३ मा गराएकोले थाहा हुन आयो।

यदि विपक्षी नं. २ लाई उक्त दफा ३(३) र २७ को आधारमा गरिएको नीतिगत वर्गीकरणमा चित्त नवुझेमा ऐ. दफा २७(३) वमोजिम विपक्षी आयोग समक्ष पुनरावलोकनको निवेदन दिएपछि सो पुनरावलोकनमा निर्णय गरेपछि मात्र निर्णय गर्नुपर्नेमा सो प्रक्रिया नै अवलम्वन नगरी प्रयोग गर्नै नमिल्ने र विपक्षीलाई अधिकार नै प्रदान नगरेको दफा १० को प्रयोग गरी पुनरावेदन लिने दिने र निर्णय गर्ने कार्य प्रारम्भमा नै दफा २७(३) विपरित भई विपक्षी आयोगको निर्णयमा अधिकार क्षेत्रको त्रुटि छ।

त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को परिच्छेद ६१ वमोजिम उत्तरपुस्तिको मूल्यांकन कार्यमा लापरवाही वा अन्य गैर जिम्मेवारी कार्य गर्ने व्यक्तिलाई कारवाही गर्नुपर्ने हुँदा उत्तरपुस्तिका मूल्यांकन र संपरीक्षण गर्ने व्यक्तिहरूको नाम, थर वतन पद सहितको सम्पूर्ण विवरण उत्तरपुस्तिकामा खुलाउनु पर्दछ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ मा कानुनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भन्ने व्यवस्था र सूचनाको हक सम्वन्धी ऐन, २०६४ को प्रस्तावना, ऐनको दफा ३(३)(ङ) को व्यक्तिगत गोपनियता, व्यक्तिको जीउज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने विषय सम्बन्धी सूचना प्रवाह गरिने छैन भन्ने कानुनी व्यवस्था प्रति पूर्णतः वेवास्ता गरी आत्मपरक शैलीलाट भएको आयोगको निर्णय सूचनाको हक सम्वन्धी ऐन, २०६४ को विपरीत छ।

तसर्थ विपक्षी आयोगबाट मिति २०६६।८।१६ मा भएको निर्णय संविधानको धारा २७ को प्रतिवन्धात्मक वाक्यांश, सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(३), ७, ९, १०(३)(ख), २२, २७, ३४ र ३७ सूचनाको हक सम्बन्धी नियमावलीको नियम ५, ६ र ७ त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० को परिच्छेद ६१ र ६४ मा उल्लेखित नियम र सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा २७ वमोजिम गठित समितिले गरेको सूचनाको वर्गीकरण सम्बन्धी व्यवस्था समेतको विपरित भई त्रि.वि.को कानुनी हकमा आघात परेकोले उपचार माग्न निवेदन गरेको छु। अतः विपक्षी आयोगले परीक्षाको उत्तरपुस्तिकाको प्रतिलिपि दिनुपर्ने गरी मिति २०६६।८।१६ मा गरेको निर्णय र सोसँग सम्बन्धित सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशद्वारा वदर गरी विपक्षी आयोगमा विचाराधीन रहेका परीक्षाको उत्तरपुस्तिकाको प्रतिलिपि पाउँन दिएको पुनरावेदन/निवेदनहरू र सोही किसिमका पछि प्राप्त हुने पुनरावेदन/निवेदनहरू समेतमा अव उप्रान्त उत्तरपुस्तिकाको प्रतिलिपि उपलव्ध गर्नु गराउनु भन्ने कुनै किसिमको निर्णय नगर्नु नगराउनु भनी विपक्षीका

नाममा प्रतिषेधको आदेश समेत जारी गरी पाउँ ।
साथै हाल विपक्षी आयोगमा यस्तै प्रकृतिका अन्य पुनरावेदन/निवेदन समेत विचाराधीन रहेको हुँदा ऐनको दफा १० वमोजिम पुनरावेदनहरूमा कुनै काम कारवाही अगाडि नवढाउनु, निर्णय नगर्नु नगराउनु भनी विपक्षी आयोगका नाममा अन्तरिम आदेश जारी गरी रिट नं. ०३६९ साथै राखी हेरी पाँउ भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग वमोजिम आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद वाहेक १५ दिन भित्र लिखित जवाफ पेश गर्नु भनी विपक्षीलाई सूचना दिनु । साथै हाल माग वमोजिमको अन्तरिम आदेश जारी गर्नु परेन उक्त रिट नं. ०३६९ साथै राखी नियम वमोजिम गरी पेश गर्नु भन्ने समेत यस अदालतको आदेश ।

रिट निवेदकले २०६५ सालमा लिएको वि.वि.एस. प्रथम वर्षको परीक्षामा म लिखितजवाफकर्ता संलग्न भएकोमा नतिजामा प्राप्त आफ्नो नम्वर चित्त नवुझी अंग्रेजी विषयको उत्तरपुस्तिकाको प्रतिलिपि पाउँ भनी निवेदन गरेकोमा नदिएकोले सो उपर मैले राष्ट्रिय सूचना आयोग समक्ष पुनरावलोकन गरेकोमा आयोगबाट मिति २०६६।८।१६ मा उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) अन्तर्गत दिन नपर्ने विषय भित्र नपर्ने देखिएको हुंदा परीक्षकको नाम नामेसी नखुल्ने गरी त्यस्तो उत्तरपुस्तिकाको प्रतिलिपि मागकर्ता शंकर पौडेललाई उपलव्ध गराउनु भनी कानुन वमोजिम निर्णय गरेको हुँदा उक्त निर्णयलाई चुनौति दिन मिल्दैन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ मा "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ," भनी आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयका सम्बन्धमा सार्वजनिक निकयमा रहेको सूचना माग गर्न पाउने हकलाई सुनिश्चित गरिदिएको हुदां राष्ट्रिय सूचना आयोगबाट मेरो माग बमोजिम सूचना पाउने गरी गरेको निर्णय स्पष्टतः अन्तरिम संविधानले प्रत्याभूत गरेको हकाधिकार भित्र छ ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३०(२) मा सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेका आफुसंग सम्बन्धित विषयको सूचना माग गरेमा निजलाई ऐ. ऐनको दफा २(ख)(ङ) दफा ३(१)(२) अनुसार सो सूचना उपलब्ध गराउनु पर्दछ भन्ने व्यवस्था भए अनुरुप विपक्षीले आफुसँग भएका सूचना हक अधिकार प्राप्त व्यक्तिलाई दिन मिल्दैन भनी उम्कन मिल्दैन । यसर्थ राष्ट्रिय सूचना आयोगबाट गरेको निर्णयलाई चुनौति दिनु कानुनी शासनको उपहास हो । सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(३) को (क)(ख)(ग)(घ)(ङ) मा उल्लेख भएका विषय बाहेकका सम्पूर्ण सूचना सार्वजनिक निकायले नागरिकलाई प्रवाह गर्नु पर्दछ । मैले माग गरेको सूचनाहरू माथि उल्लेख गरिएका कानुनी व्यवस्था भित्र नै पर्दैन ।

उत्तरपुस्तिकाको सूचना प्रवाह गर्दा उत्तरपुस्तिकाको मूल्यांकन गर्ने विशेषज्ञहरूको जीउ ज्यानको सुरक्षामा खतरा रहन्छ भन्ने कुरा निराधार छ । किनकि म लिखितजवाफकर्ताले विपक्षीसंग उत्तरपुस्तिकाको मूल्यांकन गर्ने विशेषज्ञहरूको नामनामेसी नखुल्ने गरी मेरो उत्तरपुस्तिकाको प्रतिलिपि माग गरेको हूँ । म लिखितजवाफकर्ताले ऐनको दफा १०(१) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ५ बमोजिम पुनरावेदन गरेको थिएँ । ऐनको दफा १० ले दिएको पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गरी आयोगले सूचनाको हक सम्बन्धी नियमावलीको नियम ६ र ७ बमोजिमको कार्यविधि अवलम्बन गरी निर्णय गरेको हो । उत्तरपुस्तिका परीक्षाफल प्रकाशित भएको ६ महिना पछि धुल्याउने हुंदा सोसंग सम्बन्धित सूचना दिन मिल्दैन भनिएकोमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ को संवैधानिक व्यवस्थालाई कार्यान्वयनका लागि बनाईएको सूचनाको हक सम्बन्धी ऐन र सोको नियमावलीद्वारा प्रत्याभूत गरिएको सूचनाको हकलाई

कुनै पनि ऐन अर्न्तगत बनेको नियमको आधारमा सूचना दिनु नपर्ने भनी दावी लिन मिल्दैन भने कुनैपनि ऐनद्वारा स्थापित सार्वजनिक निकायले व्यवस्थापनमा समस्या उत्पन्न हुन सक्ने कल्पना गरेर संविधान र कानुनद्धारा प्रत्याभूत गरिएको हकाधिकार कायान्वयन गर्न ईन्कार गर्नु कानुनी शासनको घोर उल्लंघन (Gross Violation) हो ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १९ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १९(२) ले सबै किसिमका सूचना तथा विचारहरू प्राप्त गर्ने तथा दिने स्वतन्त्रता समेतको प्रत्याभूत गरेको छ । यी प्रावधानहरू नेपाल सन्धी ऐन, २०४७ को दफा ९ अनुसार नेपालमा राष्ट्रिय कानुन सरह लागू हुन्छन् । तसर्थ राष्ट्रिय सूचना आयोगले म लिखितजवाफकर्ताको माग बमोजिम गरेको निर्णय कानुन बमोजिम छ ।

सूचनाको हक सम्बन्धी विधिशास्त्रीहरूबाट विभिन्न सिद्धान्तहरूको प्रतिपादन भएको छ, जसमा अत्यधिक खुल्लापनको सिद्धान्त (Principle of Maximum Disclosure), सक्रिय सार्वजनिकीकरण सिद्धान्त (Principle of Proactive disclosaure), सार्वजनिक हित कायम रहने सिद्धान्त (Principle of Public Interest Overriding) प्रमुख छन् । उक्त सिद्धान्त अनुरुप नेपालको सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) मा स्वयं प्रकाशित गर्नुपर्ने सूचनाको बारेमा व्यवस्था गरेको छ । सार्वजनिक हित कायम रहने सिद्धान्त (Principle of Public Interest Overriding) ले यदि कुनै सूचना सार्वजनिक गर्दा सार्वजनिक हित प्रवर्द्धन हुने अवस्था छ भने अपवादको संकुचित व्याख्या गरी सूचनाको सार्वजनिकरण गर्नुपर्ने हुन्छ ।

अतः मैले दिएको परीक्षाको उत्तरपुस्तिकाको प्रतिलिपि दिनु भनी राष्ट्रिय सूचना आयोगबाट मिति २०६६।८।१६ मा भएको निर्णय उल्लेखित संबैधानिक, कानुनी र अन्तर्राष्ट्रिय दस्तावेज तथा विकसित सिद्धान्त बमोजिम भएकोले सो निर्णय बदर हुनुपर्ने कुनै आधार र कारण छैन । तसर्थ रिट खारेज गरी पाउं भन्ने समेत शंकर पौडेलको लिखित जवाफ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो कुनै विषयको सूचना माग्ने र पाउने हकलाई संबैधानिक संरक्षण प्रदान गरी मौलिक हकको रूपमा व्यवस्था गरेको छ । उक्त धारा २७ को प्रतिबन्धात्मक बाक्यांशले कानुनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भनी गरिएको व्यवस्था अनुसार सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(३) ले गोप्य राख्नुपर्ने भनी तोकेको सूचना बाहेक अन्य सम्पूर्ण सूचना लिन दिन पाउने नागरिकको हक हुनेछ ।

राज्यका काम कारवाही लोकतान्त्रिक पद्धती अनुसार खुला र पारदर्शी बनाई नागरिक प्रति जावफदेही र जिम्मेबार बनाउन, सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुंचलाई सरल र सहज बनाउने एवं नागरिकको कानुन हुने हकलाई संरक्षण र प्रचलन गराउने उद्देश्यले लागू भएको सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(१) ले प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधिनमा रही सूचनाको हकको संरक्षण, सम्वर्द्धन एवं प्रचलन गर्ने कार्यको लागि आयोगको स्थापना भएको तथ्य सोही ऐनको दफा ११ ले प्रष्ट गर्दछ ।

शंकरदेव क्याम्पसका परीक्षार्थी शंकर पौडेलले २०६५ सालमा दिएको वि.वि.एस. प्रथम बर्षको अंग्रेजी विषयको उत्तरपुस्तिकाको प्रतिलिपि मिति २०६६।६।१३ मा सूचना अधिकारी मार्फत त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयको प्रमुखसंग माग गर्दा नदिएकोले माग अनुसार सूचना उपलब्ध गारई पाउं भनी शंकर पौडेलले यस राष्ट्रिय सूचना आयोग समक्ष दिएको पुनरावेदनमा उत्तरपुस्तिकाको प्रतिलिपि पाउने हकलाई सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(३) ले त्यस्तो सूचना प्रवाह गर्न रोक नलगाएको एवं सूचनाको वर्गिकरणमा समेत निवेदकले माग गरेको उत्तरपुस्तिकाको प्रतिलिपिलाई गोप्य राख्नुपर्ने गरी वर्गीकरण गरेको नदेखिदा निज

शंकर पौडेलले माग गरेको उत्तरपुस्तिकाको प्रतिलिपि दिनुपर्ने गरी यस आयोगबाट भएको मिति २०६६।८।१६ को निर्णय कानुनसम्मत नै रहेको छ ।

ऐनको दफा ३०(२) ले कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेको आफुसंग सम्बन्धित विषयको सूचना माग गरेमा निजलाई सो सूचना उपलब्ध गराउनु पर्ने बाध्यात्मक व्यवस्था गरेकोमा शंकर पौडेलको पुनरावेदनमा निजसंग सम्बन्धित निज आफैले दिएको परीक्षाको उत्तरपुस्तिकाको प्रतिलिपि माग गरिएको देखिएबाट त्यस्तो उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउनु भनी भएको आयोगको निर्णयले रिट निवेदकको कुनै हक अधिकारमा आघात पुऱ्याएको छैन ।

रिट निवेदकले उत्तरपुस्तिका परीक्षाफल प्रकाशित भएको मितिबाट ६ महिना पछि धुल्याउने भन्ने व्यवस्था भएको उल्लेख गरेकोमा संविधानद्धारा प्रत्याभूत गरिएको सूचनाको हक सम्बन्धी मौलिक हक र सो को कार्यान्वयनका लागि आएको ऐनद्वारा दिईएको सूचनाको हकलाई कुनै ऐन अन्तर्गत बनेको नियमको आधारमा रोक लगाउने गरी विपक्षी रिट निवेदकले गरेको दावी स्वयंमा उक्त नियम विपरित छ । उक्त नियम २३५ ले उत्तरपुस्तिकाको प्रतिलिपि दिनबाट रोक लगाएको देखिदैन । त्यसैगरी कुनै पनि सार्वजनिक निकायले व्यवस्थापनमा समस्या उत्पन्न हुन सक्ने तर्क देखाएर संविधान प्रदत्त हक अधिकार कार्यान्वयन गर्न सक्तिन भन्ने दावी लिन पाउंदैन । सूचनाको हकको सम्बन्धमा विधिशास्त्रीहरूबाट अत्यधिक खुल्लापनको सिद्धान्त (Principle of Maximum Disclosure) , सक्रिय सार्वजनिकीकरण सिद्धान्त (Principle of Proactive disclosaure), सार्वजनिक हित कायम रहने सिद्धान्त (Principle of Public Interest Overriding) जस्ता सिद्धान्त प्रतिपादन भएका छन् । नेपालको सूचनाको हक सम्बन्धी ऐनले पनि दफा ५(३) मा स्वयं प्रकाशित गर्नुपर्ने सूचनाको बारे व्यवस्था गरेको छ । धेरै जसो मुलुकहरूमा विद्यार्थीले आफ्नो उत्तरपुस्ताका हेर्न पाउने अधिकारलाई स्पष्ट रूपमा स्वीकार गरी सकिएको छ । उदाहरणका लागि University College Cork ले आफ्नो वेवसाईट http:www.ucc.ie/en/exams/ results/scripts/ त्यस्तो उत्तरपुस्तिका हेर्ने कार्यविधि र समयतालिका तोकेको छ । विद्यार्थीले उत्तरपुस्तिका हेर्न पाउने अधिकारलाई कानुनी अधिकारकै रूपमा स्वीकार गरेको कुरा इजरायलको विद्यार्थी अधिकार ऐन, २००७ (Students Rights Act, 2007) को दफा १५(ग) मा उल्लेख छ । अतः रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध छ भन्ने समेत विपक्षी राष्ट्रिय सूचना आयोगको लिखित जवाफ ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागज प्रमाणहरूको अध्ययन गरियो । रिट निवेदन प्रा.डा. भिमराज अधिकारीको तर्फबाट उपस्थित विद्धान अधिवक्ताहरू डा. श्री अम्वरप्रसाद पन्त, श्री नारायणप्रसाद देवकोटा, श्री गुणनिधि न्यौपाने, श्री चन्द्रकान्त ज्ञवाली, श्री सन्तकुमार बास्कोटा र श्री टंक दुलालले त्रि.वि.वि. परीक्षा नियन्त्रण कार्यालयले २०६५ सालमा लिएको बिबिएस प्रथम वर्षको नतिजा २०६६।५।१५ मा प्रकाशित गरिएकोमा विपक्षी शंकर पौडेलले आफ्नो उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि पाउँ भनी परीक्षा नियन्त्रण कार्यालयमा निवेदन दिएकोमा कानुन बमोजिम गोप्य रहने त्यस्ता उत्तरपुस्तिका परीक्षण र संपरीक्षण गर्ने विशेषज्ञको जीउ ज्यानको सुरक्षा समेतको सवाल हुने हुँदा त्यस्ता संवेदनशील कागजपत्रहरू उपलब्ध गराउन नमिल्ने जानकारी दिइएको थियो । सो उपर विपक्षी शंकर पौडेलले विपक्षी राष्ट्रिय सूचना आयोग समक्ष पुनरावेदन दिएकोमा आयोगलाई प.नि.का. को तर्फबाट उल्लेखित संवेदनशीलता जानकारी गराउदै जवाफ दिएकोमा सोको वेवास्ता गरी परीक्षकको नाम नामेसी नखुल्ने गरी उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि दिनुपर्ने भनी २०६६।८।१६ मा निर्णय भएको रहेछ ।

सूचनाको हकसम्बन्धी ऐनको दफा २७ बमोजिम गठित समितिले ऐनको दफा ३(३) सँग सम्बन्धित

गोप्य राख्नुपर्ने सूचनाको नीतिगत वर्गीकरण गरी प्रकरण ३ मा परीक्षाको प्रश्नपत्र निमार्णकर्ताको नामनामेसी, परीक्षकको नामनामेसी, कि कोड जस्ता परीक्षा सम्बन्धी विषयहरू ३० वर्षसम्म गोप्य राख्नुपर्ने व्यवस्था गरेकोमा विपक्षी आयोगको निर्णय सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ र २७ को प्रतिकूल हुनुको साथै ऐ. दफा १० ले अधिकार क्षेत्रविहिन समेत छ । तसर्थ विपक्षी आयोगको निर्णय नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ को प्रतिवन्धात्मक वाक्यांश, सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३), ७, ९, १०(३)(ख), २७ र ३७ सूचनाको हक सम्वन्धी नियमावलीको नियम ५, ६ र ७ तथा त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्वन्धी नियम २०५० को परिच्छेद ६१ र ६४ विपरित भएकोले विपक्षी आयोगको २०६६।८।१६ को उक्त निर्णय वदर गरी अव उप्रान्त उत्तर पुस्तिकाको प्रतिलिपि उपलव्ध गर्नु गराउनु भन्ने कुनै किसिमको निर्णय नगर्नु नगराउनु भनी विपक्षीका नाममा प्रतिषेधको आदेश समेत जारी गरी पाउँ भनी वहस गर्नुभयो ।

विपक्षी राष्ट्रिय सूचना आयोगको तर्फबाट उपस्थित विद्वान उप न्यायाधीवक्ता श्री धर्मराज पौडेल तथा विद्वान वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद भण्डारी तथा अधिवक्ताहरू श्री रमणकुमार श्रेष्ठ, श्री कृष्णप्रसाद सापकोटाले सूचनाको हक सम्वन्धी ऐनको दफा २(क)(२) अनुसार विपक्षी त्रि.वि.वि. सार्वजनिक निकाय भएको हुँदा दफा ४ वमोजिम नागरिकको सूचनाको हकको संरक्षण गर्न वाध्य छ । आयोगले निर्णय गर्दा परीक्षकको नामनामेसी गोप्य राखी उत्तर पुस्तिकाको प्रतिलिपिसम्म दिनुपर्ने गरी निर्णय भएको छ । यसबाट परीक्षकको सुरक्षामा असर पर्ने हुँदैन । संविधान तथा कानुनले सूचनाको हकको सुनिश्चतता गरेको अवस्थामा यो वा त्यो व्यावहारिक कठिनाइ देखाई कानुनको अवज्ञा गर्न मिल्दैन । सूचना सम्वन्धी ऐनको दफा ३०(२) ले कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेका आफुसंग सम्बन्धित सूचना माग गरेमा निजलाई सो सूचना उपलव्ध गराउन पर्ने वाध्यात्मक व्यवस्था गरेको छ, भने ऐ. दफा ३(३) ले उत्तरपुस्तिकाको प्रतिलिपि पाउने हकलाई रोक नलगाएको र दफा २७ अनुसार गरिएको गोप्य राख्नुपर्ने सूचनाको वर्गिकरणमा पनि उत्तरपुस्तिकाको प्रतिलिपिलाई गोप्य राख्नुपर्ने वर्गिकरणमा नराखेको हुँदा परीक्षार्थीले आफ्नो उत्तरपुस्तिकाको प्रतिलिपि पाउनु पर्ने कुरामा विवाद हुँनै सक्दैन । तसर्थ राष्ट्रिय सूचना आयोगले गरेको निर्णयमा कुनै त्रुटि नभएकोले उक्त निर्णय बदर हुनुपर्ने होईन । अतः प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत वहस गर्नुभयो ।

विपक्षी शंकर पौडेलको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री वालमुकुन्द श्रेष्ठ र श्री टंकराज अर्यालले नेपालको अन्तरिम संविधानको धारा २७ ले सूचनाको हकको प्रत्याभूति गरेको छ । त्रि.वि.वि. सार्वजनिक निकाय भएको हुँदा सूचना उपलव्ध गराउनु उसको दायित्व पनि हो । यी शंकर पौडेलले आफूले दिएको आफ्नो परीक्षासंग सम्बन्धित परीक्षाको उत्तरपुस्तिकाको प्रतिलिपि पाउने अधिकारमा विपक्षी त्रि.वि.वि. ले अंकुश लगाउन पाउने अधिकार कुनै कानुनले दिएको छैन । कुनै पनि ऐन नियमले उत्तरपुस्तिका गोप्य राख्न पर्ने भनी त्यस्तो सूचना पाउन नियन्त्रण गरेको छैन । त्यस्तो अवस्थामा राष्ट्रिय सूचना आयोगको निर्णयमा कुनै कानुनी त्रुटि नहुँदा उक्त निर्णय बदर हुनुपर्ने नहुँदा रिट निवेदन खारेज गरिपाउँ भनी बहस गर्नुभयो ।

उल्लेखित बहस समेत सुनी आज निर्णय सुनाउनको लागि तोकिएको प्रस्तुत मुद्दामा निर्णय तर्फ विचार गर्दा प्रस्तुत विवादमा रिट निवेदन माग बमोजिम आदेश जारी हुनुपर्ने हो होईन ? भनी निर्णय दिनुपर्ने देखियो ।

यसमा निवेदकको मूख्य माग निवेदक संस्था त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय बल्खुले २०६५ सालमा लिएको विविएस प्रथम वर्षको परीक्षाको उत्तरपुस्तिकाको प्रतिलिपि परीक्षार्थी शंकर पौडेललाई दिनु पर्ने गरी

विपक्षी राष्ट्रिय सूचना आयोगले गरेको मिति २०६६।८।१६ को निर्णय र उक्त निर्णयसंग सम्बन्धित सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशद्वारा वदर गरी पाँउ भनी प्रस्तुत निवेदन पर्न आएको देखियो ।

परीक्षाको उत्तरपुस्तिकाको प्रतिलिपि सम्बन्धित परीक्षार्थीलाई उपलव्ध गराउन पर्ने गरी निर्णय गर्ने विपक्षी राष्ट्रिय सूचना आयोगको लिखित जवाफ हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो कुनै विषयको सूचना माग्ने हक मौलिक हकको रूपमा व्यवस्था भएको र धारा २७ को प्रतिवन्धात्मक बाक्यांश अनुसार कानुनले गोप्य राख्न पर्ने भनी तोकेको वाहेक अन्य कुराको सूचना प्रत्येक नागरिकले प्राप्त गर्नुको साथै सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) अनुसार पनि निवेदकको मागको विषय गोप्य राख्न नपर्ने हुँदा मिति २०६६।८।१६ को निर्णय वदर हुन नसक्ने हुँदा निवेदन खारेज गरिपाउँ भन्ने देखिन्छ ।

विपक्षी मध्येको शंकर पौडेलले वि.वि.एस प्रथम वर्षको अंग्रेजी विषयको आफ्नो उत्तरपुस्तिकाको प्रतिलिपि माग गर्दा रिट निवेदक त्रि.वि.वि ले उत्तर पुस्तिकाको प्रतिलिपि उपलव्ध गराउन इन्कार गरेको कारण विपक्षी शंकर पौडेलले विपक्षी राष्ट्रिय सूचना आयोगमा उजुर गर्दा विपक्षी राष्ट्रिय सूचना आयोगबाट प्रतिलिपि दिनपर्ने गरी निर्णय भएको कारण प्रस्तुत विवाद र्सिजना भएको देखियो ।

सूचनाको हक सम्वन्धमा विद्यमान कानुनी व्यवस्था हेर्दा हाल खारेज भएको नेपाल अधिराज्यको संविधान, २०४७ लागू हुनु अगाडि नेपालमा सूचनाको हक सम्वन्धी कुनै कानुनी व्यवस्था थिएन । सूचनाका सम्वन्धमा नेपालमा पहिलो पटक लिखतहरूको गोप्यता सम्वन्धी ऐन, २०३९ बनेको दखिन्छ । उक्त ऐन, २०३९ सालमा बने पनि २०६५ जेष्ठ १५ देखि मात्र लागू भएको दखिन्छ । उक्त ऐनको नामनै लिखतहरूको गोप्यता सम्बन्धी ऐन भएको कारण उक्त ऐन सूचना प्रवाह गर्न बनेको नभै गोप्य राख्न बनेको दखिन्छ । उक्त ऐनको दफा ३(१) को खण्ड (क)(ख)र (ग) मा लिखितहरू तीन प्रकारकाले गोप्य रहने गरी बर्गीकरण गरेको देखिन्छ । दफा ३(१)(क)(ख)र (ग) मा उल्लिखित वर्गका लिखतहरू मात्र गोप्य लिखत मानिने अन्य लिखत गोप्य नमानिने भन्ने दफा २ को प्रतिबन्धात्मक बाक्यांशको व्यवस्थाबाट दखिन्छ । यसको थप पुष्ट्याई दफा ३ को उपदफा (४) बाट हुन्छ ।

सूचनाको हक सम्बन्धमा कानुनी व्यवस्था नेपालमा पहिलो पटक नेपाल अधिराज्यको संबिधान, २०४७ लागू भएपछि भएको हो । उक्त संविधानले भाग ३ मा विभिन्न मौलिक हकहरूको व्यवस्था गऱ्यो । उक्त संविधानको धारा १६ मा प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी व्यवस्था गरी प्रतिबन्धात्मक बाक्यांशद्धारा कानुन बमोजिम गोप्य राख्नुपर्ने सूचना बाहेक सार्वजनिक महत्वको विषयको सूचना प्रत्येक नागरिकले पाउने गरी सूचनाको हकलाई मौलिक हक बनाईयो । नेपाल अधिराज्यको संविधान, २०४७ खारेज भई हाल नेपालको अन्तरिम संविधान, २०६३ लागू छ । वर्तमान अन्तरिम संविधानले पनि धारा २७ मा सूचनाको हक प्रत्येक नागरिकलाई मौलिक हकको रूपमा प्राप्त छ । २०४७ सालको संविधानले नागरिकलाई सार्वजनिक महत्वको विषयमा मात्र सूचना प्राप्त गर्न सक्ने सूचनाको हकको व्यवस्था गरेकोमा वर्तमान संविधानले आफ्नो वा सार्वजनिक सरोकारको दुवै विषयको सूचना एंव जानकारी प्राप्त गर्न सक्ने सूचनाको हकलाई धारा १०७(२) अर्न्तगत यस अदालतबाट Enforce गरी प्रचलन गराउने गरी व्यवस्था भएको देखिन्छ । धारा २७ यस प्रकार छ :-

धारा २७ :- **सूचनाको हक :** प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ ।

तर कानुनद्धारा गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कार लगाएको मानिने छैन ।

सूचनाको हक महत्वपूर्ण हक हो । सूचनाको हक प्रत्येक नागरिकलाई राज्य वा सरकारको विरुद्ध मात्र हुने हक हो । राज्य भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ को धार ३८ द्वारा गठित र धारा ३७ अन्तर्गतको कार्यकारिणी अधिकार प्रयोग गर्ने प्रधानमन्त्रीको अध्यक्षतामा गठित मन्त्रिपरिषद् तथा अन्य मन्त्रालयलाई मात्र नभई संविधान एंव कानुन बमोजिम गठित अन्य निकायहरू जसलाई State वा Instrimentalities of the State भनिन्छ, ती सबै निकायहरू पनि धारा २७ को प्रयोजनको लागि राज्य अन्तर्गत पर्दछन् ।

धारा २७ को हक महत्वपूर्ण हक हो । धारा २७ ले प्रत्येक नागरिकलाई दुई प्रकारको विषयको सूचना माग्ने हक प्रदान गर्दछ ।

(क) आफ्नो विषयमा र

(ख) सार्वजनिक सरोकारको विषयमा ।

सूचनाको हकका सम्बन्धमा नेपालमा कानुनी हकको रूपमा र यदि सूचना प्रदान गर्न इन्कार गरिएमा प्रचलन गराउने गरी २०४७ सालमा मात्र सुरु भएपनि यसको विकासक्रम हेर्दा नेपालमा Pre Constitutional Days मा पनि शासकहरूले आफूले गरेको महत्वपूर्ण कामहरू आफ्ना जनता अर्थात् त्यति बेलाका रैतीहरूलाई जानकारी गर्ने गराउने गरेको देखिन्छ । शताब्दियौ अगाडी नेपाल जनकल्याणकारी राज्य थिएन । त्यति बेला सरकारको काम भनेको मालपोत उठाउने र शान्ति सुरक्षा गर्ने काममा सीमित थियो । त्यति बेला अहिलेको जस्तो कार्यकारीणी कामले व्यापकता पाएको थिएन । संविधाननै नभएकोले त्यतिबेला मौलिक हक वा कानुनी हक भन्ने नै थिएन । आर्थिक विकासको नाममा बाटो घाटो, प्राथमिक विद्यालय, मठ, मन्दिर, पाटी पौवा, चौतारा, धारा सत्तल, गुठी स्थापना आदि निर्माणमा सीमित थियो । यस्तो कालमा पनि कसैले कुनै कार्य कसको पालामा कसले किन कसरी कहिले के निर्माण कार्य वा स्थापना गरिएको हो सो कुराहरू पाटी, सत्तल, मठ, मन्दिरको घण्टीमा वा निर्माण गरिएको अन्य भौतिक संरचनामा, ढुंगामा, कुनै धातुमा वा काठमा कुदी अर्थात Inscription गरी राख्ने प्रचलन थियो । त्यति बेलाको यस्तो कार्य भनेको जनतालाई कानुन गरेको हो । सूचनाको हकै नभनौ शासकले त्यति बेला पनि आफ्ना रैती नागरिकलाई आफुले गरेको कामको सुसूचित गर्ने गर्दथे । त्यति बेलाको यस्ता कार्यनै सार्वजनिक महत्वका विषय थियो भने सुसुचित हुने हक समेत समावेश भएको मौलिक हक सहितको लिखित संविधान भएको आजको नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ को महत्वको बारेमा यहाँ विवेचना हुन आवश्यक देखियो ।

सूचनाको अग्रेजीमा Information हो । Information Latin Word Informore बाट आएको हो । सूचना भन्नाले कुनै विषयमा भएको काम कारवाही वा कुनै विचारलाई बोले वा लेखेर वा कुनै दृष्य वा Image बाट सबैले वा धेरैले थाहा पाउने गरी प्रकाशित, प्रचार र प्रसार गर्ने कार्य हो । आजको प्रजातान्त्रिक शासन प्रणाली भएको राष्ट्रहरूमा सूचनाको हकको अति नै महत्व हुन्छ । प्रजातन्त्रमा समाज खुला हुन्छ । खुला समाजमा सरकारले गरेको काम कारवाही वा अन्य जुनसुकै सार्वजनिक सरोकारको विषयमा सबैलाई थाहा पाउने र छलफल गरी आ-आफ्नो धारणा र विचार व्यक्त गर्ने अधिकार प्राप्त हुन्छ । प्रजातन्त्रमा आवधिक चुनावको माध्यमद्वारा हरेक चार वर्ष वा पांच वर्षमा जनताहरूले आफ्नो महत्वपूर्ण मतदान गर्ने हक मार्फत सरकारलाई निरन्तरता दिने वा बदल्ने काम गर्दछन् । सरकारले गर्ने प्रत्येक काम आम नागरिक र राष्ट्र हितलाई ध्यानमा राखी गरेको हुनुपर्छ । यस्ता सम्पूर्ण कामको बारेमा नागरिकले सुसूचित हुने हक राख्दछ । जनता र संविधान प्रति Accountable सरकारले आफ्नो नैतिकता, जवाफदेहीता र जिम्मेवारीलाई ध्यानमा राखेर काम गर्नु पर्छ । त्यसैले सरकारले वा अरू सार्वजनिक निकायले के कस्ता निर्णय वा नीति निर्माण वा अन्य काम गरे यस्ता कुराहरू थाहा पाउने प्रत्येक नागरिको मौलिक हक हो ।

प्रजातन्त्रमा सरकार बनाउने काममा मतदान गर्न पाउने उमेर पुगेको एक एक व्यक्तिको आ-आफ्नो योगदान र भूमिका हुन्छ । त्यसैले आफुले चुनेर पठाएको आफ्नो प्रतिनिधिले के गर्दैछ के कस्तो योगदान दिएको छ भन्ने कुरा प्रत्येक मतदाताले थाहा पाउने हक राख्दछन् । सरकार आफैले सम्पन्न गरेका कामहरू राजपत्र मार्फत सूचना प्रकाशित गरेर वा आफ्नो प्रवक्ताद्वारा वा कुनै Media को माध्यमद्वारा जनतालाई सुसूचित गराउने गर्दछ ।

प्रजातन्त्र भनेको खुला समाजमा विश्वासमा राख्ने राजनितिक व्यवस्था हो । कानुनले गोप्य राख्न पर्ने संवेदनशिल कुराहरू बाहेक प्रजातन्त्रमा अन्य सम्पूर्ण कुराहरू खुल्ला हुन्छ । प्रजातन्त्रको महत्वपूर्ण विशेषता पारदर्शिता हो । सुसूचित नागरिक नै प्रजातान्त्रिक सरकारको शक्ति र बल हो । प्रजातान्त्रिक राज्य व्यवस्थामा हरेक सरकारी काम कारवाहीको जनताले जस्ताको तस्तै Censor नगरी थाहा पाउने हक राख्दछन् र थाहा पाएको हुनुपर्छ । सरकारले आफुले गरेको काम कारवाहीको प्रतिक्रिया (Feedback) जनताबाट अभिव्यक्त विचारबाट नै थाहा पाउने हुँदा जनता सुसूचित हुन अति आवश्यक हुन्छ । प्रजातान्त्रिक राज्य व्यवस्थामा Secrecy (गोप्यता) Exception र सूचना सम्पेषण Rule हुनपर्छ । प्रजातन्त्र खुलापनमा आधारित हुने हुदा राष्ट्र हित र सार्वजनिक हितको लागि गोप्यता नराखी नहुने केही विषय बाहेक अन्य विषय सरकारले जनतालाई सुसूचित गर्नुपर्छ, गुपचुप र गोप्य राख्नु हुँदैन ।

सुसूचित हुने हक प्रत्येक नागरिकको मौलिक हक भनी आज विश्वव्यापी रूपमा मानिएको छ । सुसूचित हुने हक प्रत्येक सार्वभौम राष्ट्रको नागरिकको मौलिक हक मात्र नभई प्रत्येक मानवको मानव अधिकार समेत मानिएको छ । सरकारले सुसूचित हुने हकलाई Inclusive र Patricipatory Democracy मा सुशासन र सरकारलाई जनताप्रति Accountable बनाउने बलियो माध्यम मान्नु पर्छ । सरकारी काममा जनता, आम नागरिकको जति पहुच हुन्छ, त्यति नै सरकारलाई जनता प्रति Accountable हुन घचघच्याइ रहन्छ । सूचनाको हक सम्बन्धमा Universal Declaration या Human Rights, 1948 घोषणा हुन भन्दा अगाडी सन् १९४६ मा संयुक्त राष्ट्रसंघले प्रस्ताव नं. ५९(१) पारित गरी Freedom of information is a fundamental human right and ..... the touchstone of all the freedoms to which the UN is consecrated भनेको देखिन्छ । सन् १९४८ मा सयुक्त राष्ट्र संघको साधारण सभाले Universal Declaration of Human Rights (UNHR), 1948 adopt गऱ्यो र UDHR को धारा १९ मा " Everyone has the right to freedom of opinion and expression; this right includes freedoms to hold opinion without interference and to seek, receive and impart information and ideas through any media and regardless of frontiers". भनी विचार र अभिव्यक्तिको स्वतन्त्रताको साथमा सूचना र विचार माग गर्ने र आदान प्रदान गर्ने हक पनि प्रत्येक मानवको Regardless of frontiers मानव अधिकार हुन्छ भनी adopt गरिएको छ ।

सन् १९६६ मा साधारण सभाले International Convenant on civil and political Rights, 1966 लाई treaty body को रूपमा Adopt गऱ्यो । नेपाल सो Convenent मा पक्ष बनेको छ । पक्ष बनेको कारण ICCPR नेपालमा कानुन सरह लागू हुन्छ । सो Convenant ले पनि सुसूचित हुने मानव अधिकारका सम्बन्धमा धारा १९ मा,

1. Everyone shall have right to hold opinions without interference.
2. Everyone shall have the right to freedom of expression; this right shall includes

freedom to seek, receive and impart information and ideas of all kinds, regardless of frontiers, either orally, in writing or in print, in the form of art, or through any other media of his choice.

3. The exercise of the right provided for in paragraph 2 of this article carries with it special duties and responsibilities. It may therefore be subject to certain restrictions, but these shall only be such as are provided by law and are necessary :
   (a) For respect of the rights or reputations of others;
   (b) For the protection of national security or of public order (ordre public), or of public health or morals. भनी उपधारा ३ अनुसार अरूको Reputation र Right रक्षा गर्ने र National Security र Public Order, Public Health र Public Moral को लागि रोक लगाउन पर्ने अवस्थामा बाहेक सबै मानवलाई आफ्नो विचार अभिव्यक्ति गर्ने स्वतन्त्रता र सूचना र जानकारी माग्ने मानव अधिकार हुने भनी पक्ष राष्ट्रले Derogate गर्न नपाउने गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ लाई Reinforce गर्ने व्यवस्था भएको छ ।

धारा २७ को सूचनाको हक सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ बनेको छ । सूचनाको हक सम्बन्धी ऐन, २०६४ को प्रस्तावनामा धारा २७ को मनसाय र भावना झल्केको देखिन्छ । सूचनाको हक सम्बन्धी ऐन, २०६४ को प्रस्तावना, धारा २७ को Essence हो । सरकारले गर्ने हरेक काम, हरेक निर्णय र निर्माण गर्ने हरेक नीतिमा सार्वजनिक सरोकार समावेश भएको हुन्छ । त्यसैले ऐनको प्रस्तावनामा सरकारको काम कारवाहीलाई खुला र पारदर्शी बनाउने, सरकारलाई नागरिक प्रति जिम्मेवार र जवाफदेही बनाउने र सार्वजनिक महत्वको विषयको सूचनामा आमनागरिकको पहुच सरल र सहज बनाउने उद्देश्यले उक्त ऐन बनेको देखिन्छ । प्रस्तावनाबाट ऐनको मर्म, भावना र उद्देश्य देखिन्छ । ऐनको प्रस्तावना हेर्दा बृहत्तर राष्ट्रिय हितमा प्रतिकूल असर पार्ने सम्वेदनशील विषयहरूमा बाहेक सरकारको अन्य काम कारवाहीमा सरकार उदार पारदर्शी भएर सरल तरिकाले नागरिकलाई सूचित गर्न पर्ने स्पष्ट व्यवस्था भएको देखिन्छ । ऐनको दफा ३(३) को खण्ड (क) देखि (ङ) सम्मका विषयमा बाहेक अन्य विषयमा सूचना उपलब्ध गराउने व्यवस्था दफा ३ बाट देखिन्छ भने दफा ३(३) को खण्ड (क) देखि (ङ) सम्मका व्यवस्था धारा २७ को हकमा reasonable restriction मान्न पर्छ । ऐनको दफा ३(३) को खण्ड (क) देखि (ङ) सम्मका विषयमा नागरिकको पहुँच नहुने दफा ३ मा स्पष्ट हुंदा हुंदै सो बाहेक अन्य विषयमा सूचना माग्ने हक प्रत्येक नागरिकमा सुरक्षित छ र यदि अन्य विषयमा सरकारले नागरिकलाई सूचना प्रदान गर्न ईन्कार गर्छ भने त्यस्तो विषय यस अदालतको धारा १०७(२) अन्तर्गत न्यायिक पुनरावलोकन गर्ने विषय बन्छ ।

धारा २७ मा दुई विषय समावेश छन् । एक विषय सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने विषय, अर्को विषय आफ्नो विषयमा सूचना माग्ने विषय । निवेदकले माग गरेको विषय सार्वजनिक सरोकारको विषय नभै आफ्नो विषयमा सूचना माग गरेको नितान्त व्यक्तिगत विषयको सूचना माग गरेको देखिन्छ । निवेदक परीक्षार्थी भएको कारण आफुले दिएको परीक्षामा उत्तरपुस्तिका जाँच हुँदा जाँच गर्ने व्यक्तिबाट के कति अंक प्रदान भएछ सो जान्नको लागि उत्तरपुस्तिकाकै प्रतिलिपि माग गरेको देखिन्छ ।

शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको मौलिक हक हो, शिक्षाद्वारा नै मानवको व्यक्तित्व विकास हुन्छ । शिक्षा प्राप्त व्यक्तिले बनेको समाज, राष्ट्रको बौद्धिक सम्पत्ति हो । शिक्षित समाज र शिक्षित जनताबाट राष्ट्रको द्रुततर आर्थिक विकास हुन्छ । शिक्षित समाज र शिक्षित जनताबाट मात्र शोषण रहित समाज र

जनकल्याणकारी राज्य निर्माण सम्भव हुन्छ । त्यसैले आजको विश्वमा प्रत्येक सरकारले शिक्षालाई बढी जोड दिएको देखिन्छ । शिक्षाले नागरिकलाई Empower गर्छ । हाम्रो शिक्षा पद्दती Basically बेलायती Model बाट प्रभावित देखिन्छ । तोकिएको शैक्षिक वर्ष सत्र भरी कक्षामा गुरुहरूले लेक्चर (Lecture), सेमिनार आदि मार्फत पढाएको, सिकाएको आधारमा संचालित परीक्षामा सम्मिलित भई परीक्षामा विद्यार्थीको Performence को जाँच हुँदा प्राप्ताङ्कको आधारमा उत्तीर्ण र अनुत्तीर्ण मूल्यांकन गरिन्छ । परीक्षा लिखित हुन्छ । परीक्षार्थी अथवा विद्यार्थीले परीक्षामा बसी उसले आफ्नो कपीमा लिखित उत्तर दिएपछि उसको जवाफदेहीता एंव कर्तव्य पूरा हुन्छ । प्रत्येक विद्यार्थीले उत्तीर्ण हुने आकाक्षा र आशले परीक्षाको लागि तयार भई आ-आफ्नो क्षमता र बृद्धि अनुसार परीक्षामा उत्तर दिन्छन् । विद्यार्थीको व्यक्तिगत बौद्धिक क्षमता अनुसार एउटै विषयमा कसैले ज्यादै धेरै अंक प्राप्त गर्ने र कसैले Average अंक प्राप्त गर्ने, कोही उत्तीर्ण नै नहुनु परीक्षामा यस्ता कुराहरू भई नै रहन्छन् । त्यसैगरी परीक्षार्थीले परीक्षा दिएपछि उत्तरपुस्तिकाको बौद्धिक परीक्षण पनि त्यति नै महत्वपूर्ण हुन्छ । परीक्षार्थीले परीक्षा दिएपछि अब Ball तह तह हुदै उत्तरपुस्तिका परीक्षकको Court मा पुग्दछ । परीक्षक स्वभावैले विद्वान र शिक्षक हुन्छ । शिक्षक भइपछि स्वभाव र पेशा दुवैले आफैले पढाएको विद्यार्थीहरूको उत्तरपुस्तिका आफ्नो ज्ञान र शिप लगाएर जांच हुने कुरामा पनि विवाद हुदैन । उत्तर पुस्तिका जांच गर्नेले भेदभाव र लापरवाही गर्छ भन्ने विश्वास गर्नै सकिदैन । विना प्रमाण शिक्षक पेशामा लागेका बौद्धिक व्यक्तित्वलाई यस्तो आरोप लगाउनु हुदैन । शिक्षक वा परीक्षकको उत्तरपुस्तिकामा कुनै व्यक्तिगत स्वार्थ हुदैन । आफैले पढाएको विद्यार्थी पास भएको देख्ने एक मात्र हरेक शिक्षकको चाहना हुन्छ । उत्तरपुस्तिका जांच होस् वा अन्य कुनै पनि अवस्थामा होस् शिक्षक वा शिक्षण संस्थाका विरुद्ध लापरवाही शब्दको प्रयोगसम्म पनि परीक्षक वा शिक्षक माथि अन्याय हुन जान्छ । शिक्षक माथि त्यस्तो शब्द प्रयोग होला भनेर यस अदालतले कल्पनासम्म पनि गर्दैन । बरु एक शिक्षकबाट हुर्ने एक लेक्चरबाट एक कोठा भित्र हुने सबै विद्यार्थी त्यस विषयमा Enlighten हुने कुरामा यस अदालत विश्वास राख्दछ । त्यसैले परीक्षार्थीका उत्तरपुस्तिका र उत्तरपुस्तिका जाँच्ने विषय सम्बन्धित विद्यार्थी, सम्बन्धित परीक्षक र सम्बन्धित विद्यालयसंग सम्बन्धित विषय हो । यस्तो विषय केही हदसम्म विद्यार्थीको अभिभावकसंग पनि सरोकार पर्ने विषय हुन सक्छ । यस्तो विषयलाई सार्वजनिक सरोकारको विषयको Domain भित्र पर्दैन भन्ने जिकिरसँग सहमत हुन सकिदैन । त्यसैले निवेदकको माग अनुसार निवेदकको आफ्नो उत्तरपुस्तिका संविधानको धारा २७(१) को सार्वजनिक सरोकारको विषयसँग असम्बन्धित नभएको विषय, सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(३) को खण्ड (क) देखि (ङ) सम्मको सूचना प्रवाह गर्न कानुनले रोक लगाएको विषय भित्र पनि नपर्ने र निवेदक त्रिभुवन विश्वविद्यालय आफैले बनाएको संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० ले पनि रोक लगाएको नदेखिएको हुँदा विपक्षी विजय अर्यालको माग अनुसार निजको आफ्नो उत्तरपुस्तिकाको प्रतिलिपि निजैलाई उपलब्ध गराउन नपर्ने कुनै कारण देखिदैन ।

नेपालको अन्तरिम संविधान, २०६३ ले सूचनाको हकको सम्बन्धमा २०४७ सालको संविधानको सूचनाको हकमा केहि सुधार गरेको देखिन्छ । २०४७ सालको संविधानको धारा १६ मा सार्वजनिक सरोकारको कुनै विषयमा मात्र सूचना माग्ने र पाउने हक थियो भने वर्तमान संविधानको धारा २७ मा सार्वजनिक सरोकारको विषयको अतिरिक्त आफ्नो विषयको पनि सूचना माग्ने र पाउने गरी आफ्नो विषयसंग सम्बन्धित सूचना पनि थपेको देखिन्छ । माथि भनियो, सूचना माग्ने र सूचना प्रदान गर्ने कार्यले पारदर्शीता ल्याउछ । सुसूचित हुने हक र पारदर्शीताले सूचना प्रदान गर्नपर्ने पक्षलाई Accountable चनाखो र सशक्त बनाउछ । Accountable, सशक्त र चनाखो भएपछि सम्पादन गर्ने काम प्रति बढी होसीयारी बनाउछ । बढी होसीयारी

भएपछि हुन सक्ने सम्भावित मानवीय भूल र गल्ती पनि सुधारिन सक्छ । उत्तरपुस्तिका जांच गर्दा मानवीय भूल हुन सक्छ भन्ने कुरा त्रि.वि.वि. को कानुनमा भएको सम्परीक्षणको व्यवस्था Retotalling को व्यवस्थाबाट पनि देखिन्छ ।

आफ्नो उत्तरपुस्तिकामा प्राप्त प्राप्ताङ्कमा चित्त नबुझे Retotalling गराउन सक्ने हक त्रिभुवन विश्वविद्यालयको आफ्नै कानुनले पनि प्रत्येक परिक्षार्थीलाई प्रदान गरेको देखिन्छ । आफ्नो विषयमा सूचना माग्ने हक प्रत्येक नागरिकलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७(१) ले मौलिक हक प्रदान गरेको छ । सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(३) को प्रतिवन्धित, सूचीमा उत्तरपुस्तिका समावेश भएको देखिदैन र सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा जारी सूचनाको वर्गीकरणमा पनि उत्तरपुस्तिका परेको देखिदैन । तसर्थ, संविधानको धारा २७ अन्तर्गत आफ्नो उत्तरपुस्तिकाको प्रतिलिपि माग गर्ने र उत्तरपुस्तिकाको प्रतिलिपि पाउने प्रत्येक परिक्षार्थीको हक भएको हुंदा परिक्षार्थीले निवेदक त्रिभुवन विश्वविद्यालयले तोकेको शर्तमा आफ्नो उत्तरपुस्तिकाको प्रतिलिपि पाउनु पर्छ । त्यसैले विपक्षी सूचना आयोगको मिति २०६६।५।२९ को निर्णय बदर गर्न परेन । तर्सथ सो हदसम्म प्रस्तुत रिट निवेदन खारेज हुने ठर्हछ ।

तर देहायका शर्तका आधारमा विपक्षी परीक्षार्थीलाई उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउनु भनी निवेदकको नाममा परमादेश जारी हुन्छ ।

(क) उत्तरपुस्तिकाको प्रतिलिपि माग गर्ने प्रत्येक परीक्षार्थीले आफ्नो मात्र उत्तरपुस्तिकाको प्रतिलिपि माग गर्न सक्नेछ ।

(ख) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएपनि वारेस मार्फत वा अरू व्यक्तिको उत्तरपुस्तिकाको प्रतिलिपि माग गर्न पाईने छैन ।

(ग) विश्वविद्यालयले उपलब्ध गराएको प्रवेश पत्र (Admission Card) को आधारमा मात्र र सम्बन्धित परीक्षार्थीलाई मात्र प्रतिलिपि उपलब्ध गराउनु पर्ने ।

(घ) प्रतिलिपि दस्तुर कति लिने तथा माग गरेको कति दिन भित्र उत्तरपुस्तिकाको प्रतिलिपि कहाँ उपलब्ध गराउने भन्ने कुरा निवेदक विश्वविद्यालय आफैले निर्धारण गर्न सक्ने छ ।

(ङ) उत्तरपुस्तिकामा प्राप्त अंक कानुन बमोजिम Retotalling हुन सक्नेमा र उत्तरपुस्तिकामा भूलवस कुनै अंक नै प्रदान भएको रहेनछ भने त्यस्तोमा कानुन बमोजिम निवेदक विश्वविद्यालयबाटै परीक्षण हुनेमा वाहेक अन्यत्र वा अरू कसैबाट पुनः उत्तरपुस्तिका परीक्षण हुन सक्ने छैन ।

(च) अन्य अवस्थामा जानकारी उत्तरपुस्तिकाका परीक्षण अर्थात जांच गर्ने व्यक्तिको पहिचान गोप्य राख्नेछ । यो आदेशको जानकारी विपक्षी राष्ट्रिय सूचना आयोगलाई दिई प्रस्तुत रिट दायरीको लगत काटी मिसिल नियमानुसार गर्नु ।

उक्त रायमा म सहमत छु न्यायाधीश

न्यायाधीश

इजलाश अधिकृत :- उपेन्द्रप्रसाद गौतम

कम्प्युटर गर्ने :- रामशरण तिमिल्सिना

इति सम्बत २०६८ साल जेष्ठ ४ गते रोज ४ शुभम् .....

परिशिष्ट ३०
आयोगमा कार्यरत आयुक्तहरूको विवरण

सि.नं	नाम, थर	पद	कैफियत
१	श्री विनय कुमार कसजू	प्रमुख सूचना आयुक्त	२०६९ श्रावण ३ गते अनिवार्य अवकाश
२	श्री श्रीआचार्य	कार्यबाहक प्रमुख सूचना आयुक्त	२०७० साल जेठ २३ गते पाँच बर्षे कार्यकाल पुरा गरी सेवा निवृत्त
३	श्री सविता भण्डारी बराल	सूचना आयुक्त	२०७० साल जेठ २३ गते पाँच बर्षे कार्यकाल पुरा गरी सेवा निवृत्त

परिशिष्ट ३१
आयोगमा कार्यरत कर्मचारीहरूको विवरण

सि.नं.	नाम,थर	पद	कैफियत
१	श्री श्रीराम पन्त	सचिव	
२	श्री चण्डी प्रसाद दाहाल	सह सचिव	अवकाश भएको
३	श्री माधव प्रसाद पोखरेल	उप सचिव	निधन भएको
४	श्री बेदनिधि अधिकारी	उप सचिव	
५	श्री बाबुराजा श्रेष्ठ	उप सचिव	
६	श्री गौलोचन सैंजू	उप सचिव	
७	श्री चमन प्रसाद ढकाल	लेखा अधिकृत	
८	श्री मनिता कार्की	शाखा अधिकृत	
९	श्री पवित्रा ढकाल	शाखा अधिकृत	
१०	श्री सनमाया रम्तेल	शाखा अधिकृत	
११	श्री करूणा आचार्य	शाखा अधिकृत	
१२	श्री राजन पौडेल	शाखा अधिकृत	सरुवा
१३	श्री मिनाक्षी भुर्तेल	शाखा अधिकृत	सरुवा
१४	श्री वसन्तराज अधिकारी	शाखा अधिकृत	सरुवा
१५	श्री सीता रेग्मी	शाखा अधिकृत	सरुवा
१६	श्री प्रेम प्रसाद उपाध्याय	शाखा अधिकृत	
१७.	राजु सत्याल	शाखा अधिकृत	

सि.नं.	नाम,थर	पद	कैफियत
१८.	सन्तोष पोखरेल	शाखा अधिकृत	
१९.	सर्मिला थपलिया	लेखा अधिकृत	
२०.	श्री राधादेवी पोखरेल	नायव सुब्बा	सरुवा
२१.	श्री मोहन बहादुर बुढाथोकी	नायव सुब्बा	
२२.	श्री विष्णु प्रसाद अर्याल	नायव सुब्बा	
२३.	श्री प्रमोद पौडेल	नायव सुम्बा	
२४.	श्री सुमन सैंजू	कम्प्युटर अपरेटर	करार
२५.	श्री पुस्कर जोशी	कम्प्युटर अपरेटर	करार
२६.	श्री राम बहादुर थापा	चौकिदार	करार
२७.	श्री सिताराम बस्नेत	सवारी चालक	करार
२८.	श्री कृष्ण कुमार लामा	सवारी चालक	करार
२९.	श्री सुनिता पोडे	कुचिकार	करार
३०.	श्री आइतलाल माली	सवारी चालक	करार
३१.	श्री माईली तामाङ्ग	कार्यालय सहायोगी	करार
३२.	श्री नविन सुवेदी	कार्यालय सहयोगी	करार
३३.	श्री जनक के.सी.	कार्यालय सहायोगी	करार
३४.	श्री ख्याम प्रसाद पौडेल	सवारी चालक	करार
३५.	श्री हरि बुढाथोकी	सवारी चालक	करार

परिशिष्ट ३२
राष्ट्रिय सूचना आयोगले विभिन्न भाषामा प्रकाशन गरेका ब्रोसियरहरू



६

इयाद रखौं, सूचना
मागौंला निवेदन देवे मे कवनो दस्तुर ना लागे। दश पृष्ठ (पन्न) तक सूचना निःशुल्क मिलेला।

रसत, जचित
शुल्क दे के कवनो सार्वजनिक निर्माण कार्य के लिखत फाइल देख सकत बानी। निर्माण कार्य के निरीक्षण कर सकत बानी। सार्वजनिक महत्व के कवनो काम, बगजमचर (क्वुमेन्ट), अभिलेख (रेकर्ड), देख वा जाँच (Inspect) कर सकत बानी। क्वुमेन्ट वा रेकर्ड के टिपोट लेहल, उपृत अंश (Extracts) लेहल/उपृत कइल, प्रमाणित प्रतिलिपि लेहल रउर अधिकार ह। कवनो वस्तु/सामान (Materials) के प्रमाणित नमुना भी ले सकत बानी। मुद्रित, डिस्कॉट, फेनड्राइभ, टेप, भिडियो क्यासेट वा कवनो इलेक्ट्रोनिक रूप मे वा मुद्रण मार्फत सूचना ले सकत बानी

सूचना पाये खातिर निवेदन देवे के बाद सूचना अधिकारी से निर्णय जानिकर कराऊ के स्पष्ट वा निरन्तर रउरा जरूर लेहेल जाई।

सूचना प्रदान कराये मे केतना रोपेया शुल्क लागी यि जानकारी सूचना अधिकारी द्वारा देहल जरूरे चाँही। सूचना पाये के वस्तुर जे रउरा वास्तविक मूल्य से बेरी जइसन बुझाए त सम्बन्धित निकाय के प्रमुख वा राष्ट्रिय सूचना आयोग सम्मा जइरी क के वास्तविक मूल्य के बारे मे जानकारी प्राप्त क सकत बानी।

निवेदन प्राप्त भइला के बाद तत्काल उपलब्ध हो सके वाला सूचना वा त सूचना अधिकारी द्वारा तत्काल उपलब्ध कराये के चाँही, आ तत्काल उपलब्ध नइये होये वाला त निवेदन प्राप्त भइला के **पन्द्रह दिनके भितर** निवेदक के आवश्यक सूचना उपलब्ध हो जाए के चाँही। यदि सूचना तुरन्ते नइये देहल जा सकत त सूचना अधिकारी द्वारा ओकर कारण सहित जानकारी निवेदक के देहल जाए के ह।

कवनो व्यक्ति के जान-प्रान के सुरक्षा सम्बन्धित कवनो सूचना माँगल गइल अवस्था मे सूचना अधिकारी द्वारा सूचना माँगला के **चौबीस घण्टाभितर** उपलब्ध कराउल जाए के चाँही।

निवेदक जहन्ना सरूप मे सूचना माँगले होये सूचना अधिकारी के चाँही जे सम्भव भइल तक उहे स्वरूप मे सूचना उपलब्ध कराउल जाए। बाकिर निवेदक द्वारा माँगल गइल स्वरूप मे सूचना उपलब्ध कराये मे सूचना के स्रोत मे क्षति पहुँचे के, खराब होये के, नष्ट होये के सम्भावना होये त सूचना अधिकारी द्वारा ओकर कारण उल्लेख क के उपयुक्त स्वरूप मे सूचना उपलब्ध कराउल जा सकत बा।

सूचना पाये खातिर देहल निवेदन परेशान करत मे सूचना अधिकारी यदी बुझताए जे निवेदक द्वारा माँगल सूचना ओकरा निकाय से सम्बन्धित ना ह त, ए बात के जानकारी निवेदक के तत्काल देवेके चाँही।

७

सूचना दस्तुर

सूचना प्राप्त करत मे:

ए फोर साइज के फोटोकपि कागज के पहिल दश पृष्ठ निःशुल्क, तेकर बाद के प्रति पृष्ठ पाँच रूपैया। ए फोर से बाडका आकार के कागज मे प्रति पृष्ठ दश रूपैया। सिडि, डिस्केट या अन्य विद्युतीय माध्यम मे सूचना ली त पचास रूपैया शुल्क ह।

एइसन सूचना नहिओ प्राप्त हो सकत बा:

नेपाल के सार्वभौमसत्ता,अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था या अन्तर्राष्ट्रिय सम्बन्ध मे गम्भीर खलल (प्रभाव) पडेवाला, अपराध के अनुसन्धान, तहकिकात तथा अभियोजन प्रभावे असर पडेवाला, आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिक संरक्षण वा बैंकिङ्ग वा व्यापारिक गोपनियता मे गम्भीर आघात पडेवाला, विभिन्न जातजाति वा सम्प्रदाय बीच के सुसम्बन्ध मे प्रभाव रूप मे खलल पहुँचावेवाला, व्यक्तिगत गोपनियता आ व्यक्ति के शरीर, प्राण, सम्पत्ति, स्वास्थ्य वा सुरक्षा मे खतरा पहुँचावेवाला।

बाकिर अडसन सूचना
प्रवाह ना करेके उचित आ पर्याप्त कारण रहल अवस्था के छोडके आइसन सूचना प्राप्त करेके दाबिल मे सार्वजनिक निकाय अलग ना हो सकता बा।

सूचना ना देहल गइलापर का कइल जाइ ?
राउर निवेदन स्वीकार ना भइल, माँगल गइल सूचना ना मिलल, निश्चित से बेसी शुल्क माँगल गइल, राउर निवेदन के कवनो उत्तर ना देहल गइल, उचित कारण बिना सूचना देये से इन्कार कइल गइल, झूठ, भ्रामक वा आधा सूचना दइल गइल वा जे सूचना माँगल बा ओ सूचना से सम्बन्धित फाइल वा कागजात नष्ट कइल गइल त का करेंग ?

सार्वजनिक निकाय क अभिलेख मे एइ ऐन मोताबिक प्रवाह कइल जा सकेवाला सूचना बा त सूचना अधिकारी के चाँही जे प्रवाह कर सकेवाला सूचना के अलग कर के निवेदक के उपलब्ध करावस।

अपना कार्यालयमे रहल सूचनासाथ नागरिक से माँगला पर सूचना अधिकारीद्वारा देखावे के चाहीं। देवेक चाहीं। माँगल गइल सूचना नहिरये देये वाला होये त कहे नहिओ देहल जा सकत, ई जानकारी जचित आ स्पष्ट कारण सहित सूचना अधिकारी के तरफ से देहल जाए के चाहीं।

ओइसन अवस्था मे रउरा उहे निकाय के प्रमुखसमक्ष सात दिन के भितर जरूरी क सकत बानी। ओइसन जरूरी प्राप्त भइला के सात दिन के भितर प्रमुख द्वारा सूचना देवेके वा ना देवेके जानकारी देहल जाएके ह। ओकर सात दिन के भितर सूचना अधिकारी से रउर माँगल सूचना प्राप्त हो जाएके ह।

८

मन ना माने त

प्रमुख के निर्णय पर भी रउरा जो सन्तुष्ट नइबी या सात दिन के भितर रउरा सूचना प्राप्त ना हो सकल त समय पूरा भइला के पन्द्रह दिन के भितर राष्ट्रिय सूचना आयोग समक्ष पुनरावेदन कइल जा सकत बा। आयोग आपन समक्ष प्रदान पुनरावेदन प्राप्त भइला के सात दिन के भितर आ उजुरी वा निवेदनक सम्बन्ध मे नियमावली मे अन्यथा उल्लेख न भएला के अलावा पैंतालीस दिन के भितर आवश्यक कारवाही क के अन्तिम निर्णय करेला।

सार्वजनिक निकाय के प्रमुख वा सूचना अधिकारी मनाहिल कारण बिना सूचना ना देवे होखल, देवे मे इन्कार कइले होखल, आंशिक रूपमे (आधाहिस्स) वा गलत सूचना देले होखल या सूचना नष्ट कइल देखल गइल अवस्थामे, आयोग अंइसन प्रमुख या सूचना अधिकारीके एक हजार से पच्चीस हजार रूपैया तक जरिवाना क के, विभागीय कारवाही होखेवाला पद पर आसिन होइहे त विभागीय सजाय के खातिर सम्बन्धित निकाय मे लिख के पेठा सकत बा।

सार्वजनिक निकाय के प्रमुख वा सूचना अधिकारी समय मे देहल आवश्यक रहल सूचना बिलकाइल समय पर जो नइये उपलब्ध कराइले त ओतना दिन के प्रति दिन दू सय रूपैया के हिसाब से उनका जरिवाना होखी। कवनो व्यक्ति जनमा प्रयोजन वा उद्देश्य से सार्वजनिक निकाय से सूचना प्राप्त कइले होखल उहे प्रयोजन मे प्रयोग ना कर के दुरूपयोग कइल प्रमाणित भइल अवस्थामे आयोग सूचना के दुरूपयोग के सम्भीरता के हेख के अंइसन व्यक्ति के बीच हजार से पच्चीस हजार रूपैया तक जरिवाना क सकता बा।

आयोग मे पुनरवेदन करे खातिर स्वयं उपस्थित हो के, वा सम्बन्धित कार्यालय वा जिल्ला प्रशासन कार्यालय मे दर्ता करा के वा कवनो इलाक मार्फत सोझे पेठावल जा सकता बा।

सूचना के हक रउर मौलिक अधिकार ह। ई अधिकारक बारे मे विस्तृत रुप मे जने बुझे खातिर सूचना के हकसम्बन्धी ऐन, २०६४ आ सूचना के हकसम्बन्धी नियमावली, २०६५ (संशोधित २०७०) देखि सकत बानी। धन्यवाद।

राष्ट्रिय सूचना आयोग
कोटेश्वर, कामनपा-३५, काठमाण्डू।
फोन: ४६०२७४७, ४६०२९२०, फ्याक्स: ४६०१२१२
इमेल: nicnepal@wlink.com.np
वेवसाइट: www.nic.gov.np

९

सूचना हमनी सब के अधिकार ! सुशासन आ विकास के आधार !!

सूचना के हक काहे खातिर ?

- सरकारी कर्मचारी के तनखाह आ सरकारी कार्यालय के खर्च रउरर हिसाब 'कर' से चलेला।
- बजार से कवनो समान किनला पर चाहे सेवा लेहला पर रउरा सरकार के 'कर' देवेनी।
- अपन हाल 'कर' कवन काम मे, कइसनि आ कइसे खर्च हो रहल बा इ जाने के रउरा अधिकार बा।

ए कारण से कि

- लोकतन्त्र मे जनता मालिक होखेला। जनता के सेवा कइल सरकार के काम ह। सरकार अपन काम कइसे करता, रउरा बुझे के मिली। सूचना के हक (अधिकार) सरकार से हर-हिसाब आ उपयो सिखावेला। नेपाल मे सूचना के हक सम्बन्धी ऐन, २०६४ साल के भादो महिना से लागू हो चुकल बा।

१

सूचनाक हक काहे ?

सूचना के हक सम्बन्धी ऐन, २०६४ रउरा के कवनो सार्वजनिक निकाय से होखेवाला काम कारवाही के सूचना मागे के आ माँगल सूचना पाये के अधिकार प्रदान कइले बा।

निचा कइल गइल कार्यालय सार्वजनिक निकाय अन्तर्गत पडेला:

१) संविधान अन्तर्गत के निकाय,
२) ऐन्द्वारा स्थापित निकाय,
३) नेपाल सरकारद्वारा गठित निकाय
४) कानून द्वारा स्थापित सार्वजनिक सेवाप्रदायक संगठित संस्था वा प्रतिष्ठान,
५) प्रचलित कानून मोताबिक दर्ता भईल राजनीतिक दल तथा संगठन,
६) नेपाल सरकार के पूर्ण वा आंशिक स्वामित्व चाहे नियन्त्रण मे रहल वा अनुदान से संचालित नेपाल सरकार के अनुदान लेवेवाला संगठित संस्था,
७) नेपाल सरकार वा कानून द्वारा स्थापित कवनो निकाय के सम्झौता से गठन भईल संगठित संस्था।
८) प्रत्यक्ष वा अप्रत्यक्ष रूप मे नेपाल सरकार वा विदेशी राष्ट्र चाहे अन्तर्राष्ट्रिय संघ-संस्था से रकम लेकर के संचालन भईल गैरसरकारी संघ-संस्था सब।
९) नेपाल सरकारद्वारा नेपाल राजपत्र मे सूचना प्रकाशित कर के सार्वजनिक निकाय कइ के तोकल गईल अन्य निकाय वा संस्था।

सूचना अधिकारी के अपन कार्यालय मे रहल सूचना नागरिकद्वारा माँगल समय मे देखावे के चाँही, देखेव चाँही। जो माँगल गइल सूचना देवेवाला ना होये त, ई बजह से देवेके नाम्मिली बता के उचित आ स्पष्ट कारण सहित जानकारी देहल जेकरे चाँही।

दश पृष्ठ (पन्न) तक के सूचना निःशुल्क (बिना पैसा के) मिलेला।

- सरकारी निकाय से मात्र ना, कवनो सार्वजनिक निकाय से मि सार्वजनिक वा अपन सरोकार के सूचना माँगे के आम नेपाली नागरिक के अधिकार ह। सूचना के अभिलेख सब परीक्षण कइल जा सकत बा, नक्कल (उतार) लेहल जा सकता।
- अब कवनो सरकारी आ सार्वजनिक निकाय के काम गोप्य (पेसगयब) ना होखेला। खुलापन सामान्य बा आ गोपनियता अपवाद बा

सूचना देये खातिर प्रत्येक सार्वजनिक निकाय मे सूचना अधिकारी के व्यवस्था कइल गेल बा।

सूचना माँगे के तरिका

सूचना माँगनिहार व्यक्तिद्वारा सम्बन्धित सूचना अधिकारी के निवेदन लिखकेऽ देवेके पहेला जो कवनो व्यक्ति शारीरिक अशक्त वा निरक्षर भइला के कारण निवेदन नइये लिख सकत त ओइसन व्यक्ति के बात सुन के सूचना अधिकारी हि के निवेदन लिखेके व्यवस्था मिल देये के चाँही। निवेदन लिखे म कवन सूचना माँगल गइल बा इ बात महत्वपूर्ण होखेला। प्रश्न स्पष्ट रूपसे करेके चाँही। विभिन्न विषय आ समस्या के सम्बन्ध मे पुछल जाएवाला प्रश्न फरक भी हो सकता। सुझाव के रूप मे एगो नमुना ईहाँका दियाता। एकरा के आधार मान के अपना तरिका से प्रश्न बाना सक तानी। सूचना के हक के बारे मे नागरिक के सहयोग करे खातिर कवनो स्थानीय संस्था लगल होये त सूचना माँगे के काम मे ओकर सहयोग ले सकत बानी।

३

सूचना माँग कर के खातिर निवेदन के नमुना

कवनो सार्वजनिक निकाय मे जे रउरा कवनो काम वा सेवा के विषय मे निवेदन देइले बानी, आ ओ पर सुनवाइ होये के विलम्ब भइल होये त सम्बन्धित कार्यालय के सूचना अधिकारी के सम्बोधन कर के ओइ प्रकार के निवेदन लिख के सूचना माँग सक तानी:

श्री सूचना अधिकारी,
(कार्यालय, विभाग, निकायक नाम आ पता)

विषय: सूचनाक हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत सूचना के माँग।

हम दिनांक ..... मे एइ कार्यालय मे ..... विषय/काम सम्बन्ध मे निवेदन देइले रेंही, हमर ओ निवेदन उपर औपइडाक सन्तोषजनक कारवाही आगे ना बढ सकल। अतः कृपया हमरा के निम्न लिखित सूचना उपलब्ध करावल जाए अनुरोध करता ई निवेदन देत बानी।

१) हमर निवेदन उपर अभितक का का कारवाही भइल ? आ कवन तिथि मे कइल गइल ?
२) हमर निवेदन कवन कर्मचारी वा पदाधिकारी लगे पहुँचल ? कवन पदाधिकारी के जिम्मा मे केतना दिन हमर निवेदन रहल ? सम्बन्धित पदाधिकारी हमर निवेदन पर का कारवाही कइलन ? ओइ सब पदाधिकारी के, पद आ फोन नम्बर के जानकारी दियाव।
३) रउरा कार्यालय, विभाग, निकाय के नियम, निर्देशिका वा नागरिक वडापत्र मोताबिक हमर निवेदन पर केतना समय भितर कारवाही हो जाए के चाही ? ओइसन नियम, निर्देशिका के नक्कलक प्रति उपलब्ध करावल जाए।
४) ओइसन नियम निर्देशिका के पालन ना करेवाला पदाधिकारी पर अपन पदीय दायित्व पूरा ना कइल खातिर कारवाही के कवनो व्यवस्था बा कि ना ? हमर निवेदन के सम्बन्ध मे नियम, निर्देशिका के उल्लंघन भइल बा कि ना ? यदी भइल बा त कवन नियम निर्देशिका मोताबिक सम्बन्धित अधिकारी के का कारवाही होइ ? ओ नियम के प्रति उपलब्ध करावल जाए।
५) सम्बन्धित पदाधिकारी द्वारा दायित्व पूरा ना कइला से हम शारीरिक आ मानसिक पीडा सहेके बाध्य भइल बानी। ए पीडा के खातिर सम्बन्धित पदाधिकारी जिम्मेवार बाडन कि ना ? यदी बाडन त उनकारा के कवन दण्ड सजाय कइल जाई ? नियम निर्देशिका मे एइ सम्बन्ध मे कइसन व्यवस्था बा ? ओ कानून के बारे मे जानकारी देहल जाए।
६) हमर निवेदन उपर कहिया तक मे कारवाही होई आ हमर काम पूरा/समस्या समाधान कहिया तक मे होई ?

उपर उल्लेस भइल सूचना देहल जाए।

भवदीय/निवेदक
निवेदकक सही:
निवेदकक नाम:
पता:
फोन नं.:
तिथि:

अवलोकन दस्तुर: निकाय के कार्यालय या कार्यस्थल मे सूचना, अभिलेख, लिखत, निरीक्षण, अवलोकन करेके पहिला आधा घण्टा के कवनो शुल्क ना लागी। ओकरा बाद प्रतिघण्टा प्रतिव्यक्ति पचास रूपैया लागी।

सार्वजनिक पुस्तकालय आ सार्वजनिक स्थ मे निःशुल्क उपलब्ध करावे के व्यवस्था रहल स्थान मे अवलोकन दस्तुर ना लागे।

४

सूचना अधिकारी के व्यवस्था

- कोनो सार्वजनिक निकाय द्वारा अपन निकाय से सम्बन्धित सूचना मे नागरिक के सहज पहुँच बनावे के खातिर आ माँगल गइल सूचना उपलब्ध करवावे के खातिर सूचना अधिकारी के व्यवस्था कइल जाएके चाँही।
- अपन निकाय मे रहल सूचना प्रवाहित करे खातिर सूचना अधिकारी मुख्य व्यक्ति के रूप मे काम करेके। सूचना अधिकारी के अपना निकाय से सम्बन्धित सूचना के जानकारी होखेके चाँही। उ एक त अपन निकाय के सब सूचना संकलन कर के व्यवस्थित राखे ले। दोसरा मे सूचना मागकर्ता के सूचना उपलब्ध करावे लें।
- कवनो भी सार्वजनिक निकाय द्वारा सूचना अधिकारी के नाम आ सम्पर्क पता, फोन नम्बर आम नागरिक के सहज जानकारी हो सके मोताबिक सार्वजनिक कइल जाए के चाँही। ओ सूचना अधिकारी से रउरा सार्वजनिक निकाय से हाखेवाला वा सम्पन्न हो चुकल सार्वजनिक महत्व के काम, ओ सम्बन्धी कारवाही वा निर्णय से सम्बन्धित लिखत, सामग्री वा जानकारी माग सकत बानी।

खर्चाजचिक नहरत कहला से, बहुत लोग के सरोकार के विषय जइसे की रास्ता, धारा, पुल, पैनी, स्कूल, अस्पताल के विषय मे कइल गइल निर्णय से लेके योजना निर्माण आ कार्यान्वयन तक सब विषय बुझल जाला।

सूचना के अर्थ सार्वजनिक निकाय से हाखेवाला वा भइल सार्वजनिक महत्व के काम, ओ सम्बन्धी कारवाही वा निर्णय से सम्बन्धित कवनो लिखत, सामग्री वा जानकारी हो।

लिखत कहला से लिपिबद्ध कवनो तरह के लिखत के बुझल जाए के चाँही।

लिखतक आशय ह. अभिलेख (Recocds, Documents, Memos) इमेल, विचार, राय सलाह, प्रेस विज्ञप्ति, परिपत्र (Circulars), आदेश, लग्वुक, करार (Contracts), रिपोर्ट, मिसिल (Papers) वस्तु के नमुना (Sampales, Models), इलेक्ट्रोनिक आ डिजिटल रूपमे राखल गइल तथ्यांक (Data) तथा प्रचलित कवनो कानूनू अन्तर्गत सार्वजनिक निकाय से प्राप्त कइल जा सकेवला कवनो रूप मे रहल जानकारीके सामग्री सब।

५

सूचनाक अद्यावधिक

सरकारी कार्यालय वा अन्य सार्वजनिक निकाय के सूचना अधिकारी द्वारा अपन निकाय से सम्बन्धित निये उल्लेखे भइल सूचना सूचिकृत क के राखल जेएके चाही चाँही, आ नियमित रूप मे प्रकाशित करे के चाँही।

क) निकाय के स्वरूप के प्रकृति
ख) निकाय के काम, कर्तव्य आ अधिकार
ग) निकाय के कर्मचारी संख्या आ कार्य विवरण
घ) निकाय द्वारा प्रदान कइल जाए वला सेवा
ङ) सेवा प्राप्त कइल जाए वला निकाय के शाखा आ जिम्मेवार अधिकारी
च) सेवा प्राप्त करवावे खातिर लगेवाला दस्तुर आ समय अवधि
छ) निर्णय के प्रक्रिया आ अधिकारी
ज) निर्णय उपर उजुरी सुनवाला अधिकारी
झ) सम्पादन कइल गइल काम के विवरण
ञ) सूचना अधिकारी आ प्रमुख के नाम आ पद
ट) ऐन, नियम, विनियम वा निर्देशिकाक सूची
ठ) आमदानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण
ड) अभिलक्ष आर्थिक वर्षमे सार्वजनिक निकायद्वारा कवनो कार्यक्रम वा आयोजना संचालन भइल होखे त ओकर विवरण
ढ) सार्वजनिक निकाय के वेभसाइट होखे त ओकार विवरण
ण) सार्वजनिक निकाय के प्राप्त भोल कैशिक सहायता ऋण, अनुदान एवं प्राविधिक सहयोग आ सम्भौता सम्बन्धी विवरण
त) सार्वजनिक निकाय द्वारा संचालित कार्यक्रम आ ओकर प्रगति प्रतिवेदन
थ) सार्वजनिक निकाय द्वारा वर्गीकरण तथा संरक्षण कइल गइल सूचना के सूची आ ओ सूचना संरक्षण खातिर निश्चित कइल गइल समयावधि
द) सार्वजनिक निकाय मे पडल सूचना माँग सम्बन्धी निवेदन आ ओपर सूचना देहल गइल विषय।
ध) सार्वजनिक निकायके सूचना सब अन्यत्र प्रकाशन भइल होखे वा हाखेवाला वा त ओकर विवरण।
न) ओकल मोताबिक के अन्य विवरण

सूचना अधिकारी द्वारा नियमित रूप मे अपन कार्यालय से सम्पादित कार्य विवरण, आम्दानी, खर्च तथा आर्थिक कारोबार के अद्यावधिक विवरण, ऐन, नियम, विनियम वा निर्देशिकाक सूची आदि सूचिकृत क के राखल जाए के चाँही आ माँग कइल गइल अवस्था मे उपलब्ध कराये के चाँही।

उल्लेखित विषय के सूचना गोपिक रूप मे भि माँगल जा सकता। उपर उल्लेखित सूचना सम्बन्धित कार्यालय के सूचना अधिकारी द्वारा तीन-तीन महिना मे अद्यावधिक क के सार्वजनिक कइल जाए के चाँही। अतः अइसन सूचना चाँहे उपलब्ध होखे के ह।

सार्वजनिक निकाय सम्भव रहे त सूचना के हक सम्बन्धी ऐन लागू हाखे से बीस वर्ष पहिले तक अपन निकाय से सम्बन्धित सूचना अद्यावधिक क के राखे के ह। ओतना पुरान अवधि तक के सूचना नागरिक प्राप्त करे सकता।

सूचना हाम्रो अधिकार ! सुशासन र विकासको अधिकार !! / ३८५

सूचना दस्तुर

सूचना प्राप्त कराउँ के खातिर:

ए फोर साइज कय फोटोकपि कागज मेहा पहिल ५० पन्ना निःशुल्क, (विनापैसा) उके बाद प्रति पन्ना कय पाँच रुपैया । ए फोर साइज आकारके कागजमे प्रति पृष्ठ दश रुपैया । सिडि, डिस्केट अन्य विद्युतीय माध्यममे सूचना लिहे पर पचास रुपैया ।

ई सूचना नाहि मिल सकत हैः

नेपाल कय सार्वभौमसत्ता,अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था या अन्तरराष्ट्रिय सम्बन्धमे गम्भीर खलल (प्रभाव) परयवाला, अपराध कय अनुसन्धान, तहकिकात तथा अभियोजनमे प्रत्यक्ष असर परएवाला, आर्थिक, व्यापारिक तथा मौद्रिक हित या बैद्धिक सम्पत्ति कय संरक्षण या बौद्धिक या व्यापरिक गोपनियतामिहा गम्भीर आघात परएवाला, विभिन्न जातजातिके या सम्प्रदायबीच कय सुसम्बन्धमे प्रत्यक्ष सम्मे खलल पहुँचाये वाला, व्यक्ति कय शरीर प्राण, सम्पत्ति, स्वास्थ्य या सुरक्षामे खतरा पहुँचाउनेवाला सूचना ।

मोन नाहि मानत हय तो

प्रमुख कय निर्णयर भी आप सन्तुष्ट नाहि भया गय वा सात दिनके भितर आप कय सूचना प्राप्त नाहि भे तो समय पूरा होके पन्द्रह दिनके भितर राष्ट्रिय सूचना आयोगसम्मा पुनरावेदन कय सका जात हय । आयोग अपने समा पर पुनरावेदन प्राप्त होअक सात दिन कय भितर अएर उजुरी वा निवेदन कय सम्बन्धी निणयालरीमे अन्यथा उल्लेख नाहि होएक अलावा पैसालीस दिन कय भितर आवश्यक कारवाही कय अन्तिम निर्णय केके परत हय ।

सार्वजनिक निकाय कय प्रमुख वा सूचना अधिकारी मुनासिब कारणबिना सूचना नाहि दिहेन वा देकेके लिए इन्कार करिन, आंशिक समर्थ वा गलत सूचना दिहेन वा सूचना नष्ट क्वइदिहेके देखल गेल अवस्थामे आयोग ओइसन प्रमुख वा सूचना अधिकारी कय एक हजारसे पचीस हजार रुपैयाक जरिवाना अएर विभागीय कारवाही कइ कय जौने पदमे रहए वइ परसे विभागीय सजाय या कारवाही करेके खातिर सम्बन्धित निकायमे लिखि कय पठाए सकत है ।

सार्वजनिक निकाय कय प्रमुख वा सूचना अधिकारी समयमे देकेक आवश्यक रहा सूचना बिनाकारण समयपर यदि नाहि उपलब्ध कराइन तो आकरे दिनकय प्रति दिन दुई सयके कणिया कय हिसाबसे ओनकय जरिवाना कए सका जात है । कौनो व्यक्ति जौने प्रयोजन अएर उद्देश्यसे सार्वजनिक निकायसे सूचना प्राप्त करे हय उही प्रयोजनमे प्रयोग नाहि कइके दुरुपयोग करे कय प्रमाणित भइल अवस्थामे आयोग सूचना कय दुरुपयोग कय गम्भीरता देखि कय अधिकतम बारीसय पचीस हजार रुपैया तक जरिवाना कए सकत हय ।

आयोग मेहा पुनरावेदन करेक खातिर स्वयं उपस्थित होइ कय वा सम्बन्धित कार्यालय वा जिल्ला प्रशासन कार्यालय मेहा दर्ता कराएके वा कोनो हुलाकमार्फत सोझे पठाइ सका जात है ।

सूचना आप कय मौलिक अधिकार होय । ई अधिकार कय बारेमे विस्तृत रुपमे जने बुझे के लिए सूचना कय हकसम्बन्धी ऐन, २०६४ आ सूचना कय हकसम्बन्धी नियमावली, २०६५ (संशोधित २०७७) देखि सका जात हय । धन्यवाद ।

राष्ट्रिय सूचना आयोग

कोटेश्वर, कामनपा-३५, काठमाण्डू ।

फोनः ४६०२७४७, ४६०२९२०, फ्यासः ४६०१२१२

इमेलः nicnepal@wlink.com.np

वेवसाइटः www.nic.gov.np

सूचना हम सब लोगन कय अधिकार !
सुशासन अउर विकास कय आधार !!

सूचना कय हक, काहे ?

- सरकारी कर्मचारी के लव/लखाइ अउर सरकारी कार्यालय के खर्च हम लोगेन कंट्रारा दिया गया कर से चलता हय ।
- बजार से कौनब समान खरिदयक अउर कौनब सेवा लिहेपर हम लोगनकेइ कर देयक परत हय ।
- हमलोग दिया गया कर कौन सेवा काम काज मेहा, कहा अउर कसकय खर्च होत हय उका जानबाक आप सब कय अधिकार हय ।

यही मारे कि

- लोकतन्त्र मेहा जनता मालिक होत हय, अउर सरकार नौकर होत हय । उनका जनतन कय सेवा करयक परत हय । सरकार आपन काम कसकय करत हय, उ आपका जनयक चाही । सूचना कय हक (अधिकार) जनता कय सरकार से हर हिसाब अउर काम सूचना मागैक उपाय सिखावत हय । नेपाल मेहा सूचना कय हक सम्बन्धी ऐन, २०६४ साल भादव महिना से लागू भया हय ।

सूचना कय हक काहे ?

सूचना कय हक सम्बन्धी ऐन २०६४ आप कय कौनब सार्वजनिक (सेवाप्रदायक) निकाय से होय वाला काम कारवाही कय बारे मेहा सूचना मागैक अउर पाबैक अधिकार देत हय ।
निचे लिखा (माथेवाला) कार्यालय सार्वजनिक निकाय अन्तर्गत परत हय ।

१) संविधान अन्तर्गत के निकाय,
२) ऐनद्वारा स्थापित निकाय,
३) नेपाल सरकारद्वारा गठित निकाय
४) कानुनद्वारा स्थापित सार्वजनिक सेवाप्रदायक संगठित संस्था या प्रतिष्ठान,
५) प्रचलित कानून मुताबिक दर्ता भया राजनीतिक दल तथा संगठन,
६) नेपाल सरकार कय पूर्ण या आंशिक (कम, आधा) स्वामित्व वा नियन्त्रण मेहा रहा या अनुदानले संचालित नेपाल सरकार से अनुदान प्राप्त संगठित संस्था,
७) नेपाल सरकार वा कानुनद्वारा स्थापित निकाय कौनउ सम्मतिला कय गठन भया संगठित संस्था ।
८) प्रत्यक्ष या अप्रत्यक्ष रुप से नेपाल सरकार वा विदेशी राष्ट्र या अन्तराष्ट्रिय संघ-संस्थाद्वारा रकम प्राप्त कय संचालित गैरसरकारी संघ/संस्था ।
९) नेपाल सरकारद्वारा नेपाल राजपत्र मेहा सूचना प्रकाशित कय सार्वजनिक निकाय महिकय तोकिल (निर्धारण) अन्य निकाय या संस्था ।

सूचना अधिकारी कय आपने कार्यालय मेहा रहे सूचना नागरिक से मागैक समय मेहा देयक चाहि । यदि मागा गया सूचना नाय दिहेन वा कहो नाय दिहेन उकय कारण सहित कय जानकारी देयक परत हय ।

सूचना मागैक तरिका

सूचना मागैक खातिर मागेवाला आदमी कय सरोकार राखवैवाला सूचना अधिकारी कय निवेदन लिखि कय देयक परत हय । कौनब व्यक्ति (आदमी) शारीरिक अशक्त के कारण वा अनपढ होय पर निवेदन नाय लिखपाय सकठ हय तब उकय बात सुनिकय सूचना अधिकारी से निवेदन लिखवाय कय व्यवस्था किहा गया हय । निवेदन लिखे से कौनब सूचना मागेवाला बात महत्वपूर्ण हय तब प्रश्न स्पष्ट होयक चाहि ।
सब समस्या के सम्बन्ध मेहा पुछै वाला प्रश्न अलग होइ सकत हय । एक नमुना सुझाव के रूपमेहा इ बात दिया गया हय । इके आधार मान के अपने तरिका से प्रश्न बनाइ सका जात हय । सूचना के हक मेहा नागरिक के सहयोग (सघाव) के खातिर स्थानीय संस्था आपके नेरे होय तौ हुजै से भि सहयोग मान सकत छथी ।

दश पेज (पन्ना) कय सूचना नि:शुल्क (विना पैसा) उपलब्ध होई ।

- अब नेपाली नागरिक कय सरकारी निकाय से हि नाहि कोनव सार्वजनिक निकायसे सार्वजनिक सरोकार कय सूचना वा अपन सरोकार कय सूचना मागैक अधिकार हय । सूचना कय नमूना परीक्षण कय सका जात हय अउर उकय नक्कल लिँहा जाय सकत हय ।
- अब कौनब सरकारी अउर सार्वजनिक निकाय कय काम काज गुप्ये (गुप्तचाप) नाहि होत हय । खुलापन सामान्य अउर गोपनीयता अपवाद होत हय ।

सूचना दियक खातिर प्रत्येक सार्वजनिक निकाय मेहा सूचना अधिकारी कय व्यवस्था किहा गया हय ।

सूचना मागैक नमूना

आप कौनब सार्वजनिक निकाय जहाँ कौनब विषय मेहा निवेदन दय चिहे इस अउर काम मेहा दियर होत हय वा काम नाहि भय हय तब आप वही कार्यालय कय सूचना अधिकारी कैहा सम्बोधन कइ कय इमेर कय निवेदन दय सका जात हयः

श्री सूचना अधिकारी,
(कार्यालय, विभाग, निकायक नाम अउर पता.....)

विषयः सूचनाक कय हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत सूचना कय माग ।

हम दिनांक मेहा इ कार्यालय (अड्डा) मेहा..... विषय/काम कय सम्बन्ध मेहा निवेदन दीहे रहेन । हमार उ निवेदन पर अलग रेराक सन्तोषजनक कारवाही (काम) अबहि तक नाय भया हय । यहि मारे कृपया हमार निम्नलिखित सूचना उपलब्ध कराँकेक अनुरोध करतय ई निवेदन दिहे हन ।

१) हमरे निवेदन कय उपर अलग देरतक कौनव कौनव काम कारवाही भय/आउर कौनव तिथि मिति मेहा करा गया हय ?
२) हमार निवेदन कौनव कर्मचारी अउर पदाधिकारी लगी हय ? कौनव पदाधिकारी कय जिम्मा मेहा हय ? सम्बन्धित पदाधिकारी हमारे निवेदन उपर कौनव काम कारवाही विहिन हय ? उन पदाधिकारी कय नाम पद आउर उनकय टेलिफोन नम्बर कता होय ?
३) आपके कार्यालय, विभाग, निकायक नियम,निर्देशिका वा नागरिक वडापत्र मुताबिक हमारे निवेदन उपर कतना समय के अन्दर काम कारवाही सम्पन्न (खतम) होई जाई ? उ नियम, निर्देशिकाक नक्कल कय एक प्रति उपलब्ध करावा जाय ।
४) उ नियम निर्देशिका कय पालन नकरय वाली पदाधिकारी आपन पदीय दायित्व पूरा नकरे पर कारवाही होयक कौनन व्यवस्था हय कि नाहि ? हमारे निवेदन के सम्बन्ध मेहा नियम, निर्देशिका कय उल्लंघन भया हय कि नाहि ? अगर भया हय तब नियम निर्देशिका से सम्बन्धित अधिकारी कय कौनन कारवाही भया उ नियम कय प्रतिलिपि उपलब्ध कराया जाय ?
५) सम्बन्धित पदाधिकारीद्वारा पूरा नाहि करे के कारणले हम शारीरिक अउर दिमागी पीडा सहे से बाध्य भय हन । इ पीडा के सम्बन्धित पदाधिकारी जिम्मेदार होय कि नाहि ? हम तब उनका कौनन दण्ड सजाय किहा जात हय ? नियम निर्देशिका मेहा कौनन गैर व्यवस्था हय यहुद कानूनके बारेम जानकारी दिहा जाय ।

उपर उल्लेख किहा गया सूचना दिहा जाए ।

भवदीय/निवेदक
निवेदक कय सहीः
निवेदक कय नामः
फोनः
फाक्सः
तिथिः

देखे कय फिस या शुल्कः कौनन निकाय कार्यालय मेहा, जानकारी, अभिलेख, लिखत, निरीक्षण, अवलोकन, लिखित, चेक जाँच अउर देखे के आधा घण्टाके खातिर कौनन फिस नाहि लगी ।

सार्वजनिक पुस्तालयम अउर सार्वजनिक रुप मेहा नि:शुल्क (विना पैसा) दिहे वाला स्थान मेहा देखयक पैसा नाहि लगी ।

सूचना अधिकारी कय व्यवस्था

- सब सार्वजनिक निकायद्वारा अपने निकाय से सम्बन्धित सूचना जनता कैहा सहज रूपसे पहुँचायक चाही । सूचना देय खातिर हरेक सार्वजनिक निकाय मेहा एक जने कर्मचारीकय सूचना अधिकारी तोकैक (नियुक्त करेके) चाहि ।
- सूचना अधिकारीके, अपने निकाय मेहा रहा सूचना प्रवाहित करय के खातिर मुख्य व्यक्तिके रूपमेहा काम करयक परी । सूचना अधिकारी कय अपने निकाय से सम्बन्धित सूचनाके बारेमेहा जानकारी होयक चाहि । अपने निकाय कय सूचना संकलन कइकय अउर व्यवस्थित रूपसे रखखकय अउर दुसर वात सूचना मागकर्ता के सूचना उपलब्ध करायँकेय परत हय ।
- कौनो सार्वजनिक निकाय से सूचना अधिकारी कय नाम, पता, अउर फोन नम्बर आम जन्तन कैहा सहज तरिका उपलब्ध होये के खातिर सार्वजनिक करायक चाहि । यही सूचना अधिकारी से आप सब सार्वजनिक निकाय से होय बाला सार्वजनिक महत्व के काम, तत्सम्बन्धी कारवाही अउर निर्णयसे सम्बन्धित लिखित, सामग्री या जानकारी माग सकत हय ।

सार्वजनिक महत्व केहेक मतलब जादा कुल सरोकार कय विषय सकक, पुल, स्कुल, नल, अस्पताल लगायत विषय मेहा किहा निर्णय किहा निर्णय अउर योजना निर्माण अउर कार्यान्वयन तक कय विषय ।

सूचना कय अर्थ सार्वजनिक निकाय से होय वाला वा भया सार्वजनिक महत्व कय काम अउर कारवाही वा निर्णय से सम्बन्धित कौनव लिखित, सामग्री या जानकारी होत हय ।

लिखत कहे के मतलब लिपिबद्ध भया कौनो किसिमके लिखित समफ्रकय परत हय । यो शब्द कौनो यन्त्रके माध्यम से संकलन वा अद्यावधिक भया वा मुद्रित वा फिरसे प्रस्तुत कईसकय वाला श्रव्य-दृश्य सामग्री समेत वा भो जनावत हय

लिखत कय आशय माने होत हय अभिलेख (Recocds, Documents, Memos) झमेल, विचार, राय सल्लाह, प्रेस विज्ञप्ति, परिपत्र (Circulars), आदेश, लगुक, करार (Contracts), रिपोर्ट, मिसिल (Papers) वस्तुक नमुना (Sampales, Models), इलेक्ट्रोनिक अउर 'डिजिटल' सम्मेहा रखखा तथ्यांक (Data) तथा प्रचलित कौनो वानून अन्तर्गत सार्वजनिक निकायसे प्राप्त होय वाला कोनो रूप मेहा रहा जानकारी कय सामग्री सब ।

सूचना कय अग्राधिकार

सरकारी कार्यालय वा अउर सर्वजनिक निकाय कय सूचना अधिकारी से अपने निकाय से सम्बन्धित निचे लिखा सूचना कय सूचिकृत कय के राख्खयक चाहि अउर नियमित रूपमे प्रकाशित करयक चाहि ।

क) निकाय कय स्वरूप आउर प्रकृति
ख) निकाय कय काम, कर्तव्य अउर अधिकार
ग) निकाय कय कर्मचारी संख्या अउर कार्य विवरण
घ) निकाय द्वारा प्रदान किहा जाएवाला सेवा
ङ) सेवा प्राप्त किहा जायवाला निकाय कय शाखा अउर जिम्मेवार अधिकारी
च) सेवा प्राप्त करयक खातिर लागय वाला दस्तुर अउर अवधि
छ) निर्णय करे कय प्रक्रिया अउर अधिकारी
ज) निर्णय उपर उजुरी सुनयवाला अधिकारी
झ) सम्पादन करा जाय वाला काम कय विवरण
ञ) सूचना अधिकारी अउर प्रमुख कय नाम अउर पद
ट) ऐन, नियम, विनियम वा निर्देशिका कय सूची
ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण
ड) आगे के आर्थिक वर्षमेहा सार्वजनिक निकायद्वारा कौनव कार्यक्रम वा आयोजना संचालन भया होय तो उकय विवरण
ढ) सार्वजनिक निकाय कय वेभसाइट होय तो उकय विवरण
ण) सार्वजनिक निकायकै प्राप्त भया वैदेशिक सहायता ऋण, अनुदान एवं प्राविधिक सहयोग अउर सम्बन्धसम्बन्धी विवरण
त) सार्वजनिक निकायद्वारा संचालित कार्यक्रम अउर प्रगति प्रतिवेदन
थ) सार्वजनिक निकायद्वारा वर्गिकरण तथा संरक्षण किहा गया सूचना कय नमासवी अउर सूचना संरक्षण निश्चित किहा गया समय अवधि
द) सार्वजनिक निकाय मेहा परा सूचना मागरसम्बन्धी निवेदन अउर उके उपर सूचना दिहा गया विषय ।
ध) सार्वजनिक निकाय कय सूचना संचय प्रकाशन भया रहा, होय वाला सूचना कय विवरण ।
न) तोकैक मोताबिक अन्य विवरण

सूचना अधिकारीद्वारा अपन कार्यालय से भया काम काज, कार्य विवरण, आम्दानी, खर्च अउर आर्थिक कारोबार कय तहगत विवरण, ऐन, नियम, विनियम अउर निर्देशिका सूची आदि सूचिकृत कइकय बराबर राखे कय चाही अउर मागे पर जनता के देयक चाही

उपर लिखा चिज कय सूचना मौखिक कय रुप मे माग सकत हय । अद्धुरन प्रकृति के सूचना सम्बन्धित कार्यालय कय सूचना अधिकारीद्वारा तीन तीन महिनामेहा अद्यावधिक कइ कय सार्वजनिक कईयेक चाही । अतः हमेर सूचना पार्टीमेहा उपलब्ध होयेक चाहि

सार्वजनिक निकाय सम्मय रहा अवस्था तक सूचना कय हकसम्बन्धी ऐन लागू होयसे बीस साल पहिले तक के अपन निकाय से सम्बन्धित सूचना कय अद्यावधिक कइ कय राखेक परी, अउर जरूरत परे पर उतना पुराना सूचना नागरिक के मागे पर उपलब्ध होयक चाही ।

सूचना हमरासभक अधिकार ! सुशासन आ विकासक आधार !!

सूचनाक हक किएक ?

- सरकारी कर्मचारीक तनखा पदैपदैमिक आ सरकारी कार्यालयक खर्च आहोदारा चुकाओल करसँ चलैत अछि।
- बजारसँ कोनो समान किनितकाल आ सेवा प्राप्त करैतकाल अहाँकेँ सरकारसँ कर चुकाब पड़ैत अछि।
- अपनाद्वारा चुकाओल गेल कर बुत काममे, कल-आ कोना खर्च होइत ऊँक से जनबाक आहोक अधिकार अछि।

एहि कारण कि

- लोकतन्त्रमे जनता मालिक होइत अछि। सरकारक काज अछि, जनताक सेवा करब। सरकार अपन काज कोना करैत अछि, इ आहोकेँ बुझैत पड़त। सूचनाक हक (अधिकार) जनताकेँ सरकारसँ हरदौसिम आ कामक बारेमे सूचना मागबाक आ जानकारी पेबाक अधिकार देत अछि वा सरकारी पेबाक उपाय सेहो शिखैत अछि। नेपालमे सूचनाक हकसम्बन्धी ऐन, २०६४ सालक भाद्रव महिनासँ लागू भ.चुकल अछि।

सूचना दस्तुर

सूचना प्राप्त करैतकाल:

ए फोर साइजक फोटोकपी कागजमे पहिल दश पृष्ठ निःशुल्क, तकबाबक प्रति पृष्ठ पाँच रूपैया। ए फोरसँ पैघ आकारक कागजमे प्रति पृष्ठ दश रूपैया। सिडि, डिस्केट वा अन्य विद्युतीय माध्यमसँ सूचना ली तँ पचास रूपैया।

एहन सूचना नहिओ प्राप्त भऽ सकैत अछि

नेपालक सार्वभौमसत्ता,अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमे गम्भीर खतरा (प्रभाव) पड़ऊतल, अपराधक अनुसन्धान, तहकिकात तथा अभियोजनमे प्रतिकुल असर पड़ऊतल, आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पतिक संरक्षण वा बैंकिंग वा व्यापारिक गोपनियतामे गम्भीर आघात पड़ऊतल, विभिन्न जातजाति वा सम्प्रदायबीचक सुसम्बन्धमे प्रतिकुल स्वमे खतरा पहुँचाबऊतल, व्यक्तिगत गोपनियता आ व्यक्तिक हरीर, प्राण, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामे खतरा पहुँचाबऊतल ।

नुदा ओना कऽ सूचना

प्रभाव नहि करबाक उचित आ पर्याप्त कारण रहल अवस्थाकेँ छोड़ि ओहन सूचना प्रवाह करबाक दायित्वसँ सार्वजनिक निकाय अलग नहि भऽ सकैत अछि।

सूचना नहि देल गेलापर कि करल जाए ?

आहोक निवेदन स्वीकार नहि करल गेल, मागल गेल सूचना नहि देल गेल, निश्चितसँ बेसी शुल्क मागल गेल, आहोक निवेदनक कोनो उत्तर नहि देल गेल, उचित कारणबिना सूचना देबासँ इन्कार करल गेल, झूठ, भ्रामक वा आधा सूचना देल गेल वा जे सूचना मागल गेल अछि ओहन सूचनासँ सम्बन्धित पत्राहर वा कागजात नष्ट करल गेल त कि करबै ?

सार्वजनिक निकायक अभिलेखमे एहि ऐनमोताबिक प्रवाह करल जाए सकऽतना आ नहि करल जाए सकऽतना सूचना जँ अछि तँ सूचना अधिकारीकेँ चाहितेन जे प्रवाह कऽ सकऽबला सूचनाकेँ अलग कऽनिकरकेँ उपलब्ध करबाबि।

अपन कार्यालयमे रहल सूचनासब, नागरिकद्वारा मागल गेल अवस्थामे सूचना अधिकारीद्वारा देखाओल जेबाक चाही। देबाक चाही। जँ मागल गेल सूचना नहि देल जा सकैत अछि तँ किएक नहि देल जा सकैत अछि तकर उचित आ स्पष्ट कारणसहित जानकारी देबाक कर्तव्य सूचना अधिकारीक अछि।

ओहन अवस्थामे आहोँ उपर्ड निकायक प्रमुखसगञ्ज सात दिनक भितर उजुर कऽ सकैत छी। ओहन उजुरी प्राप्त भेलाक सात दिनक भितर प्रमुखद्वारा सूचना देबाक वा नहि देबाक जानकारी देल जाएत, ओ देताह/देतीह। ओकर सात दिनक भितर सूचना अधिकारीसँ आहोँ मागल गेल सूचना प्राप्त हएत।

भोन नहि मानल तऽ

जँ प्रमुखक निर्णयर सेहो आहोँ सन्तुष्ट नहि भेल होइक या सात दिनक भितर आहोँकेँ सूचना प्राप्त नहि भऽ सकल हुअए तँ समय पुरा भेलाक पन्द्रह दिनक भितर राष्ट्रिय सूचना आयोगसमा पुनरावेदन करल जा सकैत अछि। आयोग अपनासमा पवल पुनरावेदन प्राप्त भेलाक साँझ दिनक भितर आ उजुरी वा निवेदनक समयमे नियमावलीमे अन्यथा उल्लेख नहि भेलाक अलावा पैंतालीस दिनक भितर आवश्यक कारवाही कऽ अन्तिम निर्णय करैत अछि।

सार्वजनिक निकायक प्रमुख वा सूचना अधिकारी मनासिब कारणबिना सूचना नहि देने हुअए वा देबाक लेल इन्कार लेने हुअए, आंशिक स्वमे वा गलत सूचना देने हुअए वा सूचना नष्ट करल देखल गेल अवस्थामे आयोग ओहन प्रमुख वा सूचना अधिकारीकेँ एक हजारसँ पन्द्रोह हजार रूपैयासँ जरिवाना कऽ निर्णायिक कारवाही भऽसकऽबला पदार आहोत पहुँ तँ निर्णायिक सजायक लेल सम्बन्धित निकायमे लिखि कऽ पठा सकैत अछि।

सार्वजनिक निकायक प्रमुख वा सूचना अधिकारी समयमे देब आवश्यक रहल सूचना बिगाकारणे समयपर जँ नहि उपलब्ध करेने होथि तँ ओहन दिनक प्रति दिन दू सयो रूपैयाक हिसाबसँ हुनका जरिवाना कएल जाएत। कोनो व्यक्ति जाहि प्रयोजन आ उद्देश्यसँ सार्वजनिक निकायसँ सूचना प्राप्त कोने अछि उएह प्रयोजनमे प्रयोग नहि कऽ दुरुपयोग कएल प्रमाणित भेल अवस्थामे आयोग सूचनाक दुरुपयोगक गम्भीरताकेँ देखि ओहन व्यक्तिकेँ पाँच हजारसँ पन्द्रोह हजार रूपैयाबरि जरिवाना कऽ सकैत अछि।

आयोगमे पुनरावेदन कएबालेल स्वयं उपस्थित भऽ वा सम्बन्धित कार्यालय वा जिलाक प्रशासन कार्यालयमे दर्ता कएल कऽना कोनो हुलकमार्फत सोझे पठाओल जा सकैत अछि।

सूचना हमरासभक अधिकार ! सुशासन आ विकासक आधार !!

सूचना आहोँक मौलिक अधिकार अछि। एहि अधिकारक बारेमे विस्तृतरुपमे जनबबुझबाक लेल सूचनाक हकसम्बन्धी ऐन, २०६४ आ सूचनाक हकसम्बन्धी नियमावली, २०६५ (संशोधित २०७०) देखि सकैत छी। धन्यवाद।

राष्ट्रिय सूचना आयोग
कोटेश्वर, कामनपा-३५, काठमाण्डू।
फोन: ४६०२७४७, ४६०२९२०, फ्याक्स: ४६०१२९२
इमेल: nicnepal@wlink.com.np
वेवसाइट: www.nic.gov.np

सूचनाक हक किएक ?

सूचनाक हकसम्बन्धी ऐन, २०६४ आहोँकेँ कोनो सार्वजनिक निकायसँ होअबला काम (कार्य) कारवाहीक सूचना मगबाक आ मागल सूचना पेबाक अधिकार प्रदान कैने अछि।

निम्न बाहल गेल कार्यालय सार्वजनिक निकायअन्तर्गत पर्दैत अछि:

१) संविधानअन्तर्गतक निकाय,
२) ऐन्हारा स्थापित निकाय,
३) नेपाल सरकारद्वारा गठित निकाय
४) कानूनद्वारा स्थापित सार्वजनिक सेवाप्रदायक संगठित संस्था वा प्रतिष्ठान,
५) प्रचलित कानूनमोताबिक दर्ता भेल राजनीतिक दल तथा संगठन,
६) नेपाल सरकारक पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमे रहल वा अनुदानसँ संचालित नेपाल सरकारक अनुदानप्राप्त संगठित संस्था,
७) नेपाल सरकार वा कानूनद्वारा स्थापित निकाय कोनो सम्पोता कऽ गठन भेल संगठित संस्था
८) प्रत्यक्ष वा अप्रत्यक्षरूपमे नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ/संस्थास वा रकम प्राप्त कऽ संचालन भेल गैरसरकारी संघ/संस्थाक
९) नेपाल सरकारद्वारा नेपाल राजपत्रमे सूचना प्रकाशित कऽ सार्वजनिक निकाय कहि तोकल गेल अन्य निकाय वा संस्था।

सूचना अधिकारीकेँ अपन कार्यालयमे रहल सूचना नागरिकद्वारा मगल गेल समयमे देखेबाक चाही, देबाक चाही। जँ मागल गेल सूचना नहि देल जा सकैत अछि तँ किएक नहि देल जा सकैत अछि ताहि बाबत उचित आ स्पष्ट कारणसहित जानकारी देल जेबाक चाही।

सूचना मगबाक तरिका

सूचना मांग केन्द्रिक व्यक्तिद्वारा सम्बन्धित सूचना अधिकारीकेँ निवेदन लिखि कऽ देबऽ पर्दैत छैक। जँ कोनो व्यक्ति शारीरिक अशक्तताक कारण वा निरक्षर होबाकबारेमे निवेदन नहि लिखि सकैत अछि तँ ओहन व्यक्तिक बात सुनि सूचना अधिकारीद्वारा निवेदन लिखबाक व्यवस्था कएल जाएल।

निवेदन लिखबाकाल कोन सूचना मागल गेल अछि से बात महत्वपूर्ण होइत अछि। जँ प्रश्न स्पष्ट नहि हएत तँ जवाबो स्पष्ट नहि प्राप्त हएत। तएँ अपन प्रश्न जते भऽ सकए ओते स्पष्ट कराबक चाही।

विभिन्न विषय आ समस्याक सम्बन्धमे पुछल जाएबला प्रश्न फरक भऽ सकैत अछि। सुझावक स्वमे एकटा नमुना एतऽ देल गेल अछि। एकरा आधार मानि कऽ अपने तरिकासँ प्रश्न बना सकैत छी। सूचनाक हकक बारेमे नागरिककेँ सहयोग कएबला कोनो स्थानीय संस्था लगपासमे अछि तँ आहोँ सूचना मगबाक काजमे ओकर सहयोग प्राप्त कऽ सकैत छी।

दश पृष्ठधरिक सूचना निःशुल्क उपलब्ध होइत अछि।

- आब नेपाली नागरिककेँ सरकारी निकायसँ मात्र नहि भऽ कोनो सार्वजनिक निकायसँ सार्वजनिक सरोकारक सूचना सँगहि अपन सरोकार सूचनाक मगबाक अधिकार छैक।
- सूचनाक अभिलेखसबहक परीक्षण कएल जा सकैत अछि, नकक्ल लेल जा सकैत अछि।
- आब कोनो सरकारी आ सार्वजनिक निकायक काज गोप नहि होइत अछि। खुलापन सामान्य आ गोपनियता अपवाद होइत अछि।

सूचना प्रदान करबाक लेल प्रत्येक सार्वजनिक निकायमे सूचना अधिकारीक व्यवस्था कएल गेल रहैत अछि।

सूचना माग करबाक निवेदनक नमूना

कोनो सार्वजनिक निकायमे जँ आहोँ कोनो विषयमे निवेदन देने छियैक आ ओहिपर सुनवाइ होबमे विलम्ब भेल अछि तँ आहोँ सम्बन्धित कार्यालयक सूचना अधिकारीकेँ सम्बोधन कऽ एहिप्रकारेँ निवेदन लिखि सूचना मागि सकैत छी :

श्री सूचना अधिकारी,
(कार्यालय, विभाग, निकायक नाम आ पता)

विषय: सूचनाक हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत सूचनाक माग।

हम दिनांक ..... मे एहि कार्यालयमे ..... विषय/कांडक सम्बन्धमे निवेदन देने रही, ओहि निवेदनपर एखनिधरि सन्तोषजनक कारवाही आगाँ नहि बढ़ियकल अछि। अतः कृपया निम्नलिखित सूचना उपलब्ध करेबाल जाए से अनुरोध करैत ई निवेदन प्रस्तुत करैत छी।

१) हमर निवेदनपर एखनिधरि कि कारवाही भेल ? आ कोन तिथिमे कएल गेल ?
२) हमर निवेदन कोन कर्मचारी वा पदाधिकारीलग पहुँचल ? कोन पदाधिकारीक जिम्मामे कतेक दिनधरि हमर निवेदन रहल ? सम्बन्धित पदाधिकारी हमर निवेदनमर कि कारवाही केलनि ? ओहिसभ पदाधिकारीक नाम, पद आ कोन नम्बरक जानकारी भेटए।
३) आहोँक कार्यालय, विभाग, निकायक नियम, निर्देशिका वा नागरिक बडापत्रमोताबिक हमर निवेदनपर कतेक समयक भितर कारवाही सम्पन्न होबाक चाही ? ओहन नियम, निर्देशिकाक नकक्ल अति उपलब्ध करबाल जाए।
४) ओहन नियम निर्देशिकाक पालन नहि केनिहार पदाधिकारीपर अपन पदीय दायित्व पूरा नहि कएल गेलापर कारवाही होबाक कोनो व्यवस्था अछि कि नहि ? हमर निवेदनक सम्बन्धमे नियम, निर्देशिकाक उल्लंघन भेल अछि कि नहि ? जँ भेल अछि तँ कोन नियम निर्देशिकामोताबिक सम्बन्धित अधिकारीकेँ केहन कारवाही हएत ? ओ नियमक प्रति उपलब्ध करबाल जाए।
५) सम्बन्धित पदाधिकारीद्वारा दायित्व पूरा नहि कएलक कारणे हम शारीरिक आ मानसिक पीड़ा सहबालेल बाध्य भेलहुँ अछि। एहि पीड़ाक लेल सम्बन्धित पदाधिकारी जिम्मेवार छथि कि नहि आ जँ छथि तँ हुनका एहिलेल केहन दण्ड सजाय कएल जाएल ? नियम निर्देशिकामे एहिसम्बन्धमे केहन व्यवस्था कएल गेल अछि ? ओहन कानूनक बारेमे जानकारी देल जाए।
६) हमर निवेदनपर कहियधरि कारवाही हएत आ हमर माग/समस्या कहियधरि पूरा/समाधान हएत ?

उपर अवलेख कएल बेल सूचना देल जाए।
भवदीय/निवेदक

निवेदक सही
निवेदकक नाम:
पता:
फोन नं.:
तिथि:

अवलोकन दस्तुर: निकायक कार्यालय वा कार्यस्थलमे सूचना, अभिलेख, लिखत, निरीक्षण, अवलोकन कारवाबाल पहिल आधा घन्टाक लेल कोनो शुल्क नहि लागत। तकबाद प्रतिघण्टा प्रतिव्यक्ति पचास रूपैया लागत।

सार्वजनिक पुस्तकालय आ सार्वजनिक स्वमे निःशुल्क उपलब्ध कराओल जेबाक व्यवस्था रहल स्थानमे अवलोकन दस्तुर नहि लागत।

सूचना अधिकारीक व्यवस्था

- कोनो सार्वजनिक निकायद्वारा अपन निकायसँ सम्बन्धित सूचनामे नागरिकक सहज पहुँच कायम करबालेल आ मागल गेल सूचना अधिकारीक सूचना अधिकारीक व्यवस्था कएल जेबाक चाही।
- अपन निकायमे रहल सूचना प्रवाहित करबालेल सूचना अधिकारी मुख्य व्यक्तिक रूपमे काज करैत छथि। सूचना अधिकारीकेँ अपना निकायसँ सम्बन्धित सूचनाक जानकारी होबाक चाही। ओ एकदिसि अपन निकायक सब सूचना संकलन कऽ व्यवस्थितपूर्वक रखैत छथि आ दोसरदिसि सूचना मागकर्ताकेँ सूचना उपलब्ध करबैत छथि।
- कोनो सार्वजनिक निकायद्वारा सूचना अधिकारीक नाम आ सम्पर्क पता, फोन नम्बर आम नागरिककेँ सहजहिँ जानकारी भऽसकए ताहिमोताबिक सार्वजनिक कएल जेबाक चाही। ओहि सूचना अधिकारीसँ आहोँ सार्वजनिक निकायसँ होअबला वा सम्पन्न भेल सार्वजनिक महत्वक काज, तत्सम्बन्धी कारवाही वा निर्णयसँ सम्बन्धित लिखित, सामग्री वा जानकारी मागि सकैत छी।

सार्वजनिक महत्व कहलासँ बहुगोटेक सरोकारक विषय जेना रस्ता, धारा, पुल पैनी, स्कूल अस्पतालसन विषयमे कएल गेल निर्णयसँ लऽ कऽ योजना निर्माण आ कार्यान्वयनधरिक सब विषय बुझल जाइत अछि।

सूचनाक अर्थ सार्वजनिक निकायँ सम्पादन होअबलाल वा भेल सार्वजनिक महत्वक काज, तत्सम्बन्धी कारवाही वा निर्णयसँ सम्बन्धित कोनो लिखत, सामग्री वा जानकारी होइत अछि।

लिखत कहलासँ लिपिबद्ध कोनो तरहक लिखतकेँ बुझाल जेबाक चाही।

लिखतक आशय अधि. अभिलेख (Records, Documents, Memos) इमेल, विचार, राय सल्लाह, प्रेस विज्ञप्ति, परिपत्र (Circulars), आदेश, लगुक, करार (Contracts), रिपोर्ट, मिसिल (Papers) वस्तुक नमुना (Samples, Models), इलेक्ट्रोनिक आ डिजिटल रूपमे रखल गेल तथ्यांक (Data) तथा प्रचलित कोनो कानूनअन्तर्गत सार्वजनिक निकायसँ प्राप्त करएल जा सकऽबला कोनो समये रहल जानकारीक सामग्रीसब।

सूचनाक अद्यावधिक

सरकारी कार्यालय वा अन्य सार्वजनिक निकायक सूचना अधिकारीद्वारा अपन निकायसँ सम्बन्धित निम्न उल्लेख करल गेल सूचना सुचिकृत कऽ कऽ रखल जेबाक चाही आ नियमितरूपमे प्रकाशित कराबक चाही।

क) निकायक स्वरूप आ प्रकृति
ख) निकायक काज, कर्तव्य आ अधिकार
ग) निकायक कर्मचारी संख्या आ कार्य विवरण
घ) निकाद्वारा प्रदान कएल जाएबला सेवा
ङ) सेवा प्राप्त करएल जाएबला निकायक शाखा आ जिम्मेवार अधिकारी
च) सेवा प्राप्त करबालेल लागऊबला दस्तुर आ अवधि
छ) निर्णय करबाक प्रक्रिया आ अधिकारी
ज) निर्णयउपर उजुरी सुनऊबला अधिकारी
झ) सम्पादन कएल गेल कामक विवरण
ञ) सूचना अधिकारी आ प्रमुख नाम आ पद
ट) ऐन, नियम, विनियम वा निर्देशिकाक सूची
ठ) आमदानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण
ड) अगिलुका आर्थिक वर्षमे कार्यान्वित निकाद्वारा कोनो कार्यक्रम वा आयोजना संचालन भेल होइत तँ तकर विवरण
ढ) सार्वजनिक निकायक वेभसाइट जँ होइक तँ ओकर विवरण
ण) सार्वजनिक निकायकेँ प्राप्त भेल वैदेशिक सहायता ऋण, अनुदान एवं प्राविधिक सहयोग आ सम्पौतासम्बन्धी विवरण
त) सार्वजनिक निकाद्वारा संचालित कार्यक्रम आ तकर प्रगति प्रतिवेदन
थ) सार्वजनिक निकाद्वारा वर्गीकरण तथा संरक्षण कएल गेल सूचनाक नामावली आ ओहन सूचना संरक्षण लेल निश्चित कएल गेल समयावधि
द) सार्वजनिक निकायमे पहल सूचना मागसम्बन्धी निवेदन आ साहित्यर विवरण ।,
ध) सार्वजनिक निकायक सूचनासब अन्यत्र प्रकाशन भेल होइक वा होअबला होइक तँ तकर विवरण ।
न) तोकलमोताबिकक अन्य विवरण

सूचना अधिकारीद्वारा नियमितरूपमे अपन कार्यालयसँ सम्पादित कार्य विवरण, आम्दानी, खर्च तथा आर्थिक कारोबारक अद्यावधिक विवरण, ऐन, नियम, विनियम वा निर्देशिकाक सूची आदि सुचिकृत कऽ राखल जेबाक चाही आ माग करल गेल अवस्थामे उपलब्ध करेबाक चाही।

उल्लेखित विषयक सूचना मौखिक रूपमे सेहो मागल जा सकैत अछि। उपर उल्लेखित प्रकृतिक सूचना सम्बन्धित कार्यालयक सूचना अधिकारीद्वारा तीन तीन महिनामे अद्यावधिक कऽ सार्वजनिक कएल जेबाक चाही। अतः एहन सूचना चेट्टट्टि उपलब्ध होइत अछि।

सार्वजनिक निकाय सम्बन्ध रहल अवस्थाधरि सूचनाक हकसम्बन्धी ऐन लागू होअऽसँ बीस वर्ष पहिलेधरिक अपन निकायसँ सम्बन्धित सूचना अद्यावधिक कऽ कऽ रखने रहैत अछि। ओहि पुरान अवधिधरिक सूचना नागरिक प्राप्त कऽ सकैत अछि।

सूचना हाम्रो अधिकार ! सुशासन र विकासको अधिकार !! / ३८७

६

याद गर्नुहोस्, सूचना माग्ने
निवेदन दिंदा कुनै पनि दस्तुर लाग्दैन ।
पीच पेजसम्मको सूचना निः शुल्क पाइन्छ ।

तपाईले उचित शुल्क तिरेर कुनै सार्वजनिक निर्माण कार्यको लिखत फाइल हेर्ने र निर्माण कार्यको निरीक्षण गर्न सक्नुहुन्छ । सार्वजनिक महत्वको कुनै काम, कागजपत्र (डकुमेन्ट), अभिलेख (रेकर्ड) हेर्ने/जाँच्न (Inspect) सक्नुहुन्छ । डकुमेन्ट वा रेकर्डको टिपोट लिन, उद्धृत अंश (Extracts) लिन/उद्धृत गर्न, प्रमाणित प्रतिलिपि लिन सक्नुहुन्छ । कुनै वस्तु/सामान (Materials) को प्रमाणित नमूना लिन सक्नुहुन्छ । मुद्रित, डिस्केट, पेनड्राभ, टेप, भिडियो क्यासेट वा कुनै पनि इलेक्ट्रोनिक रूपमा वा मुद्रणमार्फत सूचना प्राप्त गर्न सक्नुहुन्छ ।

सूचना पाउनका लागि निवेदन दिएपछि तपाईले सूचना अधिकारीबाट निवेदन दिएको रसिद वा निस्सा लिनुपर्छ ।

सूचना दिंदा कति मूल्य लाग्छ भन्ने जानकारी सूचना अधिकारीले दिनु पर्छ । सूचनादस्तुर यदि लागत मूल्यभन्दा धेरै बढी हिएको तपाईलाई लाग्यो भने तपाईले सम्बन्धित निकायका प्रमुख वा राष्ट्रिय सूचना आयोगसमक्ष उजुर गर्न र वास्तविक मूल्यबारे जानकारी लिन सक्नुहुन्छ ।

निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले **पन्ध्र दिनभित्र** निवेदकलाई उपलब्ध गराउनुपर्छ । तत्काल सूचना दिन नसकिने भएमा अधिकारीले सोको कारणसहितको जानकारी तुरुन्त निवेदकलाई गराउनुपर्छ ।

कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना माग गरेको **चौबीस घण्टाभित्र** सूचना अधिकारीले निवेदकलाई उपलब्ध गराउनु पर्छ ।

सूचना अधिकारीले निवेदन्द्वारा माग भएको सूचना सम्बन्ध भए सम्म माग भएको स्वरूपमा नै उपलब्ध गराउनुपर्छ । तर, निवेदकले माग गरेको स्वरूपमा सूचना उपलब्ध गराउँदा सूचनाको स्रोत बिग्रने भत्केने वा नष्ट हुने संभावना भएमा सूचना अधिकारीले सोको कारण खोली उपयुक्त स्वरूपमा निवेदकलाई सूचना उपलब्ध गराउन सक्छ ।

सूचना पाउन दिइएको निवेदन जाँचबुझ गर्दा निवेदकले माग गरेको सूचना आफ्नो निकायसँग सम्बन्धित नदेखिएमा सूचना अधिकारीले सो कुराको जानकारी तुरुन्त निवेदकलाई दिनुपर्छ ।

६

सूचना दस्तुर

सूचना प्राप्त गर्दाः
एफोर साईजको फोटोकपि प्रतिपेज ५।-रूपैयाँ,
एफोर भन्दा ठूलो आकारको कागजमा ७०।- रूपैयाँ, सूचना सीडी,
डिस्केट वा अन्य विद्युतीय माध्यममा लिंदा : पचास रूपैयाँ ।

यस्ता सूचना नपाइन सक्छ

नेपालको सर्वाभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अर्न्तराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,
अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,
आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पतिको संरक्षण वा बैकिङ्ग वा व्यापारिक गोपनियतामा गम्भीर आघात पार्ने,
विभिन्न जातजाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने,
व्यक्तिगत गोपनियता र व्यक्तिको जीउ, ज्यान, सम्पति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने ।

तर त्यसरी सूचना

प्रवाह नगर्नु पर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्न दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन ।

सूचना नदिंए के गर्ने ?

तपाईको निवेदन निइएन;
मागेको समयमा सूचना दिइएन;
तोकेको भन्दा धेरै वा थप शुल्क मागियो;
तपाईको निवेदनको जवाफ दिइएन;
उचित कारण बिना सूचना दिन इन्कार गरियो;
भुट्टटो, भ्रामक वा अधुरो सूचना दिइयो वा जुन सूचना माग्दिएको हो त्यसैको फाइल वा कागतबत नष्ट गरियो भने के गर्ने ?

यस्तो अवस्थामा तपाईले त्यही निकायका प्रमुख समक्ष सात दिनभित्र उजुरी गर्न सक्नुहुन्छ । प्रमुखले उजुरी पाएको सात दिनभित्र सूचना दिने वा नदिने निर्णय गरेर तपाईलाई जानकारी दिनुपर्छ, दिनेछन् । त्यसको सात दिनभित्र सूचना अधिकारीले मागेको सूचना दिनुन् ।

सार्वजनिक निकायको अभिलेखमा यस ऐन बमोजिम प्रवाह गर्न मिल्ने र नमिल्ने सूचना भए सूचना अधिकारीले प्रवाह गर्न मिले सूचना छुट्याएर निवेदकलाई उपलब्ध गराउनुपर्छ ।

सूचना अधिकारीले आफ्नो कार्यालयमा रहेका सूचना नागरिकले मागेको बेला देखाउनु पर्छ, दिनुपर्छ । यदि मागेको सूचना दिन नमिल्ने भए किन दिन मिल्दैन भन्ने उचित र स्पष्ट कारणसहित जानकारी दिनुपर्छ ।

७

चित्त नबुझे

यदि प्रमुखको निर्णय पनि तपाइलाई चित्त बुझेन भने राष्ट्रिय सूचना आयोगलाइ पुनरावेदन गर्न सक्नुहुन्छ । आयोगले पुनरावेदन परेको सातौ दिनभित्र आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्छ ।

सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिक कारण बिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पचीस हजार रूपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारवाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्छ ।

सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले समयमा दिनुपर्ने सूचना बिना कारण समयमा उपलब्ध नगराई हिंडाई गरेमा प्रति दिन हिंडाइ गरेको हो त्यति दिनको प्रतिदिन डुई सय रूपैयाँको दरले निजलाई जरिवाना हुन्छ ।

कुनै व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको प्राप्त गरेको हो सोही प्रयोजनको लागि प्रयोग नगरी दुरुपयोग गरेको देखिएमा आयोगले सूचनाको दुरुपयोगको गम्भिरता हेरी त्यस्तो व्यक्तिलाई पाँच हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्छ ।

आयोगमा पुनरावेदन गर्दा आफै उपस्थित भएर वा सम्बन्धित कार्यालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता गराएर वा कुनै पनि हुलाक मार्फत सोझै पठाउन सकिन्छ ।

सूचना तपाईको मौलिक अधिकार हो । यो अधिकार बारे विस्तृत रूपमा जान्नको लागि सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ हेर्नुहोला । धन्यवाद ।

राष्ट्रिय सूचना आयोग
कोटेश्वर, काम.न.पा.-३५, काठमाण्डौ ।
फोन : ४६०२७४७, ४६०२९२०, फ्याक्सः ४६०१२१२
इमेल : nicnepal@wlink.com.np.
वेबसाइट : www.nic.gov.np

सूचना हाम्रो अधिकार ! सुशासन र विकासको आधार ! !

सूचनाको हक किन ?

- सरकारी कर्मचारीहरूको तलब र सरकारी कार्यालयको खर्च तपाईले तिरेको करबाट चल्छ ।
- तपाईले बजारबाट कुनैपनि सामान किन्दा वा सेवा प्राप्त गर्दासरकारलाईकर तिर्नुपर्छ ।
- आफूले तिरेको कर के काममा, कहाँ र कसरी खर्चहुन्छ भन्ने जान्ने अधिकार तपाईको हो ।

यस कारण कि

- लोकतन्त्रमा जनता मालिक हुन्छ । सरकारको काम जनताको सेवा गर्नुहो । सरकारले कसरी काम गरिरहेको छ, यो तपाईले जान्नैपर्छ । सूचनाको हकले जनतालाई सरकारसँग हिसाब र कामको बारेमा सूचना माग्ने र थाहा पाउने अधिकार दिन्छ र उपाया सिकाउँछ । नेपालमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ सालको भदौ महिनादेखि लागू भइसकेको छ ।

९

सूचनाको हक किन ?

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले तपाईलाई कुनैपनि सार्वजनिक निकायबाट हुने काम कारवाहीको सूचना माग्ने र मागेको सूचना पाउने अधिकार प्रदान गरेको छ ।
तल लेखिएका सबै कार्यालय सार्वजनिक निकायमा पर्छन्:
(१) संविधानअर्न्तगतका निकाय,
(२) ऐनद्वारा स्थापित निकाय,
(३) नेपाल सरकारद्वारा गठित निकाय,
(४) कानूनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक संङ्गठित संस्था वा प्रतिष्ठान,
(५) प्रचलित कानुनबमोजिम दर्तामएका राजनीतिक दल तथा संगठन,
(६) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा वा रहेको वा अनुदानमा संञ्चालित नेपाल सरकारको अनुदान प्राप्त संगठित संस्था,
(७) नेपाल सरकार वा कानुनद्वारा स्थापित निकायले कुनै सम्भौता गरी गठन गरेको सङ्गठित संस्था,
(८) प्रत्यक्ष वा अप्रत्यक्षरूपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरेर संचालन भएका गैरसरकारी संघ/संस्थाहरू,
(९) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनि तोकेको अन्य निकाय वा संस्था ।
सूचना अधिकारीले आफ्नो कार्यालयमा रहेको सूचना नागरिकले मागेका बेला देखाउनुपर्छ, दिनुपर्छ । यदि मागेको सूचना दिन नमिल्ने भए किन दिन मिल्दैन भन्ने उचित र स्पष्ट कारणसहित जानकारी दिनुपर्छ ।

पाँच पेज सम्मको सूचना निःशुल्क उपलब्ध हुन्छ ।

●अब नेपाल नागरिकले सरकारी निकायबाट माउँ होइन कुनै पनि सार्वजनिक निकायबाट सार्वजनिक सरोकारका सूचनाका साथै आफ्नो सरोकारका सूचना माग्न सक्छन्, तिनीहरूको अभिलेखहरू, जाँच्न र नक्कल लिन सक्छन् ।

●अब कुनै पनि सरकारी र सार्वजनिक निकायको काम गोप्य हुँदैन । खुलापन सामान्य र गोपनीयता उपवाद हुन्छ ।

सूचना दिनका लागि हरेक सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था गरिएको हुन्छ ।

सूचना माग्ने तरिका

सूचना माग्ने व्यक्तिले सम्बन्धित सूचना अधिकारीलाई निवेदन लेखेर दिनुपर्छ ।
निवेदन लेख्दा कुन सूचना मागिएको हो भन्ने कुरा महत्वपूर्ण हुन्छ । प्रश्न स्पष्ट भएन भने जवाफ पनि स्पष्ट आउँदैन । यसैले आफ्ना प्रश्नहरूलाई जतिसकेको स्पष्ट पार्नुपर्छ ।

विभिन्न विषय र समस्याका सम्बन्धमा सोधिने प्रश्न फरक हुन सक्छ । एउटा नमुना सुझावको रूपमा यहाँ दिइएको छ । यसलाई आधार मानेर आफ्नै तरिकाले प्रश्न बनाउन सक्नुहुन्छ । सूचनाको हकका बारेमा नागरिकलाई सचाउने स्थानिय संस्था तपाईंको नजिक छ भने त्यहाँबाट पनि सूचना माग्ने काममा सहयोग लिन सक्नुहुन्छ ।

९

सूचना माग्ने निवेदनको नमुना

सार्वजनिक निकायमा तपाईंले दिएको निवेदनमाथि कारवाही गर्न ढिलो भयो भने तपाईंले यस्ती सूचना माग सक्नुहुन्छः

अवलोकन दस्तुर निकायको कार्यालय या कार्यस्थलमा सूचना, अभिलेख, लिखत निरीक्षण, अवलोकन गर्दा पहिलो आधा घण्टाको कुनै शुल्क लाग्ने छैन । त्यस पछि प्रतिघण्टा प्रतिव्यक्ति ५०।- रूपैया लाग्छ ।

श्री सूचना अधिकारी,
(कार्यालय, विभाग, निकायको नाम र ठेगाना)

विषय : सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत सूचनाको माग ।

मैले त्यस कार्यालय/विभागमा मिति.....मा..... विषयमा/कामका लागि निवेदन दिएको थिएं । मेरो सो निवेदनमाथि अहिलेसम्म सन्तोषजनक कारवाही नभएको हुँदा कृपया मलाई निम्न लिखित सूचना उपलब्ध गराइ दिनु हुन अनुरोध छ ।

१) मेरो निवेदन माथि अहिलेसम्म के के कारवाही भयो ? कुन मिसिमा के गरियो ?
२) मेरो निवेदन कुन कर्मचारी वा पदाधिकारी कहाँ पुग्यो ? कुन पदाधिकारीको जिम्मामा कति दिनसम्म मेरो निवेदन रह्यो ? सम्बन्धित पदाधिकारीहरूले मेरो निवेदनमाथि के कारवाही गरे ? ती सबै पदाधिकारीहरूको नाम, पद र फोन नम्बरको जानकारी दिनु होला ।
३) तपाईंको कार्यालय, विभाग, निकायको नियम, निर्देशिका वा नागरिक वडा पत्रअनुसार मेरो निवेदनमाथि कसी समयभित्र कारवाही हुनु पर्छ ? त्यो नियम, निर्देशिकाको नक्कल प्रति उपलब्ध गराई दिनु होला ।
४) उक्त नियम, निर्देशिका पालन नगर्ने पदाधिकारी माथि आफ्नो पदीय दायित्व पूरा नगरेकोमा कारवाही हुने व्यवस्था छ कि छैन ? मेरो निवेदनको सम्बन्धमा नियम, निर्देशनको उल्लङ्घन भएको छ कि छैन, भएको छ भने कुन नियम र निर्देशन अनुसार कस्तो कारवाही हुन्छ, त्यो नियम पाउँ ।
५) सम्बन्धित पदाधिकारीहरूले दायित्व पूरा नगर्नाले मैले शारीरिक र मानसिक पीडा भोग्नु परेको छ । यो पीडाको लागि सम्बन्धित पदाधिकारी जिम्मेवार छ कि छैन र छ भने त्यसका लागि दण्ड सजायको कानूनी के व्यवस्था छ त्यो कानूनको बारे जानकारी पाउँ ?
६) मेरो निवेदन माथि कहिलेसम्म कारवाही हुन्छ र मेरा माग/समस्या कहिलेसम्म पुरा/समाधान हुन्छ ?

माथि माग गरिएका सूचना पाउँ ।

भवदिय/निवेदक

निवेदकको सही :
निवेदकको नाम :
ठेगाना :
फोन नं. : ..... मिति : .....

सार्वजनिक पुस्तकालय र सार्वजनिक रूपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन दस्तुर लाग्दैन ।

९

सूचना अधिकारीको व्यवस्था

- सार्वजनिक निकायले सो निकायसँग सम्बन्धीत सूचनामा नागरिकको सहज पहुँच पुऱ्याउन र मागेको सूचना उपलब्ध गराउन सूचना अधिकारीको व्यवस्था गर्नुपर्छ । हरेक सार्वजनिक निकायमा एक जना कर्मचारीलाई सूचना अधिकारी तोकिएको हुन्छ ।
- सूचना अधिकारीले आफ्नो निकायको सूचना प्रवाहित गर्ने मुख्य व्यक्तिको रूपमा काम गर्छन् । सूचना अधिकारीलाई आफ्नो निकायसँग सम्बन्धित सूचनाको जनाकारी हुनु पर्छ । उनले एकातिर आफ्नो निकायका सबै सूचना संकलन र व्यवस्थित गरेर राख्छन् भने अर्कोतिर सूचना माग्ने व्यक्तिलाई सूचना उपलब्ध गराउँछन् ।
- सार्वजनिक निकायले सूचना अधिकारीका नाम र सम्पर्क ठेगाना, फोन नम्बर आम्नानगरिकले थाहा पाउने गरी सार्वजनिक गर्नुपर्छ । ती सूचना अधिकारीसँग तपाईंले सार्वजनिक निकायबाट गरिने वा सम्पन्न भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारवाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी माग्न सक्नु हुन्छ ।

"सार्वजनिक महत्व" भन्नाले धेरै जनाको सरोकारको विषय हो जस्तै बाटो, धारो, पुल, कुलो, स्कूल, अस्पतालका विषयमा निर्णयमा निर्णयदेखि योजना निर्माण, कार्यान्वयन सम्मका सबै विषय ।

"सुचना" भनेको सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारवाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी हो ।

"लिखत" भन्नाले लिपिबद्ध भएको जुनसुकै किसिमको लिखत सम्झनु पर्छ । यो शब्दले कुनै यन्त्रको माध्यमबाट संकलन वा अद्यावधिक गरिएको वा मुद्रित वा पुनः प्रस्तुत गर्न सकिने श्रव्य-दृश्य सामग्री समेतलाई जनाउँछ ।

"लिखतको आशय हो" अभिलेख (Records, Documents, Memos), इमेल, विचार, राय, सल्लाह, प्रेस विज्ञप्ति , परिपत्र (Circulars), आदेश, लग्नुक, करार (Contracts) , रिपोर्ट, मिसिल (papers), वस्तुको नमुना (Sampales, Models), इलेक्ट्रोनिक र डिजिटल रूपमा राखिएको तथ्यांक (Data) तथा प्रचलित कुनै कानुन अन्तर्गत सार्वजनिक निकायबाट प्राप्त गर्न सकिने कुनै पनि रूपमा रहेको जानकारीका सामग्रीहरू ।

९

सूचनाको आद्यावधिक

सरकारी कार्यालय वा अन्य सार्वजनिक निकायका सूचना अधिकारीले आफ्नो निकायसँग सम्बन्धित तल लेखिएका सूचना सूचिकृत गरी राख्नु पर्दछ र नियमित रूपमा प्रकाशन गर्नुपर्दछ ।

(क) निकायको सरूप र प्रकृति,
(ख) निकायको काम, कर्तव्य र अधिकार,
(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण
(घ) निकायबाट प्रदान गरिने सेवा,
(ङ) सेवा प्राप्त गर्न निकायको शाखा र जिम्मेवार अधिकारी
(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि,
(छ) निर्णय गर्ने अधिकार र अधिकारी,
(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी,
(झ) सम्पादन गरेको कामको विवरण,
(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद,
(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,
(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धित अद्यावधिक विवरण
(ड) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण,
(ढ) सार्वजनिक निकायको वेसाईट भए सोको विवरण,
(ण) सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण,
(त) तोकिए बमोजिमका अन्य विवरण ।
(थ) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्पदाका सम्बन्धी विवरण,
(द) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन
(ध) सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नमासाही र त्यस्तो सूचना संकलन गर्न तोकिएको समयावधी,
(न) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय

सूचना अधिकारीले नियमित रूपमा आफ्नो कार्यालयबाट सम्पादित कार्य विवरण , आम्दानी, खर्च तथा आर्थिक कारोबारको अद्यावधिक विवरण, ऐन, नियम, विनिमय वा निर्देशिकाको सूचि आदि सूचिकृत गरी राख्दछन् र जनताले मागेको बेलामा उपलब्ध गराउँछन् ।

उल्लेखित विषयका सूचना मौखिक रूपमा पनि माग्न सकिन्छ । त्यस्ती प्रकृतिका सूचना सम्बन्धित कार्यालयको सूचना अधिकारीले तीन-तीन महिनामा अद्यावधिक गरी आर्फ सार्वजनिक गर्नुपर्छ । अतः यस्ता सूचना तुरुन्तै उपलब्ध हुन्छन् ।

सार्वजनिक निकायले सम्भव भएसम्म सूचनाको हक सम्बन्धित ऐन लगु हुनुभन्दा बीस वर्ष अघिसम्मका आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरेर राख्नेका हुन्छन् । यसी पुराना सम्मका सूचना नागरिकले पाउँन सकछन् ।

- सूचनाको हक नागरिकको मौलिक अधिकार हो ।
- सूचनाको हक भनेको सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार हो ।
- सूचना लिने र दिने संस्कृतिको विकास गरौं ।
- कुनै पनि सार्वजनिक सरोकार, थाहा पाउने जनताको अधिकार ।
- सूचना हाम्रो अधिकार, सुशासन र विकासको आधार ।
- लोकतन्त्रको आधार, सूचनाको अधिकार ।
- प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ ।

नेपाल सरकार

राष्ट्रिय सूचना आयोग,

पेरिसडाँडा कोटेश्वर, काठमाडौं

फोन नं.:-४६०२७४७, ४६०२९२०

फ्याक्स:- ४६०१२१२

Email:- info@nic.gov.np

Web Site: www.nic.np